

मानव अधिकारका लागि जनमञ्च

(पिपुल फोरम)

कालिकास्थान, काठमाडौं

फोन नं. ०१-४४२३९७३

वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट भएका फैसलाहरूको संग्रह, २०७८ (भाग - १)

# वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट भएका फैसलाहरूको संग्रह २०७८



## भाग - १

वैदेशिक रोजगार न्यायाधिकरण

बबरमहल, काठमाडौं



# वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट भएका फैसलाहरूको संग्रह २०७८

## भाग - १

**वैदेशिक रोजगार न्यायाधिकरण**
बबरमहल, काठमाडौं

# वैदेशिक रोजगार न्यायाधिकरण
# काठमाडौंबाट भएका फैसलाहरुको संग्रह-२०७८


**सल्लाहकार** : **श्री प्रेमकुमार राई, सदस्य**
**श्री रमादेवी पराजुली, सदस्य**

**फैसला प्रकाशन समिति**

**संयोजक** : रजिष्ट्रार श्री आनन्दराज पन्त
**सदस्य** : शाखा अधिकृत श्री कृष्णशोभा सुवाल
**सदस्य** : इजलास अधिकृत श्री दुर्गादत्त लम्साल
**सदस्य** : अधिवक्ता श्री विरवलकाजी राई (पिपुल फोरम, नेपाल)

**प्रकाशक** : वैदेशिक रोजगार न्यायाधिकरण
बबरमहल, काठमाडौं
**फोन नं.** : ०१-४२५२७३४, ४२४८२९२
**इमेल** : fet2064@gmail.com, fet@supremecourt.gov.np
**वेवसाइट** : fet.gov.np
**प्रकाशन प्रति** : **१००० प्रति**
**प्रकाशन मिति** : **२०७८, भाद्र**
**प्रकाशक सहयोग** : मानव अधिकारका लागि जनमञ्च (पिपुल फोरम)/ KIOS Foundation
**कम्प्यूटरले-आउट** : सूर्य बुढाथोकी
**मुद्रण** : क्लासिक प्रिन्टिङ सर्भिस, अनामनगर, काठमाण्डौ (०१-४१०२६०२)



***नोट :*** *प्रस्तुत संग्रहमा प्रकाशित गरिएका फैसलाहरु सम्पादन नगरी हुबहु प्रकाशन गरिएको जानकारी गराईन्छ । प्रस्तुत संग्रह प्रकाशकले मुनाफा रहित उद्देश्यले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको हो । यो संग्रह निःशुल्क वितरणको लागि मात्र हो । यस संग्रहको कुनै अंश प्रकाशकलाई उद्दृत गरी मुनाफा रहित उद्देश्यका लागि प्रयोग गर्न सकिने छ ।*

# मन्तव्य



नेपालको संविधानले स्वतन्त्र र सक्षम न्यायपालिका एवं कानूनको शासनको अवधारणा आत्मसात गरी न्याय सम्वन्धी अधिकार संविधान, कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा अन्य न्यायिक निकायबाट निसृत हुने व्यवस्था गरेको छ। संविधानको धारा १२७ ले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी तीन तहको अदालतको व्यवस्था गरेको छ भने धारा १५२ ले खास किसिम र प्रकृतिका मुद्दाहरूको कारवाही र किनारा गर्न संघीय कानून बमोजिम अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने व्यवस्था रहेको छ। यही संवैधानिक पृष्ठभूमिमा वैदेशिक रोजगार न्यायाधिकरण वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम गठित एक न्यायिक निकाय हो। यस न्यायाधिकरणको वैदेशिक रोजगार विभागको क्षेत्राधिकार भित्र पर्ने कसूर वाहेकका नेपाल सरकारको तर्फबाट दायर हुने वैदेशिक रोजगार कसूर सम्बन्धी मुद्दाको शुरु कारवाही र किनारा गर्ने गरी क्षेत्राधिकार निर्धारण गरिए बमोजिम न्याय संपादन गर्दै आएको छ। यसै क्रममा यस न्यायाधिकरणले गरेका फैसलाहरूको संग्रह प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ।

न्यायिक काम कारबाहीमा कार्यविधिगत एवं निर्णयको एकरूपता महत्वपूर्ण मानिन्छ। न्यायाधिकरणले गरेका फैसला/आदेश मध्ये केही महत्वपूर्ण विषयहरूलाई विभिन्न कोणबाट सम्बोधन गरेका फैसला/आदेश संकलन गरी प्रकाशन गर्नाले न्यायकर्मीहरूको फैसला लेखन सम्वन्धी सीपमा वृद्धि भई फैसला लेखनको स्तरियतामा अभिबृद्धि हुने कुराको अपेक्षा गर्न सकिन्छ। प्रत्येक विवादमा निहीत तथ्य एवम् कानूनी प्रश्नको निरोपण गरी न्यायाधिकरणबाट भएका फैसलाले सरोकारवालाहरूलाई फैसलाको अन्तर विषय बस्तु र तत्सम्बन्धी न्यायिक दृष्टिकोण बुझ्न सहजता पैदा हुनु स्वाभाविक छ। यस्तो फैसला प्रकाशनले खास गरी न्यायाधिकरणको न्याय सम्पादन सम्बन्धी काम कारवाहीमा एकरुपता कायम गर्न मद्धत पुग्ने,न्यायिक कार्यको पारदर्शितामा अभिवृद्धि हुने र न्यायिक उत्तरदायित्वको सुनिश्चिततामा समेत सघाउ पुग्ने कुरामा विश्वस्त हुन सकिन्छ।

यस संग्रहमा समाबेश भएका विविध तथ्य रहेका मुद्दाको फैसला एवं आदेश न्यायकर्मीहरू, अनुसंधान अधिकारी, सरकारी वकील, प्रतिरक्षी कानून व्यवसायी, कानूनका विद्यार्थी लगायत यस विषयसँग जानकारी राख्न चाहने न्यायका उपभोक्ता र आकांक्षी सवैलाई उपयोगी हुनेछ भन्ने अपेक्षा राखेको छु। अन्त्यमा यो फैसलाको सँग्रह प्रकाशनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरी सुझाव र सल्लाह दिनुहुने यस न्यायाधिकरणका सदस्यद्वय श्री प्रेमकुमार राई र श्री रमा देवी पराजुली, फैसला प्रकाशन समितिका संयोजक रजिष्ट्रार श्री आनन्द राज पन्त, सदस्य अधिकृतद्वय श्री कृष्णशोभा सुवाल र श्री दुर्गादत्त लम्साल तथा अधिवक्ताद्वय श्री विरबलकाजी राई र श्री सञ्जु खनाललाई धन्यबाद दिन चाहन्छु। यो फैसला संग्रहको मुद्रणसम्वन्धी कार्य सम्पन्न गरी सहयोग पुऱ्याउने क्लासिक प्रिन्टिङ्ग सर्भिसलाई धन्यवाद दिन्छु। यो संग्रह प्रकाशनको मुख्य सहयोगकर्ता मानव अधिकारका लागि जनमञ्च (पिपल फोरम) र सो संस्थाका सल्लाहकार अधिवक्ता श्री सोमप्रसाद लुईंटेललाई विशेष धन्यवाद दिन चाहन्छु।

मिति २०७८/०५/२२

**रमेशकुमार खत्री**
अध्यक्ष
वैदेशिक रोजगार न्यायाधिकरण

# विषय सुची


| क्र.स. | वादी/प्रतिवादी | विषयको सारसंक्षप | पृष्ठ |
|---|---|---|---|
| १ | अनिश गर्वुजा समेतको जाहेरीले वादी नेपाल सरकार/ प्रतिवादी गौ कुमारी भण्डारी | गौ कुमारी भण्डारीका नाउँमा चन्द्रकली गर्बुजाले आई.एम.ई. मार्फत् पठाएको चार लाख रूपैयाँ बुझि प्रतिवादी गौ कुमारी भण्डारीले आई.एम.ई. एजेन्टलाई गरिदिएको भरपाई समेतका कागज प्रमाणबाट प्रतिवादी गौ कुमारी भण्डारीले अभियोग दावी बमोजिमको कसूर गरेको पुष्टि हुने। | १ |
| २ | राजेन्द्र पुर्कोटीको जाहेरीले वादी नेपाल सरकार/प्रतिवादी राजेन्द्र तामाङ्ग समेत | सह-अभियुक्त राजेन्द्र तामाङ्गले अनुसन्धानको क्रममा बयान गर्दा गरेको पोल कुनै पनि स्वतन्त्र प्रमाणले पुष्टि गरेको नदेखिंदा प्रतिवादी अनुप अलोन के.सी.ले अभियोग दावी बमोजिम कसूर गरेको भन्न नमिल्ने। | १० |
| ३ | गगना घलेको जाहेरीले वादी नेपाल सरकार/प्रतिवादी गंगा खड्का महर्जन | संवाद रेर्कड भएको पेन ड्राईभ खोलि मुद्दाको सुनुवाईको क्रममा जाहेरवाला समेतको उपस्थितिमा सुनी उक्त अडियोमा उल्लेखित कुराको विषयलाई लिएर प्रतिवादीलाई जाहेरवालाले यस मुद्दामा पेश भएको मिति २०७४/०२/१६ को वैदेशिक रोजगार सम्वन्धी लिखत कागज गराएको भन्ने कुरा स्पष्ट रुपमा उल्लेख भएको देखिन्छ। पेन ड्राईभमा रेकर्ड भएको स्वर आफ्नो समेत भएको भनी स्विकार गरेको अबस्थामा जाहेरी र जाहेरवालाको बकपत्रलाई प्रमाणको रुपमा ग्रहण गर्न मिल्ने नदेखिने। | १९ |
| ४ | कृष्णकुमार घिसिङ समेतको जाहेरीले वादी नेपाल सरकार/ प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरी | कुनै पनि साधारण समझ भएको मानिसले अकारण फौजदारी कसूर लाग्ने तवरले वा आर्थिक दायित्व ब्यहोर्ने गरी अरूलाई लिखत गरिदिने अबस्था नरहने।<br>सह – प्रतिवादी आयुष भन्ने नेत्र प्रसाद गिरीले बिना आधार प्रमाण पोल गरेकै आधारमा मात्र प्रतिवादी दिपक थापाले अभियोग दावी बमोजिमको कसूर गरेको पुष्टि भएको मान्न नमिल्ने। | २५ |
| ५ | प्रकाश रुम्बा समेतको जाहेरीले वादी नेपाल सरकार/ प्रतिवादी धिरेन्द्र गुप्ता | प्रतिवादी चन्द्र परियार प्रतिरक्षाका लागि उपस्थित नभए तापनि निज उपर जाहेरवालाहरूले मौकाको जाहेरीमा पोल गरेको अबस्था छैन। सह-प्रतिवादी धिरेन्द्र गुप्ताले जाहेरवालाहरूले पठाएको रकम प्र. चन्द्र परियारले पाउने गरी ड्राईभरको हातमा पठाईदिएको भनी बयानका क्रममा पोल गरेकै आधारमा मात्र प्र.चन्द्र परियारले वैदेशिक रोजगारमा पठाउनका लागि रकम प्राप्त गरेको एकिन गरी अभियोग दावीको कसूर गरेको निष्कर्षमा पुग्न न्यायको रोहमा उचित नहुने। | ३५ |
| ६ | रविन राईको जाहेरीले वादी नेपाल सरकार/प्रतिवादी कल्पना मगर भन्ने छलिमायाँ मगर | फौज्दारी कसूर कानून बमोजिम परिभाषित हुनेमा कारोवार बारे थाहा वा जानकारी हुँदैमा त्यो फौजदारी कसूर हुने भनी आत्मगत अर्थ गरी कसूर श्रृजना गर्न कानूनतः उपयुक्त नहुने । | ४३ |

| क्र. स. | वादी/प्रतिवादी | विषयको सारसंक्षप | पृष्ठ |
|---|---|---|---|
| ७ | केन्द्रिय अनुसन्धान ब्यूरो पिलर ३ महाराजगंजको प्रतिवेदनले वादी नेपाल सरकार/प्रतिवादी गणेश अधिकारी समेत | झुट्टा ब्यहोराको डिमाण्ड लेटर बनाई सो डिमाण्ड लेटरको आधारमा अवैधानिक रुपमा अञ्जली ओभरसिज प्रा.लि.को नामबाट झुट्टा ब्यहोरा तयार गरी सो को विज्ञापन पत्रिकामा प्रकाशित गर्न लगाई सो आधारमा वैदेशिक रोजगारमा पठाईदिने भनी विभिन्न ब्यक्तिहरूको राहदानी जम्मा गर्ने समेतका कार्य गरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४७(१) को कसूर गरेको देखिने। | ५१ |
| ८ | धर्मप्रसाद वि.क.को जाहेरीले वादी नेपाल सरकार/प्रतिवादी विशाल कटुवाल | वादीले प्रतिवादी उपरको अभियोग दावी साक्षी प्रमाण पेश गरी स्वतन्त्र र बस्तुनिष्ठ तवरबाट शंकारहित किसिमले पुष्टि गर्न सकेको नदेखिँदा प्रतिवादी विशाल कटुवाल उपरको अभियोग दावी पुग्न नसक्ने। | ६४ |
| ९ | दुर्गा दाहालको जाहेरीले वादी नेपाल सरकार/प्रतिवादी सुचिन्द्रप्रसाद यादव | जाहेरवालाले आफूलाई वैदेशिक रोजगारीमा अमेरिका पठाइ दिने भनी प्रतिवादीले रकम लिइ गरी दिएको भनिएको दावीको लिखत काठमाण्डौ जिल्ला अदालतबाट कीर्ते ठहरी फैसला भएको देखिंदा त्यस्तो लिखत प्रमाणको रुपमा ग्रहण गर्न नमिल्ने। | ७१ |
| १० | टासि शेर्पाको जाहेरीले वादी नेपाल सरकार/प्रतिवादी शंकर प्रसाद नेपाल | अभियोग दावीसाथ जाहेरवाला टासी शेर्पाले पेश गरेको लिखतमा प्रतिवादीले जाहेरवालाबाट रू. ९,७५,००० । (नौ लाख पचहत्तर हजार) लिएको देखिए तापनि प्रतिवादीले जाहेरवालालाई रू. २,४५,००० । (दुई लाख पैतालिस हजार) बुझाएको स्टेटमेन्ट र आइ.एम.इ. भौचर बयान साथ पेश गरेको देखिँदा जाहेरवालाको बिगो रू. ७,३०,०००।- कायम गरी सो बिगो र सोको ५० प्रतिशत हर्जानासम्म जाहेरवालालाई भराउन मिल्ने। | ७९ |
| ११ | केशव वजगाईको जाहेरीले वादी नेपाल सरकार/प्रतिवादी रमेश कमर | प्रतिवादीले अभियोग दावीको कसूर नगरेको भए निजले प्रस्तुत मुद्दाको प्रतिरक्षा गर्नु स्वाभाबिक हुनेमा समाह्वान म्याद गुजारी उपस्थित नभई फरार भई बसेको अबस्थाबाट प्रतिवादीले अभियोग दावी स्वीकार गरी बसेको मान्नु पर्ने। | ८८ |
| १२ | वीरेन्द्र प्रसाद शर्मा समेतको जाहेरीले वादी नेपाल सरकार/प्रतिवादी विजय राई | वादीले International Job Link Pvt. Ltd का बिरुद्ध विभागबाटै कारवाही हुने भएकाले उक्त प्रा.लि. बिरुद्ध दावी नलिने भनेकोमा न्यायाधिकरण समक्ष दावी पनि नलिने, बिभागबाट पनि कारबाही नहुने जस्तो भई International Job Link Pvt. Ltd ले निर्वाह गर्नुपर्ने कानूनी दायित्वबाट उन्मुक्ति पाउने जस्तो देखियो। जुन न्यायको रोहमा उचित हुने नदेखिने।<br>इजाजतपत्रवाला संस्था मार्फत् श्रम स्वीकृती लिई वैदेशिक रोजगारमा गई कुनै कारणबश कामदार बीचैमा फर्किनु परेकोमा सो को कारवाही एबं निर्णय गर्ने क्षेत्राधिकार वैदेशिक रोजगार विभागलाई रहे भएकोमा द्विविधा नरहने। | ९७ |

| क्र. स. | वादी/प्रतिवादी | विषयको सारसंक्षेप | पृष्ठ |
|---|---|---|---|
| १३ | दिलरत्न खडगीको जाहेरीले वादी नेपाल सरकार/प्रतिवादी मैयाँ नेपाली | वादीको गवाह/जाहेरवालाको भनाईमा एकरुपता र संगतता नभएको अवस्थामा निजको भनाईलाई प्रमाणको रुपमा लिन कानूनत: मिल्ने नदेखिने। | ११० |
| १४ | छोटेलाल राय यादव समेतको जाहेरीले वादी नेपाल सरकार/ प्रतिवादी राजु कुमार तेली समेत | आई.एम.ई गरी रकम पठाउँदैमा जाहेरवालाहरूले वैदेशिक रोजगारमा जानकै लागि प्रतिवादी तुलसी महतो कोईरीको नाउँमा रकम पठाएको र निजले सोही प्रयोजनका लागि रकम लिएको मान्न उचित नहुने। | १२१ |
| १५ | नोर्बु भन्ने नोर्बु शेर्पाको जाहेरीले वादी नेपाल सरकार/ प्रतिवादी जानुका खत्री समेत | दावीको लिखत एवम् जाहेरवालाले बकपत्रमा प्रतिवादीहरूलाई रू. २५,००,०००।- दिएको उल्लेख गरेकोमा प्रतिवादी प्रदिप खड्काले जाहेरवाला नोर्बु शेर्पालाई मिति २०७२।०५।१९ मा रू.१२,५०,०००।- आईएमई मार्फत् फिर्ता गरिसकेको भन्ने रकम पठाइएको आईएमईको प्रतिलिपिबाट देखिएकोले प्रतिवादीहरूले जाहेरवालालाई तिर्न बुझाउन बाँकी रहेको रकम रू.१२,५०,०००।- र त्यसको पचास प्रतिशत हर्जाना रू.६,२५,०००।- समेत जम्मा रू.१८,७५,०००।- (अठार लाख पचहत्तर हजार रूपैयाँ) जाहेरवालालाई प्रतिवादीहरूबाट भराई दिन न्यायोचित हुने। | १३३ |
| १६ | राजेन्द्र सापकोटा समेतको जाहेरीले वादी नेपाल सरकार/ प्रतिवादी भुषण खडका क्षेत्री समेत | लिखत गैरकानूनी तवरले खडा गरिएको नदेखिएसम्म त्यस्तो लिखतको पालना पक्षहरूका हकमा अनिवार्य हुने।<br>प्रतिवादी गणेश सापकोटाले जाहेरवालाहरूलाई प्रतिवादी भुषण खड्का क्षेत्रीले वैदेशिक रोजगारको लागि क्यानडा पठाउछन् भनी विश्वास दिलाई निजको घरैमा लगि चिनजान समेत गराइ रकम दिने दिलाउने कार्य गरी मतियार भई मुख्य कसूरदारलाई कसूर गर्न सहयोगसम्म गरेको पुष्टि हुने। | १४७ |
| १७ | विष्णुबहादुर घलान समेतको जाहेरीले वादी नेपाल सरकार/ प्रतिवादी बद्रि राई समेत | प्रतिवादी प्रकाश प्रधानलाई जाहेरवाला सचिना हमालले अनुसन्धानका क्रममा कागज गर्दा गरेको पोल अन्य स्वतन्त्र प्रमाणले समर्थित गरेको नदेखिदा प्रतिवादी प्रकाश प्रधानले अभियोग दावीको कसूर गरेको ठहर गर्न न्यायोचित नहुने। | १६८ |
| १८ | दिनेश सुन्दास समेत जाहेरीले वादी नेपाल सरकार/प्रतिवादी मिनबहादुर सुन्दास समेत (पुरक अभियोग समेत) | प्रतिवादी मिन बहादुर सुन्दासले लिएको जिकिर अन्यथा प्रमाणित नहुँदा प्रमाण मुल्याङ्कनको सन्दर्भमा प्रतिवादीले जाहेरवालाहरूले भने बमोजिमको जरियाबाट अभियोग दावीको लिखत गरी दिएका रहेछन् भनी निष्कर्षमा पुग्नु बान्छनीय हुने।<br>प्रमाणको रूपमा सक्कल लिखत नै पेश भएकाले सो लिखत प्रतिवादी मिन बहादुर सुन्दासका विरूद्ध प्रमाणमा ग्राह्य हुने। | १८३ |

| क्र. स. | वादी/प्रतिवादी | विषयको सारसंक्षप | पृष्ठ |
|---|---|---|---|
| १९ | अमर बहादुर के.सी.को जाहेरीले वादी नेपाल सरकार/ प्रतिवादी झगविर खड्का | मौकाको जाहेरी बेहोरा र जाहेरवालाको बकपत्रमा एकरुपता छैन । लेनदेन व्यबहारमा जबरजस्ती वैदेशिक रोजगारको लिखत गराएको हो भन्ने प्रतिवादीको बयान जिकिर रहेकोमा दावीको लिखत प्रहरी बिटमा गराएको भन्ने वादीका साक्षीको कथन रहेको छ । वादीको अभियोग पत्र साथ लिखत पेश भएकोमा सोही प्रकृतिको अर्को लिखत समेत जाहेरवालाको कानून व्यवसायीले पेश गरेको देखिन्छ । वादीको अभियोजनको मुख्य आधार लिखत प्रमाण रहेकोमा एउटै प्रकृतिका दुई थान लिखत पेश भएको देखिएकाले लिखतको अस्तित्व नै संदिग्ध देखिने । | १९५ |
| २० | एक बहादुर वि.क.को जाहेरीले वादी नेपाल सरकार/प्रतिवादी रुपलाल वि.क. | वादीका गवाह/जाहेरवालाले वैदेशिक रोजगारको कसूर गरेको भनी मौकाको जाहेरी बेहोरा खम्बीर हुने गरी बकपत्रमा लेखाएको बेहोरा प्रतिवादीका विरुद्ध प्रमाणमा ग्राह्य हुने । | २०५ |
| २१ | पवन बुढाथोकी समेतको जाहेरीले वादी नेपाल सरकार/ प्रतिवादी पित्तप्रसाद गौतम | अभियोजन हुनु पूर्व तयार भएका लिखतहरूलाई त्यस्तो लिखत गर्ने ब्यक्ति अदालतमा उपस्थित भइ बयान गरेको अवस्थामा मात्र प्रमाणमा लिनु पर्ने कानूनी व्यवस्था रहेकोमा जाहेरवालाहरू सन्तोष भण्डारी र रामप्रसाद अधिकारीको बकपत्र नभएको अवस्थामा निजहरूको बिगो र हर्जाना भराई पाऊँ भन्ने दाबी पुग्न सक्ने नदेखिने । | २१५ |
| २२ | अविशेक राईको जाहेरीले वादी नेपाल सरकार/प्रतिवादी दिलिप चौहान | वादीका साक्षीहरू जाहेरवाला अविशेक राई र सोमनाथ गुरुङले यस न्यायाधिकरणमा बकपत्र गर्दा प्रतिवादीले वैदेशिक रोजगारमा पठाइदिन्छु भनी बिश्वास दिलाई रकम लिई भने बमोजिम वैदेशिक रोजगारीमा नपठाएको भनी उल्लेख गरी मौकाको जाहेरी बेहोरा खम्बीर हुने गरी बकपत्रमा लेखाएको बेहोरा प्रतिवादीका बिरूद्ध प्रमाणमा ग्राह्य हुने । | २२९ |
| २३ | इन्द्रावती श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार/प्रतिवादी प्रदिप श्रेष्ठ | यस न्यायाधिकरणबाट प्रतिवादी प्रदिप श्रेष्ठले वैदेशिक रोजगार कसूर गरेको ठहर्‍याई फैसला गरिसकेको स्थिति हुँदा सोही विषयमा दोहोरो फैसला हुने गरी यसै न्यायाधिकरणबाट विशेष सरकारी वकील कार्यालयको निवेदन एवं पक्षहरूको संयुक्त निवेदन बमोजिम मिलापत्र गर्नु न्यायिक अभ्यास, प्रचलन एवं न्यायिक कार्यको प्रकृति अनुकुल हुने नदेखिने । | २४० |

**श्री**

**वैदेशिक रोजगार न्यायाधिकरण**

**इजलास**

**माननीय अध्यक्ष श्री रेवन्त बहादुर कुँवर**

**सदस्य श्री कृष्णजीवी घिमिरे**

**सदस्य श्री देवेन्द्रराज ढकाल**

**फैसला**

सम्वत २०७३ सालको मुद्दा नं. १३६/३१५

**नि.नं. १६**

## मुद्दाः वैदेशिक रोजगार कसूर।

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| रान बहादुर गर्वुजाको छोरा म्याग्दी जिल्ला, मराङ्ग गा.वि.स. वडा नं. ५ बस्ने अनिश गर्वुजा................१<br>गंगा प्रसाद पुनको छोरा म्याग्दी जिल्ला, मराङ्ग गा.वि.स. वडा नं. ५ बस्ने तिलक बहादुर पुन..........१<br>याम बहादुर पाईजाको छोरा म्याग्दी जिल्ला पात्लेसेल गा.वि.स. वडा नं. ४ बस्ने सन्तोष पाईजा समेत ३ जनाको जाहेरीले वादी नेपाल सरकार...................१ | झक बहादुरको नातीनी भक्त बहादुरको छोरा तेज बहादुर भण्डारीको श्रीमती म्याग्दी जिल्ला, मुना गा.वि.स. वडा नं. २ बस्ने गौ कुमारी भण्डारी.......१<br>बलबहादुर छन्त्यालको छोरा म्याग्दी जिल्ला, मल्कबाङ्ग गा.वि.स. वडा नं. २ बस्ने कृष्ण छन्त्याल समेत २ जना..................................१ |

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकारभित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ।

**तथ्य खण्ड**

१. प्रतिवादी गौकुमारी भण्डारीले जाहेरवालाहरू तिलक बहादुर पुन, अनिश गर्बुजा, सन्तोष पाईजा समेतलाई वैदेशिक रोजगारको लागि जापान पठाउने उद्देश्यले अनिश गर्बुजाको आमा चन्द्रकली गर्बुजा र दिदी सासु नविना पुन मार्फत् पटक पटक गरी जम्मा रू. १३,४०,०००।-, तिलक बहादुर पुनको बुबा गंगा प्रसाद पुनबाट रू.१३,४०,०००।- र सन्तोष पाईजाको दिदी तिलिजाबाट रू.१३,४०,०००।- रकम बुझिलिई सम्झौता बमोजिम नगरी भारत, मलेसिया, कम्बोडीयासम्म पुर्‍याई अलपत्र पारेको हुँदा निज प्रतिवादीलाई पक्राउ गरी लिए खाएको बिगो रकम र सो रकमको ५० प्रतिशतले हुन आउने हर्जाना रकम समेत दिलाई भराई पाऊँ भन्ने समेत व्यहोराको तिलक बहादुर पुन समेतको किटानी जाहेरी दरखास्त।

२. मैले वैदेशिक रोजगारको लागि जाहेरवालाहरूलाई जापान पठाउने उद्देश्यले अनिश गर्बुजाको आमा चन्द्रकली गर्बुजा र दिदी सासु नविना पुन मार्फत् पटक पटक गरी जम्मा रू.१३,४०,०००।- तिलक बहादुर पुनको बुबा गंगा प्रसाद पुनबाट रू.१३,४०,०००।- र सन्तोष पाईजाको दिदी तिलिजाबाट रू. १३,४०,०००।- बुझेको छैन। चन्द्रकली गर्बुजा र दिदी नविना पुन समेत मार्फत् पटक पटक गरी जम्मा रू.६,००,०००।- लेनदेन प्रयोजनको लागि लिएको हो, सो रकम चन्द्रकली गर्बुजालाई नगद फिर्ता गरिसके भन्ने समेत व्यहोराको प्रतिवादी गौकुमारी भण्डारीले जिल्ला सरकारी वकील कार्यालय समक्ष गरेको बयान।

३. प्रतिवादी गौकुमारी भण्डारीले मेरो छोरा अनिश गर्बुजालाई वैदेशिक रोजगारको लागि जापान मुलुकमा पठाउने उद्देश्यले पटक पटक गरी आई.एम.ई. र रा.बा.बैंक मार्फत् रू.६,००,०००/- र नगद रू.७,४०,०००।- गरी जम्मा रू. १३,४०,०००।- बुझाएकोमा प्रतिवादीले सम्झौता बमोजिम नगरी अनिश गर्बुजा समेतलाई भारत, मलेसिया, कम्बोडियासम्म पुऱ्याई अलपत्र पारी लिए खाएको रकम समेत फिर्ता नगरेको भन्ने समेत व्यहोराको चन्द्रकली गर्बुजाले अनुसन्धान अधिकृत समक्ष गरेको कागज।

४. प्रतिवादी गौ कुमारी भण्डारीले वैदेशिक रोजगारको लागि जापान मुलुकमा पठाउने उद्देश्यले अनिश गर्बुजा र दिदी सासु नविना पुन मार्फत् पटक पटक गरी जम्मा रू. १३,४०,००० । , तिलक बहादुर पुनको बुबा गंगा प्रसाद पुनबाट रू. १३,४०,०००।- र सन्तोष पाईजाको दिदी यम कुमारी तिलिजाबाट रू.१३,४०,०००।- गरी जम्मा रू.४०,२०,०००।- रकम बुझिलिई तिर्थ गुरुङ्ग र कृष्ण छन्त्याल समेतको मिलेमतोमा सम्झौता बमोजिम नगरी भारत, मलेसिया, कम्बोडियासम्म पुऱ्याई अलपत्र पारेको हुँदा कानून बमोजिम गरी पाऊँ भन्ने समेत व्यहोराको प्राय एकै मिलान हुने गरी गंगा प्रसाद पुन, यमकुमारी तिलिजा, रेखा साउद र गोविन्द बानिया समेतले गरिदिएको कागज।

५. जाहेरवालाहरूसँग लेनदेन छ, मैले यी जाहेरवालाहरू अनिश गर्बुजा समेतलाई वैदेशिक रोजगारको लागि जापान पठाईदिन्छु भनी कुनै आश्वासन दिएको होईन र रू.४०,२०,०००।- रकम लिएको छैन। मैले लेनदेनको लागि पटक पटक गरी जम्मा रू. ६,००,०००।- रकम लिएको हो र सो रकम मैले जाहेरवाला अनिश गर्बुजाको आमा चन्द्रकली गर्वुजालाई फिर्ता गरिसके, तिर्थ गुरुङ्ग र कृष्ण छन्त्याल समेतलाई म चिन्दिन, मैले वैदेशिक रोजगार व्यवसाय संचालन गर्ने अनुमति लिएको छैन भन्ने समेत व्यहोराको प्रतिवादी गौकुमारी भण्डारीले अनुसन्धान अधिकृत समक्ष गरेको बयान।

६. हामीलाई गौ कुमारी भन्डारीले जापानमा वैदेशिक रोजगारीमा पठाउने उद्देश्यले रकम बुझि भारत पठाएपछि भारतमा तिर्थ गुरुङ्गलाई सम्पर्क गराई उनै तिर्थ गुरुङ्गले मलेसिया, कम्बोडियासम्म पुऱ्याई जापान नलगि भारत हुँदै काठमाडौ फर्काएकोमा पुनः निज प्रतिवादीले नै सोही प्रयोजनका लागि काठमाडौंबाट तिर्थ गुरुङ्गको साथ लगाई दिल्लीसम्म लगेपछि दोस्रो पटकमा जापान पठाउन नसकेर गौ कुमारी भण्डारीको श्रीमान कृष्ण छन्त्यालले दिल्लीबाट हामीलाईसँगै नेपाल फर्काएर ल्याएका हुन्। कृष्ण छन्त्याल प्रतिवादी गौकुमारी भण्डारीको हालको श्रीमान हो, हामी जाहेरवालाहरूले निज कृष्ण छन्त्यालको संलग्नताको व्यहोरा जाहेरीमा उल्लेख गरेका छौ। हामी पीडितहरूको जनही रू. १,७५,०००।- का दरले जम्मा रू. ५,२५,०००/- भारत, मलेसिया, कम्बोडिया देशमा

खर्च भएको हुदा सो रकम समेत प्रतिवादीहरूबाट भराई पाँऊ, साथै खर्चको विल भरपाई पेश गर्न नसकिने व्यहोरा अनुरोध छ । प्रस्तुत मुद्दामा कृष्ण छन्त्यालको संलग्नता छ. उनैले हामीहरूलाई नेपाल फर्काएका हुन भन्ने समेत व्यहोराको अनिश गर्बुजा समेतले गरेको संयुक्त सनाखत कागज ।

७. जाहेरवालाहरू र प्रतिवादीहरूवीच वैदेशिक रोजगारको लागि जापान देश पठाउने उद्देश्यले जनही रू.१३,४०,०००।- का दरले जम्मा रू.४०,२०,०००।- लेनदेन भएको हो । रकम लिई जाहेरवालाहरूलाई भने बमोजिमको वैदेशिक रोजगारमा नपठाई लिए खाएको रकम समेत फिर्ता नगरेको ठिक साँचो हो भन्ने समेत व्यहोराको साक्षी गोविन्द वानियाले गरेको सनाखत कागज ।

८. प्रतिवादीहरूको आपसी योजना, मिलेमतो, र सल्लाह बमोजिम नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न पाउने अनुमति नलिई रकम बुझिलिई भने बमोजिमको रोजगारीमा नपठाएको हुँदा निज प्रतिवादीहरू गौकुमारी भण्डारी र कृष्ण छन्त्यालको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरितको कसूर अपराध भए गरेको देखिएकोले निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ४३ वमोजिम सजाय गरी तपसीलमा उल्लेखित विगो रकम र सो को ५०% ले हुन आउने हर्जाना वापतको रकम एवं अन्य खर्च समेत गरी जम्मा रू.६५,५५,०००।- समेत प्रतिवादीहरू गौकुमारी भण्डारी र कृष्ण छन्त्याल समेतबाट तपसीलमा उल्लेखित जाहेरवालाहरूलाई भराई पाऊँ भन्ने मागदावी सहितको वादी नेपाल सरकारको अभियोग पत्र ।

| सि.नं. | जाहेरवालाको नाम | विगोर रकम | ५० प्रतिशत हर्जाना | अन्य खर्च | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | तिलक बहादुर पुन | रू.१३,४०,०००।- | रू.६,७०,०००।- | रू.१,७५,०००।- | रू.२१,७५,०००। - |
| २ | अनिश गर्जुवा | रू.१३,४०,०००।- | रू.६,७०,०००।- | रू.१,७५,०००।- | रू.२१,७५,०००। - |
| ३ | सन्तोष पाईजा | रू. १३,४०,०००।- | रू. ६,७०,०००।- | रू.१,७५,०००।- | रू.२१,७५,०००। - |
| | जम्मा | रू. ४०,२०,०००। - | रू. २०,१०,०००। - | रू. ५,२५,०००। - | रू.६५,५५,०००। - |

९. मैले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाईदिन्छु भनी कुनै रकम लिएको छैन । मेघ बहादुर गुरुङ्ग भन्ने व्यक्तिले मेरो श्रीमान कृष्ण छन्त्याललाई जापान पठाएका हुन् । पठाउँदा रू. ११,००,०००।- मैले तिरेकी हुँ । मेघ बहादुर गुरुङ्गले मेरो श्रीमानलाई आफै लिएर गई जापान पुऱ्याए भनेर फर्किएका हुन, ५ । ६ महिनासम्म केही सम्पर्क भएन, पछि मेघ बहादुर गुरुङ्गलाई समाउदा तिर्थ रुङ्गको मोबाईल नं. दिएका हुन, मोबाईल नं. अहिले मलाई थाहा भएन । तिर्थ गुरुङ्गलाई फोन गर्दा तिम्रो मान्छे जापानको शरणर्थी क्याम्पमा छ, ६ महिनापछि निस्केर कल(फोन) गर्छ भनेर भन्यो । पछि १५ दिनपछि इन्डियाको एयपोर्टबाट मलाई प्रहरीले फोन गरी तिम्रो मान्छे कृष्ण छन्त्याल भियतनामबाट आएको छ लिन आउनु भनेपछि लिएर आएकी हुँ । मेरो श्रीमान कृष्ण छन्त्याल आफै पीडित छन् । जाहेरवालाहरूलाई म र मेरो श्रीमान कृष्ण छन्त्यालले वैदेशिक रोजगारको लागि पठाएको होइन, निजहरू आफै गएका हुन् । रकम पठाउने चन्द्रकली गर्वुजाले मेरो नाउँमा रू.४,००,०००।- पठाएकी हुन, के कामको लागि पठाईन त्यो मलाई थाहा भएन । उक्त रकम झिकी चन्द्रकलीको श्रीमान अगाडि मैले निजहरूलाई दिएकी हुँ । फिर्ता गरेको भरपाई कागज़ केही छैन । गाडीमा रकम बोकेर आउन अप्ठारो हुन्छ त्यसैले तिम्रो नाउँमा आ.एम.ई. गर्छु भनेर भनेकी हुँ । राष्ट्रिय बाणिज्य बैंक म्याग्दीको रकम पठाएको रसिद सम्बन्धमा निज चन्दकली

गर्बुजाले मेरो कोठाबाट नविना पुनलाई फोन गरी मेरो नागरिकता छैन, म काठमाडौं छु, गौकुमारी भण्डारीको नाउमा रू.२,००,०००।- रकम पठाई देउ भनेपछि नविना पुनले मेरो नाउँमा उक्त रकम पठाएकी हुन्, उक्त रकम मैले बालाजुबाट झिकेर निज चन्द्रकली गर्बुजा र निजको श्रीमानलाई दिएकी हुँ भन्ने समेत ब्यहोराको प्रतिवादी गौकुमारी भण्डारीले यस न्यायाधिकरणमा गरेको बयान।

१०. मैले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति लिएको छैन। मैले जाहेरवालाहरू कसैबाट कुनै रकम लिएको छैन। मेघबहादुर गुरुङ्गले मलाई जापान पठाइदिन्छु भनेर मलाई साथैमा दिल्ली लगि, दिल्लीको पाहाडगंज भन्ने ठाउँमा लगि होटलमा १ महिना बन्धक बनाई राख्यो र दिल्लीमा रहेको निजकै साथी तिर्थ गुरुङ्गको जिम्मा लगाएर मेघ बहादुर गुरुङ्ग नेपाल फर्किए र पछि सम्पर्क विहीन भएको हो। मलाई दिल्लीबाट तिर्थ गुरुङ्गले भियतनामसम्म लग्यो। भियतनाम मेरो कागजात लगायत मोबाईल लिएर तिर्थ गुरुङ्ग भाग्यो। ५ महिना पुगेपछि मलाई दिल्लीको राजकुमार भन्ने साथीले उद्धार गरी भारतसम्म पुऱ्याई दियो, म भारतमा निज राजकुमारको घरमा ६ दिन बसेर नेपाल फर्कि आएको हुँ। म आफै पीडित छु जाहेरवालाहरू मेरो श्रीमती गौकुमारी भण्डारीका माइती पट्टिका नातेदार आएकोले गर्दा म विदेश गएको कुरा थाहा पाएर मेरो श्रीमती गौकुमारीको डेरामा आई मेरो श्रीमतीसँग तिर्थ गुरुङ्गको मोबाईल नं. मागी मेरो श्रीमतीले निज जाहेरवालाहरूलाई आफन्त सम्झी तिर्थ गुरुङ्गको मोबाईल नं. दिएपछि निज जाहेरवालाहरूले आफै तिर्थ गुरुङ्गलाई सम्पर्क गरी नेपाल बोलाएर तिर्थ गुरुङ्गसँग आफै कुराकानी गरी निजलाई जाहेरवालाहरूले रकम दिई उक्त रकम तिर्थ गुरुङ्ग स्वयमले दिल्लीसम्म हुण्डीबाट पठाई केही समयपछि निज तिर्थ गुरुङ्ग प्लेन मार्फत् दिल्ली गई तिर्थ गुरुङ्गको भाईको जिम्मामा जाहेरवालाहरूलाई लगाएर, बसबाट उनीहरू दिल्ली पुगेका हुन्। निजहरू दिल्ली पुगेपछि तिर्थ गुरुङ्गले जाहेरवालाहरूलाई तपाईहरूको जापानको भिषा लाग्यो, घरबाट रकम मगाउनुहोस भनेका रहेछन। जाहेरवालाहरूले आ-आफ्नो घरबाट रकम माग गरेछन। उक्त रकम पठाउनका लागि जाहेरवालाहरूले आफ्ना आफन्तलाई गौकुमारी भण्डारीको नाममा आई.एम.ई. गरी दिनुहोस भनी भनेका रहेछन र जाहेरवालाहरूका आफन्तले मेरो श्रीमती गौकुमारी भण्डारीका नाउँमा रू.६,००,०००/- आई.एम.ई. गरी पठाएका रहेछन र उक्त रकम जाहेरवालाहरूका आफन्तको सामुन्यमा मेरो श्रीमतीले बुझेर जाहेरवालाका आफन्त बाबु, आमालाई बुझाएकी रहिछन भन्ने समेत व्यहोराको प्रतिवादी कृष्ण छन्त्यालले यस न्यायाधिकरणमा गरेको बयान।

११. तत्काल प्राप्त प्रमाणको आधारमा हाल मुद्दाको पूर्पक्षको लागि मुलुकी ऐन, अ.वं. ११८ नं.को देहाय दफा ५ एंव १० बमोजिम यी प्रतिवादी गौ कुमारी भण्डारीबाट नगद धरौट रू.६,००,०००।- वा सो बराबरको जेथा जमानी दिएलिई तारेखमा राख्नु सो दिन नसके अ.बं. १२१ नं. बमोजिम थुनुवा पूर्जी दिई थुनामा राख्न पठाईदिनु र अर्का प्रतिवादी कृष्ण छन्त्याललाई मुलुकी ऐन, अ.बं.४७ नं. बमोजिम साधारण तारेखमा राखी मुद्दाको कारवाही गर्नू भन्ने समेत ब्यहोराको यस न्यायाधिकरणबाट २०७३।५।२९ मा भएको आदेश।

१२. प्रतिवादीहरू गौकुमारी भण्डारी र कृष्ण छन्त्याल आफ्नो पसल व्यपार गरी इमान्दारीसाथ बस्ने मानिस हुन्, वैदेशिक रोजगार सम्बन्धी काम गर्ने मानिस होईनन् त्यसो हुँदा कोही कसैसँग वैदेशिक रोजगार सम्बन्धी कसैसँग रकम लिएको कुरा थाहा छैन। यी प्रतिवादीहरू आफै पीडित मानिस हुन यी जाहेरवालाहरूले प्रतिवादीहरूलाई वैदेशिक रोजगार कसूर मुद्दामा फसाउनका लागि जाहेरी दिएको हुनुपर्छ भन्ने समेत व्यहोराको प्रतिवादी गौकुमारी

भण्डारी र कृष्ण छन्त्यालका साक्षी चमेली खत्रीले गरेको बकपत्र।

१३. अनिश गर्बुजाले रू. १३,४०,०००।- रूपैयाँ त्यसैगरी तिलक बहादुर पुन र सन्तोष पाईजाले प्रतिव्यक्ति रू.१३,४०,०००/- रूपैयाँ गौ कुमारी भण्डारीलाई बुझाएका थिए। केही आई.एम.ई. र केही विश्वासको भरमा नगदै बुझाएको हो। मैले गौकुमारी भण्डारीलाई जाहेरवालाहरूले रकम दिएको प्रत्यक्ष देखेको हो भन्ने समेत व्यहोराको रेखा साउदले गरेको  बकपत्र।

१४. जाहेरवालाहरूले जापान पठाउने भनेर प्रतिवादी गौकुमारी भण्डारीको नाममा २०७२ साल माघ १९ र २० गते आई.एम.ई. पोखराबाट पठाएको हो । केही पैसा घर डेरामै निज प्रतिवादी गौकुमारीलाई बुझाएको हो । जाहेरवालाहरू अनिश, तिलक र सन्तोषले प्रतिव्यक्ति १३ लाख ४० हजार रूपैयाँ गौकुमारीलाई बुझाएको हो भन्ने समेत व्यहोराको चन्द्रकली गर्वुजाले गरेको बकपत्र।

१५. जाहेरवालाहरूले २०७२ साल माघ १९ गते आई.एम.ई. गरी पोखराबाट रू. ५,६०,०००।- र माघ २० गते काडमाडौंस्थित डेरामा गौकुमारीको हातैमा गरेर प्रतिव्यक्ति जम्मा रू. १३,४०,०००।- बुझाएको हो । राष्ट्रिय बाणिज्य बैंक बेनी बजारबाट पठाएको प्रमाण छ। नगदै बुझाएको प्रमाण केही छैन भन्ने समेत व्यहोराकव गंगा प्रसाद पुनले गरेको बकपत्र।

१६. मेरो तर्फबाट रू.१३,४०,०००।- गौ कुमारीलाई बुझाएको हो। वैदेशिक रोजगारको लागि जापान पठाउने भनी गौ कुमारीले भनेकोले उक्त पैसा दिएको हो जम्मा रकम मध्ये सात लाख चालिस हजार कांगज गर्ने निज प्रतिवादीले नमानेकोले नगदै दिएको हो, बाँकी रकम बाणिज्य बैंक बेनी वजार, त्यसै गरी मुक्तनाथ विकास बैंक पोखराबाट रू.४,००,०००।- निज प्रतिवादी गौकुमारीको नाममा पठाएको हो भन्ने समेत ब्यहोराको अनिश गर्बुजाले गरेको बकपत्र।

१७. जाहेरवालाहरूले प्रतिवादी गौ कुमारीलाई विदेश जापान जान भनी २०७२ माघ १९। २० गते रू.१३,४०,०००।- दिएको भन्ने कुरा जाहेरवाला नेपाल फर्किएपछि उनैहरू मार्फत् थाहा पाएको हो, प्रतिवादी पहिला पनि अरु व्यक्तिहरूलाई विदेश पठाउने काम गर्ने गर्दथे। त्यसैको आधारमा यो व्यक्तिलाई पनि जापान मुलुकमा पठाउने भनी पैसा लिएका हुन् भन्ने समेत ब्यहोराको गोविन्द वानियाँले गरेको बकपत्र।

१८. मैले प्रतिवादी गौ कुमारी भण्डारीलाई मिति २०७२ । १० । २० मा बुबा मार्फत् रकम दिएको हो जुन, यसै मिसिलमा संलग्न कागजमा वैदेशिक रोजगारको लागि जापान जानको लागि मैले रू. १३,४०,०००।- दिएको हो। निज प्रतिवादीहरूले वैदेशिक रोजगारमा लैजाने क्रममा पहिला दिल्ली त्यसपछि मलेसिया र कम्बोडिया पुऱ्याए। कम्बोडियामा रिजेक्ट भएकोले फेरी दिल्ली हुँदै नेपाल फर्केको हो त्यसपछि पुन जापान लाने भनेर दिल्ली लगेर २७ दिन राखे र काम नभएपछि नेपाल फर्केको हो। हालसम्म रकम फिर्ता पाएको छैन। गौ कुमारीलाई हातैमा पैसा दिएकोले प्रमाण केही छैन भन्ने समेत ब्यहोराको तिलक बहादुर पुनले गरेको बकपत्र।

१९. मैले प्रतिवादी गौकुमारी भण्डारीलाई मिति २०७२।१०।२० मा वैदेशिक रोजगारको लागि जापान जानको लागि भनी रू. १३,४०,०००।- दिएको हो । निज प्रतिवादीहरूले वैदेशिक रोजगारमा लैजाने क्रममा पहिला दिल्ली त्यसपछि मलेसिया र कम्बोडिया पुऱ्याए। कम्वोडियामा रिजेक्ट भएकोले फेरि दिल्ली हुदै नेपाल फर्केको हो।

त्यसपछि पुनः जापान लाने भनेर दिल्ली लगेर २७ दिन राखे र काम नभएपछि नेपाल फर्केको हो। हालसम्म रकम फिर्ता पाएको छैन। गौ कुमारीलाई /हातैमा पैसा दिएकोले प्रमाण केही छैन र पैसा मेरो दिदी यम कुमारी तिलिजाले दिएको हो भन्ने समेत व्यहोराको सन्तोष पाईजाले गरेको बकपत्र।

## ठहर खण्ड

२०. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौंका विद्वान उपन्यायाधिवक्ता श्री रमेश कुमार सुवेदीले प्रतिवादीहरू उपर परेको किटानी जाहेरी, जाहेरीसाथ पेश भएको आई.एम.ई. र रा.बा. बैंकबाट प्रतिवादीले रकम बुझिलिएको रसिद, गोविन्द वानिया, गंगा प्रसाद पुन र अनिश गर्बुजा समेतले अनुसन्धानका क्रममा प्रतिवादीले जाहेरवालाहरूबाट पटक पटक गरी चालीस लाख बीस हजार रूपैयाँ लिई सम्झौता बमोजिम वैदेशिक रोजगारीमा नलगाईदिएको भनी गरिदिएको कागज तथा सो व्यहोरा समर्थात हुने गरी न्यायाधिकरणमा गरिदिएको बकपत्र समेतका कागज प्रमाणबाट प्रतिवादीहरू उपरको कसूर पुष्टि भैरहेकोले प्रतिवादीहरूलाई अभियोग दावी बमोजिम सजाय गरी पाऊँ भनी वहस गर्नुभयो। यसैगरी प्रतिवादीहरू गौ कुमारी भण्डारी र कृष्ण छन्त्यालका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री विष्णु बहादुर गुरुङ्गले मौकामा र न्यायाधिकरणमा समेत मेरा पक्ष प्रतिवादी गौकुमारी भण्डारी र कृष्ण छन्त्यालले आरोपित कसूरमा इन्कार रहि बयान गरेका, वारदात भएको भनिएको समयमा प्रतिवादी कृष्ण छन्त्याल नेपालमा नै नरहेको देखिएको र जाहेरवाला अनिश गर्बुजाकी आमा चन्द्रकली गर्बुजाले प्रतिवादी गौ कुमारी भण्डारीको नाउँमा पठाएको चार लाख रूपैयाँ चन्द्रकलीको श्रीमानलाई नै दिएको भनी घटनाको सम्बन्धमा वास्तविक तथ्य गौ कुमारी भण्डारीले उल्लेख गरेको अवस्थामा गौं कुमारीको नाउँमा रकम पठाएको आधारमा प्रतिवादीहरूले वैदेशिक रोजगारीका लागि भनी रकम बुझिलिएको भनी अनुमान र शंकाको भरमा वैदेशिक रोजगार कसूर जस्तो फौजदारी कसूरमा प्रतिवादीहरूलाई सजाय गर्न मिल्दैन, प्रतिवादीहरू गौ कुमारी भण्डारी र कृष्ण छन्त्यालले अभियोग दावीबाट सफाइ पाउनु पर्दछ भनी बहस गर्नुभयो।

२१. उपरोक्तानुसारको बहस जिकीर सुनी मिसिल समेत अध्ययन गरी हेर्दा, प्रतिवादी गौ कुमारी भण्डारीले जाहेरवालाहरू तिलक बहादुर पुन, अनिश गर्बुजा, सन्तोष पाईजा समेतलाई वैदेशिक रोजगारको लागि जापान पठाउने उद्देश्यले अनिश गर्बुजाको आमा चन्द्रकली गर्बुजा र दिदी सासु नविना पुन मार्फत् पटक पटक गरी जम्मा रू. १३,४०,०००।-, तिलक बहादुर पुनको बुबा गंगा प्रसाद पुनबाट रू. १३,४०,०००।- र सन्तोष पाईजाको दिदी तिलिजाबाट रू.१३,४०,०००।- रकम बुझिलिई सम्झौता बमोजिम वैदेशिक रोजगारीमा नपठाई हामी जाहेरवालाहरूलाई भारत, मलेसिया, कम्बोडीयासम्म पुऱ्याई अलपत्र पारेको हुँदा निज प्रतिवादीहरूले लिए खाएको विगो रकम र सो रकमको ५० प्रतिशतले हुन आउने हर्जाना रकम समेत दिलाई भराई पाऊँ भन्ने समेत व्यहोराको अनिश गर्बुजा, तिलक बहादुर पुन र सन्तोष पाईजा समेत ३ जनाको संयुक्त जाहेरी दरखास्तबाट उठान भएको प्रस्तुत मुद्दामा प्रतिवादीहरूको आपसी योजना, मिलेमतो, र सल्लाह बमोजिम नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्ने पाउने अनुमती नलिई रकम बुझिलिई भने बमोजिमको रोजगारीमा नपठाएको हुँदा निज प्रतिवादीहरू गौ कुमारी भण्डारी र कृष्ण छन्त्यालको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १०

र ४३ विपरितको कसूर अपराध देखिएकोले निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ४३ बमोजिम सजाय गरी बिगो रकम र सो को ५०% ले हुन आउने हर्जाना बापतको रकम र अन्य खर्च समेत गरी जम्मा रू.६५,५५,०००।- समेत प्रतिवादीहरू गौ कुमारी भण्डारी र कृष्ण छन्त्याल समेतबाट जाहेरवालाहरूलाई भराई पाऊँ भन्ने अभियोग दावी रहेको देखिन्छ। अब प्रतिवादीहरूले आरोपित कसूर गरेका हुन् वा होईनन् ? प्रतिवादीहरू गौ कुमारी भण्डारी र कृष्ण छन्त्याललले अभियोग दाबी बमोजिम सजाय गरी जाहेरवालाहरूको विगो तथा हर्जाना भराईदिनु पर्ने हो वा होईन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२२. सर्वप्रथम, प्रतिवादी गौ कुमारी भण्डारीको हकमा विचार गर्दा, यी, प्रतिवादी गौ कुमारीले आरोपित कसूरमा इन्कार रहेतापनि मौकामा अनुसन्धान अधिकृत समक्ष जाहेरवालाहरूसँग लेनदेन छ, मैले यी जाहेरवालाहरू अनिश गर्बुजा समेतलाई वैदेशिक रोजगारको लागि जापान पठाईदिन्छु भनी कुनै आश्वासन दिएको होईन र जाहेरवालाहरूबाट दावी बमोजिमको रकम लिएको छैन, मैले लेनदेनको लागि पटक पटक गरी जम्मा रू. ६,००,०००।- रकम लिएको हो र सो रकम मैले जाहेरवाला अनिश गर्वुजाको आमा चन्द्रकली गर्बुजालाई फिर्ता गरिसके, तिर्थ गुरुङ्ग र कृष्ण छन्त्याल समेतलाई म चिन्दिन। मैले वैदेशिक रोजगार व्यवसाय संचालन गर्ने अनुमति लिएको छैन भनी र न्यायाधिकरणमा मैले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाईदिन्छु भनी कुनै रकम लिएको छैन। मेघ बहादुर गुरुङ्ग भन्ने व्यक्तिले मेरो श्रीमान कृष्ण छन्त्याललाई जापान पठाएका हुन्। पठाउँदा रू. ११,००,०००।- मैले तिरेकी हुँ। मेघ बहादुर गुरुङ्गले मेरो श्रीमानलाई आफै लिएर गई जापान पुऱ्याए भनेर फर्किएका हुन ५। ६ महिनासम्म केही सम्पर्क भएन, पछि मेघ बहादुर गुरुङ्गलाई समाउदा तिर्थगुरुङ्गको मोबाईल नं. दिएका हुन र तिर्थ गुरुङ्गलाई फोन गर्दा तिम्रो मान्छे जापानको शरणर्थी क्याम्पमा छ, ६ महिनापछि निस्केर कल गर्छ भनेर भन्यो। पछि १५ दिनपछि इन्डियाको एयरपोर्टबाट मलाई प्रहरीले फोन गरी तिम्रो मान्छे कृष्ण छन्त्याल भियतनामबाट आएको छ लिन आउनु भनेपछि लिएर आएकी हुँ यसरी मेरो श्रीमान कृष्ण छन्त्याल आफै पीडित छन्। जाहेरवालाहरूलाई म र मेरो श्रीमान कृष्ण छन्त्याललले वैदेशिक रोजगारको लागि पठाएको होइन। निजहरू आफै गएका हुन। रकम पठाउने चन्द्रकली गर्बुजाले मेरो नाउँमा रू.४,००,०००।– पठाएकी हुन, के कामको लागि पठाईन त्यो मलाई थाहा भएन। उक्त रकम झिकी चन्द्रकलीको श्रीमानकै सामुन्यमा मैले निजहरूलाई दिएकी हुँ। फिर्ता गरेको भरपाई कागज केही छैन राष्ट्रिय वाणिज्य बैंक म्याग्दी मार्फत् रकम पठाएको रसिद सम्बन्धमा निज चन्द्रकली गर्बुजाले मेरो कोठाबाट नविना पुनलाई फोन गरी मेरो नागरिकता छैन, म काठमाडौं छु, गौकुमारी भण्डारीको नाउमा रू.२,००,०००।- रकम पठाई देउ भनेपछि नविना पुनले मेरो नाउँमा उक्त रकम पठाएकी हुन, उक्त रकम मैले बालाजुबाट झिकेर निज चन्द्रकली गर्बुजा र निजको श्रीमानलाई दिएकी हुँ भनी बयान गरेको पाइयो जाहेरवाला अनिश गर्बुजाकी आमा चन्द्रकली गर्बुजाले आई. एम. ई. मार्फत् मिति २०७२।१२।२ मा कोड नं.७१८२१६६३८५ डी मार्फत् पठाएको तीन लाख र ७१४५९३४६२१ डी मार्फत् पठाएको एक लाख रूपैयाँ गरी चार लाख रूपैयाँ गौ कुमारीले बुझिलिएको तथ्य मिसिल संलग्न आई.एम.ई.को च.नं. ११४।०७३।०७४ मिति २०७३।५।१५ को पत्र तथा उक्त पत्रसाथ पेश भएको भौचर तथा रकम भुक्तानी फाराम समेतका कागजातबाट पुष्टि भएको छ चन्द्रकली गर्बुजाले आफ्नो नाउँमा पठाएको चार लाख रूपैयाँ आफूले बुझि चन्द्रकलीका श्रीमानलाई बुझाएको हो भनी प्रतिवादी गौ कुमारी

भण्डारीले जिकीर लिएतापनि चन्द्रकलीका श्रीमानलाई रकम बुझाएको भन्ने कुनै पनि प्रमाण पेश गर्न सकेको देखिदैन । अनिश गर्बुजालगायतका जाहेरवालाले प्रतिवादीउपर वैदेशिक रोजगारीका लागि जापान पठाईदिने भनी रकम बुझी भने अनुसार जापान नपठाई रकम समेत फिर्ता नगरेको भन्ने मौकाको जाहेरी व्यहोराको समर्थनमा बकपत्र गरेको पाइयो । यसरी मिसिल संलग्न किटानी जाहेरी रकम लिएको तथ्यलाई स्वीकार गरी प्रतिवादी गौ कुमारी भण्डारीले गरेको बयान, जाहेरवाला अनिश गर्बुजा तथा मौकामा कागज गर्ने गंगा प्रसाद पुन समेतका व्यक्तिहरूले गरिदिएको कागज मिसिल सामेल गौ कुमारीका नाउँमा चन्द्रकली गर्बुजाले आई.एम.ई. मार्फत् पठाएको चारलाख रूपैयाँ बुझि प्रतिवादी गौ कुमारीले आई.एम.ई.एजेन्टलाई गरिदिएको भरपाई समेतका कागज प्रमाणबाट प्रतिवादी गौ कुमारी भण्डारीले अभीयोग दावी बमोजिमको कसूर गरेको पुष्टि हुन आयो । राष्ट्रिय वाणिज्य बैंक मार्फत् नविना पुनले गौ कुमारी भण्डारीलाई रू.२ लाख पठाएको मिसिल संलग्न रा.बा. बैंकको भौचरबाट देखिएपनि निज नविना पुनले कागज गरेको नदेखिएबाट सो रकम अनिश गर्बुजालाई नै विदेश पठाउन पठाएको हो वा के प्रयोजनको लागि पठाएको हो ? भन्ने तथ्य यकिनसाथ खुल्न नसकेको स्थितिमा उक्त रकम अनिश गर्वुजालाई वैदेशिक रोजगारीका लागि पठाईदिने भनी प्रतिवादी गौ कुमारी भण्डारीले जम्मा गर्न लगाएको हो भनी अनुमान गरी विगो कायम गर्न मिल्ने देखिएन । अनिश गर्बुजालाई वैदेशिक रोजगारीका लागि जापान पठाईदिने भनी चन्द्रकली गर्बुजालाई चारलाख रूपैयाँ आई.एम.ई. मार्फत् गौकुमारी भण्डारीका नाउँमा जम्मा गर्न लगाएको वाहेक अन्य जाहेरवालाहरूलाई समेत वैदेशिक रोजगारीका लागि जापान पठाइदिने भनी रकम बुझि भने बमोजिम वैदेशिक रोजगारमा नपठाएको भन्ने अभियोग दावी पुष्टि हुने कुनै पनि प्रमाण वादी पक्षबाट पेश हुन सकेको देखिएन । फौजदारी मुद्दामा जाहेरी आफैमा अकाट्य प्रमाण होईन, प्रतिवादी उपरको दावी स्वतन्त्र तथा वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुनु पर्दछ । यस अवस्थामा तिलक बहादुर पुन र सन्तोष पाईजाको बिगोको हकमा मागदावी बमोजिम विगो भराउन मिल्ने देखिएन ।

२३. प्रतिवादी कृष्ण छन्त्यालका हकमा विचार गर्दा प्रतिवादी कृष्ण छन्त्याल उपर किटानी जाहेरी नपरेको, घटना घटेको भनिएको समयमा यी प्रतिवादी नेपलामा नै नरहेको स्थिति देखिएको, प्रतिवादी कृष्ण छन्त्याल कसूरमा पूर्णरुपमा इन्कार रहेको, सह प्रतिवादी गौ कुमारी भण्डारीले जाहेरवालाबाट रकम लिएको विषयमा निज प्रतिवादी कृष्ण छन्त्यालको मिलेमतो वा संलग्नता रहेको पुष्टि हुने कुनै पनि प्रमाण वादी पक्षले पेश गर्न सकेको पाइएन । प्रमाणको अभावमा प्रतिवादी कृष्ण छन्त्याललाई कसूरदार ठहर गरी सजाय गर्न मिलेन ।

२४. तसर्थ, प्रतिवादी गौ कुमारी भण्डारीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेको देखिंदा निजलाई सोही ऐनको दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र रू. १,५०,००० । (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने ठहर्छ र निज प्रतिवादीले पीडित अनिश गर्बुजाको आमा चन्द्रकली गर्बुजासँग IME बाट लिएको रकम रू. ४,००,०००।- (चार लाख रूपैयाँ) र सोको ५० प्रतिशत हर्जाना समेत पीडित अनिश गर्वुजाले प्रतिवादी गौ कुमारी भण्डारीबाट भराई पाउने ठहर्छ । जाहेरवालाहरू अनिश गर्बुजाको माग दावी बमोजिमको बाँकी विगो तथा तिलक बहादुर पुन र सन्तोष पाईजाको विगोको हकमा मागदावी बमोजिमको बिगो भराई पाऊँ भन्ने अभियोग दावी पुग्न सक्दैन । प्रतिवादी कृष्ण छन्त्यालका हकमा वादीले अभियोग दावी पुष्टि गर्न सकेको नदेखिदा निजले सफाइ पाउने ठहर्छ । अरु तपसील बमोजिम गर्नू ।

## तपसील

माथी फैसलामा उल्लेख भए बमोजिम प्रतिवादी गौ कुमारी भण्डारीलाई १।६।० (एक वर्ष छ महिना कैद र रू. १,५०,०००।- (एक लाख पचास रूपैयाँ) जरिवाना हुने ठहरेकोले निज गौ कुमारी भण्डारी ०७३।४।२७ मा पक्राउ परी अनुसन्धानका क्रममा ०७३।५।२९ सम्म प्रहरी हिरासतमा र ०७३।५।२९ गते देखि ०७३।६।१३ सम्म मुद्दा पुर्पक्षका क्रममा थुनामा रहेको देखिंदा प्रतिवादी थुनामा रहेको उक्त अवधि कट्टा गरी बाँकी कैद तथा जरिवाना असूल गर्न भनी म्याग्दी जिल्ला अदालतमा लेखी पठाईदिनु .......१

माथी फैसलामा उल्लेख भए बमोजिम प्रतिवादी गौकुमारी भण्डारीबाट पीडित अनिश गर्बुजाले विगो रू.४,००,०००।- (चार लाख) र सो को ५० प्रतिशतले हुने हर्जाना समेत गरी जम्मा रू.६,००,००० ( छ लाख रूपैयाँ) भराई पाउने ठहरेकोले प्रस्तुत फैसला अन्तिम भएपछि अ.वं. ४२ नं. बमोजिम प्रतिवादी गौकुमारी भण्डारीबाट फैसला बमोजिमको विगो तथा हर्जाना बापतको रकम भराई पाऊँ भनी प्रतिवादीको चल अचल सम्पति देखाई जाहेरवाला अनिश गर्बुजाले निवेदन दिए फैसलाले ठहरे बमोजिमको रकम प्रतिवादी गौ कुमारी भण्डारीबाट जाहेरवाला अनिश गर्बुजालाई भराई दिनू भनी म्याग्दी जिल्ला अदालतमा लेखि पठाइदिनू........................................................................................ २

प्रस्तुत फैसलामा चित्त नबुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिन भित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी विषेश सरकारी वकील, कार्यालय काठमाडौं र प्रतिवादी गौकुमारी भण्डारीलाई प्रस्तुत फैसलाको प्रतिलिपि सहित पुनरावेदनको म्याद दिनू........................................................................ ३

सरोकारवालाले फैसलाको नकल माग गरेमा नियमानुसार नक्कल दिनू............................................................ ४

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखा बुझाई दिनू...................................................... ५

**कृष्णजीवी घिमिरे**
(सदस्य)

उक्त रायमा सहमत छौं।

देवेन्द्र ढकाल
(सदस्य)

रेवन्तबहादुर कुँवर
(अध्यक्ष)

ईति सम्वत् २०७४ साल भाद्र ५ गते रोज २ शुभम् ..........................................।

**श्री**

# वैदेशिक रोजगार न्यायाधिकरण

## इजलास

## माननीय अध्यक्ष श्री सत्य राज गुरुङ

## सदस्य श्री रमा देवी पराजुली

## फैसला

सम्वत् २०७३ सालको मुद्दा नं. ७९/४२०

नि.नं. २२२

## मुद्दाः वैदेशिक रोजगार कसूर ।

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| ईन्द्र बहादुर पुर्कोटीको नाती, बलराम पुर्कोटीको छोरा जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा नं. २२ चन्द्रागिरी बस्ने राजेन्द्र पुर्कोटीको जाहेरीले नेपाल सरकार.............................................१ | जित बहादुर तामाङ्गको नाति, शेर बहादुर तामाङ्गको छोरा, जिल्ला काभ्रेपलान्चोक, बालुवापाटी गा.बि.स. वडा नं.०८ बस्ने राजेन्द्र तामाङ्ग....................................१<br>ऋषीराम खत्रीको छोरा, जिल्ला दाङ्ग घोराही न.पा. वडा नं. ०५ बरला बस्ने अनुप अलोन के.सी.......................१ |

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार भित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ।

### तथ्य खणड

**१. जाहेरवाला राजेन्द्र पुर्कोटीले मिति २०७३/०३/१२ गते दिएको जाहेरी दरखास्तः**

प्रतिवादी राजेन्द्र तामाङ्गले म जाहेरवाला लगायत आकाश पाण्डे र रोसन रोक्कालाई वैदेशिक रोजगारमा क्यानडा र अष्ट्रेलिया मुलुकमा पठाईदिन्छु भनी रकम बुझिलिई लिखत कागज समेत गरिदिई भने बमोजिमको रोजगारी नदिलाएको र लिए खाएको रकम पनि फिर्ता नगरेको हुँदा आवश्यक कारवाही गरी विगो तथा हर्जाना रकम समेत दिलाई भराई पाऊँ भन्ने समेत व्यहोराको मिति २०७३/०३/१२ गते जाहेरवाला राजेन्द्र पुर्कोटीले दिएको जाहेरी दरखास्त।

**२. प्रतिवादी राजेन्द्र तामाङ्गले जाहेरवाला राजेन्द्र पुर्कोटीलाई गरिदिएको सक्कल लिखत कागजः**

जाहेरवाला राजेन्द्र तामाङ्गलाई वैदेशिक रोजगारमा क्यानडा र अष्ट्रेलिया मुलुकमा पठाइदिन्छु भनी नगद रू. ८,८०,०००।- (आठलाख असी हजार) बुझिलिई मिति २०७१/१२/१३ गते गरिदिएको सक्कल लिखत कागज खामबन्दी थान १ मिसिल संलग्न रहेको।

३. **जाहेरवाला राजेन्द्र तामाङ्ग, आकाश पाण्डे, रोसन रोक्काले दिएको संयुक्त निवेदनः**

म जाहेरवाला राजेन्द्र तामाङ्गसँग रू.४.८०,०००।– (चार लाख असी हजार), आकाश पाण्डेसँग रू.२,००,०००।– दुई लाख), रोसन रोक्कासँग रू.२,००,०००।– (दुई लाख) गरी जम्मा रू.८,८०,०००।– (आठ लाख असी हजार) प्रतिवादीले बुझिलिएका हुन् । म जाहेरवाला राजेन्द्र पुर्कोटीलाई प्रतिवादीले भारतको दिल्लीसम्म लगेको र दिल्ली जाँदा र वस्दाको अवस्थामा थप रू.२,००,०००।– खर्च भएको हुँदा सो समेत दिलाई भराई पाऊँ भन्ने व्यहोराको मिति २०७३/३/१६ गते राजेन्द्र पुर्कोटी, आकाश पाण्डे र रोसन रोक्काले दिएको संयुक्त निवेदन ।

४. **प्रतिवादी राजेन्द्र तामाङ्ग सिलवालले मिति २०७३/०८/१३ गते अनुसन्धान अधिकृत समक्ष गरेको बयानः**

जाहेरवालासँग चिनजान छ, लेनदेन छ, नाता सम्बन्ध रिसईवी केहि छैन । जाहेरवाला राजेन्द्र पुर्कोटीलाई मैले विदेश पठाउने मानिस अनुप अलोन के.सी.सँग चिनजान मात्र गराइदिएको हुँ । जाहेरवालाले भने बमोजिम जाहेरवालाले मेरो नाममा आई.एम.ई.मार्फत् पठाइदिएको रकम रू.१,५०,०००।– (एक लाख पचास हजार) निज अनुप अलोन के.सी.लाई नै बुझाइदिएको हुँ जाहेरवालासमेतलाई विदेश पठाइदिन्छु भनी मैले रकम लिएको छैन । लिखत कागजमा भएको सहिछाप मेरो आफ्नै हो । मैले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत अनुमति लिएको छैन भन्ने व्यहोराको प्रतिवादी राजेन्द्र तामाङ्गले गरेको बयान ।

५. **देखि जान्ने साक्षी गोबिन्द बहादुर बटालाले अनुसन्धान अधिकृत समक्ष गरेको कागजः**

प्रतिवादी राजेन्द्र तामाङ्गले वैदेशिक रोजगारमा अष्ट्रेलिया पठाइदिन्छु भनी आकाश पाण्डे र रोसन रोक्कासँग जनही रू.२,००,०००।– (दुई लाख) र राजेन्द्र पुर्कोटीलाई क्यानडा पठाइदिन्छु भनी रू.४,८०,०००।– ( चार लाख असी हजार) गरी जम्मा रू.८,८०,०००।– (आठ लाख असी हजार) रकम राजेन्द्र पुर्कोटी मार्फत् बुझिलिई लिखत कागज गरिदिएका हुन् । साथै राजेन्द्र पुर्कोटीलाई काम भइसकेको छ भनी पटक पटक दिल्लीसम्म लगेको हो भनी देखि जान्ने साक्षी गोबिन्द बहादुर बटालाले मिति २०७३/०३/१६ गते गरेको कागज ।

६. **अभियोगः**

प्रतिवादीहरू राजेन्द्र तामाङ्ग र अनुप अलोन के.सी.ले आपसी मिलेमतोमा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने ईजाजत अनुमति नलिई जाहेरवाला राजेन्द्र पुर्कोटी लगायतलाई वैदेशिक रोजगारमा क्यानडा र अष्ट्रेलिया मुलुक पठाईदिन्छु भनी रकम बुझिलिई भने बमोजिमको रोजगारीमा नपठाएको र लिए खाएको रकम समेत फिर्ता नगरेको हुँदा निज प्रतिवादीहरू राजेन्द्र तामाङ्ग र अनुप अलोन के.सी. को उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर अपराध भएको हुँदा निज प्रतिवादीहरू राजेन्द्र तामाङ्ग र अनुप अलोन के.सी.लाई सोही ऐनको दफा ४३ बमोजिमको सजाय गरी पाउन र जाहेरवाला समेतबाट लिए खाएको देहाय बमोजिमको विगो र सो को ५०% ले हुन आउने हर्जाना रकमका साथै जाहेरवाला राजेन्द्र पुर्कोटीलाई प्रतिवादीले भारतको दिल्लीसम्म लगेको र दिल्ली जाँदा र बस्दाको अवस्थामा थप रू. २,००,०००।– (दुई लाख) खर्च भएको हुँदा सो समेत दिलाई भराइ पाऊँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।

**देहायः**

| सि.न | जाहेरवाला/पिडित | विगो | ५०% हर्जाना | अन्य खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १. | राजेन्द्र पुर्कोटी | ४,८०,०००। - | २,४०,०००।- | २,००,०००।- | ९,२०,०००।- |
| २. | आकाश पाण्डे | २,००,०००।- | १,००,०००।- | | ३,००,०००।- |
| ३. | रोसन रोक्का | २,००,०००।- | १,००,०००।- | | ३,००,०००।- |
| | जम्मा | ८,८०,०००।- | ४,४०,०००। - | २,००,०००।- | १५,२०,०००।- |

**७. प्रतिवादी राजेन्द्र तामाङ्गले यस न्यायाधिकरण समक्ष गरेको बयानः**

जाहेरवालाले वैदेशिक रोजगारको कागज झुक्याएर गराएका थिए, मलाई चेक देखाई जवरजस्ती कागज गराइएको हुनाले अभियोग दावी बमोजिमको सजाय नहुनु पर्ने हो जाहेर राजेन्द्र पुर्कोटीले दिनु भएको जाहेरी दरखास्त साथ पेश गरीएको कागज मैले नै गरेको हो, जवरजस्ती र झुक्याई गराएको हुनाले यसमा सत्यता छैन भन्ने समेत व्यहोराको प्रतिवादी राजेन्द्र तामाङ्गले यस न्यायाधिकरण समक्ष गरेको बयान।

**८. यस न्यायाधिकरणबाट भएको थुनछेक आदेशः**

तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी राजेन्द्र तामाङ्गले आरोपित कसूर गरेको होइन भनी भन्न सकिने अवस्था नहुँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई मुलुकी ऐन, अ.वं. ११८ नं.को देहाय ५ र १० बमोजिम यी प्रतिवादी राजेन्द्र तामाङ्गबाट रू. १,५०,०००। - (एक लाख पचास हजार रूपैयाँ) नगद धरौटी वा सो बराबरको जेथा जमानी दिए लिई तारेखमा राख्नु । सो दिन नसके कानून बमोजिमको सिधा खान पाउने गरी अ.वं. १२१ नं. बमोजिम थुनुवा पूर्जी दिई थुनामा राख्न कारागार कार्यालयमा पठाई दिनु भनी मुलुकी ऐन, अ.वं. १२४ग नं. बमोजिम थुनुवा पूर्जी दिई थुनामा राख्न कारागार कार्यालयमा पठाई दिनु भन्ने समेत व्यहोराको यस न्यायाधिकरणबाट २०७३।९। ४ मा भएको थुनछेक आदेश।

**९. जाहेरवाला राजेन्द्र पुर्कोटीले यस न्यायाधिकरण समक्ष गरेको बकपत्रः**

मैले प्रतिवादी राजेन्द्र तामाङ्गलाई वैदेशिक रोजगारीको लागी क्यानाडा जानको लागी वैदेशिक रोजगारको कागज गरी पटक पटक हातैमा रू. चार लाख असी हजार रकम दिएको हो। भने बमोजिम विदेश नलगेको र उक्त रकम पनि फिर्ता नगरेकोले मेरो सम्पूर्ण रकम हर्जाना सहित फिर्ता गरी निज प्रतिवादीलाई कानून बमोजिम कारवाही गर्नु पर्ने हो समेत व्यहोराको जाहेरवाला राजेन्द्र पुर्कोटीले यस न्यायाधिकरण समक्ष गरेको बकपत्र

**१०. जाहेरवाला पीडित रोशन रोकाले यस न्यायाधिकरण समक्ष गरेको बकपत्रः**

मैले प्रतिवादी राजेन्द्र तामाङ्गलाई वैदेशिक रोजगारीको लागी अष्ट्रेलिया जानको लागी वैदेशिक रोजगारको कागज गरी पटक पटक हातैमा रू. दुई लाख रकम दिएको हो। भने बमोजिम विदेश नलगेको र उक्त रकम पनि फिर्ता नगरेकोले मेरो सम्पूर्ण रकम हर्जाना सहित फिर्ता गरी निज प्रतिवादीलाई कानून बमोजिम कारवाही गर्नु पर्ने हो समेत व्यहोराको पीडित रोशन रोकाले यस न्यायाधिकरण समक्ष गरेको बकपत्र।

**११. जाहेरवाला पीडित आकश पाण्डेले यस न्यायाधिकरण साक्षी गरेको बकपत्रः**

मैले प्रतिवादी राजेन्द्र तामाङ्गलाई वैदेशिक रोजगारीको लागी अष्ट्रेलिया जानको लागी वैदेशिक रोजगारको कागज गरी हातैमा रू दुई लाख रकम दिएको हो। भने बमोजिम विदेश नलगेको र उक्त रकम पनि फिर्ता नगरेकोले मेरो सम्पूर्ण रकम हर्जाना सहित फिर्ता गरी निज प्रतिवादीलाई कानून बमोजिम कारवाही गर्नु पर्ने भन्ने समेत व्यहोराको पीडित आकाश पाण्डेले यस न्यायाधिकरण समक्ष गरेको बकपत्र।

**ठहर खण्ड**

१२. नियम बमोजिम साप्ताहिक एवं दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री रमेश कुमार सुवेदी र जाहेरवाला तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री विरवलकाजी राईले म र मेरा मनिसहरूलाई वैदेशिक रोजगारमा क्यानडा र अष्ट्रेलिया पठाउँछु भनी रकम लिई नपठाएको भनी जाहेरवाला राजेन्द्र पुर्कोटीले किटानी जहेरी दिएको छ र जाहेरी साथ पेश गरेको लिखत हेर्दा जाहेरवालालाई वैदेशिक रोजगारमा क्यानडा र अष्ट्रेलिया पठाउन प्रतिवादीले रू.८,८०,०००।- लिएको व्यहोरा उल्लेख छ। जाहेरवाला र पीडितहरूले किटानी बकपत्र गरेको छ र लिखत बदर गराउन प्रतिवादीले जाहेरवाला उपर दिएको करकाप मुद्दा करकाप ठहर नहुने फैसला भएको छ। त्यसैले प्रतिवादीहरूलाई अभियोग दावी बमोजिम सजाय हुनु पर्छ भनी र प्रतिवादी तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री विष्णु बहादुर गुरुङ्गले जाहेरी र लिखतमा जाहेरवालालाई अष्ट्रेलिया र क्यानडा पठाउन रकम लिएको भनिएको छ। तर एउटै व्यक्तिलाई दुई देशमा वैदेशिक रोजगारीमा पठाउने कुरा असम्भव छ। यस्तो विवादित लिखत र जाहेरीको आधारमा कसैलाई कसूरदार ठहर गर्न मिल्दैन। प्रतिवादी आफै वैदेशिक रोजगारमा जाने क्रममा रहेको र यी जाहेरवालाले वैदेशिक रोजगारमा लाने व्यक्ति चिनाइ दिन आग्रह गरेको कारणले प्रतिवादीले प्रतिवादी अनुप अलोन के.सि.लाई चिनाई दिएको र दुवै पक्षले आफै कुरा गरेकाले यी प्रतिवादी निर्दोष छन्। चिनाई दिएकोसम्मको कुराले वैदेशिक रोजगार कसूर पुष्टि गर्दैन। त्यसको लागी कसैलाई वैदेशिक रोजगारमा पठाउँछु भनी झुट्टा आश्वासन दिई रकम लिई ठगी गरेको हुनु पर्छ। वैदेशिक रोजगार ठगी गर्ने मनसाय नभएक अवस्थामा वैदेशिक रोजगारकै लिखत भए पनि कसूर ठहर गर्न मिल्दैन त्यसैले प्रतिवादीले अभियोग दावीबाट सफाई पाउनु पर्छ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो ।

१३. यसमा प्रतिवादी राजेन्द्र तामाङ्ग र प्रतिवादी अनुप अलोन के.सि.ले वैदेशिक रोजगार व्यवसाय संचालन गर्ने अनुमति इजाजत नलिई जाहेरवाला समेतलाई वैदेशिक रोजगारमा पठाउँछौं भनी झुट्टा आश्वासन दिई प्रलोभनमा पारी जाहेरवाला मार्फत् रकम लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसूर गरेकाले निज प्रतिवादीहरूलाई ऐ.ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवाला समेतको बिगो, हर्जाना र अन्य खर्च भराई पाऊँ भन्ने अभियोग दावी भएकोमा प्रतिवादी अनुप अलोन के.सि. फरार रहेको र प्रतिवादी राजेन्द्र तामाङ्गले यस न्यायाधिकरण समक्ष बयान गर्दा यी जाहेरवाला र मैलेसँगै वैदेशिक रोजगारमा जान एप्लाई गरेको हो र दुवै जनाले India गई सँगै रकम बुझाएका हौं। काममा पठाउने कुनै टुँगो नलागे पछि जाहेरवाला समेतले India मा नै गई रकम फिर्ता माग्ने निर्णय गरेका रहेछन्। मलाई

पनि जसरी पनि जाऊँ भनेकाले म समेत जाहेरवालाकै निजी गाडीमा महेन्द्र नगर पुग्यौं । महेन्द्र नगर पुगे पछि जाहेरवालाले मबाट जवरजस्ती कागज गराए । किन त्यसो गरेको भन्दा साधारण कागज हो घरमा देखाउन गरेको हो भनेकाले विश्ववास गरे पछि मात्र वैदेशिक रोजगारको कागज भन्ने थाहा पाए । मैले जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउन रकम लिएको छैन अभियोग दावी बमोजिम मलाई सजाय हुनु पर्ने होइन भनी कसूर गरेमा इन्कार रहेकाले निम्न बुँदामा निर्णय गर्नु पर्ने देखियो

क) प्रतिवादीहरूले वैदेशिक रोजागार व्यवसाय संचालन गर्ने इजाजत नलिई जाहेरवालालाई वैदेशिक रोजगारमा पठाईदिन्छु भनी झुटा आश्वासन दिई प्रलोभनमा पारी रकम लिएको हो होइन् ?

ख) ख) प्रतिवादीहरूलाई अभियोग दावी बमोजिम सजाय गर्नु पर्ने हो होईन ?

१४. प्रतिवादी राजेन्द्र तामाङ्गको हकमा इन्साफ तर्फ विचार गर्दा निजले यस न्यायाधिकरण समक्ष बयान गर्दा मैले जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउन भनी कुनै रकम लिएको छैन । जाहेरवालाले महेन्द्रनगरमा पुऱ्याई लिखत जवरजस्ती गराई झुठ्ठा मुद्दा गरेको हो भनी कसूर गरेमा इन्कार रहेको भए पनि लिखतलाई कानूनी रुपमा चुनौती दिई अन्यथा प्रमाणित गर्न सकेको अवस्थआ देखिदैन त्यसै गरी निजले अनुसन्धानको क्रममा बयान गर्दा मैले विदेश जाने प्रोसेस गरिरहेको वेला जाहेरवालाले पनि विदेश साने व्यक्ति चिनाइ देउ भनेकाले अनुप अलोन के.सी. लाई चिनाई दिएकोसम्म हो । बाँकी कुरा आफै गरी जाहेरवालाले विदेश जान भनी अनुप अलोन के.ली.लाई आफैले रकम दिएका हुन् । रू. १५,००००।- भने जाहेरवालाले अनुप अलोन के.सी.लाई दिनु भनी मलाई दिएकाले मैले अनुप अलोन के.सी.लाई बुझाईदिएको हो । जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउन रकम लिएको होइन भन्ने व्यहोरा लेखाएको छ भने यस न्यायाधिकरणमा बयान गर्दा जाहेरवाला र मैले विदेश जान सँगै प्रोसेस गरेको हो र जाहेरवालाले नै रकम इन्डियामा गई मुख्य व्यक्तिलाई भेटी दिउँ भनेकाले हामी इन्डियामा गई दुवै जना रकम बुझाएको हो भनी केही फरक व्यहोरा लेखाएको देखिन्छ यसरी प्रतिवादीको भनाईहरू फरक परेकाले निजले भनेको कुन कुरा सत्य हो र कुन कुरा असत्य हो भन्न सकिने अवस्था नदेखिंदा निजको भनाईमा सत्यता रहेको देखिदैन ।

१५. अर्को तर्फ जाहेरी हेर्दा प्रतिवादी राजेन्द्र तामाङ्गले म र मेरा मानिसहरू रोशन रोक्का र आकाश पाठकलाई वैदेशिक रोजगारमा क्यानडा र अष्ट्रेलिया पठाउँछु भनी रू. ८,८०,०००।- लिई १५ दिन भारतको दिल्लिमा लगी रू.२लाख खर्च गराई फिर्ता हुनु परेको र निज प्रतिवादीले वैदेशिक रोजगारमा पनि नपठाई रकम समेत फिर्ता नगरेकाले कार्यवाही गरी पाऊँ भनी राजेन्द्र पुर्कोटीले किटानी जाहेरी दिएको देखिन्छ भने जाहेरवाला राजेन्द्र पुर्कोटीले यस न्यायाधिकरणमा उपस्थित भई प्रतिवादी राजेन्द्र तामाङ्गले वैदेशिक रोजगारमा क्यानडा लान्छु भनेकाले २ पटक गरी रू.४,८०,०००।-दिएको हुँ । प्रतिवादीले वैदेशिक रोजगारमा पनि नपठाएको र रकम समेत नदिएकोले कागज गरी दिन्छु भनी अन्य २ जना समेत ३ जनाको लिखत मेरो नाउँमा गरी दिएको हो भनी, पीडित आकाश पाण्डेले मलाई प्रतिवादीले वैदेशिक रोजगारमा अष्ट्रेलिया लान्छु भनेकाले मैले प्रतिवादी राजेन्द्र तामाङ्गलाई रू. २ लाख दिएको हुँ । निज वैदेशिक रोजगारमा पनि पठाएनन् र रकम समेत फिर्ता गरेनन् भनी र पीडित रोशन रोक्काले प्रतिवादी राजेन्द्र तामाङ्गले वैदेशिक रोजगारमा अष्ट्रेलिया पठाउँछु भनेकाले मिति २०७० चैत्रमा २ पटक गरी रू.२ लाख दिएको हो । निजले दिल्लिसम्म पुऱ्याई पठाउन नसकि

फर्केको हो निजले रकम समेत फिर्ता नगरेकाले रकम फिर्ता माग्दा कागज गरी दिन्छु भनी कागज गरी दिएको हो भनी बकपत्र गरेको देखिन्छ ।

१६. त्यसै गरी प्रतिवादी राजेन्द्र तामाङ्गले जाहेरवाला तथा पीडितहरूसँग रकम लिई गरी दिएको भनी जाहेरी साथ पेश गरीएको मिति २०७१।१२।१३ को लिखत हेर्दा जाहेरवालालाई अष्ट्रेलिया र क्यानडा पठाउन प्रतिवादीले रू.८,८०,०००।- लिएको ठिक साँचो हो । सो रूपैयाँ आजका ३५ दिन भित्र फिर्ता गर्छु भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । यो लिखतलाई प्रतिवादीले यी जाहेरवालाले आफूलाई ईन्डिया जाऊँ भनी महेन्द्रनगरमा पुऱ्याई जवरजस्ती कागज गराएको र जाहेरवालाले साधारण लिखत हो घरमा देखाउन गरेको हो भनेको र साथी भएकाले विश्ववास गरे काही उजूर गरेको छैन भन्ने जिकिरलिएको देखिन्छ । यसरी प्रतिवादीको भनाई अनुसार पनि सो लिखत अन्यथा प्रमाणित भएको देखिंदैन । लिखत भएको र लिखतमा रहेको सही छापलाई आफ्नै भएको कुरालाई प्रतिवादीले स्विकार गरेको देखिन्छ । लिखत प्रमाण सर्वोत्तम प्रमाण मानिन्छ । लिखत अन्यथा प्रमाणित नभएको अवस्थामा लिखतमा उल्लेखित व्यहोरालाई ठोस, भरपर्दो एवं वस्तुनिष्ठ प्रमाणको रुपमा ग्रहण गर्नु पर्ने हुन्छ ।

१७. यसरी प्रतिवादीले कसूर गरेको कुरालाई इन्कार गरे पनि अभियोग दावीलाई किटानी जाहेरी, जाहेरवाला बकपत्र एवं प्रतिवादी स्वयंले गरी दिएको लिखतको व्यहोराले पुष्टि गर्नुको साथै प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय संचालन गर्न लिनु पर्ने इजाजत पनि लिएको नदेखिंदा यी प्रतिवादी राजेन्द्र तामाङ्गले जाहेरवालालाई वैदेशिक रोजगारमा क्यानडा र पीडितहरूलाई अष्ट्रेलिया पठाई दिन्छु भनी झुठ्ठा आश्वासन दिई प्रलोभनमा पारी जाहेरवालाबाट रू.४,८०,०००।- र पीडितहरूसँग जनही रू.२,००,०००।- का दरले रू.४,००,०००।– समेत रू.८,८०,०००।- लिई आरोपित कसूर गरेकै दखियो ।

१८. प्रतिवादी तर्फबाट उपस्थित विद्वान अधिवक्ताज्यूले लिखतमा र जाहेरीमा जाहरवालालाई अष्ट्रेलिया र क्यानडा पठाउँछु भनी रकम लिएको भनिएको छ । तर एउटै व्यक्तिलाई दुई देश पठाउने कुरा असम्भव छ । त्यसैले शंकाको सुविधा प्रतिवादीले पाउनु पर्छ । त्यसै गरी प्रतिवादी राजेन्द्र तामाङ्गले यी जाहेरवा वैदेशिक रोजगारमा पठाउन सक्ने व्यक्ति चिनेको भए चिनाई देउ भनेको र आफूले पनि वैदेशिक रोजगारमा जान प्रोसेस गरी रहेकाले वैदेशिक रोजगारमा पठाउने व्यक्ति अनुप अलोन के.सी. लाई चिनाई दिएकोसम्म हो । निजको कुनै सँग्नता छैन । श्री सर्वोच्च अदालतबाट पनि मानिस चिनाई दिनु मात्रै कसूर हुँदैन भन्ने व्याख्या गरेको बहस जिकिर लिनु भएको छ ।

१९. यो मुद्दाको तथ्य हेर्दा लिखतमा वैदेशिक रोजगारमा अष्ट्रेलिया र क्यानडा पठाउन जाहेरवालासँग रू.८,८०,०००।- लिएको व्यहोरा उल्लेख भएकोमा विवाद छैन । तर जाहेरीमा जाहरेवालाले म र मेरो मानिसहरू रोशन रोक्का र आकाश पाण्डेलाई अष्ट्रेलिया र क्यानडा पठआउन प्रतिवादीले रू.८,८०,०००।- लिएको भन्ने व्यहोरा उल्लेख गरीएको छ भने मिति ०७३।३।१६ मा जाहेराला र पीडितहरू २ जनाले संयुक्त रुपमा "व्यहोरा खुलाई पेश गरेको निवेदन" शिर्शकमा हामी मध्ये रोशन रोक्का र आकाश पाण्डेलाई वैदेशिक रोजगारमा अष्ट्रेलिया पठाउन जनही रू.२ लाखका दरले रू. ४ र राजेन्द्र पुर्कोटीलाई क्यानडा पठाउन रू.४,८०,०००।- समेत राजेन्द्र पुर्कोटी हस्ते प्रतिवादी राजेन्द्र तामाङ्गलाई बुझाएको हो भन्ने

व्यहोरा उल्लेख गरी तिनै जनाले सोही व्यहोराको बकपत्र गरेको देखिन्छ । यसरी लिखतमा दिएको संयुक्त निवेदन पीडित तथा जाहेरवालाले गरेको बकपत्रमा स्पष्ट रुपमा पीडितहरूलाई अष्ट्रेलिया र जाहेरवालालाई क्यान्डा पठाउन भनी प्रतिवादीले रकम लिएको तथ्य प्रष्टरुपमा देखिएकाले यो मुद्दामा कुनै दुविधा रहेको र प्रतिदीलाई दुविधाको सुविधा दिनु पर्ने अवस्था नदेखिंदा विद्वान अधिवक्ताज्यूको बहस जिकिरसँग हुने सकिने अवस्था देखिएन ।

२०. अर्को जिकिर वैदेशिक रोजगारमा लाने व्यक्तिसम्म चिनलाई दिएकाले त्यो कार्य वैदेशिक रोजगार कसूर हुन सक्तैन भन्ने रहेको छ । विद्वान अधिवक्ताज्यूले पुनरावेदक सतिस साह विरुद्ध नेपाल सरकार भएको ने.का.प. २०७०अंक८ नि.नं.९०४६ को वैदेशिक रोजगार मुद्दामा श्री सर्वोच्च अदालतबाट कायम नजिर पनि प्रस्तुत गर्नु भएको छ । सो मुद्दामा श्री सर्वोच्च अदालतबाट वैदेशिक रोजार ठगी कसूर हुन विदेश पठाई रोजगारमा लगाई दिन्छु भनी कुनै संस्था वा व्यक्तिले झुक्याई सम्पत्ति लिई भने बमोजिम काम नगरेको र रकम पनि फिर्ता नगरेको हुनु पर्छ ठगी गर्ने मनसाय पनि नभएको र ठगी गर्ने भनिएका मुख्य व्यक्तिसँग मिलि ठगी गरेको वा ठगी गर्छ भन्ने थाहा जानकारी भएको अवस्था नरहेको कुनै काम गर्न सल्लाहमात्र दिएको आधारमा ठगी गरेको भन्न मिल्दैन भनी प्रतिवादीलाई सफाइ दिने फैसला भएको देखिन्छ । यो मुद्दामा अनुसन्धानको क्रममा प्रतिवादीले बयान गर्द आफूसँग जाहेरवालाले वैदेशिक रोजगारमा लाने व्यक्ति चिनेको भए चिनाई देउ भनेकाले आफूले अनुप अलोन के.सी.लाई चिनाईसम्म दिएको व्यहोरा लेखाएको देखिन्छ । तर यो मुद्दामा प्रतिवादी स्यवंले जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउन रू.८,८०,०००।- लिएको व्यहोरा उल्लेख छ भने श्री सर्वोच्च अदालतबाट फैसला भएको मुद्दामा प्रतिवादी सतिस साहले गरी दिएको लिखतमा अमेरिका लैजाने प्रयोजनका लागी जाहेरवालाले विजेन्द्र शर्मा (भारत निवासी) लाई रकम दिएको र विजेन्द्र शर्माले विदेश नपठाइ भागेकाले ठगी गर्ने विजेन्द्र शर्मालाई प्रतिवादी सतिस साहले ३ महिना भित्र दाखिला गराउने र नसके रू.५,००,०००।- सतिस हाले जाहेरवालालाई बुझाउनु पर्ने व्यहोरा उल्लेख भएको देखिन्छ । साथै सो मुद्दामा जाहेरवालाले रकम विजेन्द्र शर्मालाई दिएको कुरा बकपत्रमा स्वीकार गरेको छ । यो मुद्दामा जाहेरवाला र पीडितहरूले रकम यी प्रतिवादीलाई नै बुझाएको भनी बकपत्र गरेको छ । यसरी यो मुद्दा र प्रतिवादी सतिस साहको मुद्दाको तथ्य नै फरक हुँदा त्यो मुद्दामा कायम भएको नजिर यो मुद्दामा लाग्ने अवस्था देखिदैन । अर्को तर्फ यो मुद्दामा प्रतिवादी राजेन्द्र तामाङ्गले अनुसन्धानको क्रममा बयान गर्दा लिएको सो जिकिरलाई यस न्यायाधिकरणमा बयान गर्दा छाड सकेको अवस्था छ । यस न्यायाधिकरणमा बयान गर्दा आफूले पनि वैदेशिक रोजगारमा जान प्रोसेस चलाएकाले जाहेरवालाले पनि वैदेशिक रोजगारमा जान प्रोसेस चलाएकाले जाहेरवालाले नै रकम इण्डिया गई मुख्य व्यक्तिलाई भेटेर मात्र रकम दिउँ भनेकाले म र जाहेरवालासँगै इण्डिया गई रकम दिएको भन्ने जिकिर लिएको छ । यसरी आफूले जाहेरवालालाई वैदेशिक रोजगारमा लाने व्यक्ति अनुप अलोन के.सी.लाई चिनाई दिएको र निजहरू विचनै कुरा भई रकम लेनदेन भएको भनी प्रतिवादीले अनुसन्धानमा लिएको जिकिर भन्दा फरक जिकिर यो न्यायाधिकरणमा गरेको बयानमा लिएको देखिँदा पनि यी प्रतिवादीको ठगी गर्ने मनसाय नभएको, ठगी गर्ने मुख्य व्यक्तिसँग ठगी गर्ने कार्यमा मिलेमतो नगरेको र मानिससम्म चिनाउने काम गरेको भन्ने विद्वान अधिवक्ताज्यूको बहस जिकिरसँग सहमत हुन सकिएन ।

२१. प्रतिवादी अनुप अलोन के.सी.को हकमा विचार गर्दा यी प्रतिवादीलाई जाहेरीमा जाहेरवालाले पोल गरेको देखिदैन। जाहेरवाला र पीडितहरूले दिएको संयुक्त निवेदन र गरेको बकपत्रमा पनि यी प्रतिवादीले आफूलाई वैदेशिक रोजगारमा लान्छु भनी रकम लिएको भनी पोल गरेको अवस्था छैन। लिखतमा पनि यी प्रतिवादीले रकम लिएको व्यहोरा उल्लेख छैन। जाहेरी, जाहेरवाला र पीडितको बकपत्र र लिखतमा प्रतिवादी राजेन्द्र तामाङ्गले आफूहरूलाई वैदेशिक रोजगारमा पठाउँछु भनी रकम लिएको व्यहोरा उल्लेख छ।

२२. केवल प्रतिवादी राजेन्द्र तामाङ्गले अनुसन्धानको क्रममा बयान गर्दा यी जाहेरवाला राजेन्द्र पुर्कोटीले आफूसँग वैदेशिक रोजगारमा जाने सोचमा छु वैदेशिक रोजगारमा पठाउने कुनै मानिस चिनेको भए मलाई पनि चिनाई देउ भनेकाले वैदेशिक रोजगारको काम गर्ने व्यक्ति अनुप अलोन के.सी.सँग चिनजान गराई दिएको हुँ। जाहेरवाला र अनुप अलोन के.सि. आफैले कुरागरी वैदेशिक रोजगारमा लान जान जाहेरवाला आफैले अनुप अलोन के.सी.लाई रकम दिएको हो। जाहेरवालाले अनुपलाई दिनु भनी रू. १,५०,०००।- छाडेकाले त्यतिमात्र रकम मैले जाहेरवालाको तर्फबाट मैले अनुप अलोन के.सी.लाई दिएको हुँ भनी पोल गरेको कारणले मात्रै यी प्रतिवादीलाई मुद्दा चलाइएको देखिन्छ। सह अभियुक्त राजेन्द्र तामाङ्गको पोल बाहेक यी प्रतिवादी अनुप अलोनको विरुद्धमा कुनै प्रमाण रहे भएको देखिदैन। सह-अभियुक्तको पोललाई अन्य स्वतन्त्र प्रमाणहरूले समर्थित नगरेसम्म कसैलाई दोषी ठहर गर्न मिल्दैन। त्यसैले यी प्रतिवादीले आरोपित कसूर गरेको पुष्टि हुन सकेको देखिएन।

२३. त्यसमा पनि सह-अभियुक्त राजेन्द्र तामाङ्गले यस न्ययाधिकरणमा बयान गर्दा यी प्रतिवादीलाई पोल गरेको अवस्था छैन। आफू र जाहेरवाला दुबै जना इण्डिया गई दुवै जनाले संयुक्तरुपमा वैदेशिक रोजगारमा जाने मुख्य व्यक्तिलाई रकम दिएको भन्ने व्यहोरा बयानमा लेखाएको देखिन्छ।

२४. यसरी केवल सह–अभियुक्त राजेन्द्र तामाङ्गले अनुसन्धानको क्रममा बयान गर्दा पोल गरेको मात्र आधारमा अन्य कुनै पनि स्वतन्त्र प्रमाणहरूले पुष्टि गरेको अवस्था नदेखिदा यी प्रतिवादी अनुप अलोन के.सी.ले अभियोग दावी बमोजिम कसूर गरेको देखिएन।

२५. तसर्थ, प्रतिवादी राजेन्द्र तामाङ्गले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसूर अपराध गरेको देखिदा निजलाई सोही ऐनको दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना कैद र रू. १,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरीवाना भई जाहेरवालाको अभियोग माग दाबी बमोजिमको विगो र सोको ५०% हर्जाना समेत प्रतिवादी राजेन्द्र तामाङ्गबाट भराई पाउने ठहर्छ । अर्का प्रतिवादी अनुप अलोम के.सि.ले अभियोग माग दावी बमोजिमको कसूर गरेको पुष्टि हुनेसम्मको प्रमाण वादी पक्षबाट पेश भएको नदेखिंदा निजले अभियोग माग दाबीबाट सफाई पाउने ठहर्छ। अरु तपसिल बमोजम गर्नु।

## तपसिल

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादी राजेन्द्र तामाङ्गले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसूर अपराध गरेको देखिदा निजलाई सोही ऐनको दफा ४३ बमोजिम १।६।० एक वर्ष छ महिना कैद र रू. १,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने ठहरेकोले प्रतिवादी राजेन्द्र

तामाङ्ग मिति ०७३।८।१२ देखि मिति ०७३।९।३ सम्म दिन २१ थुनामा रहेको देखिँदा सो थुनामा बसेको अवधी कटाई बाँकी कैदको लगत कसी असूल गर्नु भनी सम्बन्धीत जिल्ला अदालतमा लेखि पठाउनू र जरिवानाको हकमा निज प्रतिवादीले यस न्यायाधिकरणबाट मिति २०७३।९।४ को आदेशअनुसार ऐ. मितिमा र.नं. २४२बाट रू. १,५०,०००|- (एक लाख पचास हजार रूपैयाँ) धरौटी राखेको देखिंदा निजलाई लागेको जरिवाना रू. १,५०,०००|- (एक लाख पचास हजार रूपैयाँ) सोही धरौटीबाट सदरस्याहा गर्नु भनी यस न्यायाधिकरणको लेखा शाखालाई जानकारी दिनू ........................................................................................................ १

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादी राजेन्द्र तामाङ्गबाट देहाय बमोजिमका जाहेरवाला/पीडितहरूको विगो र सो विगोको ५० प्रतिशतले समेत भराई पाउने ठहरेकाले प्रस्तुत मुद्दा अन्तिम भएपश्चात ठहरे बमोजिमको विगो र हर्जाना रकम भराई पाऊँ भनी प्रतिवादीको यसै सरहदको जेथा देखाई म्यादभित्र देहाय बमोजिमका जाहेरवाला/पीडितहरूले निवेदन दिए देहाय बमोजिम भराई दिनू ........................................ २

| सि.न | जाहेरवाला/पिडित | विगो | ५०% हर्जाना | जम्मा |
|---|---|---|---|---|
| १. | राजेन्द्र पुर्कोटी | ४,८०,०००|- | २,४०,०००|- | ७,२०,०००|- |
| २. | आकाश पाण्डे | २,००,०००|- | १,००,०००|- | ३,००,०००|- |
| ३. | रोसन रोक्का | २,००,०००|- | १,००,०००|- | ३,००,०००|- |
|  | जम्मा | ८,८०,०००|- | ४,४०,०००|- | १३,२०,०००|- |

उक्त फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिन भित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी श्री विशेष सरकारी वकील कार्यालय, काठमाण्डौं र प्रतिवादी राजेन्द्र तामाङ्गलाई फैसलाको प्रतिलिपि सहित पुनरावेदनको म्याद दिनू ............................................ ३

प्रस्तुत फैसलाको जानकारी जाहेरवालालाई दिनू ........................................................................... ४

सरोकारवालाले फैसलाको नक्कल माग गरेमा नियामानुसार नक्कल दिनू... ........................................... ५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू .................................. ६

**सत्य राज गुरुङ**
(अध्यक्ष)

उक्त रायमा सहमत छौँ।

रमा देवी पराजुली
(सदस्य)

मितिः २०७५ साल फागुन १२ गते रोज १ शुभम् ........................................ ।

**श्री**

**वैदेशिक रोजगार न्यायाधिकरण**

**इजलाश**

**माननीय अध्यक्ष श्री सत्यराज गुरुङ्ग**

**सदस्य श्री रमा देवी पराजुली**

**सदस्य श्री रामेश्वर रेग्मी**

**फैसला**

सम्वत् २०७४ सालको मुद्दा नं. ८।३८४

निर्णय नं. १४

## मुद्दाः- वैदेशिक रोजगार कसूर।

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| जमानसिंह घलेकी नातिनी, पुष्पराज घलेकी श्रीमती जिल्ला भोजुर, कुलुङ गा.वि.स. वडा नं. २९ वस्ने गगना घलेको जाहेरीले वादी नेपाल सरकार............................................................१ | जोखे खड्काकी छोरी मनिल महर्जनकी श्रीमती जिल्ला रोल्पा, लिवाङ्ग न.पा. वडा नं. ६ भई हाल का.जि.चन्द्रागिरी न.पा. वडा नं. ५ वस्ने वर्ष २८ की गंगा खड्का महर्जन.......................१ |

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार भित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ।

**तथ्य खण्ड**

**१. जाहेरवाला गगना घलेको जाहेरी दरखास्तः**

म जाहेरवाला गगना घलेलाई प्रतिवादी गंगा खड्का महर्जनले ईजरायलमा वैदेशिक रोजगारमा लगाई दिने भनी रू. १६,००,०००।– (सोह्र लाख) बुझिलिई भने बमोजिमको वैदेशिक रोजगारमा नपठाएको र बुझिलिएको रकम समेत फिर्ता नगरेको हुँदा निज प्रतिवादीलाई पक्राउ गरी मेरो विगो र सोको हर्जाना समेत दिलाई पाऊँ भन्ने समेत व्यहोराको जाहेरवाली गगना घलेले मिति २०७४।०३।२३ गते दिएको जाहेरी दरखास्त।

**२. लिखत कागजः**

जाहेरवाली गगना घलेलाई वैदेशिक रोजगारमा इजरायल पठाई रोजगार दिलाईदिन्छु भनी रू. १६,००,०००।– (सोह्र लाख) बुझिलिई गंगा खड्का महर्जनले गरिदिएको वैदेशिक रोजगार सम्बन्धी लिखत कागज।

**३. प्रतिवादी गंगा खड्का महर्जनले अनुसन्धान अधिकृत समक्ष गरेको बयानः**

मेरी आमा रुकमाली खड्कालाई भाई बहिनि पढाउने र बुवाको उपचार गर्ने सन्दर्भमा केही रकम आवश्यक भएका बखत आमाले गंगा भेटवाल (संग्रौला)सँग पैसा लिने बेलामा मलाई लिखत कागज गराई आमाले पैसा लिनु

भएको थियो। त्यसरी गंगा भेटवाल तथा यी जाहेरवालीसँग लिएको लेनदेनको कारोवारको सम्पूर्ण भुक्तानी मेरी आमाले गरिसकेपछि यी जाहेरवाली समेत भै गंगा भेटवालसँग मैले गरिदिएको सक्कल लिखत कागज च्यातिएको हो। त्यसपछी सोही रकममा मिटर ब्याज नदिएको भनी विवाद गरी मेरी आमासँग थप रकम उठाउने नियत राखी आमा तथा मलाई समेत यी जाहेरवाली तथा गंगा भेटवालसमेतले तनाव दिदै आएकी थिईन। जाहेरवालीसँग मेलमिलाप गर्न भनी प्रहरी कार्यालय गएका बखत यी जाहेरवाली समेत भई मलाई जबरजस्ती लिखतमा सहिछाप गराउन खोजेकोमा मैले नमानेपछि बाहिर निस्किएको बेला मलाई बोलाई ट्याक्सीमा लिखतमा सहिछाप गराउन खोजेकोमा मैले नमानेपछि बाहिर निस्किएको बेला मलाई ट्याक्सीमा बसाई रत्नपार्क आउने क्रममा ट्याक्सी भित्र लिखत कागजमा जर्बजस्ती कागज गराएका हुन। जाहेरवालीलाई विदेश रोजगारमा पठाउन भनी कुनै रकम लिएको छैन। वैदेशिक रोजगारमा पठाउन भनी कुनै रकम लिएको छैन। वैदेशिक रोजगार ब्यवसाय गर्ने ईजाजत अनुमती लिएको छैन। सक्कल लिखत कागजमा भएको नाम,थर सहिछाप मेरो हो भन्ने समेत व्यहोराको प्रतिवादी गंगा खड्का मर्हजनले मिति २०७४।०३।२८ गते गरेको बयान।

**४. लिखत कागजका साक्षी गंगादेवी भेटवालले गरेको कागजः**

जाहेरवाला र प्रतिवादी बीच जाहेरवालालाई वैदेशिक रोजारमा पठाउने उद्देश्यले लेनदेन भएको हो। प्रतिवादी गंगा खड्का मर्हजनले जाहेरवाला गगना घलेलाई वैदेशिक रोजगारको लागि विदेश ईजरायल देशमा पठाउने उद्देश्यले नगद रू.१६,००,०००। (सोह्र लाख) प्रतिवादीले मेरो सामुन्नेमा लिएको ठिक साँचो हो भन्ने ब्यवहोराको गंगादेवी भेटवालले गरेको कागज।

**५. अभियोग – पत्रः**

प्रतिवादी गंगा खड्का मर्हजनले वैदेशिक रोजगारी व्यवसाय गर्न पाउने ईजाजत अनुमती नलिई जाहेरवाला गगना घलेलाई वैदेशिक रोजगारको लागि ईजरायलको एक प्रतिष्ठित कम्पनीमा रू.२,९५,००० ।– दरले पारिश्रमिक पाउने गरी पठाईदिन्छु भनी आश्वासन र प्रलोभन देखाई रू.१६,००,०००।– (सोह्र  लाख) बुझिलिई भने बमोजिमको रोजगारीमा नपठाई बुझलिएको रकम समेत फिर्ता नगरेको हुँदा निज प्रतिवादी गंगा खड्का मर्हजनलाई सोही ऐनको दफा ४३ बमोजिम सजाय गरी पाउन र प्रतिवादीले जाहेरवाला गगना घलेबाट लिए खाएको विगो रकम रू. १६,००,०००।– (सोह्र लाख) र सोको विगोको ५०% ले हुन आउने हर्जाना रकम रू.८,००,००० ।– गरी जम्मा रू.२४,००,०००।– (चौविस लाख) समेत प्रतिवादी गंगा खड्का मर्हजनबाट जाहेरवाला गगना घलेलाई दिलाई भराई पाऊँ  भन्ने वादी नेपाल सरकारको अभियोग पत्र।

**६. प्रतिवादी गंगाखड्का महर्जनले यस न्यायधिकरणमा गरेको बयानः**

मलाई मिसिल संल्गन अभियोग पत्र समेतका सम्पुर्ण कागजातहरू पढिवाची सुनाउदा सुनिपाए। मैले वैदेशिक रोजगारको लागि मानिसहरू पठाउने केही काम गरेकी छैन। म वैदेशिक रोजगारमा मानिस पठाउने ब्यक्ति होईन। म मेरो घरमा गृहणीको काम गर्दे आएकी छु। मैले जाहेरवालालाई चिनेकोसम्म छैन र निज जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउने भनी कुनै रकम लिए खाएकी,निजलाई झुठ्ठा आश्वासन र प्रलोधनमा पारेकी र कसैलाई प्रलोभनमा पार्न लगाएकी पनि छैन। मैले मानिस विदेश पठाउने भनी कसैबाट कुनै रकम लिए खाएकी छैन। जाहेरवालासँग मेरो आमा रुकमाली खडकाको सामान्य लेनदेन थियो। निजहरू विचमा के कस्तो लेनदेन भएको

मलाई थाहा छैन। मिती २०७४।३।१६ गते म मेरो घरमा नै थिए,करिव विहान १०।११ बजेको समयमा महानगरिय प्रहरी बिशाल बजारबाट मलाई फोन गरी गगना घलेले तपाँई विरुद्धमा निवेदन दिएको छ भनेपछि म विशाल बजार प्रहरीको गए। प्रहरीले अबदेखी यस्तो नर्गनुहोस भनी मिलापत्र समेत गराएको हो। प्रहरीले मिलापत्र गरी म र मेरो साथी मिरा घिमिरे विशाल बजार गेटमा निस्किन लाग्दा निज गगना घले र निजको अर्की महिला साथीले गेट बाहिर हामी (म र मेरो साथी मिरा घिमिरे) लाई ट्याक्सीमा हाली जमल तर्फ लगेको हो र टेक्सीमा नै लिखत कागजमा मलाई जर्बजस्ती रुपमा सहिछाप गराई मलाई ट्याक्सीबाट उतारी गएको हो। मैले जर्बजस्ती रुपमा लिखत कागज गराए उपर काठमाण्डौ जिल्लामा करकाप सम्वन्धी मुद्दा दर्ता गराएकी छु। उक्त करकाप मुद्दाको तारेख भरपाई वैदेशिक रोजगार विभागमा पेश गरेकी छु प्रमाण लगाई पाऊँ । जाहेरी दरखास्त साथ पेश गरीएको पासपोर्ट सम्वन्धमा मलाई केही थाहा छैन। मैले वैदेशिक रोजगार व्यवसाय गर्ने ईजाजत पत्र लिएको छैन भन्ने समेत व्यवहोराको प्रतिवादी गंगा खड्का मर्हजनले यस न्यायधिकरणमा गरेको बयान।

**७. यस न्यायधिकरणको थुनछेक आदेश**

तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादी गंगा खड्का मर्हजनले आरोपित कसूर गरेको रहेनछन भनी विश्वास गर्न सकिने अबस्था विद्यमान नहुँदा पछि प्रमाण बुझदै जाँदा ठहरे बमोजिम हुने गरी हाल मुद्दाको पुर्पक्षको लागि निज प्रतिवादी गंगा खड्का मर्हजनबाट मुलुकी ऐन, अ.ब.११८ नं को देहाय ५ र १० बमोजिम रू.३,००,०००।–(तीन लाख रूपैयाँ) नगद वा सो बराबर जेथा जमानत दिए लिई तारेखमा राख्नु र दिन नसके अ.ब.१२१ नं बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न पठाउनु भन्ने समेत व्यहोराको मिति २०७४।४।२३ मा यस न्यायधिकरणबाट भएको थुनछेक आदेश।

**८. जाहेरवाला गगना घलेले यस न्यायधिकरणमा गरेको बकपत्र**

मैले वैदेशिक रोजगारमा ईजरायलमा देशमा जान भनी प्रतिवादी गंगा खड्का मर्हजनलाई रू. १६,००,०००। –(सोह्र लाख) दिएको हो। प्रतिवादीले रकम बुझी गरिदिएको तमसुक मिसिल संल्गन छ। उक्त रकम मेरो बुढाले ईराकबाट पठाउनुभएको थियो। लिखत कागज पुतलीसडक काठमाण्डौमा तयार गरेको हो। प्रतिवादी गंगा खड्का मर्हजनको आमा रुकमाली खड्कासँग करिव रू.१०,००,०००।– को लेनदेन थियो। हाल सो रकम फिर्ता पाईसकेकोले कुनै लेनदेन छैन। मैले मेरो राहदानी भोजपुर जिल्लाबाट बनाएको हो। प्रतिवादीबाट हर्जाना सहित विगो फिर्ता दिलाई पाऊँ भन्ने समेत ब्यवहोराको जाहेरवाला गगना घलेले यस न्यायधिकरणमा गरेको बकपत्र।

**९. प्रतिवादी गंगा खड्का मर्हजनका साक्षी मिरा घिमिरेले यस न्यायधिकरणमा गरेको बकपत्र**

जाहेरी ब्यहोरा झुठा हो। मिति २०७४।२।१६ मा गंगा खड्काले मलाई महानगरिय प्रहरी बृत विशालवजारमा बोलाईएको छ भनेर लिन आईन र हामी दुवै जना त्यहाँ गएकोमा गगना घलेले गंगा खड्का मर्हजन विरुद्ध धाक धम्की दिएकोले छलफलको लागि बोलाईएको रहेछ। त्यहा छलफल भई मिलापत्र भई बाहिर निस्कने क्रममा जाहेरवालाहरूले हामिलाई जवरजस्ती ट्याक्सीमा राखेर जमल पुऱ्याउदा त्यहाँ रहेका २।४ जना मानिसले ट्याक्सी भित्रै धाक धम्की दिई जबरजस्ती लिखत कागज सहिछाप गराएका हुन। यी प्रतिवादीले कोही कसैलाई वैदेशिक रोजगारमा पठाईदिने भनी रकम लिएको होईन। निजको आमासँगको लेनदेनको कारोवारलाई लिएर विवाद हुँदा गंगा खड्का मर्हजनबाट रकम उठाउने नियतले निज जाहेरवालाले यी प्रतिवादीसँग वैदेशिक रोजगारको कागज

गराएको हो भन्ने समेतको व्यहोराको प्रतिवादीका साक्षी मिरा घिमिरेले यस न्यायाधिकरणमा गरेको बकपत्र ।

**ठहर खण्ड**

१०. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सुचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्धामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्धान उप न्यायाधिवक्ता श्री विश्वास सुनुवार र जाहेरवाला गगना घलेको तर्फबाट उपस्थित विद्धान अधिवक्ता कृष्ण प्रसाद न्यौपानेले प्रतिवादी गंगा खड्का मर्हजनले वैदेशिक रोजगारमा ईजरायल मुलुकमा पठाईदिन्छु भनी विश्वास दिलाई जाहेरवालाबाट रकम बुझी लिई भने बमोजिम वैदेशिक रोजगारमा नपठाएको, भनी विश्वास दिलाई जाहेरवालाबाट रकम बुझी लिई भने बमोजिम वैदेशिक रोजगारीमा ईजरायल मुलुकमा पठाईदिन्छु भनी विश्वास दिलाई जाहेरवालाबाट रकम बुझीलिई भने बमोजिम वैदेशिक रोजगारमा नपठाएको भनी परेको किटानी जाहेरीलाई यी प्रतिवादीले जाहेरवालालाई गरिदिएको लिखत कागज कागज र जाहेरवालाले यस न्यायधिकरण समक्ष गरेको बकपत्र समेतले पुष्टी गरेको हुँदा यी प्रतिवादी उपरको वारदात स्थापित भएको छ । प्रतिवादीलाई अभियोग माग दावी बमोजिम सजाय गरी पाऊँ भनी गर्नुभएको बहस समेत सुनियो ।

११. उपरोक्तानुसारको बहस जिकिर समेत सुनि मिसिल संलग्न रहेका कागजातहरू अध्ययन गरी हेर्दा जाहेरवाला गगना घलेलाई प्रतिवादी गंगा खड्का मर्हजनले वैदेशिक रोजगारमा ईजरायल मुलुक पठाईदिने भनी रकम लिई वैदेशिक रोजगारीमा नपठाएको र रकम पनि फिर्ता नगरेको भनी दिएको जाहेरी दरखास्तबाट उठान भएको प्रस्तुत मुद्दामा प्रतिवादी गंगा खड्का मर्हजनले वैदेशिक रोजगारको लागि ईजरायलको एक प्रतिष्ठित कम्पनीमा मासिक रू.२,९५,०००।– दरले पारीश्रमीक पाउने गरी पठाईदिन्छु भनी आश्वासन र प्रलोभन देखाई रू.१६,००,००० । – (सोह्र लाख) बुझि लिई भने बमोजिम वैदेशिक रोजगारीमा नपठाई बुझीलिएको रकम समेत फिर्ता नगरेको हुँदा निज प्रतिवादीले गरेको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरितको कसूर अपराध गरेको हुँदा निज प्रतिवादी गंगा खड्का मर्हजनलाई सोही ऐनको दफा ४३ बमोजिम सजाय गरी पाउन र प्रतिवादीले जाहेरवाला गगना घलेबाट लिए खाएको विगो रकम रू. १६,००,००० ।– (सोह्र लाख) र सो विगोको ५०% ले हुन आउने हर्जाना रकम रू. ८,००,००० । – गरी जम्मा रू. २४,००,००० ।– (चौविस लाख) समेत प्रतिवादी गंगा खड्का मर्हजनबाट जाहेरवाला गगना घलेलाई दिलाई भराई पाऊँ भन्ने वादी नेपाल सरकारको मागदावि रहेको देखिन्छ । प्रतिवादी गंगा खड्का मर्हजनले यस न्यायधिकरण समक्ष समेत बयान गर्दा मेरी आमा रुकमाली खड्काले गंगा भेटवालसँग गरेको लेनदेन कारोवारको विषयलाई लिएर जाहेरवालाले मलाई जबरजस्ती लिखत कागज गर्न लगाएको हुन भनी कसूर गरेकोमा ईन्कार रही बयान गरेको देखिदा प्रस्तुत मुद्दामा निर्णय गर्नुपर्ने देखिन आयो ।

(क) प्रतिवादीले जाहेरवालालाई वैदेशिक रोजगारमा ईजरायल देशमा पठाईदिने भनी प्रलोभन देखाई विश्वास दिलाई रकम लिई भने बमोजिम वैदेशिक रोजगारमा नपठाएका हुन होईनन् ?

(ख) प्रतिवादीलाई अभियोग मागदावी बमोजिम सजाय हुनुपर्ने हो होईन ?

१२. निर्णय तर्फ विचार गर्दा प्रतिवादी गंगा खड्का मर्हजनले जाहेरवालालाई वैदेशिक रोजगारमा नपठाएको र लिएको रकम पनि फिर्ता नगरेको भनी जाहेरी परी सो जाहेरीसँगै यी प्रतिवादी गंगा खड्का मर्हजनले

जाहेरवालालाई मिति २०७४ । २ । १६ मा गरिदिएको लिखत कागज पेश गरेको तथा यस न्यायधिकरण समक्ष समेत बयान गर्दा कसूर गरेकोमा ईन्कार रहेको देखिन्छ । निजको सो बयानमा आफ्नी आमा रुकमाली खड्का र जाहेरवाला विचमा लेनदेन ब्यवहार रहेकोमा जाहेरवालालाई आमाले लिएको रकम भुक्तानी गरी सकेपछी उक्त लेनदेनको रकमको ब्याजको विषयलाई लिएर विवाद हुँदा जाहेरवालाले महानगरिय प्रहरी बृत विशाल बजारमा मिति २०७४।२।८ मा शान्ति सुरक्षा कायम गरी पाऊँ भनी निवेदन समेत हालेकोमा मिति २०७४।२।१६ मा छलफलको लागि सो प्रहरी कार्यालयमा मलाई समेत बोलाएकोमा उक्त प्रहरी कार्यालयमा म समेत गै जाहेरवालासँग मेलमिलाप गरी फर्कने क्रममा जाहेरवालाले मलाई जबरजस्ती ट्याक्सीमा राखी यस मुद्दामा पेश भएको मिति २०७४।२।१६ को लिखत कागज गराएको भनी उल्लेख गरिएको देखिन्छ । यी प्रतिवादीले अनुसन्धान अधिकृत समक्ष गरेको बयानमा उल्लेख गरेको व्यहोरा मध्ये जाहेरवालाको बकपत्रबाट यी जाहेरवाला र यी प्रतिवादीको आमा रुकमाली खड्काको विचमा लेनदेन व्यवहार रहेको विषय (स.ज.९) मिति २०७४।२।१६ मा महानगरिय प्रहरी बृत विशालबजारमा यी जाहेरवाला र यी प्रतिवादी गएका र त्याँहा भेट भएको विषय (स.ज.१०,११,१३) समेत समर्थित भएको देखिन्छ । साथै जाहेरी साथ पेश भएको लिखत पनि सोही मिति २०७४।२।१६ (जाहेरवाला र प्रतिवादी महानगरिय प्रहरी बृत विशालवजार प्रहरी बृत गएको भनिएको) मा भएको देखिन्छ । उक्त लिखतमा उल्लेखित व्यहोराबाट यी प्रतिवादीले जाहेरवालालाई उक्त कागज भएको मितिबाट दश महिना भित्रमा अर्थात २०७४।१२।१५ भित्रमा वैदेशिक रोजगारमा ईजरायल पठाईदिने भन्ने व्यहोरा उल्लेख भएको देखिएता पनि प्रस्तुत मुद्दामा उक्त लिखतमा उल्लेखित म्याद भुक्तान समेत नभै मिति २०७४।३।२३ मा नै जाहेरी परेको देखिन्छ । उक्त लिखत अनुसारको म्यादै नपुगी यी जाहेरवालाले जाहेरी दिएको अबस्था देखिदा जाहेरवाला र प्रतिवादीका विचमा भएको भनिएके काम कारवाही पनि त्यति स्वाभाविक भने देखिएन । साथै उल्लेखित जाहेरवालाको बकपत्र र प्रतिवादीको बयानबाट समेत यी जाहेरवाला र प्रतिवादीकी आमा रुकमाली खड्काको विचमा लेनदेन कारोवार रहे भएको एवं जाहेरवाल र यी प्रतिवादी समेत मिति २०७४।२।१६ मा महानगरिय प्रहरी बृत विशालवाजरमा जाहेरवालाले हालेको निवेदनको विषयमा छलफलका लागि उपस्थित भएका र सोही मितिमा यस मुद्दामा पेश भएको वैदेशिक रोजगारको लिखत गरे गराएकोमा विवाद देखिदैन ।

१३. जाहेरवालाले यस न्यायाधिकरणमा गरेको बकपत्रमा समेत यी प्रतिवादी र जाहेरवालाको विचमा र जाहेरवाला र प्रतिवादीको आमा रुकमाली खड्काको विचमा मिति २०७४।२।१६ मा वैदेशिक रोजगारको कागज गरीसकेपछी मोवाईल फोनमा दुईपटक संवाद भएको थियो भनी स.ज.१८मा उल्लेख गरेको देखिन्छ । साथै प्रतिवादीले यस न्यायधिकरण समक्ष बयान गर्दा बयानको साथमा यी जाहेरवालासँग आफू आमाको विचमा भएको संवाद रेकर्ड भएको पेन ड्राईभ समेत पेश गरेको देखिन्छ । सो संवाद रेर्कड भएको पेन ड्राईभ खोलि मुद्दाको सुनुवाईको क्रममा जाहेरवाला समेतको उपस्थितीमा सुनी उक्त अडियोमा उल्लेखित कुराको विषयलाई लिएर यी प्रतिवादीलाई जाहेरवालाले यस मुद्दामा पेश भएको मिति २०७४।२।१६ को वैदेशिक रोजगार सम्वन्धी लिखत कागज गराएको भन्ने कुरा स्पष्ट रुपमा उल्लेख भएको देखिन्छ । साथै ईजलास समक्ष पेश भएको स्वर आफ्नो समेत भएको स्विकार गरेको अबस्था रहेको छ । यस्तो अवस्थामा उक्त

जाहेरी र जाहेरवालाको बकपत्रलाई प्रमाणको रुपमा ग्रहण गर्न मिल्ने देखिएन।

१४ सरकार वादी फौजदारी मुद्दामा दावी गर्ने प्रमाणको भार वादीमा हुने व्यवस्था प्रमाण ऐन,२०३१ को दफा २५ ले गरेको छ। फौजदारी न्यायको सिद्धान्त अनुसार अभियुक्त उपर लागेको अभियोगमा शंकाको सुविधा अभियुक्तले पाउँदछ। यस मुद्दामा किटानी जाहेरी परी प्रतिवादीले गरीदिएको लिखत कागज समेत पेश भएको र जाहेरवालाले बकपत्र गरेको देखिएता पनि माथि उल्लेखित आधार प्रमाणबाट उक्त जाहेरी र सो मा उल्लेखित व्यहोरा बस्तुनिष्ट रुपमा शंका रहित तवरमा पुष्टी हुन सकेको देखिएन। मिसिल संल्गन रहेका उल्लेखित आधार प्रमाणबाट यी प्रतिवादीले जाहेरवालालाई वैदेशिक रोजगारमा ईजरायल पठाउन भनी विश्वास दिलाई प्रलोभनमा पारी रकम लिएको र भने बमोजिम वैदेशिक रोजगारमा नपठाएको भन्ने शंका रहित रुपमा पुष्टी हुन सकेको देखिएन।

१५. तर्सथ,प्रतिवादी गंगा खड्का मर्हजनले अभियोग माग दावी अनुसार वैदेशिक रोजगार ऐन,२०६४ को १० र ४३ विपरीतको कसूर गरेको पुष्टी हुने बस्तुनिष्ट प्रमाण वादी पक्षबाट पेश हुन सकेको नदेखिँदा निज प्रतिवादी गंगा खड्का मर्हजनले अभियोग दावीबाट सफाई पाउने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल

माथि फैसलामा उल्लेख भए बमोजिम प्रतिवादी गंगा खड्का मर्हजनले अभियोग दावीबाट सफाई पाउने ठहरेकाले उक्त फैसला उपर चित नबुझे वैदेशिक रोजगार ऐन,२०६४को दफा ६६(२) बमोजिम ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी विशेष सरकारी वकील कार्यालय, काठमाण्डौलाई फैसलाको प्रतिलिपी सहित पुनरावेदनको म्याद दिनू ................................................................................................ १

प्रतिवादी गंगा खड्का मर्हजनले यस न्यायधिकरणको आदेशानुसार माग भएको धरौट रू.३,००,००० ।– (तीनलाख रूपैयाँ) वापत प्रतिवादीले जेथा जमानत वापत राखेको होम प्रसाद नेपालको नाउँमा दर्ता कायम रहेको जिल्ला सिन्धुपाल्चोक साविक सिरुवारी गा.वि.स.वडा नं ९ हाल चौतारा साँगाचोकगढी न.पा.वडा नं १४ को कि.न.१५५५को क्षेत्रफल ०–६ –३–० को जग्गा जेथा जमानि राखी मिति २०७५।९।१ तारेख गुजारी बसेको देखिँदा उक्त जेथा जफत गरी धरौट वापतको उक्त रकम असुल उपर गर्नुभनी लेखि पठाउनू....................... २

प्रस्तुत फैसलाको जानकारी जाहेरवालालाई दिनू.......................................................................... ३

सरोकारवालाले फैसलाको नक्कल माग गरेमा नियमानुसार नक्कल दिनू............................................. ४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखा बुझाईदिनू ...................................... ५

**रमा देवी पराजुली**
(सदस्य)

उक्त रायमा हाम्रो सहमती छ।

**रामेश्वर रेग्मी** (सदस्य)

**सत्य राज गुरुङ्ग** (अध्यक्ष)

मिति २०७६ साल साउन २८ गते रोज ३ शुभ्म.................................................।३

**श्री**
**वैदेशिक रोजगार न्यायाधिकरण**
**इजलास**
**माननीय अध्यक्ष श्री रमेशकुमार खत्री**
**सदस्य श्री रमा देवी पराजुली**
**फैसला**

**मुद्दा नं.** ०७६-FT-००९५
कसूर निर्धारणः २१
निर्णय नं. **३०**

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| जिल्ला रामेछाप, लिखु तामाकोशी गा.पा. वडा नं. ५ बस्ने, रामबहादुर तामाङको नाति, सोम बहादुर तामाङको छोरा, बर्ष ३५ को कृष्ण कुमार घिसिङ ................................................१<br>जिल्ला रामेछाप, लिखु तामाकोशी गा.पा. वडा नं. ३ बस्ने, आइतसिंह तामाङको नाति, बाघसिंह तामाङको छोरा, बर्ष ४० को राजेन थापा तामाङको जाहेरीले नेपाल सरकार .............. १ | जिल्ला झापा साविक अर्जुनधारा गा.वि.स.वडा नं.१, परिवर्तित ऐ. अर्जुनधारा न.पा.वडा नं. ८ स्थायी घर भई काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२, तीनकुनेमा डेरा गरी बस्ने, बिष्णु प्रसाद गिरीको छोरा आयुश गिरी भन्ने नेत्र प्रसाद गिरी...........................१<br>जिल्ला महोत्तरी, बर्दिवास न.पा. वडा नं. ४ बस्ने दिपक थापा मगर......................................................१ |

## मुद्दाः वैदेशिक रोजगार कसूर ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार भित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ ।

**(१) जाहेरवाला कृष्ण कुमार घिसिङ्ग समेतको जाहेरी दरखास्तः-**

विपक्षी आयुश गिरी भन्ने नेत्र प्रसाद गिरीले वैदेशिक रोजगारको लागी दुवई मुलुकमा पठाई दुवई प्रहरीमा काम दिलाईदिन्छु भनी हामी जाहेरवालाहरू कृष्ण कुमार घिसिङ्ग र राजेन थापा तामाङ्गबाट जनही रू.४७०,०००।- (चार लाख सत्तरी हजार) को दरले जम्मा रकम रू.९,४०,०००।– (नौ लाख चालिस हजार) बुझिलिई वैदेशिक रोजगारमा नपठाएको र लिए खाएको रकम समेत फिर्ता नगरेको हुँदा निज विपक्षीलाई कारवाही गरी विगो तथा हर्जाना रकम समेत दिलाई भराई पाऊँ भन्ने व्यहोराको मिति २०७५।०५।०८ को जाहेरवाला कृष्ण कुमार घिसिङ्ग समेतको जाहेरी दरखास्त ।

**(२) सक्कल लिखत कागज र आई.एम.इ. भौचरः**

प्रतिवादी आयुश गिरी भन्ने नेत्र प्रसाद गिरीले जाहेरवालाहरू कृष्ण कुमार घिसिङ्ग र राजेन थापा तामाङ्गलाई वैदेशिक रोजगारीमा दुवई पठाई पुलिसमा काम दिलाई दिन्छु भनी जम्मा रू.८,३०,०००।–(आठ लाख तीस हजार) बुझिलिई गरिदिएको वैदेशिक रोजगार सम्बन्धी मिति २०७५।०४।२८ को सक्कल लिखत कागज।

सन २०१८ अगस्ट ५ तारेखमा प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीका नाममा जाहेरवालाहरू कृष्ण कुमार घिसिङ्ग र राजेन थापा तामाङ्गले पठाएको जनही रू. ५३,९५०।का सक्कल आइ.एम.इ. रसिदहरू।

**(३) प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीको बयानः–**

जाहेरवालाहरू कृष्ण कुमार घिसिङ्ग र राजेन थापा तामाङ्गसँग चिनजान छ, लेनदेन छ, नाता सम्बन्ध रिसईवी छैन। जाहेरवालाहरूको जाहेरी व्यहोरा केही मात्र साँचो हो। यी जाहेरवालाहरूबाट मैले एकमुष्ट रू. ८५०,०००।– मात्र बुझिलिएको हुँ। सो रकम पटक पटक गरी आई.एम.ई.बाट र नगदै गरी बुझिलिएको हुँ। रकम जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि दुवई पठाईदिने भनेर नै लिएको हो। रकम जाहेरवालाहरूबाट लिएको रकम मध्ये रू.७,२५,०००।– वैदेशिक रोजगार सम्बन्धी काम गर्ने ब्यक्ति दिपक थापा मगरलाई नगदै बुझाएको हुँ। निज दिपक थापा मगरले यी जाहेरवालाहरूको राहदानी, टिकेट र भिषा लगायतका कागजातहरू लिई सम्पर्क विहिन भएपछी जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाउन नसकिएको हो। मैले कमिसन खाने हिसावले मात्रै काम गरेको हुँ। निज दिपक थापाले जनही रू.५०,०००।– का दरले दिने गर्दथ्यो। तीन जना मानिसलाई पठाए वापत निज दिपक थापा मगरले मलाई रू.५०,०००।– का दरले रू.१५०,०००।– कमिसन समेत दिएको थियो। यही कमिसनको लोभले मैले वैदेशिक रोजगारमा जाने मानिसहरू खोजी निजसँग सम्पर्क गराईदिने गरेको थिए। यी जाहेरवालाहरूबाट समेत मलाई जनही रू.५०,०००।– को दरले दुबै जनाको रू.१,००,०००।– कमिसन दिएको थियो। वैदेशिक रोजगारमा पठाउने काम मैले गरेको होइन, निज दिपक थापा मगरले गरेका हुन्। निज दिपक थापा मगरको बाजेको नाम थाहा छैन, निजको बुवाको नाम विपिन थापा मगर हो। निजले जिल्ला काठमाडौंको गंगबुको बिजीमल नजिकै सितल ट्राभल एण्ड टुर प्रा.लि.संचालन गरेर बसेको थियो। निजले बिभिन्न व्यक्तिहरूलाई सोही ट्राभल मार्फत् वैदेशिक रोजगारमा पठाईदिने कार्य गर्दै आईरहेको थियो। हाल निजले उक्त ट्राभल बन्द गरी फरार र सम्पर्क विहिन छ। जाहेरवालाहरूले जाहेरी दरखास्त साथ पेश भएको उक्त मिति २०७५।०४।२८ को लिखत कागज देखाउँदा देखे, उक्त लिखत कागजमा उल्लेख भएको आयुष गिरी भन्ने नाम मेरो नै हो, उक्त नाम मेरो बोलाउने नाम हो, वास्तविका नाम नेत्र प्रसाद गिरी हो। उक्त लिखत कागजमा भएको हस्ताक्षर आयुष मेरो नै हो। साथै सो लिखत कागजमा भएको ल्याप्चे मेरो नै हो, हेरी सनाखत गरिदिएँ। उक्त लिखत कागज बमोजिमको रकम रू.९४०,०००।– मैले बुझिलिएको नभई पटक पटक गरी जम्मा रू.७२५,०००।– बुझेको हुँ। मेरो वास्तविक नाम नेत्र प्रसाद गिरी हो। मेरो नागरिकता प्रमाण पत्र नं.६९०१४९७७ हो। अर्को नागरिकता नक्कली हो। म जाहेरवाला विन्दु फगामी समेतले दिएको वैदेशिक रोजगार कसूर मुद्दामा परी वैदेशिक रोजगार न्यायाधिकरणमा धरौटी रू.१,००,०००।– दाखिला गरी तारेखमा बसेकोमा तारेख

गुजारेको हुँदा प्रहरीले समाउँछ की भनी बच्नलाई श्याम चौलागाँईले बनाई ल्याई दिएको नक्कली नागरिकता हुन । निज श्याम चौलागाँईको तीन पुस्ते सहितको एकिन वतन र सम्पर्क नं.समेत थाहा भएन । उक्त किर्ते नागरिकता सम्बन्धमा मलाई तथा श्याम चौलागाँईलाई कुनै निकायमा मुद्दा चलेको छैन । मैले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति लिएको छैन भन्ने समेत व्यहोराको प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीले गरेको बयान ।

**(४) लिखत साक्षी बिर बहादुर तामाङ्गले गरिदिएको कागजः–**

जाहेरवालाहरू कृष्ण कुमार घिसिङ्ग र राजेन थापा तामाङ्गलाई वैदेशिक रोजगारको लागि दुवई मुलुकमा पठाई दुवई पुलिसमा काम दिलाईदिन्छु भनी जाहेरवालाहरूबाट जनही रू.४,१५,०००।– (रू.चार लाख पन्ध्र हजार) विपक्षी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरिले मेरो सामुन्ने मै बुझिलिएको ठिक साँचो हो। यी विपक्षीले उक्त रकम बुझिलिई यी जाहेरवालाहरूलाई मिति २०७५।०४।२८ गतेको लिखत कागज गरिदिएका हुन । विपक्षीले जाहेरवालाहरूबाट लिएको विगो तथा सो को हर्जाना रकम समेत दिलाई भराई विपक्षीलाई कानून बमोजिम कारवाही गरीपाऊँ भनी लिखत साक्षी बिर बहादुर तामाङ्गले गरिदिएको कागज।

**(५) जाहेरवाला कृष्ण कुमार घिसिङ्गले गरिदिएको कागजः–**

प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीले हामी जाहेरवालाहरूबाट जनही नगदै रू. ४१५,०००।– का दरले जम्मा रकम रू.८,३०,०००।–बुझिलिएको र थप रकम जनही रू. ५३,९५०।– आई.एम.ई.गरी पठाएको हुदा प्रति व्यक्ति रू. ४६८,९५०।– बुझाएको ठिक साँचो हो। जाहेरी दरखास्त लेखाउँदा जम्मा विगो रू.९,३७,९००।– हुनु पर्नेमा विगो रू.९४०,०००।– भएको हो । उक्त विगो रकम सच्याई पाऊँ । प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीले हामी जाहेरवालाहरू कृष्ण कुमार घिसिङ्ग र राजेन थापा तामाङ्गबाट जनही रू.४६८,९५०।– का दरले जम्मा रकम रू.९,३७,९००।–बुझिलिएको हो । निजले बयानमा किन रू.८५०,०००।– मात्र बुझेको भनी बयान गरेका हुन, थाहा भएन। निजले उक्त रकम बुझिलिई हामीलाई मिति २०७५।०४।२८ गते रकम बुझिलिएको कागज गरिदिएका हुन्। दिपक थापा को हुन् र निजको प्रस्तुत मुद्दामा के कस्तो संलग्नता छ थाहा भएन भन्ने समेत व्यहोराको जाहेरवाला कृष्ण कुमार घिसिङ्गले गरिदिएको कागज।

**(६) जाहेरवाला राजेन थापा तामाङ्गले गरिदिएको कागजः–**

प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीले हामी जाहेरवालाहरूबाट जनही नगदै रू.४१५,०००।– का दरले जम्मा रकम रू.८,३०,०००।–बुझिलिएको र थप रकम जनही रू.५३,९५०।– आई.एम.ई.गरी पठाएको हुँदा जनही रू.४६८,९५०।– बुझाएको ठिक साँचो हो। जाहेरी दरखास्त लेखाउँदा जम्मा विगो रू.९,३७,९००।– हुनु पर्नेमा विगो रू.९४०,०००।– भएको हो। उक्त विगो रकम सच्याई पाऊँ। प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीले हामी जाहेरवालाहरू राजेन थापा तामाङ्ग र कृष्ण कुमार घिसिङ्गबाट जनही रू.४६८,९५०।– का दरले जम्मा रकम रू.९,३७,९००।– बुझिलिएको हो । निजले बयानमा किन रू.८,५०,०००।– मात्र बुझेको भनी बयान गरेका हुन, थाहा भएन। निजले उक्त रकम बुझिलिई हामीलाई मिति २०७५।०४।२८ गते

वैदेशिक रोजगारको लिखत गरिदिएका हुन् । दिपक थापा को हुन र निजको प्रस्तुत मुद्दामा के कस्तो संलग्नता हो सो बारेमा थाहा भएन भन्ने समेत व्यहोराको जाहेरवाला राजेन थापा तामाङ्गले गरिदिएको कागज ।

## ७. अभियोग दावीः

प्रतिवादी आयुश गिरी भन्ने नेत्र प्रसाद गिरी र दिपक थापा मगरले जाहेरवालाहरू कृष्ण कुमार घिसिङ्ग र राजेन थापा तामाङ्गलाई वैदेशिक रोजगारमा दुवई पठाइ दिन्छु भनी झुट्टो आश्वासन दिई बिश्वास दिलाई आश्वस्त बनाई प्रोसेसिङ्गका लागि पासपोर्ट र जनही रू. ४,६८,९५०।-रकम वुझिलिई वैदेशिक रोजगारमा नपठाई जाहेरवालाहरूबाट लिए खाएको रकम समेत फिर्ता नगरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र दफा ४३ बमोजिमको कसूर गरेको हुँदा प्रतिवादीहरूलाई सोही ऐनको दफा ४३ बमोजिम हुने सजायको आधा सजाय हुन र जाहेरवालाहरूको विगो रू. ९,३७,९००।– र सो को ५० प्रतिशतले हुने रकम हर्जाना समेत प्रतिवादीहरूबाट जाहेरवालाहरूलाई दिलाई भराई पाउन र प्रतिवादीहरूबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमको रकम क्षतिपुर्ती शुल्क बापत ऐ.ऐनको दफा ४१(५) बमोजिम कोषमा जम्मा गरी पाऊँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारको अभियोग-पत्र ।

## ८. प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीले यस न्यायाधिकरणमा गरेको बयानः

जाहेरी दरखास्त साथ पेश गरिएका सम्पुर्ण कागजात पढिवाची सुनाउँदा सुनिपाएँ। जाहेरवालाहरूसँग जनही रू.४,२५,०००।- का दरले जम्मा रू.८,५०,०००।– जग्गा कारोबारको लागि रकम लिएको हो ।उक्त रकम दिपक थापा मगरलाई बुझाएको हुँ ।जाहेरवालाहरूबाट रकम नगदै बुझि दिपक थापा मगरलाई पनि नगदै बुझाएको हुनाले रकम बुझाएको कुनै प्रमाण छैन । वैदेशिक रोजगारमा पठाउने भनी जाहेरवालाहरूबाट कुनै रकम लिएको छैन । जाहेरी साथ पेश गरेको लिखत जाहेरवालाहरूले जवरजस्ती गर्न लगाएका हुन सोमा भएको सहिछाप मेरो आफ्नै हो भन्ने समेत ब्यहोराको प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीले यस न्यायाधिकरणमा गरेको बयान ।

## ९. यस न्यायाधिकरणबाट भएको थुनछेक आदेशः

प्रतिवादीले कसूर गरेकोमा इन्कार रही बयान गरेको देखिएता पनि जाहेरी, मिति २०७५।४।२८ को लिखत कागजको व्यहोरा र लिखतका साक्षी वीर बहादुर तामाङ्गले गरेको कागज समेतका तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी कसूरदार हुन् भन्ने विश्वास गर्न सकिने अवस्था देखिंदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई यी प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीबाट मुद्दाको पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र दफा ७२ बमोजिम रू.६,००,०००।-(छ लाख रूपैयाँ) धरौट, जमानत वा बैंक जमानत लिई तारेखमा राख्नु र माग भएको धरौट, जमानत वा बैंक जमानत दिन नसकेमा ऐ. संहिताको दफा ६८(२) बमोजिम कानून बमोजिमको सिधा खान पाउने गरी थुनुवा पुर्जी दिई थुनामा राख्न कारागार कार्यालयमा पठाई दिनू भन्ने समेत व्यहोराको यस न्यायाधिकरणबाट मिति २०७६।७।८ मा भएको थुनछेक आदेश।

१०. प्रतिवादी दिपक थापा मगरका नाँउमा यस न्यायाधिकरणबाट जारी भएको समाह्वान म्याद अभियोग पत्रमा

उल्लेखित ठेगानामा निजको घर फेला नपरी मिति २०७६।०९।४ मा वेपत्ते तामेल भएको।

**११. जाहेरवाला कृष्णकुमार घिसिङ्गले यस न्यायाधिकरण समक्ष गरेको बकपत्रः**

प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीले मलाई वैदेशिक रोजगारको लागि दुबई पुलिसमा पठाउने भनी बिश्वास दिलाएका हुंदा ५०० अमेरिकी डलर बराबरको रकम आई.एम.ई. गरी पठाएको हो। पछि भिषा आएको भनेपछि रू.४,१५,०००।- रकम ज्ञानेश्वरको एक होटलमा प्रतिवादीलाई दिई प्रतिवादीले वैदेशिक रोजगारको लिखत कागज गरिदिएका हुन्। प्रतिवादीले रकम लिएपछि मलाई वैदेशिक रोजगारीमा पठाएनन् र मेरो रकम पनि फिर्ता दिएका छैनन्। प्रतिवादीले अभियोग मागदावी बमोजिम कसूर गरेको हुनाले निजलाई कानून बमोजिमको सजाय हुनु पर्ने हो। मेरो विगो रकम र सोको पचास प्रतिशत हर्जाना रकम दिलाई भराई पाऊँ भन्ने समेत व्यहोराको जाहेरवाला कृष्णकुमार घिसिङ्गले यस न्यायाधिकरण समक्ष गरेको बकपत्र।

**१२. जाहेरवाला राजेन थापा तामाङले यस न्यायाधिकरण समक्ष गरेको बकपत्रः**

प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीले मलाई वैदेशिक रोजगारको लागि दुबई पुलिसमा पठाउने भनी बिश्वास दिलाएका हुदा ५०० अमेरिकी डलर बराबरको रकम आई.एम.ई. गरी पठाएको हो र पछि भिषा आएको भनेपछि रू.४,१५,०००।- रकम ज्ञानेश्वरको एक होटलमा प्रतिवादीलाई दिई प्रतिवादीले वैदेशिक रोजगारको लिखत कागज गरिदिएका हुन्। प्रतिवादीले रकम लिएपछि मलाई वैदेशिक रोजगारीमा पठाएनन् र हालसम्म मेरो रकम पनि फिर्ता दिएका छैनन्। प्रतिवादीले अभियोग मागदावी बमोजिम कसूर गरेको हुनाले निजलाई कानून बमोजिम सजाय हुनु पर्ने हो। मेरो विगो रकम र सोको पचास प्रतिशत हर्जाना रकम दिलाई भराई पाऊँ भन्ने समेत व्यहोराको जाहेरवाला राजेन थापा तामाङले यस न्यायाधिकरण समक्ष गरेको बकपत्र।

**१३. जाहेरवालाका साक्षी वीरबहादुर लामाले यस न्यायाधिकरण समक्ष गरेको बकपत्रः**

प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीले जाहेरवालाहरू कुमार घिसिङ्ग र राजेन थापा तामाङ्गलाई बैदशिक रोजगारीमा दुबई देशमा पठाउने भनी मेरो अगाडि रकम लेनदेन भएको हो र मिसिल संलग्न भएको वैदेशिक रोजगार कागजमा साक्षीको महलमा भएको सहिछाप मेरो हो भन्ने समेत व्यहोराको जाहेरवालाका साक्षी वीर बहादुर लामाले यस न्यायाधिकरण समक्ष गरेको बकपत्र।

**ठहर खण्ड**

१४. नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्धान उपन्यायाधिवक्ता श्री उर्मिला दाहालले प्रतिवादी आयुष भन्ने नेत्र प्रसाद गिरी र दिपक थापा मगरले वैदेशिक रोजगार व्यवसाय संचालन गर्न पाउने इजाजतपत्र नलिई जाहेरवालाहरू कृष्ण कुमार घिसिङ्ग र राजेन थापा तामाङ्गलाई वैदेशिक रोजगारको लागि दुवई मुलुकमा पठाईदिने भनी बिश्वास दिलाई रकम लिई वैदेशिक रोजगारमा नपठाएका र लिएको रकम समेत फिर्ता नगरेका भनी परेको जाहेरी, जाहेरवालाहरूको बकपत्र र आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीले रकम बुझिलिई गरी दिएको लिखत समेतबाट पुष्टि भएकाले प्रतिवादीहरूलाई अभियोग दावी बमोजिम सजाय गरी जाहेरवालाहरूको विगो र हर्जाना समेत दिलाई भराई पाऊँ भनी गर्नु

भएको बहस सुनियो । त्यस्तै जाहेरवाला कृष्ण कुमार घिसिङ्गको तर्फबाट उपस्थित विद्वान् अधिबक्ता श्री वीरबल काजि राईले गर्नु भएको बहस समेत सुनियो ।

१५. यसमा वादी नेपाल सरकारको तर्फबाट प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरी र दिपक थापा मगरले वैदेशिक रोजगारको ब्यवसाय गर्ने इजाजतपत्र नलिई जाहेरवालाहरू कृष्ण कुमार घिसिङ्ग र राजेन थापा तामाङ्गलाई वैदेशिक रोजगारको लागि दुवई पठाइदिने भनी वैदेशिक रोजगारको झुठ्ठो आश्वासन दिई प्रलोभन देखाई जाहेरवालाहरूबाट रकम बुझिलिई भने बमोजिम वैदेशिक रोजगारमा नपठाई प्रतिवादीहरूले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ को कसूर गरेको देखिंदा प्रतिवादीहरू आयुष भन्ने नेत्र प्रसाद गिरी र दिपक थापा मगरलाई सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाहरूबाट लिएको विगो रू. ९,३७,९००। र सो को ५० प्रतिशतले हुने हर्जाना रू. ४,६८,९५०।समेत प्रतिवादीहरूबाट जाहेरवालाहरूलाई दिलाई भराई पाऊँ भन्ने समेत अभियोग दावी लिएकोमा प्रतिवादी आयुष भन्ने नेत्र प्रसाद गिरीले निज उपरको अभियोग दाबीबारे यस न्यायाधिकरणमा बयान गर्दा जाहेरवालाहरूसँग जनही रू.४,२५,०००।- का दरले जम्मा रू.८,५०,०००।– जग्गा कारोबारको लागि लिएको हो । उक्त रकम दिपक थापा मगरलाई बुझाएको हुँ । जाहेरवालाहरूबाट लिएको रकम दिपक थापा मगरलाई नगदै बुझाएको हुनाले रकम बुझाएको कुनै प्रमाण छैन । जाहेरी साथ पेश गरेको लिखतमा भएको सहिछाप मेरो आफ्नै हो । वैदेशिक रोजगारमा पठाउने भनी जाहेरवालाहरूबाट रकम लिएको होइन जाहेरवालाहरूले जवरजस्ती लिखत गर्न लगाएका हुन भन्ने समेत व्यहोरा उल्लेख गरेको र अर्का प्रतिवादी दिपक थापा मगरको म्याद बेपत्ते तामेल भएको देखिँदा प्रस्तुत मुद्धामा देहायका प्रश्नको निरोपण गर्नु पर्ने देखियो ।

(क) प्रतिवादीहरूले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत नलिई जाहेरवालाहरूलाई वैदेशिक रोजगारीमा दुबई पठाई दिने भनी प्रलोभनमा पारी विश्वास दिलाई रकम लिई भने बमोजिम वैदेशिक रोजगारीमा नपठाई अभियोग दावीको कसूर गरेका हुन्, होईनन्?

(ख) प्रतिवादीहरूले अभियोग दाबीको कसूर गरेको भए निजलाई के कति सजाय हुने हो?, अभियोग दावी बमोजिम जाहेरवालाहरूको विगो र हर्जाना भराई दिनु पर्ने हो, होईन?

१६. सम्बद्ध मिसिल अध्ययन गरी प्रथम प्रश्नको निरोपण तर्फ बिचार गरी सर्बप्रथम प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीको हकमा हेर्दा यी प्रतिवादी आयुष भन्ने नेत्र प्रसाद गिरीले हामी जाहेरवालाहरूलाई दुवई पठाई दुवई पुलिसमा मासिक रू.१,००,०००। सम्म कमाई हुने गरी जागिर लगाईदिन्छु भनी झुठ्ठा आश्वान दिई विश्वास दिलाएकोले हामी जाहेरवालाहरू विश्वासमा परी रकम बुझाएकोमा प्रतिवादीले रकम लिएपछि वैदेशिक रोजगारीमा नपठाएका र लिएको रकम पनि फिर्ता नगरेको भनी प्रतिवादी उपर किटानी जाहेरी परेको देखिन्छ । वादी पक्षका गबाह जाहेरवालाहरू कृष्ण कुमार घिसिङ्ग र राजेन थापा तामाङ्गले यस न्यायाधिकरणमा उपस्थित भई बकत्र गर्दा हामीलाई प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीले वैदेशिक रोजगारको लागि दुबई पुलिसमा पठाउने भनी बिश्वास दिलाएका हुँदा निज प्रतिवादीलाई हामीले जनही रू.४,३७,५००।- ( चार लाख सैतीस हजार पाँच सय) का दरले रकम बुझाएको हो । प्रतिवादीले भने अनुसार वैदेशिक रोजगार लगेनन् र लिएको रकम पनि हालसम्म फिर्ता गरेका छैनन् भन्ने समेत व्यहोरा लेखाई

मौकाको जाहेरी ब्यहोरा अनुसार नै बकपत्र गरेको देखिन्छ । साथै वादी पक्षका साक्षी रहेका लिखत साक्षी वीर बहादुर लामाले यस न्यायाधिकरण समक्ष उपस्थित भै बकपत्र गरी प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीले जाहेरवालाहरू कुमार घिसिङ्ग र राजेन थापा तामाङ्गलाई वैदेशिक रोजगारीमा दुबई देशमा पठाउने रकम लिएको हो भनी अनुसंधानको क्रममा गरेको कागजलाई पुष्टि गरेको पाईन्छ ।

१७. प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम घटना वा अबस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो ब्यक्त गर्ने ब्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने ब्यवस्था रहेको छ । वादी पक्षका उपरोक्त गबाह जाहेरवालाहरू र लिखत साक्षीले यी प्रतिवादी आयुष भन्ने नेत्र प्रसाद गिरी उपर कसूर गडाउ हुने गरी बकपत्रका क्रममा लेखाएको उपरोक्त ब्यहोरा निज प्रतिवादीका बिरूद्ध प्रमाणमा लिन मिल्ने नै देखियो ।

१८. उपरोक्त लिखतका तथा अभियोगको बारेमा प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीले अनुसंधानको क्रममा बयान गर्दा वैदेशिक ब्यवसाय गर्ने इजाजत पत्र लिएको छैन, जाहेरवालाहरूबाट मैले एकमुष्ट रकम रू.८५०,०००|– बुझिलिएको हुँ । उक्त रकम यी जाहेरवालाहरूले भने बमोजिम वैदेशिक रोजगारको लागि दुवई पठाईदिने भनेर लिएकोमा उक्त रकम मध्ये रू.७,२५,०००|– वैदेशिक रोजगार सम्बन्धी काम दिपक थापालाई नगदै बुझाएको हो । दिपक थापा मगर जाहेरवालाहरूको रकम र राहदानी समेतका कागजातहरू लिई सम्पर्क विहिन भएपछी जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाउन नसकिएको हो । पेश भएको लिखत मैले नै गरिदिएको हो भन्ने समेतका ब्यहोरा लेखाएको देखिन्छ । प्रतिवादीले गरेको उपरोक्त बयानबाट समेत यी प्रतिवादीसँग वैदेशिक रोजगार ब्यवसाय गर्ने इजाजत पत्र नभएको, जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि दुवई पठाईदिने भनेर नै रकम लिएको र लिखत गरी दिएकोमा मुख मिलेकै देखिन्छ । यी प्रतिवादीले जाहेरवालाहरूबाट लिएको रकम दिपक थापा मगरलाई नगदै बुझाएको भनी उल्लेख गरेका भए पनि सो भनाईलाई पुष्टी गर्न कुनै प्रमाण पेश गरेको देखिदैन । यस्तो अवस्थामा सो हदसम्मको बयानलाई प्रमाणको रुपमा लिन मिल्ने देखिएन । साथै प्रतिवादीले यस न्यायाधिकरण समक्ष गरेको बयानमा जाहेरवालाहरूबाट रू.८,५०,०००|– जग्गा कारोबारको लागि लिएको भनी लेखाएका देखिएको र निजको सो भनाईबाट पनि जाहेरवालाहरूबाट रू. ८,५०,००० । रकम लिएकोमा बिबाद देखिदैन भने रकम लिने प्रयोजनको बारेमा मुख नमिलेको देखिए पनि निज प्रतिवादीले जग्गाको कारोबारको लागी नै जाहेरवालाहरूबाट रकम लिएको भन्ने कुरालाई पुष्टी गर्न कुनै प्रमाण पेश गरेको देखिदैन । यस्तो अवस्थामा सो हदसम्मको उक्त बयानलाई प्रमाणको रुपमा लिन मिल्ने देखिएन ।

१९. प्रमाण ऐन, २०३१ को दफा ७ (ग) मा "कुनै घटना मानिसहरूको आचरण वा काम- कारोवारको सामान्य क्रम बिचार गर्दा तर्कसँगत रूपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्न सक्नेछ" भन्ने ब्यबस्था रहेको पाईन्छ । कुनै पनि साधारण समझ भएको मानिस (man of general prudence) ले अकारण फौजदारी कसूर लाग्ने तवरले वा आर्थिक दायित्व ब्यहोर्ने तबरले अरूलाई लिखत गरिदिने अबस्था रहदैन । कसैले अन्यथा जिकिर लिन्छ भने अन्यथा हो भन्ने प्रमाणित गर्ने भार जिकिर लिने पक्षमा नै निहित

रहने हुन्छ। त्यसै पनि प्रतिवादीले आफू उपर कसूर श्रृजना हुने एबं आर्थिक दायित्व समेत रहने गरी अभियोग दावीसाथ पेश भएको लिखत गरिदिने अबस्था नरहने हुनाले प्रमाण मुल्यांकनको सन्दर्भमा प्रतिवादीले जाहेरवालाहरूसँगको ब्यबहारकै जरियाबाट अभियोग दावीको लिखत दिएको रहेछन भनी अनुमान गर्नु (Inference draw) बान्छनीय हुने देखियो।

२०. प्रमाणको मूल्यांकनमा लिखत प्रमाण महत्वपूर्ण हुन्छ। लिखत गैह-कानूनी तबरले खडा गरिएको नदेखिएसम्म त्यस्तो लिखतको ब्यवस्था पक्षहरूले पालना गर्नु अपरिहार्य हुन जान्छ। लिखत प्रमाणका हकमा प्रमाण ऐन, २०३१ को दफा ३५ मा कुनै लिखत वा लिखतमा उल्लेख भएको कुरा सो लिखत नै पेश गरी प्रमाणित गर्नु पर्छ भन्ने ब्यबस्था रहेको देखिन्छ। प्रस्तुत मुद्धामा प्रमाणको रूपमा सक्कल लिखत र आई.एम.इ. रसिदहरू नै पेश भएकाले सो प्रतिवादीका बिरूद्ध प्रमाणमा ग्राह्य हुनेमा समेत अन्यथा देखिएन।

२१. उल्लेखित आधार प्रमाणहरू आयुष भन्ने नेत्र प्रसाद गिरी उपर परेको जाहेरी, प्रतिवादीले गरिदिएको लिखत, आई.एम.इ. रसिदहरू, जाहेरवालाहरूको बकपत्र र बिश्लेषण समेतबाट प्रतिवादी आयुष भन्ने नेत्र प्रसाद गिरीले वैदेशिक रोजगार व्यवसाय गर्न ईजाजतपत्र नलिई जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि दुवई पठाइदिने भनी वैदेशिक रोजगारको झुठ्ठो आश्वासन दिई प्रलोभन देखाइ जाहेरवालाहरूबाट रकम बुझिलिई भने बमोजिम वैदेशिक रोजगारमा नपठाई जाहेरवालाहरूबाट लिएको रकम समेत फिर्ता नगरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिमको कसूर गरेको पुष्टि हुन आयो।

२२. अर्का प्रतिवादी दिपक थापा मगरको हकमा बिचार गर्दा यी प्रतिवादीको नाममा यस न्यायाधिकरणबाट जारी भएको म्याद बेपत्ते तामेल भएको देखिन्छ। यी प्रतिवादी उपर जाहेरी परेको नदेखिएको र मिसिल संलग्न लिखतबाट समेत यी प्रतिवादी उक्त वारदातमा संलग्न रहे भएको नदेखिदा केवल सहप्रतिवादी आयुष भन्ने नेत्र प्रसाद गिरीले बिना आधार प्रमाण पोल गरेकै आधारमा मात्र यी प्रतिवादीले अभियोग दावी बमोजिमको कसूर गरेको पुष्टि भएको मान्न मिल्ने देखिएन।

२३. अतः बिबेचित उपरोक्त आधार र कारणबाट प्रतिवादी दिपक थापा मगरले नेपाल सरकारको अभियोग दावी बमोजिमको कसूर गरेको पुष्टि हुने प्रमाणको अभावमा सफाई पाउने ठहर्छ। प्रतिवादी आयुष भन्ने नेत्र प्रसाद गिरिले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिई जाहेरवालाहरू कृष्ण कुमार घिसिङ्ग र राजेन थापा तामाङलाई वैदेशिक रोजगारिमा दुवई पठाई दिन्छु भनी रकम लिई भने बमोजिम वैदेशिक रोजगारिमा नपठाई वादी नेपाल सरकारको अभियोग दावी बमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेको ठहर्छ।

## सजाय निर्धारण

प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीलाई के कति सजाय हुने हो? र जाहेरवालाले प्रतिवादीबाट के कति विगो रकम भराई लिन पाउने हो भन्ने दोश्रो प्रश्नको सम्बन्धमा बिचार गर्दा वादी नेपाल सरकारको तर्फबाट प्रतिवादीहरूले वैदेशिक रोजगार ऐन,२०६४ को दफा १० र ४३ को कसूर गरेको हुँदा प्रतिवादीलाई सोही ऐनको दफा ४३ बमोजिम ३ बर्ष देखि ७ बर्षसम्म कैद र रू. ३ लाख देखि रू. ५ लाखसम्म जरिवानाको आधा सजाय हुन दावी लिएको यस मुद्दामा प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरीले वैदैशिक रोजगार ऐन, २०६४ को दफा ४३ को कसूर गरेको

ठहर भएकोमा वादी नेपाल सरकारको तर्फबाट पेश भएको सजाय पूर्वको प्रतिबेदन समेत अध्ययन गरी हेर्दा सजाय गर्नुको उदेश्य र पीडितको बिगो समेतको आधारमा प्रतिवादी आयुष भन्ने नेत्र प्रसाद गिरीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम रू. २,००,०००।- (दुई लाख) जरिवाना र २(दुई) बर्ष कैद सजाय गर्न मनासिव हुने देखियो।

जाहेरवालाहरू कृष्णकुमार घिसिङ र राजेन थापा तामाङ्गलाई भराईदिनु पर्ने बिगोको हकमा हेर्दा प्रतिवादी आयुश गिरी भन्ने नेत्र प्रसाद गिरीले जाहेरवालाहरू कृष्ण कुमार घिसिङ्ग र राजेन थापा तामाङ्गलाई वैदेशिक रोजगारीमा दुवई पठाई पुलिसमा काम दिलाई दिन्छु भनी रू.८,३०,०००।–(आठ लाख तीस हजार) बुझिलिई गरिदिएको सक्कल लिखत र निज प्रतिवादीको नाममा जाहेरवालाहरू कृष्ण कुमार घिसिङ्ग र राजेन थापा तामाङ्गले आई.एम.इ.बाट पठाएको जनही ५३,९५० । रकमका आई.एम.इ. रसिदहरू पेश भएको र जाहेरवालाहरूको बकपत्रबाट समेत सो बिगो पुष्टी भएको देखिँदा माग दावी बमोजिमको जम्मा बिगो रू. ९,३७,९०० । र सो को पचास प्रतिसतले हुने हर्जाना रकम जाहेरवालाहरूले आ-आफ्नो बिगो अनुसार प्रतिवादीबाट भराई लिन पाउने देखियो।

अत: प्रतिवादी आयुष गिरी भन्ने नेत्र प्रसाद गिरिलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम रू. २,००,०००।-(दुई लाख) जरिवाना र २(दुई) बर्ष कैद सजाय हुने ठहर्छ। जाहेरवालाहरू कृष्णकुमार घिसिङ र राजेन थापा तामाङ्गले माग दावी बमोजिमको बिगो रू. ९,३७,९०० । र सो को पचास प्रतिसतले हुने हर्जाना रकम जाहेरवालाहरूले आ-आफ्नो बिगो अनुसार भराई लिन पाउने ठहर्छ। साथै प्रस्तुत मुद्दाको वारदात मिति भन्दा पछि लागु भएको अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को दावीको हकमा भराई रहन मिल्ने देखिएन। प्रतिवादीले तारेख गुजारी बसेको देखिदा निजले पुर्पक्षको क्रममा राखेको धरौटि बराबरको जेथा मुलुकी फौजदारी कार्यबिधि संहिता,२०७४ को दफा ७५ बमिजिम जफत हुने ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नू।

**तपसिल**

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी आयुश गिरी भन्ने नेत्र प्रसाद गिरीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम जनही २।०।०(दुई वर्ष) कैद र रू.२,००,०००।-(दुई लाख) जरिवाना हुने ठहरेकोले प्रतिवादी मिति २०७६।०६।१२ गते अनुसन्धानको क्रममा पक्राउ परी मिति २०७६।१०।१३ सम्म जम्मा ०।४।१ (चार महिना एक दिन) थुनामा बसेको देखिंदा सो थुनामा बसेको अवधी कटाई बाँकी कैद १।७।२९ (एक वर्ष सात महिना उन्तिस दिन) बेरुजु देखिंदा कैद लगत कसी असूल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखि पठाउनू ......१

प्रतिवादी आयुष भन्ने नेत्र प्रसाद गिरिलाई ठहर भएको जरिवाना रू.२,००,०००।- (दुई लाख) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६२ को अधिनमा रही असुल गर्नू भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू ............................................................................................................................ २

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादी आयुष भन्ने नेत्र प्रसाद गिरीबाट जाहेरवालाहरूले विगो रू. ९,३७,९०० । र सो को पचास प्रतिशत हर्जाना रू. ४,६८,९५०।– आ-आफ्नो बिगो अनुसार भराई लिन पाउने ठहरेकोले प्रस्तुत मुद्दा अन्तिम भए पछी प्रतिवादीको नामको चल, अचल सम्पत्ति, जाय जेथा समेत देखाई निज जाहेरवालाहरूले विगो र हर्जाना भराई पाऊँ भनी ऐनका म्याद भित्र निवेदन दिए तपसिल बमोजिमको विगो भराई

दिनु भनी सम्बन्धित जिल्ला अदालतमा लेखि पठाउनू........................................................................ ३

**तपसिल**

| क्र.स. | जाहेरवालाहरू | विगो रू. | हर्जना ५०% | जम्मा रकम रू. |
|---|---|---|---|---|
| १. | कृष्ण कुमार घिसिङ्ग | ४,६८,९५०।- | २,३४,४७५।- | ७,०३,४२५।- |
| २. | राजेन थापा तामाङ्ग | ४,६८,९५०।- | २,३४,४७५।- | ७,०३,४२५।- |
| | जम्मा | ९,३७,९००।- | ४,६८,९५०।- | १४,०६,८५०।- |

प्रकरण ३ को प्रयोजनका लागि मुद्धा अन्तिम फैसला भएको जानकारी जाहेरवालाहरूलाई दिनु......४

प्रतिवादी आयुश गिरी भन्ने नेत्र प्रसाद गिरीले तारेख गुजारी बसेको देखिदा, निजलाई पुर्पक्षको क्रममा माग भएको धरौटी रू. ५,००,०००।(पाँच लाख) बराबर निजले राखेको भिमलाल तामाङ नाम दर्ताको सिन्धुपाल्चोक जिल्ला साविक स्याउले गा.वि.स. वडा नं. १ हाल चौतारा साँगाचोकगढी न.पा. वडा नं. १ को कि.नं. १००७ को १-११-१-२ जग्गा मध्ये उक्त धरौटी रकम रू. ५,००,०००।(पाँच लाख) बराबरको जग्गा मुलुकी फौजदारी कार्यबिधि संहिता,२०७४ को दफा ७५ बमोजिम जफत गर्नू भनी सम्बन्धित जिल्ला अदालतमा लेखि पठाउनू .............५

यो फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी विशेष सरकारी वकील कार्यालय, काठमाडौं र प्रतिवादी आयुश गिरी भन्ने नेत्र प्रसाद गिरीलाई पुनरावेदनको म्याद दिनू ............................................................................................... ६

सरोकारवालाले फैसलाको नक्कल माग गरेमा कानून बमोजिम लाग्ने दस्तुर लिई नक्कल दिनु.....................७

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला सफ्टवेयरमा अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु.......................................................................................................................................... ८

**रमा देवी पराजुली**
(सदस्य)

उक्त रायमा मेरो सहमती छ।

**रमेशकुमार खत्री**
(अध्यक्ष)

इजलास सहायक
लोकेन्द्र चौलागाई

संबत् २०७७ साल आश्विन महिना २८ गते रोज ४ शुभम्..........................................।
फैसला प्रमाणित गर्नेः-
मितिः-

# श्री
# वैदेशिक रोजगार न्यायाधिकरण
# इजलास
# माननीय अध्यक्ष श्री रमेशकुमार खत्री
# सदस्य श्री रमा देवी पराजुली
# फैसला

मुद्दा नं.०७५-FT-०४९१
निर्णय नं.: ३६

## मुद्दा:वैदेशिक रोजगार कसूर।

| वादीको नाम,थर,वतन | प्रतिवादीको नाम,थर,वतन |
|---|---|
| दलशेर तामाङको नाति, नारायण तामाङको छोरा, जिल्ला भोजपुर, हाल हतुवागढी गाउँपालिका वडा नं.३ बस्ने वर्ष २९ को प्रकाश रुम्बा.................................................१ | भुवन रामदत्त बानियाको नाति, मालिक राम बानियाको छोरा, जिल्ला कपिलवस्तु, साविक सिरसिहवा गा.वि.स.वडा नं.२ हाल कृष्णनगर नगरपालिका वडा नं.४ बस्ने वर्ष २६ को धिरेन्द्र गुप्ता.....................................................१ |
| शंख बहादुर तामाङको नाति, खड्क बहादुर तामाङको छोरा, जिल्ला भोजपुर, हाल हतुवागढी गाउँपालिका वडा नं.४ बस्ने वर्ष २५ को एनोश तामाङको जाहेरीले नेपाल सरकार.................................................१ | लाले दमाईको नाति, प्रेम बहादुर दमाईको छोरा, जिल्ला दाङ, साविक लालमटिया गा.वि.स.वडा नं.९ हाल परिवर्तित राप्ति गाउँपालिका वडा नं.४ नयाँगाउँ बस्ने चन्द्र परियार...............................................................१ |

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली,२०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार भित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ।

**१. जाहेरी दरखास्त:**

वैदेशिक रोजगारमा जाने मनस्थिति बनाई अनलाईन हेर्दा चोकोलाला चक्लेट कम्पनीले कामदारको माग राखी सेल्सम्यान र चक्लेट प्याकिङको बिज्ञापन गरेको देखि दिएको नम्बरमा सम्पर्क गरी कुरा हुँदा ईण्डियाको सिक्किम बस्ने सिमन कौशल भन्ने व्यक्तिले अर्जेण्ट भिषामा यु.ए.ई.पठाएर बिज्ञापन बमोजिमको काम दिलाउँछौ रू. २०००००।– खर्च लाग्छ, नेपालमा रहेका धिरेन्द्र गुप्ता र तिलक जि जङ्ग साहले प्रकृया मिलाउनु हुन्छ रकम र राहदानी निजहरूलाई बुझाइ दिनु भनेकाले हामी जाहेरवालाहरू प्रकाश

रुम्बा र एनोश तामाङले सिटी एक्सप्रेस मनी ट्रान्सफर मार्फत् जाहेरवाला प्रकाश रुम्बाको रू.९०,०००।- र जाहेरवाला एनोश तामाङबाट रू.२,००,०००।- गरी दुबैजना जाहेरवालाहरूको जम्मा रू.२,९०,०००।– (दुई लाख नब्बे हजार रूपैयाँ) बुझी लिई भने बमोजिम रोजगारमा पठाउनेतर्फ कुनै काम नगरिदिएको र लिए खाएको रकम पनि फिर्ता नगरेको हुँदा निज प्रतिवादीलाई आवश्यक कारवाही गरी विगो र हर्जाना रकम दिलाई पाऊँ भन्ने समेत बेहोराको जाहेरवालाहरू प्रकाश रुम्बा समेतले मिति २०७५।११।०७ गते दिएको संयुक्त जाहेरी दरखास्त।

**२. सिटी एक्सप्रेस मनी ट्रान्सफरको रसिदः**

सिटी एक्सप्रेस मनी ट्रान्सफर मार्फत् जाहेरवाला प्रकाश रुम्बाबाट सन् १०।०१।२०१९ मा रू.५०,०००।- र सन् १६।०१।२०१९ मा रू.४०,०००।- गरी जम्मा रू.९०,०००।- र अर्का जाहेरवाला अनोज तामाङबाट सन् १०।०१।२०१९मा रू.१,००,०००।- र सन् १६।०१।२०१९ मा रू.१,००,०००।- गरी जम्मा रू.२,००,०००।- गरी दुबैजना जाहेरवालाहरूबाट जम्मा रू.२,९०,०००।- (दुई लाख नब्बे हजार रूपैयाँ) प्रतिवादी धिरेन्द्र गुप्ताले बुझिलिएको सिटी एक्सप्रेस मनी ट्रान्सफरको रसिदहरू मिसिल संलग्न रहेको।

**३. वादी साक्षी शान्ता तामाङले मौकामा गरेको कागज:**

जाहेरवालाहरू प्रकाश रुम्बा र एनोश तामाङलाई वैदेशिक रोजगारको लागि यू.ए.ई.(दुवई) मुलुकमा पठाई प्याकिङ्गको काम दिलाईदिन्छु भनी झुट्ठा आश्वासन देखाई निज प्रतिवादी धिरेन्द्र गुप्ताले माग गरेबमोजिमको रकम जाहेरवाला प्रकाश रुम्बाबाट IMEमार्फत् दुई पटक गरी जम्मा रू.९०,०००।-र अर्का जाहेरवाला एनोश तामाङबाट IME मार्फत् दुई पटक गरी जम्मा रकम रू.२,००,०००।- गरी दुबैजना जाहेरवालाहरूबाट जम्मा रकम रू.२,९०,०००।- (दुई लाख नब्बे हजार रूपैयाँ) प्रतिवादी धिरेन्द्र गुप्ताले बुझिलिएको ठिक साँचो हो भन्ने समेत बेहोराको जाहेरवाला प्रकाश रुम्बाको श्रीमती शान्ता तामाङले गरेको कागज।

**४. प्रतिवादी धिरेन्द्र गुप्ताले गरेको बयानः**

जाहेरवालाहरूको जाहेरी बेहोरा झुट्ठा हो। जाहेरवालाहरूलाई मैले वैदेशिक रोजगारमा यू.ए.ई. देशमा पठाई दिन्छु भनी मैले कुनै पनि रकम लिएको होइन। मलाई चन्द्र परियारले मेरो दिदी बिरामी भएकोले म अस्पतालमा छु, मैले तिम्रो नाममा सिटी एक्सप्रेस मनी ट्रान्सफर गरिदिन भनेर साथीहरूलाई भनेको छु। सो रकम निकाली पठाईदिनु भनी कुरा गरिसकेपछि रकम निकाल्नको लागि सिटी एक्सप्रेस मनी ट्रान्सफर नम्बर समेत चन्द्र परियारले फोन मार्फत् मलाई दिएकोले मैले उक्त रकम निकाली चन्द्र परियारले भने बमोजिम गाडीको ड्राइभरलाई दिनु भनेकाले मैले सम्पूर्ण रकम दिएको हो। जाहेरवाला प्रकाश रुम्बाले पटकपटक गरी मेरो नाममा रू.९०,०००।- र एनोश तामाङले पटकपटक गरी रू.२,००,०००।– मलाई पठाएको हो। उक्त रकम मैले चन्द्र परियारले भने बमोजिम लिएको हुँ। निज चन्द्र परियारले जाहेरवावालाहरूसँग के कुन प्रयोजनका लागि रकम लिएका हुन्, मलाई जानकारी भएन भनी प्रतिवादी धिरेन्द्र गुप्ताले गरेको बयान कागज।

५. **प्रतिवादी धिरेन्द्र गुप्ताले गरेको ततिम्बा बयानः**

मेसेन्जरमा कुरा गर्ने सिमोन कौशल र जाहेरी दरखास्तमा उल्लेख भएको तिलक जी जङ्ग शाहसँग चिनजान, लेनदेन, नाता सम्बन्ध, रिसइवी केही छैन । चन्द्र परियार सामान्य चिनजानको साथी हो । मेरो दाइको बुटवलमा भएको क्लिनिकमा चेकअपको लागि धनबहादुर परियार आइरहन्थे । निज चन्द्र परियार धन बहादुर परियारको ठुली आमाको छोरा हो । निज धनबहादुर परियारले मेरो भाइ तपाईकहाँ आउँदैछ, काज-कृयाको समानहरू किन्नमा सहयोग गरिदिनु भनेकोले मैले हुन्छ भनेको थिएँ । सो बमोजिम सामानहरू लिन निज चन्द्र परियार आएको समयमा निज चन्द्र परियारसँग चिनजान भएको हो । निजसँग कुनै सम्बन्ध छैन । साधारण चिनजानको साथी हो । जाहेरवालाहरूले मेरो नाममा सिटी एक्सप्रेस मनी ट्रान्सफरबाट पठाएको रकम बुझिलिन लगाउने व्यक्ति यीनै चन्द्र परियार हुन् । उक्त नागरिकताको फोटोकपी चन्द्र परियारले नै मलाई दिएका हुन् । उक्त नागरिककता फोटोकपी हेरी, चिनी सनाखत गरिदिएँ भनी प्रतिवादी धिरेन्द्र गुप्ताले गरेको ततिम्बा बयान कागज ।

६. **जाहेरवाला एनोश तामाङले गरेको कागजः**

प्रतिवादी धिरेन्द्र गुप्तासँग चिनजान छैन । सिमोन कौशल भन्ने चन्द्र परियारले धिरेन्द्र गुप्ताको नाममा रकम पठाउन भनेकोले हामी जाहेरवालाहरूले निज धिरेन्द्र गुप्ताको नाममा पटकपटक गरी जम्मा रकम रू.२,९०,०००।- (दुई लाख नब्बे हजार रूपैयाँ) सिटी एक्सप्रेस मनी ट्रान्सफर मार्फत् पठाईदिएको हो । यस विभागमा पक्राउ भई आएका धिरेन्द्र गुप्ता र हामीसँग मेसेन्जरमा कुरा गर्ने सिमोन कौशल भन्ने चन्द्र परियारले भनेको र देखाएको व्यक्ति एउटै होइनन् । हामीबाट हाम्रो राहदानी बुझिलिने व्यक्ति पक्राउ भएका धिरेन्द्र गुप्ता होइनन् । निज सिमोन कौशल भन्ने चन्द्र परियारले नक्कली धिरेन्द्र गुप्तालाई देखाई हाम्रो राहदानी बुझिलिई गएको हो । हामीले सिटी सक्सप्रेस मनी ट्रान्सफर मार्फत् पठाएको रकम बुझ्न भने, यीनै पक्राउ भई आएका व्यक्ति धिरेन्द्र गुप्तालाई पठाएका रहेछन् । रकम बुझिलिने धिरेन्द्र गुप्तालाई रकम पठाएको सिटी सक्सप्रेस मनी ट्रान्सफरको रसिद मात्र प्रमाण भएको हुँदा सोही प्रमाणको आधारमा उजूरी गरेका हौँ । तिलक जी जङ्ग शाहको सम्बन्धमा केही जानकारी छैन । सिमोन भन्ने चन्द्र परियारलाई नै थाहा होला । प्रतिवादी धिरेन्द्र गुप्ताले मलाई रकम लिनु भन्ने व्यक्ति चन्द्र परियार हो भन्ने कुरा गरेको हुँदा सिमोन कौशल भन्ने व्यक्ति नै चन्द्र परियार हो भनी थाहा पाएका हौँ । मेसेन्जरमा भएको कुराकानी सत्य हो।जाहेरी साथ पेश भएको भिसा र डिमाण्ड लेटर पनि यीनै सिमोन कौशल भन्ने चन्द्र परियारले नै मेसेन्जर र इमेल choocolala_chocolate@gmail.comबाट पठाएका थिए । प्रतिवादी धिरेन्द्र गुप्ताले पेश गरेको चन्द्र परियारको नागरिकताको प्रतिलिपी देखाउँदा देखेँ, निज चन्द्र परियार नै हामीसँग सिमोन कौशलको नामले वैदेशिक रोजगारको लागि दुवई पठाई चक्लेट प्याकिङ्गमा काम दिलाईदिने भनेको व्यक्ति हुन् । उक्त नागरिकताको फोटोकपी हेरी सनाखत गरिदिए भनी जाहेरवाला एनोश तामाङले गरिदिएको कागज ।

## ७. अभियोग दाबीः

वादी नेपाल सरकारको तर्फबाटवैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिई प्रतिवादीहरू धिरेन्द्र गुप्ता र चन्द्र परियारले एक आपसमा मिलेमतो गरी जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि यू.ए.ई पठाई दिन्छु भनी झुट्ठा आश्वासन र प्रलोभन देखाई जाहेरवालाहरूबाट रकम बुझी लिई वैदेशिक रोजगारमा नपठाएको र लिए खाएको रकम समेत फिर्ता नगरेको कार्य वैदेशिक रोजगार ऐन,२०६४ को दफा १० र ४३ विपरितको कसूर अपराध भएकोले प्रतिवादीहरू धिरेन्द्र गुप्ता र चन्द्र परियारलाई सोही ऐनको दफा ४३ बमोजिम सजाय गरी प्रतिवादीहरूले जाहेरवालाबाट बुझी लिएको बिगो रू. २९००००।- र सोको ५०% हर्जाना रकम समेत जाहेरवालालाई दिलाई भराई पाऊँ भन्ने समेत बेहोराको अभियोगपत्र।

## ८. प्रतिवादी धिरेन्द्र गुप्ताले यस न्यायाधिकरणमा गरेको बयानः

मैले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा दुवई मुलुकमा पठाउने भनेर आश्वासन दिएको छैन र विदेश पठाउने भनेर रकम समेत लिएको छैन। प्रतिवादी चन्द्र परियार मेरा साथी हुन्। निजले मेरो दिदी विरामी भई भारतको चन्डिगढमा राखेको छु। मलाई केही रकम आवश्यक परेको हुनाले मेरो चिनजानका व्यक्तिहरूसँग रकम मागेको थिएँ, निजहरूले आई.एम.ई.बाट रकम मलाई पठाईदिन्छु भनेका छन् तर म अहिले भारतमा भएको कारणले रकम रिसिभ गर्न सकिन। तिमी नेपालमै रहेछौ, तिम्रो नाममा रकम पठाउन लगाउँछु, तिमी रिसिभ गरेर मलाई रकम ल्याईदेऊ भनेकाले मैले साथी अप्ठेरोमा परेको रहेछन् भनेर निजले भनेबमोजिम निजले भनेका व्यक्तिहरू २ जनाले मेरो नाममा पठाएको जम्मा रकम रू.दुई लाख नब्बे हजार (रिसिभ गरी स जाने ड्राइभरको हातमा सो रकम प्रतिवादी चन्द्र परियारलाई दिनु भनेर पठाएको थिएँ। सो रकम प्रतिवादी चन्द्र परियारले मैले पाएँ भनेर मलाई फोन मार्फत् जानकारी गराएका थिए। जाहेरवालाहरूसँग मेरो चिनजान समेत छैन। निजहरूले मेरो विरुद्ध उजूरी दिएपछि मलाई प्रहरीले पक्राउ गरेपछि मात्र मैले जाहेरवालाहरूलाई वैदेशिक रोजगार विभागमा देखेकोसम्म हुँ। जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाउने भनेर प्रतिवादी चन्द्र परियारले भनेका हुन् वा होइनन्, सो बारेमा मलाई केही थाहा छैन। तर मैले माथि अभियोग खन्डमा उल्लेख गरेजस्तो जाहेरवालालाई विदेश पठाउने भनेर चन्द्र परियारसँग कुनै मिलोमतो गरेको छैन। मैले कसैलाई वैदेशिक रोजगारमा विदेश पठाउने भनेर रकम तथा पासपोर्ट लिए खाएको छैन। मलाई लागेको आरोप झुट्ठा हो। म निर्दोष भएकाले मैले सफाइ पाउनुपर्छ भन्ने समेत बेहोराको प्रतिवादी धिरेन्द्र गुप्ताले यस न्यायाधिकरणमा गरेको बयान।

## ९. यस न्यायाधिकरणबाट भएको आदेशः

पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी प्रतिवादी धिरेन्द्र गुप्ताबाट मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा को दफा ६८ र दफा ७२ बमोजिम रू.५०,०००।- (पचास हजार रूपैयाँ) धरौट, जेथा जमानत वा बैंक जमानत लिई तारेखमा राख्नु र माग भएको धरौट, जमानत वा बैंक जमानत दिन नसकेमा ऐ. ऐनको दफा ६८(२) बमोजिम कानून बमोजिमको सिधा खान पाउने गरी थुनुवा पूर्जी दिई थुनामा

राख्न कारागार कार्यालयमा पठाईदिनू भन्ने समेत बेहोराको यस न्यायाधिकरणबाट मिति २०७६।०१।०९ मा भएको आदेश।

**१०. प्रतिवादी धिरेन्द्र गुप्ताका साक्षी सक्षम पोख्रेलले यस न्यायाधिकरणमा गरेको बकपत्र :**

जाहेरवालाहरूको जाहेरी झुट्टा हो। निज प्रतिवादी मेरा साथी हुन्। प्रतिवादी धिरेन्द्र गुप्ता सानो पसल व्यवसाय गरी बस्ने मानिस हुन्। निज प्रतिवादीले वैदेशिक रोजगारी सम्बन्धी कुनै पनि काम गरेका छैनन् र वैदेशिक रोजगारीमा पठाई दिन्छु भनी कोही कसैको पैसा खाएका छैनन्। निज निर्दोष मानिस भएको हुनाले निज प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने समेत बेहोराको प्रतिवादी धिरेन्द्र गुप्ताका साक्षी सक्षम पोख्रेलले यस न्यायाधिकरणमा गरेको बकपत्र।

**११. यस न्यायाधिकरणबाट भएको आदेश।**

वादी पक्षको अभियोगपत्रको सबुद प्रमाण खण्डको गवाह महलमा उल्लेखित जाहेरवालाहरू प्रकाश रुम्बा र एनोश तामाङ तथा देख्ने सुन्ने साक्षी शान्ती तामाङ र कविराज राईलाई बकपत्रको लागि उपस्थित गराएको नदेखिंदा निजहरूलाई बुझ्नपर्ने देखिएकाले मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा ११२ बमोजिम म्याद जारी गरी झिकाई बुझी नियमानुसार पेश गर्नू भन्ने समेत बेहोराको यस न्यायाधिकरणबाट भएको आदेश।

**ठहर खण्ड**

१२. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट विशेष सरकारी वकील कार्यालय काठमाडौँका विद्वान् सहायक न्यायाधिवक्ता श्री युडेन लामाले प्रतिवादी उपर परेको जाहेरी, जाहेरीसाथ पेश भएका मेसेजहरू र प्रतिवादीहरूलाई आई.इम.ई. गरी पठाएको नगद समेतका प्रमाणबाट प्रतिवादीहरू उपरको अभियोग दावी पुष्टि भएकाले दावी बमोजिम सजाय गरी जाहेरवालाहरूको विगो र हर्जाना भराई पाऊँ भन्ने समेत बहस प्रस्तुत गर्नु भयो। त्यस्तै जाहेरवालाहरूका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री विरबलकाजी राई र श्री दुर्गा बहादुर घलेले प्रतिवादीहरूले एक आपसमा मिलेमतो गरी वैदेशिक रोजगार व्यवसाय व्यवसाय सञ्चालन गर्ने अनुमति नलिई वैदेशिक रोजगारीमा पठाउने झुट्टा आश्वासन र प्रलोभन दिई जाहेरवालाहरूबाट रकम लिई अभियोग दावीको कसूर गरेको पुष्टि भएकाले दावी बमोजिम सजाय गरी जाहेरवालाहरूको विगो र हर्जाना दिलाई पाऊँ भनी गर्नु भएको बहस समेत सुनियो।

१३. यसमा प्रतिवादीहरू धिरेन्द्र गुप्ता र चन्द्र परियारले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिई जाहेरवालाहरू प्रकाश रुम्बा र एनोस तामाङलाई वैदेशिक रोजगारको लागि यु.ए.ई. पठाइदिने भनी वैदेशिक रोजगारको झुट्टा आश्वासन दिई प्रलोभनमा पारी लिएको रकम फिर्ता समेत नगरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसूर गरेकाले सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाहरूबाट लिए खाएको

विगो रू.२,९०,०००।- (दुई लाख नब्बे हजार रूपैयाँ) र सोको ५० प्रतिशत हर्जाना रू.१,४५,०००।-(एक लाख पैंतालीस हजार रूपैयाँ) समेत रू.४,३५,०००।- (चार लाख पैंतीस हजार रूपैयाँ) प्रतिवादीहरू धिरेन्द्र गुप्ता र चन्द्र परियारबाट जाहेरवालाहरूलाई दिलाई भराई भराई पाउन अभियोग दाबी लिएकोमा प्रतिवादी धिरेन्द्र गुप्ताले यस न्यायाधिकरणमा बयान गर्दा प्रतिवादी चन्द्र परियार मेरा साथी हुन् । उनले म दिदीको उपचारको लागि भारतको चण्डीगढमा छु । मलाई केही रकम आवश्यक परेको हुँदा चिनजानका केही व्यक्तिहरूबाट रकम मगाएको हुँ । तिमी नेपालमै रहेछौ, रकम संकलन गरी आई.एम.ई. मार्फत् मलाई पठाई देऊ भनेका हुन् । मैले चण्डीगढ जाने ड्राइभरको हातमा उक्त रकम पठाई दिएको हुँ । अभियोग दावी बमोजिम मैले जाहेरवालाहरूबाट कुनै रकम लिएको होइन । विदेश पठाउने काममा मेरो चन्द्र परियारसँग मिलेमतो छैन भनी अभियोग दाबीको कसूर गरेमा ईन्कार रही व्यहोरा लेखाएको देखिन्छ । प्रतिवादी चन्द्र परियारका नाउँमा यस न्यायाधिकरणबाट जारी भएको समाह्ववान म्याद निजको घर दैलामा मिति २०७६/०४/०६ मा तामेल भएकोमा म्याद भित्र निज प्रतिवादी यस न्यायाधिकरणमा उपस्थित भएको देखिन आउदैन ।

१४. उपरोक्त अभियोग दाबी, प्रतिवादी धिरेन्द्र गुप्ताको बयान र उपस्थित कानून व्यवसायीहरूको बहस सुनी प्रस्तुत मुद्दामा देहायका प्रश्नको निरोपण गर्नुपर्ने देखियो ।

१) प्रतिवादीहरूले जाहेरवालाहरूलाई वैदेशिक रोजगारका लागि यु.ए.ई. पठाई दिने भनी रकम लिई अभियोग दाबीको कसूर गरेका हुन्, होइनन्?

२) प्रतिवादीहरूले अभियोग दाबी बमोजिमको कसूर गरेको भए निजहरूलाई के कति सजाय हुनुपर्ने हो? र जाहेरवालाहरूले बिगो हर्जाना रकम भरी पाउने हो, होइन?

१५. सम्बद्ध मिसिल अध्ययन गरी प्रथम प्रश्नको निरोपणतर्फ विचार गर्दा, वैदेशिक रोजगारमा जान मनस्थिति बनाई अनलाईन हेर्दा चोकोलाला चक्लेट कम्पनीले कामदारको माग राखी सेल्सम्यान र चक्लेट प्याकिङको बिज्ञापन गरेको देखि दिएको नम्बरमा सम्पर्क गरी कुरा हुँदा ईण्डियाको सिक्किम बस्ने सिमन कौशल भन्ने व्यक्तिले अर्जेण्ट भिषामा यु.ए.ई.पठाएर बिज्ञापन बमोजिमको काम दिलाउँछौ रू. २०००००।- खर्च लाग्छ, नेपालमा रहेका धिरेन्द्र गुप्ता र तिलक जि. जङ्ग साहले प्रकृया मिलाउनु हुन्छ रकम र राहदानी निजहरूलाई बुझाइ दिनु भनेकाले हामीले सिटी एक्सप्रेस मनी ट्रान्सफर मार्फत् पटक-पटक गरी रू.२,९०,०००।- पठाएकोमा भने बमोजिम रोजगारमा पठाउनेतर्फ कुनै काम नगरिदिएको र लिए खाएको रकम पनि फिर्ता नगरेको हुँदा प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम आवश्यक कारवाही गरी विगो र हर्जाना रकम दिलाई पाऊँ भन्ने समेत बेहोराको संयुक्त जाहेरी दरखास्त बमोजिम अनुसन्धान तहकिकात भएकोमा तहकिकातको सिलसिलामा जाहेरवाला प्रकाश रुम्बा र एनोस तामाङले कागज गर्दा पक्राउ भई आएका धिरेन्द्र गुप्ता र हामीसँग मेसेन्जरमा कुरा गर्ने सिमोन कौशल भन्ने चन्द्र परियारले भनेको र देखाएको व्यक्ति एउटै होइनन् । सिमोन कौशल भन्ने चन्द्र परियारले नक्कली धिरेन्द्र गुप्तालाई देखाई हाम्रो राहदानी बुझिलिई गएको हो । हामीले सिटी एसक्सप्रेस मनी ट्रान्सफर मार्फत् पठाएको रकम बुझ्न भने, पक्राउ

भएका व्यक्ति धिरेन्द्र गुप्तालाई पठाएका रहेछन्। रकम बुझिलिने धिरेन्द्र गुप्तालाई रकम पठाएको रसिदको आधारमा उजूर गरेका हौं भनी छुट्टा-छुट्टै कागज गरेको देखिन्छ। वादीले ती गबाह/जाहेरवालाहरूलाई आदेश बमोजिम उपस्थित नगराएको र यस न्यायाधिकरणबाट जाहेरवालाहरूका नाममा बकपत्रका लागि उपस्थित हुन म्याद जारी हुँदा समेत जाहेरवालाहरू बकपत्रका लागि यस न्यायाधिकरणमा उपस्थित भएको देखिएन।

१६. प्रमाण ऐन, २०३१ को दफा १८ मा *"कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ"* भन्ने व्यवस्था रहेकाले वादीले आफ्ना गबाह/जाहेरवालाहरूलाई आदेश बमोजिम उपस्थित नगराएको र यस न्यायाधिकरणबाट जाहेरवालाहरूका नाममा बकपत्रका लागि उपस्थित हुन म्याद जारी हुँदा समेत जाहेरवालाहरू बकपत्रका लागि उपस्थित भएको नदेखिएकाले मौकाको जाहेरी बेहोरा एबं जाहेरवालाहरूले मौकामा कागज गर्दा लेखाएको बेहोरा प्रतिवादीहरूका बिरुद्ध प्रमाणमा ग्राह्य हुने देखिन आएन।

१७. प्रस्तुत मुद्दामा जाहेरवालाहरूले प्रतिवादीलाई यो, यस प्रयोजनका लागि रकम दिएको हो भनी रकम पठाएको प्रयोजन खुल्ने प्रमाणको समेत अभाव देखिन्छ। जाहेरी दरखास्तसाथ जाहेरवाला र प्रतिवादीबीच रकम फिर्ता माग गर्दा भएका वार्तालापको प्रतिलिपी पेश गरेको भए तापनि जाहेरवालासँग वार्तालाप गर्ने सिमन कौशल भन्ने ब्यक्ति को हो ? निजको पहिचान स्पष्ट भएको अबस्था समेत छैन । जाहेरवालाहरूबाट नै निजहरूसँग बार्तालाप गर्ने ब्यक्तिको पहिचान खुल्ने वा स्पष्ट हुन सक्नेमा जाहेरवालाहरूको अनुपस्थितिले उक्त ब्यक्तिको पहिचान स्पष्ट नहुने अबस्थालाई नै बल पुग्न गएको देखिन्छ।

१८. प्रतिवादी धिरेन्द्र गुप्ताले बयानका क्रममा जाहेरवालाहरूबाट रकम प्राप्त गरेको स्वीकार गरेको देखिए तापनि उक्त रकम सह-प्रतिवादी चन्द्र परियारले भने बमोजिम रिसिभ गरी सार्बजनिक यातायातमा चण्डीगढसम्म जाने ड्राईभरको हातमा पठाई दिएको हुँ भन्ने बेहोरा लेखाएको देखिन्छ। यसबाट निज प्रतिवादीले अभियोग दावीको कसूर स्वीकार गरेको भन्न मिल्ने देखिदैन। प्रतिवादी चन्द्र परियार प्रतिरक्षाका लागि उपस्थित नभए तापनि निज उपर जाहेरवालाहरूले मौकाको जाहेरीमा पोल गरेको अबस्था छैन। सह-प्रतिवादी धिरेन्द्र गुप्ताले जाहेरवालाहरूले पठाएको रकम प्र. चन्द्र परियारले पाउने गरी ड्राईभरको हातमा पठाईदिएको भनी बयानका क्रममा पोल गरेकै आधारमा प्र.चन्द्र परियारले वैदेशिक रोजगारमा पठाउनका लागि रकम प्राप्त गरेको एकिन गरी अभियोग दावीको कसूर गरेको निष्कर्षमा पुग्न समेत न्यायको रोहमा उचित हुने देखिएन।

१९. प्रमाण ऐन,२०३१ को दफा २५ मा "*अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीको हुनेछ*" भन्ने व्यवस्था रहेको छ। यस कानूनी व्यवस्था बमोजिम अभियुक्त उपर लगाइएको कसूर प्रमाणित गर्ने भार वादी नेपाल सरकारमा रहने देखियो। वादीले गबाह/जाहेरवालाहरू र अन्य साक्षी समेत न्यायाधिकरणमा उपस्थित गराई बकपत्र गराई प्रतिवादीहरू उपरको कसूर पुष्टि गरेको भन्न मिल्ने अबस्था देखिएन।

२०. यसरी प्रतिवादीहरू उपरको कसूर वादीले प्रमाणित गर्न सकेको अबस्था नहुँदा दोश्रो प्रश्नको बिबेचना गरिरहन परेन ।

२१. अतः विवेचित उपरोक्त आधार र कारणबाट प्रतिवादीहरू उपरको कसूर प्रमाणित गर्ने भार वादीमा रहनेमा वादीले गवाह/साक्षी प्रस्तुत गरी प्रतिवादी उपरको दावी प्रमाणित गर्न सकेको नदेखिँदा वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूरमा सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाहरूको विगो र हर्जाना भराई पाऊँ भन्ने वादीको अभियोग दाबी पुग्न नसकी प्रतिवादीहरू धिरेन्द्र गुप्ता र चन्द्र परियारले सफाइ पाउने ठहर्छ । अरु तपसिल बमोजिम गर्नू ।

**तपसिल**

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीहरू धिरेन्द्र गुप्ता र चन्द्र परियारले अभियोग दाबीबाट सफाई पाउने ठहरेकोले उक्त फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी विशेष सरकारी वकील कार्यालय, काठमाडौंलाई पुनरावेदनको म्याद दिनू............................................................................................ १

प्रतिवादी धिरेन्द्र गुप्ताले मुद्दा पूर्पक्षका क्रममा धरौटी रसिद नं. ०७८बाट राखेको धरौटी रकम फिर्ता पाऊँ भनी फैसला अन्तिम भएपछि म्याद भित्र निवेदन दिएमा फिर्ता दिनू..................................................... २

प्रस्तुत फैसला अन्तिम भएपछि प्रकरण २ का लागी प्रतिवादी धिरेन्द्र गुप्तालाई जानकारी दिनू.............. ३

प्रस्तुत फैसलाको जानकारी जाहेरवालाहरूलाई दिनू..................................................................... ४

सरोकारवालाले फैसलाको नक्कल माग गरेमा कानून बमोजिम लाग्ने दस्तुर लिई नक्कल दिनू............. ५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टी गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू ............................... ६

**रमेशकुमार खत्री**
(अध्यक्ष)

उक्त रायमा सहमत छु ।

**रमा देवी पराजुली**
(सदस्य)

संबत् २०७७ साल कार्तिक महिना १८ गते रोज २ शुभम्.....................................।

# श्री
# वैदेशिक रोजगार न्यायाधिकरण
# इजलास
# माननीय अध्यक्ष श्री रमेशकुमार खत्री
# सदस्य श्री प्रेमकुमार राई
# सदस्य श्री रमा देवी पराजुली
# फैसला

**मुद्दा नं.** ०७६-FT-००१७

निर्णय नं. ४९

## मुद्दाः वैदेशिक रोजगार कसूर।

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| खोटाङ्ग जिल्ला, वराहापोखरी गाउँपालिका वडा नं. ४ बस्ने रविन राईको जाहेरीले नेपाल सरकार.......१ | खड्ग बहादुर मगरको नातिनी, दुर्गा बहादुर मगरको छोरी, दल बहादुर मगरको श्रीमती भोजपुर जिल्ला दलगाँउ गा.वि.स. वडा नं.४ परिवर्तीत रामप्रसाद राई गाउँपालिका वडा नं. ४ बस्ने कल्पना मगर भन्ने छलिमाया मगर..................१ |

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार भित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ।

### १. रविन राईको जाहेरी दरखास्तः-

म जाहेरवाला रविन राईलाई प्रतिवादी कल्पना मगरले वैदेशिक रोजगारको लागि कतार मुलुकमा सुपरभाईजरको काममा पठाईदिन्छु, मासिक तलब रू.१५००।- रियाल र खान बस्न फ्रि हुन्छ भनी रू. १,३५,०००।- (एक लाख पैतीस हजार रूपैयाँ) बुझिलिई हालसम्म पनि भने बमोजिम उक्त कतार मुलुकमा रोजगारीमा नपठाएको र लिए खाएको रकम समेत फिर्ता नदिएकोले कारबाही गरी लिए खाएको रकम रू.१,३५,०००।- (एक लाख पैतीस हजार रूपैयाँ), र सोको हर्जाना रू. ६७,५००।- (सठ्सठ्ठी हजार पाच सय) समेत गरी जम्मा रू.२,०२,५००।- (दुई लाख दुई हजार पाच सय) फिर्ता दिलाई पाऊँ भन्ने व्यहोराको जाहेरी दरखास्त।

### २. प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरले गरेको सक्कल लिखतः-

रविन राईलाई वैदेशिक रोजगारका लागि कतार पठाईदिने भनी रू.१,३५,०००।- (एक लाख पैतीस हजार रूपैयाँ) लिएको हो। सो लिएको रकम र त्यसको व्याज एकमुष्ट तिर्न वुझाउन सकिन वा वुझाउन ईन्कार गरेको खण्डमा वैदिशक रोजगार ऐन, तथा प्रचलित कानून बमोजिम कानूनी कारवाहि गरी असुल उपर गरेमा मेरो पुर्ण मञ्जुर छ भन्ने लिखत कागजको बेहोरा।

## ३. प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरले मौकामा गरेको बयान कागजः

वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति लिएको छैन। उक्त जाहेरी दरखास्तको व्यहोरा पढी बांची सुनाउंदा सुनी पाएँ। जाहेरी व्यहोरा झुठ्ठा हो। जाहेरीमा उल्लेख भए बमोजिम रू.१,३५,०००।- लिएको होईन। मैले कुनै मेनपावरमा काम गरेको पनि छैन। मैले जाहेरवालालाई वैदेशिक रोजगारीमा पठाउने भनी रकम लिएको छैन। जाहेरवाला रविन राईले जाहेरी साथ पेश गरेको मिति २०७५/०४/३१ को लिखतमा उल्लेख भएको नाम, थर सहीछाप मेरो हो। उक्त लिखत मैरै कोठामा वसेर जाहेरवालाले करकापले गरे गराएका हुन। करकापले गरे गराए वापत कहि कतै उजुरी गरेको छैन। लिखतको ब्यहोरा झुट्टा हो। निज रविन राई मेरो बुढाको साथि हुन्। उनिसँग कुनै कारोवार भएकै छैन उक्त लिखत पनि करकापले गराएका हुन। मेरो र जाहेरवाला विच कुनै पनि लेनदेन नभएकोले सजाय हुनु पर्ने होईन भनी प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरले अनुसन्धानका क्रममा गरेको बयान कागज।

## ४. साक्षी सुनिता राईको कागजः

मिति २०७५/१२/२१ को जाहेरी दरखास्तको व्यहोरा साँचो हो। जाहेरी दरखास्तसाथ पेश भएको वैदेशिक रोजगार सम्बन्धी लिखत कागजको साक्षी किनारामा भएको सुनिता राईभन्ने नाम, थर र सहीछाप मैरै हो। हेरी सनाखत गरी दिएँ। उक्त लिखत कागज मैरै उपस्थितिमा गरेको हो। प्रतिवादीलाई जाहेरवालाले रकम दिएको मैले देखेको हुँ। प्रतिवादी कल्पना मगरले रू.१,३५,०००।- रकम लिई जाहेरवालालाई वैदेशिक रोजगारमा कतार मुलुक नपठाएको, रकम पनि फिर्ता समेत नगरेकोले जाहेरवालालाई वैदेशिक रोजगारको बहानामा ठगी गर्ने प्रतिवादीलाई कानून बमोजिम होस।

## ५. प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरको ततिम्बा बयान कागजः

मेरो गाउँ घरको बोलाउने नाम कल्पना मगर हो भने नागरीकताको प्रमाणपत्रमा छलिमाया मगर छ। जाहेरवालाले तपाईको नाम के हो ? भनी सोध्दा कल्पना मगर भनी बताएको थिए। त्यकारणले गर्दा फरक पर्न गएको हो। मेरा माईती गाँउको ठेगाना सिन्धुली जिल्ला निपाने गा.वि.स. वडा नं. ३ परिवर्तीत दुधौली गाउँपालिका वडा नं. ३ हो। घरको ठेगाना भोजपुर जिल्ला दलगाँउ गा.वि.स. वडा नं. ४ परिवर्तीत रामप्रसाद राई गाउँपालिका वडा नं. ४ हो।

## ६. विशेष सरकारी वकील कार्यालयको निर्णय:

प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरले वैदेशिक रोजगारी सम्बन्धी व्यवसाय गर्ने अनुमति नलिई जाहेरवालालाई वैदेशिक रोजगारको लागि कतार मुलुकमा पठाउँछु भनी रकम बुझिलिई भनेबमोजिम रोजगारमा नपठाई लिए खाएको रकम समेत फिर्ता नगरेको देखियो। प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरले गरेको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र दफा ४३ बमोजिमको कसूर अपराध भएको देखिँदा निज प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम हुने सजाय ३ वर्ष देखि ७ वर्षसम्म कैद र रू. ३ लाख देखि रू. ५ लाखसम्म जरिवानाको

आधा सजाय हुन र निज प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरले जाहेरवाला रविन राईबाट बुझिलिएको विगो रकम रू. १,३५,०००।- र सो को ५०% ले हुने हर्जाना रकम रू. ६७,५००।- समेत जम्मा रू. २,०२,५००।- निज प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरबाट जाहेरवाला रविन राईलाई दिलाई भराई दिने मागदाबी लिई मुद्दा चलाउने निर्णय गरियो भन्ने व्यहोराको विशेष सरकारी वकील कार्यालय काठमाडौंबाट भएको निर्णय।

**७. अभियोग दावीः**

प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरितको कसूर देखिंदा निज प्रतिवादी कल्पना मगरलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम सजाय गरी, जाहेरवालाबाट लिए खाएको विगो रकम रू. १,३५,०००।- (एक लाख पैतीस हजार रूपैयाँ), सोको हर्जाना रू.६७,५००।- (सठ्सठ्ठी हजार पाच सय) समेत गरी जम्मा रू. २,०२,५००।-( दुई लाख दुई हजार पाच सय) प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरबाट जाहेरवाला रविन राईलाई दिलाई भराई पाऊँ भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारको अभियोग पत्र।

**८. प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरले यस न्यायाधिकरणमा गरेको बयानः**

जाहेरवालालाई वैदेशिक रोजगारमा कतार मुलुकमा पठाउने भनेर आश्वासन दिएको छैन र विदेश पठाउने भनेर रकम समेत लिएको छैन। मेरो श्रीमान र मेरो श्रीमानका साथी निरज रिजालले जाहेरवालाको रकम लिएर निरज रिजालले फिर्ता नगरेको भनेर जाहेरवालाले मलाई डरधम्की दिएर जवरजस्ती वैदेशिक रोजगारको लिखत कागजमा सहीछाप गर्न लगाए, कागजमा के लेखिएको थियो। व्यहोरा नसुनाईकन मलाई मेरो घरमै आएर डरधम्की दिएर जवरजस्ती सहीछाप गर्न लगाएका हुन। जाहेरवालाले मलाई जवरजस्ती कागज गराईसकेपछी यस विषयमा मैले मेरो श्रीमानसँग सोधपुछ गरेकोमा मेरो श्रीमानले जाहेरवालाको रकम नलिएको तर निरज रिजाले जाहेरवालाको रू. १,००,०००।- लिएर निज जाहेरवालालाई फिर्ता नदिई फरार भएका रहेछन। जाहेरवाला रविन राईले नगद रकम एक लाख निरज रिजाललाई दिएको समयमा मेरो श्रीमान समेत निरज रिजालसँगै हुनुहुँदोरहेछ, त्यही भएर जाहेरवालाले मलाई लिखत कागज गराएका होलान। म र मेरो श्रीमानले वैदेशिक रोजगार सम्वन्धि कुनै काम गरेका छैनौ। मलाई लागेको आरोप झुटो हो। जाहेरीसाथ पेश भएका अन्य कागजातहरूका सम्वन्धमा मलाई केही थाहा छैन भन्ने समेत बेहोराको प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरले यस न्यायाधिकरणमा गरेको बयान।

**९. मिति २०७६/०४/२१ मा यस न्यायाधिकरणबाट भएको आदेशः**

तत्काल प्राप्त प्रमाणबाट निज प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगर कसूरदार होईनन् भन्न सकिने अवस्था नदेखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी यी प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरबाट हाल मुद्दाको पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र दफा ७२ बमोजिम रू. ५०,०००।- (पचास हजार रुपैंया) धरौट, जमानत वा बैंक जमानत लिई तारेखमा राख्नु र माग भएको धरौट, जमानत वा बैंक जमानत दिन नसकेमा ऐ. संहिताको दफा ६८(२) बमोजिम कानून बमोजिमको

सीधा खान पाउने गरी थुनुवा पुर्जी दिई थुनामा राख्न कारागार कार्यालयमा पठाईदिनू र प्रतिवादी चुक्ता भएकोले वादी र प्रतिवादीका साक्षीहरू बुझि नियमानुसार गरी पेश गर्नू भनी यस न्यायाधिकरणबाट भएको आदेश।

**१०. प्रतिवादी कल्पना भन्ने छलिमाया मगरका साक्षी खड्गबहादुर दर्लामिले गरेको बकपत्रः**

प्रतिवादी कल्पना भन्ने छलिमाया मगरका पति र पतिका साथीसँग भएको कारोवारलाई लिई निजलाई जवरजस्ती कागज गराएको हो। सोही कागजका आधारमा झुठ्ठा आरोप लगाएको हो। अभियोग दावी बमोजिम प्रतिवादीले कसूर नगरेको हुँदा सजाय हुनुहुँदैन भनी प्रतिवादी कल्पना भन्ने छलिमाया मगरका साक्षी खड्गबहादुर दर्लामिले यस न्यायाधिकरणमा गरेको बकपत्र।

**११. जाहेरवाला रविन राईले गरेको बकपत्रः**

प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगर र निजका श्रीमानले मलाई वैदेशिक रोजगारको लागि कतार देशमा सुपरभाईजरमा पठाउने भनी रू.१,३५,०००।- रकम वैदेशिक रोजगारको लिखत कागज बनाई हातमै बुझि लिएको हो। काम राम्रो छ मासिक वेसिक कमाई १५०० कतार रियल हुन्छ, त्यसैमा खानवस्न मिल्छ भनी विश्वास दिलाई आफ्नो राजी खुशीले वैदेशिक रोजगारको लिखत कागज बनाएको हो। प्रतिवादीले रकम बुझेपछि मलाई नेपाल भन्दा बाहिर कतै पनि लगेको छैन। प्रतिवादीले मिति २०७५/०४/३१ मा कागज गर्दा रू.१०,०००।- रूपैयाँ फिर्ता दिएका छन्। सो बाहेक अन्य कुनै रकम फिर्ता पाएको छैन। प्रतिवादीका पतिसँग मेरो कारोवार भएको थियो। लामो समय प्रतिवादीका पति सम्पर्क विहीन भए र पछि प्रतिवादी कल्पना भन्ने छलिमाया मगरले म धेरै पटक उहाँलाई भेटेर भनेपछि मात्र उक्त कागज बनाईदिएकी हुन् भनी जाहेरवाला रविन राईले यस न्यायाधिकरणमा गरेको बकपत्र।

**१२. मिति २०७६/०७/२४ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

वादी पक्षले साक्षी सुनिता राईलाई बकपत्रको लागि उपस्थित गराएको नदेखिँदा निजलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम म्याद जारी गरी झिकाई बुझी नियमानुसार पेश गर्नु भनी यस न्यायाधिकरणबाट भएको आदेश।

**१३. वादीका साक्षी सुनिता राईले यस न्यायाधिकरणमा गरेको बकपत्रः-**

मिति २०७५/०४/३१ को लिखत कागजमा भएको हस्ताक्षर मेरो हो र जाहेरवालालाई वैदेशिक रोजगारीका लागी कतार पठाउने भनी प्रतिवादीले कागज गरेकै दिन रकम लिएकी हुन् भन्ने समेत ब्यहोराको वादीका साक्षी सुनिता राईले यस न्यायाधिकरणमा गरेको बकपत्र ।

## ठहर खण्ड

१४. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्धान उपन्यायाधिवक्ता श्री उर्मिला दाहालले प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरले जाहेरवाला रविन

राईलाई वैदेशिक रोजगारिका लागि विदेश कतार पठाई दिने भनी विश्वास दिलाई रकम लिई वैदेशिक रोजगारमा नपठाई लिएको रकम समेत फिर्ता नगरेको भन्ने किटानी जाहेरी, जाहेरवाला र मौकामा बुझिएकि ब्यक्तिको बकपत्र र लिखत प्रमाँण समेतबाट पुष्टि भएकाले प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरलाई दावी बमोजिम सजाय गरी जाहेरवालाको विगो र हर्जाना दिलाई पाऊँ भनी गर्नु भएको बहस गर्नु भयो ।

१५. जाहेरवाला रविन राईका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री वीरवलकाजी राईले प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरले जाहेरवाला रविन राईलाई वैदेशिक रोजगारिमा कतार पठाई दिने भनी लिएको रकम र सोको पचास प्रतिशत हर्जाना समेत जाहेरवालालाई फिर्ता दिलाई प्रतिवादीलाई हदैसम्मको सजाय गरी पाऊँ भनी बहस प्रस्तुत गर्नु भयो ।

१६. त्यस्तै प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री विष्णुबहादुर गुरुङले मेरो पक्षले जाहेरवालालाई वैदेशिक रोजगारिका लागि कतार पठाउने भनी रकम लिएका छैन । मेरो पक्षको पतिको साथी र जाहेरवालाबीचको कारोवारको विषयमा मेरो पक्षलाई डर धम्कि दिई जाहेरवालाले पेश गरेको लिखतमा जवरजस्ती सहीछाप गराएको हुँदा मेरो पक्ष निर्दोष भएकाले निजलाई आरोपित कसूरबाट सफाई दिलाई पाऊँ भनी गर्नु भएको बहस समेत सुनियो ।

१७. यसमा वादी नेपाल सरकार तर्फबाट प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरले वैदेशिक रोजगार व्यवसाय गर्न पाउने ईजाजत पत्र नलिई जाहेरवालालाई वैदेशिक रोजगारीका लागि कतार पठाउँछु भनी झुट्टा आश्वासन दिई प्रलोभनमा पारी रकम लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेकाले सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाको बिगो रू. १३५०००।- र सो को पचास प्रतिशत हर्जाना समेत दिलाई पाउन अभियोग दावी लिएकोमा प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरले अभियोग दावी वारे यस न्यायाधिकरणमा बयान गर्दा जाहेरवाला रविन राई मेरो श्रीमानको साथी हुन् । मेरो श्रीमानको साथी निरज रिजालले रकम लिई फिर्ता नगरेको भनेर मलाई डर धम्की देखाई जबरजस्ती वैदेशिक रोजगारको लिखतमा सहीछाप गर्न लगाएका हुन् । वैदेशिक रोजगारमा कतार मुलुकमा पठाउने भनेर मैले आश्वासन दिएको छैन र विदेश पठाउने भनेर मैले कुनै रकम समेत लिएको छैन भन्ने ब्यहोरा लेखाई अभियोग दावीको कसूरमा ईन्कार रहेको देखिन्छ ।

१८. उपर्युक्त तथ्य, अभियोग दावी एवं बहस बुंदा रहेको प्रस्तुत मुद्दामा प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरले वैदेशिक रोजगार ब्यबसाय गर्ने इजाजत पत्र प्राप्त नगरी जाहेरवालालाई वैदेशिक रोजगारीमा कतार पठाई दिने भनी प्रलोभनमा पारी विश्वास दिलाई रकम लिई अभियोग दावीको कसूर गरेका हो, होईन ? निर्णय दिनुपर्ने देखिन आयो ।

१९. निर्णय तर्फ विचार गर्दा, रविन राईले दिएको जाहेरीमा वैदेशिक रोजगारीमा कतार मुलुकमा जान प्रकृया शुरु गर्नका लागि कल्पना मगरलाई सक्कल राहदानी र रू. १३५०००।- मिति २०७५/०४/३१ मा दिएकोमा भने बमोजिम वैदेशिक रोजगारीमा नपठाएको र रकम पनि फिर्ता नदिएकाले पक्राउ गरी कारबाही गरी पाऊँ भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । मौकामा बुझिएकी सुनिता राईले जाहेरी दरखास्तसाथ पेश

भएको लिखतको साक्षी किनाराको सुनिता राई भन्ने नाम, थर र सहीछाप मेरै हो। हेरी सनाखत गरिदिएँ। प्रतिवादी कल्पना राना मगरलाई जाहेरवालाले रकम दिएको मैले देखेको हुँ। निजले रू.१,३५,०००।- लिई जाहेरवालालाई वैदेशिक रोजगारमा कतार मुलुक नपठाई रकम पनि फिर्ता नगरेकोले जाहेरवालालाई वैदेशिक रोजगारको बहानामा ठगी गर्ने प्रतिवादीलाई कानून बमोजिम होस् भन्ने समेत बेहोराको कागज गरेको देखिन्छ।

२०. जाहेरवाला रविन राईले यस न्यायाधिकरणमा उपस्थित भई बकपत्र गर्दा स.ज. ५ मा प्रतिवादी र निजको श्रीमानले वैदेशिक रोजगारमा कतार पठाउने भनी रू.१३५०००।- को लिखत कागज बनाई रकम हातैमा बुझिलिएको हो भन्ने उल्लेख गरेको र मौकामा बुझिएकी लिखत साक्षी सुनिता राईले समेत बकपत्रको स.९ मा लिखत भएकै दिन रकम दिएको भन्ने उल्लेख गरेको देखिन्छ। तर जाहेरवाला रबिन राईले बकपत्रको स.१२ मा भने रकम दिंदाको बखत नभई केही समय पछि लिखत कागज गराएको भनी विरोधाभाषयुक्त बेहोरा लेखाएको देखिन्छ। जाहेरवालाले स.ज. ११ मा प्रतिवादीको पतिसँग मेरो कारोवार भएको थियो। यो कारोवारको बारेमा प्रतिवादीलाई थाहा छ भन्ने खुलाएको पाईयो। त्यस्तै सवाल १२ मा लामो समयसम्म प्रतिवादीका पति सम्पर्कविहीन भए पछि प्रतिवादी कल्पना भन्ने छलिमाया मगरले म धेरै पटक उहाँलाई भेटेर भनेपछि मात्र उक्त कागज बनाईदिएकी हुन् भन्ने बेहोरा लेखाएको देखियो। जाहेरवालाको यस्तो बकपत्र बेहोराबाट प्रतिवादीको पतिसँग निजको कारोबार रहेको, प्रतिवादीको पति सम्पर्कबिहीन भएकाले धेरै पटक भेटेर भने पछि मात्र प्रतिवादीले अभियोग पत्रसाथ पेश भएको वैदेशिक रोजगारको लिखत गरिदिएको भन्ने देखियो।

२१. प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम, घटना वा अवस्थाका सम्वन्धमा भएको तहकिकात वा जाँचवुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने कानूनी व्यवस्था रहेको छ। वादीको साक्षी गबाह/जाहेरवाला रविन राईले यस न्यायाधिकरणमा उपस्थित भइ बकपत्र गर्दा जाहेरी ब्यहोरा भन्दा फरक ब्यहोरा लेखाएको र निजको बकपत्र बेहोरा एबं लिखत साक्षी सुनिता राईको बकपत्र बेहोराबीच समेत एकरुपता नभई विरोधाभाषपूर्ण देखिन्छ। यस्तो विरोधाभाषयुक्त कथनले विश्वसनीय प्रमाणको स्थान ग्रहण गर्न सक्ने स्थिति देखिएन।

२२. प्रस्तुत मुद्दामा प्रतिवादी उपरको अभियोजनको मुख्य आधार दावीको लिखत रहेकोमा लिखत हेर्दा रविन राईलाई वैदेशिक रोजगारका लागि कतार पठाईदिने भनी कल्पना मगरले रू. १,३५,०००।- (एक लाख पैतीस हजार रूपैयाँ) लिएको र सो रकम र त्यसको व्याज एकमुष्ट तिर्न वुझाउन नसके वा वुझाउन ईन्कार गरेको खण्डमा वैदिशक रोजगार ऐन तथा प्रचलित कानून बमोजिम कानूनी कारवाही गरी असुल उपर गरेमा मञ्जुर छ भन्ने बेहोरा उल्लेख भएको पाईयो।

२३. घरायसी व्यवहार वा व्यापारीक कारोवारमा ब्यक्ति-ब्यक्ति बीच लिखत गरी रकम लिने दिने गर्नु स्वाभाबिक मानिन्छ। रकम लिनु, दिनुको उद्देश्य धेरै हुन सक्तछन्। रकम लिनु दिनु हुँदैमा वैदेशिक रोजगारमा पठाउन

नै रकम लिएको अर्थ गर्न मिल्ने हुँदैन। जाहेरवालाको बकपत्रमा कारोबारको बारेमा प्रतिवादीलाई थाहा छ भनेकोमा पतिकै साथमा रहेको पत्नीलाई पतिले गरेको कारोवार थाहा हुनुमा अस्वाभाविकता देखिदैन। पतिसँगको कारोवार थाहा हुनु र पत्नीले नै कारोवार गरेको भन्नु नितान्त फरक कुरा हो। फौज्दारी कसूरमा कार्य (Commission) अकार्य (Omission)एबं अपराधिक मनसाय( intention) महत्वपूर्ण मानिन्छ। फौज्दारी कसूर कानून बमोजिम परिभाषित हुनेमा कारोवार बारे थाहा वा जानकारी हुँदैमा त्यो फौजदारी कसूर हुने भनी आत्मगत अर्थ गरी कसूर श्रृजना गर्न कानूनतः मिल्ने देखिएन।

२४. लिखत सदैव सत्य हुन्छ भन्ने मान्यतामा न्याय यान्त्रिक हुन जान्छ। लिखतमा लेखियो त्यही सत्य हो भन्दा न्याय पराजित पनि हुन सक्तछ। त्यसैले न्याय निरोपण यान्त्रिक तवरले हुनु हुँदैन भन्ने मान्यता रही आएको छ। लिखतको परीक्षण त्यसको सत्यता मापनको लागि अपरिहार्य हुन्छ। न्यायको रोहमा लिखतको परीक्षण महत्वपूर्ण हुन्छ। लिखत परीक्षणको बिधी त्यसको वैज्ञानिक जाँच वा लिखत कसरी, किन र कुन पृष्ठभुमीमा गरेको हो सो को विश्लेषणबाट पनि हुन सक्तछ। प्रतिवादीले बयानका क्रममा लिखत जबरजस्ती गराएको हो भनी अन्यथा जिकिर लिएको देखिन्छ। जाहेरवालाको प्रतिवादीको पतिसँग कारोवार रहेको, लामो समय प्रतिवादीको पति सम्पर्क विहीन भएको र धेरै पटक प्रतिवादीलाई भेटेर भनेपछि मात्र प्रतिवादीले उक्त कागज बनाईदिएकी हुन् भन्ने जाहेरवालाको कथन रहेको छ। जाहेरवालाको यो कथनबाट प्रतिवादीले नै अग्रसर भई जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउने भनी रकम लिएको पुष्टि हुँदैन। लिखत गर्नुको पृष्ठभूमीमा जाहेरवालाले बकपत्रमा खुलाएको ती तथ्यबाट पतिसँगको कारोवारमा निज सम्पर्कबिहीन भएकाले पटक-पटक भेट गरी प्रतिवादीलाई निजको इच्छा विपरीत वाध्य बनाई वैदेशिक रोजगार सम्बन्धी दावीको लिखत गराएको रहेछ भन्ने निष्कर्षमा पुग्नु (Inference draw) बान्छनीय देखियो।

२५. प्रमाण ऐन, २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीको हुनेछ" भन्ने ब्यवस्था रहेको देखिन्छ। फौज्दारी मुद्दामा वादीले अभियुक्तउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन, त्यस्तो अभियोग स-प्रमाण पुष्टि गर्ने दायित्व समेत निर्बाह गर्नु पर्दछ। फौजदारी मुद्दामा शंकाको सुविधा अभियुक्तले पाउने (Benefit of doubt goes to the accused) सर्बमान्य सिद्दान्त समेत रही आएको छ। प्रस्तुत मुद्दामा प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरले जाहेरवाला रविन राईलाई वैदेशिक रोजगारिका लागि कतार पठाइदिने भनी प्रपन्च गरी, प्रलोभनमा पारी रकम लिए खाएको तथ्य पुष्टि गर्ने बस्तुनिष्ठ एबं विश्वसनीय प्रमाणको अभावमा दावीको लिखतको आधारमा मात्र प्रतिवादीले अभियोग दावीको कसूर गरेको भनी भन्न न्यायको रोहमा उचित हुने देखिएन।

२६. अत: विवेचित उपरोक्त आधार, कारण, प्रमाण र कानूनी ब्यवस्था समेतबाट प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगर उपर जाहेरी दिई अभियोग दावीसाथ प्रतिवादीले गरिदिएको लिखत पेश भएको देखिए तापनि जाहेरवालाले यस न्यायाधिकरणमा गरेको बकपत्र र वादीका साक्षीको बकपत्रबाट प्रतिवादीले जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउन रकम लिई अभियोग दावीको कसूर गरेको भन्न न्यायोचित हुने नदेखिएकाले प्रस्तुत मुद्दामा प्रतिवादी उपरको अभियोग दाबी पुग्न नसकी प्रतिवादी कल्पना मगर भन्ने छलीमाया मगरले अभियोग दावीबाट सफाई पाउने ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नू।

## तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरले अभियोग दाबीबाट सफाई पाउने ठहरेकोले प्रस्तुत फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी विशेष सरकारी वकील कार्यालय, काठमाडौंलाई फैसलाको प्रतिलिपी साथै राखी पुनरावेदनको म्याद दिनू...................................... १

प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरले मुद्दा पूर्पक्षका क्रममा धरौटी रसिद नं. १६२ मार्फत् मिति २०७६/०४/२१ मा यस न्यायाधिकरणमा राखेको धरौटी रकम फिर्ता पाऊँ भनी फैसला अन्तिम भएपछि म्याद भित्र निवेदन दिएमा प्रतिवादीलाई फिर्ता दिनु भनी यस न्यायाधिकरणको लेखा शाखालाई जानकारी दिनू..................................................................................................................... २

प्रस्तुत फैसला अन्तिम भएपछि प्रकरण २ का लागि प्रतिवादी कल्पना मगर भन्ने छलिमाया मगरलाई जानकारी दिनू.......................................................................................................... ३

प्रस्तुत फैसलाको जानकारी वादी मार्फत् जाहेरवालालाई दिनू ................................................... ४

प्रस्तुत फैसला विद्युतीय प्रति सूचना प्रविधिमा अभिलेख सुरक्षित गरी पीठमा जनाउनू..................... ५

सरोकारवालाले नक्कल माग गरेमा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ५३ को प्रक्रिया पूरा गरी प्रमाणित प्रतिलिपि दिनू.......................................................................... ६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टी गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू............................. ७

**रमेशकुमार खत्री**
(अध्यक्ष)

उक्त रायमा सहमत छौँ।

**रमा देवी पराजुली**
(सदस्य)

**प्रेमकुमार राई**
(सदस्य)

**फैसला तयार गर्न सहयोग पुऱ्याउने**

इजलास अधिकृतः दुर्गादत्त लम्साल

फैसला मितिः- २०७७/०८/१६/३

**श्री**

**वैदेशिक रोजगार न्यायाधिकरण**

**इजलास**

**माननीय अध्यक्ष श्री रमेशकुमार खत्री**

**सदस्य श्री प्रेमकुमार राई**

**सदस्य श्री रमा देवी पराजुली**

**फैसला**

**मुद्दा नं.** ०७४-FT-०५१८

निर्णय नं. ५४

## मुद्दाः वैदेशिक रोजगार कसूर ।

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| केन्द्रिय अनुसन्धान व्यूरो पिलर नं.३ महाराजगञ्जको प्रतिवेदनले नेपाल सरकार .......................१ | नन्दलाल अधिकारीको नाती सुनदेव अधिकारीको छोरा जिल्ला चितवन विरेन्द्रनगर गा.बि.स. वडा नं.०६ हाल राप्ती नगरपालिका वडा नं.०८ स्थायी घर भै हाल अञ्जली ओभरसिज सर्भिसेज प्रा.लि.को तनहुँको शाखा प्रमुखको रुपमा काम गर्ने गणेश अधिकारी.......................................१<br>पदमलाल शिवाकोटीको नाती, खडानन्द शिवाकोटीको छोरा जिल्ला काठमाण्डौ गंगबु गा.बि.स. वडा नं.७, हाल टोखा नगरपालिका वडा नं.१० स्थायी घर भै हाल अञ्जली ओभरसिज सर्भिसेज प्रा.लि.को संचालक, प्रबन्ध निर्देशकको रुपमा काम गर्ने टिका शिवाकोटी..........................१ |

**वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार भित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ ।**

### तथ्य खण्ड

**१. केन्द्रीय अनुसन्धान व्युरो (पिलर नं.३) महाराजगञ्जको पत्रः**

तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं.२ सुनचादी लाईन स्थित दमौली बजारमा अञ्जली ओभरसिज प्रा.लि. नामको संस्था संचालन गरी सोही संस्था मार्फत् Jassim Trading and Service Pvt. Ltd. को लेटरप्याडमा कुवेत स्थित United Gulf Constraction Co.w.i.l. कम्पनीको नक्कली डिमाण्ड लेटर बनाएर सार्वजनिक संचारका माध्यममा विज्ञापन प्रकाशन गरी सर्वसाधारण मानिसलाई झुक्याई विदेश पठाई रकम असुल गरी ठगी गरेको भन्ने सूचनाका आधारमा व्युरोबाट खटी गएको प्रहरी टोलीले माथी उल्लेखित स्थानमा गणेश अधिकारीले संचालन गरेको अञ्जली ओभरसिज कम्पनी प्रा.लि.मा खानतलासी गर्दा फेला

परेका कुवेत देशमा कामदार पठाउन प्रकासित डिमाण्ड लेटर, "कुवेत देशमा भिसा अब बीस दिनमा" भनी लेखेको मादी सेती प्रवाह दैनीक पत्रीकामा प्रकाशित विज्ञापन सहितको पत्रिका लगायतका बरामदी समान संलग्न गरी आवश्यक कारवाहीका लागि मानिस पठाईएको भनी च. न. २०८४ मिति २०७०/०२/१९ मा केन्द्रीय अनुसन्धान व्युरो (पिलर नं.३) महाराजगञ्जको पत्रसाथ गणेश अधिकारीलाई वैदेशिक रोजगार विभागमा उपस्थित गराइएको ब्यहोराको पत्र।

## २. प्रतिवादी गणेश अधिकारीले अनुसन्धानका क्रममा गरेको बयान कागजः-

रामकाजी श्रेष्ठको कागजात पोखराको आशिकजङ्ग थापा मार्फत् प्राप्त भै कुवेत पठाउनको लागि राखेको हो। आशिकजङ्ग थापा पहिला अञ्जली ओभरसिजमा नै काम गर्थे। अहिले आफ्नै व्यवसाय छ। उसको ठेगाना कास्की जिल्ला, पो.ग. नगरपालिका नयाँबजार वडा नं. ८ हो। परसा बहादुर दराईको कागजात अञ्जलीबाट अन्तरवार्ता दिँदा फेल भएकोले सो कागजात त्यहाँ बसेको हो। मादीसेती प्रवाह पत्रिकामा अञ्जली ओभरसिज प्रा.लि.को नाममा विज्ञापन मैले नै छाप्न दिएको हो। तर सो डिमाण्ड अञ्जली ओभरसिजको नभई आशिकजङ्ग थापाले उसको वुवा मार्फत् कुवेतबाट झिकाएको हो। मैले शाखा प्रमुखको रुपमा भर्खरै काम शुरु गरेकोले व्यक्तिगत रुपमा ल्याएको डिमाण्डलाई म्यानपावरको नाम राखि सूचना प्रकाशित गर्न मिल्छ कि मिल्दैन भन्ने कुरा मलाई थाहा थिएन। अब थाहा भयो Jassim Trading and Service Pvt. Ltd. को लेटर प्याडमा United Gulf Construction Co. W.I.L. को डिमाण्ड पनि आशिकजङ्ग थापाले नै दिएको हो। मेख बहादुर गुरुङ्ग र वीर बहादुर थापाको राहदानी लगाएतका कागजात United Gulf Construction Co. W.I.L. मा पठाउनका लागि राखेको हो। म वैदेशिक रोजगार व्यवसाय संचालन गर्ने इजाजत प्राप्त अञ्जली ओभरसिजको एजेण्ट रुपमा काम गर्दछु। अञ्जली ओभरसिजले विधिवत रुपमा मलाई शाखा प्रमुख (एजेण्ट)को रुपमा नियुक्त गरेको हो। अञ्जली ओभरसिजको ई.नं.६३९ हो भन्ने समेत ब्यहोराको प्रतिवादी गणेश अधिकारीले अनुसन्धानका क्रममा गरेको बयान कागज।

## ३. अनुसन्धान अधिकृतले गरेको निर्णयः-

प्रतिवादी गणेश अधिकारीलाई हिरासतमा राखि अनुसन्धान तहकिकात गर्ने गरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६१(३) बमोजिम निर्णय पर्चा खडा गरी दिएँ भन्ने समेत बेहोराको वैदेशिक रोजगार विभागबाट मिति २०७०/०२/२० मा भएको निर्णय पर्चा।

## ४. यस न्यायाधिकरणबाट भएको आदेशः-

अनुसन्धान अधिकृतले प्रतिवादी गणेश अधिकारीलाई हिरासतमा राखी अनुसन्धान अघि बढाउने आदेश गरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६१ (३) अनुसार निज प्रतिवादीलाई थुनामा राखी कारवाही गर्नको लागि अनुमति माग गरेको देखिएको र उक्त दफा ६१ (१)ले अनुसन्धान अधिकृतले बयान पश्चात माग गरेको धरौट वा जमानत दिन नसके मात्र मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राखी कारवाही गर्न सकिने कानूनी ब्यवस्था भएको देखिंदा प्रस्तुत मुद्दामा अनुसन्धान अधिकृतले उक्त कानून बमोजिमको

प्रक्रिया नपुऱ्याई म्याद थप माग गरेको देखिंदा माग बमोजिम म्याद थप गर्न मिलेन भनी मिति २०७०/०२/२० मा यस न्यायाधिकरणबाट भएको आदेश ।

### ५. वैदेशिक रोजगार विभागको निर्णयः-

प्रतिवादी गणेश अधिकारीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६१(३) बमोजिम दुई लाख रूपैयाँ वा सो बरावरको रकम धितो जम्मा गरेमा सो धरौटी स्वीकार गरी र सो धरौटी दाखिल नगरेमा वैदेशिक रोजगार न्यायाधिकरणको अनुमति लिई थुनामा राखि अनुसन्धान तहकिकात गर्ने गरी वैदेशिक रोजगार विभागबाट मिति २०७०/०२/२० मा भएको निर्णय ।

### ६. प्रतिवादी टिका शिवाकोटीले अनुसन्धानका क्रममा गरेको बयान कागजः-

गणेश अधिकारीलाई चिन्दछु । निजलाई यस विभागबाट धरौटी लगाएतका सम्पूर्ण प्रकृया पुऱ्याई आधिकारीक रुपमा तनहुँ जिल्ला दमौलीको लागि भनी मेरो प्रा.लि.को एजेन्ट नियुक्त गरेको हुँ । आशिषजङ्ग थापालाई अलिअलि चिन्छु । पोखरामा हाम्रो प्रा.लि.को अन्तरवार्ता हुँदा निजले मानिसहरू ल्याउने गर्दथे । त्यो बाहेक अन्य कुनै सम्बन्ध छैन । निज हाम्रो प्रा.लि.को आधिकारीक व्यक्ति होइन । United Gulf Construction Co. W.L.L. को सो डिमाण्ड लेटर मेरो प्रा.लि.सँग सम्बन्धित होइन । Jassim Trading & Service Pvt. Ltd.सँग मेरो कुनै सम्बन्ध छैन । कुवेतस्थित United Gulf Construction Co. W.I.L. को वारेमा मलाई थाहा छैन । सो कम्पनीसँग मैले हालसम्म कुनै कारवार गरेको छैन । आफ्नो प्रा. लि.को एजेन्टले गरेको कसूरमा प्रा.लि. जिम्मेवार हुनुपर्छ भन्ने कुरा थाहा छ । गणेश अधिकारीले गरेको कसूरमा निजको कसूर अनुसार जिम्मेवार लिन र कानून बमोजिम सजाय भोग्न तयार छु । प्रा.लि.को नाम राखी कुवेतस्थित United Gulf Construction Co. W.I.L. कम्पनीको लागि भनी सेतीमादी प्रवाह पत्रिकामा प्रकाशित भएको सूचनाको बारेमा मलाई थाहा छैन । त्यो कम्पनीको बारेमा पनि मलाई थाहा छैन भन्ने समेत ब्यहोराको प्रतिवादी टिका शिवाकोटीले अनुसन्धानका क्रममा गरेको बयान कागज ।

### ७. वैदेशिक रोजगार विभागको निर्णयः-

प्रतिवादी टिका शिवाकोटीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६१(३) बमोजिम साधारण तारिखमा राखी अनुसन्धान तहकिकात गर्ने गरी वैदेशिक रोजगार विभागबाट मिति २०७०/०२/२० मा भएको निर्णय ।

### ८. बज्रकिशोर यादवले मिति २०७०/०२/२२ मा गरेको कागजः-

अञ्जली ओभरसिज प्रा.लि. दमौली तनहुँका एजेन्ट तथा संचालक गणेश अधिकारीलाई म चिन्दिन । मैले कुवेत स्थितं United Gulf Construction Co. W. L. L. को नाममा Demand Letter अञ्जली ओभरसिज प्रा.लि.का गणेश अधिकारीलाई दिएको छैन । वैदेशिक रोजगारको काम गर्ने क्रमममा गणेश अधिकारीसँग मेरो कुनै सम्बन्धि रहेको छैन । गणेश अधिकारीले यसरी मेरो जासिम टेनिङ्ग एण्ड सर्भिसेज प्रा.लि. को नाममा नक्कली Demand letter बनाई रेडियो तथा राष्ट्रिय दैनिक मादीसेती प्रवाह पत्रिकामा विज्ञापन गरी प्रचार प्रसार गरेकोले गणेश अधिकारीलाई हदैसम्म कारवाही गरी पाऊँ भनी माग दावी

राख्दछु भन्ने समेत बेहोराको बज्रकिशोर यादवले अनुसन्धानका क्रममा गरेको कागज।

**९. बज्र किशोर यादवले अनुसन्धानका क्रममा गरेको कागजः-**

मेरो Jassim Trading & Service Pvt. Ltd. को नाममा नक्कली Demand Letter बनाइ एफ.एम. तथा राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन गरी प्रचार प्रसार गरेकोले गणेश अधिकारीलाई हदैसम्मको सजाय गरी पाऊँ भन्ने समेत ब्यहोराको बज्र किशोर यादवले अनुसन्धानका क्रममा गरेको कागज।

**१०. रामकाजी श्रेष्ठले अनुसन्धानका क्रममा गरेको कागजः-**

तनहुँ जिल्ला स्थित दमौलीमा अन्जली ओभरसिज सर्भिसेज प्रा.लि.को शाखा कार्यालय खोलेर बसेका गणेश अधिकारीले मलाई कुवेत मुलुकमा सेक्युरिटी गार्डमा पठाइदिन्छु भनेर मिति २०७० साल जेष्ठ महिनामा राहदानी बुझाउन भनेकोले मैले सक्कल राहदानि र आफ्नो वायोडाटा समेतका प्रमाणपत्रहरू बुझाएको हुँ। मैले गणेश अधिकारीलाई राहदानी बुझाएपछि भिषा लागेर आएपछि मात्र पैसा दिउँला भनेको थिएँ, भिषा लाग्नु भन्दा अगाडी यी गणेश अधिकारी पक्राउ भएको हुँदा निजलाई मैले कुनै रकम बुझाइन। बरामद भई आएका पासपोर्टसमेतका कागजातहरू फिर्ता बुझिसकेको छु भन्ने समेत बेहोराको रामकाजी श्रेष्ठले अनुसन्धानका क्रममा गरेको कागज।

**११. विशेष सरकारी वकील कार्यालय, काठमाण्डौको निर्णयः-**

प्रतिवादी गणेश अधिकारिले अञ्जली ओभरसिजकै एजेण्टको हैसियतमा आफ्नो अफिसमा विभिन्न व्यक्तिहरूको पासपोर्ट जम्मा गर्ने, नक्कली डिमाण्ड लेटरका आधारमा अवैधानिक रुपमा विज्ञापन प्रकासित गरी, इजाजत पत्रको दुरुपयोग गरी वैदेशिक रोजगार सम्बन्धी काम संचालन गरेको र वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुट्टा आश्वासन दिई प्रलोभन समेत देखाएको भन्ने पुष्टि हुन आएको र उक्त कार्यमा अञ्जली ओभरसिज प्रा.लि.का संचालक टिका शिवाकोटीको पनि संलग्नता रहेकोले प्रतिवादी गणेश अधिकारी र टिका शिवाकोटीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४७(१) बमोजिमको कसूरमा ऐ.ऐनको दफा ४७(१) बमोजिम सजायको मागदावी लिई वैदेशिक रोजगार न्यायाधिकरणमा अभियोग पत्र पेश गर्नु भन्ने समेत व्यहोराको श्री विशेष सरकारी वकील कार्यालय, काठमाण्डौबाट मिति २०७३/०६/१८ मा भएको निर्णय।

**१२. अभियोग दाबी:**

प्रतिवादी गणेश अधिकारीले अञ्जली ओभरसिजको एजेन्टको हैसियतमा आफ्नो अफिसमा विभिन्न व्यक्तिहरूको पासपोर्ट जम्मा गर्ने, नक्कली डिमाण्ड लेटरका आधारमा अवैधानिक रुपमा विज्ञापन प्रकाशित गरी इजाजत पत्रको दुरुपयोग गरी वैदेशिक रोजगार सम्बन्धी काम संचालन गरेको र वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुट्टा आश्वासन दिई प्रलोभन समेत देखाएको भन्ने पुष्टी हुन आएको र उक्त कार्यमा अञ्जली ओभरसिज प्रा.लि.का संचालक टिका शिवाकोटीको पनि संलग्नता रहेकोले प्रतिवादी गणेश अधिकारी र टिका शिवाकोटीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४७(१) बमोजिमको

कसूरमा ऐ.ऐनको दफा ४७(१) बमोजिम सजाय गरी पाऊँ भन्ने मागदाबी लिई वादी नेपाल सरकार तर्फबाट मिति २०७४/१०/१८ मा दायर भएको अभियोग पत्र।

**१३. मिति २०७५/०३/२७ मा यस न्याधिकरणबाट भएको आदेशः-**

प्रतिवादी मध्येका टिका शिवाकोटीको अभियोग पत्रमा उल्लेखित काठमाण्डौ जिल्ला टोखा नगरपालिका वडा नं. १० मा जारी भएको म्याद बेपत्ते भै आएकोले उक्त म्याद बदर गरिदिएको छ। अब, निज प्रतिवादीले प्रस्तुत मुद्दामा अनुसन्धानका क्रममा निजले कागज गर्दा उल्लेख गरेको झापा जिल्ला धुलावारी गा.वि.स. वडा नं.३ मागुरमार्डा वतन र सम्पर्क नं. ९८५१०८९४५६, ९८०२०८९४५६ समेत उल्लेख गरी र प्रतिवादी गणेश अधिकारीले अनुसन्धानको क्रममा बयान गर्दा उल्लेख गरेको वतन चितवन जिल्ला विरेन्द्रनगर गा.वि.स. वडा नं. ८ समेत उल्लेख गरी पुनः म्याद जारी गर्ने भनी यस न्यायाधिकरणबाट भएको आदेश।

**१४. मिति २०७५/१०/०९ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

प्रतिवादीहरूले संचालन गरेको अञ्जली ओभरसिज सर्भिसेज प्रा.लि.को प्रबन्ध पत्रको नियमावलीको प्रमाणित प्रतिलिपी कम्पनी रजिष्ट्रारको कार्यालयबाट ७ दिन भित्र झिकाई आए पछि नियमानुसार पेश गर्नू भनी यस न्यायाधिकरणबाट भएको आदेश।

**१५. मिति २०७६/०८/०९ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

प्रतिवादी गणेश अधिकारी र टिका शिवाकोटीका नाउँको समाहाव्न म्याद वेपत्ते तामेल भएको हुँदा बदर गरी प्रतिवादीहरूको वतन एकिन गर्न वर्षौंसम्म पत्राचार भएको संम्बद्ध मिसिलबाट देखिन आएको छ। प्रतिवादीहरूका नाउँमा पठाएको समाहाव्न म्याद पटक-पटक बेपत्ते तवरले तामेल भएको सन्दर्शमा प्रतिवादी टिका शिवाकोटी र गणेश अधिकारीले अनुसन्धान अधिकारी समक्ष बयान गरी तारेखमा रहेको देखिएको र प्रस्तुत वैदेशिक रोजगार कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तहकिकातबारे निजहरूलाई जानकारी नै भएकोले निजहरूको समाहाव्न म्याद राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी सुनुवाईको मौका दिनु उपयुक्त हुने देखिएकाले वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ११(१)ख बमोजिम उल्लेखित प्रतिवादीहरूको नाउँको समाहान म्याद राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी तामेल गरी म्याद भित्र उपस्थित भए वा अवधी ब्यतित भएपछि पेश गर्नु भन्ने समेत बेहोराको यस न्यायाधिकरणबाट भएको आदेश।

**१६. मिति २०७६/०८/१५ मा टिका शिवाकोटीले गरेको बयानः-**

अञ्जली ओभरसिज सर्भिसेज प्रा.लि.को तनहुँको दमौलि स्थित ऐजेन्टको सम्पर्कको अधिकार दिइएका व्यक्ति गणेश अधिकारीलाई फसाउने उद्देश्यले अदृश्य व्यक्ति शक्तिले पक्राउ गर्न भुमिका खेलि सी.बी. आईले आतंकित बनाउदै हत्कडिसमेत लगाएर दमौलीबाट काठमाण्डौ लिई आएपछि थाहा पाएको हुँ। सो अवस्थामा सी.बी.आई कार्यालय महाराजगंजमा सोधपुछका लागि बोलाइएको थियो। गणेश अधिकारी र मेरो स्थानीय साथीहरूलाई सम्पर्क गरी वास्तविकता बुझ्दा मुल विषय विज्ञापन प्रकाशन मेरो संस्थाको

नाम जोडी गरीएको भन्ने थाहा पाएँ। उक्त विज्ञापनमा मेरो संस्थाको लोगो, संस्थाको लाइसन्स नम्बर, प्रधान कार्यालयको परिचय खुल्ने सम्पर्क नम्बर र प्रकाशित विज्ञापनको मागपत्रमा वास्तविकता छैन। सो विज्ञापन गणेश अधिकारीले उल्लेख गरेको व्यक्ति आशिष जङ्ग थापाले आफै छपाइ गरी उक्त विज्ञापनको उद्देश्य हासिल गर्न प्रेरित रहेको भन्ने बुझ्नमा आयो र यस विषयलाई जोडिएर हालसम्म कहीं कतै कुनै राहदानी वा आर्थिक संकलन गरेको भन्ने मलाई थाहा छैन। आशिष जङ्ग थापा भनीने व्यक्तिले मेरो संस्थाको बजार प्रतिनिधि तनहुँ जिल्ला कार्यक्षेत्र भएका (एजेन्ट)को नाम प्रयोग गरी बदनाम गराउने र फसाउने उद्देश्यले गरे गराएको भन्ने मलाई लाग्दछ। यसमा म र मेरो संस्थाको प्रमाण खुल्ने मैले माथी उल्लेख गरे बमोजिमको संस्थाको लोगो, इजाजत नम्बर, आधिकारिक ठाउँ, ठेगाना र फोन नम्बरमा मेल छैन। गणेश अधिकारीलाई एजेन्ट नियुक्तिको आधिकारिकता दिनु अघि करार सम्झौता गराइएको छ। सो को शर्त र परिधिमा रही निजले काम गरेकोमा म विश्वस्त छु। सो भन्दा बाहिर गई निजले गैरकानूनी कार्य गरे गराए सो को जवाफदेही निजले व्यक्तिगत रुपले नै वेहोर्नु पर्दछ। अभियोग दावी झुठ्ठा हो। मलाई अभियोग दावी बमोजिम सजाय हुनु पर्ने होईन। प्रस्तुत अभियोग दावी झुठ्ठा हो भन्ने समेत बेहोराको प्रतिवादी टिका शिवाकोटीले गरेको बयान।

**१७. मिति २०७६/०८/१५ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

पछि ठहरे बमोजिम हुने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र दफा ७२ बमोजिम प्रतिवादी टिका शिवाकोटीबाट रू.२००,०००।- (दुई लाख) धरौट, जमानत वा बैंक जमानत दिए दफा ७४ को प्रकिया पुऱ्याई तारेखमा राखी र माग भएको धरौट, जमानत वा बैंक जमानत दिन नसकेमा ऐ.ऐनको दफा ६८(२) बमोजिम कानून बमोजिमको सीधा खर्च पाउने गरी थुनुवा पुर्जी दिई थुनामा राखी मुद्दाको पूर्पक्ष गर्ने समेत गरी दफा ७९ बमोजिम यो आदेश पर्चा गरी दिएका छौं भन्ने समेत बेहोराको यस न्यायाधिकारणबाट भएको आदेश।

**१८. मिति २०७६/०८/२४ मा गणेश अधिकारीले गरेको बयानः-**

मैले अञ्जली ओभरसिज प्रा.लि. को तनहुँको दमौली स्थित सम्पर्क कार्यालयमा करिव डेढ बर्ष जति एजेन्टको रुपमा काम गरेको हो। उक्त प्रा.लि.मा एजेन्टको रुपमा काम गर्दा मैले संचालकले भने बमोजिमको डिमाण्ड लेटरहरू अफिसमा राख्ने, वैदेशिक रोजगारमा जान ईच्छुक व्यक्तिहरूलाई जानकारीसम्म गराउने कामहरू गरेको हो। त्यस भन्दा अन्य व्यहोरा मलाई थाहा छैन। वैदेशिक रोजगार सम्बन्धी काम संचालन गरेको र वैदेशिक रोजगार लगाइदिन्छु भनी झुट्टा आश्वासन दिई प्रलोभनमा पार्ने काम गरेको छैन। म आफै उक्त पत्रिकाको अफीसमा गई उक्त विज्ञापन बन्द गर्न लगाएको हो। आशिषजंग थापाले मेरो नाम लिएर उक्त अनुसंधानको क्रममा उल्लेखित कार्यहरू गरेको हो। यसमा मेरो कुनै संलग्नता छैन। उक्त बयानमा भएको व्यहोरा मैले भने बमोजिम लेखिएको होइन। मलाई व्यूरोका दुई जना व्यक्तिहरूले तनहुँमा पक्राउ गरी एक रात तनहुँमा राखि पछिल्लो दिन काठमाडौं बसपार्कको एउटा होटलमा रक्सी समेत खुवाई मलाई मापसेमा पारी महाराजगंजमा बुझाई त्यहा बयानको ब्यहोरा लेखि मलाई सहिछाप गराएको हो। बरामदी मुचुल्कामा

भएको बरामदी सामानहरूमा मेरो अफिसबाट ३ थान पासपोर्ट र निज पासपोर्टवालाहरूको प्रमाणपत्रहरू समेत बरामद भएको हो। मैले अभियोग मागदावी बमोजिम कसूर नगरेको हुनाले मलाई अभियोग दावी बमोजिम सजाय हुनु पर्ने होईन भन्ने समेत बेहोराको प्रतिवादी गणेश अधिकारीले यस न्यायाधिकारणमा गरेको बयान।

**१९. मिति २०७६/०८/२४ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

पछि ठहरे बमोजिम हुने गरी मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६८ र दफा ७२ बमोजिम प्रतिवादी गणेश अधिकारीबाट रू.२००,०००।- (दुई लाख) धरौट, जमानत वा बैंक जमानत दिए दफा ७४ को प्रकृया पुऱ्याई तारेखमा राखी र माग भएको धरौट, जमानत वा बैंक जमानत दिन नसकेमा ऐ. ऐनको दफा ६८(२) बमोजिम कानून बमोजिमको सीधा खर्च पाउने गरी थुनुवा पुर्जी दिई थुनामा राखी मुद्दाको पूर्पक्ष गर्ने समेत गरी दफा ७९ वमोजिम यो आदेश पर्चा गरी दिएका छौं भन्ने समेत बेहोराको यस न्यायाधिकारणबाट भएको आदेश।

**२०. मिति २०७६/०९/२३ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

प्रतिवादी चुक्ता भई सकेको अवस्था हुँदा रुजु हाजिर रहेका प्रतिवादी गणेश अधिकारी र टिका शिवाकोटीका साक्षी निजहरू मार्फत् तथा वादी पक्षका अभियोग पत्रको सबुद प्रमाण खण्डमा उल्लेखित जाहेरवालाहरू तथा देख्ने/सुन्ने साक्षीहरूलाई बकपत्रको लागि विशेष सरकारी वकील कार्यालय मार्फत् उपस्थित गराउन वैदेशिक रोजगार विभागलाई लेखि पठाई उपस्थित गराए नियमानुसार गर्नु भनी यस न्यायाधिकरणबाट भएको आदेश।

**२१. प्रतिवादी टिका शिवाकोटीका साक्षी गंगाप्रसाद पाठकको बकपत्रः-**

प्रतिवादी टीका शिवाकोटी निर्दोष छन्। निज प्रतिवादीलाई फसाउनको लागी सजायको माग लिई अभियोग दायर भएको हो। प्रतिवादी टिका शिवाकोटीले उक्त कार्य गरेका होईनन्। अञ्जली ओभरसिज प्रा.लि.को नामबाट छापिएको उक्त विज्ञापनमा प्रतिवादी टिका शिवाकोटीको संलग्नता छैन। निज प्रतिवादीले छाप्न लगाएका होइनन् भन्ने समेत ब्यहोराको गंगाप्रसाद पाठकले गरेको बकपत्र।

**२२. प्रतिवादी गणेश अधिकारीका साक्षी बोधराज चौलागाईको बकपत्रः-**

प्रतिवादी गणेश अधिकारीसँग मेरो सामान्य चिनजान मात्र हो। निज प्रतिवादीलाई फसाउनको लागी सजायको माग लिई अभियोग दायर भएको हो। कसैको निजी ब्यक्तिगत रिसईवीको कारण फसाउनको लागि अभियोग दायर भएको हो। प्रतिवादी गणेश अधिकारीले उक्त कार्य गरेका होईनन्। प्रतिवादीलाई वैदेशिक रोजगार कसूरमा सजाय हुनुपर्ने होइन भन्ने समेत बेहोराको बोधराज चौलागाईले यस न्यायाधिकरणमा गरेको बकपत्र।

**२३. मिति २०७६/११/०७ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

अभियोग पत्रको गवाह महलमा उल्लेखित प्रहरी कर्मचारीलाई बकपत्रका लागि उपस्थित गराई दिन प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो पिलर-३ मा लेखि पठाई उपस्थित गराए बकपत्रका लागि

नियमानुसार पेश गर्नू भनी यस न्यायाधिकरणबाट भएको आदेश।

**२४. वादीका साक्षी प्रहरी जवान महेश सिंह ऐरीको बकपत्रः-**

नक्कली डिमाण्ड लेटर बनाएर वैदेशिक रोजगारीको काम गरी ठगी गरेको सूचनाको आधारमा दमौली तनहुँमा रहेको अञ्जली ओभरसिजको शाखा कार्यालयबाट अफर लेटर, डिमाण्ड लेटर, राहदानी समेत बरामद भएको हो भन्ने समेत बेहोराको वादीका साक्षी प्रहरी जवान महेश सिंह ऐरीले यस न्यायाधिकरणमा गरेको बकपत्र।

**ठहर खण्ड**

२५. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान उपन्यायाधिवक्ता श्री उर्मिला दाहालले प्रतिवादीहरूले मिलेमतो गरी अञ्जली ओभरसिज प्रा. लि. को तनहुँ शाखाले झुट्टा ब्यहोराको डिमाण्ड लेटरका बनाई सो आधारमा अवैधानिक रुपमा पत्रिकामा विज्ञापन प्रकाशित गरी इजाजत पत्रको दुरुपयोग गरी विभिन्न व्यक्तिहरूको पासपोर्ट जम्मा गरेको प्रहरी प्रतिबेदन, बरामदी मुचुल्का, प्रतिवादीको बयान र बुझिएका महेश सिंह ऐरीले यस न्यायाधिकरणमा गरेको बकपत्रबाट पुष्टि भएको हुँदा प्रतिवादीहरूलाई अभियोग दावी बमोजिम सजाय गरी पाऊँ भनी गर्नु भएको बहस सुनियो।

२६. त्यस्तै प्रतिवादीहरू गणेश अधिकारी र टिका शिवाकोटीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री देवराज कटुवालले मेरा पक्षहरू टिका शिवाकोटी र गणेश अधिकारी क्रमश: अञ्जली ओभरसिज प्रा. लि. का प्रवन्ध संचालक र एजेन्ट हुन्। मेरो पक्ष उपर लिखत वा प्रतिबेदन लुकाएको वा हेरफेर गरेको अभियोग मागदाबी लिएकोमा सो दाबीलाई पुष्टि गर्ने कुनै बस्तुनिष्ट प्रमाण वादीले पेश गर्न सकेको छैन। मेरा पक्षहरूले एक आपसमा मिलेमतो गरी वैदेशिक रोजगारको नक्कली डिमाण्ड लेटर बनाई सो अञ्जली ओभरसिज प्रा. लि. को नामबाट अवैधानिक रुपमा पत्रिकामा विज्ञापन प्रकाशित गरी इजाजत पत्रको दुरुपयोग गरी विभिन्न व्यक्तिहरूको पासपोर्ट जम्मा गरेको भन्ने तथ्य र मागदावीको कसूरका बिचमा मेल नखाएको हुँदा मेरा पक्ष निर्दोष भएकाले अभियोग दावीबाट सफाइ दिलाई पाऊँ भनी गर्नु भएको बहस जिकिर सुनियो।

२७. यसमा वादी नेपाल सरकार तर्फबाट प्रतिवादी गणेश अधिकारीले अञ्जली ओभरसिज प्रा. लि. को एजेन्टको हैसियतमा आफ्नो अफिसमा विभिन्न व्यक्तिहरूको पासपोर्ट जम्मा गर्ने, नक्कली डिमाण्ड लेटरका आधारमा अवैधानिक रुपमा विज्ञापन प्रकाशित गरी इजाजत पत्रको दुरुपयोग गरी वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुट्टा आश्वासन दिई प्रलोभन समेत देखाएको र उक्त कार्यमा अञ्जली ओभरसिज प्रा.लि.का संचालक टिका शिवाकोटीको पनि संलग्नता रहेकोले प्रतिवादी गणेश अधिकारी र टिका शिवाकोटीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४७(१) को कसूरमा ऐ. ऐनको दफा ४७(१) बमोजिम सजाय गरी पाउन अभियोग दावी लिएकोमा प्रतिवादीहरूले यस न्यायाधिकरणमा बयान गर्दा अभियोग दावी बमोजिम कसूर गरेकोमा इन्कार रहि बयान ब्यहोरा लेखाएको प्रस्तुत मुद्दामा देहायका पश्नको निरोपण गर्नु पर्ने देखियो।

(क) प्रतिवादीहरू गणेश अधिकारी र टिका शिवाकोटीको संलग्नता र मिलेमतोमा अञ्जली ओभरसिज प्रा.लि.ले जसिम ट्रेडिङ प्रा.लि.को लेटर प्याडमा कुवेत स्थित UGCC कम्पनिमा कामदारको माग आएको भनी झट्ठा ब्यहोराको डिमाण्ड लेटर बनाई सो डिमाण्ड लेटरका आधारमा अवैधानीक रूपमा पत्रिकामा विज्ञापन प्रकाशित गरी इजाजत पत्रको दुरूपयोग गरी वैदेशिक रोजगारमा लगाइदिनुछु भनी झुठ्ठो ब्यहोरा तयार गर्न लगाई विभिन्न व्यक्तिहरूको राहदानी जम्मा गरी अभियोग दावीको कसूर गरेका हुन्, होइनन ?

(ख) प्रतिवादीहरूले अभियोग दाबीको कसूर गरेको भए निजहरूलाई के कति सजाय हुने हो ?

२८. सम्बद्ध मिसिल अध्ययन गरी प्रथम पश्नको निरोपण तर्फ बिचार गर्दा, अञ्जली ओभरसिज प्रा.लि. ले तनहुँको दमौलीमा सम्पर्क कार्यालय स्थापना गरी संचालन गरी आएको र सो सम्पर्क कार्यालयमा प्रतिवादी गणेश अधिकारी सो प्रा.लि. को एजेन्टको रुपमा तत् अवस्थामा कार्यरत रहे भएकोमा बिवाद देखिदैन । सो अञ्जली ओभरसिज प्रा.लि. ले Jassim Trading and Service Pvt. Ltd. को लेटरप्याडमा कुवेत स्थित बहुप्रतिष्ठित United Gulf Contraction Co.w.l.L. (UGCC) कम्पनीमा सेक्युरिटी गार्ड, सुपर भाइजर लगायतको बिभिन्न कामको लागि माग आएको भनी झुट्टा ब्यहोराको डिमाण्ड लेटर बनाई कुबेतमा वैदेशिक रोजगारको लागि मानिस पठाइ दिने भनी मादीसेती प्रवाह राष्ट्रिय दैनिक पत्रिकामा अञ्जली ओभरसिज प्रा.लि. को नामबाट "कुवेतको भिसा अब २० दिनमा" शिर्षक राखी विज्ञापन प्रकाशन गरे गराएको तथ्य उक्त पत्रिकाको मिति २०७०।२।१२ (वर्ष २ अंक २६९) मा निस्किएको मिसिल संलग्न रहेको पत्रिकाको सक्कल प्रति, बुझिएका Jassim Trading and Service Pvt. Ltd. का प्रवन्ध निर्देशक बज्र किशोर यादबले गरेको कागज, प्रतिवादी गणेश अधिकारीले अनुसंधानको क्रममा गरेको बयान, अञ्जली ओभरसिज प्रा.लि.को शाखा कार्यालयमा मिति २०७०/०२/१७ मा भएको खानतलासी तथा मुचुल्का र खानतलासी तथा बरामदी मुचुल्काको काम तामेल गर्ने प्रहरी जवान महेश सिंह ऐरीले गरेको बकपत्रबाट पुष्टी भएको देखिन्छ । साथै सोही प्रकाशित विज्ञापनको आधारमा वैदेशिक रोजगारीमा कतार पठाई दिने भनी रामकाजी श्रेष्ठ समेतका ब्यक्तिहरूको राहदानी जम्मा गरेको र केही राहदानीहरू समेत अञ्जली ओभरसिज प्रा.लि.को तनहुँको दमौलीमा रहेको कार्यालयबाट बरामद भएकोमा समेत बिवाद देखिदैन ।

२९. अव अञ्जली ओभरसिज प्रा. लि. को तनहुँको दमौलिमा रहेको शाखा कार्यालयले झुट्टा ब्यहोराको डिमाण्ड लेटर बनाई अवैधानिक रुपमा पत्रिकामा विज्ञापन प्रकाशन गरी झुठ्ठो ब्यहोरा तयार गर्न लगाई सो आधारमा वैदेशिक रोजगारमा पठाईदिने भनी विभिन्न ब्यक्तिहरूको राहदानी जम्मा गर्ने समेतका कार्य गर्नमा को-कसको के कस्तो संलग्नता रहेछ भन्ने सम्बन्धमा बिचार गरी सर्बप्रथम प्रतिवादी टिका शिवाकोटीको हकमा हेर्दा, निज प्रतिवादी अञ्जली ओभरसिज प्रा. लि. का संचालक प्रबन्ध निर्देशकको रुपमा रहेको र सो प्रा.लि. को तनहुँको दमौलीमा रहेको शाखामा प्रतिवादी गणेश अधिकारीलाई एजेन्टको रुपमा नियुक्ती गरी कार्य जिम्मेवारी तोकिएको देखिए पनि प्रतिवादी कसूर गरेकोमा ईन्कार रहेकोमा निजका साक्षी गंगा प्रसाद पाठकले ईन्कारी बयान समर्थित हुने गरी बकपत्र गरेको देखिन्छ।सह-प्रतिवादी गणेश अधिकारीलाई

प्रतिवादीले स्थानिय प्रतिनिधी नियुक्त गरेको देखिन्छ। सह-प्रतिवादीले बयानका क्रममा प्रतिवादी टिका शिवाकोटी उपर कुनै तरहले पोल गरेको देखिदैन। वादी पक्षले मुद्दा अनुसंधानको क्रममा प्रतिवादी टिका शिवाकोटीको उक्त कार्यमा के कस्तो संलग्नता रहेको भनी वस्तुनिष्ट प्रमाणबाट पुष्टि गर्न सकेको देखिंदैन। अञ्जली ओभरसिज प्रा. लि. का संचालक प्रबन्ध निर्देशक समेत रहेका प्रतिवादीको के कस्तो संलग्नतामा उक्त कार्य भएको हो भनी वादी पक्षले अभियोग पत्रमा स्पष्टरुपमा खुलाउन नसकेको अवस्थामा सो प्रा. लि. को तनहुँको दमौली शाखामा कार्यरत एजेन्टले एजेन्ट नियुक्ति गर्दाको शर्त विपरित गैह्र कानूनी रुपमा गरेको कार्यमा निज प्रतिवादीको समेत मिलेमतो र संलग्नता रहेको भनी निज प्रतिवादी उपर कसूर कायम गर्न न्यायोचित देखिएन।

३०. प्रमाण ऐन, २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीको हुनेछ" भन्ने कानूनी ब्यवस्था रहेको छ। फौजदारी कसूरमा प्रतिवादी उपरको अभियोग प्रमाणीत गर्ने क्रममा शंकाको कुनै गुन्जायस हुनु हुँदैन। प्रस्तुत मुद्दामा वादी पक्षले प्रतिवादी टिका शिवाकोटी उपरको दाबीलाई शंकारहीत तवरबाट बस्तुनिष्टरुपमा प्रमाणित गर्न सकेको देखिदैन । यस्तो अवस्थामा वैदेशिक रोजगारका लागि कुवेत स्थित United Gulf Contraction Co.w.l.L. कम्पनी सेक्युरिटी गार्डमा मानिस पठाइदिने भनी झुठ्ठो ब्यहोरा तयार गर्न लगाई अवैधानिक रुपमा अञ्जली ओभरसिजका नामबाट मादीसेती प्रवाह राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्ने र रामकाजी श्रेष्ठ समेतका राहदानी लगायतका कागजातहरू संकलन गर्ने कार्यमा प्रतिवादी टिका शिवाकोटीको संलग्नता रहे भएको पुष्टि हुन सकेको नदेखिंदा प्रतिवादी टिका शिवाकोटीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४७(१) को कसूरमा सजाय गरी पाऊं भनी वादी नेपाल सरकारको अभियोग दावी पुग्न सक्ने देखिएन।

३१. अब अर्का प्रतिवादी गणेश अधिकारीको हकमा बिचार गर्दा, वैदेशिक रोजगारीका लागि कुवेत पठाउने भनी झुट्टा ब्यहोराको डिमाण्ड लेटर बनाई सो को आधारमा पत्रिकामा विज्ञापन प्रकाशित गर्न लगाई सो आधारमा वैदेशिक रोजगारमा पठाईदिने भनी झुट्टा आश्वासन दिई प्रलोभन देखाई रामकाजी श्रेष्ठसमेतको राहदानी लगायतका कागजातहरू बुझी लिई वैदेशिक रोजगारमा नपठाएको भन्ने बिषयमा अनुसन्धानको सिलसिलामा अञ्जली ओभरसिज प्रा.लि. को दमौली सम्पर्क कार्यालयमा खानतलासी गर्दा अन्य सामानका साथै रामकाजी श्रेष्ठ समेतको ३ थान पासपोर्ट र पासपोर्ट वालासँग सम्बन्धीत प्रमाणपत्रहरू बरामद भएको बरामदी मुचुल्काबाट देखिन्छ। सो शाखामा तत्कालिन अवस्थामा एजेन्टको रुपमा कार्यरत प्रतिवादी गणेश अधिकारीले अनुसंधानको क्रममा बयान गर्दा रामकाजी श्रेष्ठको कागजात पोखराको आशिकजङ्ग थापा मार्फत् कुवेत पठाउनको लागि राखेको हो। आशिकजङ्ग थापाको बुबाले माग ल्याएको भनी मलाई भनेका हुँदा मैले निजलाई सहयोग गर्न भनी मादीसेती प्रवाह पत्रिकामा अञ्जली ओभरसिज प्रा.लि.को नाममा विज्ञापन मैले छाप्न दिएको हो भनी बयान ब्यहोरा लेखाएकोमा आशिकजङ्ग थापाको आदेश वा निर्देशमा कार्य गरेको देखिने कुनै प्रमाण पेश भएको अबस्था छैन्। प्रतिवादीले यस न्यायाधिकरणमा बयान गर्दा समेत मैले अञ्जली ओभरसिज प्रा.लि. को दमौली सम्पर्क कार्यालयमा करिव डेढ वर्ष जति एजेन्टको काम गरेको, अफिसबाट ३ थान पासपोर्ट र निज पासपोर्टवालाहरूको प्रमाणपत्रहरू बरामद भएको हो भनी

स्वीकार गरेको देखिन्छ । प्रतिवादीको उक्त बयानबाट उनाउ ब्यक्तिले ल्याएको भनी दिएको डिमाण्डको विज्ञापन आफू कार्यरत कम्पनिको नामबाट प्रकाशन गरेको र सोही आधारमा वैदेशिक रोजगारमा पठाउने भनी रामकाजी श्रेष्ठ समेतका बिभिन्न ब्यक्तिहरूको राहदानी संकलन गरेको भन्ने देखिएको हुँदा निज प्रतिवादीले अञ्जली ओभरसिज प्रा.लि.को एजेन्टको रुपमा नियुक्ति गर्दाको अवस्थामा तोकिएको शर्त बिपरित डिमाण्ड नै प्राप्त नभएको कम्पनिबाट डिमाण्ड प्राप्त भएको भनी झुट्टा बेहोरा तयार गरी विज्ञापन गरेको देखियो ।

३२. अञ्जली ओभरसिजप्रा.लि.को शाखा कार्यालय तनहुँ दमौलीमा मिति २०७०/०२/१७ मा जिल्ला प्रहरी कार्यालय तनहुँ र केन्द्रिय अनुसन्धान ब्यूरो काठमाण्डौको संयुक्त टोलीले खानतलासी गर्दा अञ्जली ओभरसिजको नाममा "कुवेतको भिसा अब २० दिनमा" शिर्षकको विज्ञापन प्रकाशन गरेको मादीसेती प्रवाह राष्ट्रिय दैनिक पत्रिकाको मिति २०७०।२।१२ मा प्रकाशित वर्ष २ अंक २६९ को पत्रिका लगायतका कागजात बरामद भएको देखिन्छ । वादीका गबाह खानतलासी तथा बरामदी मुचुल्काको काम तामेल गर्ने प्रहरी जवान महेश सिंह ऐरीले यस न्यायाधिकरणमा उपस्थित भै बकपत्र गर्दा नक्कली डिमाण्ड लेटर बनाएर वैदेशिक रोजगारीको काम गरी ठगी गरेको सूचनाको आधारमा दमौली तनहुँमा रहेको अञ्जली ओभरसिज शाखा कार्यालयबाट बरामदी तथा खानतलासी मुचुल्कामा उल्लेख भए बमोजिमका कागजातहरू बरामद भएका हुन् । बरामदी तथा खानतलासी मुचुल्काको बेहोरा ठिक हो भनी अनुसन्धानका क्रममा संकलित प्रमाणलाई खम्बीर हुने गरी बकपत्रमा लेखाएको देखिन्छ ।

३३. प्रमाण ऐन,२०३१ को दफा १८ मा "कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने व्यवस्था रहेकाले वादीका गबाह महेश सिंह ऐरीले यस न्यायाधिकरणमा बकपत्र गर्दा नक्कली डिमाण्ड लेटर बनाएर वैदेशिक रोजगारीको काम गरी ठगी गरेको सूचनाको आधारमा अनुसंधानको क्रममा दमौली तनहुँमा रहेको अञ्जली ओभरसिज शाखा कार्यालयबाट बिभिन्न कागजातहरू बरामद भएको बरामदी तथा खानतलासी मुचुल्कामा भएको बेहोरा ठिक हो भनी अनुसन्धानका क्रममा संकलित प्रमाणलाई खम्बीर हुने गरी बकपत्रमा लेखाएको उपरोक्त बेहोरा प्रतिवादी गणेश अधिकारीका बिरुद्ध प्रमाणमा ग्राह्य हुने देखियो ।

३४. वादीले अभियोग पत्रसाथ पेश गरेको मादीसेती प्रवाह राष्ट्रिय दैनिक पत्रिकामा प्रतिवादी गणेश अधिकारीले वैदेशिक रोजगारका लागि कुवेत पठाउन भनी सूचना प्रकाशन गरेको र सोही विज्ञापनको आधारमा अञ्जली ओभरसिजको शाखा कार्यालय तनहुँको एजेन्ट गणेश अधिकारीले कुवेतमा सेक्युरिटि गार्डमा पठाइदिन्छु भनेर राहदानी बुझाउन भनेकोले सक्कल राहदानी र आफ्नो बायोडाटा समेतका प्रमाणपत्रहरू बुझाएको हुँ भनी बुझिएका रामकाजी श्रेष्ठ समेतले मौकामा ब्यहोरा लेखाएको देखिन्छ । यसबाट सोही प्रकाशित विज्ञापनका आधारमा रामकाजी श्रेष्ठ समेतबाट राहदानी लगायतका कागजातहरू प्रतिवादीले बुझिलिएको र सो राहदानी समेत बरामद भएको तथ्य बरामदी तथा खानतलासी मुचुल्का तथा बुझिएका रामकाजी

श्रेष्ठले गरेको कागज समेतबाट स्थापित भएको देखिन्छ । प्रस्तुत मुद्दामा मिसिल संलग्न रहेका आधार प्रमाणबाट प्रतिवादी गणेश अधिकारीले आफु कार्यरत अञ्जली ओभरसिजको नामबाट झुठ्ठो ब्यहोराको सूचना बनाई अबैधानिकरुपमा विज्ञापनको रुपमा प्रकाशन गर्न लगाई सो प्रकाशित सूचनाको आधारमा वैदेशिक रोजगारका लागि कुवेत पठाउन भनी बिभिन्न ब्यक्तिहरूको राहदानी लगायतका कागजातहरू संकलन गरेको देखिन आयो ।

३५. माथि उल्लेखित आधार प्रमाण बिश्लेषणबाट अञ्जली ओभरसिज प्रा. लि. को तनहुँको दमौलिमा रहेको शाखा कार्यालयमा एजेन्टको रुपमा कार्यरत प्रतिवादी गणेश अधिकारीले हुँदै नभएको झुट्टा ब्यहोराको डिमाण्ड लेटर बनाई सो डिमाण्ड लेटरको आधारमा अवैधानिक रुपमा अञ्जली ओभरसिज प्रा. लि.को नामबाट झुट्टा ब्यहोरा तयार गरी सो को विज्ञापन पत्रिकामा प्रकाशित गर्न लगाई सो आधारमा वैदेशिक रोजगारमा पठाईदिने भनी विभिन्न ब्यक्तिहरूको राहदानी जम्मा गर्ने समेतका कार्य गरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४७(१) को कसूर गरेको देखियो ।

३६. प्रतिवादी गणेश अधिकारीलाई के कति सजाय हुने हो भन्ने दोश्रो पश्नको सम्बन्धमा बिचार गर्दा यस मुद्दामा प्रतिवादी गणेश अधिकारीले गरेको कसूर,कसूर गर्दाको अवस्था र पीडितबाट रकम उठाइ सकेको नदेखिएको अवस्था समेतका आधारमा प्रतिवादी गणेश अधिकारीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४७ (१) बमोजिम रू. १,००,०००।- (एक लाख) जरिवाना र ६ (छ) महिना कैद गर्न मनासिब हुने देखियो ।

३७. तसर्थः विवेचित, आधार, कारण र कानूनी ब्यवस्था समेतबाट प्रतिवादी टिका शिवाकोटीले नेपाल सरकारको अभियोग दावी अनुसार वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४७ (१) बमोजिमको कसूर गरेको पुष्टि हुने वस्तुनिष्ट प्रमाण वादीले पेश गर्न सकेको नदेखिँदा निज प्रतिवादीले अभियोग दावीबाट सफाइ पाउने ठहर्छ । प्रतिवादी गणेश अधिकारीले अञ्जली ओभरसिज प्रा. लि.को एजेन्टको रुपमा झुट्टा ब्यहोराको डिमाण्ड लेटर बनाई सो डिमाण्ड लेटरको आधारमा अवैधानिक रुपमा झुठ्ठा ब्यहोराको विज्ञापन पत्रिकामा प्रकाशित गरी वादी नेपाल सरकारको अभियोग दावी अनुसार वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४७(१) बमोजिमको कसूर गरेको देखिँदा निज प्रतिवादीलाई सोहि दफा ४७ (१) बमोजिम रू. १,००,०००।- (एक लाख) जरिवाना र ६ (छ) महिना कैद हुने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नू ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी गणेश अधिकारीलाई रू. १,००,०००।- (एक लाख) जरिवाना र ६ (छ) महिना कैद हुने ठहरेकोले निज प्रतिवादी मिति २०७०/०२/१७ मा पक्राउ परी मुद्दा अनुसन्धानका क्रममा मिति २०७०/०२/२० सम्म हिरासतमा रहेको देखिँदा सो अवधिको दिन ३ (तीन) ठहरेको कैदमा कट्टा गरी बाँकी कैद ०।५।२७ (पाँच महिना सत्ताइस दिन) बेरुजु हुँदा लगत कसी असूल गर्नु भनी चितवन जिल्ला अदालतमा लेखी पठाउनू.................................................................................................................. १

प्रतिवादी गणेश अधिकारीलाई लागेको जरिवाना रू. १,००,०००।- (एक लाख) को हकमा मुद्दा पुर्पक्षका क्रममा

वैदेशिक रोजगार विभागमा निजले राखेको धरौटी रकम रू. २,००,०००।- (दुई लाख) यस न्यायाधिकरणमा खिचि धरौटी खातामा आम्दानी बाँधेको देखिँदा सो धरौटी रकमबाट निजलाई लागेको जरिवाना रू.१,००,०००।- (एक लाख) सदरस्याहा गर्नु र बाँकी धरौटी रकम रू. १,००,०००।- (एक लाख) फैसला अन्तिम भएपछि फिर्ता पाऊँ भनी प्रतिवादी गणेश अधिकारीले कानूनका म्याद भित्र निवेदन दिएमा फिर्ता दिनु भनी यस न्यायाधिकरणको लेखा शाखालाई जानकारी दिनू ........................................................................................ २

प्रतिवादी टिका शिवाकोटीले मुद्दा पूर्पक्षका क्रममा धरौटी रसिद नं. २१८बाट मिति २०७६/०८/१५ मा राखेको धरौटी रकम फिर्ता पाऊँ भनी फैसला अन्तिम भएपछि म्याद भित्र निवेदन दिएमा नियमानुसार फिर्ता दिनू...... ३

प्रस्तुत फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिन भित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी प्रतिवादी गणेश अधिकारीलाई पुनरावेदनको म्याद दिनू ......... ५

प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिन भित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी विशेष सरकारी वकील कार्यालय, काठमाडौंलाई पुनरावेदनको म्याद दिनू.................................................................................... ६

प्रस्तुत फैसला विद्युतीय प्रति सूचना प्रविधिमा अभिलेख सुरक्षित गरी पीठमा जनाउनू ........................... ७

सरोकारवालाले नक्कल माग गरेमा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ५३ को प्रक्रिया पूरा गरी प्रमाणित प्रतिलिपि दिनू ................................................................................ ८

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टी गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू.................................... ९

**रमा देवी पराजुली**
(सदस्य)

उक्त रायमा सहमत छौं।

**प्रेमकुमार राई**
(सदस्य)

**रमेश कुमार खत्री**
(अध्यक्ष)

**फैसला तयार गर्न सहयोग पुऱ्याउने**
इजलास अधिकृतः दुर्गादत्त लम्साल
फैसला मितिः- २०७७/०८/२२/२

**श्री**
**वैदेशिक रोजगार न्यायाधिकरण**
**इजलास**
**माननीय अध्यक्ष श्री रमेशकुमार खत्री**
**सदस्य श्री प्रेमकुमार राई**
**सदस्य श्री रमा देवी पराजुली**
**फैसला**

**मुद्दा नं.** ०७५-FT-०३३०
निर्णय नं. **५९**

## मुद्दाः वैदेशिक रोजगार कसूर ।

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| खडग प्रसादको नाति, मान बहादुर कामीको छोरा, ताप्लेजुङ्ग जिल्ला फुंगलिंग नगरपालिका वडा नं.११ बस्ने धर्मप्रसाद वि.क.को जाहेरीले नेपाल सरकार.........१ | शेरबहादुर कटुवालको नाति, प्रेमराज कटुवालको छोरा, सुनसरी जिल्ला, इनरुवा नगरपालिका वडा नं. १ बस्ने विशाल कटुवाल.........................................१ |

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार भित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ ।

**तथ्य खण्ड**

**१. धर्मप्रसाद वि.क.को जाहेरी दरखास्तः-**

विपक्षी विशाल कटुवालले मकाउमा सेक्युरिटी गार्डको लागि मासिक तलव १२०० यु. एस. डलर हुन्छ यसको लागि लगानी रू.७,००,०००।– (सात लाख) लाग्छ भन्यो र हाल रू. ५,००,०००।– बुझाए हुन्छ र बाँकी रकम काम गर्न शुरु गरेपछि तिरे हुन्छ भनेकोले आकर्षक तलव देखि म निज विपक्षी मार्फत् वैदेशिक रोजगारीमा जान तयार भई प्रोसेसिंगको लागि भनी पटक पटक रू.५,००,०००।– (पाँच लाख) बुझाएको थिएँ । निज विपक्षीले म लगायत अरु व्यक्तिहरूलाई समेत वैदेशिक रोजगारीको लागि उल्लेखित देशमा लग्नको लागि भनी पहिले थाईल्याण्ड पुऱ्याइ थाईल्याण्ड देशमा पनि पटक पटक रकम मागी र थाईल्याण्ड देशमा एउटा होटलमा राखि विपक्षी सम्पर्क विहिन भई अलपत्र पारी उल्लेखित देश पठाउन नसकेको हुँदा तहाँबाट आफ्नै खर्चले नेपाल फर्कि आएको हो । नेपाल फर्के पछि निज विपक्षीलाई खोज्दै जाँदा गोंगबुमा

भेटी रकम फिर्ता गर भन्दा भाका राखि फिर्ता गर्छु भनेका र कागज बनाई दिएकोमा हालसम्म उक्त रकम फिर्ता नगरेकोले निजलाई पक्राउ गरी म जाहेरवालाबाट लिएको विगो रू.५,००,०००।– (पाँच लाख) र सो विगोका ५० प्रतिशतले हुन आउने हर्जाना वापतको रकम रू.२,५०,०००।– (दुई लाख पचास हजार) समेत जम्मा रकम रू.७,५०,०००।– (सात लाख पचास हजार) विपक्षीबाट दिलाई भराई कारवाही गरी पाऊँ भन्ने व्यहोराको धर्मप्रसाद वि.क.को जाहेरी दरखास्त।

**२. सक्कल लिखत कागजः-**

प्रतिवादी विशाल कटुवालले जाहेरवाला धर्मप्रसाद वि.क.लाई वैदेशिक रोजगारीको लागि मकाउ मुलुक पठाउने शर्तमा लिएको रू. ५,००,०००।– (पाँच लाख) लिएको र विदेश पठाउने भाखा अवधि समाप्त भएकाले आजका मितिले दुई महिना भित्र उल्लेखित रकम र कानून बमोजिमको ब्याज समेत फिर्ता दिनेछु भनी प्रतिवादी विशाल कटुवालले धर्मप्रसाद वि.क.लाई मिति २०७३/०४/२३ मा गरिदिएको सक्कल लिखत कागज मिसिल साथ संलग्न रहेको।

**३. प्रतिवादी विशाल कटुवालले गरेको बयान कागजः-**

जाहेरवाला थाईल्याण्डसम्म गएको कुरा ठिक साँचो हो मैले यी जाहेरवालालाई वैदेशिक रोजगारीको लागि मकाउ पठाई काम लगाई दिन्छु भनी पटक पटक गरी जम्मा रकम रू. ५,००,०००।– (पाँच लाख) निज जाहेरवालाबाट बुझिलिई रकम बुझिलिई मिति २०७३/०४/२३ को लिखत कागज गरिदिएको हुँ। मैले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति लिएको छैन भन्ने समेत व्यहोराको प्रतिवादी विशाल कटुवालले अनुसन्धानका क्रममा गरेको बयान कागज।

**४. वैदेशिक रोजगार विभागको निर्णय पर्चाः–**

प्रतिवादी विशाल कटुवालसँग हाल अनुसन्धानको क्रममा रू.८,५०,०००।– (अक्षरुपी आठ लाख पचास हजार) नगद वा सो वरावरको जेथा जमानत धरौटी माग गरिएको छ। माग बमोजिमको धरौटी दाखिला गरे धरौटी तारेखमा राखी प्रस्तुत मुद्दामा थप अनुसन्धान गर्ने र माग बमोजिमको धरौटी दाखिला नगरे वैदेशिक रोजगार न्यायाधिकरणको अनुमती लिई थुनामा राखी प्रस्तुत मुद्दाको थप अनुसन्धान गर्ने गरी वैदेशिक रोजगार विभागबाट भएको निर्णय।

**५. जाहेरवाला धर्मप्रसाद वि.क.को साक्षी रमेश अधिकारीले गरेको कागजः–**

जाहेरवाला धर्मप्रसाद वि.क.लाई मकाउ मुलुकमा रोजगारमा पठाई काम लगाई दिन्छु भनी प्रतिवादी विशाल कटुवालले झुठ्ठा आश्वासन दिई विश्वासमा पारी निज जाहेरवालाबाट नगदै रू. ५,००,०००।– (पाँच लाख) बुझिलिएको ठिक साँचो हो। जाहेरवालाबाट प्रतिवादीले उक्त रकम बुझिलिएको लिखत कागजमा उल्लेखित साक्षीहरूको रोहबरमा कागज समेत गरिदिएको मैले देखेको हो। उक्त लिखतका साक्षीहरू हाल वैदेशिक रोजगारीमा साउदी गएका छन्। प्रतिवादीले जाहेरवाला धर्मप्रसाद वि.क.लाई थाईल्याण्डसम्म

पुऱ्यायाई अलपत्र पारेपछि जाहेरवाला आफ्नै खर्चमा नेपाल फर्कि आएका हुन् भन्ने समेत व्यहोराको जाहेरवालाको साक्षी रमेश अधिकारीले गरेको कागज ।

**६. जाहेरवाला धर्मप्रसाद वि.क.को साक्षी चन्द्र कुमार मगालेले गरेको कागजः–**

जाहेरवाला धर्मप्रसाद वि.क.लाई मकाउ मुलुकमा रोजगारमा पठाई काम लगाई दिन्छु भनी प्रतिवादी विशाल कटुवालले झुट्ठा आश्वासनमा पारी निज जाहेरवालाबाट नगदै रू.५,००,०००।– (पाँच लाख) बुझिलिएको ठिक साँचो हो । जाहेरवालाबाट प्रतिवादीले उक्त रकम बुझिलिएको लिखत कागजमा उल्लेखित साक्षीहरूको रोहबरमा कागज समेत गरिदिएको मैले देखेको हो । उक्त लिखतका साक्षीहरू हाल वैदेशिक रोजगारीमा साउदी गएका छन् । प्रतिवादीले जाहेरवाला धर्मप्रसाद वि.क.लाई थाईल्याण्डसम्म पुऱ्याई अलपत्र पारेपछि जाहेरवाला आफ्नै खर्चले नेपाल फर्कि आएका हुन् भन्ने समेत व्यहोराको जाहेरवालाको साक्षी चन्द्र कुमार मगालेले गरेको कागज ।

**७. विशेष सरकारी वकील कार्यालय काठमाण्डौंको निर्णयः**

प्रतिवादी विशाल कटुवालले वैदेशिक रोजगार ब्यवसाय सञ्चालन गर्ने अनुमति नलिई जाहेरवालालाई वैदेशिक रोजगारीको लागि मकाउ मुलुकमा पठाई दिन्छु भनी झुट्ठा आश्वासन दिई प्रलोभन देखाई जाहेरवालाबाट जम्मा रू.५,००,०००।– (पाँच लाख) बुझिलिई भने बमोजिम वैदेशिक रोजगारीका लागि मकाउ नपठाई थाईल्याण्डसम्म पुऱ्याई अलपत्र पारेको र बुझिलिएको रकम समेत फिर्ता नगरेको देखिंदा निज विशाल कटुवालको सो कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरितको कसूर भएकोले निज प्रतिवादी विशाल कटुवाललाई साही ऐनको दफा ४३ बमोजिम सजाय हुन र जाहेरवालाबाट प्रतिवादीले बुझिलिएको विगो रू.५,००,०००।– (पाँच लाख पचास हजार) र सो विगोका ५० प्रतिशतले हुन आउने हर्जाना वापतको रू. २,५०,०००।– (दुई लाख पचास हजार) समेत जम्मा रकम रू.७,५०,०००।– (सात लाख पचास हजार) प्रतिवादी विशाल कटुवालबाट जाहेरवाला धर्मप्रसाद वि.क.लाई दिलाई भराई दिने मागदावी लिने गरी भएको निर्णय ।

**८. अभियोग माग दावीः-**

प्रतिवादी विशाल कटुवालले जाहेरवाला धर्मप्रसाद वि.क.लाई वैदेशिक रोजगारीको लागि मकाउ मुलुक पठाईदिन्छु भनी झुट्ठा आश्वासन र प्रलोभनमा पारी जाहेरवालाबाट रकम रू.५,००,०००।– (पाँच लाख) बुझिलिई वैदेशिक रोजगारीमा पठाई दिन्छु भनी थाईल्याण्डसम्म पुऱ्याई अलपत्र पारी भने बमोजिमको देशमा पठाई रोजगारीमा लगाउन नसकेको र बुझिलिएको रकम समेत फिर्ता नगरी प्रतिवादी विशाल कटुवालले कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरितको कसूर अपराध गरेको हुनाले प्रतिवादी विशाल कटुवाललाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम सजाय गरी जाहेरवाला धर्मप्रसाद वि.क.बाट लिए खाएको विगो रू.५,००,०००।– (पाँच लाख) र सो विगोको ५० प्रतिशतले हुन

आउने हर्जाना रू.२,५०,०००।– (दुई लाख पचास हजार ) समेत जम्मा रू.७,५०,०००।– (सात लाख पचास हजार) प्रतिवादी विशाल कटुवालबाट जाहेरवाला धर्मप्रसाद वि.क.लाई दिलाई भराई पाऊँ भन्ने समेत ब्यहोराको अभियोग पत्र।

**९. मिति २०७५/११/०१ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

प्रतिवादी विशाल कटुवालको अभियोग पत्रमा उल्लेखित स्थायी वतन सुनसरी जिल्ला इनरुवा नगरपालिका वडा नं. १ मा म्याद जारी गरी पठाउँदा म्यादवाला मानिस र निजको घर समेत फेला नपरेको भनी वेपत्ते तामेल भै आएको देखिँदा सो म्यादलाई रित पुगेको मान्न मिलेन सो म्याद बदर गरी दिएको छ। अब, यी प्रतिवादीले वैदेशिक रोजगार विभाग समक्ष बयान गर्दा उल्लेख गरेको ईमेल ठेगाना kcbishal1987@gmail.com मा ईमेल मार्फत् निजको नाउमा म्याद पठाई म्याद भित्र हाजिर भए वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू।

**१०. प्रतिवादीको म्याद गुज्रिएकोः-**

प्रतिवादी विशाल कटुवालले अनुसन्धानका क्रममा उल्लेख गरेको इमेल ठेगानामा निजका नामको म्याद पठाउँदा प्रतिवादीले इमेल मार्फत् म्याद प्राप्त भएको भनी इमेल मार्फत् नै जानकारी गराएकोमा तोकिएको म्याद भित्र यस न्यायाधिकरणमा हाजिर नभइ निज प्रतिवादीले सुरु म्याद गुजारी बसेका।

**११. मिति २०७६/०२/०१ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

प्रतिवादी विशाल कटुवालको नाउँमा जारी भएको तामेली म्याद भित्र प्रतिवादी हाजिर नभई फरार रहेको देखिँदा अभियोगपत्रको प्रमाण खण्डमा उल्लेखित जाहेरवालालाई विशेष सरकारी वकील कार्यालय मार्फत् उपस्थित गराईदिनु भनी वैदेशिक रोजगार विभागमा लेखि पठाई उपस्थित गराए बकपत्रका लागी पेश गर्नू।

**१२. यस न्यायाधिकरणबाट मिति २०७६/०३/१८ मा भएको आदेशः-**

वादी पक्षले जाहेरवाला धर्मप्रसाद वि.क., लिखत कागजका साक्षी बुझिएका साक्षी चन्द्र कुमार मगाले र रमेश अधिकारीलाई बकपत्रको लागी उपस्थित गराएको नदेखिँदा निजहरूलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम म्याद जारी गरी झिकाई उपस्थित भए बकपत्र गराई नियमानुसार पेश गर्नू।

## ठहर खण्ड

१३. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा अभियोग पत्र सहितको सक्कल मिसिल अध्ययन गरियो।

१४. वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्धान उपन्यायाधिवक्ता श्री दशरथ गौतमले प्रतिवादी विशाल कटुवालले जाहेरवालालाई वैदेशिक रोजगारीका

लागी विदेश मकाउ पठाई दिने भनी विश्वास दिलाई रकम लिई थाईल्याण्डको बैंककमा लगि अलपत्र पारी लिएको रकम समेत फिर्ता नगरेको भनी प्रतिवादी उपर परेको किटानी जाहेरीलाई प्रतिवादीले अनुसन्धान अधिकृत समक्ष गरेको साविति बयान र निज प्रतिवादीले न्यायाधिकरणबाट जारी भएको म्याद बुझी म्याद भित्र हाजिर नभइ कसूर स्वीकार गरी बसेको अवस्था समेतबाट पुष्टि भएको हुँदा निज प्रतिवादीलाई अभियोग दावी बमोजिम सजाय गरी जाहेरवालाको विगो र हर्जाना समेत दिलाई भराई पाऊँ भनी गर्नु भएको बहस जिकिर सुनियो।

१५. यसमा वादी नेपाल सरकार तर्फबाट प्रतिवादी विशाल कटुवालले जाहेरवाला धर्मप्रसाद वि.क.लाई वैदेशिक रोजगार व्यवसाय गर्ने ईजाजत नलिई वैदेशिक रोजगारीमा मकाउ पठाईदिन्छु भनी झुठ्ठा आश्वासन र प्रलोभनमा पारी जाहेरवालाबाट रकम रू.५,००,०००।– (पाँच लाख) बुझिलिई वैदेशिक रोजगारीमा पठाई दिन्छु भनी थाईल्याण्डसम्म पुऱ्याई अलपत्र पारी भने बमोजिमको देशमा पठाई रोजगारीमा लगाउन नसकेको र बुझिलिएको रकम समेत फिर्ता नगरी प्रतिवादी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेका हुँदा प्रतिवादीलाई सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाको बिगो रू. ५,००,०००।- र सो को ५० प्रतिशतले हुने हर्जाना समेत जाहेरवालालाई प्रतिवादीबाट दिलाई भराई पाउन अभियोग दावी लिएकोमा प्रतिवादी विशाल कटुवालले यस न्यायाधिकरणबाट जारी भएको सुरु म्यादै गुजारी वसेको देखिन्छ।

१६. उपर्युक्त तथ्य, अभियोग दावी एवं बहस बुँदा रहेको प्रस्तुत मुद्दामा मुलतः प्रतिवादी विशाल कटुवालले वैदेशिक रोजगार ब्यबसाय गर्ने इजाजत प्राप्त नगरी जाहेरवालालाई वैदेशिक रोजगारीमा मकाउ पठाई दिने भनी प्रलोभनमा पारी विश्वास दिलाई रकम लिई जाहेरवालालाई थाइल्याण्डसम्म पुऱ्याई अलपत्र पारी अभियोग दावीको कसूर गरेका हुन् होईनन् ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

१७. निर्णय तर्फ विचार गर्दा प्रतिवादी विशाल कटुवालले मकाउमा सेक्युरिटी गार्डको लागि मासिक तलव १२०० यु. एस. डलर हुन्छ। यसको लागि लगानी रू.७,००,०००।– (सात लाख) लाग्छ। अहिले रू. ५,००,०००।– बुझाए हुन्छ र बाँकी रकम काम गर्न शुरु गरेपछि बुझाए हुन्छ भनेकोले आकर्षक तलव देखि म वैदेशिक रोजगारीमा जान तयार भई प्रोसेसिंगको लागि भनी प्रतिवादीलाई रू.५,००,०००।– (पाँच लाख) बुझाएकोमा निजले वैदेशिक रोजगारीको लागि मकाउमा लग्नको लागि भनी थाईल्याण्ड पुऱ्याई सम्पर्क विहिन भई अलपत्र पारेको भनी जाहेरी परेको र प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा जाहेरवालाले जाहेरी साथ पेश गरेको मिति २०७३/०४/२३ को लिखत बमोजिम रू. ५,००,०००।- (पाँच लाख) जाहेरवाला धर्मप्रसाद वि.क.सँग बुझि लिई लिखत कागज गरिदिएको हुँ भनी बयान ब्यहोरा लेखाएको देखिए पनि प्रतिवादी उपरको कसूर पुष्टी गर्न वादी पक्षले जाहेरवाला, घटना विवरण कागज गर्ने ब्यक्तिहरू लगायतका साक्षी प्रमाणहरू अदालतमा उपस्थित गराई बकपत्र गराएको देखिदैन। साथै यस न्यायाधिकरणबाट जाहेरवाला लगायतका वादी पक्षका साक्षीहरूलाई बकपत्रको लागी उपस्थित गराउन

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम म्याद जारी गर्दा समेत सो म्याद आफैंले बुझी जाहेरवाला लगायतका वादी पक्षका साक्षीहरू यस न्यायाधिकरणमा उपस्थित भै बकपत्र गरेको देखिँदैन।

१८. प्रमाण ऐन, २०३१ को दफा १८ मा *"कुनै काम, घटना वा अवस्थाका सम्वन्धमा भएको तहकिकात वा जाँचवुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ"* भन्ने कानूनी व्यवस्था रहेको छ। उक्त कानूनी ब्यवस्था अनुरूप वादी पक्षले जाहेरवाला लगायतका वादी पक्षका साक्षीहरूलाई उपस्थित गराई बकपत्र गराएको नदेखिँदा जाहेरी दरखास्त लगायतका बुझीएका ब्यक्तिहरूले अनुसन्धानका क्रममा गरेका कागजलाई यी प्रतिवादीको विरूद्धको प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने अवस्था देखिएन। साथै प्रमाण ऐन, २०३१ को दफा २५ मा *"फौजदारी मुद्दामा अभियुक्तको कसूर प्रमाणीत गर्ने भार वादीको हुनेछ"* भन्ने कानूनी ब्यवस्था रहेको देखिन्छ। फौजदारी कसूरमा प्रतिवादी उपरको अभियोग शंकारहित तवरमा प्रमाणीत हुनु पर्दछ। त्यहाँ शंकाको कुनै गुन्जायस हुनु हुँदैन। प्रस्तुत मुद्दामा वादी पक्षले यी प्रतिवादी उपरको दाबीलाई गवाह साक्षी प्रस्तुत गरी वस्तुनिष्ट रुपमा शंकारहीत तवरबाट प्रमाणित गर्न सकेको देखिदैन ।

१९. तिवादीले कसूर गरेको भन्ने स्वतन्त्र प्रमाणबाट स्थापित भए मात्र सम्बन्धित कसूरदारलाई सजाय गर्न सकिने भएकोले प्रमाणबाट कसूर गरेको भन्ने शंकारहित प्रमाणबाट स्थापित हुन नसकेको अवस्थामा कसैलाई पनि कसूरदार ठहराउन वा सजाय गर्न मिल्दैन भन्ने फौजदारी न्यायको सिद्धान्त रहेको छ। यस मुद्दामा वादीले यी प्रतिवादी उपरको अभियोग दावी साक्षी प्रमाण पेश गरी स्वतन्त्र र बस्तुनिष्ठ तवरबाट शंकारहित किसिमले पुष्टी गर्न सकेको देखिदैन। यस्तो अवस्थामा प्रतिवादी विशाल कटुवालले वैदेशिक रोजगार ब्यबसाय गर्ने इजाजत प्राप्त नगरी जाहेरवालालाई वैदेशिक रोजगारीमा मकाउ पठाई दिने भनी प्रलोभनमा पारी विश्वास दिलाई रकम लिई जाहेरवालालाई थाइल्याण्डसम्म पुऱ्याई अलपत्र पारी अभियोग दावीको कसूर गरेका रहेछन् भनी मान्न मिल्ने देखिएन। प्रतिवादी विशाल कटुवाल उपरको अभियोग दावी पुग्न नसक्ने देखियो।

२०. अत: विश्लेशित आधार, कारण, प्रमाण र कानूनी ब्यवस्था समेतबाट प्रतिवादी विशाल कटुवाल उपरको कसूर प्रमाणित गर्ने भार वादीमा रहनेमा वादीले गवाह/साक्षी प्रस्तुत गरी प्रतिवादी उपरको दावी प्रमाणित गर्न सकेको नदेखिँदा वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूरमा सोही दफा ४३ बमोजिम सजाय गरी पाऊँ भन्ने वादीको अभियोग दावी पुग्न नसकि प्रतिवादी विशाल कटुवालले सफाई पाउने ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नू।

**तपसिल**

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिन भित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी विशेष सरकारी वकील कार्यालय काठमाण्डौलाई फैसलाको जानकारी सहितको पुनरावेदनको म्याद दिनू........................................................................ १

सरोकारवालाले फैसलाको नक्कल माग गरेमा कानून बमोजिम लाग्ने दस्तुर लिई नक्कल दिनू.................. २

प्रस्तुत फैसलाको विद्युतीय प्रति सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू............................ ३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टी गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू .................................. ४

**रमा देवी पराजुली**
(सदस्य)

उक्त रायमा सहमत छौँ।

**प्रेमकुमार राई**
(सदस्य)

**रमेशकुमार खत्री**
(अध्यक्ष)

**फैसला तयार गर्न सहयोग पुऱ्याउने**
इजलास अधिकृतः दुर्गादत्त लम्साल
फैसला मितिः- २०७७/०८/२३/३

# श्री
# वैदेशिक रोजगार न्यायाधिकरण
# इजलास
# माननीय अध्यक्ष श्री रमेशकुमार खत्री
# सदस्य श्री प्रेम कुमार राई
# सदस्य श्री रमा देवी पराजुली
# फैसला

**मुद्दा नं. ०७७-FT-००२४**
**निर्णय नं. ६१**

## मुद्दाः वैदेशिक रोजगार कसूर ।

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| अनन्त राम दाहालको छोरी तेह्रथुम जिल्ला पन्चकन्या गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. ३२ बस्ने दुर्गा दाहालको जाहेरीले नेपाल सरकार.........१ | राम प्रताप राय यादवको नाती महावीर प्रसाद यादवको छोरा रौतहट जिल्ला मुडवलवा गा.वि.स. वडा नं. ६ बस्ने सुचिन्द्रप्रसाद यादव..................१ |

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार भित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ ।

### तथ्य खण्ड

**१. जाहेरी दरखास्त**

म जाहेरवाला दुर्गा दाहाल वैदेशिक रोजगारमा जाने मनस्थिती बनाई रहेको अवस्थामा विपक्षी सुचिन्द्रप्रसाद यादवले म जाहेरवालालाई वैदेशिक रोजगारको लागी अमेरिका देश पठाई दिन्छु भनी रू.२०,००,०००।–(वीस लाख रूपैयाँ) असूली गरी नपठाएको हुँदा निजले वैदेशिक रोजगार ऐन, २०६४ विपरितको कार्य गरेको हुँदा विपक्षीलाई कारवाही गरी क्षतीपूर्ति समेत दिलाई भराई पाऊँ भनी दुर्गा दाहालले मिति २०७३/०९/०१ मा वैदेशिक रोजगार विभागमा दिएको किटानी जाहेरी दरखास्त ।

**२. सक्कल लिखत कागजः–**

सुचिन्द्रप्रसाद यादवले दुर्गा दाहाललाई वैदेशिक रोजगारको लागी अमेरिका मुलुकमा पठाईदिन्छु भनी जाहेरवाला दुर्गा दाहालबाट रू.२०,००,०००।– (वीस लाख रूपैयाँ) रकम वुझिलिई मिति

२०७३/०२/०२ मा गरिदिएको सक्कल लिखत कागज।

**३. प्रतिवादी सुचिन्द्रप्रसाद यादवले गरेको बयान कागजः–**

जाहेरवाला दुर्गा दाहाललाई वैदेशिक रोजगारको लागि अमेरिका देशमा पठाउने उद्देश्यले जाहेरवालासँग रू.२०,००,०००।- लिएको छैन। म जाहेरवाला दुर्गा दाहालसँग चिनजान, लेनदेन, नाता, सम्बन्ध, रिसईवी केही छैन। जाहेरीको व्यहोरा झुठो हो। मिति २०७३/०२/०२ को सक्कल लिखत कागजमा भएको सहिछाप मेरो होईन भन्ने समेत व्यहोराको प्रतिवादी सुचिन्द्रप्रसाद यादवले अनुसन्धानका क्रममा वैदेशिक रोजगार विभागमा गरेको बयान कागज।

**४. वैदेशिक रोजगार विभागबाट भएको निर्णय पर्चाः-**

प्रतिवादी सुचिन्द्रप्रसाद यादवसँग यस विभागको मिति २०७३/०९/१७ को आदेश बमोजिम रू.३०,००,०००।- (अक्षरुपी तिस लाख रूपैयाँ) नगद धरौट मागी दाखीला गरे बुझी लिई तारेखमा राख्ने दिन नसके कानून वमोजिम गर्नु भनी वैदेशिक रोजगरा विभागबाट मिति २०७३/०९/१७ मा भएको निर्णय पर्चा।

**५. विशेष सरकारी बकिल कार्यालय, काठमाण्डौंबाट भएको निर्णयः-**

प्रतिवादी सुचिन्द्रप्रसाद यादवले जाहेरवाला दुर्गा दाहाललाई वैदेशिक रोजगारमा अमेरिका पठाईदिन्छु भनी रू.२०,००,०००।- रकम लिई भने बमोजिमको रोजगार पनि नदिलाई रकम समेत फिर्ता नगरेको देखिएको हुँदा निज प्रतिवादीको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरितको कसूर अपराध भए गरेको देखिएको हुँदा निज प्रतिवादी सुचिन्द्रप्रसाद यादवलाई ऐ. ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाबाट लिए खाएको विगो र सो को हर्जाना रकम समेत प्रतिवादी सुचिन्द्रप्रसाद यादवबाट जाहेरवालालाई दिलाई भराई पाउने गरी अभियोग मागदावी लिने भन्ने समेत व्यहोराको विशेष सरकारी वकील कार्यालय, काठमाण्डौंकाबाट मिति २०७३/०९/२६ मा भएको निर्णय।

**६. अभियोग दावीः–**

प्रतिवादी सुचिन्द्रप्रसाद यादवले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरितको कसूर अपराध गरेको हुँदा निज प्रतिवादी सुचिन्द्रप्रसाद यादवलाई सोही ऐनको दफा ४३ वमोजिम सजाय गरी पाउन र प्रतिवादीले जाहेरवालाबाट लिए खाएको विगो रकम रू.२०,००,०००।– (वीस लाख रूपैयाँ) र सो विगोको ५०% ले हुन आउने हर्जाना वापतको रकम रू.१०,००,०००।०० (अक्षरुपी दश लाख रूपैयाँ) समेत गरी जम्मा रू. ३०,००,०००।- (अक्षरुपी तीस लाख रूपैयाँ) समेत प्रतिवादी सुचिन्द्रप्रसाद यादवबाट जाहेरवाला दुर्गा दाहाललाई भराई पाऊँ भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारको अभियोग दावी।

## ७. प्रतिवादी सुचिन्द्रप्रसाद यादवले यस न्यायाधिकरणमा गरेको बयान

जाहेरवालासँग मेरो चिनजान समेत छैन । मैले जाहेरवालालाई वैदेशिक रोजगारको लागी अमेरिका पठाईदिन्छु भनी रकम लिएको छैन । जाहेरवालाले वैदेशिक रोजगारको लागी बनाएको सक्कल कागजमा भएको सहिछाप मेरो होईन । कीर्ते जालसाजी हो । मलाई फसाउनको लागी मेरो उपरमा झुठ्ठा व्यहोराको जाहेरी दिएको हो । उक्त कीर्ते लिखत उपर मैले काठमाण्डौ जिल्ला अदालतमा कीर्ते मुद्दा दायर गरी हाल कार्वाहीयुक्त अवस्थामा रहेको छ भन्ने समेत बेहोराको प्रतिवादी सुचिन्द्रप्रसाद यादवले मिति २०७३/०९/२८ मा यस न्यायाधिकरणमा गरेको बयान व्यहोरा ।

## ८. यस न्यायाधिकरणबाट मिति २०७३/९/२८ भएको आदेशः-

तत्काल प्राप्त प्रमाणका आधारमा यी प्रतिवादीले आरोपित कसूर गरेको होईनन् भन्न सकिने अवस्था देखिएन तसर्थ मुद्दामा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल मुद्दाको पुर्पक्षको लागी प्रतिवादी सुचिन्द्रप्रसाद यादवबाट मुलुकी ऐन, अ.व. ११८ नं. को देहाय दफा ५ एंव १० बमोजिम नगद धरौट रू. १,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) वा सो वराबरको जेथा जमानी दिए लिई तारेखमा राख्नु र दिन नसके कानूनबमोजिम सिधा खान पाउने गरी मुलुकी ऐन, अ.व. १२१ नं. बमोजिमको थुनुवा पुर्जी दिई थुनामा राख्न कारागार कार्यालयमा पठाईदिनु भनी मुलुकी ऐन, अ.व. १२४ (ग) नं बमोजिम यो आदेश पर्चा गरिदिएका छौ प्रस्तुत मुद्दामा प्रतिवादी चुक्ता भएकोले वादी र प्रतिवादीका साक्षीहरू बुझि नियमानुसार गरी पेश गर्नु भन्ने यस न्यायाधिकरणको आदेश ।

## ९. प्रतिवादी सुचिन्द्रप्रसाद यादवको साक्षी विक्किजंग राणाले बकपत्रः-

प्रतिवादी शुचिन्द्रप्रसाद यादवले कोही कसैलाई पनि वैदेशिक रोजगारमा अमेरिका पठाउछु भनी रकम लिएको छैन । कसैलाई पठाएको पनि थाहा छैन । यी प्रतिवादी लेखा पढी व्यवसाय गर्ने व्यक्ती हुन् । वैदेशिक रोजगार गर्ने व्यक्ती पनि होईनन् । यी प्रतिवादीले जाहेरवालासँग कति पनि रकम लिएका छैनन् । मैले सुने अनुसार यी जाहेरवालाले प्रतिवादीको नामबाट मिती २०७३/०२/०२ मा काल्पनिक लिखत तयार गरी बनाएको थियो रे सोही लिखत कागजका आधारमा जाहेरी दिएका होलान । उक्त मितिको लिखत उपर प्रतिवादीले यी जाहेरवाला उपर कीर्ते मुद्दा काठमाण्डौ जिल्ला अदालतमा दायर गरेको भन्ने सुनेको छु भन्ने समेत बेहोराको सुचिन्द्रप्रसाद यादवका साक्षी विक्कीजंग राणाले गरेको बकपत्र ।

## १०. मिति २०७३/१२/०९ मा यस न्यायाधिकरणबाट भएको आदेशः-

वादी पक्षले जाहेरवाला दुर्गा दाहाललाई बकपत्रका लागी उपस्थित गराएको नदेखिदा निजलाई मुलुकी ऐन, अ.व. ११५ म्याद जारी गरी झिकाई बुझि नियम अनुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको आदेश ।

**११. मिति २०७३/५/४ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

काठमाण्डौ जिल्ला अदालतमा चलिरहेको सुचिन्द्रप्रसाद यादव वादी र प्रतिवादी दुर्गा दाहाल समेत भएको कीर्ते मुद्दा के कुन अवस्थामा छ भनी काठमाण्डौ जिल्ला अदालतबाट बुझि जवाफ प्राप्त भए पछि नियम अनुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको आदेश।

**१२. सुचिन्द्रप्रसाद यादवले मिति २०७३/१२/०९ मा दिएको निवेदनः-**

जाहेरवाला दुर्गा दाहाल समेत उपर प्रस्तुत मुद्दाको विवादित लिखत दावी सम्बन्धमा श्री काठमाण्डौ जिल्ला अदालतमा ०७३-PC-२२७४ को कीर्ते मुद्दा चलि रहेकोले उक्त मुद्दाको परिणामले प्रस्तुत मुद्दामा प्रभाव पर्ने भै अन्तर प्रभावी भएकोले सो मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म प्रस्तुत मुद्दा अ.नं. १२ नं. बमोजिम मुलतवी गरी पाऊँ भनी प्रतिवादी सुचिन्द्रप्रसाद यादवले यस न्यायाधिकरणमा दिएको निवेदन।

**१३. जाहेरवालाले म्याद गुजारी बसेकोः-**

जाहेरवाला दुर्गा दाहालका नाममा यस न्यायाधिकरणबाट मिति २०७३/१२/१७ मा तत्काल प्रचलित मुलुकी ऐन अदालतती बन्दोवस्तको ११५ नं. बमोजिम जारी भएको म्याद मिति २०७४/०१/२० मा तामेल भएकोमा म्याद भित्र बकपत्रका लागी उपस्थित नभइ म्याद गुजारी बसेको मिसिलबाट देखिन्छ।

**१४. मिति २०७४/११/२९ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

यस न्यायाधिकरणमा विचाराधिन प्रस्तुत वैदेशिक रोजगार कसूर मुद्दामा जुन लिखतलाई प्रमाणका रुपमा प्रस्तुत गरिएको हो सोही लिखत सम्बन्धमा काठमाण्डौ जिल्ला अदालतमा दर्ता भई विचाराधिन रहेको ०७-PC-२२७४ नं को कीर्ते मुद्दामा मुल्लतवी राख्ने गरी मिति २०७१/१०/११ मा आदेश भएको प्राप्त आदेशको प्रतिलिपिबाट देखियो। काठमाण्डौ जिल्ला अदालतमा विचाराधिन उक्त कीर्ते मुद्दामा हुने फैसलाले यस न्यायाधिकरणमा विचाराधिन मुद्दामा समेत प्रभाव पार्ने भई उक्त मुद्दाको फैसला नभै प्रस्तुत मुद्दामा फैसला गर्न नमिल्ने देखिँदा उक्त मुद्दामा फैसला भए पछि जगाई कार्वाही किनारा गर्ने गरी प्रस्तुत मुद्दा अ.व. १२ बमोजिम मुलतवीमा राखिदिएको छ । काठमाण्डौ जिल्ला हदालतमा मुलतवी रहेको ०७५-PC-२२७४ नं. को कीर्ते मुद्दा मुलतवीबाट जगाई किनारा भए पछि सो को फैसलाको प्रतिलिपि सहितको जानकारी पठाई दिनु भनी काठमाण्डौ जिल्ला अदालतमा लेखि पठाउनु भन्ने यस न्यायाधिकरणको आदेश।

**१५. मिति २०७७/०६/०४ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

प्रस्तुत मुद्दाका प्रतिवादी सुचिन्द्रप्रसाद यादव वादी तथा जाहेरवाला दुर्गा दाहाल समेत भएको कीर्ते मुद्दा काठमाण्डौ जिल्ला अदालतमा दायर भएको र सो कीर्ते मुद्दा फौसला भए पछि जगाई कार्वाही किनारा गर्ने

गरी यस न्यायाधिकरणबाट मिती २०७४/११/२९ मा मुलतवी रहेकोमा काठमाण्डौ जिल्ला अदालतमा दायर भएको उपरोक्त कीर्ते मुद्दा मिति २०७६/१०/१६ मा फैसला भई सो फौसलाको प्रमाणित प्रतिलिपि मिसिल साथ पेस भएको देखिएकोले प्रस्तुत मुद्दा मल्तवीबाट जगाई दिएको छ । मूल दायरीमा दर्ता गरी मूल्तवी रहदाको अवस्थामा रुजु हाजिर रहेका प्रतिवादीका नाममा दिन ७ को जनाउ म्याद जारी गरी यो आदेशको जानकारी विषेश सरकारी वकील कार्यालय काठमाण्डौलाई दिई नियमानुसार गर्नु भन्ने यस न्यायाधिकरणको आदेश ।

## १६. कीर्ते मुद्दाको फैसलाको प्रतिलिपि मिसिल सामेल रहेकोः-

दावीको लिखत उपर सुचिन्द्र प्रसाद यादवले दुर्गा दाहाल समेत दायर गरेको मुद्दा नं. ०७४-PC-४११३ को कीर्ते मुद्दामा मिति २०७६/१०/१६ मा काठमाण्डौ जिल्ला अदालतबाट भएको फैसलाको प्रतिलिपी मिसिल सामेल रहेको ।

## ठहर खण्ड

१७. नियम बमोजिम साप्ताहिक दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्धान उपन्यायाधिवक्ता श्री उर्मिला दाहालले प्रतिवादी सुचिन्द्रप्रसाद यादवले जाहेरवाला दुर्गा दाहाललाई वैदेशिक रोजगारिका लागि विदेश अमेरीका पठाई दिने भनी विश्वास दिलाई रकम लिई वैदेशिक रोजगारमा नपठाएको र लिएको रकम समेत फिर्ता नगरेको भनी प्रतिवादी उपर किटानि जाहेरी परेको, प्रतिवादीले जाहेरवालालाई वैदेशिक रोजगारका लागी अमेरिका पठाइदिने भनी रकम बुझि लिइ फिर्ता समेत नगरेका हुँदा प्रतिवादीलाई अभियोग दावी बमोजिम सजाय गरी जाहेरवालाको विगो र हर्जाना समेत दिलाई पाऊँ भनी बहस गर्नु भयो ।

१८. प्रतिवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रामबहादुर खड्काले मेरो पक्षले जाहेरवालालाई वैदेशिक रोजगारिमा अमेरीका पठाइदिने भनी कुनै रकम कलम लिएका छैनन्, अनुसन्धानका क्रममा र यस न्यायाधिकरणमा बकपत्र गर्दा समेत मेरो पक्षको इन्कारी बयान, दावीको लिखत कीर्ते ठहरी काठमाण्डौ जिल्ला अदालतबाट भएको फैसला समेतबाट मेरो पक्ष निर्दोष रहेका हुँदा निजलाई आरोपित कसूरबाट सफाइ दिलाई पाऊँ समेत भनी गर्नु भएको बहस जिकिर सुनियो ।

१९. यसमा वादी नेपाल सरकार तर्फबाट प्रतिवादी सुचिन्द्रप्रसाद यादवले वैदेशिक रोजगार व्यवसाय गर्न पाउने ईजाजत नलिई जाहेरवालालाई वैदेशिक रोजगारीका लागि अमेरीका पठाउँछु भनी झुट्टा आश्वासन दिई प्रलोभनमा पारी रकम लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेका हुँदा प्रतिवादीलाई सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवाला दुर्गा दाहालको विगो रू. २०,००,०००|- (वीस लाख) र सो को ५० प्रतिशत हर्जाना समेत भराई पाउन अभियोग दावी लिएकोमा प्रतिवादी

सुचिन्द्रप्रसाद यादवले अनुसन्धानका क्रममा र यस न्यायाधिकरणमा बयान गर्दा जाहेरवालालाई मैले अमेरीका पठाउने भनी कुनै रकम लिएको छैन मलाई अभियोग मागदावी बमोजिम सजाय हुन पर्ने होइन भनी इन्कार रही बयान ब्यहोरा लेखाएको देखिन्छ ।

२०. उपर्युक्त तथ्य, अभियोग दावी एवं बहस बुंदा रहेको प्रस्तुत मुद्दामा प्रतिवादी सुचिन्द्रप्रसाद यादवले वैदेशिक रोजगार ब्यबसाय गर्ने इजाजत प्राप्त नगरी जाहेरवालालाई वैदेशिक रोजगारीमा अमेरीका पठाई दिने भनी प्रलोभनमा पारी विश्वास दिलाई रकम लिई अभियोग दावीको कसूर गरेका हो, होईन ? निर्णय दिनुपर्ने देखिन आयो ।

२१. निर्णय तर्फ विचार गर्दा, प्र.सुचिन्द्रप्रसाद यादवले वैदेशिक रोजगारका लागि अमेरीका मुलुकमा पठाई रोजगारी दिलाई दिन्छु भनी विभिन्ने प्रलोभन र झुठ्ठा आश्वाशन देखाई भ्रममा पारी रू. २०,००,०००।- (वीस लाख) बुझिलिई वैदेशिक रोजगारीमा नपठाई लिएको रकम समेत फिर्ता नदिई भागी हिंडेकोले प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम कारबाही गरी साँवा रू.२०,००,०००।- (वीस लाख) र सो को ५० प्रतिशत क्षतीपुर्ती रू. १०,००,०००।- (दश लाख) गरी कुल रू.३०,००,०००।- (तीस लाख) दिलाई भराई पाऊँ भन्ने व्यहोराको दुर्गा दाहालको जाहेरी दरखास्तको आधारमा अनुसन्धान तहकिकात भएकोमा वादीले गबाह/जाहेरवालालाई बकपत्रका लागि यस न्यायाधिकरणमा उपस्थित गराउन सकेको देखिदैन । वादीको गबाह/जाहेरवालालाई बकपत्रका लागि उपस्थित हुन तत्काल प्रचलित मुलुकी ऐन, अदालतती बन्दोवस्तको ११५ नं. बमोजिम यस न्यायाधिकरणबाट म्याद जारी हुँदा समेत जाहेरवाला बकपत्रका लागि उपस्थित भएको देखिन आएन ।

२२. प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम, घटना वा अवस्थाका सम्वन्धमा भएको तहकिकात वा जाँचवुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने कानूनी व्यवस्था रहेको छ । उक्त कानूनी ब्यवस्था अनुरूप वादी पक्षले जाहेरवालालाई उपस्थित गराई बकपत्र गराउन नसकेको र यस न्यायाधिकरणबाट जारी भएको म्यादमा समेत जाहेरवाला उपस्थित भएको नदेखिंदा दुर्गा दाहालको मौकाको जाहेरी दरखास्त मात्र प्रतिवादीका बिरूद्ध प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने अवस्था देखिएन ।

२३. जाहेरवालाले आफूलाई वैदेशिक रोजगारीमा अमेरीका पठाइ दिने भनी प्रतिवादीले रकम लिइ गरी दिएको भनीएको मिति २०७३/०२/०२ मा गरी दिएको भनिएको दावीको लिखत "... लिखतमा भएको ल्याप्चे छापहरू यी वादीको नमुना ल्याप्चे छापहरूसँग मिल्दैनन् भनी आएको परिक्षण प्रतिवेदन तथा विशेषज्ञको बकपत्र समेतका मिसिल संलग्न प्रमाणहरूबाट यी प्रतिवादीहरू मध्ये मुख्य कारणी दुर्गा दाहाल भई प्रतिवादीहरू सिता दाहाल र सरस्वती अधिकारी साक्षी वसी प्रतिवादी दुर्गा दाहालालाई फाइदा हुने गरी वादीको हस्ताक्षर तथा सहिछाप समेत कीर्ते गरी वैदेशिक रोजगारको लेनदेनको कागज

बनाउने कार्य तत्कालिन मुलुकी ऐन, कीर्ते कागजको महलको १ नं. तथा मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ (२) बमोजिमको कसूर गरेको शंका रहित तवरबाट पुष्टि हुन आएको देखिँदा मुख्य कारणी प्रतिवादी दुर्गा दाहाललाई तत्कालिन मुलुकी ऐन, कीर्ते कागजको महलको १ नं. बमोजिमको कसूरमा सोही महलको ७ नं. बमोजिम रू. १०,००,०००।- (दश लाख) जरिवाना हुने ठहर्छ ..." भनी काठमाण्डौ जिल्ला अदालतबाट कीर्ते ठहरी फैसला भएको देखिंदा उक्त लिखत प्रमाणको रुपमा ग्रहण गर्न मिलेन।

२४. प्रमाण ऐन, २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीको हुनेछ" भन्ने कानूनी ब्यवस्था रहेको देखिन्छ। यस कानूनी ब्यबस्थाबाट फौजदारी कसूरमा प्रतिवादी उपरको कसूर सन्देहरहित तवरले प्रमाणित गर्ने दायित्व वादीमा रहनेमा द्विविधा रहेन। प्रस्तुत मुद्धामा वादीले गबाह/जाहेरवाला उपस्थित गराई बकपत्र गराउन नसकेको हुँदा बस्तुनिष्ठ प्रमाणको अभावमा प्रतिवादीले कसूर गरेको ठहर गर्न न्यायोचित हुने देखिएन।

२५. अत: उक्त विश्लेषित आधार, कारण, प्रमाण र कानूनी ब्यवस्था समेतबाट फौजदारी मुद्दामा प्रतिवादी उपरको कसूर प्रमाणित गर्ने भार वादीमा रहनेमा वादीको गवाह जाहेरवाला बकपत्रको लागि उपस्थित नभएको र अभियोग दावी साथ पेश भएको लिखत समेत कीर्ते मुद्दा परी कीर्ते ठहरी फैसला भएको देखिएकोले प्रतिवादी सुचिन्द्रप्रसाद यादवलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूरमा सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाको विगो र हर्जाना समेत दिलाई पाऊँ भन्ने वादीको अभियोग दावी पुग्न नसकी प्रतिवादी सुचिन्द्रप्रसाद यादवले सफाई पाउने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नू।

**तपसिल**

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी सुचिन्द्रप्रसाद यादवले अभियोग दाबीबाट सफाई पाउने ठहरेकोले प्रस्तुत फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी विशेष सरकारी वकील कार्यालय, काठमाडौंलाई फैसलाको प्रतिलिपी साथै राखी पुनरावेदनको म्याद दिनू ................................ १

प्रतिवादी सुचिन्द्रप्रसाद यादवले मुद्दा पूर्पक्षका क्रममा धरौटी रसिद नं. २५३ मिति २०७३/०९/२८ मा यस न्यायाधिकरणमा राखेको धरौटी फिर्ता पाऊँ भनी फैसला अन्तिम भएपछि म्याद भित्र निवेदन दिएमा फिर्ता दिनु भनी फैसलाको जानकारी यस न्यायाधिकरणको लेखा शाखालाई दिनू ........... २

प्रस्तुत फैसला अन्तिम भएपछि प्रकरण २ का लागी प्रतिवादी सुचिन्द्रप्रसाद यादवलाई जानकारी दिनू .... ३

प्रस्तुत फैसलाको जानकारी वादी मार्फत् जाहेरवालालाई दिनू............................................ ४

प्रस्तुत फैसला विद्युतीय प्रति सूचना प्रविधिमा अभिलेख सुरक्षित गरी पीठमा जनाउनू............... ५

सरोकारवालाले नक्कल माग गरेमा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ५३ को प्रक्रिया पूरा गरी प्रमाणित प्रतिलिपि दिनू................................................................. ६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टी गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू........................ ७

**प्रेमकुमार राई**
(सदस्य)

उक्त रायमा सहमत छौँ।

**रमा देवी पराजुली**
(सदस्य)

**रमेशकुमार खत्री**
(अध्यक्ष)

**फैसला तयार गर्न सहयोग पुऱ्याउने**
इजलास अधिकृतः दुर्गादत्त लम्साल
फैसला मितिः- २०७७/०८/२३/३

श्री

# वैदेशिक रोजगार न्यायाधिकरण

## इजलास

## माननीय अध्यक्ष श्री रमेशकुमार खत्री

## सदस्य श्री रमा देवी पराजुली

## फैसला

**मुद्दा नं.** ०७५-FT-०५५१
कसूर निर्धारण नं. ३५
निर्णय नं. ६५

## मुद्दाः वैदेशिक रोजगार कसूर ।

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| जिल्ला सिन्धुपाल्चोक साविक तातोपानी गा.वि.स. वडा नं. १ हाल परिवर्तित भोटेकोशी गा.पा. वाडा नं. २ बस्ने, बाबु शेर्पाको नाति, सोनाम शेर्पाको छोरा, बर्ष ४० को टासी शेर्पाको जाहेरीले नेपाल सरकार...**१** | कुल प्रसाद नेपालको नाती विश्वमणी नेपालको छोरा जिल्ला काठमाण्डौ काठमाणडौ महानगरपालिका वडा नं. ४ जनमार्ग लोहसाल बस्ने वर्ष ४५ को शंकर प्रसाद नेपाल.........१ |

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार भित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ ।

१. **जाहेरी दरखास्त व्यहोराः**

प्रतिवादी शंकर प्रसाद नेपालले म जाहेरवाला टासी शेर्पालाई वैदेशिक रोजगारको लागी मासिक ने.रू.२,५०,०००।– तलब हुने गरी अमेरिका देशमा पठाई रोजगार दिलाई दिन्छु भनी झुठ्ठा आश्वासनमा पारी पटक पटक गरी जम्मा रकम रू.९,७५,०००।– (नौ लाख पचहत्तर हजार) र राहदानी बुझिलिई वैदेशिक रोजगारमा नपठाईदिएको र लिए खाएको रकम समेत फिर्ता नगरेको हुँदा विपक्षीलाई पक्राउ गरी विगो र क्षतिपूर्ति रकम दिलाई भराई पाऊँ भन्ने व्यहोराको जाहेरवाला टासी शेर्पाले दिएको मिति २०७६।०१।०६ गतेको जाहेरी दरखास्त ।

२. **सक्कल लिखत कागजः**

प्रतिवादी शंकर प्रसाद नेपालले जाहेरवाला टासी शेर्पालाई वैदेशिक रोजगारको लागि अमेरिका देशमा पठाईदिने भनी जाहेरवालाबाट रू.९,७५,०००।–(नौ लाख पचहत्तर हजार) बुझिलिई मिति २०७५।०६।१२

गते गरिदिएको लिखत कागज।

### ३. साक्षी लाक्पा छिरिङ शेर्पाले गरिदिएको कागज:

जाहेरवाला टासी शेर्पालाई अमेरिका मुलुकमा पठाई रोजगार लगाई दिने भनी प्रतिवादी शंकर प्रसाद नेपालले जाहेरवालाबाट रू.९,७५,०००।–(नौ लाख पचत्तर हजार) मेरो सामुन्ने मै बुझिलिएको ठिक साँचो हो। जाहेरवालाबाट उक्त रकम बुझिलिई निज प्रतिवादी शंकर प्रसाद नेपालले म समेत साक्षीको रोहोबरमा जाहेरवालालाई वैदेशिक रोजगारको लिखत कागज समेत गरिदिएका हुन। यसरी रकम बुझिलिई जाहेरवालालाई भने बमोजिम वैदेशिक रोजगारमा नपठाईदिने र लिए खाएको रकम समेत फिर्ता नगर्ने प्रतिवादी शंकर प्रसाद नेपालबाट यी जाहेरवालाको विगो र हर्जाना रकम दिलाई भराई पाऊँ भन्ने व्यहोराको साक्षी लाक्पा छिरिङ शेर्पाले गरिदिएको मिति २०७६।०१।०६ को कागज।

### ४. जाहेरवाला टासी शेर्पाले गरिदिएको कागज:

जाहेरी दरखास्त व्यहोरा सत्य साँचो हो। प्रतिवादी शंकर प्रसाद नेपालले म जाहेरवाला टासी शेर्पालाई वैदेशिक रोजगारको लागि अमेरिका मुलुक पठाई दिन्छु भनी रू.९,७५,०००।– बुझिलिएको ठिक साँचो हो। यसरी रकम हात पारी निज विपक्षीले वैदेशिक रोजगारमा पठाईदिने तर्फ कुनै कार्य नगरी सम्पर्क विहिन भएको हुँदा अन्यायमा परी यस विभाग समक्ष उजुरी दिन आएको हुँ। निज विपक्षीबाट मेरो बिगो र हर्जाना रकम समेत दिलाई भराई विपक्षीलाई कानून बमोजिम कारवाही गरी पाऊँ। जाहेरी दरखास्त साथ पेश भएको मिति २०७५।०६।१२ को लिखत कागजको व्यहोरा सत्य साँचो हो। विपक्षी शंकर प्रसाद नेपालले म जाहेरवाला टासी शेर्पालाई वैदेशिक रोजगारको लागि अमेरिका मुलुक पठाई दिन्छु भनी रकम बुझिलिई मिति २०७५।०६।१२ को लिखत कागज समेत प्रतिवादीले आफु राजीखुशी साथ गरिदिएका हुन। लिखत कागजमा रकम बुझाउने टासी शेर्पा नाम मेरो नै हो। म जाहेरवालालाई निज विपक्षी शंकर नेपालले रू.२,००,०००।–(दुई लाख) फिर्ता गरेको ठिक साँचो हो। तर उक्त रकम ९,७५,०००।– बाहेकको रकम हो। निजले मलाई फिर्ता गर्नुपर्ने विगो रकम रू.९,७५,०००।– हो भनी जाहेरवाला टासी शेर्पाले गरिदिएको कागज।

### ५. प्रतिवादी शंकर प्रसाद नेपालले गरेको बयान:

जाहेरवाला टासी शेर्पासँग चिनजान छ, लेनदेन छ, नाता, रिसईवी छैन। जाहेरवालाको जाहेरी दरखास्तको व्यहोरा केही मात्र सत्य हो। निज जाहेरवालालाई वैदेशिक रोजगारको लागि अमेरिका पठाईदिन्छु भनी रू.९,७५,०००।– बुझिलिएको भन्ने कुरा सरासर झुठ्ठा हो। मैले निजसँग घर खर्चको लागि जम्मा रकम रू.५,००,०००।– लिएको हो। सो रकम मध्ये मैले निजलाई रू.४,००,०००।– फिर्ता गरिसकेको छु। यी जाहेरवालाले मानिसहरू लगाई मलाई जवरजस्ती वैदेशिक रोजगारको कागज गराई लगेका हुन। सोही कागजको आधारमा निजले मेरो विरुद्धमा झुठ्ठा उजुरी दिएका हुन्। उक्त जबरजस्ती गराएको मिति २०७५।०६।१२ को लिखत कागजको सम्बन्धमा मैले कुनै अड्डा अदालतमा उजुरी गरेको छैन। उजुरी

गर्नु पर्छ भनेर मलाई ज्ञान भएन । जाहेरवाला टासी शेर्पाले जाहेरीसाथ पेश गरेको मिति २०७५।०६।१२ को लिखत कागज देखाउँदा देखे, सो लिखत कागजमा भएको नाम थर र सहीछाप मेरो नै हो, हेरी सनाखत गरिदिएँ । तर उक्त लिखत कागज निज जाहेरवालाले मानिस लगाई ज्यान मार्ने धम्की दिई सहीछाप गराई लगेका हुन भन्ने व्यहोराको प्रतिवादी शंकर प्रसाद नेपालले गरेको बयान ।

## ६. अभियोगः

प्रतिवादी शंकर प्रसाद नेपालले वैदेशिक रोजगार व्यवसाय संचालन गर्ने अनुमति नलिई जाहेरवाला टासी शेर्पालाई वैदेशिक रोजगारीको लागी अमेरिका पठाई दिन्छु भनी झुठ्ठा आश्वासन दिई प्रलोभन देखाई जाहेरवालाबाट पटक पटक गरी जम्मा रकम रू.९,७५,०००।– (नौ लाख पचहत्तर हजार) बुझिलिई भने वमोजिम वैदेशिक रोजगारीमा नपठाई लिएको रकम फिर्ता समेत नगरी प्रतिवादी शंकर प्रसाद नेपालले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरितको कसूर अपराध गरेकोले प्रतिवादीलाई सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाबाट लिए खाएको विगो रू.९,७५,०००।- (नौ लाख पचहत्तर हजार ) र सो विगोको ५० प्रतिशतले हुने हर्जाना रकम रू.४,८७,५००।– (चार लाख सतासी हजार पाँच सय)समेत जम्मा रू.१४,६२,५००।– प्रतिवादीबाट जाहेरवाला टासी शेर्पालाई दिलाई भराई पाऊँ भन्ने समेत व्यहोराको अभियोग दावी ।

## ७. प्रतिवादी शंकर प्रसाद नेपालले यस न्यायाधिकरणमा गरेको बयान

मलाई मिसिल संलग्न अभियोग पत्र समेतका सम्पुर्ण कागजातहरू पढिवाची सुनाउँदा सुनिपाएँ, मैले जाहेरवाला टासी शेर्पालाई वैदेशिक रोजगारमा अमेरिका मुलुकमा पठाउने भनेर आश्वासन दिएको छैन र विदेश पठाउने भनेर रकम समेत लिएको छैन । मेरो आमाको टाउकोको अप्रेसन गर्नको लागि २०,३० लाख जति रकम जम्मा गर्नु पर्ने भएकाले मैले चिनजानेका साथीभाइसँग मैले घरायसी लेनदेन स्वरुप रकम लिएको थिए । जाहेरवाला टासी शेर्पासग मैले मेरो साथीहरूमार्फत् चिनेको हु, निज जाहेरवाला मिटर व्याजमा रकम सापट दिने व्यक्ति हुन । जाहेरवाला टासी शेर्पाबाट मैले रू. पाच लाख मिटर व्याजमा लिएको थिए । निजसग लिएको रकम मध्ये दुई लाख दश हजार एभरेष्ट बैंकको चेक मार्फत् फिर्ता गरेको छु । र आई.एम.ई. मार्फत् ४५,०००।– र वाकी एक लाख पैतालिस हजार रूपैयाँ नगद गरी जम्मा रकम रू. चार लाख रूपैयाँ फिर्ता गरेको छु । निजसग लिएको रकमको मैले १ वर्षसम्म नियमित व्याज समेत बुझाईरहेको थिए, आपसी विश्वासमा कारोवार भएकाले गर्दा मैले कुनै लिखित रुपमा रकम लिएको तथा फिर्ता गरेको कागज गरेको थिएन।जाहेरवाला टासी शेर्पालाई मैले समयमै सावा रकम रू. एक लाख र मिटर व्याजले हुन आउने रकम फिर्ता गर्न नसकेकाले निज जाहेरवालाले डरधम्की दिई जवरजस्ती वैदेशिक रोजगारको लिखत कागजमा सहीछाप गर्न लगाएका हुन । जाहेरवाला टासी शेर्पाले मेरो एभरेष्ट वैक र सनराईज वैकका चेकहरू जवरजस्ती सही गर्न लगाई लगेका छन् । मैले हालसम्म कोही कसैलाई वैदेशिक रोजगारमा वैदेशिक रोजगारमा पठाउने भनेर रकम तथा पासपोर्ट लिएखाएको छैन । मलाई लागेको आरोप झुटो हो भन्ने समेत व्यहोराको प्रतिवादी शंकर प्रसाद नेपालले यस न्यायाधिकरणमा गरेको बयान ।

**८. यस न्यायाधिकरणबाट भएको थुनछेक आदेशः**

तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादी कसूरदार होइन रहेनछन् भन्न सकिने अवस्था नदेखिँदा पछि प्रमाण वुझ्दै जादा ठहरे वमोजिम हुने गरी हाल यी प्रतिवादी शंकर प्रसाद नेपालबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र दफा ७२ बमोजिम रू.२,००,०००।-(दुई लाख रूपैयाँ) धरौट, जमानत वा बैंक जमानत लिई तारेखमा राख्नु र माग भएको धरौट, जमानत वा बैंक जमानत दिन नसकेमा ऐ. संहिताको दफा ६८(२) बमोजिम कानून बमोजिमको सिधा खान पाउने गरी थुनुवा पुर्जी दिई थुनामा राख्न कारागार कार्यालयमा पठाईदिनू भन्ने समेत व्यहोराको यस न्यायाधिकरणबाट भएको थुनछेक आदेश।

**९. जाहेरवाला टासी शेर्पा यस न्यायाधिकरण समक्ष गरेको बकपत्रः**

प्रतिवादी शंकर प्रसाद नेपालले मलाई वैदेशिक रोजगारीमा विदेश अमेरिका पठाई दिने भनी पटक पटक रू. ९,७५,००० । (नौ लाख पचहत्तर हजार) नगदै रकम बुझी लिएका हुन। मासिक दुई लाख पचास हजार कमाई हुन्छ भनी विश्वासमा दिलाएकाले रकम बुझाएको हो। निज प्रतिवादीले मलाई वैदेशिक रोजगारीमा पठाएनन्। हालसम्म पनि मेरो रकम फिर्ता दिएका छैनन्। निज प्रतिवादीबाट बिगो रकम सो को ब्याज समेत दिलाई निजलाई कैद तथा जरिवाना गरी पाऊँ भन्ने समेत व्यहोरा लेखाई जाहेरवाला शंकर प्रसाद नेपालले यस न्यायाधिकरण समक्ष गरेको बकपत्र।

**१०. वादी साक्षी लाक्पा छिरिङ शेर्पाले यस न्यायाधिकरण समक्ष गरेको बकपत्रः**

प्रतिवादी शंकर प्रसाद नेपालले जाहेरवालालाई वैदेशिक रोजगारीमा विदेश अमेरिका पठाई दिने भनी पटक पटक रू. ९,७५,००० । (नौ लाख पचहत्तर हजार) नगदै रकम बुझी लिएका हुन्। उक्त रकम मेरो सामुन्नेमा लेनदेन भएको हो प्रतिवादीलाई अभियोग दावी बमोजिम सजाय हुनु पर्ने हो जाहेरवालाले बिगो र सोको हर्जना समेत भराई पाउने हो भन्ने समेत व्यहोरा लेखाई वादीका साक्षी लाक्पा छिरिङ शेर्पाले यस न्यायाधिकरण समक्ष गरेको बकपत्र।

**११. कसूर ठहरः**

प्रतिवादी शंकर प्रसाद नेपालले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिई जाहेरवाला टासी शेर्पालाई वैदेशिक रोजगारीको लागि अमेरिका पठाईदिन्छु भनी रकम लिई भने बमोजिम वैदेशिक रोजगारीमा नपठाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम कसूर गरेको ठहर्छ। प्रतिवादीलाई दफा ४३ बमोजिम हुने सजाय, भराउनु पर्ने विगो र हर्जाना समेतको सजाय निर्धारण सम्बन्धि सुनुवाईको लागी फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वय) ऐन, २०७४ को दफा १२ बमोजिम पेश गर्नू भन्ने समेत बेहोराको मिति २०७७।०८।१७ मा यस न्यायाधिकरणबाट भएको कसूर ठहर निर्णय।

## ठहर खण्ड

१२. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौँका विद्वान् उपन्यायाधिवक्ता श्री उर्मिला दाहालले प्रतिवादी शंकर प्रसाद नेपालले जाहेरवालालाई वैदेशिक रोजगारिका लागि अमेरिका पठाई दिने भनी आश्वासन दिई प्रलोभन देखाई रकम लिई वैदेशिक रोजगारीका लागि अमेरिका नपठाई लिए खाएको रकम समेत फिर्ता नगरेको भनी प्रतिवादी उपर परेको किटानी जाहेरी लिखत र जाहेरवाला समेतको बकपत्रबाट पुष्टि भएको हुँदा प्रतिवादीलाई अभियोग दाबी बमोजिम सजाय गरी जाहेरवालाको विगो र हर्जाना समेत दिलाई भराई पाऊँ भनी गर्नुभएको बहस सुनियो । त्यस्तै जाहेरवाला टासी शेर्पाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री विरवलकाजी राई र श्री दुर्गा बहादुर घलेले प्रतिवादी शंकर प्रसाद नेपालले मेरो पक्षलाई वैदेशिक रोजगारिका लागि अमेरिका पठाई दिने भनी आश्वासन दिई प्रलोभन देखाई लिखत गरी रकम लिएको र प्रतिवादीले भने बमोजिमको समयसम्म पनि वैदेशिक रोजगारीका लागि अमेरिका नपठाई लिए खाएको रकम समेत फिर्ता नगरेको भनी प्रतिवादी उपर किटानी जाहेरी परेको छ । जाहेरवालाको बकपत्र एवं लिखत प्रमाण समेतबाट अभियोग दाबी पुष्टि भएको हुँदा प्रतिवादीलाई अभियोग दाबी बमोजिम सजाय गरी मेरो पक्षको विगो र हर्जाना समेत दिलाई भराई पाऊँ भनी गर्नुभएको बहस समेत सुनियो ।

१३. त्यस्तै प्रतिवादी शंकर प्रसाद नेपालको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री लक्ष्मी प्रसाद मैनालीले मेरो पक्षले अनुसंधानको क्रम देखि कै बयानमा आमाको उपचार गराउन जाहेरवालाबाट घरायसी लेनदेन स्वरुप रकम लिई उक्त रकम मध्ये केही रकम समेत फिर्ता गरी सकेको अवस्थामा निजलाई पेश भएको लिखतमा जवरजस्ती सही गराएको हो भनी उल्लेख गरेका छन् । यसबाट मेरो पक्षलाई लागेको आरोप शंकारहितरुपमा पुष्टी हुन सक्दैन । यस्तो अवस्थामा मेरो पक्षलाई अभियोग दाबी बमोजिम सजाय गर्न मिल्दैन प्रतिवादीले सफाई पाउनु पर्दछ भनी गर्नुभएको बहस समेत सुनियो ।

१४. यसमा वादी नेपाल सरकार तर्फबाट प्रतिवादी शंकर प्रसाद नेपालले वैदेशिक रोजगार व्यवसाय गर्न पाउने इजाजत पत्र नलिई जाहेरवाला टासी शेर्पालाई वैदेशिक रोजगारीका लागि अमेरिका पठाई दिन्छु भनी झुट्टा आश्वासन दिई प्रलोभन देखाई रकम लिई प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेका हुँदा प्रतिवादीलाई सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाको बिगो रू.९,७५,०००।- र सोको ५० प्रतिशत हर्जाना समेत गरी जम्मा रू.१४,६२,५००।- दिलाई भराई पाउन अभियोग दावी लिएकोमा प्रतिवादी शंकर प्रसाद नेपालले यस न्यायाधिकरणमा बयान गर्दा मैले जाहेरवाला टासी शेर्पालाई वैदेशिक रोजगारमा अमेरिका मुलुकमा पठाउने भनेर आश्वासन दिएको र रकम लिएको छैन । मेरो आमाको टाउकोको अप्रेसन गर्नको लागि बीस तीस लाख जति रकम मैले चिनजानेका साथीभाइसँग घरायसी लेनदेन स्वरुप रकम लिएको थिए । जाहेरवाला मिटर व्याजमा रकम सापट दिने व्यक्ति हुन । जाहेरवाला टासी शेर्पाबाट मैले रू. पाच लाख मिटर व्याजमा लिएको थिए । सो मध्ये रू. चार लाख रूपैयाँ फिर्ता

गरेको छु । अरु रकम मैले समयमै साँवा रकम फिर्ता गर्न नसकेकाले सो रकमको मिटर व्याज समेत जोडी जवरजस्ती वैदेशिक रोजगारको लिखत कागजमा सहीछाप गर्न लगाएका हुन् भनी कसूरमा इन्कार रही बेहोरा लेखाएको देखिन्छ ।

१५. उपरोक्त अभियोग दाबी, प्रतिवादीको बयान र दुबै पक्षका कानून व्यवसायीहरूको बहस सुनी प्रस्तुत मुद्दामा देहायका प्रश्नको निरोपण गर्नुपर्ने देखियो ।

१) प्रतिवादी शंकर प्रसाद नेपालले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति पत्र नलिई जाहेरवालालाई रोजगारीका लागि अमेरिका(यु.एस.ए.) पठाई दिने भनी रकम लिई अभियोग दाबीको कसूर गरेका हुन्, होइनन्?

२) प्रतिवादीले अभियोग दाबी बमोजिमको कसूर गरेको भए निजलाई के कति सजाय हुनुपर्ने हो?र जाहेरवालाहरूले बिगो हर्जाना रकम भरी पाउने हो, होइन?

१६. सम्बद्ध मिसिल अध्ययन गरी प्रथम पश्नको निरोपणतर्फ विचार गर्दा, प्रतिवादी शंकर प्रसाद नेपालले जाहेरवाला टासी शेर्पालाई वैदेशिक रोजगारीका लागि अमेरिका पठाउने भनी झुट्टा आश्वासन दिई प्रलोभन देखाई जाहेरवालाबाट रू.९,७५,०००।- (नौ लाख पचहत्तर हजार रूपैयाँ) बुझी लिई वैदेशिक रोजगारमा नपठाएको र रकम समेत फिर्ता नगरेको भनी प्रतिवादी उपर किटानी जाहेरी परेकोमा बुझिएका वादीका साक्षी लाक्पा छिरिङ शेर्पाले मौकामा कागज गर्दा र यस न्यायाधिकरणमा बकपत्र गर्दा जाहेरवाला टासी शेर्पालाई अमेरिका(यु.एस.ए.) मुलुकमा पठाई रोजगारीमा लगाई दिने भनी प्रतिवादी शंकर प्रसाद नेपालले जाहेरवालाबाट रू. ९,७५,०००।- (नौ लाख पचहत्तर हजार रूपैयाँ) बुझिलिएको हो । रकम बुझि लिएपछि जाहेरवालालाई प्रतिवादीले भने बमोजिम वैदेशिक रोजगारीमा नपठाएका र लिए खाएको रकम समेत फिर्ता गरेका छैनन् भन्ने समेत व्यहोरा लेखाएको देखिन्छ । साथै वादीका गवाह जाहेरवाला टासी शेर्पाले यस न्यायाधिकरणमा बकपत्र गर्दा प्रतिवादीले मासिक दुई लाख पचास हजार कमाई हुने गरी वैदेशिक रोजगारका लागि अमेरिका(यु.एस.ए.) पठाई दिन्छु भनी विश्वासमा दिलाएकाले रू. ९,७५,००० । (नौ लाख पचहत्तर हजार) प्रतिवादीलाई बुझाएकोमा निजले भने बमोजिम वैदेशिक रोजगारीमा नपठाएको र रकम पनि फिर्ता नगरेको भनी मौकाको जाहेरी र कागजमा उल्लेखित बेहोरा पुष्टि गर्ने गरी प्रतिवादी उपर गडाउ गरी बकपत्र गरेको देखिन्छ ।

१७. प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने व्यवस्था रहेकाले वादीका गबाह/जाहेरवाला टासी शेर्पा र साक्षी लाक्पा छिरिङ शेर्पाले मौकाको जाहेरी बेहोरा खम्बीर हुने गरी बकपत्रमा लेखाएको उपरोक्त बेहोरा प्रतिवादीका बिरुद्ध प्रमाणमा ग्राह्य हुने देखियो ।

१८. वादीले अभियोग पत्रसाथ पेश गरेको लिखत हेर्दा, मिति ०७५।६।१२ को लिखतमा शंकर प्रसाद नेपालले

वैदेशिक रोजगारका लागि अमेरिका पठाउन भनी टासी शेर्पाबाट रू.९,७५,०००।– बुझि लिएकोमा टासी शेर्पालाई वैदेशिक रोजगारीमा अमेरिका पठाउन नसकेकोले आजका मितिबाट १५ दिन भित्रमा रकम फिर्ता गर्नेछु। उल्लेखित अबधि भित्रमा सावा व्याज फर्काउन नसकेमा वैदेशिक रोजगार ऐन बमोजिम कारवाही गरी मेरो घर घरानाबाट तिर्न बुझाउन सहमत छु भन्ने समेतका ब्यहोरा उल्लेख भएको प्रतिवादीले यस न्यायाधिकरणमा समेत बयान गर्दा कसूर गरेकोमा ईन्कार रही जाहेरवालासँग आमाको उपचारका लागि लिएको रकम समयमै फिर्ता गर्न नसकेकाले जवरजस्ती लिखत कागजमा सही छाप गर्न लगाएका हुन् भनी जिकिर लिएको देखिए ता प्रतिवादीले सो ईन्कारी बयानलाई बस्तुनिष्ट प्रमाण पेश गरी पुष्टि गर्न सकेको देखिदैन। साथै प्रतिवादीले प्रस्तुत लिखतलाई बदर बातिल गराउन साधिकार निकायमा दाबी लिई उजूर गरेको वा तत्सम्बन्धी विवाद साधिकार निकायमा विचाराधीन रहेको भनी उल्लेख गरेको नदेखिदा सो लिखत अन्यथा प्रमाणित हुन सकेको वा हुने अवस्था रहे भएको देखिदैन।

१९. प्रमाण ऐन, २०३१ को दफा ७ (ग) मा "कुनै घटना मानिसहरूको आचरण वा काम-कारोवारको सामान्य क्रम बिचार गर्दा तर्कसँगत रूपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको पाइन्छ। कुनै पनि साधारण समझ भएको मानिसले अकारण फौजदारी कसूर लाग्ने वा आफ्नो चल अचल सम्पत्तिबाट भराउने गरी आर्थिक दायित्व व्यहोर्ने तवरले अरूलाई कुनै लिखत गरिदिने अवस्था हुँदैन।लिखत गरिदिनेले जानी बुझी नै लिखतमा सहीछाप गरेको हुन्छ भन्ने स्वाभाविक रूपमा न्यायिक अनुमान गरिने हुन्छ। प्रतिवादीले जिकिर लिए बमोजिम जोर जबरजस्ती गरी निजलाइ कागज गराएको भए ती लिखत बदर/वातिल गराउन प्रतिवादीको उजूर वाजूर पर्नु स्वाभाबिक हुनेमा त्यस्तो देखिन नआएकाले प्रतिवादीको जिकिरकै भरमा दावीको लिखतलाई अन्यथा भन्न सकिने अबस्था देखिएन।

२०. प्रमाणको मूल्याङ्कनमा लिखत प्रमाण महत्वपूर्ण हुन्छ। लिखत गैरकानूनी तवरले खडा गरिएको नदेखिएसम्म त्यस्तो लिखतको पालना पक्षहरूका हकमा अनिवार्य हुन जान्छ। लिखत प्रमाणका हकमा प्रमाण ऐन, २०३१ को दफा ३५ मा "कुनै लिखत वा लिखतमा उल्लेख भएको कुरा सो लिखत नै पेश गरी प्रमाणित गर्नुपर्छ" भन्ने व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दामा प्रमाणको रूपमा सक्कल लिखत नै पेश भएकाले सो लिखत प्रतिवादीका विरूद्ध प्रमाणमा ग्राह्य हुनेमा अन्यथा देखिएन।

२१. यसरी प्रतिवादी उपरको किटानी जाहेरी, दावीको लिखत र जाहेरवालाको बकपत्र समेतबाट प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत प्राप्त नगरी जाहेरवालालाई वैदेशिक रोजगारीमा पठाई दिने भनी प्रलोभनमा पारी विश्वास दिलाई रकम लिई वैदेशिक रोजगार सम्बन्धी व्यवसाय गरी तत्सम्बन्धी कसूर गरेको पुष्टि भएको देखियो।

२२. अतः विवेचित उपरोक्त आधार र कारणबाट प्रतिवादी शंकर प्रसाद नेपालले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिई जाहेरवालालाई वैदेशिक रोजगारीमा पठाईदिन्छु भनी रकम लिई भने बमोजिम वैदेशिक रोजगारीमा नपठाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसूर गरेको ठहर्छ।

## सजाय निर्धारण

२३. प्रतिवादी शंकर प्रसाद नेपाललाई के कति सजाय हुने हो र जाहेरवालाले प्रतिवादीबाट के कति विगो रकम भराई लिन पाउने हो भन्ने दोश्रो पश्नको सम्बन्धमा बिचार गर्दा, यस मुद्दामा प्रतिवादी शंकर प्रसाद नेपालले वैदैशिक रोजगार ऐन, २०६४ को दफा ४३ को कसूर गरेको ठहर भएकोमा बिशेष सरकारी वकील कार्यालय काठमाण्डौंबाट पेश भएको सजाय पूर्वको प्रतिबेदन समेत अध्ययन गरी पीडितको बिगो समेतको आधारमा प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम रू.१,७५,०००।- (एक लाख पचहत्तर हजार रूपैयाँ) जरिवाना र १।९।०(एक वर्ष नौ महिना) कैद गर्न मनासिब हुने देखियो ।

२४. वादीले जाहेरवालालाई बिगो रू.९,७५,०००।- र सोको पचास प्रतिशत हर्जाना रकम भराई दिन दावी लिएकोमा अभियोग दावीसाथ जाहेरवाला टासी शेर्पाले पेश गरेको लिखतमा प्रतिवादीले जाहेरवालाबाट रू. ९,७५,००० । (नौ लाख पचहत्तर हजार) लिएको देखिएता पनि प्रतिवादीले जाहेरवालालाई रू. २,४५,००० । (दुई लाख पैतालिस हजार) बुझाएको स्टेटमेन्ट र आइ.एम.इ. भौचर बयान साथ पेश गरेको देखिदा जाहेरवालाको बिगो रू. ७,३०,०००।- कायम गरी बिगो र सोको ५० प्रतिशत हर्जाना समेत जाहेरवालालाई भराउन मिल्ने देखिन आयो ।

२५. अत: उपरोक्त आधार र कारणबाट यसमा प्रतिवादी शंकर नेपाललाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम जरिवाना रू.१,७५,०००।– र १ वर्ष ९ महिना कैद सजाय हुने ठहर्छ । जाहेरवाला टासी शेर्पाको विगो रू. ७,३०,०००।-(सात लाख तीस हजार) र सोको पचास प्रतिशत हर्जाना समेत भराई दिने ठहर्छ । बढी नै बिगो एवं सो बमोजिमको हर्जाना भराई पाऊँ भन्ने वादी दावी उपरोक्त हदसम्म पुग्न नसक्ने ठहर्छ ।अरूमा तपसिल बमोजिम गर्नू ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी शंकर प्रसाद नेपाललाई जरिवाना रू.१,७५,०००।- (एक लाख पचहत्तर हजार रूपैयाँ) र १।९।० (एक वर्ष नौ महिना) कैद हुने ठहरेकोले निज प्रतिवादी शंकर प्रसाद नेपाल मिति २०७६।०२।१० मा पक्राउ परी मुद्दा अनुसन्धान तथा पूर्पक्षका क्रममा मिति २०७६।०३।५ सम्म ०।०।२७ (सत्ताईस) दिन हिरासतमा रहेको देखिँदा सो हिरासतमा बसेको अवधि २७ (सत्ताईस) दिन ठहरेको कैदमा कट्टा गरी बाँकी कैद १।८।३(एक वर्ष आठ महिना तीन दिन) बेरुजु हुँदा लगत कसी असूल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू ......................................................................................... १

प्रतिवादी शंकर प्रसाद नेपाललाई भएको जरिवाना रू.१,७५,०००।- (एक लाख पचहत्तर हजार रूपैयाँ) निज प्रतिवादीले मुद्दा पुर्पक्षको क्रममा यस न्यायाधिकरणमा मिति २०७६।०३।५ मा र.न. १०७बाट राखेको धरौटी रकम रू.२,००,०००।- (दुई लाख)बाट कटाई सदरस्याहा गरी असुल गर्नु भनी यस न्यायाधिकरणको लेखा शाखालाई जानकारी दिनू ......................................................................................... २

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादी शंकर प्रसाद नेपालबाट जाहेरवाला टासी शेर्पाले बिगो रू. ७,३०,०००।- (सात लाख तीस हजार रूपैयाँ) र सोको पचास प्रतिशत हर्जाना रू.३,६५,००० । (पचास हजार रूपैयाँ) समेत जम्मा रू. १०,९५,०००।- (दस लाख पन्चानव्वे हजार रूपैयाँ) भराई पाउने ठहरेकोले मुद्दा अन्तिम भएपछि जाहेरवालाले प्रकरण २बाट बांकी रहेको धरौटी रकम लगायत प्रतिवादीको चल अचल जायजेथा देखाई कानून बमोजिमको म्याद भित्र बिगो र हर्जाना भराई पाऊँ भनी निवेदन दिए फैसलाले ठहरे बमोजिमको उपरोक्त बिगो र हर्जाना प्रतिवादी शंकर प्रसाद नेपालबाट जाहेरवालालाई भराई दिनू भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू........................................................................................................................ ३

जाहेरवालाको विगो एवम् हर्जाना भरी भराउको प्रयोजनार्थ मुद्दा अन्तिम फैसला भएको जानकारी जाहेरवाला टासी शेर्पालाई दिनू................................................................................................................ ४

प्रस्तुत फैसलामा चित्त नबुझे ३० (तीस) दिनभित्र सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी विशेष सरकारी वकील कार्यालय, काठमाडौँलाई र थुनामा रहेका प्रतिवादीलाई फैसलाको प्रतिलिपि सहितको पुनरावेदनको म्याद दिनू..................................................................................................... ५

प्रस्तुत फैसला विद्युतीय प्रति सूचना प्रविधिमा अभिलेख सुरक्षित गरी पीठमा जनाउनू............................. ६

सरोकारवालाले नक्कल माग गरेमा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ५३ को प्रक्रिया पूरा गरी प्रमाणित प्रतिलिपि दिनू............................................................................... ७

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टी गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू.................................... ८

**रमा देवी पराजुली**
(सदस्य)

उक्त रायमा मेरो सहमती छ।

**रमेश कुमार खत्री**
(अध्यक्ष)

**फैसला तयार गर्न सहयोग पुर्‍याउने**
ना.सु. लोकेन्द्र चौलागाई
फैसला मितिः- २०७७।०८।२५।५

**श्री**
**वैदेशिक रोजगार न्यायाधिकरण**
**इजलास**
**माननीय अध्यक्ष श्री रमेशकुमार खत्री**
**सदस्य श्री प्रेम कुमार राई**
**सदस्य श्री रमा देवी पराजुली**
**फैसला**

**मुद्दा नं.** ०७५-FT-०३६९
कसूर निर्धारणः ३६
निर्णय नं. **७३**

# मुद्दाः वैदेशिक रोजगार कसूर ।

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| गोपीकृष्ण बजगाईको नाती, प्रेम प्रसाद बजगाईको छोरा, झापा जिल्ला, दमक नगरपालिका वडा नं. ७ बस्ने केशव बजगाई (रा.नं. ०६८६१३७२)को जाहेरीले नेपाल सरकार.....................१ | रण बहादुर कमरको नाती, बाबु तुल बहादुर कमर योगी र आमा कर्ण कुमारी योगीको छोरा, जिल्ला धादिङ, साङकोष गा.वि.स. वडा नं. ४ को परिबर्तित ऐ. निलकण्ठ नगरपालिका वडा नं. १३ घर भै हाल जिल्ला चितवन, भरतपुर महानगरपालिका वडा नं. १० बस्ने रमेश कमर**............**१ |

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार भित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ ।

**तथ्य खण्ड**

**१. जाहेरी दरखास्त:-**

म जाहेरवाला केशव बजगाईलाई वैदेशिक रोजगारमा टर्की देशमा पठाई क्लिनरको काम दिलाई दिने भनी रमेश कमरले आई. एम. ई. तथा बैंक खातामा रकम हाल्न लगाई रू.४,००,०००।– (चाल लाख) बुझिलिई भारतको दिल्लीमा पुऱ्याई पाँच महिनासम्म झुलाई राखेकाले शंका लागि निजलाई कि टर्की देशमा वैदेशिक रोजगारको लागि पठाईदिनुस कि त मेरो रकम फिर्ता गर्नुस भन्दा निजले तिम्रो काम हुन्छ, नआत्तिनुस भन्दै बेपत्ता भएकाले आफ्नै पहलमा नेपाल फर्की आएको हुँदा निज प्रतिवादी रमेश कमरलाई कानून बमोजिम कारवाही गरी मेरो बिगो र हर्जाना रकम समेत दिलाई भराई पाऊँ भन्ने समेत बेहोराको केशव बजगाईले मिति २०७५/०१/१० मा दिएको जाहेरी दरखास्त ।

## २. आइ.एम.इ.रसिदः–

केशव बजगाईले आई.एम.ई.मार्फत् सन् २०१७/११/२० मा रू.२,००,०००।- (दुई लाख) र सन् २०१७/२०/११ मा रू.१,२०,०००।–(एक लाख बीस हजार) गरी जम्मा रू.३,२०,०००।–(तीन लाख बीस हजार) रमेश कमरले बुझिलिएको सक्कल आई.एम.ई.रसिद थान २ मिसिल संलग्न रहेको।

## ३. सक्कल बैंक भौचरः-

केशव बजगाईले रमेश कमरको मानिस रुबी गुरुङ्गको लक्ष्मी बैंकको खाता (खाता नं.००९२०००४१३२) मिति २०७४/०७/१४ मा रू. ८०,०००।–(असी हजार) जम्मा गरेको बैंक भौचर मिसिल संलग्न रहेको।

## ४. प्रतिवादी रमेश कमरले वैदेशिक रोजगार विभागमा गरेको बयान कागजः–

जाहेरवालाले भने बमोजिम निजलाई वैदेशिक रोजगारमा टर्की पठाउने भनी निजसँग कुनै रकम लिएको छैन। निजलाई वैदेशिक रोजगारमा पठाई दिने भनी कुनै आश्वासन समेत दिएको छैन। निजबाट मैले दुई पटक गरी जम्मा रकम रू. ३,२०,०००।–(तीन लाख बीस हजार) आइ.एम.इ.मार्फत् सापटी लिएको ठिक साँचो हो। उक्त रकम मध्ये निज जाहेरवालाले भने बमोजिम निजको साथी बिरेन्द्र रम्तेललाई रू.१,००,०००।–(एक लाख) आई. एम. ई. मार्फत् फिर्ता गरिसकेको छु । रुबी गुरुङ्गसँगको निजको लेनदेन सम्बन्धमा मलाई केही जानकारी भएन। साथै निज दिल्लीसम्म के कसरी को मार्फत् गएका हुन सो समेत मलाई जानकारी भएन भन्ने बेहोराको प्रतिवादी रमेश कमरले अनुसन्धानको क्रममा गरेको बयान कागज।

## ५. वैदेशिक रोजगार विभागको निणर्यः–

प्रस्तुत मुद्दामा अनुसन्धानको क्रममा रमेश कमरसँग रू.६,००,०००।–(छ लाख) नगद वा सो बराबरको जेथा जमानत धरौटी माग गरिएको छ। माग बमोजिमको धरौटी दाखिला गरे धरौटी तारेखमा राखी प्रस्तुत मुद्दामा थप अनुसन्धान गर्ने र माग बमोजिमको धरौटी दाखिला नगरे वैदेशिक रोजगार न्यायाधिकरणको अनुमती लिई थुनामा राखी प्रस्तुत मुद्दाको थप अनुसन्धान गर्नु पर्नेमा हुमाकान्त न्यौपाने समेतको जाहेरीले प्रतिवादी यीनै रमेश कमर भएको वैदेशिक रोजगार कसूर सम्बन्धी मुद्दामासम्मानीत वैदेशिक रोजगार न्यायाधिकरणको अनुमतीले म्याद थप भै रहेको हुँदा निज उक्त मुद्दामा छुटी जाने भए कानून बमोजिम हुने गरी खडा गरिएको निर्णय पर्चा।

## ६. वादी साक्षी वीरेन्द्र रम्तेल सार्कीले गरेको कागजः-

जाहेरवाला केशव बजगाँईलाई वैदेशिक रोजगारको लागि टर्की देश पठाउने भनेर नै प्रतिवादी रमेश कमरको नाममा जाहेरवालाले नगद रू.४,००,०००।– (चार लाख) मेरो सामुन्ने आई.एम.ई. र बैंक मार्फत् बिभिन्न मितिमा प्रतिवादीको नाममा रकम जम्मा गरिदिएको ठिक साँचो हो र प्रतिवादीको नाममा रकम जम्मा गर्दा म पनि जाहेरवालासँगै थिए। पछि भने बमोजिम जाहेरवालालाई वैदेशिक रोजगारका लागि नपठाई ठगी गरी लिए खाएको रकम समेत प्रतिवादीले फिर्ता नगरी फरार रही जाहेरवालालाई पीडित बनाएको हो।

प्रतिवादीले जाहेरवालाबाट लिए खाएको रकम जाहेरवालालाई फिर्ता दिलाई भराई निज प्रतिवादीलाई वैदेशिक रोजगार ऐन बमोजिम सजाय होस भन्ने बेहोराको वीरेन्द्र रम्तेल सार्कीले अनुसन्धानका क्रममा गरेको कागज।

**७. प्रतिवादी रमेश कमरले दिएको निवेदन बेहोराः–**

जाहेरवाला केशव बजगाईको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी म रमेश कमर भएको वैदेशिक रोजगार सम्बन्धी कसूर मुद्दामा विभागबाट माग गरिएको धरौटी रकम रू.६,००,०००।–(छ लाख ) वापतको जेथा राखी पाऊँ भनी वैदेशिक रोजगार विभागमा दिएको निवेदन।

**८. वैदेशिक रोजगार विभागको निर्णय पर्चाः–**

प्रतिवादी रमेश कमरले जिल्ला सिन्धुपाल्चोक साविक भोटपिसा गा.वि.स.वडा नं.१ भै हाल इन्द्रावती गाऊँपालिका वडा नं.९ को कित्ता नं.१६४ को ०–७–१–२ क्षेत्रफलको जग्गा जेथा मूल्याङ्गन गराई धरौटी स्वीकार गरी पाऊँ भन्ने निवेदन अनुसार मालपोत कार्यालय समेतमा पत्राचार गर्दा मालमोत कार्यालय सिन्धुपाल्चोकको च.नं.३०६ मिति २०७५/०५/०५ को पत्रबाट उपरोक्त जग्गा प्रति रोपनी १६,००,०००।–(सोह्र लाख) पर्ने व्यहोरा उल्लेख भै उल्लेखित जग्गा रोक्का समेत भई आएको देखिंदा प्रतिवादी रमेश कमरसँग यस विभागबाट माग भएको धरौटी बरावरको कित्ता नं.१६४ क्षे.फ.०–७–१–२, को उल्लेखित जग्गाले खामेको देखिँदा निज प्रतिवादी रमेश कमरलाई हाल धरौटी तारेखमा राखी मुद्दाको अनुसन्धान कार्य गर्ने भनी मिति २०७५/०५/०६ मा वैदेशिक रोजगार विभागबाट भएको निर्णय पर्चा।

**९. विशेष सरकारी वकील कार्यालयको निर्णयः–**

प्रतिवादी रमेश कमरले वैदेशिक रोजगार व्यवसाय संचालन गर्ने अनुमती नलिई जाहेरवालालाई वैदेशिक रोजगारमा टर्की पठाई रोजगार दिलाई दिन्छु भनी रकम बुझिलिई भने बमोजिमको रोजगारीमा नपठाई भारतको दिल्लीसम्म पुऱ्याई अलपत्र पारेको र बुझिलिएको रकम समेत फिर्ता नगरेको देखिदा यी प्रतिवादी रमेश कमरको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरितको कसूर अपराध भएको हुँदा निज प्रतिवादी रमेश कमरलाई सोही ऐनको दफा ४३ बमोजिम सजाय हुन र प्रतिवादीले जाहेरवालाबाट बुझिलिएको जम्मा विगो रकम रू. ४,००,०००।–(चार लाख) र सोको ५०% ले हुन आउने हर्जना रकम रू. २,००,०००।–(दुई लाख) समेत गरी जम्मा रू. ६,००,०००।–(छ लाख) निज प्रतिवादी रमेश कमरबाट जाहेरवाला केशव बजगाँईलाई दिलाई भराई दिने मागदावी लिई वैदेशिक रोजगार न्ययाधिकरण काठमाण्डौ समक्ष कानून बमोजिम मुद्दा चलाउने भनी भएको विशेष सरकारी वकील कार्यालयबाट भएको निर्णय।

**१०. अभियोग दावीः-**

प्रतिवादी रमेश कमरलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसूरमा सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवाला केशव बजगाईबाट लिए खाएको बिगो रू. ४,००,०००।– (चार

लाख) र सोको ५० प्रतिशत हर्जाना प्रतिवादी रमेश कमरबाट दिलाई भराई पाऊँ भन्ने समेत वादी नेपाल सरकार तर्फबाट दायर भएको अभियोग पत्र।

**१०. प्रतिवादीको म्याद वेपत्ते भएको:-**

प्रतिवादी रमेश कमरको स्थायी वतनमा यस न्यायाधिकरणबाट जारी भएको समाह्वान म्याद वेपत्ते तामेल भइ मिसिल सामेल रहेको।

**११. मिति २०७६/१/२५ मा यस न्यायाधिकरणबाट भएको आदेश:-**

प्रतिवादी रमेश कमरको अभियोगपत्रमा उल्लेखित स्थाई वतन धादिङ जिल्ला निलकण्ठ नगरपालिका वडा नं. १३ मा म्याद जारी गरी पठाउँदा म्यादवाला मानिस र निजको घर समेत फेला नपरेको भनी वेपत्ते तामेल भई आएको देखिंदा सो म्यादलाई रित पुगेको मान्न मिलेन सो म्याद वदर गरिदिइको छ। अब, प्रतिवादीले वैदेशिक रोजगार विभाग समक्ष बयान गर्दा उल्लेख गरेको ठेगाना rameshkumwar@gmail.com मा ईमेल मार्फत् निजको नाउमा म्याद पठाई म्याद भित्र हाजिर भए वा अवधी व्यतित भए नियमानुसार गर्नू भन्ने यस न्यायाधिकरणको आदेश।

**१२. डिट्ठा गोर्ख बहादुर बुढाको प्रतिवेदन-**

प्रतिवादीको नामको समाह्वान म्याद निजको rameshkumwar@gmail.com ईमेलमा पठाउँदा ईमेल ठेगाना गलत भएकाले निजको नाउको म्याद तामेल हुन नसकेको भन्ने प्रतिवेदन।

**१३. मिति २०७६/८/१५ मा यस न्यायाधिकरणबाट भएको आदेश:-**

प्रतिवादी रमेश कमरको नाउँमा अभियोग पत्रमा उल्लेखित जिल्ला साविक साङकोस गा.वि.स. हाल निलकण्ठ नगरपालिका वडा नं. १३ मा समाह्वान म्याद जारी गर्दा घर फेला नपरेको भनी मिति २०७५/१२/२० मा वेपत्ते तामेल भई आएको देंखिदा सो म्याद बदर गरिदिएको छ। प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा निजले मोवाईल नंबर ८९५१२००७६० प्रयोग गर्ने गरेको उल्लेख गरेको देखिंदा निजले मोबाईल लिंदा पेश गरेको फर्म र सोसँग सम्बन्धीत कागजमा वतन उल्लेख गरेको भए सो लगायत अरु कुनै आधार प्रमाणबाट म्याद तामेल हुन सक्ने अर्को वतन भए एकिन गरी विशेष सरकारी वकील कार्यालय काठमाण्डौ मार्फत् खुलाई पठाउनु भनी वैदेशिक रोजगार विभागमा लेखी पठाई खुलि आए तत्काल पेश गर्नु भन्ने यस न्यायाधिकरणको आदेश।

**१४. मिति २०७६/११/२१ मा यस न्यायाधिकरणबाट भएको आदेश:-**

प्रतिवादी रमेश कमरको नाउँमा जारी भएको सम्वाहन म्याद बेपत्ते तामेल भएको निजको नाउँ म्याद तामेल हुन सक्ने अर्को वतन भए खुलाई पठाई दिनु भनी वैदेशिक रोजगार विभाग, काठमाण्डौमा लेखी पठाएकोमा उक्त विभागबाट प्रतिवादीको अभियोग पत्रमा उल्लेख भए वाहेक अन्य वतन नखुलेको भनी पत्र प्राप्त भएको देखिँदा प्रतिवादीको नाउँमा समाह्वान जारी गरी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी सुनुवाईको मौका दिनु उपयुक्त हुन देखिएकोले वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ११ (१)

(ख) बमोजिम उल्लेखित प्रतिवादीको नाउँको समाह्वान म्याद राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी म्याद भित्र उपस्थित भए वा अवधी व्यतित् भए पछि पेश गर्नु भन्ने यस न्यायाधिकरणको आदेश।

**१५. प्रतिवादीले सुरु म्याद गुजारी बसेको** :–

प्रतिवादी रमेश कमरका नाउँमा यस न्याधिकरणबाट जारी भएको समाह्वान म्याद राष्ट्रिय दैनिक गोरखा पत्रमा मिति २०७६/१२/१०/२ मा प्रकाशित गरी तामेल भएकोमा म्याद भित्र हाजिर नभइ सुरु म्याद गुजारी बसेको देखिन्छ।

**१६. मिति २०७६/७/२५ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

प्रतिवादी म्याद भित्र हाजिर भएको नदेखिएकोले वादी पक्षका साक्षी अभियोग पत्रको सवुद प्रमाण खण्डको गवाह महलमा उल्लेखित जाहेरवाला केशव बजगाई तथा देख्ने साक्षी वीरेन्द्र रम्तेललाई बकपत्रको लागि विशेष सरकारी वकील कार्यालय मार्फत् उपस्थित गराउन वैदेशिक रोगगार विभाग, काठमाण्डौलाई लेखि पठाई उपस्थित गराए नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको आदेश।

**१७. जाहेरवाला केशव वजगाईले यस न्याधिकरणमा गरेको बकपत्र**:–

प्रतिवादी रमेश कमरले मलाई वैदेशिक रोजगारको लागी टर्की देशमा हस्पिटलको क्लिनरको काममा पठाईदिने भनी रू. ४,००,०००।- बुझिलिएका हुन्। सो रकम मध्ये मैले वैदेशिक रोजगारको काममा जाने भनी रू. ३,२०,०००।- आई.एम.ई. मार्फत् रमेश कमरको खातामा पठाई दिएको हुँ र बाँकी रू. ८०,०००।- हजार रुवी गुरुङ भन्ने व्यक्तीको नाममा लक्ष्मी बैंक दमक शाखामा डिपोजिट गरिदिएको हुँ। प्रतिवादीले रकम बुझेपछि मलाई वैदेशिक रोजगारमा टर्की पठाउने भनी झापाबाट भारतको बागडुक्रा एयरपोर्ट हुँदै नयाँ दिल्लीको पहाडगन्जमा लगी दुईवटा होटलमा करिव २ महिना राखी पछि होटलमा राख्ने नसकेर फ्ल्याटमा समेत करिव ४ महिना अलपत्र पारी राखेर भने अनुसारको काम नभएपछि प्रतिवादी फरार भएका हुन्। हालसम्म मैले मेरो कुनै रकम फिर्ता पाऐको छैन। प्रतिवादीले मेरो पासपोर्ट भारतको नयाँ दिल्लीमा राखेको अवस्थामा मेरा साथीहरूले फिर्ता ल्याई दिएका हुन भन्ने व्यहोराको जाहेरवाला केशव वजगाईले गरेको बकपत्र।

**१८. मिति २०७७/०८/२९ मा भएको कसूर ठहर सम्बन्धी निर्णयः-**

प्रतिवादी रमेश कमरले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिई जाहेरवाला केशब बजगाईलाई वैदेशिक रोजगारीको लागि टर्की पठाईदिन्छु भनी रकम लिई भने बमोजिम वैदेशिक रोजगारीमा नपठाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम कसूर गरेको ठहर्छ। प्रतिवादीलाई दफा ४३ बमोजिम हुने सजाय र निजबाट भराउनु पर्ने विगो र हर्जना समेतको सजाय निर्धारण सम्बन्धि सुनुवाइको लागी फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा १२ बमोजिम वादीबाट सजाय पूर्वको प्रतिवेदन लिई नियमानुसार पेश गर्नू भनी यस न्यायाधिकरणबाट भएको कसूर ठहर निर्णय।

**१९. विशेष सरकारी वकील कार्यालयबाट प्राप्त सजाय पूर्वको प्रतिवेदनः-**

प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र दफा ४३ विपरितको कसूरमा सोही ऐनको दफा ४३ बमिजिम सजाय हुने गरी कसूर ठहर भएको अवस्था छ। उक्त वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ अनुसार वैदेशिक रोजगार गर्ने अनुमती नलिएलको व्यक्तीले वैदेशिक रोजगारमा पठाई दिन्छु भनी प्रलिभन देखाई रकम लिएमा अथवा व्यवसाय संचालन गरेमा ३ वर्ष देखि ७ वर्षसम्म कैद र ३ लाख देखि ५ लाखसम्म जरिवाना सजाय हुने र विदेश पठाई नसकेकोमा त्यसको आधा सजाय हुने भएकाले सो बमोजिम सजाय गरी जाहेरवालाबाट लिएको रकम र सो को ५० प्रतिशत हर्जाना रकम समेत दिलाउनु भराउनु उपयुक्त हुने भन्ने समेत सजाय पूर्वको प्रतिबेदन।

**ठहर खण्ड**

२०. नियम बमोजिम साप्ताहिक दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्धान उपन्यायाधिवक्ता श्री दशरथ गौतमले प्रतिवादी रमेश कमरले जाहेरवालालाई वैदेशिक रोजगारिका लागि विदेश टर्की पठाई दिने भनी विश्वास दिलाई रकम लिई भने बमोजिम टर्की नपठाई लिए खाएको रकम समेत फिर्ता नगरेको भनी निज उपर किटानी जाहेरी परेको र प्रतिवादीले न्यायाधिकरणबाट जारी भएको समाह्वान म्यादमा हाजिर नभई कसूर स्वीकार गरी वसेको हुँदा निज प्रतिवादीलाई अभियोग दावी बमोजिम सजाय गरी जाहेरवालाको विगो र हर्जाना समेत दिलाई भराई पाऊँ भनी गर्नु भएको बहस सुनियो।

२१. यसमा वादी नेपाल सरकार तर्फबाट प्रतिवादी रमेश कमरले वैदेशिक रोजगार व्यवसाय गर्न पाउने ईजाजत नलिई जाहेरवाला केशब बजगाईलाई वैदेशिक रोजगारीका लागि टर्की पठाउँछु भनी झुट्टा आश्वासन दिई प्रलोभन देखाई रकम लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेकाले प्रतिवादीलाई सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाको बिगो रू. ४,००,०००।- र सो को ५० प्रतिशत हर्जाना समेत जाहेरवालालाई दिलाई भराई पाउन अभियोग दावी लिएकोमा प्रतिवादी रमेश कमरका नामको समाह्वान म्याद राष्ट्रिय दैनिक गोरखा पत्रमा मिति २०७६।१२।१० मा प्रकाशन गरी तामेल भएकोमा म्याद भित्र हाजिर नभई सुरु म्याद गुजारी वसेको प्रस्तुत मुद्दामा देहायका पश्नको निरोपण गर्नु पर्ने देखियो।

क) प्रतिवादी रमेश कमरले वैदेशिक रोजगार ब्यबसाय गर्ने इजाजत प्राप्त नगरी जाहेरवालालाई वैदेशिक रोजगारीमा टर्की पठाई दिने भनी प्रलोभनमा पारी विश्वास दिलाई रकम लिई अभियोग दावीको कसूर गरेको हो, होईन ?

ख) प्रतिवादीले अभियोग दाबीको कसूर गरेको भए निजलाई के कति सजाय हुने हो ? र अभियोग दावी बमोजिम जाहेरवालाको विगो र हर्जाना भराई दिनु पर्ने हो, होईन ?

२२. सम्बद्ध मिसिल अध्ययन गरी प्रथम पश्नको निरोपण तर्फ बिचार गर्दा, प्रतिवादी रमेश कमरले जाहेरवाला केशब बजगाईलाई वैदेशिक रोजगारीका लागि टर्कीमा पठाउँछु भनी झुट्टा आश्वासन दिई प्रलोभन देखाई

जाहेरवालाबाट रू. ४,००,०००।- (चार लाख) बुझी लिई वैदेशिक रोजगारमा नपठाएको र रकम समेत फिर्ता नगरेको भनी प्रतिवादी उपर कारबाहीका लागि किटानी जाहेरी परेकोमा अनुसन्धान तहकिकातको सिलसिलामा बुझिएका विरेन्द्र रम्तेलले जाहेरवाला केशव बजगाँईलाई वैदेशिक रोजगारको लागि टर्की देश पठाउने भनेर नै प्रतिवादी रमेश कमरको नाममा जाहेरवालाले नगद रू.४,००,०००।–(चार लाख) आई.एम.ई. र बैंक मार्फत् बिभिन्न मितिमा प्रतिवादीको नाममा रकम जम्मा गरिदिएको ठिक साँचो हो। जाहेरवालालाई भने बमोजिम वैदेशिक रोजगारका लागि नपठाई ठगी गरी लिएको रकम समेत प्रतिवादीले फिर्ता नगरी फरार रही जाहेरवालालाई पीडित बनाएको हो भन्ने समेत बेहोरा लेखाएको देखिन्छ।

२३. प्रतिवादी रमेश कमरले मौकामा बयान गर्दा जाहेरवाला केशब बजगाईसँग पटक पटक गरी आई. एम. इ. मार्फत् रू. ३,२०,०००।- (तीन लाख विश हजार) सापटि लिएको ठिक हो र त्यस मध्ये रू. १०००००।– जाहेरवालाले भने बमोजिम निजको साथी विरेन्द्र रम्तेललाई फिर्ता गरेको छु भन्ने समेत बेहोरा लेखाएको देखिन्छ।

२४. प्रतिवादीका नाममा यस न्यायाधिकरणबाट जारी भएको समाह्वान म्याद राष्ट्रिय दैनिक गोरखा पत्रमा मिति २०७६/१२/१० मा प्रकाशित भएकोमा हाजिर हुन नआई म्यादै गुजारी बसेको देखिन्छ। प्रतिवादीले अभियोग दावीको कसूर नगरेको भए निजले प्रस्तुत मुद्दाको प्रतिरक्षा गर्नु स्वाभाबिक हुनेमा समाह्वान म्याद गुजारी उपस्थित नभई फरार भई बसेको अबस्थाबाट प्रतिवादीले अभियोग दावी स्वीकार गरी बसेको मान्नु पर्ने हुन्छ।

२५. वादीका गबाह/जाहेरवाला केशब बजगाई यस न्यायाधिकरणमा उपस्थित भई प्रतिवादी रमेश कमरले वैदेशिक रोजगारका लागि टर्की पठाउने भनी रू. ४,००,०००।- (चार लाख) बुझिलिएका हुन् भन्ने बेहोरा लेखाई मौकाको जाहेरी ब्यहोरा समर्थित हुने गरी बकपत्र गरेको देखियो।

२६. प्रमाण ऐन, २०३१ को दफा १८ मा *"कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ"* भन्ने व्यवस्था रहेकाले वादीका गबाह/जाहेरवालाले वैदेशिक रोजगारको कसूर गरेको भनी मौकाको जाहेरी बेहोरा खम्बीर हुने गरी बकपत्रमा लेखाएको उपरोक्त बेहोरा प्रतिवादीका बिरुद्ध प्रमाणमा ग्राह्य हुने देखियो।

२७. प्रमाण ऐन, २०३१ को दफा ७ (ग) मा *"कुनै घटना मानिसहरूको आचरण वा काम-कारोवारको सामान्य क्रम बिचार गर्दा तर्कसँगत रूपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्न सक्नेछ"* भन्ने ब्यबस्था रहेको छ। प्रतिवादीले मौकाको बयानमा जाहेरवालाबाट सापटि लिएको भने तापनि जाहेरवालासँगको सापटि लिने दिनेसम्मको प्रतिवादीको मित्रता, चिनजान र घनिष्ठताको सम्बन्धमा केही खुलाएको अबस्था छैन। प्रतिवादीले बयानमा जाहेरवालाले भने बमोजिम विरेन्द्र रम्तेललाई रू. १०००००।– फिर्ता गरेको भन्ने बेहोरा लेखाएको भए तापनि विरेन्द्र रम्तेलले गरेको कागजबाट सो बेहोरा पुष्टि भएको पाइदैन। जाहेरवाला र प्रतिवादीको बसोबास फरक-फरक स्थानमा देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीको अभियोग दावी बारे अन्यथा जिकिर समेत नहुँदा प्रमाण मुल्यांकनको सन्दर्भमा जाहेरवाला र निजका मानिसलाई वैदेशिक रोजगारमा जानकै

लागि प्रतिवादीले रकम पठाएको रहेछ भनी अनुमान गर्नु बान्छनीय हुने देखियो।

२८. यसरी प्रतिवादी उपरको किटानी जाहेरी, जाहेरवालाले रकम पठाएको रसिद एवं बैंक भौचर र जाहेरवालाको बकपत्र एवं प्रतिवादी रमेश कमर फरार रही प्रतिरक्षा नगरेको समेतबाट प्रतिवादीले वैदेशिक रोजगार ब्यबसाय गर्ने इजाजत प्राप्त नगरी जाहेरवालालाई वैदेशिक रोजगारीमा टर्की पठाई दिने भनी प्रलोभनमा पारी विश्वास दिलाई रकम लिई वैदेशिक रोजगार सम्बन्धी व्यवसाय गरी तत्सम्बन्धी कसूर गरेको पुष्टि भएकै देखियो ।

२९. अतः बिबेचित उपरोक्त आधार र कारणबाट प्रतिवादी रमेश कमरले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिई जाहेरवाला केशब बजगाईलाई वैदेशिक रोजगारीको लागि टर्की पठाईदिन्छु भनी रकम लिई भने बमोजिम वैदेशिक रोजगारीमा नपठाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम कसूर गरेको ठहर्छ।

## सजाय निर्धारण

३०. प्रतिवादी रमेश कमरलाई के कति सजाय हुने हो र जाहेरवालाले प्रतिवादीबाट के कति विगो रकम भराई लिन पाउने हो भन्ने दोश्रो पश्नको सम्बन्धमा बिचार गर्दा यस मुद्दामा प्रतिवादी रमेश कमरले वैदैशिक रोजगार ऐन, २०६४ को दफा ४३ को कसूर गरेको ठहर भएकोमा बिशेष सरकारी वकील कार्यालय काठमाण्डौंबाट पेश भएको सजाय पूर्वको प्रतिबेदन समेत अध्ययन गरी हेरियो। प्रतिवादीलाई पीडितबाट लिएको बिगो समेतको आधारमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम जरिवाना रू. १,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) र १।६।० (एक वर्ष छ महिना) कैद गर्न मनासिब हुने देखियो।

३१. जाहेरवाला आफैले रू. ३२००००।– र प्रतिवादीले भने बमोजिम रुबी गुरुङ्गको खातामा रू. ८००००।– गरी जम्मा रू. ४,००,०००।-(चार लाख) पठाएको रसिद एवं बैंक भौचरबाट देखिएकाले सो बिगो रू. ४०००००।- र सो को ५० प्रतिशतले हुने हर्जाना रू. २,००,००० । (दुई लाख) समेत जम्मा रू. ६,००,०००।- (छ लाख) प्रतिवादीबाट जाहेरवालालाई भराई दिन उपयुक्त हुने देखियो।

३२. अत: उपरोक्त आधार र कारणबाट प्रतिवादी रमेश कमरलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम जरिवाना रू. १,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) र १।६।० (एक वर्ष छ महिना) कैद हुने ठहर्छ। जाहेरवालाले दावी बमोजिमको विगो रू. ४,००,०००।- (चार लाख रूपैयाँ) र सोको पचास प्रतिशत हर्जाना रू. २,००,०००।- (दुई लाख रूपैयाँ) प्रतिवादीबाट भराई पाउने ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नू।

## तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी रमेश कमरलाई जरिवाना रू. १,५०,०००।- (एक लाख पचास) र १।६।० (एक वर्ष छ महिना) कैद हुने ठहरेकोले अनुसन्धानको सिलसिलामा निज प्रतिवादी रमेश कमरको मिति २०७५/०१/२३ गते बयान भई सो मुद्धामा माग भएको धरौटि दिन नसकि सोही मिति देखि थुनामा रही मिति २०७५/०५/०६ मा मात्र छुटि गएको देखिएकाले सो अवधि ३ महिना १४ दिन ठहरेको कैदमा कट्टा हुने हुँदा बाँकी कैद १।२।१६ (एक वर्ष दुई महिना सोह्र दिन) र जरिवाना रू. १,५०,०००।- बेरुजु हुँदा लगत कसी असूल

गर्नु भनी धादिङ्ग जिल्ला अदालतमा लेखी पठाउनू .................................................................... १

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादी रमेश कमरबाट जाहेरवाला केशब बजगाईले बिगो रू.४,००,०००।-(चार लाख) र सोको पचास प्रतिशत हर्जाना रू. २,००,०००।- (दुई लाख) समेत जम्मा रू. ६,००,०००।- (छ लाख) भराई पाउने ठहरेकोले जाहेरवालाले प्रतिवादीको चल अचल सम्पति देखाई कानून बमोजिम हर्जाना सहितको बिगो भराई पाऊँ भनी निवेदन दिए फैसलाले ठहरे बमोजिमको उपरोक्त बिगो र हर्जाना प्रतिवादी रमेश कमरबाट जाहेरवालालाई भराई दिनू भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू........ २

प्रतिवादीले सुरु म्याद गुजारी बसेको हुँदा निजलाई पुनराबेदनको म्याद दिई रहन परेन ............................. ३

पुनराबेदन नलाग्ने भई मुद्दा अन्तिम भएकाले जाहेरवालाको विगो एबं हर्जाना भरी भराउको लागि यो फैसलाको जानकारी जाहेरवाला केशब बजगाईलाई दिनू................................................................................ ४

प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसलाको जानकारी विशेष सरकारी वकील कार्यालय, काठमाडौंलाई दिनू........................................................................................................................ ५

प्रस्तुत फैसलाको विद्युतीय प्रति सूचना प्रविधिमा अभिलेख सुरक्षित गरी पीठमा जनाउनू ........................ ६

सरोकारवालाले नक्कल माग गरेमा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ५३ को प्रक्रिया पूरा गरी प्रमाणित प्रतिलिपि दिनू ........................................................................................ ७

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टी गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू.................................... ८

**रमेशकुमार खत्री**
(अध्यक्ष)

उक्त रायमा सहमत छौं।

**प्रेमकुमार राई**
(सदस्य)

**रमा देवी पराजुली**
(सदस्य)

**फैसला तयार गर्न सहयोग पुऱ्याउने**

इजलास अधिकृतः दुर्गादत्त लम्साल

फैसला मितिः- २०७७/०८/२९/२

# श्री
# वैदेशिक रोजगार न्यायाधिकरण
## इजलास
## माननीय अध्यक्ष श्री रमेशकुमार खत्री
## सदस्य श्री प्रेमकुमार राई
## सदस्य श्री रमा देवी पराजुली
## फैसला

**मुद्दा नं.** ०७५-FT-०५५५

**निर्णय नम्बर: ७५**

## मुद्दाः वैदेशिक रोजगार कसूर ।

| वादीको नाम,थर,वतन | प्रतिवादीको नाम,थर,वतन |
|---|---|
| तुलाराम जैसीकोको नाति, नन्दराम जैसीको छोरा, जिल्ला दैलेख, भवगतीमाई गाउँपालिका वडा नं.५ बस्ने बिरेन्द्र प्रसाद शर्मा ........................................................१<br>जोखीलाल जैशीको नाति, विष्णु प्रसाद शर्माको छोरा, जिल्ला दैलेख, भवगतीमाई गाउँपालिका वडा नं.५ बस्ने कमल प्रसाद रेग्मीको जाहेरीले नेपाल सरकार ...............१ | जोहन सिंह राईको नाति, मणि प्रसाद राईको छोरा, जिल्ला भोजपुर, साविक ओख्रे गा.वि.स.वडा नं.२ को परिबर्तित जिल्ला भोजपुर रामप्रसाद राई गाउँपालिका वडा नं.१ घर भई हाल जिल्ला काठमाडौं, काठमाडौँ महानगरपालिका पेप्सीकोला बस्ने विजय राई......................................................१ |

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकारभित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ ।

**१. जाहेरवाला विरेन्द्र प्रसाद शर्मा समेतको जाहेरी दरखास्त :**

प्रतिवादी विजय राईले हामीहरू बिरेन्द्र प्रसाद शर्मा र कमल प्रसाद रेग्मीलाई वैदेशिक रोजगारमा कतार मुलुकमा पठाई सुपरमार्केटमा क्यासियरको काम दिलाई दिने भनी जाहेरवालाहरू मध्येका विरेन्द्र प्रसाद शर्माबाट हातहातै रू.१,३०,०००।- र राहादानी तथा कमल प्रसाद रेग्मीबाट हातहातै रू.९०,०००।- र राहादानी बुझिलिएको र IME मार्फत् कमल प्रसाद रेग्मीबाट रू.१,४०,०००।- र बिरेन्द्र प्रसाद शर्माबाट रू.१,००,०००।- गरी जाहेरवालाहरूबाट जनही रू.२,३०,०००।- का दरले जम्मा रकम रू.४,६०,०००।- बुझिलिई कतारसम्म पुर्‍याई अलपत्र पारेकोमा हामीहरू आफ्नै पहलमा नेपाल फर्की आएको हुँदा विपक्षीलाई कानून बमोजिम कारवाही गरी हाम्रो विगो र हर्जाना रकम समेत दिलाई भराई पाऊँ भन्ने समेत

बेहोराको जाहेरवाला बिरेन्द्र प्रसाद शर्मा र कमल प्रसाद रेग्मीको मिति २०७५।०८।०६ को संयुक्त जाहेरी दरखास्त ।

२. **आई.एम.ई.रसिद र भौचरः**

जाहेरवाला बिरेन्द्र प्रसाद शर्माले मिति २०७५।०६।०१ मा रू.१,००,०००।- र जाहेरवाला कमल प्रसाद रेग्मीले सन् २०१८।०४।०८ मा रू.१,४०,०००।- गरी जम्मा रू.२,४०,०००।- प्रतिवादी विजय राईलाई रकम पठाएको भौचर थान २ मिसिल सामेल रहको ।

३. **साक्षी मोतीलाल रेउलेले गरिदिएको कागजः**

जाहेरवालाहरू बिरेन्द्र प्रसाद शर्मा र कमल प्रसाद रेग्मीलाई कतार मुलुकमा पठाई सुपरमार्केटमा क्यासियरको काममा लगाई दिने भनी जाहेरवालाहरू मध्येका जाहेरवाला विरेन्द्र प्रसाद शर्माबाट हातहातै रू.१,३०,०००।- र राहादानी तथा अर्का जाहेरवाला कमल प्रसाद रेग्मीबाट हातहातै रू.९०,०००।- र राहादानी दिवान कन्सल्टेन्सी बत्तिसपुतलीमा नै बुझिलिएको र IME मार्फत् जाहेरवाला कमल प्रसाद रेग्मीबाट रू.१,४०,०००।- र जाहेरवाला बिरेन्द्र प्रसाद शर्माबाट रू.१,००,०००।- बुझिलिएको ठिक साँचो हो । यसरी जाहेरवालाहरूको जनही रू.२,३०,०००।- का दरले जम्मा रकम रू.४,६०,०००।- बुझिलिई विपक्षीले कतारसम्म पुऱ्याई अलपत्र पारेकोले यी जाहेरवालाहरू आफ्नै पहलमा नेपाल फर्की आएका हुन् भनी साक्षी मोतीलाल रेउलेले गरिदिएको कागज ।

४. **प्रतिवादी विजय राईको बयानः**

जाहेरवालाहरूसँग चिनजान छ, लेनदेन छ, नाता, रिसइवि छैन । जाहेरी दरखास्तको बेहोरा सरासर झुट्ठा हो । म कुनै मेनपावरको संचालक, कर्मचारी तथा एजेन्ट होइन । निज जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि कतार पठाई क्यासियरको काम दिलाई दिने भनी झुट्ठा आश्वासन दिएको तथा रकम लिएको छैन । मेनपावरको एजेन्ट मोतीलाल रेउले मेरो साथी हो । निज मोतीलाल रेउलेसँग मैले रू.२,३०,०००।- रकम लिन पर्ने थियो । उक्त रकम फिर्ता गर्न निज मोतीलाल रेउलेले यी जाहेरवालाहरूलाई मेरो नाममा IME मार्फत् रकम पठाउन लगाएकोले यी जाहेरवालाहरूले दुई पटक गरी जम्मा रकम रू.२,४०,०००।- पठाई दिएका हुन् । सो रकम बाहेक मैले यी जाहेरवालाहरूबाट कुनै रकम लिएको छैन । उक्त रकम मैले मोतीलाल रेउलेबाट फिर्ता लिनुपर्ने रकम हो, जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाई दिने भनी लिएको रकम होइन । मैले यी जाहेरवालाहरूलाई मोतीलाल रेउलेसँग चिनजान गराई दिएको र International Job Link Pvt. Ltd. देखाई दिएको बेहोरा भने सत्य साँचो हो । सो काम बाहेक मैले यी जाहेरवालाहरूको कुनै काम पनि गरेको छैन । मोतीलाल रेउलेको तीन पुस्ते सहितको एकीन वतन खुलाउन सक्दिन । निजको सम्पर्क नं.९८०३७८१७६० हो । म हाल निज काठमाडौंमै छन् कि कहाँ छन् थाहा भएन । निज कुन मेनपावरको एजेन्ट हुन्, सो समेत जानकारी भएन । तर निजले मलाई आफूलाई मेनपावरको एजेन्ट हुँ भनी परिचित गराएका थिए । International Job Link Pvt. Ltd. सँग मेरो कुनै सम्बन्ध छैन । यी जाहेरवालाहरूलाई

उक्त प्रा.लि.को अफिस टाढाबाटै देखाई दिएको मात्रै हो । उक्त प्रा.लि. महाराजगञ्ज चोक नजिक चप्पल कारखाना नजिक चक्रपथमा अवस्थित छ । उक्त प्रा.लि.को सम्बन्धमा अन्य केही जानकारी छैन । जाहेरी दरखास्त साथ पेश भएका मेसेजहरू मैले गरेको होइन, सो मेसेज के कस्ता हुन्, मलाई जानकारी भएन । IME भौचरहरू थान-२ बमोजिमको जम्मा रकम रू.२,४०,०००।- मैले बुझिलिएको ठीक साँचो हो । उक्त रकम मैले मोतीलाल रेउलेबाट फिर्ता पाउनुपर्ने रकम हो । मोतीलाल रेउलेले रकम फिर्ता गर्छु भनी उपरोक्त जाहेरवालाहरूलाई मेरो नाममा IME गर्न लगाएकोले उक्त IME भौचर बमोजिमको रकम बुझिलिएको हुँ । तर उक्त रकम मैले यी जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाई दिने भनी लिएको रकम होइन भनी विजय राईले गरेको बयान ।

**५. प्रतिवादी विजय राईको बयानको सम्बन्धमा मोतीलाल रेउलेले गरिदिएको कागज:**

प्रतिवादी सामान्य चिनजानको साथी हो । निज विजय राईसँग मेरो कुनै लेनदेन छैन । निजले किन मेरो नाम उल्लेख गरेको हो, मलाई जानकारी छैन । निज विपक्षी विजय राईले मलाई आफू वैदेशिक रोजगारमा कामदार पठाउने काम गर्छु, अफिसको नाम दिवान कन्सल्टेन्सी बत्तिसपुतलीमा काम गर्छु भनेको र हामी जाहेरवालाहरू लगायतले उक्त अफिसमा पुग्दा त्यहाँ देखेको समेतले गर्दा विश्वास लागी जाहेरवाला मध्येका बिरेन्द्र प्रसाद शर्माले हातहातै रू.१,३०,०००।- र राहादानी र अर्का जाहेरवाला कमल प्रसाद रेग्मीले हातहातै रू.९०,०००।- र राहादानी निज विपक्षी विजय राईलाई बुझाएको कुरा सत्य साँचो हो । पछि निजले जाहेरवालाहरूलाई चाँडै उड्नुपर्छ भनी IME मार्फत् जाहेरवाला कमल प्रसाद रेग्मीले रू.१,४०,०००।- र अर्का जाहेरवाला IME मार्फत् बिरेन्द्र प्रसाद शर्माले रू.१,००,०००।- बुझाएको कुरा जाहेरवालाहरूले भनेपछि थाहा पाएको हुँ । विपक्षी विजय राईले आफू कसूरबाट बच्नलाई मेरो नाम पोलेको हुनुपर्छ । बिपक्षी विजय राई सामान्य चिनजानको साथी मात्र हो । निजसँग कुनै सम्बन्ध छैन । निजको नाममा यस विभागमा उजूरी परेको र उक्त जाहेरी दरखास्तमा म साक्षी बसिदिएको र निजको नाममा यस विभागबाट पक्राउ पूर्जी जारी भएको हुँदा पक्राउ गर्नमा सहयोग गरेको कारणले रिसले मेरो नाम पोलेको हुनुपर्छ । साथै International Job Link Pvt. Ltd. सँग मेरो कुनै सम्बन्ध छैन । उक्त प्रा.लि.को बारेमा मलाई केही जानकारी छैन भनी प्रतिवादी विजय राईको सम्बन्धमा मोतीलाल रेउलेले गरिदिएको कागज ।

**६. जाहेरवाला विरेन्द्र प्रसाद शर्माले गरिदिएको कागज:**

जाहेरी दरखास्तको बेहोरा सत्य साँचो हो । प्रतिवादी विजय राईले हामी जाहेरवालाहरू बिरेन्द्र प्रसाद शर्मा र कमल प्रसाद रेग्मीलाई वैदेशिक रोजगारको लागि कतारमा अलबिरा सुपरमार्केटमा क्यासियर पदमा ८ घण्टाको १७५० रियल कमाई हुने गरी काम दिलाइदिन्छु भनी म जाहेरवाला बिरेन्द्र प्रसाद शर्माबाट रू.१,३०,०००।- र कमल प्रसाद रेग्मीबाट हातहातै रू.९०,०००।- र राहादानी थान २ बुझिलिई हप्ता दिनपछि मबाट रू.१,००,०००।- तथा जाहेरवाला कमल प्रसाद रेग्मीबाट रू.१,४०,०००।- गरी दुबैजनाको जनही रू.२,३०,०००।- गरी हामी दुबैजना जाहेरवालाहरूको जम्मा रकम रू.४,६०,०००।-(चार लाख

साठ्ठी हजार रूपैयाँ) बुझिलिएको ठीक साँचो हो । जाहेरी दरखास्त साथ पेश भएको IME भौचर थान २ सही सत्य हो । उक्त IME भौचर थान २ बमोजिमको रकम रू.२,४०,०००।- प्रतिवादी विजय राईले हामी जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा कतार पठाई काम लगाई दिने भनी रकम माग गरेको हुँदा हामीले उक्त रकम पठाई दिएको हो । हामी जाहेरवालाहरू बिरेन्द्र प्रसाद शर्मा र कमल प्रसाद रेग्मीलाई झुट्ठा आश्वासनमा पार्ने व्यक्ति प्रतिवादी विजय राई हुन् । यसमा International Job Link Pvt. Ltd. तथा Dewan Consultants Pvt. Ltd. (Lic. No. ८४१) को के कस्तो संलग्नता छ, जानकारी भएन । निज विपक्षीले International Job Link Ltd. को श्रम निकालेको कागज वैदेशिक रोजगारमा उड्नु एक दिन अगाडि मात्र देखाएको हो । हामीले उक्त श्रम गरेको बारेमा सोध्दा यो तपाईहरूलाई पठाउने माध्यम मात्रै हो । यसमा भएको कुरामा ध्यान नदिनुहोस् भनेकोले विश्वासमा परी हामी कतारसम्म पुगेका हौं । प्रस्तुत मुद्दामा मोतीलाल रेउलेको कुनै संलग्नता छैन । प्रतिवादी विजय राईलाई पक्रनमा सघाएको रिसइविले निजको नाम उल्लेख गरेको हुनुपर्छ । हामी जाहेरवालाहरूलाई प्रतिवादीले नै प्लेन टिकेट गरी कतारसम्म पुऱ्याएका हुन् । त्यहाँ बस्दाको कुनै हरहिसाब छैन । त्यसैले कतार बस्दाको खर्चको दावी लिएको छैन । कतारमा अलपत्र भई नेपाल फर्कदा लागेको प्लेन टिकेट हामी जाहेरवालाहरूको एकजनाको ७१० कतारी रियल ने.रू.३२.७५ को दरले रु२३,२५२।- गरी दुबैजना जाहेरवालाहरूको प्लेन टिकेट रू.४६,५०४।- प्रतिवादीबाट दिलाई भराई पाऊँ भन्ने समेत बेहोराको जाहेरवाला बिरेन्द्र प्रसाद शर्माले गरिदिएको कागज।

**७. सञ्चालक बालकुमार बुढाथोकीले गरेको बयान:**

जाहेरवालाहरू बिरेन्द्र प्रसाद शर्मा तथा कमल प्रसाद रेग्मीसँग चिनजान, नाता सम्बन्ध, रिसइवि तथा लेनदेन केही छैन । श्रम स्वीकृति लिएको कागज देखाउँदा देखें, उक्त कागज बमोजिमको जाहेरवालाहरू बिरेन्द्र प्रसाद शर्मा तथा कमल प्रसाद रेग्मीलाई वैदेशिक रोजगारको लागि कतार दोहामा Philq International Service कम्पनीमा रोजगारीमा General worker (clean) मा पठाउने भनी श्रम स्वीकृती लिएको कुरा सत्य साँचो हो । जाहेरवालाहरू बिरेन्द्र प्रसाद शर्मा तथा कमल प्रसाद रेग्मीको सम्पूर्ण डकुमेन्ट कतार स्थित Philq International Service कम्पनीको अनुरोधमा उक्त कम्पनीले डिमान्ड गरेको कामदारहरू मध्ये जाहेरवालाहरूको श्रम स्वीकृती लिएको कुरा सत्य साँचो हो । प्रा.लि.ले ऐन बमोजिमको सम्पूर्ण प्रक्रिया पुऱ्याएर जाहेरवालाहरूको श्रम स्वीकृती लिई कतार गएका हुन्, के कति कारणले निज जाहेरवालाहरू नेपाल फर्की आएका हुन्, जानकारी भएन । निज जाहेरवालाहरूलाई कुनै समस्या परेको भए प्रा.लि.लाई जानकारी समेत गराउनुपर्नेमा कुनै जानकारी गराएका छैनन् । जाहेरवालाहरू वैदेशिक रोजगारमा गएकोमा अलपत्र भई फर्केको कुरा हाल यस विभाग मार्फत् थाहा पाएको हुँ । प्रस्तुत मुद्दाका प्रतिवादी भनिएका व्यक्ति विजय राईले यी जाहेरवालाहरूको के कति रकम लिएका हुन्, सो सम्बन्धमा कुनै जानकारी छैन । मेरो प्रा.लि.ले यी जाहेरवालाहरूबाट कुनै रकम लिएको छैन । कतार स्थित Philq International Service कम्पनीको अनुरोध तथा पेश गरेको डकुमेन्टको आधारमा कानून बमोजिम श्रम स्वीकृति लिई रोजगारमा कतार गएका हुन् । प्रतिवादी विजय राई तथा मेरो International Job Link Pvt. Ltd.(Lic.

No.७००) बीच कुनै सम्बन्ध छैन। निज विजय राईसँग चिनजान, लेनदन केही छैन। मोतीलाल रेउलेसँग कुनै चिनजान, लेनदेन तथा सम्बन्ध छैन। जाहेरवालाहरू मेरो प्रा.लि. मार्फत् वैदेशिक रोजगारमा गएको हुँदा विदेशमा केही समस्यामा परेको भनी प्रा.लि.लाई जानकारी गराएको भए विदेश स्थित रोजगाराता कम्पनीसँग तत्काल समन्वय गरी समस्या समाधान गरिन्थ्यो। कामदारहरू स्वेच्छाले नेपाल फर्की आउने र प्रा.लि.लाई कुनै जानकारी पनि नगराएको र प्रा.लि.उपर कुनै दावी पनि नरहेको अवस्थामा प्रा.लि. जवाफदेही हुने कुनै कुरा आउँदैन। मेरो प्रा.लि.ले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति लिएको छ। ईजाजत नं.७०० हो भनी International Job Link Pvt. Ltd. (Lic. No.७००) सञ्चालक बाल कुमार बुढाथोकीले गरेको बयान।

## ८. श्री विशेष सरकारी वकील कार्यालय काठमाडौँबाट भएको निर्णय:

प्रतिवादी विजय राई उपर वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र दफा ४३ बमोजिमको कसूरमा सोही दफा ४३ बमोजिम हुने सजाय सजाय हुन र जाहेरवालाहरूबाट लिए खाएको विगो रू. ६,६८,३००।- र सोको ५० प्रतिशत हर्जाना रू.३,३४,१५०।- समेत जम्मा रू.१०,०२,४५०।- जाहेरवालाहरू दिलाई भराई पाउन दावी लिई वादी नेपाल सरकार तर्फबाट वैदेशिक रोजगार न्यायाधिकरण काठमाण्डौंमा मुद्दा दायर गर्ने निर्णय।

## ९. अभियोग दाबी:

प्रतिवादी विजय राईले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति नलिई झुठ्ठो आश्वासन र प्रलोभन देखाई रकम लिई जाहेरवालाहरू बिरेन्द्र प्रसाद शर्मा र कमल प्रसाद रेग्मीलाई कतार मुलुकसम्म पुऱ्याई अलपत्र पारेको हुँदा निज प्रतिवादी विजय राईको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र दफा ४३ विपरितको कसूर अपराध गरेको देखिन आएकोले प्रतिवादी विजय राईलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम सजाय हुन र प्रतिवादी विजय राईबाट जाहेरवालाहरू विरेन्द्र प्रसाद शर्मा र कमल प्रसाद रेग्मीलाई तपसिल बमोजिमको विगो रकम, पचास प्रतिशत हर्जाना र अन्य रकम दिलाई भराई पाऊँ भन्ने समेत बेहोराको अभियोग पत्र।

**तपसिल**

| क्रम सं | जाहेरवाला | विगो रू. | हर्जाना ५०% | अन्य खर्च | जम्मा रकम रु |
|---|---|---|---|---|---|
| १ | विरेन्द्र प्रसाद शर्मा | २,३०,०००।- | १,१५,०००।- | २३,२५२।- | ३,६८,२५२।- |
| २ | कमल प्रसाद रेग्मी | २,३०,०००।- | १,१५,०००।- | २३,२५२।- | ३,६८,२५२।- |
| | जम्मा | ४,६०,०००।- | २,३०,०००।- | ४६,५०४।- | ७,३६,५०४।- |

## १०. प्रतिवादी विजय राईले यस न्यायाधिकरणमा गरेको बयान:

मलाई मिसिल संलग्न अभियोग पत्र समेतका सम्पुर्ण कागजातहरू पढी बाची सुनाउँदा सुनिपाएँ। मैले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा कतार मुलुकमा पठाउने भनेर आश्वासन दिएको छैन र विदेश पठाउने

भनेर रकम समेत लिएको छैन । म आफै वैदेशिक रोजगारमा जान खोजिरहेको व्यक्ति हुँ । म कोरिया तथा जापानिज भाषाको अध्ययन गरिरहेको छु । म हिरासतमा भएको बेलामा मेरो कोरियाको ईपियस परीक्षा समेत छुटेको छ । मेरो जाहेरवालासग चिनजान समेत छैन । त्यसैले निजहरूलाई विदेश पठाउने आश्वासन समेत दिएको छैन । निज जाहेरवालाहरूलाई कसले विदेश पठाएका हुन्, सो बारेमा मलाई केही थाहा छैन । मोतिलाल रेउलेसँग मेरो लेनदेन थियो । सो कारोवारमा मोतिलालसँग मैले रू.२,३०,०००।- लिनुपर्ने थियो । सोही रकम मोतिलालले मलाई फोन गरी विरेन्द्र प्रसाद शर्मा र कमल प्रसाद रेग्मीले तपाईको नाममा आई.एम.ई. गरेर जम्मा रकम रू.२,३०,०००।- पठाउँछन्, सो रकम तपाईलाई मैले दिनुपर्ने रकम मैले दिएको हुँ, तपाईले बुझिलिनु भनेकाले गर्दा मैले निज जाहेरवालाहरूबाट जम्मा रकम रू.२,४०,०००।- बुझिलिएको हुँ । निज मोतिलाललाई मैले दश हजार रूपैयाँ फिर्ता दिएको हुँ । निजसँग मैले दुई लाख तीस हजार मात्र लिनुपर्ने थियो । मोतिलाल रेउली मेनपावरको एजेन्ट भनेर सुनेको हुँ तर कुन मेनपावरमा काम गर्छन्, सो बारेमा मलाई केही थाहा छैन । जुन जाहेरवालाहरूले जाहेरी दिएका हुन्, निजहरूलाई मोतिलालले उचालेर म विरुद्ध जाहेरी दिएका हुन् । म कुनै मेनपावरको एजेन्ट होइन र मैले मानिसहरू विदेश पठाउने सम्वन्धी कुनै काम गरेको छैन । जाहेरवालाहरू International Job Link Pvt. Ltd.बाट विदेश गएका हुन् । तर कहिले गए र को मार्फत् सो मेनपावरमा गएका हुन्, सो बारेमा मलाई केही थाहा छैन । सामान्य कुराकानीको क्रममा मैले मोतिलाल रेउलीलाई मैले International Job Link Pvt. Ltd. टाढैबाट देखाई दिएको मात्र हो । जाहेरवालाहरूलाई मैले सो मेनपावर देखाएको चिनाएको होइन । निजहरू कसरी सो मेनपावरमा पुगे, सो बारेमा मलाई केही थाहा छैन । मलाई लागेको आरोप झुटो हो । लेनदेन कारोवार रहेकोले मोतीलालले मलाई दिनुपर्ने रकम अन्य व्यक्ति मार्फत् मेरो नाममा पठाएका हुन् । म देवान कन्सल्टेन्सीमा सम्बन्धित छैन । सञ्चालक बाल कुमार बुढाथोकीले गरेको कागज बेहोरा ठीक हो । मैले अभयोग दाबी बमोजिमको कसूर नगरेको हुँदा अभियोग दाबीबाट सफाइ दिलाई पाऊँ भन्ने समेत बेहोराको प्रतिवादी विजय राईले यस न्यायाधिकरणमा गरेको बयान ।

## ११. यस न्यायाधिकरणबाट भएको थुनछेक तथा प्रमाण मुकरर आदेश:

यी प्रतिवादी विजय राईबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र दफा ७२ बमोजिम रू.५०,०००।- (पचास हजार रूपैयाँ) धरौट, जमानत वा बैंक जमानत लिई तारेखमा राख्नु र माग भएको धरौट, जमानत वा बैंक जमानत दिन नसकेमा ऐ. संहिताको दफा ६८(२) बमोजिम कानून बमोजिमको सिधा खान पाउने गरी थुनुवा पूर्जी दिई थुनामा राख्न कारागार कार्यालयमा पठाई दिनू र प्रस्तुत मुद्दामा प्रतिवादी चुक्ता भएकोले वादी र प्रतिवादीका साक्षीहरू बुझी नियमानुसार गरी पेश गर्नू भन्ने समेत बेहोराको मिति २०७६।०३।१० मा यस न्यायाधिकरणबाट भएको थुनछेक तथा प्रमाण मुकरर आदेश ।

## १२. यस न्यायाधिकरणबाट भएको आदेश:

यसमा वादी पक्षको अभियोगपत्रको सबुद प्रमाण खण्डको गवाह महलमा उल्लेखित जाहेरवाला विवेक बुढाथोकी र देख्ने महलमा उल्लेखित शेरबहादुर बुढाथोकीलाई बकपत्रका लागि उपस्थित गराएको नदेखिंदा

निजहरूलाई बुझ्नुपर्ने देखिएकाले मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ११२ बमोजिम म्याद जारी गर्नुका साथै प्रतिवादी विजय राई थुनामा रहेकोमा निजले आफ्ना साक्षी काठमाडौँ उपत्यका बाहिर गएकाले उपस्थित गराउन नसकेको हुँदा अर्को तारेख तोकिपाऊँ भनी निवेदन दिएको देखिएकोमा थुनुवालाई साक्षी उपस्थित गराउने मौका दिनु उपयुक्त नै देखिएकाले निज प्रतिवादीको समक्षी निजै मार्फत् उपस्थित गराउनु भनी जानकारी दिई नियमानुसार पेश गर्नू भन्ने समेत बेहोराको यस न्यायाधिकरणको मिति २०७६।०९।०९ को आदेश।

**१३. जाहेरवाला कमल प्रसाद रेग्मीले यस न्यायाधिकरणमा गरेको बकपत्र:**

प्रतिवादी विजय राईले मलाई वैदेशिक रोजगारको लागि कतारमा क्यासियरको काममा पठाउने भनी रू.२,३०,०००।- (दुई लाख तीस हजार रूपैयाँ) रकम नगद र आईएमई मार्फत् बुझाएको हो। आईएमई मार्फत् १ लाख ४० हजार र नगद ९० हजार रकम बुझाएको हो। प्रतिवादीले रकम बुझेपछि म सहित विरेन्द्र प्रसाद शर्मालाई नेपाल हुँदै कतारसम्म लगी करिव ५२ दिनसम्म राखी भन्ने बमोजिमको काममा नलगाई अलपत्र पारेपछि आफ्नै खर्चमा नेपाल फर्की आएका हौँ। प्रतिवादीले नेपालबाट कतार पठाएपछि त्यहाँ निजको मानिसले कतार पुगेको २ दिनसम्म रिसिभ नगरी पछि रिसिभ गरी होटलमा राखी १५ दिनसम्म खान समेत नदिई यातना समेत दिएको थियो। प्रतिवादीले काम राम्रो छ, मासिक १७५० दिराम कमाई हुन्छ, त्यसैमा खान बस्न फ्रि हुन्छ र बली गरेपछि अन्य कमाई समेत हुन्छ भनी विश्वास दिलाएकोले विश्वासमा परी रकम बुझाएको हो। हालसम्म मैले कुनै रकम फिर्ता पाएको छैन। हामीहरूलाई प्रतिवादीले नै कतारसम्म पठाएको हो। हामी इन्टरनेशनल जब लिंकबाट वैदेशिक रोजगारीमा गएको होइन। प्रतिवादीले अभियोग मागदाबी बमोजिमको कसूर गरेको हुनाले निजलाई हदैसम्मको कैद र मेरो विगो रकम र सोको पचास प्रतिशत हर्जाना रकम र कतार जाँदा आउँदा लागेको खर्च समेत दिलाई भराई पाऊँ भन्ने समेत बेहोराको जाहेरवाला कमल प्रसाद रेग्मीले यस न्यायाधिकरणमा गरेको बकपत्र।

**१४. जाहेरवाला विरेन्द्र प्रसाद शर्माले यस न्यायाधिकरणमा गरेको बकपत्र:**

प्रतिवादी विजय राईले मलाई वैदेशिक रोजगारको लागि कतारमा क्यासियरको काममा पठाउने भनी रू.२,३०,०००।- (दुई लाख तीस हजार रूपैयाँ) रकम नगद र आईएमई मार्फत् बुझाएको हो। आईएम्ई मार्फत् एक लाख र नगद एक लाख तीस हजार रकम बुझाएको हो। प्रतिवादीले रकम बुझेपछि म सहित कमल प्रसाद रेग्मीलाई नेपाल हुँदै कतारसम्म लगी करिव ५२ दिनसम्म राखी भन्ने बमोजिमको काममा नलगाई अलपत्र पारेपछि आफ्नै खर्चमा नेपाल फर्की आएका हौँ। प्रतिवादीले नेपालबाट कतार पठाउपछि त्यहाँ निजको मानिसले कतार पुगेको २ दिनसम्म रिसिभ नगरी पछि रिसिभ गरी होटलमा राखी १५ दिनसम्म खान समेत नदिई यातना समेत दिएको थियो। प्रतिवादीले काम राम्रो छ, मासिक १७५० दिराम कमाई हुन्छ, त्यसैमा खान बस्न फ्रि हुन्छ र बली गरेपछि अन्य कमाई समेत हुन्छ भनी विश्वास दिलाएकोले विश्वासमा परी रकम बुझाएको हो। हालसम्म मैले कुनै रकम फिर्ता पाएको छैन। हामीहरूलाई प्रतिवादीले नै

कतारसम्म पठाएको हो। हामी इन्टरनेशनल जब लिंकबाट वैदेशिक रोजगारीमा गएको होइन। प्रतिवादीले अभियोग मागदाबी बमोजिमको कसूर गरेको हुनाले निजलाई हदैसम्मको कैद र मेरो विगो रकम र सोको पचास प्रतिशत हर्जाना रकम र कतार जाँदा आउँदा लागेको खर्च समेत दिलाई भराई पाऊँ भन्ने समेत बेहोराको जाहेरवाला विरेन्द्र प्रसाद शर्माले यस न्यायाधिकरणमा गरेको बकपत्र।

**१५. प्रतिवादी विजय राईका साक्षी इलाज राईले यस न्यायाधिकरणमा गरेको बकपत्र:**

जाहेरवालाहरूलाई चिन्दिन। प्रतिवादी विजय राईसँग चिनजान छ। अन्य रिसइवि लेनदेन केही छैन। यी जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाई दिने भनी रकम लिएको होइन। विभागमा उपस्थित भएका मोतिलाल रेउलेसँग भएको लेनदेन कारोवार अन्तर्गत फिर्ता गरेको रकम यी जाहेरवालाहरूको नाउँबाट पठाएको रहेछ। सोही रसिदका आधारमा झुट्टा जाहेरी दिएको हो। निजले आरोपित कसूरबाट सफाइ पाउनुपर्छ भन्ने समेत बेहोराको प्रतिवादी विजय राईका साक्षी इलाज राईले यस न्यायाधिकरणमा गरेको बकपत्र।

**१६. यस न्यायाधिकरणबाट मिति २०७६।०८।१९ मा भएको आदेश:**

देहाय बमोजिम गरी पेश गर्नू:

१) अनुसन्धानको क्रममा बुझिएका International Job Link Pvt. Ltd. का सञ्चालक बाल कुमार बुढाथोकीलाई बकपत्रको लागि उपस्थि गराएको नदेखिएको हुँदा र निजलाई बुझी नहुने देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ११२ बमोजिम म्याद जारी गरी झिकाई बुझी नियमानुसार गर्नू।

२) मिति २०७६।०६।२८ को आदेशानुसार अभियोगपत्रमा International Job Link Pvt. Ltd. का हकमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५५ बमोजिम कारवाही वैदेशिक रोजगार विभाषबाट नै कारवाही हुने भनी अभियोग दायर भएको देखिंदा सो बमोजिम कारवाही भएको छ, छैन? तीन दिनभित्र जानकारी दिनु भनी वैदेशिक रोजगार विभागमा लेखी पठाएको नदेखिंदा पूर्व आदेशानुसार लेखी पठाई जवाफ प्राप्त भएपछि नियमानुसार पेश गर्नू।

**१७. बुझिएका बाल कुमार बुढाथोकीले यस न्यायाधिकरणमा गरेको बकपत्र:**

मिति २०७६।०३।०२ को कागज पढी बाची सुनाउँदा सुनें। लेखिएको बेहोरा र सहीछाप मेरो हो। सनाखत पनि गरिदिएँ। जाहेरवालाहरूलाई कतार पठाएकोमा काम र तलब सेवा सुविधाको जिम्मा मेरो हो। निज जाहेरवालाहरूलाई वैदेशिक रोजगारीमा पठाउनका लागि मैले कुनै रकम लिएको छैन। उनीहरू फर्केको र के कति कारणले फर्केको मलाई जानकारी छैन भन्ने समेत बेहोराको बुझिएका बाल कुमार बुढाथीकोले यस न्यायाधिकरणमा गरेको बकपत्र।

## ठहर खण्ड

१८. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट विशेष सरकारी वकील कार्यालय काठमाडौँका विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ गौतमले प्रतिवादी विजय राईले जाहेरवालाहरूलाई क्यासियरको कामका लागि कतार पठाई दिने भनी जनही रू.२,३०,०००।- बुझी लिई कतार पुर्‍याई अलपत्र पारी आफ्नै खर्चमा नेपाल फर्की आएको भन्ने जाहेरी, रकम पठाएको रसिद राहदानीमा लागेका स्ट्याम्प र जाहेरवालाहरूको बकपत्र समेतबाट पुष्टि भएकाले प्रतिवादीलाई अभियोग दाबी बमोजिम सजाय गरी जाहेरवालाहरूको विगो र हर्जाना दिलाई पाऊँ भनी गर्नुभएको बहस समेत सुनियो। त्यस्तै जाहेरवाला कमल प्रसाद रेग्मीको तर्फबाट विद्वान अधिबक्ता श्री दुर्गा बहादुर घलेले मेरो पक्षको जाहेरी, बकपत्र तथा रकम पठाएको रसिद समेतबाट प्रतिवादी उपरको कसूर पुष्टि भएको हुँदा दावी बमोजिम सजाय गरी मेरो पक्षको बिगो र हर्जाना दिलाई पाऊँ भनी गर्नुभएको बहस सुनियो।

१९. त्यस्तै प्रतिवादीका तर्फबाट विद्वान् अधिवक्ता श्री विष्णु बहादुर गुरुङले मेरो पक्षको जाहेरवालाहरूसँग चिनजान छैन। मेरो पक्षले साथी मोतिलाल रेउलेबाट रकम लिनुपर्ने हुँदा जाहेरवालाहरूले रू.२,४०,०००।- पठाउँछन्, सोबाट लिनु भनी निजले भनेकाले पाएको रकमबाट रू.२,३०,०००।- लिई बाँकी दश हजार निज मोतिलाललाई नै दिएकोसम्म हो। मेरो पक्षले जाहेरवालाहरूलाई रोजगारीका लागि कतार पठाएको नहुँदा अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने होइन भनी गर्नुभएको बहस समेत सुनियो।

२०. यसमा वादी नेपाल सरकार तर्फबाट प्रतिवादी विजय राईले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिई जाहेरवालाहरू विरेन्द्र प्रसाद शर्मा र कमल प्रसाल रेग्मीलाई वैदेशिक रोजगारको लागि कतार पठाई दिने भनी झुट्टा आश्वासन देखाई प्रलोभनमा पारी रकम बुझिलिई कतारसम्म पुर्‍याई अलपत्र पारी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसूर गरेकाले सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाहरूबाट लिएको विगो रू.४,६०,०००।- (चार लाख साठी हजार रूपैयाँ) र सोको ५० प्रतिशत हर्जाना रू.२,३०,०००।- (दुई लाख तीस हजार रूपैयाँ) समेत जम्मा रू. ६,९०,०००।- (छ लाख नब्बे हजार रूपैयाँ) दिलाई भराई पाउन अभियोग दाबी लिएकोमा प्रतिवादी विजय राईले निज उपरको अभियोग दावी बारे यस न्यायाधिकरणमा बयान गर्दा जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा कतार पठाउने भनी रकम लिएको छैन। विदेश पुर्‍याउने कार्यमा मेरो संलग्नता छैन। जाहेरवालाहरूबाट वैदेशिक रोजगारमा पठाउन रकम लिएको नभई साथी मोतीलाल रेउलेले मलाई रू.२,३०,०००।- बुझाउन बाँकी रहेकोमा जाहेरवालाहरूबाट लिनु भनी निजले भने बमोजिम जाहेरवालाहरूले आईएमई मार्फत् पठाएको रकम लिई बाँकी दश हजार रूपैयाँ मोतीलाललाई दिएको हो। मोतीलाल रेउलेले मेनपावर कम्पनीको एजेन्टको काम गर्ने भने तापनि निज के कुन मेनपावर कम्पनीसँग सम्बन्धित थिए, थाहा भएन। अभियोग दावीको कसूर गरेको छैन भनी कसूरमा इन्कार रही बेहोरा लेखाएको देखिन्छ।

२१. उपरोक्तानुसारको अभियोग दाबी, प्रतिवादीको बयान र विद्वान् कानून व्यवसायीहरूको बहस जिकिर सुनी प्रस्तुत मुद्दामा प्रतिवादीले जाहेरवालाहरूसँग रकम लिई वैदेशिक रोजगारका लागि कतार पठाई अलपत्र पारी कसूर गरेका हो ? होइन ? सजाय हुने हो ? होईन ? र बिगो र हर्जाना भराई दिनपर्ने हो, होइन ? आदि प्रश्नको निरोपण गर्नुपर्ने देखियो ।

२२. सम्बद्ध मिसिल अध्ययन गरी निर्णयतर्फ विचार गर्दा, प्रतिवादी विजय राईले कतारको सुपरमार्केटमा क्यासियर काम दिलाई दिन्छु, दिनको ८ घण्टा काम गरेवापत १७५० कतारी रियल कमाई हुन्छ भनी आश्वासन दिई प्रति व्यक्ति रू.२,३०,०००।- (दुई लाख तीस हजार रूपैयाँ) लिई हामीलाई कतारसम्म पुऱ्याए तापनि निजले भने बमोजिमको एजेन्ट आई हामीलाई नलगेको र अर्कै एजेन्ट आई हामीलाई काम नदिलाई कोठामा राखी अलपत्र पारी आफ्नै पहलमा नेपाल फर्की आएको हुँदा कानून बमोजिम कारबाही गरी हामीबाट लिएको रू.४,६०,०००।- (चार लाख साठी हजार रूपैयाँ) र सोको पचास प्रतिशत हर्जाना रू.२,३०,०००।- समेत प्रतिवादीबाट जाहेरवालाहरूलाई आ-आफ्नो विगोबमोजिम दिलाई भराई पाऊँ भन्ने जाहेरवालाहरूको संयुक्त जाहेरी परेकोमा अनुसन्धानको सिलसिलामा जाहेरवालाहरूले थप बेहोरा खुलाई गरेको कागज मिसिल सामेल रहेको र सोही सिलसिलामा बुझिएका मोतीलाल रेउलेले गरेको कागजमा प्रतिवादी सामान्य चिनजानको साथी हो । म्यानपावरमा काम गर्छु भनेका थिए।निजले जाहेरवालाहरूलाई कतार मुलुकमा पठाई सुपरमार्केटमा क्यासियरको काममा लगाई दिने भनी हातैमा र आई.एम.ई. मार्फत् रू.४,६०,०००।- बुझिलिएको ठिक साँचो हो । यसरी रकम लिई जाहेरवालाहरूलाई कतारसम्म पुऱ्याई अलपत्र पारेकोले जाहेरवालाहरू आफ्नै पहलमा नेपाल फर्की आएका हुन् भन्ने समेत बेहोरा लेखाएको देखिन्छ ।

२३. प्रतिवादी विजय राईले भने बयानका क्रममा जाहेरवालालाई चिनेको छैन । जाहेरवालाहरूलाई विदेश पठाउने प्रलोभन देखाई रकम लिएको पनि होइन । साथी मोतिलाल रेउलेसँग रू.२,३०,०००।- लिन बाँकी रहेकोमा निजले जाहेरवालाहरूले रू.२,४०,०००।- आई.एम.ई. गरेर पठाउँछन्, सोबाट रकम भुक्तानी गरी लिनु भनी भने बमोजिम जाहेरवालाहरूले पठाएको रकम प्राप्त गरी दश हजार रूपैयाँ मोतीलाल रेउलेलाई फिर्ता गरेको हुँ । मोतीलाल रेउले मेनपावरको एजेन्ट भन्ने सुनेको भए तापनि निज कुन मेनपावर कम्पनीसँग सम्बन्धित थिए, थाहा छैन । म कुनै मेनपावर कम्पनीसँग सम्बन्धित छैन । जाहेरवालाहरूले के कति कारणले म उपर जाहेरी दिए, मलाई थाहा छैन । जाहेरवालाहरूबाट रकम लिई वैदेशिक रोजगार कतार पठाएको छैन भन्ने समेत बेहोरा लेखाएकोमा निजको साक्षी इलाज राईले प्रतिवादी अभियोग दाबीको कसूरमा संलग्न नरहेकाले अभियोग दाबीबाट सफाइ हुनुपर्ने भनी बकपत्र गरेको देखिन्छ ।

२४. जाहेरवालाहरूले मौकाको जाहेरी बमोजिम नै प्रतिवादी विजय राईले कतार पठाई दिने भनी जनही रू.२,३०,०००।- (दुई लाख तीस हजार रूपैयाँ) लिएको, कतारसम्म पुऱ्याई कुनै काम नदिई अलपत्र पारेको कारण आफ्नै पहलमा नेपाल फर्की आएकोमा हालसम्म पनि प्रतिवादीले रकम फिर्ता नगरेको भनी प्रतिवादीलाई अभियोग दाबी बमोजिम सजाय हुनु पर्ने भनी यस न्यायाधिकरणमा छुट्टा-छुट्टै बकपत्र गरेको पाइयो ।

२५. जाहेरवालाहरूले उपरोक्तानुसार प्रतिवादीले वैदेशिक रोजगारमा कतार पठाउने भनी रकम लिई कतार पुऱ्याई अलपत्र पारेको भनी गडाउ गरी बकपत्र गरेको देखिए तापनि ईजाजत प्राप्त इन्टरनेशनल जब लिंक प्रा.लि.का सञ्चालक बाल कुमार बुढाथोकीले भने मौकामा कागज गर्दा आफू सञ्चालक रहेको कम्पनीले सम्पूर्ण प्रकृयाहरू सम्पन्न गरी जाहेरवालाहरू श्रम स्विकृति लिई रोजगारका लागि कतार गएका हुन् । जाहेरवालाहरूले आफूलाई परेको समस्याका बारेमा आफूलाई जानकारी नगराएको र नेपाल फर्की आए पछि जाहेरवालाहरूको समष्या थाहा पाएको हो । प्रतिवादी विजय राईसँग कुनै लेनदेन चिनजान समेत छैन भन्ने बेहोरा लेखाई यस न्यायाधिकरणमा समेत सोही बमोजिम बकपत्र गरेको देखियो ।

२६. यसरी इन्टरनेशनल जब लिंक प्रा.लि.का सञ्चालक बाल कुमार बुढाथोकीको बकपत्रबाट ईजाजत प्राप्त म्यान पावर मार्फत् प्रकृया पुरा गरी कतार गएको भन्ने देखिएकोमा यस न्यायाधिकरणको आदेश बमोजिम वैदेशिक रोजगार कार्यालय ताहाचलबाट प्राप्त सम्बन्धीत फायल हेर्दा जाहेरवाला बिरेन्द्र प्रसाद शर्मा र कमल प्रसाद रेग्मी जेनरल क्लिनर वर्करमा काम गर्नका लागि ईजाजत प्राप्त संस्था ईन्टरनेसनल जब लिंक प्रा. लि. मार्फत् कतार स्थित PHILIP INTERNATIONAL SERVICES कम्पनीमा रोजगारका लागि गएको देखिनुका साथै जाहेरवालाहरू र कतार स्थित PHILIP INTERNATIONAL SERVICES कम्पनीकाबीच सेवाको शर्त र पारिश्रमिक समेत उल्लेख गरी कम्पनी र कामदारवीच भएको सम्झौता पत्र र ईजाजत प्राप्त ईन्टरनेसनल जब लिंक प्रा.लि.ले कामदार पठाउनका लागि प्राप्त गरेको पूर्व स्वीकृती र अन्तिम श्रम स्वीकृती समेत रहेको देखिँदा ती प्रमाणको रोहबाट प्रतिवादीले रकम लिई वैदेशिक रोजगारमा कतार पुऱ्याई अलपत्र पारेको भन्ने जाहेरवालाहरूको कथन खण्डित भएको देखियो ।

२७. वादीको अभियोग पत्रमा समेत ईजाजतपत्रवाला International Job Link Pvt. Ltd का हकमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५५ बमोजिमको कारवाही वैदेशिक रोजगार विभागबाट हुने भन्ने उल्लेख भएको देखिन्छ । वादीले एकातिर प्रतिवादी उपर वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति पत्र नलिई रकम लिई जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाई अलपत्र पारको भन्ने दावी लिई यस न्यायाधिकरणमा अभियोजन गरेको र अर्को तिर जाहेरवालाहरू ईजाजत प्राप्तवाला International Job Link Pvt. Ltd. मार्फत् वैदेशिक रोजगारमा गई फर्किएकाले बिभागबाट कारबाही हुने भनी बिरोधाभाषपूर्ण अभियोजन गरेको देखियो । वादीले शंकारहित तवरले (beyond reasonable doubt) प्रतिवादी उपरको कसूर प्रमाणित गर्नु पर्नेमा वादीको अभियोजनबाटै जाहेरवालाहरू ईजाजत प्राप्तवाला International Job Link Pvt. Ltd. मार्फत् श्रम स्वीकृती लिई वैदेशिक रोजगारमा कतार गई फर्की आएको देखिंदा प्रतिवादी बिजय राईले वादीको अभियोग दावी बमोजिमको वैदेशिक रोजगार सम्बन्धी कसूर गरेको भन्न मिल्ने देखिएन ।

२८. वैदेशिक रोजगार ऐन,२०६४ को दफा ५५ मा "कुनै इजाजतपत्रवालाले कुनै कामदारसँग एउटा कम्पनीमा काम गर्ने भनी करार गरी सोभन्दा कम पारिश्रमिक र सुविधा पाउने गरी वा कामको प्रकृति नै फरक पारी अर्को कम्पनीमा काम लगाएमा वा जुन कामको लागि वैदेशिक रोजगारमा पठाएको हो, सो काममा नलगाई अर्को काममा लगाएमा वा जति पारिश्रमिक र सुविधा दिने भनी लगेको हो सोभन्दा कम पारिश्रमिक र सुविधामा

काम लगाएमा विभागले इजाजतपत्रवालालाई एक लाख रूपैयाँ जरिबाना गर्नेछ र जति पारिश्रमिक र सुविधा कम दिएको हो सो रकम विभागले इजाजतपत्रवालाबाट कामदारलाई भराइदिनु पर्नेछ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । यस कानूनी व्यबस्थाबाट इजाजतपत्रवाला संस्था मार्फत् श्रम स्विकृती लिई वैदेशिक रोजगारमा गई कुनै कारणबश कामदारबीचैमा फर्किनु परेकोमा सो को कारवाही एबं निर्णय गर्ने क्षेत्राधिकार वैदेशिक रोजगार विभागलाई रहेको भएकोमा द्विविधा रहेन ।

२९. वैदेशिक रोजगार व्यवसाय गर्ने ईजाजत प्राप्त संस्थाले दर्ता गर्दा पर्याप्त धरौटी रकम विभागमा राख्नु पर्ने कानूनी ब्यबस्थाले ईजाजत प्राप्त संस्था मार्फत् वैदेशिक रोजगारमा गई शर्त बमोजिम काम वा पारिश्रमिक नपाई बीचैमा फर्कनु परेका कामदारहरूको शारीरिक एवम् आर्थिक क्षतिको तत्काल सम्बोधन गर्न सक्ने सहजता रहे भएको देखिन आउने स्थिति हुँदा यस्ता निवेदकको हकमा सम्बन्धित ईजाजतवाला संस्था उपर विभागबाट तत्काल कारबाहीको अपेक्षा हुनु स्वाभाविकै हो । प्रस्तुत मुद्दाको हकमा भने यस न्यायाधिकरणबाट मिति २०७६।६।२८, र मिति २०७६।८।१८ मा वादीको अभियोग पत्रमा उल्लेख भए बमोजिम ईजाजतपत्रवाला International Job Link Pvt. Ltd. लाई के कारवाही भयो, जानकारी लिने भन्ने आदेश भई पटक-पटक पत्राचार गर्दा समेत वैदेशिक रोजगार विभागबाट कुनै जानकारी पठाएको देखिएन। वैदेशिक रोजगार बिभागको मौनताबाट ईजाजतपत्रवाला International Job Link Pvt. Ltd. उपर वादीको अभियोग पत्रमा उल्लेख भए बमोजिम कारबाही नगरिएको भन्ने नै देखियो । यसबाट वादीले International Job Link Pvt. Ltd. का बिरुद्ध बिभागबाटै कारबाही हुने भएकाले उक्त प्रा.लि. बिरुद्ध दावी नलिने भनेकोमा न्यायाधिकरण समक्ष दावी पनि नलिने, बिभागबाट पनि कारबाही नहुने जस्तो भई International Job Link Pvt. Ltd. ले निर्बाह गर्नुपर्ने कानूनी दायित्वबाट उन्मुक्ति पाउने जस्तो देखियो । जुन न्यायको रोहमा उचित देखिएन । यस पृष्ठभूमीमा वैदेशिक रोजगार ऐन, २०६४ले वैदेशिक रोजगार व्यवसाय गर्न ईजाजत दिने, ईजाजत पत्रवाला संस्थाले कानून बमोजिम कार्य गरे, नगरेको निरीक्षण गर्ने, ईजाजत प्राप्तवाला संस्था मार्फत् वैदेशिक रोजगारमा गएका कामदारहरू बीचैमा फर्कनु परेको अबस्थामा तिनीहरूले माग गरेको बिषयको तत्काल सम्बोधन गर्नुपर्ने वैदेशिक रोजगार बिभागको अनुसन्धान अधिकृत र सम्बद्ध अधिकारीको कानूनी कर्तव्यका सम्बन्धमा ध्यान आकर्षण हुनु र गराउनु पीडित राहत-शास्त्रको दृष्टिले बान्छनीय देखियो ।

३०. अतः, विवेचित उपरोक्त आधार र कारणबाट जाहेरवालाहरू इजाजतपत्र प्राप्त ईन्टरनेसनल जब लिङ्क प्रा.लि.बाट श्रम स्विकृति लिई कतार मुलुक गई फर्की आएको भन्ने देखिएको हुँदा प्रतिवादी विजय राईले वैदेशिक रोजगार ऐन,२०६४ को दफा १० र ४३ को कसूर गरेको मान्न मिल्ने देखिएन।वादीको अभियोगपत्रमा International Job Link Pvt. Ltd. (lic no ७००) उपर बिभागबाट कारवाही हुने भन्ने उल्लेख भएकोमा श्रम स्विकृति लिई विदेश गई फर्की आएको जाहेरवाला कामदारको मागको हकमा सो बमोजिम विभागबाट कारवाही हुने नै हुँदा प्रतिवादी बिजय राईलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूरमा सोही ऐनको दफा ४३ बमोजिम सजाय गरी निजबाट जाहेरवालाहरूको विगो र

हर्जाना समेत दिलाई पाऊँ भन्ने वादीको अभियोग दाबी पुग्न नसकी प्रतिवादीले सफाइ पाउने ठहर्छ । अरु तपसिल बमोजिम गर्नू ।

**तपसिल**

प्रस्तुत फैसला उपर चित्त नवुझे ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी फैसलाको प्रतिलिपि साथै राखी विशेष सरकारी वकील कार्यालय, काठमाडौंलाई पुनरावेदनको म्याद दिनू ।............................ १

प्रकरण २९ मा विबेचित ठहर बुँदाको प्रयोजनका लागि यो फैसलाको प्रमाणित उतार वैदेशिक रोजगार बिभागलाई दिनू.......................................................................................................................................... २

प्रस्तुत फैसलाको जानकारी वादी मार्फत् जाहेरवालाहरूलाई दिनू ....................................................... ३

सरोकारवालाले फैसलाको नक्कल माग गरेमा कानून बमोजिम लाग्ने दस्तुर लिई नक्कल दिनू................... ४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टी गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू.................................... ५

**रमेशकुमार खत्री**
(अध्यक्ष)

उक्त रायमा मेरो सहमत छु ।

**रमा देवी पराजुली**
(सदस्य)

**प्रेमकुमार राई**
(सदस्य)

**फैसला तयार गर्न सहयोग पुऱ्याउने**
शाखा अधिकृतः कृष्णशोभा सुवाल
फैसला मितिः -२०७७।०८।२९।२

**श्री**
**वैदेशिक रोजगार न्यायाधिकरण**
**इजलास**
**माननीय अध्यक्ष श्री रमेशकुमार खत्री**
**सदस्य श्री प्रेमकुमार राई**
**सदस्य श्री रमा देवी पराजुली**
**फैसला**

मुद्दा नं. **०७५-FT-०४८०**
निर्णय नं. ८३

## मुद्दाः वैदेशिक रोजगार कसूर ।

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| जोग लाल खड्गीको नाति, विर बहादुर खड्गीको छोरा जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा नं. १९ बस्ने कङकेश्वरी दिल रत्न खड्गीको जाहेरीले नेपाल सरकार ...............................................१ | तरिभाई नेपालीको नातिनी, मोहन नेपालीको छोरी, रामदास श्रेष्ठको श्रीमती जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा नं. २२ टेवहाल, हाल काठमाण्डौ महानगरपालिका ११ सुकेधारा बस्ने मैयाँ नेपाली.............................................................१ |

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार भित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ।

**१. दिलरत्न खड्गीको जाहेरी दरखास्तः-**

विपक्षीले मलाई वैदेशिक रोजगारमा अमेरिका पठाउन भनी मिति २०७०/०२/२२ मा नगद रू.२०,००,०००।- (बीस लाख) बुझिलिई वारम्वार ताकेता गर्दा समेत रोजगारमा नपठाई सम्पर्क विहिन भएको र मिति २०७४/१२/३० मा अचानक भेटी कुरा गर्दा उक्त मितिले १५ दिन भित्र वैदेशिक रोजगारमा अमेरिका पठाउन नसके अग्रिम लिएको रकम सावाँ व्याज समेत मेरो चलअचल सम्पत्तीबाट लिनुहोला भन्ने व्यहोराको लिखत कागज गरिदिनु भएकोमा मलाई रोजगारमा नपठाई रकम समेत फिर्ता नगरेकोले सारै अन्यायमा परी जाहेरी दरखास्त दिन आएको छु। विपक्षीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरित कार्य गरेको हुँदा ऐ. दफा ४३ बमोजिम सजाय गरी मेरो विगो र सो को ५० प्रतिशत हर्जाना समेत फिर्ता दिलाई भराई पाउं भन्ने व्यहोराको दिलरत्न खड्गीको जाहेरी दरखास्त।

## २. मैयाँ श्रेष्ठले गरिदिएको सक्कल लिखतः-

मैयाँ नेपालीले दिल रत्न खड्गीलाई वैदेशिक रोजगारमा अमेरिका पठाईदिने भनी मिति २०७०/०२/२२ मा रू.२०,००,०००।- (बीस लाख मात्र) बुझिलिएको भन्ने व्यहोरा खुलाई मिति २०७४/१२/३० मा गरिदिएको वैदेशिक रोजगार सम्बन्धी लिखत कागज।

## ३. प्रतिवादी मैयाँ नेपालीले गरेको बयान कागजः-

जाहेरवाला दिल रत्न खड्गीसँग चिनजान छैन, लेनदेन छैन, नाता पर्दैन । रिसईवी केही छैन। जाहेरी दरखास्तको व्यहोरा झुठ्ठा हो । यी जाहेरवालाले भने बमोजिम निजलाई वैदेशिक रोजगारमा अमेरिका पठाउने भनी कुनै रकम लिएको छैन । मैले वैदेशिक रोजगारीमा पठाउने सम्बन्धी कुनै काम गर्दिनं । निकै पहिला पसल संचालन गर्नको लागि उजे नेपालीसँग मैले रू. १०,०००००। (दश लाख ) ऋण सापटी मागेको थिएँ। पैसा दिने बेलामा तत्काल म उपस्थित हुन नसकेकोले निज उजे नेपालीले मैले मागेको रकम मेरो बहिनी पूर्ण देवी देउजालाई दिएको रहेछ। बहिनीबाट मैले लिएको हो। पैसा लिएको निकै समयपछि निज उजे नेपालीले मलाई कागज गराएका थिए जुन समयसम्ममा मैले सम्पूर्ण रकम र व्याज समेत चुक्ता गरिसकेको थिएँ। कागज गराउने बेलामा म र मेरो बहिनी पूर्ण देवी देउजालाईसँगै कागज गराएको थियो। मलाई लेनदेनको कागज र मेरो बहिनीलाई सोही कागजमा साक्षी बसेको भनी कागज गराएको थियो। किन फरक-फरक कागजमा सही गराएको भन्दा केही फरक पर्दैन। म मैयाँ नेपालीलाई लेनदेनको र मेरो बहिनी पूर्णदेवी देउजालाई साक्षी बसेको कागज गरेको हो भनी वकील समेत आई कागज गराएका थिए। उक्त लिखत कागज गर्दा रू.१०,००,०००।- (दश लाख) बरावरको लेनदेनको कागज हो सहि गर्दा केहि हुदैन भनी उजे नेपालीले भनेकाले मैले उक्त लिखत कागजमा सहिछाप गरिदिएको थिएँ। मैले जाहेरवाला दिल रत्न खड्गीलाई चिनेको समेत छैन। उजे नेपालीले म र मेरो बहिनी प्रत्येकलाई झुक्यानमा पारी बीस-बीस लाख रूपैयाँ बराबरको वैदेशिक रोजगार सम्बन्धी लिखत कागज जाहेरवाला दिल रत्न खड्गी र आफ्नो नाममा गराएका रहेछन्। सो कुरा पक्राउ परी विभागमा आईसके पछि मात्र थाहा जानकारी भयो। मैले वैदेशिक रोजगारीको लागि भनी रकम लिएको र कागज गरिदिएको होईन। जाहेरवालाले जाहेरी साथ पेश गरेको मिति २०७४/१२/३० को लिखत कागजमा उल्लेख भएको नाम, थर र सहीछाप मेरो नै हो। मैले निजलाई वैदेशिक रोजगारको लागि अमेरिका पठाई रोजगार लगाईदिने भनी उक्त रकम रू.२०,००,०००।– (बिस लाख) बुझिलिएको होईन। मैले निज जाहेरवालासँग नभई उजे नेपालीसँग पसल संचालन गर्ने प्रयोजनका लागी रू.१०,००,०००।- (दश लाख) रकम बुझिलिएको हो। मैले लिएको रकम पटक-पटक गरी सम्पुर्ण रकम फिर्ता गरी सकेकी छु। निजले मलाई झुक्यानमा पारी कागज गराएका रहेछन्। किन झुक्याई लिखत कागज गराए सो उनैले जानुन्। मैले निज जाहेरवालासँग नभई उजे नेपालीसँग लेनदेनको कागज गरेको हो। उक्त लिखत कागजमा उल्लेख भए बमोजिमको रकम नभई रू.१०,००,०००।- (दश लाख) लिएकोमा पटक पटक गरी रकम फिर्ता गरिसकेको छु तर मसँग रकम फिर्ता गरेको कुनै कागज प्रमाण छैन्। उजे नेपाली र जाहेरवालाले मिलोमतो गरी झुक्यानमा पारी कागज गराए तर्फ कहिंकतै उजुर वाजुर गरी कानूनी कारवाही चलाएको छैन। वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजतपत्र लिएको छैन भन्ने समेत

बेहोराको प्रतिवादी मैयाँ नेपालीले अनुसन्धानका क्रममा गरेको बयान कागज।

## ४. जाहेरवाला दिल रत्न खड्गीले गरेको कागजः

मिति २०७५/०८/१२ को जाहेरी दरखास्तमा उल्लेख भए बमोजिमको सम्पूर्ण व्यहोरा सत्य साँचो हो। प्रतिवादी मैयाँ नेपालीले अमेरिका मुलुकमा वैदेशिक रोजगारमा लगाई दिने भनी रू.२०,००,०००।(बीस लाख) बुझि लिएको हो। निज प्रतिवादीले म जाहेरवालालाई वैदेशिक रोजगारीमा पठाउने भनी मिति २०७०/०२/२२ मा रकम लगी त्यसतर्फ केही काम नगरेकोले जाहेरी दिएको हुँ। मलाई कुनै विदेशी मुलुक लगेकी छैनन्। मैले निज प्रतिवादीबाट कुनै पनि रकम फिर्ता पाएको छैन। प्रतिवादीलाई कानून बमोजिम कारवाही गरी मबाट वैदेशिक रोजगारको बहानामा ठगी गरेको विगो रू. २०,००,०००।- र सो को ५० प्रतिशत हर्जाना रू. १०,००,०००।- समेत विपक्षीबाट फिर्ता दिलाई भराई निज विपक्षीलाई सजाय समेत गरिपाऊँ।

## ५. लिखत कागजका साक्षी उजे नेपालीले गरेको कागजः

जाहेरी दरखास्तमा उल्लेख भए बमोजिमको सम्पूर्ण व्यहोरा सत्य साँचो हो। जाहेरी साथ पेश भएको सक्कल लिखत कागजको साक्षी किनारामा भएको उजे नेपाली भन्ने नाम, थर र सही छाप मैरै हो हेरी चिनी सनाखत गरिदिएँ। उक्त कागज मैरै सामुन्नेमा गरिदिएको हो। जाहेरवाला मेरो सानै उमेर देखिको साथी हो। प्रतिवादीलाई जाहेरवालाले मिति २०७०/०२/२२ मा रकम दिने समयमा समेत मसँगै थिएँ। जाहेरवालालाई वैदेशिक रोजगारमा अमेरिका पठाईदिन्छु भनी प्रतिवादीले रू. २०,००,०००।- रकम लिएर पठाउन नसके पछि मिति २०७४/१२/३० मा लिखत कागज गरिदिएको हो। वैदेशिक रोजगारमा लगाई दिने भनी रकम बुझिलिई भने बमोजिमको वैदेशिक रोजगारमा पठाउन नसकेको तथा लिएको रकम फिर्ता नगर्ने प्रतिवादी मैयाँ नेपालीलाई कानून बमोजिम कारवाही होस्।

## ६. विशेष सरकारी वकील कार्यालयको निर्णय:

प्रतिवादी मैयाँ नेपालीले वैदेशिक रोजगार व्यवसाय गर्न पाउने ईजाजत नलिई जाहेरवालालाई वैदेशिक रोजगारीका लागि अमेरीका पठाउँछु भनी झुट्टा आश्वासन दिई प्रलोभनमा पारी रकम लिई प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र दफा ४३ बमोजिमको कसूर अपराध भएको देखिँदा निज प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम हुने सजाय ३ बर्ष देखि ७ बर्षसम्म कैद र रू.३ लाख देखि रू. ५ लाखसम्म जरिवानाको आधा सजाय हुन र निज प्रतिवादीले जाहेरवालाबाट बुझिलिएको विगो रू. २०,००,०००।- र सो को पचास प्रतिशतले हुने हर्जाना रू. १०,००,०००।– समेत गरी जम्मा रू. ३०,००,०००।– प्रतिवादी मैयाँ नेपालीबाट जाहेरवाला दिलरत्न खड्गीलाई दिलाई भराई दिने मागदावी लिई मुद्दा चलाउने भनी विशेष सरकारी वकील कार्यालय काठमाडौंबाट भएको निर्णय।

## ७. अभियोग दावीः-

प्रतिवादी मैयाँ नेपालीले वैदेशिक रोजगार व्यवसाय गर्न पाउने ईजाजत नलिई जाहेरवालालाई वैदेशिक

रोजगारीका लागि अमेरीका पठाउँछु भनी झुट्टा आश्वासन दिई प्रलोभनमा पारी रकम लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेका हुँदा प्रतिवादीलाई सोही दफा ४३ बमोजिम सजाय गरी निज प्रतिवादी मैयाँ नेपालीले जाहेरवाला दिलरत्न खड्गीबाट बुझिलिएको विगो रू. २०,००,०००।- र सो को पचास प्रतिशतले हुने हर्जाना रू. १०,००,०००।– समेत गरी जम्मा रू. ३०,००,०००।– प्रतिवादी मैयाँ नेपालीबाट जाहेरवाला दिलरत्न खड्गीलाई दिलाई भराई पाऊँ भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारको अभियोग दावी।

८. **प्रतिवादी मैयाँ नेपालीले गरेकोको बयानः-**

मलाई मिसिल संलग्न अभियोग पत्र समेतका सम्पुर्ण कागजातहरू पढिवाची सुनाउँदा सुनिपाएँ, मैले जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउने भनी कुनै रकम लिए खाएको छैन। मैले जाहेरवाला दिलरत्न खड्गीलाई चिन्दिन। अभियोग मागदावी बमोजिमको व्यहोरा झुठ्ठा हो। कस्मेटीक पसलको लागि भनी उजे नेपालीसँग नगद रू.१०,००,०००।- ऋण मागेकी थिएँ तर उक्त समयमा म नभएकोले उजे नेपालीले मेरो बहिनी पुर्ण देवी देउजालाई सो रकम बुझाएको हो र मैले बहिनीबाट सो रकम बुझेको हो। उक्त रकम निज उजे नेपालीलाई पटक पटक गरी फिर्ता गरिसकेको छु। रकम नगदै फिर्ता गरेको हुनाले कुनै प्रमाण छैन। रकम ऋण लिने बेलामा कुनै किसिमको कागज बनाएको थिएन। पछि उजे नेपालीले साथीहरूलाई लेनदेन भएको कुरा देखाउन पर्छ भनी मलाई लेनदेनको कागज र मेरो वहिनी पुर्ण देवी देउजालाई साक्षीको कागज भनी वकील समेतको उपस्थितिमा कागज गराएको हो। कागज गर्दा कागजमा लेखिएको व्यहोरा र मिति समेत थाहा छैन। उजे नेपालीले मलाई वैदेशिक रोजगार विभागमा तपाईलाई अझ फसाउँछु, मसँग अझै ३-४ वटा कागज र चेक छ भनी धम्की समेत दिएको छ। मैले कसैलाई पनि वैदेशिक रोजगारमा पठाउने भनी रकम लिए खाएकी छैन। लिखतमा भएको सहिछापसम्म मेरो हो र लिखतमा भएको व्यहोरा मेरो होईन। मलाई उजे नेपालीले लेनदेनको कागज हो केही फरक पर्दैन भनी झुक्याएर पटक-पटक गरी ५-६ वटा कागजमा सहिछाप गराएका थिए। मैले अभियोग मागदावी बमोजिम कसूर नगरेको हुनाले मलाई अभियोग दावी बमोजिम सजाय हुनपर्ने होईन। अभियोग दावी झुठ्ठा हो भन्ने समेत बेहोराको प्रतिवादी मैयाँ नेपालीले यस न्यायाधिकरणमा गरेको बयान।

९. **मिति २०७५/१२/२७ मा यस न्यायाधिकरणबाट भएको आदेश**

तत्काल प्राप्त प्रमाणबाट निज प्रतिवादी कसूरदार होइनन् भन्न सकिने अवस्था नदेखिंदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल प्रतिवादी मैया नेपालीबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र दफा ७२ बमोजिम रू.२,००,०००।- (दुई लाख रूपैयाँ) धरौट, जेथा जमानत वा बैंक जमानत लिई तारेखमा राख्नु र माग भएको धरौट, जमानत वा बैंक जमानत दिन नसकेमा ऐ. ऐनको दफा ६८(२) बमोजिम कानून बमोजिमको सिधा खान पाउने गरी थुनुवा पुर्जी दिई थुनामा राख्न कारागार कार्यालयमा पठाईदिनू भनी यो आदेश पर्चा गरी दिएका छौं। प्रस्तुत मुद्दामा प्रतिवादी चुक्ता भएकोले वादी र प्रतिवादीका साक्षीहरू बुझि नियमानुसार गरी पेश गर्नू भनी यस न्यायाधिकरणबाट भएको आदेश।

**१०. मिति २०७६/०१/३० मा मैया नेपालीका साक्षी मिना खड्की शाहीले गरेको बकपत्रः-**

जाहेरवालासँग वैदेशिक रोजगारको लागी भनी रकम लिएका होइनन् । घरायसी कामको लागी लिएको हुनसक्छ । यी प्रतिवादीले वैदेशिक रोजगार दिलाउने काम गर्नुहुन्न । मैले लिएको पैसा सापटी भएको र सो पैसा तिरी सकेँ भन्नु भएको थियो । जाहेरवालासँग घरायसी लेनदेनको कागज भएको भन्नेसम्म मलाई थाहा छ । रकम रू. ७,००,०००।- (सात लाख) सापटी लिई फिर्ता गरेको भन्ने बुझेको छु । उक्त घरायसी कागज २०७४ साल चैत्र महिनामा खडा गरेको भन्ने थाहा छ । प्रतिवादी निर्दोष हुनाले निजले सफाइ पाउनुपर्छ भन्ने समेत बेहोराको मैया नेपालीका साक्षी मिना खड्की शाहीले यस न्यायाधिकरणमा गरेको बकपत्र ।

**११. जाहेरवाला दिलरत्न खड्गीले यस न्यायाधीकरणमा गरेको बकपत्रः-**

मलाई वैदेशिक रोजगारको लागि अमेरीका मुलुकमा पठाइदिन भनी मबाट रू. २०,००,०००।- (वीस लाख रूपैयाँ) रकम मिति २०७४/१२/३० मा निजको घर सुकेधारामा कागज गरी नगद रकम मैया नेपालीलाई हातैमा दिएको हो । प्रतिवादीले रकम बुझेपछी ३ महिना भित्रमा अमेरिका पठाउछु भनेकोमा सो भाका भित्रमा पनि मलाई नेपाल भन्दा वाहिर कुनै पनि देशमा पठाएनन् । मैले पटक-पटक मेरो बीस लाख रूपैयाँ माग गर्दा पनि तपाईको प्रोसेस भै रहेको छ भनी मबाट भाग्न खोजेकोले मुद्दा दायर गरेको हुँ । मैले मैया नेपालीलाई रकम बुझाएको हो । मलाई मैया नेपालीले वैदेशिक रोजगारमा अमेरिका पठाउने भनी मबाट रकम बुझिलिई कागज समेत गरेकी हुन् । प्रतिवादीले यस न्यायाधिकरण समक्ष गरेको बयान झुठ्ठा हो । प्रतिवादीले मलाई पटक-पटक गरी दुई बटा लिखत कागज समेत गरिदिएकी छन् । पछिल्लो कागज मिति २०७४/०२/२२ मा गरी १५ दिन पछि विदेश पठाउँछु भनी लिखत गरेकोमा विदेश पठाएनन् । प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय गर्ने कुनै कार्यालय खोलेको र अन्य व्यक्तिलाई वैदेशिक रोजगारमा पठाएको सम्बन्धमा मलाई थाहा छैन । मेरो साथी उजे नेपाली म पनि जाने हो तिमि पनि जाने भए भन म मेरो दिदीलाई भन्छु निजले विदेश पठाउँछिन् भनेकाले मैले विश्वास गरी पैसा दिएको हो भन्ने समेत बेहोराको जाहेरवाला दिलरत्न खड्गीले यस न्यायाधिकरणमा गरेको बकपत्र ।

**१२. मिति २०७६/०३/१६ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

प्रस्तुत मुद्दामा पेश भएको मिति २०७४/१२/३० को लिखतका साक्षी उजे नेपाली र लेखक साक्षी अधिवक्ता लक्ष्मण शाहीलाई नबुझी नहुने देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम उल्लिखित साक्षीहरूको नाममा म्याद जारी गरी निजहरू उपस्थित भए बकपत्र गर्नको लागी इजलास समक्ष पेश गर्नु भनी यस न्यायाधिकरणबाट भएको आदेश ।

**१३. संगिता च्यामेले मिति २०७६/११/२४ मा यस न्यायाधिकरणमा दर्ता गराएको निवेदनः-**

उजे नेपाली वैदेशिक रोजगारको शिलशिलामा फिनल्याण्ड विदेशमा भएकोले बकपत्रका लागी उपस्थित हुन नसकेको र फर्कि आउने ठेगान समेत नभएको भनी उजे नेपालीको दिदी संगीता च्यामेले मिति २०७६/११/२४ मा यस न्यायाधिकरणमा दर्ता गराएको निवेदन मिसिल सामेल रहेको ।

**१४. मिति २०७७/०८/०८ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

यस मुद्दामा मिति २०७६/०३/१६ को आदेशानुसार लिखतका लेखक साक्षी अधिवक्ता श्री लक्ष्मण शाहीले मिति २०७६/०८/२५ मा म्याद बुझि लिए पनि सो म्यादमा तोकिएको मितिमा बकपत्र गर्न उपस्थित भएको नदेखिएकोमा निज लिखत साक्षीले मिति २०७७/०६/२१ मा यस न्यायाधिकरणमा दिएको निवेदनमा निजलाई उक्त बकपत्रको लागि तोकिएको समयमा ज्वरो आई काबु बाहिरको अवस्था परी हाजिर हुन नसकेको भनी क्षमा याचना गर्दै इजलासले बोलाएको समयमा उपस्थित हुनेछु भनी उल्लेख गरेको देखिएको हुँदा निज लेखक साक्षी अधिवक्ता लक्ष्मण शाहीलाई बुझ्नै पर्ने देखिएकोले पुनः मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम १० दिन भित्र उपस्थित हुने गरी म्याद जारी गरी झिकाई बकपत्रका लागी नियमानुसार पेश गर्नु भनी यस न्यायाधिकरणबाट मिति २०७७/०८/०८ मा भएको आदेश।

**१५. लिखत साक्षी अधिवक्ता लक्ष्मण शाहिले यस न्यायाधिकरणमा गरेको बकपत्रः-**

मिति २०७४/१२/३० को लिखत कागज मैले नै लेखेको हो। पक्षहरू विचमा भएको लेनदेन मैले देखेको होइन। जाहेरवाला र प्रतिवादी विच के कती कारोबार भयो, लेनदेन भयो मलाई थाहा भएन। दुवै पक्षको मञ्जुरी र अनुरोधमा सो कागजहरू गरिदिन भनेकाले गरिदिएको हुँ। सो कागज गराउनु भन्दा अगाडि दुई पक्ष विच लेनदेनको कागज हुने गरेको थियो भन्ने समेत बेहोराको लिखत साक्षी अधिवक्ता लक्ष्मण शाहिले मिति २०७७/०८/१५ मा यस न्यायाधिकरणमा गरेको बकपत्र।

## ठहर खण्ड

१६. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्धान जिल्ला न्यायाधिवक्ता श्री उर्मिला दाहालले प्रतिवादी मैयाँ नेपालीले जाहेरवाला दिलरत्न खड्गीलाई वैदेशिक रोजगारीका लागि अमेरीका पठाई दिने भनी विश्वास दिलाई रकम लिई वैदेशिक रोजगारमा नपठाएको र लिएको रकम समेत फिर्ता नगरी प्रतिवादीले वैदेशिक रोजगारको कसूर गरेको भनी प्रतिवादी उपरको अभियोग दावीलाई लिखत र जाहेरवालाले गरेको बकपत्रले पुष्टि गरेको हुँदा प्रतिवादीलाई अभियोग दावी बमोजिम सजाय गरी जाहेरवालाको विगो रकम हर्जाना सहित दिलाई भराई पाऊँ भनी प्रस्तुत गर्नु भएको बहस सुनियो।

१७. त्यस्तै प्रतिवादी मैयाँ नेपालीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री विष्णुबहादुर गुरुङ्ग, र श्री किशोर खतिवडाले अभियोग दावीका साथ पेश भएको लिखतका लेखकले यस न्यायाधिकरणमा बकपत्र गर्दा जाहेरवाला र प्रतिवादी विच के कस्तो कारोबार र लेनदेन भयो मलाई थाहा भएन भनी लेखाएको, जाहेरवालाले जाहेरी दिंदा तथा बकपत्र गर्दा के कस्तो काम गर्नका लागि वैदेशिक रोजगारीमा पठाउने भनी हाम्रो पक्षले यी जाहेरवालालाई बिश्वास दिलाई रकम लिएका थिए भनी स्पष्ट खुलाउन नसकेको तथा जाहेरी ब्यहोरा र जाहेरवालाको बकपत्रको ब्यहोरा फरक देखिएको हुँदा शंकारहित रुपमा अभियोग दावी नै पुष्टि हुन सक्दैन। यस्ता शंकास्पद प्रमाणका आधारमा प्रतिवादी मैया नेपालीले कसूर गरेको ठहर गर्न

मिल्दैन। प्रतिवादी मैया नेपालीले अभियोग दावीबाट सफाइ पाउनु पर्दछ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो।

१८. यसमा वादी नेपाल सरकार तर्फबाट प्रतिवादी मैयाँ नेपालीले वैदेशिक रोजगार व्यवसाय गर्न पाउने ईजाजत नलिई जाहेरवाला दिलरत्न खड्गीलाई वैदेशिक रोजगारीका लागि अमेरीका पठाउँछु भनी झुट्टा आश्वासन दिई प्रलोभनमा पारी रकम लिई प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेका हुँदा प्रतिवादीलाई सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाको विगो रू.२०,००,०००।- (बीस लाख) र सो को ५० प्रतिशत हर्जाना समेत भराई पाउन अभियोग दावी लिएकोमा प्रतिवादी मैयाँ नेपालीले यस न्यायाधिकरणमा समेत बयान गर्दा जाहेरवाला दिलरत्न खड्गीलाई चिन्दिन।उजे नेपालीसँग नगद रू.१०,०००००।– ऋण मागेकोमा निज उजे नेपालीले रकम दिन आउदा उक्त समयमा म घरमा नभएकोले निजले मेरो बहिनी पुर्णदेवी देउजालाई सो रकम बुझाएको र मैले बहिनीबाट सो रकम बुझेको हो। उक्त रकम फिर्ता गरिसकेको छु। लिखतमा भएको सहिछापसम्म मेरो हो व्यहोरा मेरो होईन। मलाई उजे नेपालीले लेनदेनको कागज हो केही फरक पर्दैन भनी झुक्याएर पटक पटक गरी सहिछाप गराएका थिए भनी कसूर गरेकोमा इन्कार रही ब्यहोरा लेखाएको देखिन्छ।

१९. उपर्युक्त तथ्य, अभियोग दावी एवं बहस बुंदा रहेको प्रस्तुत मुद्दामा प्रतिवादी मैयाँ नेपालीले वैदेशिक रोजगार ब्यबसाय गर्ने इजाजत प्राप्त नगरी जाहेरवालालाई वैदेशिक रोजगारीमा अमेरिका पठाई दिने भनी प्रलोभनमा पारी विश्वास दिलाई रकम लिई अभियोग दावीको कसूर गरेको हो होईन भनी निर्णय दिनुपर्ने देखिन आयो।

२०. निर्णय तर्फ विचार गर्दा, प्रतिवादी मैया नेपालीले म जाहेरवाला दिलरत्न खड्गीलाई वैदेशिक रोजगारीमा अमेरिका पठाउन भनी मिति २०७०/०२/२२ मा नगद रू.२०,००,०००।- (बीस लाख) बुझिलिई पटक पटक ताकेता गर्दा समेत रोजगारमा नपठाई सम्पर्क विहिन भएको र मिति २०७४/१२/३० मा भेटी कुरा गर्दा उक्त मितिले १५ दिन भित्र वैदेशिक रोजगारमा अमेरिका पठाउन नसके अग्रिम लिएको रकम सावाँ व्याज समेत निज प्रतिवादीको चलअचल सम्पत्तीबाट लिनु भन्ने समेत व्यहोराको लिखत कागज गरी दिएकोमा म जाहेरवालालाई भनेको समयमा यी प्रतिवादीले वैदेशिक रोजगारमा नपठाएको र रकम समेत फिर्ता नगरेकोले कारवाही गरी बिगो र हर्जाना भराई पाउं भनी प्रतिवादी मैया नेपाली उपर जाहेरवाला दिलरत्न खड्गीले जाहेरी दरखास्त दिएको देखिन्छ। निज जाहेरवालाले यस न्यायाधिकरणमा उपस्थित भई बकपत्र गर्दा स.ज ५ मा प्रतिवादी मैया नेपालीलाई वैदेशिक रोजगारको लागि अमेरीका पठाइदिन भनी मैले रू. २०,००,०००।- (वीस लाख रूपैयाँ) मिति २०७४/१२/३० मा निजको घर सुकेधारामा कागज गरी निजको हातैमा नगद रकम दिएको हो। प्रतिवादीले रकम बुझेपछी ३ महिना भित्रमा अमेरिका पठाउछु भनेकोमा सो भाका भित्र मलाई वैदेशिक रोजगारमा पठाइनन्। मैले पटक-पटक दिएको रुपैंया माग गर्दा पनि तपाईको प्रोसेस भै रहेको छ भनी मबाट भाग्न खोजेकोले मुद्दा दायर गरेको हुँ। मलाई मैया नेपालीले वैदेशिक रोजगारमा अमेरिका पठाउने भनी मबाट रकम बुझिलिई कागज समेत गरेकी हुन्। प्रतिवादीले मलाई पटक-पटक गरी दुई बटा लिखत कागज समेत गरिदिएकी छन्। प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय गर्ने कुनै कार्यालय खोलेको र अन्य व्यक्तिलाई वैदेशिक रोजगारमा पठाएको सम्बन्धमा मलाई थाहा छैन। मेरो साथी

उजे नेपालीले म पनि जाने हो। तिमी पनि जाने भए भन, म मेरो दिदीलाई भन्छु, निजले विदेश पठाउछिन् भनेकाले मैले विश्वास गरी पैसा दिएको हो भनी लेखाएको देखिएबाट जाहेरवालाको मौकाको भनाई र यस न्यायाधिकरणमा निजले गरेको बकपत्रमा उल्लेखित ब्यहोरा विरोधाभाषपूर्ण देखिन्छ।

२१. अनुसन्धानका क्रममा संकलित प्रमाणलाई न्यायिक निकायमा परिक्षण हुँदा प्रमाणित भएमा मात्र प्रमाणको रुपमा ग्रहण गर्नु पर्ने हुन्छ। वादीका साक्षी समेत रहेका जाहेरवालाको भनाईमा एकरुपकता र सँगतता नभएको अवस्थामा निजको भनाईलाई प्रमाणको रुपमा लिन कानूनत: मिल्ने देखिदैन। साथै जाहेरवालाको बकपत्रको स. ज. १४ मा निजले मेरो साथी उजे नेपालीले म पनि जाने हो। तिमी पनि जाने भए भन, म मेरो दिदीलाई भन्छु निजले विदेश पठाउछिन् भनेकाले मैले विश्वास गरी पैसा दिएको हो भनी लेखाएको ब्यहोरा समेतबाट पनि यी जाहेरबालालाई प्रतिवादीले वैदेशिक रोजगारीमा पठाउन भनी बिश्वास दिलाई रकम लिएको भन्ने देखिदैन।

२२. वादीले अभियोग पत्रसाथ पेश गरेको लिखतमा मैया नेपालीले दिल रत्न खड्गीलाई वैदेशिक रोजगारमा अमेरिका पठाईदिने भनी मिति २०७०/०२/२२ मा रू.२०,००,०००।- (बीस लाख) बुझिलिएको भन्ने व्यहोरा खुलाई मिति २०७४/१२/३० मा लिखत कागज गरिदिएको भन्ने समेतको ब्यहोरा खुलाएको देखिन्छ। सो लिखतमा उजे नेपाली लिखत साक्षी बसेको र लिखतका लेखक अधिवक्ता लक्ष्मण शाही रहेको देखिन्छ। सो दावीको लिखतका लेखक साक्षी अधिबक्ता लक्ष्मण शाहीले यस न्यायाधिकरणमा बकपत्र गर्दा मिति २०७४/१२/३० को लिखत कागज मैले नै लेखेको हो। पक्षहरू विचमा लेनदेन भएको मैले देखेको होइन। जाहेरवाला र प्रतिवादी विच के कति कारोबार भयो, लेनदेन भयो मलाई थाहा भएन। सो कागज गराउनु भन्दा अगाडि दुई पक्ष विच लेनदेनको कागज हुने गरेको थियो भनी लेखाएको देखिन्छ भने लिखतका लिखत साक्षी उजे नेपाली बकपत्रका लागि यस न्यायाधिकरणमा उपस्थित भएको देखिदैन। लिखतका लेखक साक्षी समेत रहेका अधिबक्ता लक्ष्मण शाहीको बकपत्रमा उल्लेखित उक्त ब्यहोरा समेतबाट प्रतिवादी मैया नेपाली र जाहेरवाला तथा लिखत साक्षी समेत रहेका उजे नेपाली समेतका बीचमा लिखत कागज र लेनदेन कारोबार हुने गरेको भन्ने देखिन्छ। यसरी एक आपसमा नाता संबन्ध समेत रहेका र पटक पटक लेनदेन कारोबार समेत भै रहने गरेका ब्यक्तिहरूका बीचमा बिश्बासको आधारमा भए गरेको लिखतमा वैदेशिक रोजगारमा पठाउन रकम लिएको भन्ने उल्लेख भएकै आधारमा सो ब्यवहार वैदेशिक रोजगार कै हो भनी मान्न मिल्ने देखिएन।

२३. प्रमाण ऐन, २०३१ को दफा १८ मा"कुनै काम, घटना वा अवस्थाका सम्वन्धमा भएको तहकिकात वा जाँचवुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने कानूनी व्यवस्था रहेको छ। तर यस मुद्दामा वादी पक्षका साक्षी जाहेरवालाले यस न्यायाधिकरणमा उपस्थित भइ बकपत्र गर्दा जाहेरीमा भएको ब्यहोरा भन्दा फरक पर्ने गरी ब्यहोरा लेखाएको र लिखत साक्षी बकपत्रको लागि यस न्यायाधिकरणमा उपस्थित भएको देखिदैन।

२४. वादीले अभियोग पत्रसाथ पेश गरेको लिखत र अभियोगका बारेमा प्रतिवादी मैया नेपालीले अनुसंधान अधिकृत समक्ष र यस न्यायाधिकरणमा समेत बयान गर्दा जाहेरवाला दिलरत्न खड्गीलाई चिन्दिन। कस्मेटीक पसलको लागि भनी उजे नेपालीसँग नगद रू.१०,००,०००।- ऋण मागेकोमा उजे नेपालीले सो रकम मेरो बहिनी पुर्ण देवी देउजालाई बुझाएकोमा मैले बहिनीबाट सो रकम लिएको हो। उक्त रकम निज उजे नेपालीलाई पटक पटक गरी फिर्ता गरिसकेको छु। सो रकम ऋण लिने बेलामा कुनै किसिमको कागज बनाएको थिएन। पछि उजे नेपालीले साथीहरूलाई लेनदेन भएको कुरा देखाउन पर्छ भनी मलाई लेनदेनको कागज र मेरो वहिनी पुर्ण देवी देउजालाई साक्षीको कागज भनी वकील समेतको उपस्थितिमा कागज गराएको हो। मलाई उजे नेपालीले लेनदेनको कागज हो केही फरक पर्दैन भनी झुक्याएर सहिछाप गराएका थिए। मैले अभियोग मागदावी बमोजिम कसूर नगरेको हुनाले मलाई अभियोग दावी बमोजिम सजाय हुनपर्ने होईन भन्ने समेतका ब्यहोरा उल्लेख गरी यी दुबै निकायमा करिब करिब एकै ब्यहोराको इन्कारी बयान गरेको देखिन्छ। जाहेरबालाको यस न्यायाधिकरणमा भएको बकपत्रबाट समेत प्रतिवादी मैया नेपाली र लिखत साक्षी उजे नेपाली पारिवारिक नाता भित्रका दिदी भाइ नाताका ब्यक्ति र जाहेरवाला दिल रत्न खड्गी उजे नेपालीका साथी समेत रहेका भन्ने देखिन आएको छ। यस मुद्दामा पेश भएको लिखतका लिखत साक्षी उजे नेपाली रहेको र यीनै उजे नेपालीले यस मुद्दाका प्रतिवादी मैया नेपालीकी बहिनी पुर्ण देवी देउजा उपरसँगै पेश भएको वैदेशिक रोजगार कसूर मुद्दा दायर गरेको देखिन्छ। यी दुबै मुद्दामा पेश भएका लिखत एकै मितिका र एकै रकम कलमका रहे भएको देखिन्छ। यसबाट यी दुई मुद्दाका प्रतिवादी, जाहेरवालाहरू र लिखत साक्षीका बीचमा कुनै न कुनै प्रकारको संबन्ध (linkage) रहे भएको देखिन्छ। यस संबन्धमा प्रतिवादी मैया नेपालीको बयानका साथै पेश भएका यी दुई मुद्दाका बीचमा रहेको उक्त अन्तर संबन्ध (Inter linkage) लाई पनि समग्रमा केलाई हेर्नु पर्ने देखिन आयो।

२५. यस मुद्दामा प्रतिवादी मैयाँ नेपालीले दिलरत्न खड्गीलाई वैदेशिक रोजगारमा अमेरिका पठाईदिने भनी मिति २०७०/०२/२२ मा रू.२०,००,०००।- (बीस लाख) बुझिलिएको भन्ने व्यहोरा खुलाई मिति २०७४/१२/३० मा गरिदिएको वैदेशिक रोजगार सम्बन्धी लिखत पेश भएको र सो लिखतमा साक्षी उजे नेपाली र लिखतका लेखक अधिबक्ता लक्ष्मण शाही रहेको देखिन्छ। साथै पेश भएको जाहेरवाला उजे नेपाली र प्रतिवादी पुर्ण कुमारी देउजा रहेको वैदेशिक कसूर मुद्दा (०७५-FT-०४७९) मा प्रतिवादी पूर्ण देवी देउजा (प्रतिवादी मैया नेपालीकी बहिनी) ले जाहेरवाला उजे नेपालीलाई वैदेशिक रोजगारमा अष्ट्रेलिया पठाई दिने भनी मिति २०६७।०१।१५ गते रू.२०,००,०००।– (बीस लाख रूपैयाँ) बुझिलिएको भन्ने समेत बेहोरा खुलाई मिति २०७४।१२।३० मा प्रतिवादी पूर्ण देवी देउजाले गरिदिएको लिखत कागज पेश भएको देखिन्छ। उक्त मुद्दामा यस मुद्दाकी प्रतिवादी मैया नेपालीको बहिनी समेत रहेकी प्रतिवादी पुर्ण देबी देउजालाई सो मुद्दाका जाहेरवाला उजे नेपालीले गराएको लिखत कागजको मिति र रकम एकै र लिखतका लेखक अधिबक्ता लक्ष्मण शाही नै रहेको देखिन्छ। ती दुबै दावीको लिखतका लेखक साक्षी अधिबक्ता लक्ष्मण शाहीले यस न्यायाधिकरणमा बकपत्र गर्दा मिति २०७४/१२/३० को लिखत कागज मैले नै लेखेको हो। पक्षहरू विचमा लेनदेन भएको मैले देखेको होइन। जाहेरवाला र प्रतिवादी विच के कति

कारोबार भयो, लेनदेन भयो मलाई थाहा भएन । सो कागज गराउनु भन्दा अगाडि दुई पक्ष विच लेनदेनको कागज हुने गरेको थियो भनी लेखाएको देखिन्छ । साथै उक्त मुद्दामा प्रतिवादी पुर्ण देबी देउजाले अनुसंधान अधिकृत समक्ष र यस न्यायाधिकरणमा समेत बयान गर्दा कसूर गरेकोमा इन्कार रही उल्लेख गरेको ब्यहोरा र यस मुद्दामा प्रतिवादी मैया नेपालीले अनुसन्धान अधिकृत समक्ष र यस न्यायाधिकरणमा गरेको बयानमा उल्लेखित ब्यहोरामा समानजस्यता देखिन्छ । प्रतिवादी मैयाँ नेपालीका साक्षी मिना खड्की शाहीले यस न्यायाधिकरणमा बकपत्र गर्दा स.ज. ६ मा जाहेरवालासँग वैदेशिक रोजगारको लागि भनी रकम लिएको नभै घरायसी कामको लागि लिएको र जाहेरवालासँग घरायसी लेनदेनको कागज भएको भन्नेसम्म मलाई थाहा छ भनी प्रतिवादीको इन्कारी बयानलाई पुष्टि गरेको पाइन्छ ।

२६. प्रतिवादीको उल्लेखित ब्यहोराको बयान, जाहेरवालाको बकपत्र, लिखतका लेखक अधिबक्ता लक्ष्मण शाहीले गरेको बकपत्र, प्रतिवादीको साक्षी मिना खड्की शाहीले गरेको बकपत्र समेतबाट पक्षहरूका विचमा भएको लेनदेन ब्यबहारको जरियाबाट नै प्रस्तुत मुद्दामा पेश भएको वैदेशिक रोजगारको लिखत तयार भएको देखिन आउँदछ । प्रतिवादी र जाहेरवालाका साथी समेत रहेका लिखत साक्षी उजे नेपालीसँगको लेनदेन संबन्धी देवानी दायित्वको विषयलाई लिएर पेश भएको लिखत लिखत साक्षी उजे नेपालीको पहल र सकृयतामा प्रतिवादीलाई गराएको देखिन आयो । साथै पक्षहरूका विचमा भएको लेनदेन ब्यबहारको जरियाबाट प्रतिवादीलाई झुक्याइ वैदेशिक रोजगार सम्बन्धी दावीको लिखत गराएको रहेछ भन्ने निष्कर्षमा पुग्नु (Inference draw) बान्छनीय देखियो ।

२७. प्रमाण ऐन, २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा अभियुक्तको कसूर प्रमाणीत गर्ने भार वादीको हुनेछ" भन्ने कानूनी ब्यवस्था रहेको देखिन्छ । फौजदारी कसूरमा प्रतिवादी उपरको अभियोग प्रमाणीत गर्ने क्रममा शंकाको कुनै गुन्जायस हुनु हुँदैन । प्रस्तुत मुद्दामा वादी पक्षले यी प्रतिवादी उपरको दाबीलाई शंकारहीत तवरबाट प्रमाणित गर्न सकेको देखिदैन ।

२८. अभियुक्तउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन । अभियोग बस्तुनिष्ट प्रमाणबाट पुष्टि हुनु पर्दछ । अभियोग दाबी स्वतन्त्र तथा वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा केवल शंकाको भरमा प्रतिवादीलाई सजाय गर्नु मनासिब हुँदैन । प्रस्तुत मुद्दामा प्रतिवादीले जाहेरवालालाई वैदेशिक रोजगारिका लागि पठाइदिने भनी प्रलोभनमा पारी रकम लिए खाएको तथ्य पुष्टि गर्ने बस्तुनिष्ठ एवं विश्वसनीय प्रमाणको अभावमा दावीको लिखतको आधारमा मात्र प्रतिवादीले अभियोग दावीको कसूर गरेको भन्न न्यायको रोहमा उचित हुने देखिएन ।

२९. उल्लेखित आधार कारण र प्रमाणबाट जाहेरवालाले प्रतिवादी मैया नेपाली उपर जाहेरी दिई अभियोग दावी साथ प्रतिवादीले गरिदिएको लिखत पेश भएको देखिए तापनि जाहेरवालाले यस न्यायाधिकरणमा गरेको बकपत्रबाट जाहेरी र बकपत्रको ब्यहोरा बिरोधाभासयुक्त रहेको र प्रतिवादी मैया नेपालीले अभियोग दाबीको कसूर गरेको पुष्टि हुने बस्तुनिष्ठ एबं विश्वसनीय प्रमाणको अभाव रहेको देखिदा दावीको बिवादास्पद लिखतको आधारमा मात्र प्रतिवादीले अभियोग दावीको कसूर गरेको भन्न न्यायको रोहमा उचित हुने देखिएन ।

३०. अत: विश्लेषित आधार, कारण, प्रमाण र कानूनी ब्यवस्था समेतबाट वादी नेपाल सरकारको अभियोग

दावी पुष्टि हुने बस्तुनिष्ठ प्रमाणको अभाव देखिँदा प्रतिवादी मैयाँ नेपालीले अभियोग दावीको कसूर गरेको ठहर गर्न न्यायोचित हुने देखिएन। प्रतिवादी मैयाँ नेपालीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूरमा सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाको विगो एवम् हर्जाना भराई पाऊँ भन्ने अभियोग दावी पुग्न नसकी प्रतिवादीले सफाइ पाउने ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नू।

**तपसिल**

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी मैयाँ नेपालीले अभियोग दाबीबाट सफाई पाउने ठहरेकोले प्रस्तुत फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी विशेष सरकारी वकील कार्यालय, काठमाडौंलाई फैसलाको प्रतिलिपी साथै राखी पुनरावेदनको म्याद दिनू............................................................................................ १

प्रतिवादी मैयाँ नेपालीले मुद्दा पूर्पक्षका क्रममा र. नं. ०७५ बाट मिति २०७५/१२/२७ मा राखेको धरौटी रकम रू.२,००,०००।- (दुई लाख) फिर्ता पाऊँ भनी मुद्दामा अन्तिम फैसला भएपछि म्याद भित्र निवेदन दिएमा फिर्ता दिनू भनी यस न्यायाधिकरणको आर्थिक प्रशासन शाखामा लेखी पठाउनू............................................. २

प्रस्तुत फैसला अन्तिम भएपछि प्रकरण २ का लागी प्रतिवादी मैयाँ नेपालीलाई जानकारी दिनू.................. ३

प्रस्तुत फैसलाको जानकारी वादी मार्फत् जाहेरवालालाई दिनू........................................................... ४

प्रस्तुत फैसला विद्युतीय प्रति सूचना प्रविधिमा अभिलेख सुरक्षित गरी पीठमा जनाउनू ............................ ५

सरोकारवालाले नक्कल माग गरेमा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ५३ को प्रक्रिया पूरा गरी प्रमाणित प्रतिलिपि दिनू............................................................................... ६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टी गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू.................................... ७

**रमा देवी पराजुली**
(सदस्य)

उक्त रायमा सहमत छौं।

**प्रेमकुमार राई**
(सदस्य)

**रमेशकुमार खत्री**
(अध्यक्ष)

**फैसला तयार गर्न सहयोग पुऱ्याउने**
इजलास अधिकृतः दुर्गादत्त लम्साल
फैसला मितिः- २०७७/०९/०६/२

**श्री**

# वैदेशिक रोजगार न्यायाधिकरण

## इजलास

## माननीय अध्यक्ष श्री रमेशकुमार खत्री

## सदस्य श्री प्रेमकुमार राई

## फैसला

**मुद्दा नं.** ०७६-FT-०००३

**निर्णय नम्बर:** ८९

## मुद्दाः वैदेशिक रोजगार कसूर ।

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| जिल्ला रौतहट, गरुडा नगरपालिका वडा नं.५ बस्ने, देवधारी राय यादवको नाति, प्रेमी राय यादवको छोरा वर्ष ३२ को राम अज्ञा राय यादवको हकमा निजको एकाघरको भाइ ऐ.ऐ. बस्ने छोटेलाल राय यादव..........१<br>ऐ.ऐ. बस्ने वर्ष २२ को शम्भु राय यादव..........१<br>जिल्ला रौतहट, गरुडा नगरपालिका वडा नं.५ बस्ने सिकदेव राय यादवको नाति, रेखा राई यादवको छोरा वर्ष २५ को राकेश राय यादव..........१<br>ऐ.ऐ. बस्ने वर्ष २५ को अर्पण यादव..........१<br>ऐ.ऐ. बस्ने, हिरावन दासको नाति, मेघु दासको छोरा, वर्ष २६ को कृष्णनन्दन कुमार दास..........१<br>ऐ.ऐ. बस्ने वर्ष २५ को महन्थ मण्डल..........१<br>ऐ.ऐ. बस्ने, सुकरित राय यादवको नाति, जितन राउन यादवको छोरा वर्ष १९ को दिपेन्द्र राय यादव..........१<br>ऐ.ऐ. बस्ने वर्ष २० को सतेन्द्र राय यादव...१ ऐ.ऐ. बस्ने वर्ष २६ को प्रहलाद राय..१<br>ऐ.ऐ. बस्ने वर्ष २८ को बिनोद दास..........१<br>ऐ.ऐ. बस्ने, नगराय यादवको छोरा वर्ष २२ को धनलाल यादवको हकमा निजको एकाघर बस्ने भाइ भोला राय यादव..........१<br>ऐ.ऐ. बस्ने वर्ष २१ को गुड्डु यादव..........१<br>ऐ.ऐ. बस्ने वर्ष २२ को दिपेन्द्र यादव..........१<br>ऐ.ऐ. बस्ने वर्ष २८ को राम विनय साह कानु.<br>ऐ.ऐ. बस्ने वर्ष २८ को सोनेलाल राय..........१<br>ऐ.ऐ. बस्ने वर्ष ३५ को अमिन्द्र राय समेतको जाहेरीले नेपाल सरकार | जिल्ला बारा, बाराकटी गाउँपालिका वडा नं.२ बस्ने बुधराम साहको नाति, बाबुलाल साहको छोरा, वर्ष ३४ को राजु साह तेली ..........१<br><br>जिल्ला बारा, महागढीमाई नगरपालिका वडा नं.१ बस्ने, चन्द्रदेव महतो कोईरीको नाति, असर्फी महतो कोईरीको छोरा, बर्ष २७ को तुलसी महतो कोईरी..........१ |

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकारभित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ।

१. **जाहेरवाला रामअज्ञा राय यादव समेतले जिल्ला प्रहरी कार्यालय रौतहटमा दिएको निवेदन:**

विपक्षीहरू राजु साह तेली र तुलसी महतो कोईरीले हामी निवेदकहरूलाई कुवेत देश पठाई रोजगार दिलाई दिने भनी प्रलोभन देखाई प्रति व्यक्ति रू.८०,०००।- का दरले जम्मा १६ जनाबाट नगद रू.१२,८०,०००।- रकम लिई ४५ दिनभित्रमा उडान गराई दिने भनी दुईपल्टसम्म काठमाडौं बोलाई खर्च गराएको र ४५ दिन समाप्त भएपछि हामी निवेदकहरूले ताकेता गर्न लाग्दा पटकपटक समय माग्दै आजसम्म विदेश उडान नगराई रकम समेत फिर्ता नगर्ने विपक्षीहरूलाई आवश्यक कारवाही गरी बिगो र क्षतिपूर्ति रकम समेत दिलाई पाऊँ भनी राम अज्ञा राय यादव, शम्भु राय यादव, राकेश राय यादव, अर्पण यादव, कृष्णनन्दन दास, महन्थ मण्डल, दिपेन्द्र राय यादव, सतेन्द्र राय यादव, पहलाद राय, विनोद दास, धनैलाल यादव, गुड्डु यादव, दिपेन्द्र यादव, रामविनय साह कानु, सोनेलाल राय र अमिन्द्र रायले जिल्ला प्रहरी कार्यालय रौतहटमा मिति २०७६।०३।०४ गते दिएको संयुक्त जाहेरी दरखास्त।

२. **आईएमई रसिदः**

गुड्डु यादव र राम विश्वास राय यादवको नामबाट तुलसी महतो कोईरीको नाममा जनही रू.८०,०००।- रकम आईएमई मार्फत् जम्मा भएको देखिने सक्कल रसिद, जाहेरवाला कृष्णनन्दन कुमार दासको तर्फबाट राजेश्वर राय यादवले प्रतिवादी तुलसी महतो कोईरीको नाममा रू.८०,०००।- रकम आईएमई मार्फत् जम्मा गरेको देखिने रसिद र राम अज्ञा राय यादवको नामबाट रामाकान्त प्रसाद जयसवालले रू.८,०००।- जम्मा भएको देखिने सक्कल आईएमई रसिद मिसिल सामेल रहेको।

३. **जाहेरवाला तथा पीडितहरूको नामको इन्ट्री परमिटः**

गुड्डु यादव, प्रहलाद राय यादव, अमिन्द्र राय यादव, सोनेलाल राय यादव, अर्पन यादव, महन्थ मन्डल धनुक, शैलेन्द्र राय यादव, दिपेन्द्र राय यादव (६२०७७५५६), धन राय यादव, दिपेन्द्र राय यादव (६२०७७६३७), रामबिनय साह, राकेश राय यादव, रामअज्ञा राय यादव, कृष्णनन्दन कुमार दास, सम्भु राय यादव र विनोद दास तत्माको नामको इन्ट्री परमिट कागज मिसिल संलग्न रहेको।

४. **जिल्ला प्रशासन कार्यालय रौतहटको पत्र:**

वैदेशिक रोजगार ऐन, २०६४ को दफा २१क को उपदफा (५) बमोजिम कारवाही हुन प्रतिवादी राजुसाह तेलीलाई मिसिल सहित वैदेशिक रोजगार विभागलाई पठाएको जिल्ला प्रशासन कार्यालय रौतहटको च.नं. २४३४ मिति २०७६।३।६ को पत्र।

## ५. जिल्ला प्रहरी कार्यालय रौतहटको पत्रः

जिल्ला प्रशासन कार्यालय रौतहटको च.नं. २४३४ बमोजिम प्रतिवादी राजु शाह तेली र सक्कल मिसिल पठाइएको सम्बन्धमा वैदेशिक रोजगार विभागलाई लेखिएको जिल्ला प्रहरी कार्यालय रौतहटको च.नं. ३८९१ मिति २०७६।३।८ गतेको पत्र।

## ६. कसूरदार पक्राउ परेको मिति र स्थानः

१. राजु शाह तेलीः मिति २०७६।३।०४ गते ईलाका प्रहरी कार्यालय गरुडा, रौतहटबाट पक्राउ परी मिति २०७६।०३।०८ गते श्री वैदेशिक रोजगार विभाग, बुद्धनगर, काठमाडौं समक्ष पेश हुन आएको।

२. तुलसी महतो कोईरीः मिति २०७६।३।१० गते ईलाका प्रहरी कार्यालय गरुडा, रौतहटबाट पक्राउ परी मिति २०७६।३।१२ गते श्री वैदेशिक रोजगार विभाग, बुद्धनगर, काठमाडौं समक्ष पेश हुन आएको।

## ७. प्रतिवादी राजु साह तेलीले मौकामा गरेको बयानः

जाहेरवालाहरू रामआज्ञा राय यादव, शम्भु राय यादव, राकेश राय यादव, अर्पन राय यादव, कृष्णनन्दन दास, महन्थ मण्डल, दिपेन्द्र राय यादव, सतेन्द्र राय यादव, पहलाद राय, बिनोद दास, धनैलाल यादव, गुड्डु यादव, दिपेन्द्र यादव, रामविनय साह तेली, सोनेलाल राय यादव र अमिन्द्र राय समेत १६ जनासँग चिनजान, लेनदेन, नाता सम्बन्ध, रिसइवि केही छैन। जाहेरवालाहरूलाई वैदेशिक रोजगारीका लागि कुवेत पठाई दिने आश्वासन दिई निजहरूबाट कुनै रकम लिएको छैन। निवेदकहरूबाट रकम लिने व्यक्ति वैदेशिक रोजगार सम्बन्धी काम गर्ने व्यक्ति तुलसी महतो कोईरी हुन्। निज तुलसी महतो कोईरीले निवेदकहरूबाट के कति रकम लिएका हुन्, मलाई जानकारी भएन। तुलसी महतो कोईरी एक दिन मेरो गाउँ बिसमपुरुवा आउँदा निजले मसँग घुम्न हिँड भनेको हुँदा मैले निजलाई नाई भन्न नसकेपछि निजसँगै गाउँमा घुमेको हुँ। निजले थुप्रै मानिसहरूलाई वैदेशिक रोजगारमा पठाई दिने भनी रकम उठाएको र भने बमोजिम वैदेशिक रोजगारीका पठाउन नसकेको कारण मलाई तुलसीको मान्छे भनी समाती म विरुद्ध उजूरी दिएका हुन्। निजले मसँग गाउँमा घुमेको बेलामा गाउँघरका मैले नचिनेका मानिसहरूलाई विदेश पठाउने भनी आश्वासन दिएकोसम्म थाहा छ। तर निजले रकम लिएको देखिंन। जाहेरी निवेदन साथ पेश गरेको IME भौचर सम्बन्धमा मलाई केही जानकारी छैन। जाहेरी निवेदन साथ पेश गरेका कागजातहरू अंग्रेजीमा छन, मलाई पढ्न लेख्न आउँदैन। के कस्तो कागजात हुन्, किन र कसले केका लागि पठाएको हो, मलाई जानकारी भएन। मैले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति लिएको छैन भनी प्रतिवादी राजु साह तेलीले गरेको बयान।

## ८. प्रतिवादी तुलसी महतो कोईरीले गरेको बयानः

जाहेरवालाहरू रामअज्ञा राय यादवसँग चिनजान तथा लेनदेन छ। अन्य जाहेरवालाहरूसँग चिनजान लेनदेन,नाता, सम्बन्ध तथा रिसइवि केही छैन। जाहेरी निवेदन बेहोरा झुठ्ठा हो। मैले वैदेशिक रोजगारमा

कुवेत मुलुक पठाई रोजगार दिलाई दिने प्रलोभन देखाई जाहेरवालाहरूबाट कुनै रकम लिएको छैन। मैले जाहेरवाला मध्येका रामअज्ञा राय यादवसँग मेरो बुवा बिरामी भएकोले उपचार गराउन नगद रू.३,००,०००।- (तीन लाख रूपैयाँ) लिएको हो। सो रकम मलाई निज रामअज्ञा रायले पटकपटक आई.एम.ई. गरी मेरो नाममा पठाई दिएका हुन्। सो रकम बाहेक मैले अन्य निवेदक जाहेरवालाहरूसँग कुनै रकम लिएको छैन। प्रतिवादी राजु साह तेलीसँग गाउँमा डुल्दै जाँदा सातु खाने पसलमा केही छिन कुराकानी भएकोसम्म हो। निजलाई साथ लिएर म निजको गाउँ घुमफिर गरेको छैन। निजले किन मलाई पोल गरी बयान गरे, सो कुरा मलाई थाहा भएन। गुडु यादव र रामविश्वास राय यादव मैले चिनेका रामअज्ञा राय यादवका साथी हुन्।ऋण सापटीको पैसा निज रामविश्वास राय र गुडु यादवले पठाई दिएको हुँदा निजहरूको नाम आई.एम.ई. भौचरमा उल्लेख भएको होला। मैले कसैसँग वैदेशिक रोजगारमा पठाई दिन्छु भनी रकम लिएको छैन। वैदेशिक रोजगार सम्बन्धी म कुनै काम गर्दिन। जाहेरवालाहरूले जाहेरी दरखास्त साथ पेश गरेको Entry Permit थान १६ निजहरूले कहाँबाट ल्याएका हुन्, सो मलाई थाहा छैन। मलाई आफ्नो नाम लेख्न बाहेक अरु पढ्न लेख्न नआउने हुँदा के कसो हो खुलाउन सक्दिन। म खेती किसानी गर्ने मान्छे हो। मैले वैदेशिक रोजगार व्यवसाय गर्ने ईजाजत अनुमति लिएको छैन भनी प्रतिवादी तुलसी महतो कोईरीले गरेको बयान।

## ९. वैदेशिक रोजगार विभाग प्रशासन, योजना तथा संस्था दर्ता शाखाको पत्रको प्रतिलिपिः

तुलसी महतो कोईरी मोन्टेज ओभरसिज प्रा.लि. ई.द.नं. ७९८/०६५ ले पेश गरेको कर्मचारी विवरणमा नरहेको भनी वैदेशिक रोजगार विभाग प्रशासन, योजना तथा संस्था दर्ता शाखाको मिति २०७६।३।१९ गतेको पत्रको प्रतिलिपि मिसिल सामेल रहेको।

## १०. राकेश राय यादव समेतका जाहेरवालाहरूले वैदेशिक रोजगार विभागमा मिति २०७६।३।१९ गते दिएको जाहेरी दरखास्तः

जाहेरवालाहरू समेत विदेश जाने मनस्थिति बनाई बसेको अवस्थामा प्रतिवादी तुलसी महतो कोईरी समेतसँग भेट हुँदा आफूहरू वैदेशिक रोजगारमा कुवेत पठाउने गरेको मासिक तलब रू.५०,०००।- सम्म कमाई हुने जम्मा खर्च रू.१,६०,०००।- लाग्छ भनेपछि आकर्षक कमाई हुने देखी जान तयार भई कृष्ण नन्दन कुमार दासको हकमा निजको भाइ राजेश्वर राय यादवले रू.८०,०००।- तथा अन्य जाहेरवालाहरूले समेत जनही रू.८०,०००।- विपक्षीलाई बुझाएको हो। रकम लिई सकेपछि दुई महिनाभित्र कुवेत पठाई दिने भनेकोमा प्रकृया नगरेको र सम्पर्क हुन छाडेपछि ठगिएको जानकारी भएकोले प्रतिवादीहरूलाई कारवाही गरी जाहेरवालाहरूबाट ठगी लिएको जनही रू.८०,०००।- र सोको ५० प्रतिशत हर्जाना र सक्कल राहदानी समेत फिर्ता दिलाई भराई पाऊँ भन्ने समेत बेहोराको संयुक्त जाहेरी दरखास्त।

## ११. जाहेरवाला दिपेन्द्र राय यादवले गरिदिएको कागजः

मिति २०७६।३।१९ को जाहेरी दरखास्तको बेहोरा साँचो हो। प्रतिवादी तुलसी महतो कोईरी र राजु शाह तेलीले म समेतलाई वैदेशिक रोजगारीको लागि कुवेत मुलुक पठाई दिने भनी आश्वासन तथा प्रलोभन

देखाई विश्वास दिलाएका हुनाले निज प्रतिवादीहरूले मागे बमोजिमको रकम रू.८०,०००।- प्रतिवादी तुलसी महतो कोईरीलाई नगदै दिएको हुँ । मैले नगद रकम बुझाउँदाको बखत राकेश राय यादवसँगै थिए । प्रतिवादीले मलाई वैदेशिक रोजगारीमा लगाउन सकेका छैनन्,मेरो रकम फिर्ता गरेका छैनन् । म जाहेरवालाको विगो रकम रू.८०,०००।- कानून बमोजिमको हर्जाना रू.४०,०००।- तथा सक्कल राहदानी समेत फिर्ता दिलाई भराई मलाई वैदेशिक रोजगारको बहानामा ठगी गर्ने प्रतिवादी तुलसी महतो कोईरी र राजु शाह तेलीलाई कानून बमोजिम सजाय गरिपाऊँ भन्ने समेत बेहोराको जाहेरवाला दिपेन्द्र राय यादवले गरिदिएको कागज ।

**१२. राकेश राय यादवले गरिदिएको कागजः**

उल्लेखित मितिको जाहेरी दरखास्तको बेहोरा साँचो हो । जाहेरवाला दिपेन्द्र राय यादवलाई कुवेत मुलुकमा वैदेशिक रोजगारीमा लगाई दिन्छु भनी प्रतिवादी तुलसी महतो कोईरी र राजु शाह तेलीले आश्वासन तथा प्रलोभन देखाएकोले जाहेरवालाले प्रतिवादी तुलसी महतो कोईरीलाई नगद रू.८०,०००।- बुझाएका हुन् । रकम बुझाउन लगाउने व्यक्ति राजु शाह तेली समेत रकम बुझ्ने बेलामासँगै थिए । निज प्रतिवादीहरू एक आपसमा मिलेमतो गरी मानिसहरूलाई विदेश पठाउने काम गर्दछन् । जाहेरवालाबाट नगद बुझिलिई भने बमोजिम वैदेशिक रोजगारीमा नपठाउने प्रतिवादी तुलसी महतो कोईरी र राजु शाह तेलीलाई कानून बमोजिम कारवाही गरी जाहेरवालाको विगो र हर्जाना तथा सक्कल पासपोर्ट समेत फिर्ता दिलाई भराई पाऊँ भन्ने समेत बेहोराको दिपेन्द्र राय यादवका साक्षी राकेश राय यादवले गरिदिएको कागज ।

**१३. जाहेरवाला कृष्णनन्दन कुमार दासले गरेको कागजः**

मिति २०७६।३।१९ को जाहेरी दरखास्तको बेहोरा साँचो हो । प्रतिवादी तुलसी महतो कोईरी र राजु शाह तेलीले म समेतलाई वैदेशिक रोजगारीको लागि कुवेत मुलुक पठाई दिने भनी आश्वासन तथा प्रलोभन देखाई विश्वास दिलाएका हुनाले निज प्रतिवादीहरूले मागे बमोजिमको जनही रकम रू.८०,०००।- प्रतिवादी तुलसी महतो कोईरीलाई आई.एम.ई. मार्फत् पठाई दिएको हुँ । आई.एम.ई. मै कार्यरत साथी राजेश्वर राय यादवले प्रतिवादी तुलसी महतो कोईरीको नाममा रू.८०,०००।- रकम पठाइदिएका हुन् । रकम तथा पासपोर्ट बुझिलिई भने बमोजिम प्रतिवादीहरूले मलाई वैदेशिक रोजगारीमा लगाई दिने भनी कुनै विदेशी मुलुकमा लगेका छैनन् । प्रतिवादीहरूले मलाई रकम पनि फिर्ता गरेका छैनन् । म जाहेरवालाको विगो रकम रू.८०,०००।- कानून बमोजिमको हर्जाना रू.४०,०००।- तथा सक्कल राहदानी समेत फिर्ता दिलाई भराई मलाई वैदेशिक रोजगारको बहानामा ठगी गर्ने प्रतिवादी तुलसी महतो कोईरी र राजु शाह तेलीलाई कानून बमोजिम सजाय गरिपाऊँ भन्ने समेत बेहोराको जाहेरवाला कृष्णनन्दन कुमार दासले गरेको कागज ।

**१४. जाहेरवाला राकेश राय यादवले गरेको कागजः**

मिति २०७६।३।१९ को जाहेरी दरखास्तको बेहोरा साँचो हो । प्रतिवादी तुलसी महतो कोईरी र राजु शाह तेलीले म समेतलाई वैदेशिक रोजगारीको लागि कुवेत मुलुक पठाई दिने भनी आश्वासन तथा प्रलोभन

देखाई विश्वास दिलाएका हुनाले निज प्रतिवादीहरूले मागे बमोजिमको रकम रू.८०,०००।- प्रतिवादी तुलसी महतो कोईरीलाई नगदै दिएको हुँ। मैले नगद रकम बुझाउँदाको बखत देखि जान्ने साक्षीको रुपमा साबिक महमदपुर गा.वि.स. वडा नं.२, परिवर्तित ऐ. जिल्ला, गरुडा नगरपालिका वडा नं.५ बस्ने दिपेन्द्र राय यादवसँगै थिए। निजलाई बुझिपाऊँ। प्रतिवादीले मलाई वैदेशिक रोजगारीमा लगाई दिने भनी कुनै विदेशी मुलुकमा लगेका छैनन्। प्रतिवादीहरूले मलाई रकम फिर्ता गरेका छैनन्। म जाहेरवालाको विगो रकम रू.८०,०००।- कानून बमोजिमको हर्जाना रू.४०,०००।- तथा सक्कल राहदानी समेत फिर्ता दिलाई भराई मलाई वैदेशिक रोजगारको बहानामा ठगी गर्ने प्रतिवादी तुलसी महतो कोईरी र राजु शाह तेलीलाई कानून बमोजिम सजाय गरिपाऊँ भन्ने समेत बेहोराको जाहेरवाला राकेश राय यादवले गरेको कागज।

**१५. दिपेन्द्र राय यादवले गरिदिएको कागजः**

उल्लिखित मितिको जाहेरी दरखास्तको बेहोरा साँचो हो। जाहेरवाला राकेश राय यादवले प्रतिवादी तुलसी महतो कोईरीलाई नगद रू.८०,०००।- बुझाएका हुन्। प्रतिवादीहरू तुलसी महतो कोईरी र राजु शाह तेलीले जाहेरवालालाई वैदेशिक रोजगारीमा कुवेत मुलुक पठाई दिन्छु भनी आश्वासन तथा प्रलोभन दिलाई विश्वासमा पारेकोले जाहेरवालाले प्रतिवादी तुलसी महतो कोईरीलाई नगदै रू.८०,०००।- रकम बुझाएका हुन्। रकम बुझाउन लगाउने व्यक्ति राजु शाह तेली समेत रकम बुझ्ने बेलामासँगै थिए। निज प्रतिवादीहरू एकआपसमा मिलोमतो गरी मानिसहरूलाई विदेश पठाउने तुलसी महतो कोईरी र राजु शाह तेलीलाई कानून बमोजिम कारवाही गरी जाहेरवालाको विगो र हर्जाना तथा सक्कल पासपोर्ट समेत फिर्ता दिलाई भराई पाऊँ भन्ने समेत बेहोराको साक्षी दिपेन्द्र राय यादवले गरिदिएको कागज।

**१६. श्री विशेष सरकारी वकील कार्यालय काठमाडौंका उपन्यायाधिवक्ता विश्वास सुनुवारबाट मिति २०७६।०४।०१ गते भएको निर्णयः**

प्रतिवादीहरू तुलसी महतो कोईरी र राजु साह तेलीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसूर गरेको देखिन आएकाले सो कसूरमा सोहीदफा ४३ बमोजिम सजाय र जाहेरवालाहरूबाट लिए खाएको विगो रू. १२८००००।- र सोको ५० प्रतिशत हर्जाना समेत प्रतिवादीहरू तुलसी महतो कोईरी र राजु साह तेलीबाट जाहेरवालाहरूलाई दिलाई भराई पाउन मुद्धा चलाउने भन्ने श्री विशेष सरकारी वकील कार्यालय काठमाडौंका उपन्यायाधिवक्ता विश्वास सुनुवारबाट मिति २०७६।०४।०१ गते भएको निर्णय।

**१७. अभियोग दावी**

प्रतिवादीरहरू राजु साह तेली र तुलसी महतो कोईरीले नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिई १६ जना जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि कुवेत पठाइदिने भनी जाहेरवालाहरूबाट रकम बुझिलिई वैदेशिक रोजगारको झुठ्ठो आश्वासन दिई र प्रलोभन देखाई वैदेशिक रोजगारमा कुवेत नलगी र जाहेरवालाहरूबाट बुझिलिएको रकम फिर्ता समेत नगरेकोले निज प्रतिवादीहरूलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसूरमा सोही दफा ४३ बमोजिम सजाय गरी र

जाहेरवालाहरूबाट लिए खाएको बिगो रू.१२८००००।– र सो को ५० प्रतिशत हर्जाना समेत दिलाई भराई पाऊँ भन्ने समेत वादी नेपाल सरकार तर्फबाट दायर भएको अभियोग पत्र।

**१८. प्रतिवादी तुलसी महतो कोईरीले यस न्यायाधिकरणमा गरेको बयान:**

मलाई मिसिल संलग्न अभियोग पत्र समेतका सम्पूर्ण कागजातहरू पढिवाची सुनाउँदा सुनिपाएँ, मैले जाहेरवालाहरू कसैलाई वैदेशिक रोजगारमा कुबेत मुलुकमा पठाउने भनेर आश्वासन दिएको छैन र विदेश पठाउने भनेर रकम समेत लिएको छैन। मेरो बुवा विरामी भएको र बुवालाई भारतमा उपचार गरिरहेको समयमा मलाई पैसाको आवश्यकता परी मैले भारतको पन्जावमासँगै काम गरेका साथी रामआज्ञा रायसँग रकम सापटी मागेको थिएँ। निज रामआज्ञाले आफूले चिनेजानेका मानिसहरूसँग रकम माग गरेका रहेछन् र निजहरूले मेरो नाममा जम्मा रकम रू.२,४०,०००।- देखि रू.३,००,०००।-सम्म रकम मेरो नाममा आई.एम.ई. गरेर पठाएका हुन्। निज रकम पठाउने व्यक्तिहरूलाई म चिन्दिन। निजहरूसँग रामआज्ञा रायले के कस्तो कुरा गरेर निजहरूले मेरो नाममा रकम पठाएका हुन्, सो वारेमा मलाई केही थाहा छैन। म वैदेशिक रोजगार सम्वन्धी काम गर्ने व्यक्ति होईन। जाहेरवालाहरूलाई विदेश पठाउने भनेर मैले अर्का प्रतिवादी राजु शाह तेलीसँग कुनै मिलेमतो गरेको छैन। मैले निजलाई चिनेको समेत छैन। मलाई लागेको आरोप झुटो हो। राम आज्ञा यादवले म सँग निजले विभिन्न व्यक्तिहरूमार्फत् मलाई दिएको रकम फिर्ता माग गरेका थिए, तर निजले भनेको समयमा मैले रकम फिर्ता गर्न नसकेका कारणले निज रामआज्ञा यादवले जाहेरवालाहरूसँग मिलेर म विरुद्ध यो झुठ्ठा आरोप लगाएका हुन्। समय पाएमा म राम आज्ञा यादवले जाहेरवालाहरूबाट मार्फत् मलाई दिएको रकम फिर्ता गर्न तयार छु। जाहेरीसाथ पेश भएको आई.एम.ई. को रसिद वमोजिमको जम्मा रकम रू. ८०,०००।- मैले लिएको ठिक साँचो हो। जाहेरीसाथ पेश भएका अन्य कागजातहरूका सम्बन्धमा मलाई केही थाहा छैन। ईलाका प्रहरी कार्यालय रौतहटमा पेश भएको राम अज्ञा यादव समेतको संयुक्त निवेदन साथ पेश भएका ३ थान आई.एम.ई. रसिद वमोजिमको जम्मा रकम रू.१,६४,०००।-रकम मैले लिएको हुँ। सो निवेदन साथ पेश भएका अन्य कागजातको सम्बन्धमा मलाई केही थाहा छैन भन्ने समेत बेहोराको प्रतिवादी तुलसी महतो कोईरीले यस न्यायाधिकरणमा गरेको बयान।

**१९. प्रतिवादी राजु शाह तेलीले यस न्यायाधिकरणमा गरेको बयान:**

मलाई मिसिल संलग्न अभियोग पत्र समेतका सम्पुर्ण कागजातहरू पढिवाची सुनाउँदा सुनिपाएँ, मैले जाहेरवालालाई वैदेशिक रोजगारमा कुबेत मुलुकमा पठाउने भनेर आश्वासन दिएको छैन र विदेश पठाउने भनेर रकम समेत लिएको छैन। प्रतिवादी तुलसी महतो कोईरी मेरो गाउमा आएको वेलामा निजसँग सामान्य चिनजान भएको हो। जाहेरवालाहरूको रकम लिएर प्रतिवादी तुलसी महतो फरार भएपछि जाहेरवालाहरूले एक्कासी मलाई समातेर रौतहट पुलिसमा वुझाएका हुन्। प्रतिवादी तुसलीसँग म बजारमा वोलेको देखेर मेरो साथी प्रतिवादी तुलसी हुन् भन्ने अनुमानको आधारमा मलाई समाएपछि तुलसी पनि आउँछ भनेर जाहेरवालाहरूले मलाई समाएका हुन्। मैले जाहेरवालाहरूको रकम लिएको छैन र विदेश

पठाउने भनेर आश्वासन समेत दिएको छैन । जाहेरवालाहरूलाई विदेश पठाउने नाममा मैले प्रतिवादी तुलसी महतो कोईरीसँग कुनै मिलोमतो गरेको छैन । मलाई लागेको आरोप झुट्ठा हो । प्रतिवादी तुलसी महतोले जाहेरवालाहरूको रकम के कुन कामको लागि लिएका हुन्, सो वारेमा मलाई केही थाहा छैन । जाहेरवालाहरूले मलाई समातेपछि तुलसी महतोलाई वोलाउनु हामी तिमीलाई छोडिदिन्छौ भनेका थिए तर निजहरूले तुलसीलाई समाई सकेपछि पनि किन मलाई समेत फसाएका हुन् सो बारेमा मलाई केही थाहा छैन भन्ने समेत बेहोराको प्रतिवादी राजु साह तेलीले यस न्यायाधिकरणमा गरेको बयान ।

**२०. यस न्यायाधिकरणबाट मिति २०७६।०४।०६ मा भएको थुनछेक आदेश :**

यसमा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६८ र दफा ७२ बमोजिम प्रतिवादी तुलसी महतो कोईरीबाट रू.३,००,०००।- (तीन लाख रूपैयाँ) र प्रतिवादी राजु साह तेलीबाट रू.२,००,०००।- (दुई लाख रूपैयाँ) धरौट, जमानत वा बैंक जमानत लिई तारेखमा राख्नू र माग भएको धरौट, जमानत वा बैंक जमानत दिन नसकेमा ऐ. संहिताको दफा ६८(२) बमोजिम कानून बमोजिमको सिधा खान पाउने गरी थुनुवा पूर्जी दिई थुनामा राख्न कारागार कार्यालयमा पठाई दिनू र प्रस्तुत मुद्दामा प्रतिवादी चुक्ता भएकोले वादी र प्रतिवादीका साक्षीहरू बुझी नियमानुसार गरी पेश गर्नु भन्ने समेत बेहोराको मिति २०७६।०४।०६ मा यस न्यायाधिकरणबाट भएको थुनछेक तथा प्रमाण मुकरर आदेश ।

**२१. प्रतिवादी राजु साह तेलीका साक्षी अजय कुमार साहले यस न्यायाधिकरणमा गरेको बकपत्र:**

प्रतिवादी मध्येका राजु साह तेलीले वैदेशिक रोजगार सम्बन्धी काम गरेको छैन । आफ्नो इमान्दारी साथ कृषि काम गर्ने मानिस हुन् । उसको आचरण राम्रो छ, ठग्ने मानिस होइनन् । जाहेरवालासँग वैदेशिक रोजगारमा पठाउने भनी कुनै पनि रकम लिए खाएको मलाई थाहा छैन । प्रतिवादी राजु साह तेलीले अभियोग दाबी बमोजिम कुनै कसूर नगरेको हुनाले निजले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने समेत बेहोराको प्रतिवादी राजु साह तेलीका साक्षी अजय कुमार साहले यस न्यायाधिकरणमा गरेको बकपत्र ।

**२२. यस न्यायाधिकरणको आदेश:**

वादीले अभियोगपत्रको सबुद प्रमाण खण्डको गवाह महलमा उल्लेखित जाहेरवालाहरू तथा देख्ने साक्षीलाई बकपत्रको लागि उपस्थित गराएको नदेखिएको हुँदा र निजहरूलाई नबुझी नहुने देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ११२ बमोजिम म्याद जारी गरी झिकाई बुझी नियमानुसार पेश गर्नू भन्ने समेत बेहोराको यस न्यायाधिकरणको मिति २०७६।०८।११ को आदेश ।

## ठहर खण्ड

२३. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट विशेष सरकारी वकील कार्यालय काठमाडौँका विद्वान् उप न्यायाधिवक्ता

श्री दशरथ गौतमले प्रतिवादी उपर परेको जाहेरी, जाहेरवालाहरूले गरेको थप कागज एवम् प्रतिवादीका नाउँमा आई.एम.ई. गरी पठाएको नगद समेतबाट प्रतिवादीहरू उपरको अभियोग दावी पुष्टि भएकाले दावी बमोजिम सजाय गरी निजहरूबाट जाहेरवालाहरूको विगो र हर्जाना भराई पाऊँ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो।

२४. त्यस्तै प्रतिवादी राजु साह तेलीको तर्फबाट विद्वान् अधिवक्ता श्री राम पुकार महतो र लक्ष्मी प्रसाद मैनालीले हाम्रो पक्षले अभियोग दावीको कसूर गरेको होईन भनी इन्कारी बयान गरेको छ। कुनै जाहेरवालासँग कुनै रकम लिएको छैन। सह-प्रतिवादीसँग साथै हिंडेकाले जाहेरवालाले पोल गरेका हुन्। हाम्रो पक्ष उपरको अभियोग दावी वादीले पुष्टि गर्न सकेको नहुँदा सफाई हुने गरी फैसला गरी पाऊँ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो।

२५. यसमा वादी नेपाल सरकार तर्फबाट प्रतिवादीहरू तुलसी महतो कोईरी र राजु साह तेलीले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमतिपत्र नलिई जाहेरवालाहरू राकेश राय यादव समेतलाई वैदेशिक रोजगारको लागि कुवेत पठाइदिने भनी वैदेशिक रोजगारको झुट्टा आश्वासन दिई प्रलोभनमा पारी रकम लिई लिएको रकम समेत फिर्ता नगरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरितको कसूर गरेकाले सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाहरूबाट लिए खाएको विगो रू.१२,८०,०००।- (बाह्र लाख असी हजार रूपैयाँ) र सोको ५० प्रतिशत हर्जाना रू.६,४०,०००।-(छ लाख चालिस हजार रूपैयाँ) समेत जम्मा रू.१९,२०,०००- (उन्नाइस लाख बिस हजार रूपैयाँ) दिलाई भराई भराई पाउन अभियोग दाबी लिएकोमा प्रतिवादी तुलसी महतो कोईरीले यस न्यायाधिकरणमा बयान गर्दा मैले जाहेरवालाहरू कसैलाई पनि वैदेशिक रोजगारका लागि कुवेत पठाउने झुट्टा आश्वासन दिई कुनै रकम लिएको छैन। मेरो बुवा बिरामी भई भारतमा उपचार गराउँदा पैसा आवश्यक परी भारतको पञ्जाबमासँगै काम गरेका साथी रामअज्ञा रायसँग रकम सापटी मागेको थिएँ। निज रामअज्ञा रायले पनि आफ्ना चिनजानका मानिसहरूसँग रकम माग गरेका रहेछन् र निजहरूले मेरो नाममा रू.२,४०,०००।- देखि रू.३,००,००० । सम्म मेरो नाममा आई.एम.ई गरेर पठाएका हुन्। रकम पठाउने व्यक्तिहरूलाई चिन्दिन। निजहरूले रामअज्ञासँग के कस्तो कुरा गरी मेरो नाममा रकम पठाएका हुन् थाहा छैन। म वैदेशिक रोजगारीमा पठाउने काम गर्ने व्यक्ति होइन। विदेश पठाउने भनेर सह-प्रतिवादी राजु साह तेलीसँग मिलेमतो गरी जाहेरवालाहरूबाट रकम संकलन गरेको पनि होइन। निजलाई चिनेको छैन भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ। त्यस्तै प्रतिवादी राजु साह तेलीले यस न्यायाधिकरणमा बयान गर्दा, मैले जाहेरवालाहरूलाई वैदेशिक रोजगारीका लागि कुवेत पठाई दिने भनी झुठ्ठा आश्वासन दिएको छैन, कुनै रकम लिएको छैन। तुलसी महतो कोईरी गाउँ आएको बेलामा सामान्य चिनजान भएको हो। जाहेरवालाहरूको रकम लिएर तुलसी महतो कोईरी फरार भए पछि जाहेरवालाहरूले मलाई समाती प्रहरीमा बुझाएका हुन्। तुलसी महतो कोईरीसँग मेरो मिलेमतो छैन। जाहेरवालाहरूको रकम तुलसी महतोले के कुन कामका लागि लिएका हुन् मलाई थाहा छैन। वादीको अभियोग दाबीको कसूर छैन भनी इन्कार रही बेहोरा लेखाएको देखिन्छ।

२६. उपरोक्त अभियोग दाबी, प्रतिवादीहरूको बयान र दुबै तर्फबाट उपस्थित कानून व्यवसायीहरूको बहस सुनी प्रस्तुत मुद्दामा देहायका प्रश्नको निरोपण गर्नुपर्ने देखियो।

१. प्रतिवादीहरूले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति पत्र नलिई जाहेरवालाहरूलाई वैदेशिक रोजगारका लागि कुवेत पठाई दिने भनी रकम लिई अभियोग दाबीको कसूर गरेका हुन्, होइनन्?

२. प्रतिवादीहरूले अभियोग दाबी बमोजिमको कसूर गरेको भए निजहरूलाई के कति सजाय हुनुपर्ने हो? र जाहेरवालाहरूले बिगो हर्जाना रकम भरी पाउने हो, होइन ?

२७. सम्बद्ध मिसिल अध्ययन गरी प्रथम प्रश्नको निरोपणतर्फ विचार गर्दा, तुलसी महतो कोईरी र राजु साह तेलीलाई बिपक्षी बनाई १६ जनाको रू.८०,०००।- का दरले रू.१२,८०,०००।- ठगी गरेको भनी एजेण्ट माथि कारवाही गरी क्षतिपूर्ति उपलब्ध गराई पाऊँ भनी रामअज्ञा राय यादव समेत १६ जनाले जिल्ला प्रसासन कार्यालय रौतहटमा दिएको निवेदन बमोजिम प्रारम्भिक कारवाही हुँदा राजु साह कानूनलाई पक्राउ गरी कारवाहीका लागि मानिस र मिसिल वैदेशिक रोजगार विभागमा पठाएको देखिन्छ। मौकामा निवेदन दिने ती व्यक्ति मध्ये राकेश राय यादव, छोटेलाल राय यादव, कृष्ण नन्दन कुमार दास, दिपेन्द्र राय यादव र धनलाल यादवको हकमा निजको भाई भोला राय यादव समेतले वैदेशिक रोजगार बिभागमा दिएको संयुक्त जाहेरी दरखास्तमा जाहेरवालाहरूलाई वैदेशिक रोजगारीका लागि कुवेत पठाई दिने भनी राजु साह तेली र तुलसी महतोले वैदेशिक रोजगारीको झुट्टा आश्वासन दिई प्रलोभन देखाई रकम लिई वैदेशिक रोजगारमा कुवेत नपठाई बुझिलिएको रकम समेत फिर्ता नगरी वैदेशिक रोजगार ऐन,२०६४ को दफा १० र ४३ वमोजिम कारबाही गरी ५ जनाको रू. ८०,०००।- का दरले रू.४,००,०००।- र सोको पचास प्रतिशत हर्जाना समेत रू.२,००,०००।- प्रतिवादीहरूबाट जाहेरवालाहरूलाई आ-आफ्नो विगो बमोजिम भराई पाऊँ भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। निवेदन पत्र लगायत संयुक्त जाहेरी दरखास्त बमोजिम अनुसन्धान तहकिकात भएकोमा तहकिकातको सिलसिलामा क्षतिपूर्तिका लागि मौकामा निवेदन दिने सबै निबेदकलाई झिकाएकोमा ती मध्ये विभागमा जाहेरी दिने दिपेन्द्र राय यादव, कृष्ण नन्दन कुमार दास र राकेश राय यादवले मात्र आ-आफ्नो बेहोरा खुलाई प्रतिवादीहरू उपर कारबाही गरी बिगो र हर्जाना दिलाई पाऊँ भनी छुट्टा-छुट्टै थप कागज गरेको देखिन्छ।

२८. प्रतिवादीहरू बयानका क्रममा अभियोग दावीको कसूर गरेमा इन्कार रहेको देखिन्छ। प्रतिवादी राजु साहले मौकामा बयान गर्दा आफूले जाहेरवालाहरूबाट वैदेशिक रोजगारमा पठाउने भनी कुनै रकम नलिएको तर वैदेशिक रोजगारको काम गर्ने सहप्रतिवादी तुलसी महत्तोसँग गाउँमासँगै घुमेको भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ। प्रतिवादी तुलसी महत्तोले बयान गर्दा सहप्रतिवादी राजु साह तेलीसँग गाउँमा नघुमेको चिया पसलमा निजसँग कुराकानी भएकोसम्म स्वीकार गरेको देखिन्छ। त्यस्तै यस न्यायाधिकरणमा बयान गर्दा समेत प्रतिवादीहरूले अभियोग दावीको कसूर नगरको भनी ईन्कार रही बेहोरा लेखाएको पाईयो।

२९. वादीले उपरोक्त गबाह/जाहेरवालाहरू र साक्षीलाई बकपत्रका लागि उपस्थित नगराएको र यस

न्यायाधिकरणबाट बकपत्रका लागि उपस्थित हुन म्याद जारी हुँदा समेत वादीका गबाह/जाहेरवालाहरू र साक्षी बकपत्रका लागि यस न्यायाधिकरणमा उपस्थित भएको देखिन आएन।

३०. प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने व्यवस्था रहेकोमा वादीले आफ्ना गबाह/जाहेरवालाहरू र साक्षीलाई आदेश बमोजिम उपस्थित नगराएको र यस न्यायाधिकरणबाट जाहेरवालाहरूका नाममा बकपत्रका लागि उपस्थित हुन म्याद जारी हुँदा समेत जाहेरवालाहरू बकपत्रका लागि उपस्थित भएको नदेखिएकाले मौकाको जाहेरी बेहोरा एवम् जाहेरवालाहरूले मौकामा कागज गर्दा लेखाएको बेहोरा मात्र प्रतिवादीहरूका बिरुद्ध प्रमाणमा ग्राह्य हुने देखिन आएन।

३१. प्रस्तुत मुद्दामा जाहेरवालाहरूले प्रतिवादीहरूलाई यो, यस प्रयोजनका लागि रकम दिएको हो भनी रकम पठाएको प्रयोजन खुल्ने प्रमाणको समेत अभाव देखिन्छ। जाहेरी दरखास्तसाथ जाहेरवालाहरूले प्रतिवादी मध्येका तुलसी महतो कोईरीलाई आईएमई मार्फत् रकम पठाएको भनी सोको प्रतिलिपि पेश गरेको भए तापनि ती रसिदहरूमा वैदेशिक रोजगारमा पठाउनकै लागि रकम लिएको बेहोरा खुलेको अबस्था छैन। आईएमई गरी रकम पठाउँदैमा जाहेरवालाहरूले वैदेशिक रोजगारमा जानकै लागि प्रतिवादी तुलसी महतो कोईरीको नाउँमा रकम पठाएको र निजले सोही प्रयोजनका लागि उक्त रकम लिएको मान्न उचित हुने देखिएन।

३२. प्रमाण ऐन,२०३१ को दफा २५ मा "अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीको हुनेछ" भन्ने व्यवस्था रहेको छ। यस कानूनी व्यवस्था बमोजिम प्रतिवादी उपरको अभियोग प्रमाणित गर्ने भार वादीमा रहेको देखियो। वादीले गबाह/जाहेरवालाहरू र अन्य साक्षी समेत यस न्यायाधिकरणमा उपस्थित गराई बकपत्र गराउन सकेको नदेखिएकाले वादीले प्रतिवादीहरू उपरको कसूर पुष्टि गराउन सकेको भन्न मिल्ने देखिएन।

३३. यसरी प्रतिवादीहरू उपरको कसूर वादीले प्रमाणित गर्न सकेको अवस्था नहुँदा दोश्रो प्रश्नको बिबेचना गरिरहन परेन।

३४. अतः विवेचित उपरोक्त आधार र कारणबाट अभियोग दाबी पुष्टि हुने वस्तुनिष्ठ प्रमाणको अभावमा प्रतिवादीहरूले अभियोग दाबीको कसूर गरेको नदेखिंदा प्रतिवादीहरू राजु साह तेली र तुलसी महतो कोईरीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूरमा ऐ.ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाहरूको विगो र हर्जाना भराई पाऊँ भन्ने वादीको अभियोग दाबी पुग्न नसकी प्रतिवादीहरूले सफाइ पाउने ठहर्छ। अरु तपसिल बमोजिम गर्नू।

## तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीहरू तुलसी महतो कोईरी र राजु साह तेलीले अभियोग दाबीबाट सफाई पाउने ठहरेकोले उक्त फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी विशेष सरकारी वकील कार्यालय, काठमाडौंलाई पुनरावेदनको म्याद दिनू...........................................................................................................१

प्रतिवादी राजु साह तेलीले मुद्दा पूर्पक्षका क्रममा धरौटी रसिद नं. १५६बाट राखेको धरौटी रू.२,००,०००।- फिर्ता पाऊँ भनी फैसला अन्तिम भएपछि म्यादभित्र निवेदन दिएमा नियमानुसार गरी फिर्ता दिनू...........................२

प्रतिवादी तुलसी महतो कोईरीले तारिख गुजारी बसेकाले मुद्दा पूर्पक्षका क्रममा धरौटी रसिद नं. १८४बाट राखेको धरौटी रू.३,००,०००।- जफत गरी राजस्वमा सदर-स्याहा गर्न लेखा शाखालाई जानकारी दिनू......................३

प्रस्तुत फैसला अन्तिम भएपछि प्रकरण २ को प्रयोजनका लागि प्रतिवादी राजु साह तेलीलाई सोको जानकारी दिनू.....४

प्रस्तुत फैसलाको जानकारी वादी मार्फत् जाहेरवालाहरूलाई दिनू........................................................५

सरोकारवालाले फैसलाको नक्कल माग गरेमा कानून बमोजिम लाग्ने दस्तुर लिई नक्कल दिनू......................६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टी गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू......................................७

**रमेशकुमार खत्री**
(अध्यक्ष)

उक्त रायमा सहमत छु ।

**प्रेमकुमार राई**
(सदस्य)

**फैसला तयार गर्न सहयोग पुऱ्याउने**
शाखा अधिकृतः कृष्णशोभा सुवाल
फैसला मितिः -२०७७।०९।१३।२

**श्री**

**वैदेशिक रोजगार न्यायाधिकरण**

**इजलास**

**माननीय अध्यक्ष श्री रमेशकुमार खत्री**

**सदस्य श्री प्रेम कुमार राई**

**फैसला**

**मुद्दा नं. ०७५-FT-०३४३**

**कसूर ठहर नि.नं.५३**

**निर्णय नम्बरः ९९**

## मुद्दाः वैदेशिक रोजगार कसूर ।

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| व्यक्त शेर्पाको नाति, पासाङ शेर्पाको छोरा संखुवासभा जिल्ला मूलखर्क गा.वि.स., वडा नं.१ स्थायी घर भई हाल काठमाडौँ जिल्ला काठमाडौँ महानगरपालिका वडा नं.७ बस्ने वर्ष ४० को नोर्बु भन्ने नोर्बु शेर्पाको जाहेरीले नेपाल सरकार......................१ | राम बहादुर अधिकारीको छोरी, पूर्ण कुमार खत्रीको श्रीमती पाँचथर जिल्ला ओलाने गा.वि.स., वडा नं.८ बाउनडाँडा स्थायी घर भई काठमाडौँ जिल्ला टोखा नगरपालिका वडा नं.१३ गोंगबु स्थित दीपज्योति टोलमा बस्ने वर्ष ३३ का जानुका खत्री....................................................................१<br><br>मन्दिर खत्रीको छोरा काठमाडौँ जिल्ला टोखा नगरपालिका वडा नं.१३ गोँगबु स्थित दीपज्योति टोलमा बस्ने पूर्णकुमार खत्री....................................................................१<br><br>दिल बहादुर खड्काको छोरा इलाम जिल्ला फाकफुक गा.वि.स, वडा नं.१ बस्ने प्रदिप खड्का.......................................१ |

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार भित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ ।

**तथ्य खण्ड**

**१. जाहेरी दरखास्तः**

म वैदेशिक रोजगारमा जाने मनस्थिति बनाई बसिरहेको अवस्थामा मेरो भतिजो लाक्पा शेर्पा अमेरिकामा रहेकोमा भतिजोले पूर्ण कुमार खत्रीलाई मेरो मोबाइल नम्बर दिएका रहेछन् । यी पूर्ण कुमार खत्रीले मलाई सम्पर्क गरी मैले वैदेशिक रोजगारमा मानिसहरूलाई अमेरिका ल्याई रोजगार दिलाउने काम गर्छु, तपाईँ

पनि आउने हो भने रू.३२,००,०००।- खर्च लाग्छ, ग्यास स्टेशनमा काम गर्नुपर्छ, मासिक रू.३,००,०००।- कमाई हुन्छ, डेढ वर्ष काम गरेपछि ग्रिन कार्ड समेत बन्छ भनेपछि म अमेरिका जान तयार भएको थिएँ। मैले के कसरी अमेरिका पुग्ने र कहाँ बस्ने भन्ने सम्बन्धमा बुझ्दा मेरी श्रीमति जानुका खत्री र भान्जा प्रदिप खड्का काठमाडौँ जिल्ला टोखा नगरपालका वडा नं.१३ मा बस्छन् र उनीहरूले नेपालमा गर्नुपर्ने सम्पूर्ण काम गरी विदेश पठाउँछन् र विदेश पुगेपछि गर्नुपर्ने सम्पूर्ण काम मैले गर्ने हो भनेपछि विश्वासमा परी विभिन्न मितिमा विपक्षीहरू जानुका खत्री र प्रदीप खड्काको नाममा मेरो दाजु लाक्पा शेर्पाको नामबाट रू.७,००,०००।- बुहारी लाक्पा दिकी शेर्पाको नामबाट रू.१३,६०,०००।-, छोरी दोर्ची शेर्पाको नामबाट रू.३,००,०००।- र श्रीमती दिलमाया शेर्पाको नामबाट रू.१६,००,०००।- आईएमई गरी पठाएको हो। तर विपक्षीहरूले मलाई अमेरिका नभई थाइल्याण्ड पुऱ्याई अलपत्र बनाएको र सोही कारण तीन महिना जेलमा रही नेपाल फिर्ता आएँ। नेपाल फिर्ता आई सकेपछि प्रतिवादी जानुका खत्रीलाई पक्राउ गरी महानगरीय प्रहरी परिसरमा बुझाएको, निज जानुकाले रू.२५,००,०००।- लिएको हो भनी मिति २०७२।०८।२८ मा कागज गरिदिएर रू.५,००,०००।- सोही समयमा बुझाएको र बाँकी रकम एक महिनाभित्र फिर्ता दिन्छु भनी भनेका थिए। विपक्षी जानुकासँग भएको उक्त लिखतमा मेरो खर्च भएको जम्मा रू.४४,००,०००।- भनी रू.२५,००,०००।- मात्र दिने सहमति कागज गरिदिएर निज विपक्षीले हाल मेरो फोन नउठाउने र रकम दिन सक्दिन भन्ने गरेकोले निज विपक्षीहरूलाई वैदेशिक रोजगार ऐन,२०६४ बमोजिम कारवाही गरी मबाट दिएको रू.२५,००,०००।- र सोको पचास प्रतिशत हर्जाना समेतको रकम दिलाई पाऊँ भन्ने समेत बेहोराको जाहेरवाला नोर्बु भन्ने नोर्बु शेर्पाको जाहेरी दरखास्त।

## २. सक्कल लिखत कागजः

मेरो श्रीमान पूर्ण बहादुर खत्रीले तपाईँनोर्बु शेर्पासँग रू.२५,००,०००।- वैदेशिक रोजगारको लागि अमेरिका पठाई दिन्छु भनी लिएको ठीक सँचो हो। मेरो श्रीमानले तपाईँलाई वैदेशिक रोजगारमा अमेरिका पठाउन नसकेको कारणले गर्दा आज रू.५,००,०००।- फिर्ता बुझाएको छु र बाँकी रू.२०,००,०००।- एक महिनाभित्र बुझाउने छु भन्ने समेत बेहोराको जानुका खत्रीले मिति २०७२।०८।२८ मा गरिदिएको लिखत।

## ३. प्रतिवादी जानुका खत्रीले गरेको बयानः

मेरो श्रीमान एक वर्ष पहिले अमेरिका जानुभएको थियो। यी जाहेरवालाका भतिज लाक्पा शेर्पा पनि अमेरिकामा नै छन्। यी जाहेरवाला नोर्बु शेर्पा, भानेन्द्र फुयाँल, प्रदिप खड्का र लैन सिं बस्नेत समेतले मेरो श्रीमानसँग कसरी अमेरिका जान सकिन्छ भने सल्लाह गरी अमेरिका जान भनी थाइल्याण्ड गएका थिए। यी जाहेरवाला समेत थाइल्याण्डमा पुगी सकेपछि त्यहाँ बस्ने पाकिस्तानी एजेन्टलाई पैसा बुझाउनुपर्छ भनी मलाई सम्पर्क गरी सो पैसा मागेका थिए। सोही कार्यका लागि जाहेरवाला नोर्बु शेर्पाले मलाई छोडी गएको रू.२३,००,०००।- जाहेरवालालाई पठाई उक्त रकम प्राप्त भए नभएको जाहेरवालासँग बुझ्दा रकम पाएको जानकारी गराएका थिए। पाकिस्तानी एजेन्छले रकम खाई भागेपछि यी जाहेरवाला समेतका मानिसहरू

थाइल्याण्डबाट नेपाल फर्की आएका हुन् । मैले जाहेरवाला समेतका मानिसहरूलाई वैदेशिक रोजगारीमा अमेरिका पठाई दिने भनी कुनै रकम लिएको छैन । मेरो श्रीमानले पनि सही प्रकृया अपनाई सही बाटोबाट नै अमेरिका आउन सल्लाह दिएकोमा जाहेरवालाहरू अमेरिका जान असफल भएको कारण मेरो श्रीमान र म उपर झुट्टा जाहेरी दिएका हुन् । यी जाहेरवालाले म विरुद्ध महानगरीय प्रहरी परिसर, काठमाडौँमा उजूरी दिई मैले रू.२५,००,०००।- बुझिलिएको भनी वैदेशिक रोजगारको लिखत कागजमा सहीछाप गराएका हुन् र सोही समयमा मैले नोर्बुलाई रू.५,००,०००।- समेत बुझाएको थिएँ । जाहेरवालाले पेश गरेको IME रसिद देखी पाएँ, उक्त रसिदमा उल्लिखित रकम मैले बुझी लिएको हुँ । उक्त रकम लिंदा कुनै भरपाई गरेको थिएन । मिति २०७२।०८।२८ मा भएको लिखतको हसीछाप मेरै हो र मैले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने कुनै अनुमति लिएको छैन भन्ने समेत बेहोराको प्रतिवादी जानुका खत्रीले गरेको बयान ।

## ४. प्रतिवादी जानुका खत्रीले गरेको ततिम्बा बयान:

मेरो भान्जा प्रदिप खड्का पनि यी जाहेरवाला नोर्बु शेर्पाले गरेको प्रकृया अपनाएर नै अमेरिका जानका लागि भनी थाइल्याण्ड गई त्यहाँ प्रहरीबाट पक्राउ परी नेपाल फर्की आएका हुन् । यी जाहेरवाला नोर्बु शेर्पाले मेरो भान्जा प्रदिप खड्काको नाममा रू.१२,००,०००।- आईएमई गरेर हालेको रकम प्रदिप खड्काले उक्त रकम लिए खाएका होइनन् । यसरी यी नोर्बु शेर्पाको बैंक खातामा जम्मा गरेको प्रमाण आफूसँग रहेको भनी मलाई भनेका थिए, आवश्यक परेमा उक्त भौचर पछि पेश गर्न लगाउनेछु । निज भान्जा प्रदिप खड्का समेत यी जाहेरवालाले गरेको प्रकृया अपनाई आफ्नै खर्च लगाई अमेरिका जान भनी हिंडेकोमा थाइल्याण्ड पुगी फर्की आएका हुन् । यी प्रदिप खड्काले यी जाहेरवालालाई अमेरिका पठाई दिन्छु भनी कुनै काम गरेको होइन । ज्वाइँ लैन सिं बस्नेतसमेत आफ्नै लगानीमा यी जाहेरवालासँग अमेरिका जान भनी गएकोमा सफल नभई फर्की आएका हुन् । निज लैन सिं बस्नेतको प्रस्तुत कसूरमा कुनै संलग्नता छैन । यी जाहेरवाला नोर्बु शेर्पाको कुनै रकम लैन सिं बस्नेतले बुझी लिएको छैन । ज्वाइँ लैन सिं बस्नेतको तिनपुस्ते सहितको ठेगाना खुलाउन सक्दिन भन्ने समेत बेहोराको प्रतिवादी जानुका खत्रीले गरेको ततिम्बा बयान ।

## ५. निर्णय पर्चा:

प्रतिवादी जानुका खत्रीबाट रू.४०,००,०००।- (चालिस लाख रूपैयाँ) नगद वा सो बराबरको जेथा धरौटी माग गरी सो धरौटी राख्न सकेमा तारिखमा राखी र धरौट राख्न नसकेमा वैदेशिक रोजगार न्यायाधिकरणको अनुमति लिई थुनामा राखी थप अनुसन्धान गर्ने गरी मिति २०७२।११।०३ मा अनुसन्धान अधिकृतबाट भएको निर्णय पर्चा ।

## ६. लिखतका साक्षी गोल्जे शेर्पाले गरेको कागज:

जाहेरवाला नोर्बु शेर्पाले पेश गरेको मिति २०७२।०८।२८ को लिखतमा भएको नाम थर वतन र सहीछाप मेरो आफ्नै हो । प्रतिवादीले जाहेरवाला नोर्बु शेर्वालाई वैदेशिक रोजगारको लागि अमेरिका पठाई दिन्छु भनी रू.२०,००,०००।- (बीस लाख रूपैयाँ) लिएको ठीक साँचो हो भन्ने बेहोराको साक्षी गोल्जे शेर्पाले

गरेको कागज।

## ७. श्री विशेष सरकारी वकील कार्यालयको निर्णय:

प्रतिवादी जानुका खत्रीले अन्य प्रतिवादीहरू पूर्ण खत्री र प्रदीप खड्कासँग मिलेमतो गरी कानून बमोजिमको वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त नगरी जाहेरवाला नोर्बु शेर्पालाई वैदेशिक रोजगारीका लागि अमेरिका पठाई दिन्छु भनी झुठ्ठा प्रलोभन देखाई रू.२५,००,०००।- लिई थाइल्याण्डसम्म पुऱ्याएकोमा अलपत्र परेका कारण जाहेरवाला नेपाल फर्की आएकोमा प्रतिवादीहरूको उक्त कार्य वैदेशिक रोजगार ऐन,२०६४ को दफा १० र ४३ बमोजिमको कसूर गरेकोले प्रतिवादीहरू जानुका खत्री, पूर्णकुमार खत्री र प्रदिप खड्कालाई सोही ऐनको दफा ४३ बमोजिम सजाय गरिपाऊँ। जाहेरवालाबाट प्रतिवादीहरूले लिए खाएको रकम रू.२५,००,०००।- र सोको पचास प्रतिशत हर्जाना समेत प्रतिवादीहरूबाट जाहेरवालालाई दिलाई भराई पाऊँ भन्ने समेत बेहोराको विशेष सरकारी वकील कार्यालयको निर्णय बेहोरा।

## ८. अभियोग मागदाबी:

प्रतिवादीहरू जानुका खत्री, पूर्णकुमार खत्री र प्रदिप खड्काले नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमतिपत्र नलिई जाहेरवाला नोर्बु शेर्पा भन्ने नोर्बु शेर्पालाई वैदेशिक रोजगारको लागि अमेरिका पठाई दिने भनी झुठ्ठो आश्वासन दिई प्रलोभन देखाई जाहेरवालाबाट रकम बुझिलिई थाइल्याण्डसम्म पुऱ्याई अलपत्र पारेको र जाहेरवाला सोही स्थानबाट नेपाल फर्की आएकोमा प्रतिवादीहरूले जाहेरवालालाई अमेरिका नपठाएको र रकम समेत फिर्ता नगरेको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसूर देखिंदा निज प्रतिवादीहरूलाई ऐ. ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवाला नोर्बु शेर्पा भन्ने नोर्बु शेर्पाबाट प्रतिवादीहरूले लिए खाएको विगो रकम रू.२५,००,०००।- तथा सोको पचास प्रतिशत हर्जाना रू.१२,५०,०००।- गरी जम्मा रकम रू.३७,५०,०००।- प्रतिवादीहरूबाट जाहेरवालालाई दिलाई भराई पाऊँ भन्ने समेत बेहोराको अभियोग मागदाबी।

## ९. प्रतिवादी जानुका खत्रीले यस न्यायाधिकरणमा गरेको बयान:

जाहेरवाला नोर्बु शेर्पा भन्ने नोर्बु शेर्पालाई वैदेशिक रोजगारीमा पठाउने भनी कुनै रकम लिए खाएको छैन। निजलाई वैदेशिक रोजगारीका लागि अमेरिका पठाउने पनि भनेको छैन। जाहेरवाला नोर्बुसँग विगत एक वर्षदेखि लेनदेन कारोवार भइरहेको थियो। मैले जाहेरवालालाई व्याजमा रकम दिएकोमा निजले पनि मलाई व्याज सहितको रकम बुझाउँदै आएका थिए। जाहेरवाला नोर्बु शेर्पा भन्ने नोर्बु शर्पा सहित लैनसिंह बस्नेत, प्रदिप खड्का र भानेन्द्र फुयाँल समेत अमेरिका जान भनी आफ्नै खर्चमा थाइल्याण्ड गएका थिए। सो कार्यमा मेरो कुनै प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता छैन। थाइल्याण्डमा के भयो भन्ने बारे पनि कुनै जानकारी छैन। पछि नोर्बु शर्पाले रकम आवश्यक परेको भनी जाहेरवाला समेतका परिवारहरू आई सहयोग माग गरेका कारण रकम पठाई सहयोगसम्म गरेको हुँ। पैसा पठाएपछि पाइसकेँ भनी जवाफ पठाएका थिए।

जाहेरवालाहरू थाइल्याण्ड हुँदा एकजना पाकिस्तानी एजेन्टसँग भेट भएकोमा पाकिस्तानी एजेन्टले रकम लिई भागेपछि यी जाहेरवाला समेतका चारजना व्यक्तिहरू नेपाल फर्की आएका थिए । जाहेरवालाले पेश गरेको लिखत म हिरासतमा हुँदा करकापमा गराइएको हो । सो लिखत उपर मैले काठमाडौँ जिल्ला अदालतमा मुद्दा नं.०७२-CP-१९१८ र १९१९ मा करकाप मुद्दा दायर गरेको छु । जाहेरवाला नोर्बु शेर्पाबाट लिनू । बाँकी रहेको रकम लाक्पा शेर्पा मार्फत् मेरो माछापुच्छ्रे बैंक लिमिटेडमा रहेको खातामा जम्मा गराइदिएका थिए । मैले अभियोग दाबीको कुनै कसूर नगरेको हुँदा मलाई अभियोग दाबीबाट सफाइ दिलाई पाऊँ भन्ने समेत बेहोराको प्रतिवादी जानुका खत्रीले यस न्यायाधिकरणमा गरेको बयान ।

**१०. यस अदालतबाट मिति २०७२।१२।०४ मा भएको थुनछेक आदेश:**

पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल मुद्दाको पूर्पक्षको लागि मुलुकी ऐन, अदालती बन्दोवस्तको ११८ नं.को देहाय दफा ५ एवम् १० बमोजिम निज प्रतिवादी जानुका खत्रीबाट नगद रू.१०,००,०००।- (दश लाख रूपैयाँ) वा सो बराबरको जेथा जमानत लिई तारेखमा राख्नू । सो दिन नसके अ.वं. १२१ नं.बमोजिम थुनुवा पूर्जी दिई थुनामा पठाई दिनू भन्ने समेत बेहोराको यस न्यायाधिकरणको मिति २०७२।१२।०४ को आदेश ।

**११. प्रतिवादी प्रदिप खड्काले यस न्यायाधिकरणमा गरेको बयान:**

म २०६८ सालदेखि प्रतिवादी पूर्ण बहादुर खत्रीको भाइ देश कुमार खत्रीको घरमा डेरा गरी बस्दै आएको छु । भानेन्द्र फुयाँल र पूर्ण कुमार खत्री मेरो एमदम मिल्ने साथी हौँ भने हामी पहिलादेखि नै अमेरिका जान खोजिरहेका थियौँ । निजहरूले नै एकपटक भारत गई एजेन्टलाई पासपोर्ट र रकम दिएर आएका पनि थिए । हामीहरू पटकपटक असफल भएपनि पूर्ण कुमार खत्री अमेरिका पुगे र सोको लागि ठाउँठाउँ गई हुण्डी मार्फत् रकम पठाउने काम भानेन्द्र फुयाँलले गरेका थिए । पूर्ण कुमार खत्री अमेरिका पुगेपछि भानेन्द्र फुयाँल पनि अमेरिका जानका लागि पटकपटक जानुका खत्रीको घरमा आउने जाने गरेकोमा जानुका खत्रीसँग चिनजान भएको हो । भानेन्द्र फुयाँलले पूर्ण कुमार खत्रीले राम्रो कमाई गरिरहेको छ भनी भनेका कारण मलाई पनि अमेरिका जान मन लागी भानेन्द्र फुयालसँग भन्दा तिमीहरूले केही गर्नुपर्दैन, सबै म गर्छु भनी भनेका थिए । हामीले पूर्ण कुमार खत्रीसँग कुरा गर्दा अमेरिका आउने बाटो खतरा छ, आउँछौ भने आऊ, अमेरिका आएपछि सेटल हुनका लागि सहयोग गरौँला तर बिग्रिएमा कसैले जिम्मेवारी लिन सक्दैन भनी भनेका थिए । अमेरिकामा रहेका लाक्पा शेर्पा र पूर्ण कुमार खत्री एउटै एजेन्ट मार्फत् अमेरिका गएका रहेछन् । सोही क्रममा हामीले एकजना एजेन्टसँग सम्पर्क गर्दा थाइल्याण्ड मार्फत् पनि अमेरिका जानसक्ने भनी थाहा पाएको कारण हामी थाइल्याण्ड जाने तयारीमा रहेका थियौँ । सबैको ट्राभल डकुमेन्ट र पासपोर्ट आएकोमा नोर्बु शेर्पाको पासपोर्ट नआइसकेको हुँदा जाहेरवाला नोर्बु शेर्पा भन्ने नोर्बु शेर्पाले रू.१२,५०,०००।- मेरो प्रभु बैंक लैनचौरको खातामा मिति २०७२।०५।१८ मा आईएमई मार्फत् जम्मा गर्न पठाएको हो । मैले २०७२।०५।१९ मा सो रकम निज नोर्बु शेर्पाको आफ्नै प्रभु बैंकको खातामा जम्मा गरिदिएको हो । हामी

तीन जना थाइल्याण्डमा पुगेपछि हाम्रो क्यूवाको भिसा लाग्यो। अब मेक्सिको जानुपर्छ, भिसा नआएसम्म एक रूपैयाँ लाग्दैन भनी पाकिस्तानी एजेन्टले भनी हामीलाई एयरपोर्ट लगेकोमा त्यहीँ हामीलाई प्रहरीले पक्राउ गरेको हो। हामीलाई जेलबाट पनि सोही एजेन्टकै मानिसले निकालेको हो। मेक्सिकोको भिसा लागेको फोटोकपि दिएपछि मैले रू.३,००,०००।- र अन्यले के कति रकम दिए, सो बारेमा थाहा भएन। हामीहरू नेपाल फर्की आएपछि नोर्बु शेर्पालेपैसा कसरी उठाउने भनी भनेकोमा मुद्दा गर्ने कुरा भएको र मलाई पनि जानुका खत्रीको तर्फबाट नबोल्नु भनी धम्काएका थिए। म साँचो कुरा गर्ने सिधा मानिस हुँ भनी भन्दा निजले म समेत उपर किटानी जाहेरी दिएका हुन् भन्ने समेत बेहोराको प्रतिवादी प्रदिप खड्काले यस न्यायाधिकरणमा गरेको बयान।

**१२. यस न्यायाधिकरणबाट मिति २०७३।०१।१५ को आदेश:**

पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल मुद्दाको पूर्पक्षको लागि मुलुकी ऐन, अ.वं.११८ नं.को देहाय ५ र १० बमोजिम यी प्रतिवादी प्रदिप खड्काबाट नगद धरौट रू.५,००,०००।- (पाँच लाख रूपैयाँ) वा सो बराबरको जेथा जमानी दिए लिई तारेखमा राख्नु। सो दिन नसके कानून बमोजिमको सिधा खान पाउने गरी अ.वं.१२१ नं. बमोजिम थुनुवा पूर्जी दिई थुनामा राख्न पठाई दिनू भन्ने समेत बेहोराको यस न्यायाधिकरणबाट मिति २०७३।०१।१५ मा भएको आदेश।

**१३. प्रतिवादी प्रदिप खड्काका साक्षी इन्द्रकला बस्नेतले यस न्यायाधिकरणमा गरेको बकपत्र:**

प्रतिवादी प्रदिप खड्काले नोर्बु शेर्पालाई अमेरिका पठाउने भनी कुनै रकम लिएका छैनन्। निज प्रदिप खड्का स्वयं पीडित हुन्। निजलाई समेत अमेरिका लान्छौँ भनी पूर्ण खत्रीको रू.२५,००,०००।- ठगी गरेको हो र अमेरिका नलगी दुख पाएका छन्। सो रकम हालसम्म फिर्ता पाएका छैनन्। जाहेरवाला नोर्बु शेर्पाले प्रदिप खड्काको नाममा आईएमई बाट पाएको पैसा प्रदिप खड्काले नोर्बु शेर्पालाई दिएको आईएमईको प्रमाण मिसिल संलग्न छ भन्ने समेत बेहोराको प्रतिवादी प्रदिप खड्काका साक्षी इन्द्रकला बस्नेतले यस न्यायाधिकरणमा गरेको बकपत्र।

**१४. जाहेरवाला नोर्बु शेर्पा भन्ने नोर्बु शेर्पाले यस न्यायाधिकरणमा गरेको बकपत्र:**

मलाई वैदेशिक रोजगारमा अमेरिका लान्छु भनी प्रतिवादी जानुका खत्री र प्रदिप खड्काले रू.४४ लाख ६० हजार रकम लिएका हुन्। अहिलेसम्म कुनै रकम फिर्ता पाएको छैन। प्रतिवादीहरूले रकम बुझी लिए पश्चात् सबै कागजातहरू भयो भनी मलाई पहिलो लटमा लग्ने भनेर पछि थाइल्याण्ड लगेका हुन्। नेपालको एयरपोर्टसम्म जानुका खत्रीले लगेकी हुन्। म एक्लै थाइल्याण्ड पुगेको हो। कोठामा पुग्दा त्यहाँ भानेन्द्र फुयाल, लैनबहादुर बस्नेत र प्रदिप खड्का पनि थिए। मसँग भएको २५०० डलर प्रदिप खड्काले मागेपछि निजलाई दिएको हो। पूर्ण खत्रीले सबैको रकम आफ्नो श्रीमती जानुका खत्रीको नाममा जम्मा गरिदिनु भनेपछि सबै रकम जानुका खत्रीको नाममा आईएमई मार्फत् जम्मा गरिदिएको हो। करिव तीन माहिना जति केही काम नगरी त्यहीँ बसेकोमा प्रदिप खड्काले अब काम भयो भनी एयरपोर्ट लगेका थिए।

त्यहाँ पनि निजले हामीसँग भएको रकम मागे र हामीले पनि रकम दियौँ। पछि उड्ने भनी भन्दै गर्दा प्रहरीले हामीलाई पक्राउ गरेको हो। निज प्रतिवादीले के कति रकम कस्तो कागज के कहाँ पेश गरे भन्ने बारेमा केही जानकारी छैन। करिब ४ महिना जति जेलमा बसेपछि हामीले नेपालबाट टिकट मगाई नेपाल फर्की आएका हौँ। प्रतिवादीहरूले आपसी मिलेमतो गरी म समेतलाई झुट्ठा आश्वासन देखाई विदेश पठाउँछु भनी रकम दिएकोमा विदेश पनि नपठाएको र रकम पनि फिर्ता नगरेको हुँदा निज प्रतिवादीहरूलाई कानून बमोजिम हदैसम्म कारवाही गरिपाऊँ भन्ने समेत बेहोराको जाहेरवाला नोर्बु शेर्पा भन्ने नोर्बु शेर्पाले यस न्यायाधिकरणमा गरेको बकपत्र।

**१५. लिखत कागजका साक्षी गोल्जे शेर्पाले यस न्यायाधिकरणमा गरेको बकपत्रः**

जाहेरी साथ पेश भएको मिति २०७२।०८।२८ मा भएको लिखतको साक्षी महलमा भएको सहीछाप मेरो हो। जाहेरवालालाई अमेरिका पठाई दिन्छु भनी जानुका खत्रीले रू.४४ लाख ६० हजार लगेको हो। त्यसमा आधा रकम प्रदिप खड्कालाई पनि दिएको हो भन्ने समेत बेहोराको लिखतका साक्षी गोल्जे शेर्पाले यस न्यायाधिकरणमा गरेको बकपत्र।

**१६. प्रतिवादी जानुका खत्रीका साक्षी दिवाकर रिजालले यस न्यायाधिकरणमा गरेको बकपत्रः**

मिति २०७२।०८।२८ को कागज म आफैंले लेखेको हो। उक्त कागज करकाप ढङ्गले गराइएको हो। निज प्रतिवादी जानुका खत्रीको निषेधाज्ञा मुद्दामा पुनरावेदन अदालत पाटनबाट जारी भएको म्याद महानगरीय प्रहरी परिसर टेकुमा बुझाउन तामेलदारलाई लिई गएकोमा यो म्याद बुझ्न जरुरी छैन, वादी र प्रतिवादी बीच कुरा मिलिसक्यो भनी एउटा कोठामा लगी मैले भने बमोजिमको कागज लेख्नु भनी प्रहरीको धम्कीपर्ण आदेश बमोजिम प्रहरीले भने बमोजिमको कागज तयार गरिदिएको हुँ। तत्पश्चात् जानुका खत्रीलाई पनि उक्त लिखतमा सहीछाप गराएका हु। निज प्रतिवादी जानुका खत्रीलाई उक्त लिखत पनि पढी बाँची सुनाएनन्। सोही बखत निज जानुका खत्रीका भाइ सुमन अधिकारी रू.१०,००,०००।- लिएर सोही कोठामा प्रवेश गरी त्यहाँ प्रहरीको अगाडि जाहेरवालाले सुमन अधिकारीबाट रू.३,५०,०००।- का दरले बुझी लिएका थिए। सो बाहेक अन्य तिन जना व्यक्तिहरूले पनि तिन लाख रूपैयाँ बुझी लिएका थिए। निज व्यक्तिहरूलाई म चिन्दिन। निज प्रतिवादीले अभियोग दाबीको कसूर नगरेको हुँदा निजले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने समेत बेहोराको प्रतिवादी जानुका खत्रीको साक्षी दिवाकर रिजालले यस न्यायाधिकरणमा गरेको बकपत्र।

**१७. मुलतबी आदेशः**

यसै विवादको विषयमा तयार भएको लिखतको सम्बन्धमा यिनै प्रतिवादी जानुका खत्री वादी र जाहेरवाला नोर्बु शेर्पा समेत प्रतिवादी भएको करकाप मुद्दामा काठमाडौँ जिल्ला अदालतबाट मिति २०७३।०५।०८ मा भएको फैसला उपर जानुका खत्रीको उच्च अदालत पाटनमा पुनरावेदन परी विचाराधिन रहकोले उक्त मुद्दाको फैसला नभएसम्मका लागि प्रस्तुत मुद्दा मुलतबीमा राखी पाऊँ भनी तारेख पर्चाको प्रतिलिपि सहित

निवेदन गरेको देखिंदा उच्च अदालत पाटनमा विचाराधिन रहेको उक्त करकाप मुद्दाको टुङ्गो लागेपछि प्रस्तुत मुद्दा मुलतबीबाट जगाई बाँकी कारवाही गर्ने गरी वैदेशिक रोजगार न्यायाधिकरण नियमावली,२०६८ को नियम ३७ बमोजिम प्रस्तुत मुद्दा मुलतबीमा राखिदिएको छ। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मुलतबी दायरीमा दर्ता गर्नु। प्रस्तुत मुद्दा मुलतबीमा रहेको जानकारी साथै उच्च अदालत पाटनमा चलेको करकाप मुद्दाको फैसला भएपछि फैसलाको प्रतिलिपि यस न्यायाधिकरणमा पठाई दिन उच्च अदालत पाटनमा लेखी पठाउनु। मुद्दा मुलतबीमा रहेको जानकारी तारेखमा रहेका पक्षलाई दिनु भन्ने समेत बेहोराको यस न्यायाधिकरणको मिति २०७३।०७।२३ को आदेश।

## १८. मुलतबीबाट जगाएको आदेश:

यसमा वादी जानुका खत्री प्रतिवादी नोर्बु भन्ने नोर्बु शेर्पा भएको करकाप मुद्दामा उच्च अदालत पाटनबाट टुङ्गो लागेपछि जगाउने गरी यस न्यायाधिकरणबाट मिति २०७३।०७।२३ मा मुलतबी रहेकोमा उच्च अदालत पाटनबाट मिति २०७४।१२।१८ मा करकाप मुद्दा फैसला भएको भनी च.नं.७४ मिति २०७५।०४।१४ को पत्रबाट लेखी आएको देखिंदा प्रस्तुत मुद्दा मुलतबीबाट जगाई दिएको छ। पुनः मूल दायरीमा दर्ता गरी मुलतबी जागेको जानकारी विशेष सरकारी वकील कार्यालयलाई र मुलतबी रहँदाको अवस्थामा रुजु हाजिर रहेका प्रतिवादीका नाममा मुलतबी जागेको दिन ७(सात)को जनाउ सूचना म्याद जारी गरी म्यादमा हाजिर हुन आए वा अवधि व्यतित भएपछि उच्च अदालत पाटनबाट मिति २०७४।१२।१८ मा भएको फैसलाको प्रमाणित प्रतिलिपि झिकाई आएपछि नियमानुसार पेश गर्नु भन्ने समेत बेहोराको यस न्यायाधिकरणबाट मिति २०७५।०४।२४ मा भएको आदेश।

## १९. कसूर ठहर:

प्रतिवादीहरू जानुका खत्री, पूर्ण कुमार खत्री र प्रदिप खड्काले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजतपत्र नलिई जाहेरवालालाई वैदेशिक रोजगारीका लागि अमेरिका पठाई दिने झुठ्ठा आश्वासन दिई प्रलोभनमा पारी रकम लिई थाइल्याण्डको बैंककसम्म पुऱ्याई वैदेशिक रोजगार ऐन,२०६४ को दफा १० र ४३ को कसूर गरेको ठहर्छ। प्रतिवादीहरू जानुका खत्री, पूर्ण कुमार खत्री र प्रदिप खड्कालाई दफा ४३ बमोजिम हुने सजाय, भराउनुपर्ने विगो र हर्जाना शुल्क समेतको सजाय निर्धारण समेतको सजाय निर्धारण सम्बन्धी सुनुवाइका लागि मुलुकी फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा १३ बमोजिम वादीबाट सजाय पूर्वको प्रतिवेदन लिई इजलास समक्ष पेश गर्नू भन्ने समेत बेहोराको मिति २०७७।०९।१३ को कसूर ठहर।

## २०. सजाय पूर्वको प्रतिवेदन:

प्रतिवादीले जाहेरवालालाई अमेरिका देशमा सेक्युरिटी गार्डको काम लगाई दिने, मासिक एक लाख भन्दा राम्रो कमाइ हुन् भनी विश्वास दिलाई विभिन्न प्रलोभन देखाएर विश्वासको दुरुपयोग गरी रकम लिएको देखिएको, कसूर गर्दाको परिस्थिति हेर्दा निजले ठगी गर्ने उद्देश्यले नियतपूर्वक रकम लिएको देखिन्छ।

प्रस्तुत मुद्दा गम्भीर प्रकृतिको फौजदारी मुद्दा रहेको र प्रस्तुत कसूरमा प्रतिवादीहरूले आपसि मिलेमतो गरी जाहेरवालालाई ठगी गरेको देखिन्छ । सजायको उद्देश्यलाई मध्यनजर गरी सजाय गर्नु पर्दा प्रतिवादीहरू तथा अन्य अपराधिक मनस्थिति राखी काम गर्ने व्यक्तिलाई हतोत्साहित गर्नको लागि, कसूरदारलाई फेरी समाजमा गई कसूर गर्नबाट रोक्न तथा निजलाई आफ्नो कार्यप्रति पश्चाताप गराउने उद्देश्य परिपूर्ति हुने गरी सजाय गर्नुपर्ने देखिंदा प्रस्तुत मुद्दामा सजाय गर्दा निज प्रतिवादीलाई कानूनद्वारा निर्धारित माथिल्लो हदको सजाय गर्नु नै पर्ने देखिन्छ । जाहेरवालाले हालसम्म रकम फिर्ता पाएको छैन भनी गरेको बकपत्र तथा मिसिल संलग्न अन्य प्रमाणबाट दाबी बमोजिमको विगो तथा हर्जाना समेत जाहेरवालालाई दिलाई भराई पाउनपर्ने देखिन्छ भन्ने समेत बेहोराको विशेष सरकारी वकील कार्यालय काठमाडौँबाट पेश भएको सजाय पूर्वको प्रतिवेदन ।

**ठहर खण्ड**

२१. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ गौतमले प्रतिवादीहरूले जाहेरवाला नोर्बु भन्ने नोर्बु शेर्पालाई रोजगारीका लागि अमेरिका पठाई दिने भनी ग्रिनकार्ड समेत पाइने भन्ने झुट्टा आश्वासन र प्रलोभन देखाई रू.२५,००,०००।- लिई थाइल्याण्ड पुऱ्याई अमेरिका नपठाएको भन्ने जाहेरी बेहोरा, दावीको लिखत एवम् जाहेरवालाले गरेको बकपत्रबाट समर्थित भएकाले प्रतिवादीहरूलाई अभियोग दावी बमोजिम सजाय गरी जाहेरवालाको बिगो र हर्जाना दिलाई पाऊँ भनी गर्नुभएको बहस समेत सुनियो ।

२२. यसमा वादी नेपाल सरकार तर्फबाट प्रतिवादीहरू जानुका खत्री, पूर्ण कुमार खत्री र प्रदिप खड्काले वैदेशिक रोजगार व्यवसाय गर्न पाउने ईजाजतपत्र नलिई जाहेरवाला नोर्बु भन्ने नोर्बु शेर्पालाई वैदेशिक रोजगारीका लागि अमेरिका पठाउँछु भनी झुट्टा आश्वासन दिई प्रलोभन देखाई रकम लिई थाइल्याण्डसम्म पुऱ्याई अलपत्र पारी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेकाले सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाको बिगो रू.२५,००,०००।- र सोको ५० प्रतिशत हर्जाना समेत जाहेरवालालाई दिलाई भराई पाउन अभियोग दावी लिएकोमा प्रतिवादी जानुका खत्रीले यस न्यायाधिकरणमा बयान गर्दा जाहेरवालालाई व्याजमा रकम दिएकोमा सोही रकम भुक्तानीका लागि जाहेरवालाले आईएमई मार्फत् खातामा रकम जम्मा गरेका हुन् । जाहेरी साथ पेश भएको भनिएको लिखत मलाई करकापमा पारी गराएका हुन् । उक्त लिखतमा के कस्तो बेहोरा लेखिएको भन्ने बारेमा मलाई जानकारी छैन । जाहेरवालाले म उपर झुठ्ठा जाहेरी दिएका हुन् भनी कसूर गरेकोमा इन्कार रही बेहोरा लेखाएको देखिन्छ । प्रतिवादी प्रदिप खड्काले यस न्यायाधिकरणमा बयान गर्दा जाहेरवाला समेत अमेरिका जानका लागि धेरै पहिलेदेखि नै पहल गर्दै आएका थिए । आफूहरूसँग अमेरिका जान पहल गर्दै आएको पूर्ण कुमार खत्री अमेरिका पुगेपछि निजसँग सल्लाह गरी अमेरिका जाने तयारीमा थिएँ । जाहेरवाला र म पनि अमेरिका जानका लागि थाइल्याण्ड गएकोमा पाकिस्तानी एजेन्टले ठगेको, अलपत्र परेको र प्रहरीले पक्राउ गरी जेलमा राखेको र

आफ्नै पहलमा नेपाल फर्की आएको हो । नेपाल फर्की आउनका लागि प्रतिवादी जानुका खत्रीले नै रकम उपलब्ध गराएकी हुन् । जाहेरवालाले रकम सबै डुब्यो, के कसरी उठाउने भनी जाहेरी दिएका हुन् भनी कसूर गरेकोमा इन्कार रही बेहोरा लेखाएको देखिन्छ । प्रतिवादी पूर्ण कुमार खत्री समाह्वान म्यादभित्र यस न्यायाधिकरणमा बयानका लागि उपस्थित भएको देखिंदैन ।

२३. उपरोक्त अभियोग दाबी, प्रतिवादीको बयान र विद्वान् उपन्यायाधिवक्ताको बहस सुनी प्रस्तुत मुद्दामा देहायका प्रश्नको निरोपण गर्नुपर्ने देखियो ।

क. प्रतिवादीहरू जानुका खत्री, पूर्ण कुमार खत्री र प्रदिप खड्काले जाहेरवालालाई वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमतिपत्र नलिई रोजगारीका लागि अमेरिका पठाउने भनी रकम लिई थाइल्याण्ड पुऱ्याई अलपत्र पारी अभियोग दाबीको कसूर गरेका हुन्, होइनन् ?

ख. प्रतिवादीहरूले अभियोग दाबी बमोजिमको कसूर गरेको भए निजहरूलाई के कति सजाय हुनुपर्ने हो ? र जाहेरवालाले बिगो र हर्जाना रकम भरी पाउने हो, होइन ?

२४. सम्बद्ध मिसिल अध्ययन गरी प्रथम पश्नको निरोपणतर्फ विचार गर्दा, प्रतिवादीहरू जानुका खत्रीले अमेरिकामा रहेका पति पूर्ण कुमार खत्री र प्रदिप खड्कासँग मिली वैदेशिक रोजगारीका लागि अमेरिका पठाउँछु भनी झुट्टा आश्वासन दिई प्रलोभन देखाई रू.२५,००,०००।- (पच्चिस लाख रूपैयाँ) लिई थाइल्याण्ड पठाई अलपत्र पारेको र थाइल्याण्डमा समेत प्रहरीले पक्राउ गरेबाट आफैं खर्च गरी नेपाल फर्की आएकोले भने बमोजिमको वैदेशिक रोजगारमा नपठाएको र रकम समेत फिर्ता नगरेकोले कारवाही गरी बिगो र हर्जाना दिलाई पाऊँ भनी प्रतिवादी उपर कारवाहीका लागि किटानी जाहेरी परेकोमा वादीका गवाह/जाहेरवाला नोर्बु भन्ने नोर्बु शेर्पाले यस न्यायाधिकरणमा उपस्थित भई प्रतिवादीहरू जानुका खत्री, पूर्ण कुमार खत्री र प्रदिप खड्काले वैदेशिक रोजगारका लागि अमेरिका पठाउने भनी रू.२५,००,०००।- लिएको र अमेरिका नपठाई थाइल्याण्ड पठाएको र सो ठाउँमा अलपत्र पारेको अवस्थामा कुनै सहयोग नगरेको र रकम पनि फिर्ता नगरेको भनी मौकाको जाहेरी बेहोरा समर्थन गरी प्रतिवादीहरू उपर गडाउ गरी बकपत्र गरेको देखिन्छ ।

२५. प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने व्यवस्था रहेकाले वादीका गबाह/जाहेरवालाले वैदेशिक रोजगारको कसूर गरेको भनी मौकाको जाहेरी बेहोरा खम्बीर हुने गरी बकपत्रमा लेखाएको उपरोक्त बेहोरा प्रतिवादीहरूका विरुद्ध प्रमाणमा ग्राह्य हुने देखियो ।

२६. वादीले अभियोग पत्रसाथ पेश गरेको लिखत हेर्दा, उक्त लिखतमा श्रीमान पूर्ण कुमार खत्रीले जाहेरवाला नोर्बु शेर्पालाई अमेरिका पठाउन भनी रू.२५,००,०००।- लिएकोमा अमेरिका पठाउन नसकेकाले लिएको रकम मध्ये रू.५,००,०००।- फिर्ता गरिसकेको छु । बाँकी रू.२०,००,०००।- एक वर्षभित्र फिर्ता नगरे

नतिरे उक्त रकम वैदेशिक रोजगार ऐन,२०६४ बमोजिम चल अचल सम्पत्तिबाट असूल उपर गरी लिनु भनी जानुका खत्रीले कागज गरेको देखिन्छ। प्रतिवादी जानुका खत्रीले उक्त लिखत करकाप गरी सहीछाप गराएको भनी काठमाडौँ जिल्ला अदालतमा करकाप मुद्दा दायर गरेकोमा काठमाडौँ जिल्ला अदालतबाट वादी दाबी नपुग्ने ठहऱ्याई मिति २०७३।०५।०८ मा भएको फैसला सदर हुने गरी उच्च अदालत पाटनबाट मिति २०७४।१२।१८ मा फैसला भएको देखिन्छ। प्रस्तुत मुद्दाका प्रतिवादी जानुका खत्रीले लिएको दाबी एवम् जिकिर तहगत अदालतको फैसलाबाट पुष्टि हुन नसकेको अवस्थामा लिखतको वैद्यता अन्यथा हुने अवस्था देखिएन।

२७. प्रमाण ऐन, २०३१ को दफा ७ (ग) मा "कुनै घटना मानिसहरूको आचरण वा काम-कारोवारको सामान्य क्रम बिचार गर्दा तर्कसँगत रूपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको पाइन्छ। प्रतिवादीले बयानका क्रममा लिखत करकापबाट गराइएको भने तापनि सो पुष्टि नभएको, जाहेरवाला र लिखत साक्षीले समेत वैदेशिक रोजगारीका लागि अमेरिका पठाई दिने झुठ्ठा आश्वासन दिई रकम लिई थाइल्याण्ड पुऱ्याई अलपत्र पारेको र रकम खाई बसेको भनी जाहेरी एवम् मौकाको कागज अनुकूल बकपत्र गरेबाट लिखत स्व-ईच्छाले गरिदिएको रहेछ भन्ने पुष्टि भएको देखियो।

२८. प्रमाणको मूल्याङ्कनमा लिखत प्रमाण महत्वपूर्ण हुन्छ। लिखत गैह्र-कानूनी तवरले खडा गरिएको नदेखिएसम्म त्यस्तो लिखतको पालना पक्षहरूका हकमा अनिवार्य हुन जान्छ। लिखत प्रमाणका हकमा प्रमाण ऐन, २०३१ को दफा ३५ मा "कुनै लिखत वा लिखतमा उल्लेख भएको कुरा सो लिखत नै पेश गरी प्रमाणित गर्नुपर्छ" भन्ने व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दामा प्रमाणको रूपमा सक्कल लिखत नै पेश भएकाले सो लिखत प्रमाणमा ग्राह्य हुनेमा अन्यथा देखिएन।

२९. प्रतिवादी प्रदिप खड्का उपर किटानी जाहेरी परेको, जाहेरवाला नोर्बु शेर्पाले प्रतिवादी प्रदिप खड्काका नाउँमा समेत आईएमई मार्फत् रकम दिएको भन्ने आईएमई रसिदबाट पुष्टि भएको र निज उपर गडाउ गरी वादीका साक्षीले बकपत्र गरेको समेत देखिएकाले निज प्रतिवादीले समेत जाहेरवालाबाट रकम बुझी लिएको पुष्टि हुनुका साथै प्रतिवादी पूर्ण कुमार खत्री अभियोग दाबी बारे प्रतिवाद नगरी फरार भई बसेको, अभियोगपत्र साथ पेश भएको लिखत बेहोराबाट निज अमेरिकामा रहेको, निजले नै जाहेरवालाबाट रकम लिएको पुष्टि भएको देखिएकाले निज प्रतिवादी समेत संलग्न भई अभियोग दाबीको कसूर गरेको भन्ने वादीको अभियोग दाबीलाई अन्यथा भन्न सक्ने अवस्था देखिएन।

३०. यसरी प्रतिवादीहरू उपरको किटानी जाहेरी, दावीको लिखत, रकम पठाएको आईएमई रसिद र जाहेरवालाको बकपत्र बेहोरा समेतबाट प्रतिवादीहरूले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत प्राप्त नगरी जाहेरवालालाई वैदेशिक रोजगारीमा अमेरिका पठाई दिने भनी प्रलोभनमा पारी विश्वास दिलाई रकम लिई थाइल्याण्ड पुऱ्याई अलपत्र पारी वैदेशिक रोजगार सम्बन्धी व्यवसाय गरी तत्सम्बन्धी कसूर गरेको पुष्टि भएकै देखियो।

३१. अत:, माथि विवेचित कारण तथा आधारबाट प्रतिवादीहरू जानुका खत्री, पूर्ण कुमार खत्री र प्रदिप

खड्काले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजतपत्र नलिई जाहेरवालालाई वैदेशिक रोजगारीका लागि अमेरिका पठाई दिने झुट्ठा आश्वासन दिई प्रलोभनमा पारी रकम लिई थाइल्याण्डको बैंककसम्म पुर्‍याई वैदेशिक रोजगार ऐन,२०६४ को दफा १० र ४३ को कसूर गरेको ठहर्छ।

## सजाय निर्धारण

३२. प्रतिवादीहरू जानुका खत्री, पूर्ण कुमार खत्री र प्रदिप खड्कालाई के कति सजाय हुने हो र जाहेरवालाले प्रतिवादीहरूबाट के कति विगो रकम भराई लिन पाउने हो भन्ने दोश्रो पश्नको सम्बन्धमा बिचार गर्दा, यस मुद्दामा प्रतिवादीहरू जानुका खत्री, पूर्ण कुमार खत्री र प्रदिप खड्काले वैदैशिक रोजगार ऐन, २०६४ को दफा ४३ को कसूर गरेको ठहर भएकोमा विशेष सरकारी वकील कार्यालय काठमाडौँबाट पेश भएको सजाय पूर्वको प्रतिवेदन समेत अध्ययन गरी हेरियो। प्रतिवादीहरूलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम रू.३,००,०००।- (तिन लाख रूपैयाँ) जरिवाना र ३।०।०(तीन वर्ष) कैद गर्न मनासिब हुने देखियो।

३३. वादीले जाहेरवालालाई बिगो रू.२५,००,०००।- र सोको पचास प्रतिशत हर्जाना रकम भराई दिन दावी लिएकोमा दावीको लिखत एवम् जाहेरवालाले बकपत्रमा प्रतिवादीहरूलाई रू.२५,००,०००।- दिएको उल्लेख गरेकोमा प्रतिवादी प्रदिप खड्काले जाहेरवाला नोर्बु शेर्पालाई मिति २०७२।०५।१९ मा रू.१२,५०,०००।- आईएमई मार्फत् फिर्ता गरिसकेको भन्ने रकम पठाइएको आईएमईको प्रतिलिपिबाट देखिएकोले प्रतिवादीहरूले जाहेरवालालाई तिर्न बुझाउन बाँकी रहेको रकम रू.१२,५०,०००।- र त्यसको पचास प्रतिशत हर्जाना रू.६,२५,०००।- समेत जम्मा रू.१८,0७५,०००।- (अठार लाख पचहत्तर हजार रूपैयाँ) जाहेरवालालाई प्रतिवादीहरूबाट भराई दिन न्यायोचित हुने देखियो।

३४. अत: उपरोक्त आधार र कारणबाट प्रतिवादीहरू जानुका खत्री, पूर्णकुमार खत्री र प्रदीप खड्कालाई वैदेशिक रोजगार ऐन,२०६४को दफा ४३ बमोजिम जनही ३(तीन) लाख जरिवाना र ३(तीन) वर्ष कैद सजाय हुने ठहर्छ। जाहेरवालाले विगो रू.१२,५०,०००।- (बाह्र लाख पचास हजार) र सोको पचास प्रतिशत हर्जाना प्रतिवादीहरूबाट भराई पाउने ठहर्छ। प्रतिवादी जानुका खत्री र प्रदिप खड्काले यस न्यायाधिकरणबाट तोकी पाएको तारेख गुजारी बसेको देखिंदा निजहरूले पूर्पक्षको क्रममा राखेको धरौटी मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ७५ बमोजिम जफत हुने ठहर्छ। बढी नै विगो र सो बमोजिमको हर्जाना दिलाई पाऊँ भन्ने वादी दाबी सो हदसम्म पुग्न नसक्ने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी जानुका खत्रीलाई जरिवाना रू.३,००,०००।- (तिन लाख रूपैयाँ) र ३।०।० (तिन वर्ष) कैद हुने ठहरेकोले निज प्रतिवादी जानुका खत्री मिति २०७२।११।०२ मा पक्राउ परी मिति २०७२।१२।२१ सम्म हिरासतमा रहेको देखिँदा सो अवधिको दिन १ (एक) महिना १९ (उन्नाइस) दिन ठहरेको कैदमा कट्टा गरी बाँकी कैद २।१०।११ (दुई वर्ष दश महिना एघार दिन) र जरिवाना रू.३,००,०००।- बेरुजु हुँदा

लगत कसी असूल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू........................................... १

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी प्रदिप खड्कालाई जरिवाना रू.३,००,०००।- (तीन लाख रूपैयाँ) र ३।०।० (तीन वर्ष) कैद हुने ठहरेकोले निज प्रतिवादी प्रदिप खड्का मिति २०७२।०१।१५ मा पक्राउ परी मिति २०७२।०२।१९ सम्म हिरासतमा रहेको देखिँदा सो अवधिको दिन १ (एक) महिना ४ (चार) दिन ठहरेको कैदमा कट्टा गरी बाँकी कैद २।१०।२६(दुई वर्ष दश महिना छब्बिस दिन) र जरिवाना रू.३,००,०००।- बेरुजु हुँदा लगत कसी असूल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू................................................... २

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी पूर्ण कुमार खत्रीलाई जरिवाना रू.३,००,०००।- (तीन लाख रूपैयाँ) र ३।०।० (तीन वर्ष) कैद हुने ठहरेकोमा कैद र जरिवानाको हकमा बेरुजु हुँदा लगत कसी असूल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू.................................................................................. ३

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादीहरू जानुका खत्री, पूर्ण कुमार खत्री र प्रदिप खड्काबाट जाहेरवाला नोर्बु भन्ने नोर्बु शेर्पाले बिगो रू.१२,५०,०००।-(बाह्र लाख पचास हजार रूपैयाँ) र सोको पचास प्रतिशत हर्जाना रू.६,५०,०००।- (छ लाख पचास हजार रूपैयाँ) समेत जम्मा रू.१८,७५,०००।- (अठार लाख पचहत्तर हजार) भराई पाउने ठहरेकोले जाहेरवालाले प्रतिवादीहरूको चल अचल सम्पति देखाई हर्जाना सहितको बिगो भराई पाऊँ भनी निवेदन दिए फैसलाले ठहरे बमोजिमको उपरोक्त बिगो र हर्जाना प्रतिवादीहरू जानुका खत्री, पूर्ण कुमार खत्री र प्रदिप खड्काबाट जाहेरवालालाई भराई दिनू भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू ................................................................................................................................ ४

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी जानुका खत्रीले पूर्पक्षको क्रममा राखेको धरौट रू.१०,००,०००।- (दश लाख) जफत हुने ठहरेकोले उक्त धरौट वापत काठमाडौँ जिल्ला भद्रमास गा.वि.स., वडा नं. ६ हाल काठमाडौँ जिल्ला कागेश्वरी मनहरा नगरपालिका वडा नं.६ स्थित टिकामाया खड्का (थापा) को नामको कि.नं.२७८ को क्षेत्रफल १-०-०-० को जग्गा जेथा दिएकाले रू.१०,००,०००।- (दश लाख) दाखिला गरे उक्त जेथा फुकुवा गरिदिनू। उक्त रकम दाखिला नगरे उक्त जेथा कानून बमोजिम लिलाम गरी रू.१०,००,०००।- राजस्व दाखिला गरी बढी हुन आउने रकम जेथा धनीलाई नियमानुसार फिर्ता दिनु भनी जेथा जमानतको कागजातको उतार सहित काठमाडौँ जिल्ला अदालतमा लेखी पठाउनू ................................................................................ ५

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी प्रदिप खड्काले यस न्यायाधिकरणबाट भएको थुनछेक आदेश बमोजिम माग भएको धरौट रू.५,००,०००।- जफत हुने ठहरेकोले प्रतिवादी प्रदिप खड्काले यस मुद्दामा माग भएको धरौट वापत डिलनाथ दुलालको नाउँमा दर्ता रहेको सिन्धुपाल्चोक जिल्ला सानो सिरुबारी गा.वि.स., वडा नं. ९ हाल ऐ.जिल्ला चौतारा नगरपालिका वडा नं.९ स्थित कि.नं.१०४६ को क्षेत्रफल ०-५-२-० तथा ऐ.स्थित कि.नं.१०६२ को क्षेत्रफल १-९-०-० को जग्गा जेथा दिएकाले रू.५,००,०००।- (पाँच लाख) दाखिला गरे उक्त जेथा फुकुवा गरिदिनु। उक्त रकम दाखिला नगरे उक्त जेथा कानून बमोजिम लिलाम गरी रू.५,००,०००।- (पाँच लाख) धरौट वापतको रकम राजस्व दाखिला गरी बढी हुन आउने रकम जेथा धनीलाई नियमानुसार फिर्ता दिनु

भनी जेथा जमानतको कागजातको उतार सहित सिन्धुपाल्चोक जिल्ला अदालतमा लेखी पठाउनू ............. ६

जाहेरवालाको विगो एवम् हर्जाना भरी भराउको प्रयोजनार्थ मुद्दा अन्तिम फैसला भएको जानकारी जाहेरवाला नोर्बु भन्ने नोर्बु शेर्पालाई दिनू ........................................................................................... ७

उक्त फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी विशेष सरकारी वकील कार्यालय, काठमाडौं तथा प्रतिवादीहरू जानुका खत्री र प्रदिप खड्कालाई पुनरावेदनको म्याद दिनू ....................................................................... ८

प्रतिवादी पूर्ण कुमार खत्रीले सुरु म्यादै गुजारी बसेको देखिंदा निजलाई पुनरावेदन म्याद दिई रहनुपरेन .......... ९

प्रस्तुत फैसला विद्युतीय प्रति सूचना प्रविधिमा अभिलेख सुरक्षित गरी पीठमा जनाउनू .......................... १०

सरोकारवालाले नक्कल माग गरेमा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ५३ को प्रक्रिया पूरा गरी प्रमाणित प्रतिलिपि दिनू ........................................................................................ ११

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टी गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू ................................. १२

**प्रेमकुमार राई**
(सदस्य)

**उक्त रायमा सहमत छु ।**

**रमेशकुमार खत्री**
(अध्यक्ष)

**फैसला तयार गर्न सहयोग पुऱ्याउने**
शाखा अधिकृतः कृष्णशोभा सुवाल
फैसला मितिः- २०७७।०९।२०।२

**श्री**

**वैदेशिक रोजगार न्यायाधिकरण**

**इजलास**

**माननीय अध्यक्ष श्री रमेशकुमार खत्री**

**सदस्य श्री प्रेमकुमार राई**

**सदस्य श्री रमा देवी पराजुली**

**फैसला**

**मुद्दा नं.** ०७६-FT-००९२

**कसूर निर्धारण नं. ४८**

**निर्णय नं. १०४**

## मुद्दाः- वैदेशिक रोजगार कसूर ।

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| मुरली प्रसाद सापकोटाको नाति हरी प्रसाद सापकोटाको छोरा काभ्रेपलाञ्चोक जिल्ला स्याले गा.वि.स. वडा नं १ को हाल परिवर्तित पनौति नगरपालिका वडा नं १ बस्ने राजेन्द्र सापकोटा...१<br>सुर्यनिधि सापकोटाको नाति गणेश सापकोटाको छोरा काभ्रेपलाञ्चोक जिल्ला स्याले गा.वि.स. वडा नं ७ को हाल परिवर्तित पनौति नगरपालिका वडा नं १ बस्ने सुदिप सापकोटा.....१<br>गणेश बहादुर सापकोटाको नाति लक्ष्मण सापकोटाको छोरा काभ्रेपलाञ्चोक जिल्ला स्याले गा.वि.स. वडा नं २ को हाल परिवर्तित पनौति नगरपालिका वडा नं १ बस्ने सुमन सापकोटा.....१<br>पूर्ण बहादुर देउजाको नाति राजकुमार देउजाको छोरा काभ्रेपलाञ्चोक जिल्ला नाशिका गा.वि.स. वडा नं ६ को हाल परिवर्तित बनेपा नगरपालिका वडा नं १४ बस्ने शुष्मा देउजा.......१<br>विष्णु बहादुर कार्कीको नाति श्यामबहादुर कार्कीको छोरा काभ्रेपलाञ्चोक जिल्ला महेन्द्र ज्योति गा.वि.स. वडा नं ५ को हाल परिवर्तित बनेपा नगरपालिका वडा नं ८ बस्ने सुबोध कार्कीको जाहेरीले नेपाल सरकार...................................................१ | रोज बहादुर खड्काको नाति भुपति खड्काको छोरा काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं ३५ को हाल परिवर्तित काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं ३२ सुविधानगर मित्रमार्ग, घर नं ८० मा बस्ने भई हाल कारागार कार्यालय डिल्लिबजारमा थुनामा रहेका भुषण खड्का क्षेत्री.................................१<br>चिरंजिवि सापकोटाको छोरा, साविकको काभ्रेपलाञ्चोक जिल्ला न्याले गा.वि.स. वडा नं १, हाल बनेपा नगरपालिका वाड नं ८ विष्णुमार्ग, घर नं २८ बस्ने गणेश सापकोटा...................................१ |

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार भित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ।

१. **जाहेरवाला राजेन्द्र सापकोटा समेतको संयुक्त जाहेरी दरखास्तः–**

प्रतिवादी भुषण खड्का समेतले जाहेरवाला राजेन्द्र सापकोटा समेतलाई वैदेशिक रोजगारका लागि क्यानडा देश पठाइदिन्छु भनी जनही रू. १३,००,०००।- (तेह्र लाख) माग गरेकोमा सो रकम बुझिलिई, भने बमोजिम क्यानडा देश नपठाएको र सो रकम फिर्ता पनि नदिएकोले, आवश्यक कारवाही गरी पाऊँ भनी जाहेरवाला राजेन्द्र सापकोटा समेतले मिति २०६४/१२/२९ मा दिएको जाहेरी दरखास्त।

२. **सक्कल लिखत कागजको संक्षिप्त व्यहोराः-**

राजेन्द्र सापकोटा, सुदिप सापकोटा, सुमन सापकोटा, शुष्मा देउजा र सुबोध कार्कीलाई वैदेशिक रोजगारमा क्यानडा देश पठाइदिन्छु भनी निजहरूबाट जनही रू. १३,००,०००।- (तेह्र लाख) भुषण खड्काले बुझिलिएको भन्ने समेत व्यहोराको मिति २०७३/०८/११ मा भुषण खड्काले गरी दिएको लिखत कागज मिसिल सामेल रहेको।

३. **प्रतिवादी भुषण खड्काले अनुसन्धानका क्रममा गरेको बयान कागजः–**

मैले यी जाहेरवाला राजेन्द्र सापकोटा, सुदिप सापकोटा, सुमन सापकोटा, शुष्मा देउजा र सुवोध कार्की लगायत अन्य दुई जना व्यक्तिहरू फिरोज सापकोटा र दिपेश सापकोटासँग कुनै रकम लिएको छैन। साथै निजहरूलाई वैदेशिक रोजगारको लागि क्यानडा पठाई रोजगार दिलाई दिने भनी आश्वासन समेत दिएको छैन। यी जाहेरवालाहरूले जाहेरी साथ पेश गरेको मिति २०७३/०८/११ को लिखत कागज निज जाहेरवालाहरू लगायतका ४०-४५ जना ब्यक्ति घरमै आई मलाई जवरजस्ती गराएका हुन्। साथै ज्यान मार्ने धम्की दिई मेरो पासपोर्ट समेत खोसी लगेका हुन्। जाहेरवालाहरूको रकम अमित काफ्ले र सन्तोष गौतमले बुझिलिएका हुन्। मैले यी जाहेरवालाहरूलाई निजहरूसँग चिनजान गराईदिएको मात्र हुँ। निजहरू जाहेरवालाहरूको रकम लिई जाहेरवालाहरूलाई थाईल्याण्डमा पुर्याइ अलपत्र पारी सम्पर्क विहिन भएको कारणले निज जाहेरवालाहरूले नेपाल फर्की आई मलाई जवरजस्ती कागज गराई मेरो नाममा जाहेरी दिएका हुन्। उक्त लिखत कागजको सम्बन्धमा मैले काठमाडौं जिल्ला अदालतमा गणेश सापकोटा समेतका विरुद्ध करकापको मुद्दा हालेको छु। वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति लिएको छैन भन्ने समेत व्यहोराको प्रतिवादी भुषण खड्काको बयान।

४. **वैदेशिक रोजगार विभागबाट भएको निर्णय पर्चाः–**

अनुसन्धानको क्रममा प्रतिवादी भुषण खड्कासँग रू.१,००,००,०००।–(एक करोड) नगद र सो वरावरको जेथा जमानत माग गरिएको छ। माग बमोजिम धरौटि दाखिला गरे धरौटी तारेखमा राखि प्रस्तुत मुद्दाको थप

अनुसन्धान गर्ने र धरौटी दाखिला गर्न नसके वैदेशिक रोजगार न्यायाधिकरणको अनुमतीले थुनामा राखी थप अनुसन्धान गर्ने भनी वैदेशिक रोजगार विभागबाट भएको निर्णय पर्चा।

५. **लिखत कागजको साक्षी गणेश सापकोटाले गरेको कागजः-**

प्रतिवादी भुषण खड्काले राजेन्द्र सापकोटा समेत ७ जनालाई वैदेशिक रोजगारमा क्यानडा देश पठाइदिन्छु भनी आश्वासन दिएको हुँदा निज प्रतिवादीले माग गरे बमोजिमको प्रति व्यक्ति ७ जनाको जनही रू. १३,००,००० (तेह्र लाख) गरी जम्मा रू. ९१,००,०००।- (एकानब्बे लाख) मैरै रोहबरमा जाहेरवालाहरूले बुझाएको ठिक साँचो हो भन्ने समेत बेहोराको अनुसन्धानका क्रममा गणेश सापकोटाले गरेको कागज।

६. **लिखत कागजको साक्षी राजकुमार देउजाले गरेको कागजः–**

प्रतिवादी भुषण खड्काले राजेन्द्र सापकोटा समेत ७ जनालाई वैदेशिक रोजगारमा क्यानडा देश पठाइदिन्छु भनी आश्वासन दिएको हुँदा निज प्रतिवादीले माग गरे बमोजिमको प्रति व्यक्ति रू. १३,००,००० (तेह्र लाख) का दरले जम्मा रकम रू. ९१,००,०००।- (एकानब्बे लाख) मैरै रोहबरमा जाहेरवालाहरूले बुझाएको ठिक साँचो हो भन्ने समेत बेहोराको लिखत साक्षी राजकुमार देउजाले अनुसन्धानका क्रममा गरेको कागज।

७. **जाहेरवाला राजेन्द्र सापकोटा समेतले गरेको कागजः-**

प्रतिवादी भुषण खड्काले हामी जाहेरवालालाई वैदेशिक रोजगारमा क्यानडा देशमा पठाउने आश्वासन दिलाएर थाइल्याण्ड देशसम्म पुऱ्याइ, तत्पश्चात् सम्पर्क बिहिन भएको र अर्को प्रतिवादी गणेश सापकोटाले भुषण खड्का क्षेत्रीले वैदेशिक रोजगारमा क्यानडा देशमा पठाइदिन्छन् भनी रकम समेत दिन दवाव दिएको भन्ने व्यहोरा खुल्ने गरी जाहेरवाला राजेन्द्र सापकोटा समेतले गरेको कागज।

८. **अभियोगः-**

प्रतिवादी भुषण खड्का र गणेश सापकोटाले वैदेशिक रोजगार व्यवसाय संचालन गर्न पाउने ईजाजत पत्र नलिई जाहेरवाला राजेन्द्र सापकोटा समेतलाई वैदेशिक रोजगारको लागि क्यानडा मुलुकमा पठाईदिन्छु भनी झुठ्ठा आश्वासन दिई प्रलोभनमा पारी, थाइल्याण्ड देशसम्म पुऱ्याइ अलपत्र पारेकोमा जम्मा रकम रू. ६५,००,०००।- (पैसठी लाख) र अन्य २ व्यक्तिबाट रू. २६,००,०००।- (छब्बिस लाख) रकम बुझिलिई भने बमोजिम वैदेशिक रोजगारीमा नपठाई लिएको रकम समेत फिर्ता नगरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरितको कसूर गरेको हुँदा प्रतिवादीहरूलाई सोही ऐनको दफा ४३ वमोजिम सजाय गरी, जाहेरवालाहरूको विगो रकम र सोको ५०% ले हुन आउने हर्जाना रकम समेत प्रतिवादी भुषण खड्का र गणेश सापकोटा समेतबाट जाहेरवालाहरूलाई दिलाई भराई पाऊँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारको अभियोग दावी।

९. **प्रतिवादी भुषण खड्का क्षेत्रीले यस न्यायाधिकरणमा गरेको बयान**

मैले जाहेरवालाहरूलाई चिनेको छैन साथै निज जाहेरवालाहरूसँग मेरो कुनै लेनदेन समेत छैन । मिति २०७३/०८/११ को दिन दिउँसोतिर मलाई प्रतिवादी गणेश सापकोटाले केही कुरा गर्नुछ भनेर मलाई घरमा बोलाउन आएका थिए । त्यहाँ ३०/४० जना मानिसहरू समेत आएका रहेछन् र ज्यान मार्ने समेत धम्की दिएर मलाई उनीहरूले तयार पारेर ल्याएको कागजमा सहिछाप गर्न लगाएका थिए । सो कागज उपर मैले काठमाण्डौँ जिल्ला अदालतमा करकाप मुद्दा मिति २०७३ साल पौष महिना ६ गते दायर गरी हाल कारवाही अवस्थामा रहेको छ । मलाई लागेको आरोप झुठ्ठा हो । जाहेरी साथ पेश भएको लिखत कागजमा भएको सहीछापसम्म मेरो हो तर कागजमा भएको व्यहोरा मेरो होईन । जाहेरी साथ पेश भएको पासपोर्ट भिषाको सम्वन्धमा मलाई केही थाहा छैन । अनुसंधानमा भएको बयानमा थाईल्याण्डसम्म पुगेर आएको भन्ने कुरा मैले भनेको थिइन तर अन्य व्यहोरा ठीकै छन । मैले अभियोग मागदावी बमोजिम कसूर नगरेको हुनाले मलाई सजाय हुन पर्ने होईन भन्ने समेत व्यहोराको प्रतिवादी भुषण खड्का क्षेत्रीले यस न्यायाधिकरणमा गरेको बयान ।

१०. **यस न्यायाधिकरणबाट मिति २०७५/०२/०१ मा भएको आदेशः-**

तत्काल प्राप्त प्रमाणहरूबाट प्रतिवादी प्रतिवादी भुषण खड्का क्षेत्री कसूरदार होइनन् भन्न सकिने अवस्था नदेखिए पनि लिखत मिति ०७३/०८/११ मा मात्र लेखिको र सो पूर्व नै जाहेरवालाहरू थाइल्याण्ड पुगी फर्केको अवस्था देखिदा अ.वं.११८ नं. को देहाय २ आकर्षित हुने अवस्था नदेखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल मुद्दाको पूर्पक्षको लागी प्रतिवादी भूषण खड्का क्षेत्रीबाट अ.वं.११८ नं. को देहाय ५ एवं १० नं. बमोजिम रू. २०,००,०००।- (बीस लाख रूपैयाँ) नगद वा सो बराबरको जेथा जमानी दिए लिई तारेखमा राख्नु । सो दिन नसके कानून बमोजिमको सिधा खान पाउने गरी अ.वं. १२१ नं. बमोजिम थुनुवा पूर्जी दिई थुनामा राख्न कारागार कार्यालयमा पठाई दिनु भनी मुलुकी ऐन, अ.वं. १२४ ग नं. वमोजिम यो आदेश पर्चा गरी दिएको छौ भनी यस न्यायाधिकरणबाट भएको आदेश ।

**११. मिति २०७५/०२/१३ मा सुदिप सापकोटाले दिएको निवेदनः-**

प्रतिवादी भुषण खड्का क्षेत्रीको एकाघरको आमा मोहन देवी खड्काका नाममा रहेको काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका साविक वडा नं. १० हाल वडा नं. ३५ को कि.नं. ९५ क्षेत्रफल ०-८-१-० को जग्गा र सो मा बनेको घरबाट निज प्रतिवादी भुषण खड्का क्षेत्रीको हक लाग्ने ३ भागको १ भाग घरजग्गा रोक्का राखी पाऊँ भन्ने समेत बेहोराको जाहेरवाला सुदिप सापकोटाले यस न्यायाधिकरणमा दिएको निवेदन ।

**१२. मिति २०७५/०२/१८ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

जाहेरवाला मध्येका सुदिप सापकोटाले आफ्नो विगो वापतमा प्रतिवादी प्रतिवादी भुषण खड्का क्षेत्रीको

एकाघरको आमा मोहन देवी खड्काको नाउँमा दर्ता कायम रहेको काठमाडौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. १० कि.नं ९५ को ०-८-१-० जग्गा र सो मा बनेको घर समेतबाट ३ भागको १ भाग रोक्का राखी पाऊँ भनी द.नं. ८५९ मिति २०७५/०२/१३ मा निवेदन दिएको देखिएको र उक्त जग्गा मोहन देवी खड्काको नाउँमा दर्ता कायम रहेको र उक्त जग्गा मिति २०७४/०२/०९ मा राष्ट्रिय बाणिज्य बैंकबाट रोक्का रहेको भनी मालपोत कार्यालय डिल्लीबजार काठमाडौंको च.नं. ८००० मिति २०७५/०२/१६ को पत्र साथ दर्ता क्षेस्ता उतारको प्रमाणित प्रतिलिपि समेत प्राप्त भएको देखिदा उक्त जग्गा राष्ट्रिय बाणिज्य बैंकको रोक्का प्रयोजन समाप्त भै दर्तावाला मोहन देवी खड्काको नाउँमा घर जग्गा फुकुवा भइ आएमा प्रस्तुत मुद्दामा ३ भागको १ भाग घर जग्गा कसैलाई वेच विखन हक हस्तान्तरण गर्न नपाउने गरी मुलुकी ऐन, अ.व. १७१क. नं. बमोजिम रोक्का राख्नु भनी सम्वन्धित मालपोत कार्यालयमा लेखी पठाई दिनू भनी यस न्यायाधिकरणबाट भएको आदेश।

**१३. गणेश सापकोटाको बयानः-**

अभियोग पत्रमा उल्लेखित वेहोराको सम्वन्धमा मलाई केही थाहा जानकारी छैन। मैले यी जाहेरवालालाई वैदेशिक रोजगारमा क्यानडा देशमा पठाई दिन्छु भनी कुनै रकम लिएको छैन। म आफु पेशाले शिक्षक भएकोले अन्य कुनै वैदेशिक रोजगार सम्वन्धी कार्य गर्ने गरेको छैन। मेरो छोरा फिरोज सापकोटा क्यानडा जाने भन्ने शिलासिलामा मात्र प्रतिवादी भुषण खड्का क्षेत्रीसँग चिनजान भएको हो। यी जाहेरवालाहरू र मेरो छोरा फिरोज सापकोटा समेतलाई वैदेशिक रोजगारमा क्यानडा पठाई दिन्छु भनी यी जाहेरवाला र मेरो छोरा समेतबाट प्रतिवादी भुषण खड्का क्षेत्रीले प्रति व्यक्ति रू. १३,००,०००।- (तेह्र लाख रूपैयाँ) को दरले जम्मा रू. ९१,००,०००।- (एकानब्बे लाख रूपैयाँ) रकम वुझी लिइ वैदेशिक रोजगारको कागज गरिदिएको हो। प्रतिवादी भुषण खड्का क्षेत्रीले यी जाहेरवालासँगै मेरो छोरा फिरोज सापकोटा समेतलाई थाइल्याण्डसम्म लगी अलपत्र पारेको हुँदा निज फर्की आएको हो। नेपाल फर्की आएपछि प्रतिवादी भुषण खड्का क्षेत्रीले गरिदिएको वैदेशिक रोजगारको कागज यी जाहेरवालाहरूसँग भएकोले मेरो छोरालाई थाहा नै नदिई आफुहरूले मात्र भुषण खड्का क्षेत्रीको विरुद्ध वैदेशिक रोजगार विभागमा जाहेरी दिएछन्। जाहेरवालाहरू जस्तै मेरो छोरा समेत यी प्रतिवादी भुषण खड्का क्षेत्रीबाट समान रुपमा पीडित भएको हो। मेरो छोरा फिरोज सापकोटालाई प्रतिवादी भुषण खड्का क्षेत्री मार्फत् विदेश पठाउने थाहा जानकारी पाएपछि यी जाहेरवालाहरू आफै प्रतिवादी भुषण खड्का क्षेत्रीको सम्पर्कमा गएका हुन। मैले चिनाइदिएको र सम्पर्क गराएको होइन। यी जाहेरवालाहरूले भुषण खड्का क्षेत्रीसँग आफै सम्पर्क गरेका हुन्। प्रस्तुत वारदातमा प्रतिवादी भुषण खड्का क्षेत्रीले मेरो छोरा समेतको रकम खाएकोले म समेत पीडित भएकोले प्रस्तुत वारदातमा मेरो कुनै संलग्नता छैन। प्रस्तुत मुद्दामा मैले कुनै लिखत कागज गरेको छैन। मेरो छोरा फिरोज सापकोटा समेतबाट यी प्रतिवादी भुषण खड्का क्षेत्रीले प्रति व्यक्ति रू. १३,००,०००।- (तेह्र लाख रूपैयाँ)को दरले जम्मा रू. ९१,००,०००।- (एकानब्बे लाख रूपैयाँ) लिई प्रतिवादी भुषण खड्का क्षेत्रीले

वैदेशिक रोजगारको कागज गरेको छ। जाहेरी दरखास्त र साथै पेश गरिएका कागजात पढिवाची सुनाउँदा सुनिपाएँ। जाहेरी साथ पेश भएको लिखत कागजमा मेरो छोरा र यी जाहेरवालाहरू समेतबाट प्रतिवादी भुषण खड्का क्षेत्रीले प्रति व्यक्ति तेह्र लाख रकम वुझी लिइ कागज गरेको हो। मैले यी जाहेरवालाहरूलाई भुषण खड्का क्षेत्रीसँग चिनजान गराएको होइन। निज जाहेरवालाहरू वैदेशिक रोजगारमा विदेश जाने क्रममा आफै प्रतिवादी भुषण खड्काको चिनजान र सम्पर्कमा पुगेका हुन्। मैले समेत छोरालाई वैदेशिक रोजगारमा विदेश पठाउन प्रतिवादी भुषण खड्का क्षेत्रीसँग सम्पर्क गरी रकम दिएको थिए। सो कुरा यी जाहेरवालाहरूले थाहा पाएपछि हामी समेत भुषण खड्का क्षेत्री मार्फत् विदेश जाने भनी मलाई सुनाएका थिए । प्रतिवादी भुषण खड्का क्षेत्रीले मिति २०७५/०१/०३ मा वैदेशिक रोजगार विभागका अनुसन्धान अधिकृत समक्ष गरेको बयान झुट्टा हो। मैले अभियोग मागदावी बमोजिम कसूर नगरेको हुनाले मलाई अभियोग दावी बमोजिम सजाय हुन पर्ने होईन। उक्त अभियोग दावी झुट्टा हो। अभियोग दावी बमोजिम मैले यी जाहेरवालाहरूलाई रकम तिर्नु वुझाउनु पर्ने समेत होइन भन्ने समेत बेहोराको गणेश सापकोटाले यस न्यायाधिकरणमा गरेको बयान।

## १४. मिति २०७५/०५/०३ मा यस न्यायाधिकरणबाट भएको आदेशः-

तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी गणेश सापकोटा कसूरदार रहेछन् भन्न सकिने अवस्था विद्यमान नदेखिंदा पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६९ बमोजिम तारेखमा राख्नु। प्रस्तुत मुद्दामा प्रतिवादी चुक्ता भएकोले वादी प्रतिवादीका साक्षीहरू बुझि नियमानुसार गरी पेश गर्नू भन्ने समेत बेहोराको यस न्यायाधिकरणबाट भएको आदेश।

## १५. प्रतिवादी गणेश सापकोटाको साक्षी गुणनिधि सापकोटाले गरको बकपत्रः-

गणेश सापकोटाले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा क्यानडा पठाई दिन्छु भनी रकम लिएको होइन। निज आफै पीडित हुन। यी प्रतिवादी गणेश सापकोटाको छोरा फिरोज सापकोटा सहितालाई विदेश पठाइ दिन्छु भनी प्रतिवादी भुषण खड्काले रकम लिएको हो। यी प्रतिवादीलाई वैदेशिक रोजगार सम्वन्धि कार्य गर्ने मानिस होइनन्। आफ्नो छोरालाई विदेश पठाउन लागेका हुन्। प्रतिवादीले जाहेरवालाहरूबाट रकम उठाई ठगी खाने किसिमका मानिस होइनन्। निजले प्रस्तुत मुद्दाबाट सफाई पाउनु पर्छ भन्ने समेत बेहोराको प्रतिवादी गणेश सापकोटाका साक्षी गुणनिधि सापकोटाले यस न्यायाधिकरणमा गरेको बकपत्र।

## १६. जाहेरवाला सुष्मा देउजाले गरेको बकपत्रः-

मैले वैदेशिक रोजगारमा क्यानडा जानको लागि प्रतिवादी भुषण खड्का क्षेत्रीलाई शुरुमा रू. एक लाख रूपैयाँ र पछि रू.१२,००,०००|- (वाह्र लाख रूपैयाँ) वैदेशिक रोजगारका कागज वनाई रकम दिएको हो। उक्त रकम लिएपछि प्रतिवादिले मलाई समेत थाइल्याण्डसम्म लगि अलपत्र पारेकोले आफै नेपाल फर्कि आएका हो। नेपाल फर्कि आएपछि मेरो उक्त रकम माग गर्दा प्रतिवादीले नदिई फरार भएकोले निजको

विरुद्धमा वैदेशिक रोजगार विभागमा वैदेशिक रोजगार कसूरमा किटानी जाहेरी दिएको हो । उक्त रकम हालसम्म पाएको नहुँदा मेरो उक्त सावाँ र सो को पचास प्रतिशतले हुने हर्जाना रकम समेत प्रतिवादीबाट दिलाई पाऊँ । साथै निज प्रतिवादीलाई अभियोग दावी बमोजिम सजाय समेत हुनु पर्ने हो । गणेश सापकोटा मार्फत् मैले भुषण खड्का क्षेत्रीलाई भेटेको हो । वैदेशिक रोजगारको कागज गरेको छ । उक्त रकम मलाई वुवा राजकुमार देउजाले दिनु भएको हो । रकम दिने बेलामा हामी थाइल्याण्डमा थियौं । पछि फर्किएर आएपछि कागज गराएको हो । वाह्र लाख रकम हामी थाइल्याण्ड हुँदा मेरो वुवाले दिएको हो । गणेश सापकोटा मेरो वुवाको साथी हुन् । रकम गणेश सापकोटालाई दिएको होइन । गणेश सापकोटाको विश्वासमा भुषण खड्कालाई दिएको हो भन्ने समेत बेहोराको जाहेरवाला सुष्मा देउजाले यस न्यायाधिकरणमा गरेको बकपत्र ।

**१७. प्रतिवादी भुषण खड्कामा साक्षी प्रवेश मिश्रले गरेको बकपत्रः-**

यी प्रतिवादीले यी जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा क्यानडा पठाई दिन्छु भनी रकम लिएको होइन । प्रतिवादी भुषण खड्का क्षेत्री र म समेत फुडसल खेल्ने भनी भेटन जाँदा २-४ जना मानिसहरू आई प्रतिवादी भुषण खड्का क्षेत्रीसँग जबरजस्ती वैदेशिक रोजगारको कागज गराएका भनी पछि मलाई भुषण खड्का क्षेत्रीले वताएका थिए । सोही कागजको आधारमा निजको विरुद्ध प्रस्तुत मुद्दा दिएको हो । अन्य कुराहरू मलाई थाहा छैन । यी प्रतिवादी राम्रो आचारण भएको मानिस हुन् भन्ने समेत बेहोराको प्रतिवादी भुषण खड्कामा साक्षी प्रवेश मिश्रले यस न्यायाधिकरणमा गरेको बकपत्र ।

**१८. जाहेरवाला राजेन्द्र सापकोटाले गरेको बकपत्रः-**

जाहेरी दरखास्तको व्यहोरा र सो मा भएको सहीछाप मेरो नै हो । मैले वैदेशिक रोजगारमा क्यानडा जानेको लागी प्रतिवादी भुषण खड्का क्षेत्रीलाई शुरुमा रू. एक लाख रूपैयाँ र पछि रू.१२,००,०००।- (वाह्र लाख रूपैयाँ) वैदेशिक रोजगारको कागज बनाई रकम दिएको हो । उक्त रकम लिएपछि प्रतिवादीले म समेतलाई थाइल्याण्डसम्म लगि अलपत्र पारेकोले आफै नेपाल फर्कि आएका हौं । नेपाल फर्कि आएपछि मेरो उक्त रकम माग गर्दा प्रतिवादीले नदिई फरार भएकोले निजको विरुद्धमा जाहेरी दिएको हो । उक्त रकम हालसम्म पाएको नहुँदा मेरो उक्त सावाँ र सो को पचास प्रतिशतले हुने हर्जाना रकम समेत प्रतिवादीबाट दिलाई पाऊँ साथै निज प्रतिवादीलाई अभियोग दावी बमोजिम सजाय समेत हुनु पर्ने हो भन्ने समेत बेहोराको जाहेरवाला राजेन्द्र सापकोटाले यस न्यायाधिकरणमा गरेको बकपत्र ।

**१९. जाहेरवाला सुमन सापकोटाले गरेको बकपत्रः-**

जाहेरी दरखास्तको व्यहोरा र सो मा भएको सहीछाप मेरो नै हो । मैले वैदेशिक रोजगारमा क्यानडा जानको लागि प्रतिवादी भुषण खड्का क्षेत्रीलाई शुरुमा एक लाख रूपैयाँ प्रोसेसिङ्गको लागि भनेर दिएको थिएँ । सो रकम दिएपछि प्रतिवादीले मलाई क्यानडा पुऱ्याउँछु भनेर थाइल्याण्डसम्म लगे । थाइल्याण्ड लगेपछि

मलाई होटलमा ३९ दिनसम्म राखी मेरो पासपोर्टमा क्यानडाको भिषा लाग्यो भनी देखाई नेपालमा रहनु भएको मेरो वुवाले प्रतिवादी गणेश सापकोटाको उपस्थितिमा रू.१२,००,०००।- (वाह्र लाख रूपैयाँ) भुषण खड्कालाई निजकै घरमा रहेको कन्सलटेन्सीमा दिनुभयो। त्यसपछि यी प्रतिवादीले क्यानडा नलगी आफ्नै खर्चमा नेपाल फर्कि आएपछि मेरो उक्त रकम माग गर्दा प्रतिवादीले ३५ दिन भित्र दिन्छु भनी वैदेशिक रोजगारको कागज मिति २०७३/०८/११ मा वनाई दिनुभयो। त्यसपछि पनि उक्त रकम नदिई फरार भएकोले निजको विरुद्धमा जाहेरी दिएको हो। उक्त रकम हालसम्म नपाएको हुँदा मेरो उक्त सावाँ र सो को पचास प्रतिशतले हुने हर्जाना रकम समेत प्रतिवादीहरूबाट दिलाई पाऊँ। साथै निज प्रतिवादीलाई अभियोग दावी बमोजिम सजाय समेत हुनु पर्ने हो। प्रतिवादी गणेश सापकोटा मार्फत् मैले भुषण खड्का क्षेत्रीलाई भेटेको हो। रकम दिएको वैदेशिक रोजगारको कागज गरेको छ । उक्त रकम श्री फुलचोकी सहकारीमा जग्गा धितो राखी ऋण लिई मेरो वुवा लक्ष्मण सापकोटाले दिनु भएको हो। रकम प्रतिवादी गणेश सापकोटाको रोहवरमा प्रतिवादी भुषण खड्कालाई दिएको हो। प्रतिवादी भुषण खड्काको सहयोगी गणेश सापकोटा भएकोले निजको विरुद्धमा समेत जाहेरी दिएको हो। **गणेश सापकोटाले जाहेरी** दिन चाहनु भएन भन्ने समेत बेहोराको जाहेरवाला सुमन सापकोटाले यस न्यायाधिकरणमा गरेको बकपत्र।

२०. **जाहेरवाल सुवोध कार्कीले गरेको बकपत्रः-**

मैले वैदेशिक रोजगारमा क्यानडा जानको लागि प्रतिवादी भुषण खड्का क्षेत्रीलाई शुरुमा एक लाख रूपैयाँ प्रोसेसिशङ्गको लागि भनेर दिएको थिए। सो रकम दिएपछि प्रतिवादीले मलाई क्यानडा पुऱ्याउँछु भनेर थाइल्याण्डसम्म लगे। थाइल्याण्ड लगेपछि मलाई होटलमा ३९ दिनसम्म राखी मेरो पासपोर्टमा क्यानडाको भिषा लाग्यो भनी देखाई नेपालमा रहनु भएको मेरो वुवाले प्रतिवादी गणेश सापकोटाको उपस्थितिमा रू.१२,००,०००।- (वाह्र लाख रूपैयाँ) भुषण खड्कालाई निजकै घरमा रहेको कन्सलटेन्सीमा दिनुभयो। त्यसपछि यी प्रतिवादीले क्यानडा नलगी आफ्नै खर्चमा नेपाल फर्कि आएपछि मेरो उक्त रकम माग गर्दा प्रतिवादीले ३५ दिन भित्र दिन्छु भनी वैदेशिक रोजगारको कागज मिति २०७३/०८/११ मा वनाई दिनुभयो। त्यसपछि पनि उक्त रकम नदिई फरार भएकोले निजको विरुद्धमा वैदेशिक रोजगार विभागमा जाहेरी दिएको हो। उक्त रकम हालसम्म नपाएको हुँदा मेरो उक्त सावाँ र सो को पचास प्रतिशतले हुने हर्जाना रकम समेत प्रतिवादीहरूबाट दिलाई पाऊँ साथै निज प्रतिवादीहरूलाई अभियोग दावी बमोजिम सजाय समेत हुनु पर्ने हो। प्रतिवादी गणेश सापकोटा मार्फत् मैले भुषण खड्का क्षेत्रीलाई भेटेको हो। उक्त रकम ऋण लिई मेरो वुवाले दिनु भएको हो। प्रतिवादी भुषण खड्का, सहयोगी गणेश सापकोटा भएकोले निजको विरुद्धमा समेत जाहेरी दिएको हो। मेरो पासपोर्टमा र सुष्मा देउजा तथा राजेन्द्र सापकोटाको पासपोर्टमा क्यानडाको भिषा लाग्यो भनी प्रतिवादीले देखाएको क्यानडाको वर्क पर्मिट भिषाको कलर फोटोकपी यसै साथ पेश गरेको छु भन्ने समेत बेहोराको जाहेरवाला सुवोध कार्कीले यस न्यायाधिकरणमा गरेको बकपत्र।

२१. **जाहेरवाला सुदिप सापकोटाले गरेको बकपत्रः-**

जाहेरी दरखास्तको व्यहोरा र सो मा भएको सहीछाप मेरो नै हो। मैले वैदेशिक रोजगारमा क्यानडा जानको लागि प्रतिवादी भुषण खड्का क्षेत्रीलाई शुरुमा एक लाख रूपैयाँ प्रोसेसिङ्गको लागि भनेर दिएको थिएँ। सो रकम दिएपछि प्रतिवादीले मलाई क्यानडा पुऱ्याउँछु भनेर थाइल्याण्डसम्म लगे। थाइल्याण्ड लगेपछि मलाई होटलमा ३९ दिनसम्म राखी मेरो पासपोर्टमा क्यानडाको भिषा भनी देखाई नेपालमा रहनु भएको मेरो वुवाले प्रतिवादी गणेश सापकोटाको उपस्थितिमा रू.१२,००,०००।-(वाह्र लाख रूपैयाँ) भुषण खड्कालाई निजकै घरमा रहेको कन्सलटेन्सीमा दिनुभयो। त्यसपछि यी प्रतिवादीले क्यानडा नलगी आफ्नै खर्चमा नेपाल फर्कि आएपछि मेरो उक्त रकम माग गर्दा प्रतिवादीले ३५ दिन भित्र दिन्छु भनी वैदेशिक रोजगारको कागज मिति २०७३/०८/११ मा वनाई दिनुभयो। त्यसपछि पनि उक्त रकम नदिई फरार भएकोले निजको बिरुद्धमा वैदेशिक रोजगार विभागमा जाहेरी दिएको हो। उक्त रकम हालसम्म पाएको नहुँदा मेरो उक्त सावाँ र सो को पचास प्रतिशतले हुने हर्जाना रकम समेत प्रतिवादीहरूबाट दिलाई पाऊँ साथै निज प्रतिवादीलाई अभियोग दावी बमोजिम सजाय समेत हुनु पर्ने हो। प्रतिवादी गणेश सापकोटा मार्फत् मैले भुषण खड्का क्षेत्रीलाई भेटेको हो। रकम दिएको वैदेशिक रोजगारको कागज गरेको छ। उक्त रकम नमस्ते महांकाल ज्योती सहकारीमा जग्गा धितो राखी ऋण लिई तथा केही घरमा रहेको नगद समेत जम्मा गरी मेरो वुवा गणेश सापकोटाले दिनु भएको हो। थाइल्याण्डमा मसँगै राजेश चौधरी, राजकुमार जि.सी, प्रतिवादी गषेश सापकोटाको छोरा फिरोज सापकोटा, दिपेश सापकोटा, सुमन सापकोटा, राजेन्द्र सापकोटा, शुष्मा देउजा, सुवोध कार्की समेत गएका थियौ। मेरो रोहवरमा रकम दिएको होइन। रकम दिंदा म थाइल्याण्डमा थिएँ। प्रतिवादी भुषण खड्को सहयोगी गणेश सापकोटा भएकोले निजको विरुद्धमा समेत जाहेरी दिएको हो। फिरोजले भुषण खड्काबाट रकम लिए नलिएको मलाई केही थाहा छैन। मेरो पासपोर्टमा क्यानडाको भिषा लाग्यो भनी देखाएको क्यानडाको वर्क पर्मिट भिषाको कलर फोटोकपी तथा साथै गएका, साथीहरूको फोटो र सो फोटोमा प्रतिवादी भुषण खड्काले गरेको कमेन्ट समेतको कलर फोटोकपी साथै पेश गरेको छु भन्ने समेत बेहोराको जाहेरवाला सुदिप सापकोटाले यस न्यायाधिकरणमा गरेको बकपत्र।

२२. **भुषण खड्काले यस न्यायाधिकरणमा दिएको निवेदनः-**

विपक्षीसँगको प्रस्तुत वैदेशिक रोजगार कसूर मुद्दामा पेश भएको लिखत उपर मिति २०७३/०६९/०६ का दिन काठमाण्डौ जिल्ला अदालतमा करकाप (मुद्दा नं. ०७४-CP-२२६०) मुद्दा दायर भई सो मुद्दा विचाराधिन अवस्थामा रहे भएकोले सो मुद्दा वैदेशिक रोजगार कसूरसँग अन्तरप्रभावित भई निर्णयमा तात्विक असर पर्ने हुदा प्रस्तुत मुद्दा साविक मुलुकी ऐन, अ.वं. १२ नं. तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९७ बमोजिम मुल्तविमा राखी पाऊँ भन्ने समेतको बेहोराको मिति २०७५/०८/०४ मा प्रतिवादी भुषण खड्का क्षेत्रीले यस न्यायाधिकरणमा दिएको निवेदन।

**२३. मिति २०७५/०८/०४ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

प्रतिवादी भुषण खड्का क्षेत्रीले आजै दिएको निवेदनमा उल्लेखित मुद्दा नं. ०७४-PC-२२६० को करकाप मुद्दा हाल के कुन अवस्थामा रहेको छ खुलाई पठाई दिनु भनी काठमाण्डौ जिल्ला अदालतमा पत्र लेखी पठाई जवाफ प्राप्त भएपछि नियमानुसार गरी पेश गर्नू भनी यस न्यायाधिकरणबाट भएको आदेश।

**२४. भुषण खड्काले यस न्यायाधिकरणमा दिएको निवेदनः-**

प्रस्तुत मुद्दामा पेश भएको कागज करकाप साथ भएको भनी काठमाण्डौ जिल्ला अदालतमा करकाप मुद्दा ०७३-PC-२२६० मिति २०७५/०९/२५ मा फैसला भई सो उपर म निवेदक मिति २०७५/१२/२४ मा उच्च अदालत पाटन ललितपुरमा पुनरावेदन दर्ता भई मुद्दा विचाराधिन रहेकोले उक्त मुद्दाको अन्तिम किनारा नभएसम्म यस वैदेशिक रोजगार कसूर मुद्दाको पेशी स्थगित गरी प्रस्तुत मुद्दा मुल्तविमा राखी पाऊँ भनी भुषण खड्काले मिति २०७५/१२/२५ मा यस न्यायाधिकरणमा पेश गरेको निवेदन।

**२५. मिति २०७५/१२/२५ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

प्रतिवादी भुषण खड्काले काठमाडौँ जिल्ला अदालतको करकाप मुद्दा ०७३-PC-२२६० मिति २०७५/०९/२५ मा फैसला भई सो उपर म निवेदकले मिति २०७५/१२/२४ मा उच्च अदालत पाटनमा पुनरावेदन दर्ता नं. ०७५-CP-०५०३ मा पुनरावेदन गरी सो मुद्दा हाल विचाराधिन रहेकोले उक्त मुद्दा अन्तिम किनारा नभएसम्म यस वैदेशिक रोजगार कसूर मुद्दा मुलतवीमा राखि पाऊँ भनी पुनरावेदन पत्रको प्रतिलिपी र तारेख पर्चाको प्रतिलिपी समेत साथै राखी आजै इजलास समक्ष निवेदन दिएको देखिदा उच्च अदालत पाटनमा चलेको उक्त करकाप मुद्दा निर्णय भएपछि जगाई बाँकी कार्यवाही र किनारा गर्ने गरी प्रस्तुत मुद्दा हाल वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३७ बमोजिम मुलतवीमा राखी दिएको छ। उच्च अदालत पाटनमा चलेको उक्त मुद्दा फैसला भएपछि सो को जानकारी पठाई दिनु भनी लेखी पठाई यो मुद्दाको लगत कट्टा गरी प्रतिवादीको तारेख टुटाई मुलतवी किताबमा जनाई राख्नु भन्ने समेत बेहोराको यस न्यायाधिकरणबाट भएको आदेश।

**२६. जाहेरवाला सुवोध कार्कीले यस न्यायाधिकरणमा दिएको निवेदनः-**

म निवेदक समेतको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी भुषण खड्का क्षेत्री भएको उक्त मुद्दा यस न्यायाधिकरणबाट मिति २०७५/१२/२५ मा विपक्षी प्रतिवादीले म जाहेरवाला समेत उपर दिएको करकाप मुद्दाको कारणले मुलतवी रहेकोमा उक्त करकाप मुद्दा उच्च अदालत पाटनबाट मिति २०७५/०९/२५ मा फैसला भई अन्तिम भएको हुँदा यस न्यायाधिकणमा मुलतवीमा रहेको उक्त मुद्दा जगाई कारवाही गरी पाऊँ भनी जाहेरवाला सुवोध कार्कीले मिति २०७६/०६/१० मा यस न्यायाधिकरणमा पेश गरेको निवेदन।

**२७. मिति २०७६/०७/०५ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

प्रस्तुत मुद्दामा सुबोध कार्की समेतको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी भुषण खड्का क्षेत्री भएको करकाप मुद्दा काठमाण्डौं जिल्ला अदालतमा दायर भई मिति २०७५/०९/२५ मा वादी दावी नपुग्ने ठहरी भएको फैसला उपर उच्च अदालत पाटनमा विचाराधिन अवस्थामा रहेको हुँदा उक्त मुद्दा उच्च अदालतवा पाटनबाट किनारा भई आएपछि जगाई कार्बाही गर्ने गरी यस न्यायाधिकरणबाट मिति २०७५/१२/२५ मा मुलतवी रहेकोमा उक्त करकाप मुद्दा उच्च अदालत पाटनबाट मिति २०७६/०५/३० मा सुरु सदर हुने फैसला भएकोले मुल्तबीबाट जगाई पाऊँ भनी सुबोध कार्कीले निवेदन दिएकोमा सम्बन्धित मिसिल अध्ययन गरी हेर्दा वादी भुषण खड्का क्षेत्री प्रतिवादी फिरोज सापकोटा समेत भएको करकाप मुद्दा काठमाडौं जिल्ला अदालतबाट मिति २०७५/०९/२५ मा वादी दावी नपुग्ने ठहरी भएको फैसला सदर हुने ठहरी उच्च अदालत पाटनबाट मिति २०६७/०५/३० मा फैसला भएको भनी उच्च अदालत पाटनको च.नं. ६०८ मिति २०७६/०५/३१ को पत्रबाट लेखि आएको देखिंदा प्रस्तुत मुद्दा मुल्तबीबाट जगाई दिईएको छ। मुलतवी रहँदाको अवस्थामा रुजु हाजिर रहेका प्रतिवादीहरूका नाममा दिन ७ (सात) को जनाउ म्याद जारी गरी म्यादमा हाजिर भएपछी वा हाजिर हुने अवधी ब्यतित भए पछी नियमानुसार पेश गर्नू। साथै मुल्तबि जागेको जनाउ बिषेश सरकारी वकील कार्यलयलाई दिनु र उच्च अदालत पाटनबाट मिति २०७६/०५/३० मा भएको फैसलाको प्रमाणित प्रतिलिपि पठाईदिनु भनी लेखिपठाई दिनु भनी यस न्यायाधिकरणबाट भएको आदेश।

**२८. मिति २०७६/११/१२ मा यस न्यायाधिकरणबाट भएको आदेशः-**

मिसिल संलग्न मिति २०७६/१०/०७ को निवेदन साथ दाखीला गरेको राज कुमार देउजाले प्रतिवादी गणेश सापकोटालाई पठाएको बैंक भौचर बमोजिम प्रतिवादी गणेश सापकोटाको खातामा रकम जम्मा भए नभएको सम्बन्धमा स्पष्ट गर्न सम्बन्धित बैंकबाट स्टेटमेण्ट झिकाउनु। प्रतिवादीको खातामा रकम जम्मा भएको बैंक स्टेटमेण्ट समेत प्राप्त हुन् आए ती कागजात देखाई प्रतिवादीको खातामा उक्त रू.२४ लाख किन दाखिला भएको हो, कसले दाखिला गरेको हो र दाखिला गरेको प्रयोजन समेतका बारेमा फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ८९(१) बमोजिम प्रतिवादी गणेश सापकोटाको बयान कागज गराई पेश गर्नु भनी यस न्यायाधिकरणबाट भएको आदेश।

**२९. नेपाल एसबिआई बैंक लि.को पत्र समेतः-**

यस न्यायाधिकरणको मिति २०७६/११/१२ को आदेशानुसार माग भएको वैक स्टेटमेन्ट नेपाल एसविआई बैंक लि.को मिति २०७७/०७/२४ को पत्र साथ प्राप्त भई मिसिल सामेल रहेको।

**३०. प्रतिवादी गणेश सापकोटाले फौजदारी कार्यविधि नियमावली, २७५ को नियम ८९ (१) बमोजिम गरेको बयान कागजः-**

मलाई मिसिल संलग्न बैंक स्टेटमेन्ट र पत्र समेतका कागजातहरू देखाउँदा देखें, राज कुमार देउजासँग घरायासी

लेनदेन सरसापट आदी आर्थिक कारोवार पटक-पटक भईरहन्थ्यो सोही अनुरुपको मलाई तिर्नुपर्ने ऋणको लागी बैंक खातामा चौविस लाख रूपैयाँ दाखिला गरेको हुन्। २०७३/०७/२२ मा पुनः एघार लाख रूपैयाँ चेक नं. ७८५६५३३ बाट नेपाल एसविआई बैंकमा मेरो चेक मार्फत् लिएका छन्। पुनः २०७३/१०/२८ मा चेक नं. ७८५६५३९ बाट ४८ हजार चेकबाट लिएका हुन्। उक्त कुरा बैंक स्टेटमेन्टबाट देखिन्छ। पत्रमा उल्लेखित दिपक सापकोटाले जम्मा गरिएको भनीएको रकम एघार लाख रूपैयाँ व्याक्तिगत कारोवारको व्यबहार हो। उक्त रकम चेकबाटै मैले दिएको हुँ। मलाई तिर्नुपर्ने भएर उक्त रकम मेरो खातामा जम्मा भएको हो। यो कारोवार वैदेशिक रोजगार प्रयोजनका लागि भएको होईन। अन्य जाहेरवालाको रकम मैले लिए खाएको छैन। राजकुमार देउजासँगको हाल कुनै पनि आर्थिक कारोवार बाँकी छैन। दिपक सापकोटासँगको कारोवार पनि आर्थिक व्यक्तिगत कारोवार हो। उक्त रकम मनोज सापकोटालाई दिने भनी मेरो खातामा डिपोजिट भएको हो र मैले उक्त रकम मनोज सापकोटालाई दिईसकेको छु। राजकुमार देउजाका दाई जयराम देउजाका सम्धी पनौती नगरपालिका वडा नं. ९ निवासी रामबहादुर थापा भारतको कलकत्तामा मेरो वुवा चिरन्जिवी सापकोटासँगसँगै रोजगार गर्ने रहने बस्ने भएकोले निज राजकुमार देउजासँग पारिवारिक रुपमा आर्थिक कारोवार व्यक्तिगत रुपमा हुँदै आएको थियो। राजकुमार सापकोटालाई मेरो गाउँटोलका व्यक्ति हुन्। राज कुमार सापकोटाको भौचरबारे मलाई केही थाहा छैन । मेरो चेक भौचर मात्र मलाई थाहा छ। उक्त मेरो नाममा जम्मा भएको रकम मेरो व्यक्तिगत कारोवार हो। अन्य भौचरका बारेमा मलाई केही थाहा छैन। काभ्रेपलाञ्चोक जिल्ला पनौती नगरपालिका वडा नं. १ मा रहेको मेरो वुवा चिरन्जिवी सापकोटाको नामको खेत विक्री गरेर आएको पैसाबाट राजकुमार देउजाले ऋण लिनुभएको हो। राजकुमार देउजाले उक्त ऋण तिर्नको लागी मेरो नाममा बैंकमा जम्मा गरिदिनुभएको हो। राजकुमार देउजाले मिति २०७३/०७/२२ मा नेपाल एसविआई बैंकबाट चेक नं. ७८५६५३३ बाट ११ लाख रूपैयाँ लिनुभएको हो। त्यसैगरी मिति २०७३/१०/२८ मा ४८ हजार रूपैयाँ चेक नं. ७८५६५३९ बाट लिनुभएको हो। उक्त कारोवार अहिले मिलान भईसकेको छ। खेत विक्री गरी नगदै रकम दिएको हो। राजकुमार देउजासँग आर्थिक कारोवार भएको केही रकमको मसँग उपलब्ध भएको फोटोकपी पेश गर्न सक्छु भनी प्रतिवादी गणेश सापकोटाले मिति २०७७/०८/२८ मा फौजदारी कार्यविधि नियमावली, २७५ को नियम ८९ (१) बमोजिम गरेको बयान कागज।

**३१. कसूर ठहरः-**

प्रतिवादी भुषण खड्का क्षेत्रीले वैदेशिक रोजगार ब्यवसाय गर्ने इजाजात पत्र नलिई जाहेरवालाहरू राजेन्द्र सापकोटा समेतलाई वैदेशिक रोजगारका लागी क्यानडा पठाई दिने भनी झुठ्ठा आश्वासन दिई प्रलोभनमा पारी रकम लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसूर गरेको ठहर्छ। प्रतिवादी गणेश सापकोटाले प्रतिवादी भुषण खड्का क्षेत्रीले गरेको कसूरमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५६ अनुसार मतियारको कसूर गरेको ठहर्छ। प्रतिवादी भुषण खड्का क्षेत्रीलाई दफा ४३ बमोजिम र प्रतिवादी गणेश सापकोटालाई दफा ५६ बमोजिम हुने सजाय, भराउनु पर्ने विगो र हर्जाना समेतको

सुनुवाईको लागी फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १२ बमोजिम दुवै पक्षबाट सजाय पूर्वको प्रतिवेदन लिई मिति २०७७/०९/२१ का दिन इजलास समक्ष पेश गर्नू भनी मिति २०७७/०९/१२ मा यस न्यायाधिकरणबाट भएको कसूर ठहर निर्णय।

**३२. विशेष सरकारी वकील कार्यालय काठमाण्डौबाट प्राप्त सजाय पूर्वको प्रतिवेदनः-**

कानूनी रुपमा नेपाल सरकारबाट इजातपत्र लिई व्यवसाय संचालन गर्नुपर्नेमा इजाजत नै नलिई गरेको यो अपराध फौजदारी अपराधको कोटिमा गम्भीर आर्थिक अपराध देखिएकोले र मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ को कसूरको गम्भीरता बढाउने अवस्था अन्तर्गत (ग) भित्रको विश्वासको दुरुपयोग गरी कसूर गरेको र उपदफा (फ) भित्रको नियोजित र सँगठित रुपमा कसूर गरेको देखिएकोले प्रतिवादीहरूलाई कसूर कायम भए बमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम हुने सजाय तथा जरिबानाको अधिकतम सजाय गरी प्रतिवादीहरूबाट जाहेरवालाहरूको विगो रकम रू. ६५,००,०००।- र सोको ५० प्रतिशत हर्जाना रकम रू. ३७,५०,०००।- गरी जम्मा रकम रू. १,०२,५०,०००।- समेत दिलाउनु भराउनु उपयुक्त हुने देखिन्छ भन्ने समेत बेहोराको विशेष सरकारी वकील कार्यालयबाट पेश भएको।

**३३. भुषण खड्का क्षेत्रीको तर्फबाट अधिवक्ता श्री सुधिर दंगाल र श्री अनन्त देव पराजुलीले पेश गरेको सजाय पूर्वको प्रतिवेदनः-**

प्रतिवादी भूषण खड्काको हकमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन ,२०७४ को दफा १३, १४, १५, १७, १८, १९ र २१ को व्यवस्थालाई मध्यनजर गरी, वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम कसूर ठहर भई सकेको अवस्थामा सजाय निर्धारण हुँदा प्रतिवादी भूषण खड्का क्षेत्रीको हकमा विगो भुक्तान चुक्ता भई सकेकोले विगो कायम नरहेको अवस्थामा सो बमोजिमको विगो एंव हर्जाना प्रतिवादी भुषण खड्का क्षेत्रीबाट असूल उपर हुनु नपर्ने तथा विदेश पठाउने कार्यमा प्रतिवादी भूषण खड्का क्षेत्रीको कुनै संलग्नता नभएको अवस्थामा केवल जाहेरवालाहरू विदेशबाट फर्किए पश्चात गरे गराएको लिखत कागज हुँदा सो पूर्व भए गरेको कार्यको दायित्व प्रतिवादी भूषण खड्का क्षेत्रीले दायित्व बहन गर्नु नपर्ने हुँदा विदेश जान र आउन लागेको खर्च समेत प्रतिवादी भूषण खड्का क्षेत्रीले व्यहोर्नु नपर्ने गरी कसूरमा संलग्नता नरहेको व्यहोरा मिसिल संलग्न प्रमाण कागजबाट देखिँदा निज प्रतिवादी भूषण खड्कालाई अभियोग मागदावीबाट फुर्सद दिलाई सफाई दिलाई पाउन उपयुक्त र मनासिब देखिएको राय प्रस्तुत गरिन्छ भन्ने समेत बेहोराको प्रतिवादी भुषण खड्का क्षेत्रीका तर्फबाट अधिवक्ता श्री सुधिर दंगाल र श्री अनन्त देव पराजुलीले पेश गरेको सजाय पूर्वको प्रतिवेदन।

**३४. प्रतिवादी गणेश सापकोटाको तर्फबाट अधिवक्ता श्री कृष्ण कुमारी पोखरेलले पेश गरेको सजाय पूर्वको प्रतिवेदनः-**

मेरो पक्ष गणेश सापकोटाले आफ्नो एकाघर छोरा फिरोज सापकोटालाई अध्ययनको लागी विदेश क्यानडा पठाउनको लागी अर्का प्रतिवादी भुषण खड्काको शैक्षिक परामर्श केन्द्रमा सम्पर्क भई सोही मार्फत् विदेश

पठाउनको लागी रू. १३,००,०००।- (तेह्र लाख) बुझाई अन्य जाहेरवालाहरूलाई पनि जाने भए त्यस ठाउँमा जानुसम्म भनेको र रकम लेनादेना निजहरू आफैले गरेको र पछि क्यानडा जान नपाई थाइल्याण्डबाट फर्केको कारण कागज गराउँदा ७ जनाको हकमा कागज भएको र सो मध्ये ५ जनाले जाहेरी दिएकोमा प्रस्तुत मुद्दा यो अवस्थामा आई पुगेको हो। सो रकम लिनुदिनु गर्ने कार्यमा मेरो कुनै पनि संलग्नता नभएको र अर्का प्रतिवादी भुषण खड्काले आफ्नो बयान लगायत कुनै पनि मिसिल संलग्न कागजातबाट मेरो पक्षको संलग्नतालाई पुष्टि गरेको अवस्था नभएको, कहिँ कतै पोल नगरेको र जाहेरवालाहरूको रकम मेरा मानिस अमित काफ्ले र सन्तोष गौतमले बुझि लिएका हुन् भनी भुषण खड्काको बयानबाट खुलेको र मेरो पक्षले कुनै रकम बुझी लिएको अवस्था नभएको, लिखतमा मेरो पक्षको संलग्नता नदेखिएको, नाम उल्लेख नभएको र निजले रकम लिए खाएको अर्थात ठगी गरेको भनी जाहेरवालाहरू तथा अर्का प्रतिवादीले समेत भन्न देखाउन नसकेको अवस्थामा अपराधिक दायीत्व वेवास्ता गर्दै सम्मानित इजलासबाट मिति २०७७/०९/१२ मा भएको कसूर ठहर तथा मिति २०७७/०९/२१ मा हुने सजाय निर्धारण समेत उपर पुनरावेदन गर्नु पर्ने भएकोले हाल सजाय निर्धारणको सम्बन्धमा केही वोलिरहन नमिल्ने भएको सम्मानित इजलदासबाट न्यायिक मनसाय प्रयोग गरी फैसला होस भनी यो राय सहितको प्रतिवेदन पेश गरेको छु भन्ने समेत बेहोराको प्रतिवादी गणेश सापकोटाको तर्फबाट अधिवक्ता श्री कृष्ण कुमारी पोखरेलले यस न्यायाधिकरणमा पेश गरेको सजाय पूर्वको प्रतिवेदन।

## ठहर खण्ड

३५. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौँका विद्वान् उप-न्यायाधिवक्ता श्री दशरथ गौतमले प्रतिवादीहरू भुषण खड्का क्षेत्री र गणेश सापकोटाले जाहेरवालाहरूलाई वैदेशिक रोजगारिका लागि क्यानडा पठाई दिने भनी विश्वास दिलाई रकम लिई थाइल्याण्डसम्म पुऱ्याई अलपत्र पारी भने बमोजिम क्यानडा नपठाई लिए खाएको रकम समेत फिर्ता नगरेको भनी दिएको जाहेरी बेहोरा जाहेरवालाहरूको बकपत्र एवं लिखत प्रमाणबाट समर्थित भएको हुँदा प्रतिवादीहरूलाई अभियोग दावी बमोजिम सजाय गरी जाहेरवालाहरूको विगो र हर्जाना समेत दिलाई भराई पाऊँ भनी गर्नु भएको बहस सुनियो।

३६. साथै जाहेरवालाहरूको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री वीरबलकाजी राई, श्री राजेन्द्र प्रसाद लुईंटेल र श्री सुदिप देवकोटाले प्रतिवादीहरूले जाहेरवालालाई वैदेशिक रोजगारमा क्यानडा पठाइ दिन्छु भनी प्रलोभन देखाई झुक्यानमा पारी रकम बुझी लिइ थाइल्याण्डसम्म पुऱ्याई अलपत्र पारी बुझी लिए खाएको रकम फिर्ता समेत नगरेको मागदाबी जाहेरी, लिखत र जाहेरवालाहरूको बकपत्रबाट पुष्टी भएको हुँदा जाहेरवालाहरूको विगो र हर्जाना भराई प्रतिवादीहरूलाई हदैसम्मको सजाय गरी पाऊँ भनी गर्नु भएको बहस सुनियो।

३७. प्रतिवादी गणेश सापकोटाका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री दयाराम हुमागाई, श्री निलकण्ठ उपाध्याय रेग्मी र श्री कृष्ण कुमारी पोखरेलले हाम्रो पक्षले जाहेरवालाहरूलाई वैदेशिक रोजगारीमा विदेश पठाउने भनी कुनै रकम लिए खाएको र कागज समेत गरी दिएको अवस्था छैन । निज प्रतिवादी गणेश सापकोटाको छोरा फिरोज सापकोटा विदेश जान लागेको थाहा पाएपछि जाहेरवालाहरूले आफूहरू पनि विदेश जान चाहेको भनेकाले भुषण खड्का क्षेत्रीसँग चिनजानसम्म गराईदिएको भन्ने निज प्रतिवादीको बयान समेतबाट देखिएको हुनाले हाम्रो पक्ष गणेश सापकोटा उपरको कसूर शंकारहित रुपमा पुष्टी हुन सक्दैन । गणेश सापकोटाले सफाई पाउनु पर्दछ भनी बहस बुँदा पेश गर्नु भयो ।

३८. प्रतिवादी भुषण खड्का क्षेत्रीका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री डा. नृसिंह खत्री र श्री कुलदेव राज शाही तथा विद्वान अधिवक्ताहरू श्री तिलक प्रसाद गौतम, श्री उद्धव प्रसाद चौलागाई, श्री विश्वभुषण दवाडी, श्री अनन्तदेव पराजुली र श्री सुधिर दंगालले हाम्रो पक्षले जाहेरवालाहरूलाई वैदेशिक रोजगारीमा क्यानडा पठाइ दिने भनी कुनै प्रकारको प्रलोभन देखाई झुक्यानमा पारेको र जाहेरवालाहरूलाई विदेश पठाउने भनी कुनै पनि रकम लिए खाएको छैन भन्ने प्रतिवादीको बयानबाट देखिएको छ । पेश भएको लिखत समेत निजलाई जवरजस्ती गराएको भन्ने निजको शुरु देखिकै भनाई रहेको देखिन्छ । जाहेरवालाहरूले हाम्रो पक्षलाई जवरजस्ती कागज गराएको हुदा प्रतिवादी भुषण खड्का क्षेत्री उपरको कसूर शंकारहित रुपमा पुष्टी हुन सक्दैन । प्रतिवादी भुषण खड्का क्षेत्रीले सफाई पाउनु पर्दछ भनी बहस बुँदा पेश गर्नु भयो ।

३९. यसमा वादी नेपाल सरकार तर्फबाट प्रतिवादी भुषण खड्का क्षेत्री र गणेश सापकोटाले वैदेशिक रोजगार व्यवसाय गर्न पाउने इजाजत पत्र नलिई जाहेरवाला राजेन्द्र सापकोटा, सुदिप सापकोटा, सुमन सापकोटा, शुष्मा देउजा र सुबोध कार्कीलाई वैदेशिक रोजगारीका लागि क्यानडा पठाउँछु भनी झुट्टा आश्वासन दिई प्रलोभन देखाई रकम लिई वैदेशिक रोजगारमा क्यानडा पठाउने भनी थाइल्याण्ड पुऱ्याई अलपत्र पारी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेकाले प्रतिवादीहरूलाई सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाहरूको जम्मा बिगो रू.६५,००,०००।- (पैसठ्ठि लाख) र सोको ५० प्रतिशत हर्जाना समेत गरी जम्मा रू. १,०२,५०,०००।- दिलाई भराई पाउन अभियोग दावी लिएकोमा प्रतिवादी भुषण खड्काले यस न्यायाधिकरणमा बयान गर्दा जाहेरवालाहरूलाई चिन्दिन र निजहरूसँग कुनै लेनदेन गरेको छैन । मलाई प्रतिवादी गणेश सापकोटा समेतले पेश भएको लिखत जवरजस्ती लिखत गराएका हुन् । लिखतमा भएको सहीछाप मेरो हो तर व्यहोरा मेरो होईन । मैले अभियोग मागदावी बमोजिम कसूर नगरेको हुनाले सजाय हुन पर्ने होईन भनी र अर्का प्रतिवादी गणेश सापकोटाले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा क्यानडा देशमा पठाई दिन्छु भनी कुनै रकम लिएको छैन । यी जाहेरवालाहरू र मेरो छोरा फिरोज सापकोटा समेतलाई वैदेशिक रोजगारमा क्यानडा पठाई दिन्छु भनी प्रतिवादी भुषण खड्का क्षेत्रीले विश्वास दिलाएको हुँदा रकम निज भुषण खड्का क्षेत्रीलाई दिएकोमा प्रतिवादी भुषण खड्का क्षेत्रीले

थाइल्याण्डसम्म लगी अलपत्र पारी फर्की आएको हो भनी कसूर गरेकोमा इन्कार रही बेहोरा लेखाएको देखिन्छ ।

४०. उपरोक्त अभियोग दाबी, प्रतिवादीहरूको बयान र दुबै पक्षका कानून व्यवसायीहरूको बहस सुनी प्रस्तुत मुद्दामा देहायका प्रश्नको निरोपण गर्नुपर्ने देखियो।

क. प्रतिवादीहरू भुषण खड्का र गणेश सापकोटाले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत पत्र नलिई एक आपसमा मिलेमतो गरी जाहेरवालाहरूलाई वैदेशिक रोजगारीका लागि क्यानडा पठाई दिने भनी रकम लिई थाइल्याण्डसम्म पुऱ्याइ अलपत्र पारी अभियोग दाबीको कसूर गरेका हुन्, होइनन् ?

ख. प्रतिवादीहरूले अभियोग दाबी बमोजिमको कसूर गरेको भए निजलाई के कति सजाय हुनुपर्ने हो र जाहेरवालाहरूले बिगो र हर्जाना रकम भरी पाउने हो, होइन् ?

४१. सम्बद्ध मिसिल अध्ययन गरी प्रथम पश्नको निरोपणतर्फ विचार गरी सर्वप्रथम प्रतिवादी भुषण खड्का क्षेत्रीका हकमा हेर्दा, यी प्रतिवादी भुषण खड्का क्षेत्रीले जाहेरवाला राजेन्द्र सापकोटा, सुदिप सापकोटा, सुमन सापकोटा, शुष्मा देउजा र सुबोध कार्कीलाई वैदेशिक रोजगारीका लागि क्यानडामा पठाउँछु भनी झुट्टा आश्वासन दिई प्रलोभन देखाई जाहेरवालाहरूबाट जनही रू. १३,००,०००।- (तेह्र लाख रूपैयाँ) बुझी लिई भनेको समयमा वैदेशिक रोजगारमा नपठाएको र रकम समेत फिर्ता नगरेको भनी प्रतिवादी उपर कारबाहीका लागि किटानी जाहेरी परेको देखिन्छ।

४२. वादीका गबाह/जाहेरवाला राजेन्द्र सापकोटा, सुदिप सापकोटा, सुमन सापकोटा, शुष्मा देउजा र सुबोध कार्कीले यस न्यायाधिकरणमा उपस्थित भई बकपत्र गर्दा सबै जाहेरवालाहरूले करिव एकै ब्यहोरा उल्लेख गरी हामीले वैदेशिक रोजगारमा क्यानडा जानको लागि प्रतिवादी भुषण खड्का क्षेत्रीलाई शुरुमा रू. एक लाख रूपैयाँ र पछि रू.१२,००,०००।- (वाह्र लाख रूपैयाँ) लिखत कागज वनाई दिएको हो। उक्त रकम हालसम्म फिर्ता पाएको छैन। रकम प्रतिवादी गणेश सापकोटालाई दिएको नभई प्रतिवादी गणेश सापकोटाको विश्वासमा प्रतिवादी भुषण खड्का क्षेत्रीलाई दिएको हो भनी मौकाको जाहेरी बेहोरा पुष्टी गर्ने गरी प्रतिवादी भुषण खड्का क्षेत्री उपर गडाउ गरी बकपत्र गरेको देखिन्छ। जाहेरवालाहरूको बकपत्रमा निज जाहेरवालाहरू थाइलैण्डसम्म पुगी आएको भनी उल्लेख गरेको देखिए पनि निजहरूले उक्त व्यहोरा निजहरू थाइलैण्ड गै फर्की आएको भनेको मिति पछि लिखत गर्दाको अवस्थामा र जाहेरी दिंदा समेत उल्लेख गरेको देखिँदैन । यस्तो अवस्थामा निज जाहेरवालाहरूलाई प्रतिवादीले थाइलैण्डसम्म पऱ्याई अलपत्र पारेको भन्ने अभियोग दावी पुष्टि हुन सकेको देखिंदैन।

४३. प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ"

भन्ने व्यवस्था रहेका देखिन्छ । वादीका प्रत्यक्ष साक्षी समेत रहेका गबाह/जाहेरवालाहरूले प्रतिवादी भुषण खड्का क्षेत्रीले वैदेशिक रोजगारको लागी पठाउँछु भनी रकम लिएको र भने बमोजिम वैदेशिक रोजगारमा नपठाएको भनी मौकाको जाहेरी बेहोरा खम्बीर हुने गरी न्यायाधिकरणमा बकपत्रमा लेखाएको उपरोक्त बेहोरा प्रतिवादी भुषण खड्का क्षेत्रीका बिरुद्ध प्रमाणमा ग्राह्य हुने देखियो ।

४४. वादीले अभियोग पत्रसाथ पेश गरेको लिखत हेर्दा उक्त लिखतमा भुषण खड्का क्षेत्रीले वैदेशिक रोजगारका लागि क्यानडामा पुऱ्याउनु पर्ने सम्पूर्ण कानूनी प्रकृया पुरा गरी गराई वैदेशिक रोजगारीको लागी ३५ दिन भित्रमा पठाइ दिने छु भनी राजेन्द्र सापकोटा, सुदिप सापकोटा, सुमन सापकोटा, शुष्मा देउजा र सुबोध कार्कीबाट जनही रू.१३,००,०००।– बुझि लिएको र समय भित्र शर्त अनुसार काम दिलाउन नसकेमा उक्त रकमको साँवा ब्याज समेत चल अचल सम्पत्तिबाट भराई दिने भन्ने समेतका ब्यहोरा उल्लेख भएको देखिन्छ । प्रतिवादीले उक्त लिखत जबरजस्तीसँग करकाप पूर्ण तरिकाले गराइएको भनी बयानका क्रममा लेखाएको र सो उपर काठमाण्डौ जिल्ला अदालतमा करकाप मुद्दा दिएको देखिए पनि सो करकाप मुद्दामा वादी दावी पुग्ने नसक्ने ठहरी मिति २०७५/०९/२५ मा फैसला भै उच्च अदालत पाटनबाट सुरु फैसला सदर हुने गरी मिति २०७६/०५/३० मा फैसला भएको देखिन्छ । साथै यी प्रतिवादीले आफ्नो ईन्कारी बयान प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम बस्तुनिष्टरुपमा प्रमाण पेश गरी पुष्टी गर्न सकेको देखिदैन ।

४५. प्रमाण ऐन, २०३१ को दफा ७ (ग) मा "कुनै घटना मानिसहरूको आचरण वा काम-कारोवारको सामान्य क्रम बिचार गर्दा तर्कसँगत रूपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको पाइन्छ । कुनै पनि साधारण समझ भएको मानिसले अकारण फौजदारी कसूर लाग्ने वा आफ्नो चल अचल सम्पत्तिबाट भराउने गरी आर्थिक दायित्व व्यहोर्ने तवरले अरूलाई कुनै लिखत गरिदिने अवस्था हुँदैन । लिखत गरिदिनेले जानी बुझी नै लिखतमा सहीछाप गरेको हुन्छ भन्ने स्वाभाविक रूपमा न्यायिक अनुमान गरिने हुन्छ । प्रतिवादीले जिकिर लिए बमोजिम दावीको लिखतलाई अन्यथा प्रमाणित गर्न सकेको नदेखिँदा प्रमाण मूल्याङ्कनको सन्दर्भमा जाहेरवालासँगको वैदेशिक रोजगार सम्बन्धी व्यवहारकै जरियाबाट प्रतिवादी भुषण खड्का क्षेत्रीले अभियोग दावीको लिखत गरिदिएका रहेछन् भनी अनुमान गर्नु बान्छनिय हुने देखियो ।

४६. प्रमाणको मूल्याङ्कनमा लिखत प्रमाण महत्वपूर्ण हुन्छ । लिखत गैरकानूनी तवरले खडा गरिएको नदेखिएसम्म त्यस्तो लिखतको पालना पक्षहरूका हकमा अनिवार्य हुन जान्छ । लिखत प्रमाणका हकमा प्रमाण ऐन, २०३१ को दफा ३५ मा "कुनै लिखत वा लिखतमा उल्लेख भएको कुरा सो लिखत नै पेश गरी प्रमाणित गर्नुपर्छ" भन्ने व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा प्रमाणको रूपमा सक्कल लिखत नै पेश भएकाले सो लिखत प्रतिवादी प्रतिवादी भुषण खड्का क्षेत्रीका विरूद्ध प्रमाणमा ग्राह्य हुनेमा अन्यथा देखिएन ।

४७. यसरी प्रतिवादी भुषण खड्का क्षेत्री उपरको किटानी जाहेरी, दावीको लिखत र जाहेरवालाको बकपत्र समेतबाट

प्रतिवादी भुषण खड्का क्षेत्रीले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत प्राप्त नगरी जाहेरवालाहरूलाई वैदेशिक रोजगारीमा क्यानडा पठाई दिने भनी जाहेरवालाहरूलाई प्रलोभनमा पारी विश्वास दिलाई रकम लिई भने बमोजिम वैदेशिक रोजगारमा नपठाई वैदेशिक रोजगार कसूर गरेको पुष्टि भएको देखियो।

४८. प्रतिवादी गणेश सापकोटाको हकमा हेर्दा जाहेरवालाले जाहेरीको विपक्षी महलमा यी प्रतिवादीको नाम उल्लेख नभएको र लिखत समेत यी प्रतिवादीले गरी दिएको नदेखिए पनि जाहेरीमा यी प्रतिवादी गणेश सापकोटाले मेरो छोरा फिरोज सापकोटा वैदेशिक रोजगारमा क्यानडा जाने भयो। तिमीहरू पनि वैदेशिक रोजगारमा क्यानडा जाने भए घर सल्लाह गरेर आऊ। क्यानडा पठाउने मेरो मान्छे हुनुहुन्छ भने पछि हामी जाहेरवालाहरू घरमा सल्लाह गरी प्रतिवादी गणेश सापकोटाको घरमा गए पछि निज प्रतिवादीले हामीलाई प्रतिवादी भूण खड्का क्षेत्रीको घरमा लगी प्रतिवादी भुषण खडका असल मान्छे हुनु हुन्छ निजलाई विश्वास गरे हुन्छ भनी चिनजान गराइदिएका हुन भनी उल्लेख गरेको देखिन्छ। जाहेरवालाहरूले यस न्यायाधिकरणमा बकपत्र गर्दा हामीले वैदेशिक रोजगारमा क्यानडा जानको लागि प्रतिवादी भुषण खड्का क्षेत्रीलाई शुरुमा रू. एक लाख रूपैयाँ र पछि रू.१२,००,०००।- (वाह्र लाख रूपैयाँ) लिखत कागज वनाई दिएको हो। उक्त रकम हालसम्म फिर्ता पाएको छैन। उक्त रकम प्रतिवादी गणेश सापकोटालाई दिएको नभई प्रतिवादी गणेश सापकोटाको विश्वासमा प्रतिवादी भुषण खड्का क्षेत्रीलाई दिएको हो भनी मौकाको जाहेरी बेहोरा पुष्टी गर्ने गरी लेखाएको देखिन्छ। प्रतिवादी गणेश सापकोटाको बयानबाट समेत वैदेशिक रोजगारीमा क्यानडा प्रतिवादी भुषण खड्का क्षेत्रीले पठाउछन् भनी पीडित/जाहेरवालाहरूलाई यी प्रतिवादीले अर्का प्रतिवादी भुषण खड्का क्षेत्रीसँग चिनजान गराएको भन्ने समेत देखिन्छ। यी प्रतिवादी पेशागतरुपमा शिक्षक समेत रहेका हुँदा निज प्रतिवादीको कुराको विश्वासमा परी पीडित/जाहेरवालाहरूले प्रतिवादी भुषण खड्का क्षेत्रीलाई रकम बुझाई लिखत निज प्रतिवादी भुषण खड्का क्षेत्रीले गरिदिएको देखिन्छ। प्रतिवादी गणेश सापकोटाले बयानमा निजको छोरा फिरोज सापकोटाले समेत वैदेशिक रोजगारीमा क्यानडा जान भनी प्रतिवादी भुषण खड्का क्षेत्रीलाई रकम दिएको भनी उल्लेख गरेका भए पनि निज प्रतिवादी वा निजका छोरा फिरोज सापकोटाले प्रतिवादी भुषण खड्का क्षेत्री उपर जाहेरी दिएकोसम्म पनि देखिदैन। यसरी प्रस्तुत वारदातमा यी प्रतिवादी गणेश सापकोटाले जाहेरवालाहरूलाई प्रतिवादी भुषण खड्का क्षेत्रीले वैदेशिक रोजगारको लागि क्यानडा पठाउछन् भनी विश्वास दिलाई निजको घरैमा लगि चिनजान समेत गराइ रकम दिने दिलाउने कार्य गरी मतियार भई मुख्य कसूरदारलाई कसूर गर्न सहयोगसम्म गरेको पुष्टि हुन आयो। यस अवस्थामा यी प्रतिवादीले वादीको अभियोग दावी बमोजिम मुख्य प्रतिवादी भुषण खड्का क्षेत्री सरहको कसूर गरेको पुष्टि भएको भन्न मिल्ने देखिएन।

४९. अतः विवेचित उपरोक्त आधार र कारणबाट प्रतिवादी भुषण खड्का क्षेत्रीले वैदेशिक रोजगार ब्यवसाय गर्ने इजाजात पत्र नलिई जाहेरवालाहरू राजेन्द्र सापकोटा समेतलाई वैदेशिक रोजगारका लागि क्यानडा पठाई दिने भनी झुठ्ठा आश्वसन दिई प्रलोभनमा पारी रकम लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसूर गरेको ठहर्छ। प्रतिवादी गणेश सापकोटाले प्रतिवादी भुषण खड्का क्षेत्रीले गरेको

कसूरमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५६ अनुसार मतियारको कसूर गरेको ठहर्छ।

## सजाय निर्धारण

५०. प्रतिवादीहरूलाई के कति सजाय हुने हो र जाहेरवालाहरूले प्रतिवादीहरूबाट के कति विगो रकम भराई लिन पाउने हो भन्ने दोश्रो पश्नको सम्बन्धमा बिचार गर्दा, यस मुद्दामा प्रतिवादी भुषण खड्का क्षेत्रीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ को कसूर गरेको ठहर भएकोमा दुबै पक्षबाट पेश भएको सजाय पूर्वको प्रतिबेदन समेत अध्ययन गरी हेर्दा प्रतिवादी भुषण खड्का क्षेत्रीलाई जाहेरवालाहरूको बिगो समेतको आधारमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम रू.२,००,०००।- (दुई लाख) जरिवाना र २।०।०(दुई वर्ष) कैद गर्न मनासिब हुने देखियो।

५१. वादीले जाहेरवालाहरूलाई जनही बिगो रू.१३,००,०००।- र सोको पचास प्रतिशत हर्जाना रकम भराई दिन दावी लिएकोमा अभियोग दावीसाथ जाहेरवालाले पेश गरेको लिखतमा प्रतिवादीले जाहेरवालाहरूबाट जनही रू.१३,००,०००।- (तेह्र लाख रूपैयाँ) लिएको देखिएको र जाहेरवालाहरूले समेत सोही बमोजिम यस न्यायाधिकरणमा बकपत्र गरेको अवस्था हुँदा अभियोग दाबी बमोजिम जाहेरवालाहरूबाट लिएको जनही विगो रू. १३,००,०००।- (तेह्र लाख रूपैयाँ) गरी जम्मा बिगो रू. ६५,००,०००।- र सोको ५० प्रतिशत हर्जाना समेत जाहेरवालाहरू राजेन्द्र सापकोटा, सुदिप सापकोटा, सुमन सापकोटा, शुष्मा देउजा र सुवोध कार्कीलाई प्रतिवादी भुषण खड्का क्षेत्रीबाट भराउनु पर्ने देखियो।

५२. अर्का प्रतिवादी गणेश सापकोटा प्रतिवादी भुषण खड्का क्षेत्रीले गरेको कसूरमा सहयोग गरी मतियारको कसूर गरेको ठहर भएको हुँदा र वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५६ मा मुल कसूरदारलाई भएको सजायको आधा सजाय मतियारलाई हुने व्यवस्था रहेको हुँदा मूल कसूरदार प्रतिवादी भुषण खड्का क्षेत्रीलाई भएको सजायको आधा सजाय निज प्रतिवादीलाई गर्दा रू. १,००,०००।- (एक लाख) जरिवाना र १।०।० (एक वर्ष) कैद सजाय हुने देखियो।

५३. अत: उपरोक्त आधार र कारणबाट प्रतिवादी भुषण खड्का क्षेत्रीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम रू. २,००,०००।- (दुई लाख रूपैयाँ) जरिवाना र २ (दुई) वर्ष कैद सजाय हुने ठहर्छ। जाहेरवालाहरू राजेन्द्र सापकोटा, सुदिप सापकोटा, सुमन सापकोटा, शुष्मा देउजा र सुवोध कार्कीको माग दावी बमोजिमको जनही विगो रू. १३,००,०००।- (तेह्र लाख) एवं सो विगोको पचास प्रतिशतले हुने हर्जाना रकम समेत प्रतिवादी भुषण खड्का क्षेत्रीबाट जाहेरवालाहरूले भराई लिन पाउने ठहर्छ। अर्का प्रतिवादी गणेश सापकोटालाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५६ बमोजिम मूल कसूरदार भुषण खड्का क्षेत्रीलाई भएको सजायको आधा रू. १,००,०००।- (एक लाख) जरिवाना र १ (एक) वर्ष कैद सजाय हुने ठहर्छ। जाहेरवालाहरूलाई थाइलैण्डसम्म पुऱ्याई अलपत्र पारेको र अरू दावी पुग्न सक्दैन। अरूमा तपसिल बमोजिम गर्नू।

## तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी भुषण खड्का क्षेत्रीलाई जरिवाना रू.२,००,०००।- (दुई लाख रूपैयाँ) र २ (दुई) वर्ष कैद हुने ठहरेकोले निज प्रतिवादी भुषण खड्का क्षेत्री मिति २०७५/०१/०२ मा पक्राउ परी मुद्दा अनुसन्धानका क्रममा मिति २०७५/०२/१७ सम्म हिरासतमा रहेको देखिँदा सो अवधिको १ (एक महिना) १४ (चौध दिन) ठहरेको कैदमा कट्टा गरी बाँकी हुने कैद १(एक) वर्ष १० (दश) महिना १६ (सोह्र) दिनको हकमा निज प्रतिवादी भूषण खडका क्षेत्रीले कारागार कार्यालय डिल्लि बजारमार्फत् पेश गरेको निवेदनबाट पुनः पक्राउ परी कैदमा रहेको देखिंदा निज प्रतिवादी पुनः पक्राउ परेको मिति २०७६/०९/२१ देखि हालसम्म थुनामा रहेको देखिंदा सोहि मिति देखिको कैद समेत गणना गरी लगत कसी निज प्रतिवादीलाई लागेको जरिवाना दाखिला गरेमा मिति २०७८/०८/०८ मा थुनामुक्त गरिदिने गरी कैदि पूर्जि दिई सम्बन्धित कारागार कार्यालयलाई जानकारी दिनू भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू ........................................................................ १

प्रतिवादी भुषण खडकालाई लागेको जरिवाना रू. २,००,०००।- (दुई लाख) को हकमा मुद्दा पुर्पक्षका क्रममा धरौटी रसिद नं. ४६० बाट मिति २०७५/०२/१७ मा यस न्यायाधिकरणमा निजले राखेको धरौटी रकम रू. २०,००,०००।- (वीस लाख)बाट निजलाई लागेको जरिवाना रू.२,००,०००।- (दुई लाख) सदरस्याहा गर्नु भनी यस न्यायाधिकरणको लेखा शाखालाई जानकारी दिनू........................................................................ २

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी गणेश सापकोटालाई जरिवाना रू.१,००,०००।- (एक लाख रूपैयाँ) र १(एक) (वर्ष) कैद हुने ठहरेकोले निज प्रतिवादी गणेश सापकोटालाई लागेको कैद र जरिवानाको लगत कसी असूल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखि पठाइदिनू................................................... ३

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादी भुषण खड्का क्षेत्रीबाट जाहेरवालाहरूले विगो र हर्जाना भराई पाउने ठहरेकोले प्रस्तुत मुद्दा अन्तिम भए पछी प्रतिवादी भुषण खड्का क्षेत्रीले यस न्यायाधिकरणमा राखेको धरौटी रकम मध्येबाट प्रकरण २ (दुई) अनुसार सदरस्याहा गरी बाँकी हुन आउने धरौटी रकम तथा अन्य चल अचल जाय जेथा समेत देखाई निज जाहेरवालाहरूले विगो र हर्जाना भराई पाऊँ भनी मुद्दा अन्तिम भएपछि ऐनका म्याद भित्र निवेदन दिए निम्नानुसारको बिगो र हर्जाना रकम जाहेरवालाहरूलाई भराई दिनु भनी सम्बन्धित अदालतमा लेखि पठाउनू ........................................................................................................ ४

| सि.नं. | जाहेरवालाको नाम, थर | विगो रकम रू. | हर्जाना रू. | जम्मा रू. |
|---|---|---|---|---|
| १ | राजेन्द्र सापकोटा | १३,००,०००।- | ७,५०,०००।- | २०,५०,०००।- |
| २ | सुदिप सापकोटा | १३,००,०००।- | ७,५०,०००।- | २०,५०,०००।- |
| ३ | सुमन सापकोटा | १३,००,०००।- | ७,५०,०००।- | २०,५०,०००।- |
| ४ | शुष्मा देउजा | १३,००,०००।- | ७,५०,०००।- | २०,५०,०००।- |
| ५ | सुवोध कार्की | १३,००,०००।- | ७,५०,०००।- | २०,५०,०००।- |
| जम्मा | | ६५,००,०००।- | ३७,००,०००।- | १,०२,५०,०००।- |

जाहेरवालाको विगो एवम् हर्जाना भरी भराउको प्रयोजनार्थ मुद्दा अन्तिम फैसला भएको जानकारी जाहेरवालाहरूलाई दिनू.......................................................................................................................... ५

प्रस्तुत फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी फैसलाको प्रतिलिपी साथै राखी विशेष सरकारी वकील कार्यालय काठमाण्डौलाई पुनरावेदनको म्याद सहित फैसलाको जानकारी दिनू.................................................... ६

प्रस्तुत फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी प्रतिवादीहरूलाई पुनरावेदनको म्याद दिनू.......................... ७

प्रस्तुत फैसला विद्युतीय प्रति सूचना प्रविधिमा अभिलेख सुरक्षित गरी पीठमा जनाउनू ............................. ८

सरोकारवालाले नक्कल माग गरेमा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ५३ को प्रक्रिया पूरा गरी प्रमाणित प्रतिलिपि दिनू.......................................................................................... ९

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टी गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू.................................. १०

**रमा देवी पराजुली**
सदस्य

उक्त रायमा सहमत छौं।

**प्रेमकुमार राई**
(सदस्य)

**रमेशकुमार खत्री**
(अध्यक्ष)

**फैसला तयार गर्न सहयोग पुऱ्याउने**
इजलास अधिकृतः- दुर्गादत्त लम्साल
कम्प्युटर अपरेटरः- शास्वत विक्रम सिंह
फैसला मितिः- **२०७७/०९/२१**

# श्री
# वैदेशिक रोजगार न्यायाधिकरण
# इजलास
# माननीय अध्यक्ष श्री रमेशकुमार खत्री
# सदस्य श्री प्रेमकुमार राई
# सदस्य श्री रमा देवी पराजुली
# फैसला

**मुद्दा नं.** ०७६-FT-००३४

कसूर ठहर निर्णय नं. ६६

**निर्णय नं. ११४**

## मुद्दाः वैदेशिक रोजगार कसूर ।

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| प्रेमबहादुर घलानको नाति, रामबहादुर घलानको छोरा, मकवानपुर जिल्ला, हेटौडा उप-महानगरपालिका वडा नं. ८ बस्ने विष्णुबहादुर घलान (मो.न.९८५५०-९००८२)...........१<br>बेद निधि पुडासैनीको नाति, विश्वनाथ पुडासैनीको छोरा, मकवानपुर जिल्ला, भिमफेदी गाउँपालिका वडा नं. ५ बस्ने रामचन्द्र पुडासैनी (मो.न.९८४५१-२१५२७)...........१<br>हिमबहादुर हमालको छोरा, तनहुँ जिल्ला, भानुपति गाऊँपालिका वडा नं.३ बस्ने महेन्द्रबहादुर हमालको हकमा निजको छोरी सचिना हमाल (मो.न.९८१६१-४१५७०)...........१<br>देवीलाल अधिकारीको नाति, जयलाल अधिकारीको छोरा, सप्तरी जिल्ला, अग्निसायर कृष्ण सवरन गाऊँपालिका वडा नं.६ बस्ने नवराज अधिकारीको हकमा निजको सालो सुजन भुजेल (मो.न.९८११७-३०६९७) को जाहेरीले नेपाल सरकार...........१ | जयबहादुर राईको नाति, चेतबहादुर राईको छोरा, जिल्ला धनकुटा, छिन्ताङ गा.वि.स. वडा नं. ५ परिवर्तित खाल्सा छिन्ताङ सहिदभूमि गाउँपालिका वडा नं.२ घर भै हाल जिल्ला काठमाडौं काठमाण्डौ महानगरपालिका वडा नं. ४ धुम्वाराही बस्ने भई हाल कारागार कार्यालय डिल्लिबजारमा थुनामा रहेका बद्री राई...........१<br>यमनारायण प्रधानको छोरा, सुनसरी जिल्ला, ईटहरी उपमहानगरपालिका वडा नं.१ परिवर्तित ईटहरी उप-महानगरपालिका वडा नं.६ बस्ने प्रकाश प्रधान...........१ |

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार भित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ।

**तथ्य खण्ड**

**१. जाहेरवाला विष्णुबहादुर घलान समेतको जाहेरी दरखास्तको छोटकरी व्यहोराः-**

प्रतिवादी बद्री राइले हामी जाहेरवालाहरू र पीडितहरू विष्णुबहादुर घलान, रामचन्द्र पुडासैनी, सचिना हमालको बुवा महेन्द्रबहादुर हमाल र सुजन भुजेलको भिनाजु नवराज अधिकारीलाई वैदेशिक रोजगारमा यू.ए.ई.(दुवई) मुलुकको रोयल गार्ड कम्पनीमा सुरक्षा गार्डको काम दिलाईदिन्छु भनी हामी जाहेरवालाहरू र पीडितहरूबाट जनही रू.१,००,०००।- र सक्कल राहादानीहरू प्रतिवादी बद्री राईले बुझिलिई वैदेशिक रोजगारमा नपठाई दिएको तथा लिए खाएको रकम समेत फिर्ता नगरेको हुँदा निज प्रतिवादी बद्री राईलाई आवश्यक कारवाही गरी हाम्रो विगो, हर्जाना र सक्कल राहदानी समेत दिलाई पाऊँ भन्ने समेत व्यहोराको जाहेरवाला विष्णुबहादुर घलान समेतले मिति २०७५/१२/२८ मा दिएको संयुक्त जाहेरी दरखास्त।

**२. सक्कल चेकः**

बद्री राईले मिति २०७५/०२/३१ र मिति २०७४/०८/२८ मा विष्णुबहादुर घलान र रामचन्द्र पुडासैनीलाई जारी गरिदिएको जनही रू.१,००,०००।- को नबिल बैंकको चेक थान२।

**३. Globle IME Bank को पत्रः-**

महेन्द्रबहादुर हमालले मिति जुलाई २३, २०१७ मा IME Control No.७८५०८२९१९६D मार्फत् पठाएको रकम रू.१,००,०००।– मिति जुलाई २४, २०१७ मा प्रकाश प्रधानले बुझिलिएको देखिएको भन्ने व्यहोराको Globle IME Bank को मिति २०७५/१२/२७ को पत्र।

**४. साक्षी अच्यूत सिग्देलले गरिदिएको कागजः-**

जाहेरवालाहरू विष्णुबहादुर घलान, रामचन्द्र पुडासैनी तथा जाहेरवाला सचिना हमालको बुवा महेन्द्रबहादुर हमाल र सुजन भुजेलको भिनाजुलाई विपक्षी बद्री राईले आफु टाईगर ओभरसिज ईम्प्लाईमेन्ट प्रा.लि.को संचालक बताई झुक्याई वैदेशिक रोजगारको लागि यू.ए.ई. (दुवई) मुलुकमा पठाई काम लगाईदिन्छु भनी झुठ्ठा आश्वासन दिइ बिश्वास दिलाई निज जाहेरवालाहरूबाट जनही रू. १,००,०००।- का दरले चारै जनाबाट जम्मा रकम रू. ४,००,०००।- (चार लाख) बुझिलिएको ठीक साँचो हो। निज जाहेरवालाहरूसँग म पनि वैदेशिक रोजगारमा छोरालाई पठाउन भनी कुरा बुझ्नसँगै गएको हुँदा उक्त लेनदेनको बारेमा थाहा भएको हो भनी देखी जान्ने साक्षी अच्यूत सिग्देलले गरिदिएको कागज।

## ५. जाहेरवाला सुजन भुजेलको निवेदनः-

म निवेदक सुजन भुजेलले मिति २०७५/११/२८ मा बद्री राई विरुद्ध उजुरी दिएकोमा उल्लेखित उजुरी सम्बन्धमा चेक पेश गर्नु भनी जानकारी दिएको हुँदा उक्त सक्कल चेक हराएको हुँदा पेश गर्न नसकेको जानकारी गराउँदछु भन्ने व्यहोराको जाहेरवाला सुजन भुजेलले मिति २०७५/१२/२० को निवेदन।

## ६. जाहेरवाला सचिना हमालले गरिदिएको कागजः-

बद्री राईले मेरो बुवा महेन्द्रबहादुर हमाललाई वैदेशिक रोजगारको लागि यू.ए.ई. (दुवई) मुलुक पठाई रोयल गार्डको काम दिलाईदिने भनी निज विपक्षी बद्री राईले भनेको व्यक्ति प्रकाश प्रधानको नाममा रकम पठाईदिन भनेकोले मेरो बुवा महेन्द्रबहादुर हमालले निज विपक्षीले भने बमोजिमको व्यक्ति प्रकाश प्रधानलाई Globle IME Bank बाट रू.१,००,०००।- पठाईदिएको ठीक साँचो हो। निज बद्री राईले आफू मेनपावरको संचालक भनी मेरो बुवालाई झुक्याई रकम बुझिलिई वैदेशिक रोजगारमा नपठाईदिएको र लिएको रकम समेत फिर्ता नगरेको हुँदा निजलाई कानून बमोजिम कारवाही गरी विगो र हर्जाना रकम समेत दिलाई भराई पाऊँ। विपक्षी बद्री राई र प्रकाश प्रधानले मिलेमतो गरी मेरो बुवाबाट वैदेशिक रोजगारको नाममा ठगी गरेका हुन्। यसमा प्रकाश प्रधानको पनि पूर्ण संलग्नता छ। बुवा महेन्द्रबहादुर हमाल हाल वैदेशिक रोजगारको सिलसिलमा साउथ अफ्रिका हुनुहुन्छ भन्ने व्यहोराको जाहेरवाला सचिना हमालले गरिदिएको कागज।

## ७. प्रतिवादी बद्री राईले अनुसन्धानका क्रममा गरेको बयानः-

जाहेरवालाहरू विष्णुबहादुर घलान र रामचन्द्र पुडासैनीसँग चिनजान, लेनदेन छ, नाता, रिसईवी छैन। साथै जाहेरवाली सचिना हमाल तथा निजको बुवा महेन्द्रबहादुर हमाल तथा जाहेरवाला सुजन भुजेल र निजको भिनाजु नवराज अधिकारीसँग चिनजान, लेनदेन, नाता सम्बन्ध, रिसईवी छैन। जाहेरवाला विष्णुबहादुर घलान र रामचन्द्र पुडासैनीबाट जनही रू. १,००,०००।- का दरले जम्मा रकम रू. २,००,०००।- बुझिलिएको ठिक साँचो हो। उक्त रकम निजहरूलाई वैदेशिक रोजगारको लागी UAE (दुवई) मुलुक पठाईदिने भनी लिएको नभई सापटी स्वरुप लिएको हुँ। साथै अन्य जाहेरी दरखास्तमा उल्लेखित व्यक्तिहरू सचिना हमाल तथा निजको बुवा महेन्द्रबहादुर हमाल र जाहेरवाला सुजन भुजेल तथा निजको भिनाजु नवराज अधिकारीसँग कुनै रकम लिएको छैन। जाहेरवालाहरूले वैदेशिक रोजगारको लागि रकम बुझाएको भन्ने कुरा झुठ्ठा हो। म कुनै मेनपावरको संचालक होइन। साथै कसैलाई आफू मेनपावरको संचालक हुँ भनी आश्वासन समेत दिएको छैन। जाहेरी व्यहोरा झुठ्ठा हो। जाहेरवालाहरूले पेश गरेको चेकहरू बमोजिमको रकम निज जाहेरवालाहरूबाट बुझिलिएको सत्य साँचो हो। निज जाहेरवालाहरूबाट लिएको सापटी रकम फिर्ता गर्ने भनी मैले निजहरूलाई उक्त चेक दिएको हुँ। समयमै खातामा रकम जम्मा गर्न नसकेकोले यी जाहेरवालाले उक्त चेक बमोजिमको रकम भुक्तानी नपाएको व्यहोरा सत्य साँचो हो। निज जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाईदिने भनी लिएको रकम नभई सापटी स्वरुप लिएको रकम

हो । उक्त चेक मेरो नै हो । साथै उक्त चेकमा भएको नाम र हस्ताक्षर मेरो नै हो । हेरी सनाखत गरिदिए । मैले जाहेरवालाहरू विष्णुबहादुर घलान र रामचन्द्र पुडासैनीबाट जनही रू.१,००,०००।- का दरले जम्मा रकम रू.२,००,०००।- सापटी स्वरुप लिएको हुँ । अन्यसँग कुनै रकम लिएको छैन । उक्त रकम मैले जिल्ला भक्तपुरको कौशलटारमा बुझिलिएको हुँ । मैले वैदेशिक रोजगार ऐन विपरितको कार्य नगरेको हुँदा वैदेशिक रोजगार ऐन बमोजिमको कारवाही नहुनु पर्ने हो । प्रकाश प्रधान र महेन्द्रबहादुर हमालसँग मेरो चिनजान नै छैन । प्रकाश प्रधानले किन महेन्द्रबहादुर हमाललाई रकम पठाएको हुन, जानकारी भएन । साथै प्रस्तुत मुद्दामा प्रकाश प्रधानको के कस्तो संलग्नता हो, मलाई जानकारी भएन । प्रस्तुत मुद्दामा Tiger Overseas Employment Services Pvt. Ltd. (Lic. No.३३५/०५९/०६०) को के कस्तो संलग्नता हो, जानकारी भएन । मैले वैदेशिक रोजगार व्यवसाय गर्ने ईजाजत अनुमती लिएको छैन भन्ने व्यहोराको प्रतिवादी बद्री राईले अनुसन्धानका क्रममा गरेको बयान ।

८. **Tiger Overseas Employment Services Pvt. Ltd. का संचालक दिपेन्द्र राज सुब्बाले गरेको बयान कागजः–**

जाहेरवालाहरूसँग मेरो तथा मेरो प्रा.लि.को कुने संलग्नता छैन । प्रतिवादी बद्री राईले मेरो मेनपावरको नाम बेचेर ठगी गरेको हुन सक्छ, सो सम्बन्धमा म तथा मेरो प्रा.लि.लाई समेत थाहा भएन । पछि मेरो प्रा. लि.का विरुद्ध यस वैदेशिक रोजगार विभागमा उजुरी परेपछि बुझ्दा थाहा भएको हो । यी जाहेरवालाहरू तथा प्रतिवादी बद्री राईसँग म तथा मेरो प्रा.लि.को कुनै लेनदेन, सम्बन्ध छैन । प्रतिवादी बद्री राईले मेरो मेनपावरको नाम बेची बदनाम गरेको हुँदा यस विभागबाट निज प्रतिवादी बद्री राईलाई कारवाही गरी मेरो Tiger Overseas Employment Services Pvt. Ltd. (Lic. No. ३३५) फुकुवा गरी पाऊँ । जाहेरवालाहरूले पेश गरेको भिजिटिङ कार्ड मेरो प्रा.लि.को होइन, सो मा उल्लेखित लोगो मेरो प्रा.लि.को हो । उक्त लोगोको दुरुपयोग भएको छ । उक्त भिजिटिङ कार्डमा Director of Business Development पदको व्यक्ति बद्री राई मेरो प्रा.लि.को संचालक तथा कर्मचारी होइन । मैले मेरो प्रा.लि.का कर्मचारीको सूची पत्र र भिजिटिङ कार्ड पेश गरेको छुँ, प्रमाण लगाई पाऊँ । प्रस्तुत मुद्दामा म तथा मेरो प्रा.लि.को कुनै संलग्नता छैन । मेरो प्रा.लि.ले यी जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाउने प्रक्रिया थालनी गरेको भए माग पत्र स्वीकृती गराउँथे, पत्रिका विज्ञापन जारी गर्थे र सोही विज्ञापनको आधारमा ईच्छुक कामदारहरू अन्तवार्ताको लागि आउँथे, अन्तर्वातामा छानिएका कामदारहरूको भिषाको लागी अन्तिम स्वीकृती लिई नेपाल सरकारले तोकेको सेवा शुल्क लिई वैदेशिक रोजगारमा पठाउने काम हुन्थे । हामीले यी जाहेरवालाहरूसँग कुनै कारोबार गरेको छैन । यसमा बद्री राईले व्यक्तिगत रुपमा के कस्तो कार्य गरेको हो, सो म तथा मेरो प्रा.लि.लाई कुनै जानकारी भएन । यसको लागि प्रमाण पेश गरेको छुँ, प्रमाण लगाई पाऊँ । मेरो Tiger Overseas Employment Services Pvt. Ltd.(Lic. No. ३३५) प्रा.लि.ले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति लिएको छ । उक्त प्रा.लि.को म एक्लो संचालक हुँ । मेरो प्रा.लि.को नाम बेचेर ठगी गर्ने व्यक्तिलाई कारवाही गरीपाऊँ । साथै कुनै सम्बन्ध नै नभएको जाहेरवालाहरूले दिएको उजुरीका

आधारमा मात्रै प्रा.लि. रोक्का भएको हुँदा मेरो Tiger Overseas Employment Services Pvt. Ltd. (Lic. No. ३३५) फुकुवा गरी पाऊँ। यी जाहेरवालाहरूले मेरो प्रा.लि.का विरुद्ध ठोस प्रमाण पेश गरेमा कानून बमोजिम हुन समेत मन्जुर छु भनी संचालक दिपेन्द्र राज सुब्बाले गरेको बयान कागज।

**९. Tiger Overseas Employment Services Pvt. Ltd. का संचालक दिपेन्द्र राज सुब्बाले गरेको ततिम्बा कागजः–**

जाहेरवालाहरू र पीडितहरू विष्णुबहादुर घलान, रामचन्द्र पुडासैनी, सचिना हमालको बुवा महेन्द्रबहादुर हमाल र सुजन भुजेलको भिनाजु नवराज अधिकारीसँग चिनजान, नाता सम्बन्ध, लेनदेन, रिसिवी केहि छैन। म तथा मेरो प्रा.लि.ले यी जाहेरवाला तथा पीडितहरूबाट कुनै रकम तथा राहादानी लिएको छैन, यी जाहेरवालाहरू तथा पीडितहरूले म तथा मेरो प्रा.लि.सँग कुनै सम्पर्क नगरेको हुँदा यी जाहेरवाला तथा पीडितहरूलाई वैदेशिक रोजगारमा पठाउनमा मैले संचालन गरेको प्रा.लि.को कुनै भूमिका तथा संलग्नता छैन। निज प्रतिवादी बद्री राईले मेरो प्रा.लि.को नाम नै किन प्रयोग गरी ठगी गरेका हुन, थाहा भएन। निज प्रतिवादी बद्री राई र मेरो प्रा.लि.बीच कुनै सम्बन्ध छैन। निज प्रतिवादीले मेरो प्रा.लि.को नामबाट ठगी गर्दै हिडेको कुरालाई सर्वसाधारणलाई सजग गराउनलाई मध्यान्न दैनिक पत्रिकामा मिति २०७४/११/२८ मा सूचना प्रकाशित समेत गराएको थिएँ। उक्त प्रकाशित सूचना पेश गरेको छु, प्रमाण लगाई पाऊँ भन्ने व्यहोराको Tiger Overseas Employment Services Pvt. Ltd. का संचालक दिपेन्द्र राज सुब्बाले गरेको ततिम्बा कागज।

**१०. विशेष सरकारी वकील कार्यालयको निर्णयः-**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिई जाहेरवालाहरू तथा पीडितहरू बिष्णुबहादुर घलान, रामचन्द्र पुडासैनी, महेन्द्रबहादुर हमाल र नवराज अधिकारीलाई वैदेशिक रोजगारको लागि यु.ए.ई(दुवई) मा पठाइदिने भनी जाहेरवालाहरू तथा पीडितहरूबाट प्रतिवादीहरू बद्री राई तथा प्रकाश प्रधानले रकम तथा राहदानीहरू बुझिलिई वैदेशिक रोजगारको झुठ्ठो आश्वासन दिई र प्रलोभन देखाई वैदेशिक रोजगारमा नपठाएको र जाहेरवालाहरूबाट बुझिलिएको रकम फिर्ता समेत नगरेकोमा प्रतिवादीद्वय बद्री राई तथा प्रकाश प्रधानको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसूर अपराध गरेको देखिंदा निज प्रतिवादीलाई ऐ. ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाहरूतथा पीडितहरू बिष्णुबहादुर घलान, रामचन्द्र पुडासैनी, महेन्द्रबहादुर हमाल र नवराज अधिकारीबाट लिए खाएको विगो जनही रू.१,००,०००।- गरी चार जनाको जम्मा रकम रू.४,००,०००।- तथा सोको ५० प्रतिशत हर्जाना रू. २,००,०००।- समेत जनही रू.१,५०,०००।- पाउने गरी जम्मा रू.६,००,०००।- प्रतिवादीहरू बद्री राई तथा प्रकाश प्रधानबाट जाहेरवालाहरू बिष्णुबहादुर घलान, रामचन्द्र पुडासैनी, सचिना हमाल र सुजन भुजेललाई दिलाई भराई पाउन मागदावी लिई तथा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को मागदावी समेत लिई वैदेशिक रोजगार न्यायाधिकरण काठमाण्डौं समक्ष कानून बमोजिम अभियोगपत्र

दायर गर्न यो निर्णय गरिदिएको छ। टाइगर ओभरसिज ईम्प्लोयमेन्ट प्रा.लि.का संचालकको हकमा निज विरुद्ध जाहेरी परेको नदेखिएको, सहप्रतिवादी बद्री राईले पनि निज उपर पोल गरेको अवस्था नरहेको, सो कम्पनीले पीडितसँग रकम बुझेको रसिद लगायत कुनै प्रमाण मिसिल संलग्न नभएको हुँदा तथा जाहेरवाला वा पीडितसँग वैदेशिक रोजगारमा यु.ए.ई पठाउन भनी रकम बुझ्ने कार्यमा सो कम्पनीको संलग्नता रहेको समेत प्रमाण कागजातहरूबाट नदेखिएको हुँदा सो कम्पनीका संचालक विरुद्ध पछि कुनै प्रमाण प्राप्त भएको बखतमा कानून बमोजिम हुने नै गरी विशेष सरकारी वकील कार्यालय काठमाडौबाट भएको निर्णय।

**११. अभियोगः-**

प्रतिवादीद्वय बद्री राई तथा प्रकाश प्रधानले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसूर अपराध गरेको देखिंदा निज प्रतिवादीलाई ऐ. ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाहरू तथा पीडितहरू बिष्णुबहादुर घलान, रामचन्द्र पुडासैनी, महेन्द्रबहादुर हमाल र नवराज अधिकारीबाट लिए खाएको विगो जनही रू.१,००,०००।- गरी चार जनाको जम्मा रकम रू.४,००,०००।- तथा सोको ५० प्रतिशत हर्जाना रू. २,००,०००।- समेत जनही जम्मा रू.६,००,०००।- प्रतिवादीहरू बद्री राई तथा प्रकाश प्रधानबाट जाहेरवालाहरू बिष्णुबहादुर घलान, रामचन्द्र पुडासैनी, सचिना हमाल र सुजन भुजेललाई दिलाई भराई पाउन र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमको शुल्क समेत प्रतिवादीबाट कोषमा जम्मा गरिपाऊँ भन्ने समेत बेहोराको नेपाल सरकारको अभियोग दावी।

**१२. प्रतिवादी बद्री राईले यस न्यायाधिकरणमा गरेको बयानः-**

जाहेरवाला विष्णुबहादुर घलान र रामचन्द्र पुडासैनीबाट जनही रू.१,००,०००।- का दरले जम्मा रकम रू.२,००,०००।- बुझिलिएको ठिक साँचो हो। उक्त रकम निजहरूलाई वैदेशिक रोजगारको लागी UAE (दुवई) मुलुक पठाईदिने भनी लिएको नभई सापटी स्वरुप लिएको हुँ। साथै अन्य जाहेरी दरखास्तमा उल्लेखित व्यक्तिहरू सचिना हमाल तथा निजको बुवा महेन्द्रबहादुर हमाल र जाहेरवाला सुजन भुजेल तथा निजको भिनाजु नवराज अधिकारीसँग कुनै रकम लिएको छैन। जाहेरवालाहरूले वैदेशिक रोजगारको लागि रकम बुझाएको भन्ने कुरा झुठ्ठा हो । म कुनै मेनपावरको संचालक होइन। साथै कसैलाई आफू मेनपावरको संचालक हुँ भनी आश्वासन समेत दिएको छैन । जाहेरी व्यहोरा झुठ्ठा हो। जाहेरवालाहरूले पेश गरेको चेकहरू बमोजिमको रकम निज जाहेरवालाहरूबाट बुझिलिएको सत्य साँचो हो। निज जाहेरवालाहरूबाट लिएको सापटी रकम फिर्ता गर्ने भनी मैले निजहरूलाई उक्त चेक दिएको हुँ। समयमै खातामा रकम जम्मा गर्न नसकेकोले यी जाहेरवालाले उक्त चेक बमोजिमको रकम भुक्तानी नपाएको हो। मैले जाहेरवालाहरू विष्णुबहादुर घलान र रामचन्द्र पुडासैनीबाट जनही रू. १,००,०००।- का दरले जम्मा रकम रू.२,००,०००।- सापटी स्वरुप लिएको हुँ। अन्यसँग कुनै रकम लिएको छैन। प्रकाश प्रधान र महेन्द्रबहादुर हमालसँग मेरो चिनजान नै छैन। प्रकाश प्रधानलाई किन महेन्द्रबहादुर हमालले रकम पठाएको हुन् जानकारी भएन। साथै प्रस्तुत मुद्दामा प्रकाश प्रधानको र Tiger Overseas Employment Services Pvt. Ltd. (Lic.

No.३३५/०५९/०६०) को के कस्तो संलग्नता हो, जानकारी भएन। समय पाएमा मैले लिएको रकम तिर्न तयार छु। मैले अभियोग मागदावी बमोजिम कसूर नगरेको हुनाले मलाई अभियोग दावी बमोजिम सजाय हुन पर्ने होईन भन्ने समेत बेहोराको प्रतिवादी बद्री राईले यस न्यायाधिकरणमा गरेको बयान।

**१३. मिति २०७६/०५/१२ मा यस न्यायाधिकरणबाट भएको आदेश**

तत्काल प्राप्त प्रमाणहरूबाट प्रतिवादी कसूरदार हुन् भन्ने देखिने मनासिव आधारहरू विद्यमान देखिंदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल प्रतिवादी बद्री राईबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र दफा ७२ बमोजिम रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) धरौट, जेथा जमानत वा बैंक जमानत लिई तारेखमा राख्नु र प्रतिवादीले माग भएको धरौट, जमानत वा बैंक जमानत दिन नसकेमा ऐ. ऐनको दफा ६८(२) बमोजिम कानून बमोजिमको सिधा खान पाउने गरी थुनुवा पुर्जी दिई थुनामा राख्न कारागार कार्यालयमा पठाईदिनू भन्ने समेत बेहोराको यस न्यायाधिकरणबाट भएको आदेश।

**१४. प्रतिवादी प्रकाश प्रधानकोले म्याद गुजारी बसेका:-**

प्रतिवादी प्रकाश प्रधानका नाममा यस न्यायाधिकरणबाट मिति २०७६/०५/०८ मा म्याद जारी भएकोमा यी प्रतिवादी जारी भएको म्याद भित्र हाजिर नभइ सुरु म्यादै गुजारी बसेको मिसिलबाट देखिएको।

**१५. जाहेरवाला विष्णुबहादुर घलानको बकपत्र:-**

मलाई प्रतिवादी बद्री राईले दुबई देशमा रोयल गार्ड कम्पनिमा रोजगारीमा पठाउने भनी मबाट रू. १,००,०००।- रकम नगदै बुझाएको हो । निज प्रतिवादीले आफ्नै टाईगर ओभरसिज सुकेधारा काठमाण्डौमा छ पनि भनेको हुनाले निजको टाईगर मेनपावरमा गरी निजको हातैमा बुझाएको हुँ। तर पछि बुझ्दै जाँदा निजको नाममा मेनपावर दर्ता रहेनछ । प्रतिवादीले रकम बुझेपछि नेपाल भन्दा बाहिर कतै पनि लगेका छैनन्। हालसम्म रकम फिर्ता पाएको छैन। निजले रकम फिर्ता नगरेकोले नविल बैंकको चेक दिएका छन् । प्रतिवादीलाई हदैसम्मको सजाय गरी मेरो विगो रकम, हर्जाना र मेरो नामको राहदानी समेत फिर्ता दिलाई पाऊँ भन्ने समेत बेहोराको जाहेरवाला बिष्णुबहादुर घलानले यस न्यायाधिकरणमा गरेको बकपत्र।

**१६. जाहेरवाला रामचन्द्र पुडासैनीले गरेको बकपत्र:-**

मलाई प्रतिवादी बद्री राईले दुबई देशमा रोयल गार्ड कम्पनिमा रोजगारीमा पठाउने भनी मबाट रू. १,००,०००।- रकम नगदै बुझाएको हो। निज प्रतिवादीले आफ्नै टाईगर ओभरसिज सुकेधारा काठमाण्डौमा छ पनि भनेको हुनाले निजको टाईगर मेनपावरमा गरी निजको हातैमा बुझाएको हुँ। तर पछि बुझ्दै जाँदा निजको नाममा मेनपावर दर्ता रहेनछ । प्रतिवादीले रकम बुझेपछि नेपाल भन्दा बाहिर कतै पनि लगेका छैनन्। हालसम्म रकम फिर्ता पाएको छैन। निजले रकम फिर्ता नगरेकोले नविल बैंकको चेक दिएका छन् । प्रतिवादीलाई हदैसम्मको सजाय गरी मेरो विगो रकम, हर्जाना र मेरो नामको राहदानी समेत फिर्ता दिलाई पाऊँ भन्ने समेत बेहोराको रामचन्द्र पुडासैनीले यस न्यायाधिकरणमा गरेको बकपत्र।

**१७. मिति २०७६/०६/२९ मा यस न्यायाधिकरणबाट भएको आदेश:-**

वादी पक्षले जाहेरवाला सचिना हमाल र सुजन भुजेल तथा बुझिएका कागज गर्ने मानिस अच्युत सिग्देल समेतलाई बकपत्रको लागी उपस्थित गराएको नदेखिँदा निजहरूको नाऊँमा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम म्याद जारी गरी झिकाई उपस्थित भए बकपत्र गराई नियमानुसार पेश गर्नु भनी यस न्यायाधिकरणबाट भएको आदेश।

**१८. नवराज अधिकारीले पेश गरेको निवेदन:-**

मेरो सालो सुजन भुजेल हाल वैदेशिक रोजगारमा कोरीया गएकाले यस न्यायाधिकरणमा बकपत्रका लागी उपस्थित हुन नसक्ने र हालसम्म विपक्षी बद्री राईबाट कुनै रकम नपाएको बेहोरा जानकारी गराउँदछु जानकारी गरी पाऊँ भन्ने समेत बेहोराको नवराज अधिकारीले मिति २०७६/१०/२९ मा यस न्यायाधिकरणमा पेश गरेको निवेदन।

**१९. बुझिएका कागज गर्ने वादीका साक्षी अच्युत सिग्देलले म्याद गुजारी बसेका**

अच्युत सिग्देलका नाममा यस न्यायाधिकरणबाट फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम जारी भएको म्याद भित्र निज बकपत्रका लागि उपस्थित नभई म्यादै गुजारी बसेको मिसिलबाट देखिएको।

**२०. मिति २०७७/०३/२१ मा यस न्यायाधिकरणबाट भएको आदेश:-**

प्रतिवादी मध्येका प्रकाश प्रधानको अभियोग पत्रमा उल्लेखित वतनमा समाह्वान म्याद जारी गर्दा म्याद वेपत्ते तामेल भई आएको देखिँदा प्रतिवादी प्रकाश प्रधानको नाममा समाह्वान म्याद तामेल हुन सक्ने अर्को कुनै एकिन वतन भए जो जे बुझी खुलाई पठाउनु भनी वैदेशिक रोजगार विभागलाई लेखि पठाई अर्को वतन खुलाई पठाए सो वतनमा पुनः समाह्वान म्याद जारी गरी तामेल गरी म्याद भित्र उपस्थित भए वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु भन्ने समेत बेहोराको यस न्यायाधिकरणबाट भएको आदेश।

**२१. वैदेशिक रोजगार विभागको पत्र:-**

प्रतिवादी मध्येका प्रकाश प्रधानको अभियोग पत्रमा उल्लेखित वतन बाहेक अन्य वतन खुल्न आएको नदेखिँदा सोही ब्यहोरा जानकारीको लागि सादर अनुरोध छ भन्ने समेत बेहोराको वैदेशिक रोजगार विभागको मिति २०७७/०८/३० को पत्र।

**२२. मिति २०७७/०९/१९ मा भएको कसूर ठहर सम्बन्धी निर्णय:-**

प्रतिवादी प्रकाश प्रधान उपरको अभियोग दावि पुष्टि हुने प्रमाणको अभावमा निजले अभियोग दावीबाट सफाई पाउने ठहर्छ। प्रतिवादी बद्री राईले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत पत्र नलिई जाहेरवालाहरूलाई वैदेशिक रोजगारका लागी यु.ए.ई. (दुवई) मुलुक पठाई दिन्छु भनी झुठ्ठा आश्वासन दिई प्रलोभन देखाई

रकम लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम कसूर गरेको ठहर्छ। प्रतिवादीलाई दफा ४३ बमोजिम हुने सजाय, निजबाट भराउनु पर्ने विगो, हर्जाना र क्षतिपुर्ती शुल्क समेतको सजाय निर्धारण सम्बन्धि सुनुवाईको लागी मुलुकी फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १२ बमोजिम सजाय पूर्वको प्रतिवेदन लिई इजलास समक्ष पेश गर्नू भनी यस न्यायाधिकरणबाट भएको कसूर ठहर निर्णय।

२३. **विशेष सरकारी वकील कार्यालयबाट प्राप्त सजाय पूर्वको प्रतिवेदनः-**

नेपाल सरकारबाट इजाजतपत्र लिई व्यवसाय संचालन गर्नुपर्नेमा इजजाजत नै नलिई गरेको यो अपराध फौजदारी अपराधको कोटिमा गम्भिर आर्थिक अपराध देखिएकोले र मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ मा उल्लेखित कसूरको गम्भिरता बढाउने अवस्था अन्तर्गत उपदफा (ग) भित्रको विश्वासको दुरुपयोग गरी कसूर गरेको र उपदफा (फ) भित्रको नियोजित र सँगठित रुपमा कसूर गरेको देखिएकोले प्रतिवादीलाई कसूर कायम भए बमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम हुने सजाय तथा जरिवानाको अधिकतम सजाय र जरिवाना गरी प्रतिवादीहरूबाट जाहेरवालाहरूको विगो रकम रू. ४,००,०००।- र सो को ५० प्रतिशत हर्जान रकम रू. २,००,०००।- गरी जम्मा रकम रू. ६,००,०००।-(छ लाख रूपैयाँ) समेत दिलाई भराई पाँउ भन्ने समेत ब्यहोराको सजाय पूर्वको प्रतिबेदन।

**ठहर खण्ड**

२४. नियम बमोजिम साप्ताहिक दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा अभियोग पत्र सहितको सक्कल मिसिल अध्ययन गरियो।

२५. वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्धान् सहायक न्यायाधिवक्ता श्री युडेन लामाले प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय गर्ने ईजाजतपत्र नलिई जाहेरवालाहरू तथा पीडितहरूलाई वैदेशिक रोजगारीका लागी दुवई पठाई दिने भनी विश्वास दिलाई रकम लिएको र भने बमोजिम वैदेशिक रोजगारमा नपठाएको र रकम समेत फिर्ता नगरेको भनी प्रतिवादीहरू उपर परेको किटानी जाहेरीलाई जाहेरवालाहरूको बकपत्रले पुष्टी गरेको हुँदा प्रतिवादीहरूलाई अभियोग दावी बमोजिम सजाय गरी जाहेरवालाहरूको विगो र हर्जाना रकम समेत दिलाई भराई पाऊँ समेत भनी गर्नु भएको बहस सुनियो।

२६. साथै जाहेरवालाहरूको तर्फबाट उपस्थित विद्वान अधिवक्ता राजेश कुमार भण्डारीले प्रतिवादीहरूले एक आपसमा मिलेमतो गरी मेरो पक्ष जाहेरवालाहरू र पीडितहरूलाई वैदेशिक रोजगारमा दुवई पठाइ दिन्छु भनी प्रलोभन देखाई झुक्यानमा पारी रकम बुझी लिइएकोमा भने बमोजिम वैदेशिक रोजगारमा नपठाएका र रकम समेत फिर्ता नगरेको भनी परेको जाहेरी जाहेरवालाको बकपत्र समेतबाट पुष्टी भएको हुँदा मेरो पक्षको विगो र हर्जाना भराई प्रतिवादीहरूलाई हदैसम्मको सजाय गरी पाऊँ भनी बहस प्रस्तुत गर्नु भयो।

२७. त्यस्तै प्रतिवादी बद्री राईको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री विष्णुबहादुर गुरुङ्गले मेरो पक्षले जाहेरवालाहरू र पीडितहरूलाई वैदेशिक रोजगारिमा दुवई पठाइ दिने भनी कुनै प्रकारको प्रलोभन देखाई झुक्यानमा पारेका छैनन् । मेरो पक्षले जाहेरवालाहरूसँग निजहरूलाई वैदेशिक रोजगारमा पठाउन नभई ब्यापार व्यवसाय गर्नका लागि भनी सापटी स्वरुप रकम लिएकोमा सो रकम समयमा रकम फिर्ता गर्न नसकेको कारण जाहेरी दिएका हुन् भनी अनुसंधान देखिको बयानमा उल्लेख गरेका हुँदा मेरो पक्ष उपरको कसूर शंका रहितरुपमा पुष्टी हुन सक्दैन । मेरो पक्ष निर्दोष भएको हुँदा अभियोग दावीबाट सफाई पाउनु पर्दछ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो ।

२८. यसमा वादी नेपाल सरकारका तर्फबाट प्रतिवादी बद्री राई र प्रकाश प्रधानले वैदेशिक रोजगार व्यवसाय गर्न पाउने ईजाजत नलिई जाहेरवालाहरू बिष्णुबहादुर घलान र रामचन्द्र पुडासैनी, र पीडितहरू महेन्द्रबहादुर हमाल र नवराज अधिकारीलाई वैदेशिक रोजगारीका लागि यु.ए.ई. (दुवई) पठाइ दिन्छौ भनी झुट्टा आश्वासन दिई प्रलोभन देखाई रकम लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेका हुँदा प्रतिवादीलाई सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाहरूको जम्मा बिगो रू. ४,००,०००।- (चार लाख) र सो को ५० प्रतिशतले हुने हर्जाना समेत प्रतिवादीबाट दिलाई भराई पाउन अभियोग दावी लिएकोमा प्रतिवादी बद्री राईले यस न्यायाधिकरणमा समेत बयान गर्दा जाहेरवाला विष्णुबहादुर घलान र रामचन्द्र पुडासैनीबाट जनही रू.१,००,०००।- का दरले जम्मा रकम रू.२,००,०००।- सापटी स्वरुप लिएको हुँ । जाहेरी दरखास्तमा उल्लेखित अन्य व्यक्तिहरू सचिना हमाल तथा निजको बुवा महेन्द्रबहादुर हमाल र जाहेरवाला सुजन भुजेल तथा निजको भिनाजु नवराज अधिकारीसँग कुनै रकम लिएको छैन । जाहेरवालाहरूको रकम फिर्ता गर्न नसकेको कारणले गर्दा निजहरूले वैदेशिक रोजगार सम्बन्धि जाहेरी दिएका हुन् । नविल बैंकका चेकहरू मैले जाहेरवालाहरूलाई रकम फिर्ता गर्नको लागि मैले दिएको हुँ । तर रकम ब्यवस्थापन गर्न ढिला भएको हुनाले उक्त चेक बैंकबाट साटिएको छैन । मैले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाउन भनी रकम लिएको नहुँदा मलाई अभियोग मागदावी बमोजिम सजाय हुन पर्ने होईन भनी कसूर गरेकोमा इन्कार रही बयान ब्यहोरा लेखाएको र अर्का प्रतिवादी प्रकाश प्रधानले यस न्यायाधिकरणबाट जारी भएको म्याद गुजारी बसेको हुँदा प्रस्तुत मुद्दामा देहायका पश्नको निरोपण गर्नु पर्ने देखियो ।

(क) प्रतिवादी बद्री राई र प्रकाश प्रधानले वैदेशिक रोजगार ब्यबसाय गर्ने इजाजत प्राप्त नगरी जाहेरवालाहरू बिष्णुबहादुर घलान र रामचन्द्र पुडासैनी र पीडितहरू महेन्द्रबहादुर हमाल र नवराज अधिकारीलाई वैदेशिक रोजगारीमा यु.ए.ई. (दुवई) पठाई दिने भनी प्रलोभनमा पारी विश्वास दिलाई रकम लिई अभियोग दावीको कसूर गरेका हुन्, होईनन् ?

(ख) प्रतिवादीले अभियोग दाबीको कसूर गरेको भए निजलाई के कति सजाय हुने हो र अभियोग दावी बमोजिम जाहेरवालाहरूको विगो र हर्जाना भराई दिनु पर्ने हो, होईन ?

२९. सम्बद्ध मिसिल अध्ययन गरी निर्णयार्थ प्रथम पश्न तर्फ विचार गरी सर्ब प्रथम प्रतिवादी बद्री राईको हकमा हेर्दा, प्रतिवादी बद्री राइले टाईगर ओभरसिज ईम्प्लाईमेन्ट प्रा.लि.को डाईरेक्टर हुँ भनी जाहेरवालाहरू बिष्णुबहादुर घलान र रामचन्द्र पुडासैनी र पीडितहरू महेन्द्रबहादुर हमाल र नवराज अधिकारीलाई वैदेशिक रोजगारमा यू.ए.ई. मुलुक पठाई आकर्षक तलब सुबिधा हुने गरी सुरक्षा गार्डको काम दिलाई दिन्छु भनी विश्वास दिलाई जाहेरवालाहरूलाई आई. एम. ई. बाट रकम पठाउन लगाई सो रकम बुझी लिई भने बमोजिम वैदेशिक रोजगारीमा नपठाएको र लिएको रकम समेत फिर्ता नगरेको भनी यी प्रतिवादी उपर जाहेरी परेको देखिन्छ । वादी पक्षका गबाह जाहेरवालाहरू विष्णुबहादुर घलान र रामचन्द्र पुडासैनीले यस न्यायाधिकरण समक्ष बकपत्र गर्दा प्रतिवादीले आफ्नै म्यानपावर कन्सलटेन्सी छ, वैदेशिक रोजगारमा यू.ए.ई. मुलुक पठाई अबुधाबीमा एटलस पेट्रोलियममा काम दिलाई दिन्छु भनी विश्वास दिलाएकाले जनही नगद रू.१,००,०००।- बुझाएकोमा प्रतिवादीले रकम बुझिलिई वैदेशिक रोजगारमा पठाएनन् र लिएको रकम पनि फिर्ता गरेका छैनन् भन्ने समेतका ब्यहोरा लेखाएको देखिएकाले मौकाको जाहेरी बेहारा खम्बीर भएको देखिन्छ ।

३०. प्रमाण ऐन, २०३१ को दफा १८ मा कुनै "काम घटना वा अबस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो ब्यक्त गर्ने ब्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने ब्यवस्था रहेकाले वादी पक्षका उपरोक्त गबाह जाहेरवालाहरूले प्रतिवादी उपर कसूर गडाउ हुने गरी बकपत्रका क्रममा लेखाएको ब्यहोरा यी प्रतिवादीका बिरूद्ध प्रमाणमा लिन मिल्ने नै देखियो ।

३१. वादी पक्षको अभियोग पत्र र अभियोग पत्र साथ पेश भएको प्रतिवादी बद्री राईले जाहेरवालाहरूको नाममा जारी गरेको नबिल बैंकको चेक दुई थान चेकको बारेमा प्रतिवादीले अनुसन्धानको क्रममा र यस न्यायाधिकरण समक्ष बयान गर्दा जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि पठाई दिन्छु भनी रकम लिएको होइन । जाहेरवालाहरू विष्णुबहादुर घलान र रामचन्द्र पुडासैनीबाट जनही रू. १,००,०००।- का दरले जम्मा रू. २,००,०००।- मैले कपडाको व्यापार गर्नको लागि सापटी स्वरुप लिएकोमा सो रकम समयमा फिर्ता गर्न नसकेको हो । जाहेरी दरखास्तमा उल्लेखित व्यक्तिहरू सचिना हमाल तथा निजको बुवा महेन्द्रबहादुर हमाल र जाहेरवाला सुजन भुजेल तथा निजको भिनाजु नवराज अधिकारीसँग कुनै रकम लिएको छैन । जाहेरवालाहरू विष्णुबहादुर घलान र रामचन्द्र पुडासैनी मेरा साथी भएकोले मैले कपडाको व्यापार गर्नको लागि रकम आबश्यक परी निजहरूसँग सापट स्वरुप रकम लिएकोमा सो रकम समयमा फिर्ता गर्न नसकेको हो र रकम लिएको प्रत्याभुतिको लागी चेक जारी गरेको हो भनी कसूर गरेमा इन्कार रहेको देखिए तापनि यी प्रतिवादीले के कस्तो ब्यापार ब्यवसाय गर्ने गरेको हो सो पुष्टि हुने कागजातहरू पेश गर्न सकेको देखिदैन । साथै यी प्रतिवादी र जाहेरवालाहरूका बीच रकम लेनदेन गर्नेसम्मको के कस्तो ब्यवहार, मित्रता र संम्बन्ध रहेको हो सो कुरा समेत पुष्टि हुन सकेको देखिदैन । प्रतिवादीले आफ्नो इन्कारी बयानलाई पुष्टी गर्ने कुनै आधार प्रमाण पेश गर्न सकेको देखिदैन । प्रमाण ऐन, २०३१ को दफा २७ ले

सजायमा छुट पाउनु पर्ने कुराको जिकिर प्रमाणित गर्ने भार जिकिर लिने पक्षमा नै निहित रहने ब्यबस्था गरेको देखिन्छ। प्रतिवादीले सो जिकिर पुष्टिका लागि आफूले राखेको साक्षी उपस्थित गराई बकपत्र गराउन सकेकोसम्म देखिएन।

३२. प्रमाण ऐन, २०३१ को दफा ७ (ग) मा कुनै घटना मानिसहरूको आचरण वा काम- कारोवारको सामान्य क्रम बिचार गर्दा तर्कसँगत रूपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्ने सक्नेछ भन्ने ब्यबस्था रहेको पाईन्छ। प्रतिवादीसँग सम्बन्धित यसै न्यायाधिकरणमा रहेका अन्य मुद्दामा निजका नाउँको Tiger Overseas Employment Services Pvt. Ltd.को डाईरेक्टरको भिजिटिङ कार्ड समेत पेश भएको देखिन्छ। प्रतिवादी उपर जाहेरी दिंदा जाहेरवालाहरूले यी प्रतिवादीले उक्त Tiger Overseas Employment Services Pvt. Ltd.को अफिसमा बसी विश्वास दिलाई भिजिटिङ कार्ड समेत दिएको बेहोरा उल्लेख गरेका छन्। जाहेरवालाहरूसँग यी प्रतिवादीको पूर्व चिनजान वा बिशेष सम्बन्ध रहेको जाहेरवालाहरूको कथनबाट स्पष्ट हुँदैन। प्रतिवादीको बयानमा जाहेरवालाहरूसँग निजको पूर्ब रीसईबी वा आग्रह पूर्बाग्रह रही निजले झुट्टा कुराको उजूरी गर्नु पर्ने वा झुट्टा कुराको वारदात देखाई फसाउन पर्नेसम्मको जरिया केही खुलेको अबस्था समेत छैन। सप्तरी, तनहुँ, मकवानपुर समेत घर रहेका ती जाहेरवालाहरूले धनकुटा घर भै काठमाण्डौ बस्ने यी प्रतिवादीलाई ब्यापार ब्यवसाय गर्न नै रकम सापटी दिएका होलान् भनी मान्न सो लाई पुष्टी गर्ने प्रमाणको अभावमा मिल्ने देखिदैन। यस्तो अवस्थामा प्रतिवादीले जाहेरवालाहरूसँग वैदेशिक रोजगारमा पठाउने कारोबारको संबन्धमा नै रकम लिने र चेक काटी दिनेसम्मका ब्यवहार रहे भएको देखिन आयो। यी सबै पृष्ठभूमीमा प्रतिवादी बद्री राईले वैदेशिक रोजगारमा पठाउन भनी जाहेरवालाहरूबाट रकम लिएका रहेछन् भनी न्यायिक अनुमान गर्नु बान्छनीय हुने देखियो।

३३. उल्लेखित आधार प्रमाण र बिबेचना, प्रतिवादी उपरको किटानी जाहेरी र जाहेरवालाहरू विष्णुबहादुर घलान र रामचन्द्र पुडासैनीको बकपत्र समेतबाट प्रतिवादी बद्री राईले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत प्राप्त नगरी जाहेरवालाहरू विष्णुबहादुर घलान र रामचन्द्र पुडासैनीलाई वैदेशिक रोजगारीमा पठाई दिने भनी प्रलोभनमा पारी विश्वास दिलाई रकम लिई वैदेशिक रोजगारमा नपठाएको तथ्य स्थापित भएको देखियो।

३४. प्रतिवादी प्रकाश प्रधानको हकमा हेर्दा जाहेरवाला सचिना हमालले अनुसन्धानका क्रममा कागज गर्दा प्रतिवादी बद्री राईले मेरो बुवा महेन्द्रबहादुर हमाललाई वैदेशिक रोजगारको लागि यू.ए.ई. (दुवई) मुलुक पठाई रोयल गार्डको काम दिलाईदिने भनी बिश्वास दिलाएको र निज प्रतिवादी बद्री राईले प्रकाश प्रधानको नाममा रकम पठाईदिन भनेकोले मेरो बुवा महेन्द्रबहादुर हमालले प्रतिवादी प्रकाश प्रधानलाई Globle IME Bank बाट रू.१,००,०००।- पठाईदिएको हो भनी लेखाएको देखिएता पनि प्रतिवादी प्रकाश प्रधान उपर किटानी जाहेरीमा परेको देखिदैन। जाहेरवालाहरू विष्णुबहादुर घलान र रामचन्द्र पुडासैनीले यस न्यायाधिकरणमा बकपत्र गर्दा समेत प्रतिवादी प्रकाश प्रधानले समेत वैदेशिक रोजगारीमा पठाउने भनी बिश्वास दिलाई रकम बुझि लिएका हुन् भनी उल्लेख गर्न सकेको देखिँदैन भने जाहेरवाला सचिना

हमाल बकपत्र गर्न यस न्यायाधिकरणमा उपस्थित नै भएको देखिदैन । साथै सह प्रतिवादी बद्री राईले यी प्रतिवादीलाई पोल गरेको देखिदैन । यस्तो अवस्थामा निज प्रतिवादी प्रकाश प्रधानलाई जाहेरवाला सचिना हमालले अनुसन्धानका क्रममा कागज गर्दा गरेको पोल जो अन्य स्वतन्त्र प्रमाणले समर्थित गरेको छैन कै आधारमा यी प्रतिवादी प्रकाश प्रधानले अभियोग दावीको कसूर गरेको ठहर गर्न न्यायोचित हुने देखिएन ।

३५. अतः बिबेचित उपरोक्त आधार, कारण, प्रमाण र कानूनी ब्यबस्थाबाट प्रतिवादी प्रकाश प्रधान उपरको अभियोग दावि पुष्टि हुने प्रमाणको अभावमा निजले अभियोग दावीबाट सफाई पाउने ठहर्छ । प्रतिवादी बद्री राईले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत पत्र नलिई जाहेरवालाहरू विष्णुबहादुर घलान र रामचन्द्र पुडासैनीलाई वैदेशिक रोजगारका लागी यु.ए.ई. (दुवई) मुलुक पठाई दिन्छु भनी झुठ्ठा आश्वासन दिई प्रलोभन देखाई रकम लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम कसूर गरेको ठहर्छ ।

## सजाय निर्धारण

३६. प्रतिवादी बद्री राईलाई के कति सजाय हुने हो र जाहेरवालाहरूले प्रतिवादीबाट के कति विगो रकम भराई लिन पाउने हो भन्ने दोश्रो पश्नको सम्बन्धमा बिचार गर्दा वादी नेपाल सरकारको तर्फबाट प्रतिवादी बद्री राई समेतले जाहेरवालाहरूलाई यु.ए.ई. (दुवई) पठाइ दिने भनी प्रलोभन देखाइ, झुक्यानमा पारी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेको हुँदा प्रतिवादीहरूलाई सोही ऐनको दफा ४३ बमोजिम ३ (तीन) बर्ष देखि ७ (सात) वर्षसम्म कैद र रू. ३,००,०००।- (तीन लाख) देखि रू. ५,००,०००।- (पाँच लाख) सम्म जरिवानाको आधा सजाय हुन माग दावी लिएको यस मुद्दामा प्रतिवादी बद्री राईले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत पत्र नलिई जाहेरवालाहरू विष्णुबहादुर घलान र रामचन्द्र पुडासैनीलाई प्रलोभन देखाइ, झुक्यानमा पारी रकम बुझि लिइ वैदैशिक रोजगार ऐन, २०६४ को दफा ४३ को कसूर गरेको ठहर भएकोमा बिशेष सरकारी वकील कार्यालय काठमाण्डौंबाट पेश भएको सजाय पूर्वको प्रतिबेदन समेत अध्ययन गरी प्रतिवादीलाई हुनुपर्ने सजाय तर्फ विचार गर्दा जाहेरवाला पीडितको बिगो समेतको आधारमा प्रतिवादी बद्री राईलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम जनही रू. १,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना र १।६।० (एक वर्ष छ महिना) कैद गर्न मनासिब हुने देखियो ।

३७. जाहेरवालाहरू विष्णुबहादुर घलान र रामचन्द्र पुडासैनीको जनही बिगो रू. १,००,०००।-(एक लाख रूपैयाँ) र सो को ५० प्रतिशतले हुने हर्जाना रू. ५०,०००।- (पचास हजार रूपैयाँ) समेत जनही रू. १,५०,०००।- (एक लाख पचास हजार) गरी जम्मा रू. ३,००,०००।- (तीन लाख रूपैयाँ) भरी पाउने देखियो । जाहेरवालाहरू सुजन भुजेल र सचिन हमाल बकपत्रको लागि यस न्यायाधिकरणमा उपस्थित नभएको अवस्थामा निजहरूको बिगोको दाबी पुग्न सक्ने देखिएन ।

३८. अत: प्रतिवादी प्रतिवादी बद्री राईलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम रू. १,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना र १।६।० (एक वर्ष छ महिना) कैद हुने ठहर्छ । जाहेरवालाहरू

विष्णुबहादुर घलान र रामचन्द्र पुडासैनीको विगो रू. २,००,०००।- (दुई लाख) र सो विगो बमोजिम पचास प्रतिशत हर्जाना समेत प्रतिवादीबाट जाहेरवालाहरूले भराई पाउने ठहर्छ। अरू जाहेरवालाहरू सुजन भुजेल र सचिन हमालको विगोको दावि पुग्न सक्तैन। वारदात मिति भन्दा पछि बनेको अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को दावीको हकमा भराई रहन मिल्ने देखिएन। अरु दावी पुग्न सक्दैन। अरूमा तपसिल बमोजिम गर्नू।

**तपसिल**

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी बद्री राईलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १।६।०(एक वर्ष छ महिना) कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार) जरिवाना हुने ठहरेकोले साथै निज प्रतिवादी मिति २०७५/११/२२ देखि हालसम्म कारागार कार्यालय डिल्लिबजार, काठमाण्डौमा थुनामा बसेको देखिंदा सोही मिति २०७५/११/२२ बाट कैद कट्टा गरी मिति २०७७/०५/२२ सम्म कैदमा राखी जरिवाना रू.१,५०,०००।- (एक लाख पचास हजार) बुझाएमा मिति २०७७/०५/२३ मा छुटी जाने गरी र जरिवाना नबुझाएमा सो बापत समेत कानून बमोजिम कैदमा राख्ने गरी कैदी पुर्जी दिनु भनी सम्बन्धित जिल्ला अदालतमा लेखि पठाउनू.......................................................................................................................... १

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम बद्री राईबाट जाहेरवालाहरू विष्णुबहादुर घलान र रामचन्द्र पुडासैनीले विगो र हर्जाना भराई पाउने ठहरेकोले प्रस्तुत मुद्दा अन्तिम भए पछी प्रतिवादी बद्री राईको जाय जेथा समेत देखाई निज जाहेरवालाहरूले विगो र हर्जाना भराई पाऊँ भनी ऐनका म्याद भित्र निवेदन दिए देहाय अनुसार निजहरूलाई भराई दिनु भनी सम्बन्धित अदालतमा लेखि पठाउनू ...................................................................... २

| सि.नं. | जाहेरवालाको नाम, थर | विगो रकम रू. | हर्जाना रू. | जम्मा रू. |
|---|---|---|---|---|
| १ | विष्णुबहादुर घलान | १,००,०००।- | ५०,०००।- | १,५०,०००।- |
| २ | रामचन्द्र पुडासैनी | १,००,०००।- | ५०,०००।- | १,५०,०००।- |
| जम्मा | | २,००,०००।- | १,००,०००।- | ३,००,०००।- |

प्रस्तुत फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी फैसलाको प्रतिलिपी साथै राखी विशेष सरकारी वकील कार्यालय काठमाण्डौलाई पुनरावेदनको म्याद दिनू........................................................................................ ३

प्रस्तुत फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी बद्री राईलाई निज थुनामा रहेको कारागार कार्यालय मार्फत् पुनरावेदनको म्याद दिनू................................................................................................... ४

प्रस्तुत फैसला अन्तिम भएपछि जाहेरवालाहरूको विगो एबं हर्जाना भरी भराउको लागि यो फैसलाको जानकारी जाहेरवालाहरू विष्णुबहादुर घलान र रामचन्द्र पुडासैनीलाई दिनू......................................................... ५

प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसलाको जानकारी विशेष सरकारी वकील कार्यालय, काठमाडौंलाई दिनू........................................................................................................................................ ६

प्रस्तुत फैसलाको विद्युतीय प्रति सूचना प्रविधिमा अभिलेख सुरक्षित गरी पीठमा जनाउनू ....................... ७

सरोकारवालाले नक्कल माग गरेमा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ५३ को प्रक्रिया पूरा गरी प्रमाणित प्रतिलिपि दिनू.................................................................................. ८

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टी गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू.................................... ९

**रमा देवी पराजुली**
(सदस्य)

उक्त रायमा सहमत छौं।

**प्रेमकुमार राई**
(सदस्य)

**रमेशकुमार खत्री**
(अध्यक्ष)

**फैसला तयार गर्न सहयोग पुऱ्याउने**
इजलास अधिकृतः दुर्गादत्त लम्साल
फैसला मितिः- २०७७/०९/२६/१

**श्री**

**वैदेशिक रोजगार न्यायाधिकरण**

**इजलास**

**माननीय अध्यक्ष श्री रमेश कुमार खत्री**

**सदस्य श्री प्रेम कुमार राई**

**फैसला**

**मुद्दा नं. ०७५-FT-०३८२**

**कसूर ठहर नि.नं.७८**

**निर्णय नम्बर: १२०**

## मुद्दाः वैदेशिक रोजगार कसूर ।

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| उमेश दर्जीको छोरा जिल्ला संखुवासभा चैनपुर नगरपालिका वडा नं. ८ बस्ने वर्ष २२ को दिनेश सुन्दास...............................१ मानध्वज दर्नालको छोरा जिल्ला संखुवासभा चैनपुर नगरपालिका वडा नं ९ बस्ने वर्ष २३ को रोहित कुमार दर्नालको जाहेरीले नेपाल सरकार..............................................१ | ऐवर्न दर्जीको नाति विर बहादुर दर्जीको छोरा जिल्ला संखुवासभा साविक वानेश्वर १ हाल ऐ. जिल्ला चैनपुर नगरपालिका वडा नं.१२ खत्रीगाउ बस्ने वर्ष ३२ को मिन बहादुर सुन्दास.................................१ |

**मुद्दा नं. ०७६-FT-०२०२**

**कसूर ठहर नि.नं.७९**

**निर्णय नम्बर: १२१**

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| उमेश दर्जीको छोरा जिल्ला संखुवासभा चैनपुर नगरपालिका वडा नं. ८ बस्ने वर्ष २२ को दिनेश सुन्दास....................................................१ मानध्वज दर्नालको छोरा जिल्ला संखुवासभा चैनपुर नगरपालिका वडा नं ९ बस्ने वर्ष २३ को रोहित कुमार दर्नालको जाहेरीले नेपाल सरकार.....................१ | गणेश बहादुर मल्लको नाति, तेज बहादुर मल्लको छोरा जिल्ला काभ्रेपलाञ्चोक कटुन्जेबेसी गा.वि.स., वडा नं.७ परिवर्तित रोशी गाउँपालिका वडा नं.७ घर भई हाल झापा जिल्ला अनारमनी वडा नं.३ बस्ने वर्ष ४० को दिपक मल्ल.....................................१ |

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार भित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ ।

**तथ्य खण्ड**

**१. दिनेश सुन्दास समेतको जाहेरी दरखास्तः**

हामीहरूलाई प्रतिवादी मिन वहादुर सुन्दासले वैदेशिक रोजगारमा मकाउ होटेलको काम लगाई दिन्छु भनी विश्वास दिलाई दिनेश सुन्दाससँग रू.५,४०,०००।- र रोहित कुमार दर्नालसँग रू.५,००,०००।- गरी जम्मा रू.१०,४०,०००।- बुझी लिई फिलिपिन्स, कम्बोडियासम्म पुऱ्याई अलपत्र पारी भने बमोजिमको वैदेशिक रोजगार नदिलाई लिए खाएको रकम समेत फिर्ता नगरेकोले निज विपक्षी मिन वहादुर सुन्दासलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम कारवाही गरी बुझिलिएको रकम रू.१०,४०,०००।- र सो रकमको ५० प्रतिशतले हुने हर्जाना समेत जम्मा रू.१५,६०,०००।- विपक्षी प्रतिवादीबाट दिलाई भराई पाऊँ भन्ने समेत बेहोराको दिनेस सुन्दास समेत जना २ को जाहेरी दरखास्त।

**२. सक्कल भरपाई कागजः**

दिनेश सुन्दास र रोहित कुमार दर्नालसँग वैदेशिक रोजगारीको लागि मकाउ पठाई दिन्छु भनी जम्मा रू.१०,००,०००।- बुझिलिई मिन वहादुर सुन्दासले गरिदिएको सक्कल भरपाई कागजको प्रतिलिपी मिसिल संलग्न रहेको।

**३. प्रतिवादी मिन वहादुर सुन्दासले गरेको बयान कागजः**

वैदेशिक रोजगारको लेनदेन रहेका जाहेरवालाहरू दिनेश सुन्दास र रोहित कुमार दर्नाललाई प्रलोभन देखाई वैदेशिक रोजगारको लागी मकाउ पठाई दिन्छु भनी प्रति व्यक्ति रू.५०,०००।- का दरले जम्मा रू.१,००,०००।- आई.एम.ई. मार्फत् पठाउन लगाई बुझिलिएको ठिक साँचो हो। मैले जाहेरवालाहरूबाट जम्मा रू.१०,००,०००।-(दश लाख) नभई रू.१,००,०००।- बुझी लिई प्रोसेसिङको लागि साथी दिपक मल्ललाई हातमै बुझाएको हुँ। हाल सम्पर्कविहिन भएकाले दिपक मल्लको तिन पुस्ते सहितको एकिन वतन, ठेगाना थाहा छैन। साथी दिपक मल्लले म सहित दिनेश सुन्दास जना २ लाई मकाउ पठाउन भनी रकम बुझिलिई कम्बोडियासम्म पुऱ्याई अलपत्र पारेकोले मेरो खर्चमा पीडितहरूलाई स्वदेश फर्काएको हुँ। मिसिल संलग्न ई-भिषा र प्लेन टिकटको प्रतिलिपिहरू ठीक छन्। सक्कल लिखत कागजको बेहोरा मलाई झुक्याई पढ्न नदिई सहीछाप गराएका हुन्। लिखतमा भएको बेहोरा मेरो होइन। वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति लिएको छैन भन्ने समेत बेहोराको प्रतिवादी मिन वहादुर सुन्दासले अनुसन्धान अधिकृत समक्ष गरेको बयान।

**४. निर्णय पर्चाः**

निज प्रतिवादी मिन वहादुर सुन्दासले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरितको कसूर अपराध गरेको हुँदा निजसँग हाल अनुसन्धानका क्रममा रू.१३,००,०००।- (तेह्र लाख) नगद वा सो वरावरको जेथा जमानत दिए लिई साधारण तारेखमा राखी र सो दिन नसके वैदेशिक रोजगार न्यायाधिकरणको

अनुमति लिई थुनामा राखी मुद्दामा थप अनुसन्धान गर्ने भन्ने बेहोराको अनुसन्धान अधिकृतको मिति २०७५।६।२४ को निर्णय पर्चा।

५. **वादी साक्षी कृष्ण बहादुर दर्जीले गरेको कागज:**

जाहेरवालाहरू दिनेश सुन्दास र रोहित कुमार दर्नाललाई मकाउ मुलुकमा पठाई क्लिनरको काम लगाई दिने भनी विपक्षी मिन बहादुर सुन्दासले माग गरे बमोजिम यी जाहेरवालाहरूले जनही रू.५,००,०००।- का दरले जम्मा रकम रू.१०,००,०००।- र पछि दिनेश सुन्दासले हातहातै रू.४०,०००।- गरी कुल रकम रू.१०,४०,०००।- (दश लाख चालिस हजार) मेरो सामुन्ने ललितपुरको लगनखेल स्थित आई.एम.ई.को कार्यालयमा बुझिलिएको ठिक साँचो हो । विगो र हर्जाना रकम विपक्षी मिन बहादुर सुन्दासबाट जाहेरवालाहरूलाई दिलाई पाऊँ भन्ने समेत बेहोराको साक्षी कृष्ण बहादुर दर्जीले गरेको कागज।।

६. **श्री विशेष सरकारी बकिल कार्यालय, काठमाण्डौंको निर्णय:**

मिसिल संलग्न कागज एवम् प्रमाणहरू जाहेरी दरखास्त, सक्कल भरपाई कागज, प्रतिवादी मिन वहादुर सुन्दासको बयान, बुझिएका कृष्ण वहादुर दर्जीले गरेको कागज समेतबाट प्रतिवादी मिन वहादुर सुन्दासले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति नलिई जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि मकाउ पठाउँछु भनी प्रलोभन दिई देखाई जाहेरवालाहरूबाट जम्मा रू.१०,४०,०००।- बुझिलिई जाहेरवालालाई भने बमोजिमको रोजगार नदिलाई बुझिलिएको रकम समेत फिर्ता गरेको नदेखिंदा प्रतिवादी मिन वहादुर सुन्दासको सो कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरितको कसूर भए गरेकोले प्रतिवादी मिन वहादुर सुन्दासलाई सोही ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाहरूको कुल विगो रू.१०,४०,०००।- र सोको पचास प्रतिशतले हुने हर्जाना रकम समेत गरी कुल रू.१५,६०,०००।- (पन्ध्र लाख साठी हजार) प्रतिवादी मिन वहादुर सुन्दासबाट जाहेरवाला दिनेश सुन्दास र रोहित कुमार दर्नाललाई दिलाई भराई पाउन मागदावी लिई वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौ समक्ष अभियोग पेश गर्ने भनी भएको निर्णय।

७. **अभियोग दाबी:**

प्रतिवादी मिन बहादुर सुन्दासले नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजत नलिई जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि मकाउ मुलुक पठाई दिन्छु भनी रकम बुझिलिई वैदेशिक रोजगारमा नपठाएको तथा लिए खाएको रकम समेत फिर्ता नगरेको देखिदा निज प्रतिवादी मिन बहादुर सुन्दासलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाहरूबाट लिएको जाहेरवालाहरूको कुल विगो रू.१०,४०,०००।- र सोको पचास प्रतिशतले हुने हर्जाना रकम समेत गरी कुल रू.१५,६०,०००।- (पन्ध्र लाख साठी हजार) प्रतिवादी मिन वहादुर सुन्दासबाट जाहेरवाला दिनेश सुन्दास र रोहित कुमार दर्नाललाई दिलाई भराई पाऊँ भन्ने समेत बेहोराको अभियोगपत्र।

## ८. प्रतिवादी मिन बहादुर सुन्दासले यस न्यायाधिकरणमा गरेको बयान:

जाहेरवालाहरू मेरा नातेदार हुन् । निजहरूसँग वैदेशिक रोजगार सम्बन्धी नभएर घरायसी लेनदेनको रकम हो । निज जाहेरवालाहरूसँग मैले लेनदेन वापतको ५०/५० हजार रकम लिनुपर्नेमा मलाई फिर्ता दिएका हुन् । मैले जाहेरवालाहरूलाई विदेश पठाउने पनि भनेको होइन । निजहरू कहाँबाट को मार्फत् विदेश पुगेर आएका हुन्, थाहा भएन । म कुनै मेनपावरमा काम गर्ने मानिस पनि होइन । मलाई वैदेशिक रोजगारको सम्बन्धमा केही थाहा छैन । मैले कसैलाई वैदेशिक रोजगारमा पठाउँछु भनी रकम र पासपोर्ट लिए खाएको होइन । लिखतमा भएको सहीछाप मेरो भए तापनि जाहेरवालाहरूले मलाई जबरजस्ती लिखत कागजमा सहीछाप गराएका हुन् । सो उपर मैले कहीँकतै उजूर गरेको छैन भन्ने समेत बेहोराको प्रतिवादी मिन बहादुर सुन्दासले यस न्यायाधिकरणमा गरेको बयान ।

## ९. यस न्यायाधिकरणबाट भएको थुनछेक तथा प्रमाण मुकरर आदेश:

पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई यी प्रतिवादी मिन बहादुर सुन्दासलाई मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन,२०७४ को दफा ६७ बमोजिम थुनामा राखी मुद्दामा पूर्पक्ष गर्ने गरी ऐ.ऐनको दफा ७९ बमोजिम यो आदेश पर्चा गरिदिएका छौँ । प्रस्तुत मुद्दामा प्रतिवादी चुक्ता भएकोले वादी र प्रतिवादीका साक्षीहरू बुझी नियमानुसार गरी पेश गर्नू भन्ने समेत बेहोराको यस न्यायाधिकरणबाट मिति २०७५।०७।२०मा भएको थुनछेक तथा प्रमाण मुकरर आदेश ।

## १०. यस न्यायाधिकरणबाट भएको आदेश:

वादी पक्षले जाहेरवालाहरू दिनेश सुन्दास र रोहित कुमार दर्नाल तथा बुझिएका कागज गर्ने मानिस कृष्ण बहादुर दर्जी समेतलाई बकपत्रको लागि उपस्थित गराएको नदेखिंदा निजहरूलाई मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन,२०७४ को दफा ११२ बमोजिम म्याद जारी गरी झिकाई बुझी नियमानुसार पेश गर्नू भन्ने समेत बेहोराको यस न्यायाधिकरणबाट मिति २०७५।११।०१ को आदेश।

## ११. जाहेरवाला दिनेश सुन्दासले यस न्यायाधिकरणमा गरेको बकपत्र:

प्रतिवादी मिन बहादुर सुन्दासले मलाई वैदेशिक रोजगारमा मकाउ पठाउने भनी रू.५,००,०००।- लिई मिति २०७५।०५।०३ मा लिखत गरेको हो । उक्त रकम र थप रू.४०,०००।- मैले प्रतिवादीलाई नगदै हातमा बुझाएको हुँ । त्यसपछि निजले मलाई मिति २०७५।०५।०६ मा फिलिपिन्स एयरपोर्ट अध्यागमन पुऱ्याई भिसा नभएको भनी नेपालै फर्कायो । मिति २०७५।०५।२१ मा कम्बोडिया पुऱ्याई तीन दिनपछि काम हुन्छ भनेकोमा १२ दिनसम्म काम नभएपछि त्यहाँ अलपत्र परी नेपाल फर्की आएको हुँ । प्रतिवादी मेरो नातेदार भएको हुँदा कुनै तवरले अप्ठ्यारो नपर्ने र काम र तलब राम्रो भएको भन्ने विश्वास दिलाएको हुँदा मैले रकम दिएको हुँ । प्रतिवादीले अभियोग दाबीको कसूर हुँदा निजलाई अभियोग दाबी बमोजिम सजाय हुनुपर्छ भन्ने समेत बेहोराको जाहेरवाला दिनेश सुन्दासले यस न्यायाधिकरणमा गरेको बकपत्र ।

**१२. जाहेरवाला रोहित कुमार दर्नालले यस न्यायाधिकरणमा गरेको बकपत्रः**

प्रतिवादी मिन बहादुर सुन्दासले मलाई वैदेशिक रोजगारमा मकाउ पठाउने भनी रू.५,००,०००।- लिई मिति २०७५।०५।०३ मा लिखत गरेको हो। उक्त रकम मैले प्रतिवादीलाई नगदै हातमा बुझाएको हुँ। त्यसपछि निजले मलाई मिति २०७५।०५।०६ मा फिलिपिन्स एयरपोर्ट अध्यागमन पुऱ्याई भिसा नभएको भनी नेपालै फर्कायो। मिति २०७५।०५।२१ मा कम्बोडिया पुऱ्याई तीन दिनपछि काम हुन्छ भनेकोमा १२ दिनसम्म काम नभएपछि त्यहाँ अलपत्र परी नेपाल फर्की आएको हुँ। प्रतिवादी मेरो नातेदार भएको हुँदा कुनै तवरले अप्ठ्यारो नपर्ने र काम र तलब राम्रो भएको भन्ने विश्वास दिलाएको हुँदा मैले रकम दिएको हुँ। प्रतिवादीले अभियोग दाबीको कसूर हुँदा निजलाई अभियोग दाबी बमोजिम सजाय हुनुपर्छ भन्ने समेत बेहोराको जाहेरवाला रोहित कुमार दर्नालले यस न्यायाधिकरणमा गरेको बकपत्र।

**१३. यस न्यायाधिकरणबाट भएको आदेशः**

यस मुद्दाको अभयोगपत्रमा प्रतिवादी मिन बहादुर सुन्दासको बयान पोलमा परेका दिपक मल्लको ३ पुस्ते सहितको एकीन वतन खुली आएका बखत कानून बमोजिम गर्ने भनी उल्लेख भएको र यस मुद्दाको बहसको क्रममा प्रतिवादीको कानून व्यवसायीबाट पेश भएको लक्ष्मी बैंक लि.को भौचरबाट ३ पुस्ते सहितको ठेगाना खुल्न नसकेका भनिएका व्यक्ति दिपक मल्लको लक्ष्मी बैंक लि.मा रहेको खाता नं.११५२००१९७६३ मा रकम जम्मा गरेको देखिंदा निज दिपक मल्लको हकमा आवश्यक कारवाही अगाडि बढाउनु भनी वैदेशिक रोजगार विभागमा पत्राचार गर्नू भन्ने समेत बेहोराको यस न्यायाधिकरणको मिति २०७६।०५।१५ को आदेश।

**१४. आवश्यक कारवाही अगाडि बढाउने बारे मिति २०७६।०९।१४ को ताकेता पत्रः**

दिनेश सुन्दास समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी मिन बहादुर सुन्दास भएको फौ.नं.४८/३८२ को वैदेशिक रोजगार कसूर मुद्दामा यस न्यायाधिकरणबाट मिति २०७६।०५।१५ मा भएको आदेशानुसार लेखिएको च.नं.७९० मिति २०७६।०५।१९ को पत्रको जवाफ प्राप्त नभएको हुँदा सो पत्रको सम्बन्धमा यथाशिघ्र जवाफ पठाई दिनु भन्ने मिति २०७६।०९।१४ को ताकेता पत्र।

**१५. यस न्यायाधिकरणबाट भएको आदेशः**

यसमा यस न्यायाधिकरणको मिति २०७६।०५।१५ को आदेशानुसार दिपक मल्लका हकमा आवश्यक कारवाही अगडि बढाउन श्री महानिर्देशक वैदेशिक रोजगार विभागलाई सम्बोधन गरी पत्राचार गरेकोमा पटकपटक पत्राचार समेत गर्दा जवाफ प्राप्त नभएकाले मिसिल पेश भएको देखियो। वैदेशिक रोजगार न्यायाधिकरण नियमावली,२०६८ को नियम ४३(१) मा "न्यायाधिकरणकले दिएको आदेश वा गरेको निर्णयको पालना गर्नुपर्ने" कानूनी व्यवस्था उद्दृत गरी महानिर्देशक वैदेशिक रोजगार विभाग, काठमाडौँलाई तीन दिनभित्र पूर्व आदेश बमोजिमको पत्राचारको जवाफ पठाई दिनू भनी लेखी पठाएको जवाफ प्राप्त गरी

पेश गर्नू भन्ने समेत बेहोराको यस न्यायाधिकरणको मिति २०७६।११।१९ को आदेश।

**१६. पूरक अभियोग दाबी:**

प्रतिवादी दिपक मल्ल समेतले जाहेरवालाहरू दिनेश सुन्दास र रोहित कुमार दर्नाल समेतलाई वैदेशिक रोजगारको लागि मकाउ पठाई दिन्छु भनी आश्वासन र प्रलोभन देखाई जाहेरवालाबाट रू.१०,००,०००।- रकम बुझी लिई आफूले भनेबमोजिम वैदेशिक रोजगारीको लागि मकाउ मुलुकमा नपठाएको र जाहेरवालाहरूबाट बुझी लिएको रकम समेत फिर्ता नगरेको प्रतिवादी दिपक मल्ल समेतको उक्त कार्य वैदेशिक रोजगार ऐन,२०६४ को दफा ४३ विपरितको कसूर हुँदा निज प्रतिवादी दिपक मल्ललाई ऐ.ऐनको दफा ४३ बमोजिम सजाय गरिपाऊँ। साथै, निज प्रतिवादीबाट अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१(१) को देहाय (घ) तथा ४२(३) बमोजिमको रकम क्षतिपूर्ति शुल्क भराई ऐ.ऐनको दफा ४१(५) बमोजिम उक्त रकम पीडित राहत कोषमा जम्मा गरिपाऊँ भन्ने समेत वादी नेपाल सरकार तर्फबाट मिति २०७६।११।२७ मा दायर भएको पूरक अभियोग पत्र।

**१७. यस न्यायाधिकरणबाट भएको आदेश:**

प्रतिवादी दिपक मल्लका नाउँको समाह्वान म्याद मिति २०७७।०४।२७ मा प्रतिवादीको घरदैलोमा टाँस तामेल भएकोमा म्यादभित्र प्रतिवादी उपस्थित नभई प्रतिवादी चुक्ता भएको अवस्था हुँदा वादी पक्षका अभियोगपत्रको सबुद प्रमाण खण्डको गवाह महलमा उल्लिखित जाहेरवाला र देख्ने महलका कृष्ण दर्जीलाई बकपत्रको लागि विशेष सरकारी वकील कार्यालय, काठमाडौँ मार्फत् उपस्थित गराउन वैदेशिक रोजगार विभाग, काठमाडौँलाई लेखी पठाई उपस्थित गराए बकपत्र गराई ०७५-FT-०३८२ को मुद्दा समेत साथै राखी नियमानुसार पेश गर्नू भन्ने समेत बेहोराको यस न्यायाधिकरणको मिति २०७७।०८।१७ को आदेश।

**१८. यस न्यायाधिकरणबाट भएको आदेश:**

वादी पक्षको अभियोगपत्रको सबुद प्रमाण खण्डको गवाह महलमा उल्लेखित जाहेरवाला तथा देखी जान्ने साक्षीलाई बकपत्रको लागि उपस्थित गराएको नदेखिंदा निजलाई बुझ्नुपर्ने देखिएकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम म्याद जारी गरी झिकाई उपस्थित भए मुद्दा नं.०७५-FT-०३८२ को मुद्दा समेत साथै राखी नियमानुसार गर्नुहोला भन्ने समेत बेहोराको यस न्यायाधिकरणको मिति २०७७।०९।०९ को आदेश।

**१९. कसूर ठहर:**

प्रतिवादी दिपक मल्ल उपरको सहप्रतिवादीको मौकाको पोल समर्थित हुने प्रमाणको अभावमा निजले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ। प्रतिवादी मिनबहादुर सुन्दासले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिई जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा मकाउ लैजाने विश्वास दिलाई रकम लिई

कम्बोडियामा पुऱ्याई अलपत्र पारी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसूर गरेको ठहर्छ। प्रतिवादी मिनबहादुर सुन्दासलाई दफा ४३ बमोजिम हुने सजाय, निजबाट भराउनुपर्ने विगो र हर्जाना समेतको सजाय निर्धारण सम्बन्धी सुनुवाइको लागि मुलुकी फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा १२ बमोजिम सजायपूर्वको प्रतिवेदन लिई मिति २०७७।१०।०६ का दिन इजलास समक्ष पेश गर्नु भन्ने समेत बेहोराको मिति २०७७।०९।२७ को कसूर ठहर।

२०. **सजाय पूर्वको प्रतिवेदनः**

प्रतिवादी मिन बहादुर सुन्दासले नियोजित ढङ्गले नै जाहेरवालाबाट पैसा असुली वैदेशिक रोजगारीको नाममा ठगी गरेको देखिन्छ। प्रतिवादीले लिखतमा भएको सहीछाप आफ्नो भएको भनी बयान गरेको तथा जाहेरवालाहरूले जाहेरी समर्थन गरी गरेको बकपत्रबाट समेत प्रतिवादीले जाहेरवालाहरूलाई वैदेशिक रोजगारको कसूर गर्ने कामकुरो सजिलो हुनेछ भनी झुठ्ठो आश्वासन दिई रकम लिएको पनि देखिन्छ। प्रतिवादीबाट जाहेरवालाहरूको विगो रकम रू.१०,४०,०००।- र सोको ५०% ले हुने हर्जाना रकम रू.५,२०,०००।- समेत जम्मा रू.१५,६०,०००।- (पन्ध्र लाख साठ्ठी हजार रूपैयाँ) समेत वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम भराई दिन उपयुक्त हुने देखिन्छ भन्ने समेत बेहोराको विशेष सरकारी वकील कार्यालय काठमाडौँको सजायपूर्वको प्रतिवेदन।

**ठहर खण्ड**

२१. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौँका विद्वान् सहायक न्यायाधिवक्ता श्री युडेन लामाले प्रतिवादी मिन बहादुर सुन्दास र दिपक मल्लले जाहेरवालाहरूलाई वैदेशिक रोजगारीका लागि मकाउको होटलमा कुकको काममा पठाई दिने झुठ्ठा आश्वासन र प्रलोभन देखाई निजबाट रू.१०,४०,०००।- लिएको भन्ने मौकाको जाहेरी, लिखत प्रमाण र जाहेरवालाहरूको बकपत्र समेतबाट पुष्टि भएको हुँदा प्रतिवादीहरूलाई अभियोग दाबी बमोजिम सजाय गरी जाहेरवालाहरूको बिगो र हर्जाना दिलाई पाऊँ भनी गर्नुभएको बहस सुनियो।

२२. त्यस्तै प्रतिवादी मिन बहादुर सुन्दासका तर्फबाट विद्वान् अधिवक्ता श्री शिवराज सुवेदीले मेरो पक्षले अभियोग दावीको कसूर गरेको छैन। मेरो पक्ष समेत जाहेरवालाहरूसँगै वैदेशिक रोजगारमा गईसँगै अलपत्र परी फर्किएको हो। मेरो पक्ष समेत पीडित भएकाले सजाय हुने अवस्था भए न्युनतम सजाय होस् भन्ने समेत बहस प्रस्तुत गर्नुभयो।

२३. यसमा वादी नेपाल सरकार तर्फबाट प्रतिवादी मिन बहादुर सुन्दासले वैदेशिक रोजगार व्यवसाय गर्न पाउने ईजाजतपत्र नलिई जाहेरवालाहरू दिनेश सुन्दास र रोहित कुमार दर्नाललाई वैदेशिक रोजगारीका लागि मकाउ पठाउने भनी झुट्टा आश्वासन दिई प्रलोभन देखाई रकम लिई कम्बोडिया पुऱ्याई अलपत्र पारी

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेकाले सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाहरूको बिगो रू.१०,६०,०००।- र सोको ५० प्रतिशत हर्जाना समेत दिलाई भराई पाउन मिति २०७५।०७।१९ मा अभियोग पत्र दायर भई कारबाही भइरहेकोमा वादी नेपाल सरकार तर्फबाट प्रतिवादी दिपक मल्लले समेत वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ को कसूर गरेको भनी निजलाई समेत सोही दफा ४३ बमोजिम सजाय गरी क्षतिपूर्ति शुल्क पीडित राहत कोषमा जम्मा गरी पाउन दावी लिई वादी नेपाल सरकार तर्फबाट मिति २०७६।११।२३।६ मा पूरक अभियोग पत्र दायर भएको देखिन्छ।

२४. प्रतिवादी मिन बहादुर सुन्दासले यस न्यायाधिकरणमा निज उपरको अभियोग दावी बारे बयान गर्दा, जाहेरवालाहरू मेरा नातेदार हुन् । निजहरूसँग वैदेशिक रोजगार सम्बन्धी नभएर घरायसी लेनदेनको रकम हो । जाहेरवालाहरूसँग मैले लेनदेन वापतको ५०/५० हजार रकम लिनुपर्नेमा मलाई फिर्ता दिएका हुन् । मैले जाहेरवालाहरूलाई विदेश पठाउने भनेको होइन । निजहरू कहाँबाट को मार्फत् विदेश पुगेर आएका हुन्, थाहा भएन । म कुनै मेनपावरमा काम गर्ने मानिस पनि होइन । मलाई वैदेशिक रोजगारको सम्बन्धमा केही थाहा छैन । मैले कसैलाई वैदेशिक रोजगारमा पठाउँछु भनी रकम र पासपोर्ट लिएको होइन । लिखतमा भएको सहीछाप मेरो भए तापनि जाहेरवालाहरूले मलाई जबरजस्ती लिखत कागजमा सहीछाप गराएका हुन् । सो उपर मैले कहीँकतै उजूर गरेको छैन भन्ने समेत बेहोरा लेखाएको देखिन्छ । निज प्रतिवादीले मौकामा अनुसन्धान अधिकृत समक्ष बयान गर्दा भने जाहेरवालाहरू दिनेश सुन्दास र रोहित कुमार दर्नाललाई प्रलोभन देखाई वैदेशिक रोजगारको लागि मकाउ पठाई दिन्छु भनी प्रति व्यक्ति रू.५०,०००।- का दरले जम्मा रू.१,००,०००।- आई.एम.ई.मार्फत् पठाउन लगाई बुझिलिएको ठिक साँचो हो । जाहेरवालाहरूबाट रू.१०,००,०००।-(दश लाख) नभई रू.१,००,०००।- बुझी लिई प्रोसेसिङको लागि साथी दिपक मल्ललाई हातमै बुझाएको हुँ । हाल सम्पर्कविहिन भएकाले दिपक मल्लको तीन पुस्ते सहितको एकिन वतन, ठेगाना थाहा छैन । साथी दिपक मल्लले म सहित दिनेश सुन्दास जना २ लाई मकाउ पठाउन भनी रकम बुझिलिई कम्बोडियासम्म पुऱ्याई अलपत्र पारेकोले मेरो खर्चमा पीडितहरूलाई स्वदेश फर्काएको हुँ भन्ने समेत बेहोरा लेखाएको देखिन्छ।

२५. प्रतिवादी दिपक मल्लका नाउँमा जारी भएको समाह्वान म्याद निजको घर दैलामा मिति २०७७।०४।२७ मा टाँस गरी तामेल भएकोमा म्याद भित्र उपस्थित नभई फरार भई बसेको देखिन्छ।

२६. उपरोक्त अभियोग दाबी, प्रतिवादीको बयान र विद्वान् सहायक न्यायाधिवक्ताको बहस सुनी प्रस्तुत मुद्दामा देहायका प्रश्नको निरोपण गर्नुपर्ने देखियो।

१. प्रतिवादी मिन बहादुर सुन्दास र दिपक मल्लले जाहेरवालाहरूलाई वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमतिपत्र नलिई रोजगारीका लागि मकाउ पठाई दिने भनी रकम लिई मकाउ पुऱ्याई अलपत्र पारी अभियोग दाबीको कसूर गरेका हुन्, होइनन् ?

२. प्रतिवादीहरूले अभियोग दाबी बमोजिमको कसूर गरेको भए निजहरूलाई के कति सजाय हुनुपर्ने हो ?

र जाहेरवालाहरूले के कति बिगो र हर्जाना रकम भरी पाउने हो ?

२७. सम्बद्ध मिसिल अध्ययन गरी प्रथम पश्नको निरोपणतर्फ विचार गर्दा, प्रतिवादी मिन बहादुर सुन्दासले वैदेशिक रोजगारीका लागि मकाउमा पठाउँछु भनी झुट्टा आश्वासन दिई जाहेरवालाहरूबाट रू.१०,४०,०००।- (दश लाख चालिस हजार रूपैयाँ) बुझी लिई जाहेरवालाहरूलाई कम्बोडिया पुऱ्याई अलपत्र पारेको र जाहेरवालाहरू आफ्नै खर्चमा नेपाल फर्की आएकोमा जाहेरवालाहरूले दिएको रकम फिर्ता नगरेको भनी प्रतिवादी उपर कारबाहीका लागि किटानी जाहेरी परेकोमा अनुसन्धान तहकिकातको सिलसिलामा बुझिएका कृष्ण बहादुर दर्जीले कागज गर्दा जाहेरवालाहरूलाई मकाउ पठाई क्लिनरको काममा लगाई दिने भनी विपक्षी मिन बहादुर सुन्दासले माग गरे बमोजिम जाहेरवालाहरूले जनही रू.५,००,०००।- का दरले जम्मा रू.१०,००,०००।- र पछि जाहेरवाला दिनेश सुन्दासले हातहातै रू.४०,०००।- गरी कुल रकम रू.१०,४०,०००।- (दश लाख चालिस हजार) मेरो सामुन्ने ललितपुरको लगनखेल स्थित आई.एम.ई.को कार्यालयमा बुझि लिएको ठिक साँचो हो । विगो र हर्जाना रकम विपक्षी मिन बहादुर सुन्दासबाट जाहेरवालाहरूलाई दिलाई पाऊँ भन्ने समेत बेहोरा लेखाएको देखिन्छ ।

२८. वादीका गबाह/जाहेरवालाहरू दिनेश सुन्दास र रोहित कुमार दर्नालले यस न्यायाधिकरणमा उपस्थित भई प्रतिवादी मिन बहादुर सुन्दासले वैदेशिक रोजगारमा मकाउ पठाउने भनी प्रति व्यक्ति रू.५,००,०००।- लिएको र पछि पुन: जाहेरवाला दिनेश सुन्दाससँग रू.४०,०००।- थप रकम गरी जम्मा रू.१०,४०,०००।- लिएको र कम्बोडिया पुऱ्याई अलपत्र पारेकाले नेपाल फर्किएको भनी मौकाको जाहेरी बेहोरा एवम् कागज बेहोरा अनुकुल प्रतिवादी मिन बहादुर सुन्दास उपर गडाउ गरी बकपत्र गरेको देखिन्छ ।

२९. प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने व्यवस्था रहेकाले वादीका गबाह/जाहेरवालाले वैदेशिक रोजगारको कसूर गरेको भनी मौकाको जाहेरी बेहोरा खम्बीर हुने गरी बकपत्रमा लेखाएको उपरोक्त बेहोरा प्रतिवादी मिन बहादुर सुन्दासका विरुद्ध प्रमाणमा ग्राह्य हुने देखियो ।

३०. वादीले अभियोग पत्रसाथ पेश गरेको लिखतमा मिन बहादुर सुन्दासले वैदेशिक रोजगारका लागि मकाउ पठाउन भनी दिनेश सुन्दास र रोहित कुमार दर्नालबाट जनही रू.५,००,०००।- बुझी लिएको भन्ने उल्लेख भएको देखिन्छ । उक्त लिखतका बारे प्रतिवादी मिन बहादुर सुन्दासले लिखतमा जबरजस्ती सहीछाप गराएका हुन् भनी अन्यथा जिकिर लिएको देखिए तापनि ठोस प्रमाण प्रस्तुत गरी बयानका क्रममा लिएको जिकिरपुष्टि गर्न सकेको देखिन आउदैन ।

३१. प्रमाण ऐन, २०३१ को दफा ७ (ग) मा "कुनै घटना मानिसहरूको आचरण वा काम-कारोवारको सामान्य क्रम बिचार गर्दा तर्कसँगत रूपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्न सक्नेछ" भन्ने

ब्यबस्था रहेको छ। कुनै पनि साधारण समझ भएको मानिसले अकारण फौजदारी कसूर लाग्ने वा आर्थिक दायित्व ब्यहोर्ने तबरले अरूलाई कुनै लिखत गरी दिने अवस्था रहने हुँदैन। लिखत गरिदिनेले जानी बुझी नै लिखतमा सहीछाप गरेको हुन्छ भन्ने स्वाभाबिक रूपमा न्यायिक अनुमान गरिने हुन्छ। त्यसमा पनि प्रस्तुत मुद्दामा प्रतिवादी मिन बहादुर सुन्दासले लिएको अन्यथा जिकिर प्रमाणित नहुँदा प्रमाण मुल्याङ्कनको सन्दर्भमा प्रतिवादीले जाहेरवालाहरूले भने बमोजिमको जरियाबाट अभियोग दावीको लिखत गरी दिएको रहेछ भनी निष्कर्षमा पुग्नु बान्छनीय हुने देखियो।

३२. लिखत प्रमाणका हकमा प्रमाण ऐन, २०३१ को दफा ३५ मा "कुनै लिखत वा लिखतमा उल्लेख भएको कुरा सो लिखत नै पेश गरी प्रमाणित गर्नुपर्छ" भन्ने व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दामा प्रमाणको रूपमा सक्कल लिखत नै पेश भएकाले सो लिखत प्रतिवादी मिन बहादुर सुन्दासका विरूद्ध प्रमाणमा ग्राह्य हुनेमा अन्यथा देखिएन।

३३. प्रस्तुत मुद्दामा प्रतिवादी दिपक मल्ल उपरको पुरक अभियोग दावीतर्फ हेर्दा वादीले विगो भराउन तर्फ मौन रही दफा ४३ बमोजिम सजाय माग गरी क्षतिपूर्ति शुल्क पीडित राहत कोषमा भराई पाउनसम्म दावी लिएको देखिन्छ। प्रतिवादी निज उपरको अभियोगको प्रतिरक्षार्थ उपस्थित भएको नदेखिए तापनि प्रतिवादी उपर जाहेरीमा किटान गरेको पाईदैन। वादीका कुनै साक्षीले निज प्रतिवादीको संलग्नता उल्लेख गरी बकपत्र गरेको अवस्था छैन। अभियोग पत्रसाथ पेश भएको लिखतमा समेत यी प्रतिवादी समेतले रकम लिएको भन्ने उल्लेख भएको अवस्था छैन। सहप्रतिवादीको मौकाको बयानमा जाहेरवालाहरूलाई प्रलोभन देखाई वैदेशिक रोजगारको लागि मकाउ पठाई दिने भनी प्रति जाहेरवाला रू.५०,०००।- का दरले रू.१,००,०००।-लिई प्रोसेसिङको लागि साथी दिपक मल्ललाई हातमै बुझाएको हुँ। साथी दिपक मल्लले म सहित दिनेश सुन्दास जना २ लाई मकाउ पठाउन भनी रकम बुझिलिई कम्बोडियासम्म पुऱ्याई अलपत्र पारेको हो भनी यी प्रतिवादीलाई पोल गरेको देखिए तापनि यस न्यायाधिकरणमा बयान गर्दा सह-प्रतिवादीले निज प्रतिवादी उपर पोल गरेको देखिन आएन। सहप्रतिवादीको मौकाको पोल समर्थित हुने अरु स्वतन्त्र प्रमाणको अभाव रहेको देखियो। यस अवस्थामा सहप्रतिवादीको मौकाको पोलको आधारमा मात्र प्रतिवादी दिपक मल्लले अभियोग दावीको कसूर गरेको ठहऱ्याउन न्यायोचित हुने देखिएन।

३४. अतः विवेचित उपरोक्त आधार र कारणबाट प्रतिवादी दिपक मल्ल उपरको सह-प्रतिवादीको मौकाको पोल समर्थित हुने प्रमाणको अभावमा निजले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ। प्रतिवादी मिनबहादुर सुन्दासले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिई जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा मकाउ लैजाने विश्वास दिलाई रकम लिई कम्बोडियामा पुऱ्याई अलपत्र पारी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसूर गरेको ठहर्छ।

## सजाय निर्धारण

३५. प्रतिवादी मिन बहादुर सुन्दासलाई के कति सजाय हुने हो र जाहेरवालाहरूले प्रतिवादीबाट के कति विगो रकम भराई लिन पाउने हो भन्ने दोश्रो पश्नको सम्बन्धमा बिचार गर्दा, यस मुद्दामा प्रतिवादी मिन बहादुर

सुन्दासले वैदैशिक रोजगार ऐन, २०६४ को दफा ४३ को कसूर गरेको ठहर भएकोमा विशेष सरकारी वकील कार्यालय काठमाडौँबाट पेश भएको सजाय पूर्वको प्रतिवेदन समेत अध्ययन गरी हेरियो। जाहेरवालाहरूलाई विदेश पुऱ्याई अलपत्र पारेको अवस्था हुँदा प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम रू.३,००,०००।- (तीन लाख रूपैयाँ) जरिवाना र ३।०।० (तीन वर्ष) कैद गर्न मनासिब हुने देखियो।

३६. वादीले जाहेरवालाहरूलाई बिगो रू.१०,४०,०००।- र सोको पचास प्रतिशत हर्जाना रकम भराई दिन दावी लिएकोमा जाहेरवालाहरूले जाहेरी साथ पेश भएको लिखतमा मिन बहादुर सुन्दासले रोहित कुमार दर्नाल र दिनेश सुन्दासबाट जनही रू.५,००,०००।- गरी जम्मा रू.१०,००,०००।- बुझी लिएको भन्ने उल्लेख भएको देखिन्छ । वादीको अभियोगपत्रमा रू.४०,०००।- समेत लिएको भन्ने दावी भएको र जाहेरवाला मध्ये दिनेश सुन्दासले प्रतिवादीले आफूबाट पछि थप रू.४०,०००।- नगदै बुझी लिएको हो भने तापनि वादीले सो पुष्टि हुने प्रमाण पेश गर्न सकेको देखिदैन। यस अवस्थामा जाहेरवालाहरूलाई जनही रू.५,००,०००।- र सोको पचास प्रतिशतले हुने हर्जाना प्रतिवादीबाट भराई दिन न्यायोचित हुने देखियो।

३७. अत: उपरोक्त आधार र कारणबाट प्रतिवादी मिनबहादुर सुन्दासलाई वैदेशिक रोजगार ऐन,२०६४ को दफा ४३ बमोजिम रू.३,००,०००।- (तीन लाख) जरिवाना र ३(तीन) वर्ष कैद हुने ठहर्छ। जाहेरवाला दिनेस सुन्दासको विगो रू.५,००,०००।- (पाँच लाख) सम्म र रोहित कुमार दर्नालको विगो रू.५,००,०००।- (पाँच लाख) र सो विगोको पचास प्रतिशत हर्जाना समेत प्रतिवादी मिनबहादुर सुन्दासबाट भराई पाउने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी मिन बहादुर सुन्दासलाई जरिवाना रू.३,००,०००।- (तीन लाख रूपैयाँ) र ३।०।० (तीन वर्ष) कैद हुने ठहरेकोले निज प्रतिवादी मिन बहादुर सुन्दास मिति २०७५।०६।२१ मा पक्राउ परी सो मिति देखि हालसम्म कारागार कार्यालय डिल्लीबजारमा थुनामा रहेको देखिंदा निजलाई यस मुद्दामा ठहरेको कैद उक्त मिति २०७५।०६।२१ देखिनै कैद कट्टा हुने भएकाले मिति २०७८।०६।२० मा निजलाई ठहरेको कैद भुक्तान हुने हुँदा निजले जरिवाना दाखिला गरे निजलाई मिति २०७८।०६।२१ मा कैद मुक्त गरिदिनु भनी कैद म्याद ठेकी सम्बन्धित कारागार कार्यालयमा लेखी पठाउनु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू............................................................................................................................ १

प्रतिवादी मिन बहादुर सुन्दासलाई ठहर भएको जरिवाना रू.३,००,०००।- (तीन लाख) का हकमा प्रकरण १ मा लेखिए बमोजिम जरिवाना दाखिला नगरे मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६२ को अधिनमा रही असुल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू......................................... २

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादी मिनबहादुर सुन्दासबाट जाहेरवालाहरूले अभियोग दावीको विगो र सोको पचास प्रतिशतले हुने हर्जाना रकम समेत भराई पाउने ठहरेकोले प्रस्तुत फैसला अन्तिम भएपछि

जाहेरवालाहरूले प्रतिवादीको चल अचल सम्पति देखाई बमोजिम हर्जाना सहितको बिगो भराई पाऊँ भनी निवेदन दिए फैसलाले ठहरे बमोजिमको देहायको बिगो र हर्जाना प्रतिवादी मिन बहादुर सुन्दासबाट देहाय बमोजिम गरी भराई दिनू भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू....................................................................... ३

| क्र.सं. | जाहेरवालाहरूको नाम थर | विगो रकम (रू.) | हर्जाना रकम (रू.) | जम्मा रकम (रू.) |
|---|---|---|---|---|
| १ | दिनेश सुन्दास | ५,००,०००।- | २,५०,०००।- | ७,५०,०००।- |
| २ | रोहित कुमार दर्नाल | ५,००,०००।- | २,५०,०००।- | ७,५०,०००।- |
| | | १०,००,०००।- | ५,००,०००।- | १५,००,०००।- |

जाहेरवालाहरूको विगो एवम् हर्जाना भरी भराउको प्रयोजनार्थ मुद्दा अन्तिम फैसला भएको जानकारी जाहेरवालाहरू रोहित कुमार दर्नाल र दिनेश सुन्दासलाई दिनू ......................................................... ४

उक्त फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी फैसलाको प्रतिलिपि सहित विशेष सरकारी वकील कार्यालय, काठमाडौँ र प्रतिवादी मिन बहादुर सुन्दासलाई पुनरावेदनको म्याद दिनू................................................................. ५

प्रस्तुत फैसला विद्युतीय प्रति सूचना प्रविधिमा अभिलेख सुरक्षित गरी पीठमा जनाउनू ............................ ६

सरोकारवालाले नक्कल माग गरेमा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ५३ को प्रक्रिया पूरा गरी प्रमाणित प्रतिलिपि दिनू................................................................................... ७

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टी गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू.................................... ८

**रमेशकुमार खत्री**
(अध्यक्ष)

उक्त रायमा सहमत छु ।

**प्रेम कुमार राई**
(सदस्य)

**फैसला तयार गर्न सहयोग पुऱ्याउने**

शाखा अधिकृतः कृष्णशोभा सुवाल

फैसला मितिः- २०७७।१०।०६।१

**श्री**
**वैदेशिक रोजगार न्यायाधिकरण**
**इजलास**
**माननीय अध्यक्ष श्री रमेशकुमार खत्री**
**सदस्य श्री प्रेमकुमार राई**
**फैसला**

**मुद्दा नं.** ०७६-FT-००९८
**निर्णय नम्बर: १३१**

## मुद्दाः वैदेशिक रोजगार कसूर ।

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| भिम बहादुर के.सी.को नाति, छेत्र बहादुर के.सी.को छोरा जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.३० महुरिया बस्ने वर्ष ३१ को अमर बहादुर के.सी. को जाहेरीले नेपाल सरकार..........................१ | भद्र खड्काको नाति, हरि बहादुर खड्काको छोरा जिल्ला रुकुम, बाफीकोट गा.वि.स. वडा नं. २ परिवर्तित बाँफिकोट गाउँपालिका वडा नं.४ घर भई हाल जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.६ लेकसाइडमा डेरा गरी बस्ने अन्दाजी वर्ष ३८ को झगविर खड्का...............................................१ |

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकारभित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ ।

### १. जाहेरी दरखास्त

प्रतिवादी झगविर खड्काले जाहेरवालालाई वैदेशिक रोजगारको लागि न्यूजिल्याण्ड देशमा पठाई दिन्छु भनी जाहेरवालाबाट रू.१३,००,०००।- (तेह्र लाख) बुझिलिई जाहेरवालालाई भारतको कलकत्तासम्म पुऱ्याई अलपत्र पारेको र लिएको रकम समेत फिर्ता नगरेको हुँदा निज विपक्षीलाई कारवाही गरी विगो तथा हर्जाना रकम समेत दिलाई भराई पाऊँ भन्ने समेत बेहोराको मिति २०७२।०८।२९ गते जाहेरवाला अमर बहादुर के.सी.को जाहेरी दरखास्त ।

### २. सक्कल लिखत कागज

अमर बहादुर के.सी.लाई वैदेशिक रोजगारमा न्यूजिल्याण्ड मुलुक पठाउन भनी रू.१३,००,०००।- (तेह्र लाख) बुझि लिई झकबिर खड्काले गरिदिएको मिति २०७१/०७/१० गतेको सक्कल लिखत कागज ।

## ३. लिखत कागजका साक्षी विष्णु बहादुर भुजेलले मौकामा गरेको कागज:

प्रतिवादी झगविर खड्काले जाहेरवाला अमर बहादुर के.सी.लाई वैदेशिक रोजगारमा न्यूजिल्याण्ड पठाई डेरीमा काम दिलाई दिने भनी यी जाहेरवालाबाट कास्की स्थित झकबिर खड्काको डेरामा झगविर खड्काले नगदै रू.१३,००,०००।-(तेह्र लाख) बुझिलिई म समेत साक्षीको रोहोबरामा बुझिलिएको ठीक साँचो हो। उक्त रकम बुझिलिई यी झगविर खड्काले म समेत साक्षी राखी लिखत कागज समेत गरिदिएका हुन् भन्ने समेत बेहोराको लिखत कागजका साक्षी विष्णु बहादुर भुजेलले यस विभाग समक्ष मिति २०७५।०५।०४ गते गरिदिएको कागज।

## ४. जिल्ला प्रहरी कार्यालय मुसिकोट, रुकुमको पत्र:

जिल्ला रुकुम बाँफिकोट गाउँपालिका वडा नं.४ बस्ने वर्ष अन्दाजी ३८ को झकबिर खड्कालाई निजको सम्बन्धित घर ठेगानामा गई खोजतलास गर्दा निज व्यक्ति गाउँघरमा फेला नपरेको भन्ने समेत बेहोराको जिल्ला प्रहरी कार्यालय रुकुमले मिति २०७५।०६।२१ गतेको यस विभागलाई लेखेको पत्र।

## ५. जिल्ला प्रहरी कार्यालय घोराही, दाङ्गको पत्र:

भद्र खड्काको नाति हरि बहादुर खड्काको छोरा, जिल्ला रुकुम बाँफिकोट गा.वि.स.वडा नं.२ घर भई हाल जिल्ला दाङ्ग बिजौरी भन्ने ठाउँमा बसोबास गर्ने गरेको वर्ष ३३ को झगविर खड्कालाई पक्राउ गरी पक्राउ पूर्जी दिई स्वास्थ्य परीक्षण गरी यस विभागमा उपस्थित गराई दिनु भन्ने तहाँ विभागको च.न.२०८६ मिति २०७५।१२।२५ गते पत्र आदेशानुसार निज झगविर खड्कालाई सम्बन्धित वडा एरियामा खोजतलास गर्दा कहीँकतै फेला नपरेकोले सोही बेहोरा सादर अनुरोध छ भन्ने समेत बेहोराको जिल्ला प्रहरी कार्यालय घोराही, दाङ्गले मिति २०७६।०१।११ मा विभागलाई लेखेको पत्र।

## ६. श्री विशेष सरकारी वकील कार्यालयको निर्णय:

हालसम्म भएको अनुसन्धानको क्रममा झकवीर खड्काको विरुद्धमा परेको किटानी जाहेरी दरखास्त, जाहेरवाला र कसूरदारबीच वैदेशिक रोजगारीको लागि रकम लिएको सक्कल लिखत कागज, जाहेरवालाको राहदानी तथा लिखत कागजको साक्षीको बयान समेतको मिसिल संलग्न आधार एवम् सबुद प्रमाणहरूबाट नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजत अनुमतिपत्र नलिई कसूरदार झगविर खड्काले जाहेरवाला अमर बहादुर के.सी.लाई वैदेशिक रोजगारीमा न्यूजिल्याण्ड पठाइदिन्छु भनी नपठाई भारतको कोलकत्तासम्म पुऱ्याई अलपत्र पारी नेपाल फर्काई रकम समेत फिर्ता नदिई गरेको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसूर भएकोले निज प्रतिवादी झगविर खड्कालाई ऐ. ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवाला अमर बहादुर के.सी.बाट लिए खाएको रकम रू.१३,००,०००।- र सोको ५० प्रतिशत हर्जाना समेत जाहेरवाला अमर बहादुर के.सी. लाई दिलाई भराई पाउन र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को दावी समेत लिई वैदेशिक

रोजगार न्यायाधिकरण काठमाण्डौंमा अभियोगपत्र दायर गर्ने भन्ने श्री विशेष सरकारी वकील कार्यालय काठमाडौँको निर्णय।

## ७. अभियोग दाबी:

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिई जाहेरवाला अमर बहादुर के.सी. लाई वैदेशिक रोजगारको लागि न्यूजिल्याण्डमा पठाइदिने भनी जाहेरवालाबाट रकम बुझिलिई वैदेशिक रोजगारको झुठ्ठो आश्वासन दिई र प्रलोभन देखाई वैदेशिक रोजगारमा पठाईदिन्छु भनी नपठाई भारतको कोलकत्तासम्म पुऱ्याई अलपत्र पारी नेपाल फर्काई जाहेरवाला अमर बहादुर के.सी.बाट बुझिलिएको रकम फिर्ता समेत नगरेकोमा निज प्रतिवादी झगविर खड्काको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसूर अपराध गरेको देखिंदा निज प्रतिवादीलाई ऐ. ऐनको दफा ४३ बमोजिम सजाय तथा जाहेरवाला अमर बहादुर के.सी.बाट लिए खाएको रकम रू.१३,००,०००।- र सोको ५० प्रतिशत हर्जाना समेत प्रतिवादी झगविर खड्काबाट जाहेरवाला अमर बहादुर के.सी.लाई दिलाई भराई पाऊँ। साथै निज प्रतिवादीबाट अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१(५) बमोजिम क्षतिपूर्ति रकम पीडित राहत कोषमा जम्मा गरिपाऊँ भन्ने समेत बेहोराको वादी नेपाल सरकार तर्फबाट दायर भएको अभियोग पत्र।

## ८. यस न्यायाधिकरणबाट मिति २०७७।०३।११ मा भएको आदेश:

प्रतिवादी झगविर खड्काको नाउँको समाव्हान म्याद अभियोगपत्रमा उल्लेखित वतन रुकुम जिल्ला बाँफिकोट गाउँपालिका वडा नं.४ मा बेपत्ते तामेल भएको हुँदा निजको नामको म्याद तामेल हुनसक्ने अर्को एकिन वतन भए खुलाई पठाई दिनु भनी वैदेशिक रोजगार विभागमा लेखी पठाई अर्को वतन खुलाई पठाए वा तत्सम्बन्धी जवाफ प्राप्त भएपछि पेश गर्नू भन्ने समेत बेहोराको यस न्यायाधिकरणबाट मिति २०७७।०३।११ मा भएको आदेश।

## ९. यस न्यायाधिकरणबाट मिति २०७७।०४।१२ मा भएको आदेश:

प्रतिवादी झगविर खड्काको नाउँमा जारी भएको समाह्वान म्याद बेपत्ते तामेल भएकोमा निजको नाउँको म्याद तामेल हुनसक्ने अर्को वतन भए खुलाई पठाई दिनू भनी वैदेशिक रोजगार विभागमा लेखी पठाएकोमा उक्त विभागबाट प्रतिवादीको अभियोगपत्रमा उल्लेखित वतन बाहेक अन्य वतन नदेखिएको भन्ने लेखी आएको देखिए तापनि विशेष सरकारी वकील कार्यालय काठमाडौँका उपन्यायाधिवक्ता विश्वास सुनुवारले प्रतिवादी झगविर खड्काको नागरिकताको प्रतिलिपि र लालपूर्जाको प्रतिलिपि समेत सुनुवाइका क्रममा पेश गरेको हुनाले निज प्रतिवादीको नामको समाह्वान म्याद राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी तामेल गर्न उपयुक्त हुने देखिएकोले वैदेशिक रोजगार न्यायाधिकरण नियमावली,२०६८ को नियम ११(१)(ख) बमोजिम उल्लेखित प्रतिवादीको नाउँमा मिसिलमा रहेका सबै विवरण उल्लेख गरी समाह्वान म्याद जारी गरी उक्त म्याद राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी तामेल गरी म्यादभित्र उपस्थित भए वा अवधि व्यतित

भएपछि म्याद प्रकाशित पत्रिका समेत साथै राखी पेश गर्नू भन्ने समेत बेहोराको यस न्यायाधिकरणबाट मिति २०७७।०४।१२ मा भएको आदेश।

**१०. प्रतिवादी झगविर खड्काले यस न्यायाधिकरणमा गरेको बयान:**

मैले जाहेरवाला अमर बहादुर के.सी.लाई वैदेशिक रोजगारमा न्यूजिल्याण्ड पठाइदिने भनी रकम लिएको छैन। मेरो निज जाहेरवालासँग व्यक्तिगत लेनदेनको कारोवार थियो। उक्त कारोवारको लिखत कागज पनि गरेको थिएँ तर त्यो कागज वैदेशिक रोजगारको कागज नभई लेनदेनको थियो। मैले निज जाहेरवाला अमर बहादुर के.सी. लाई रू. १३,००,०००।- दिनुपर्ने थियो। सोही रकम जग्गा वेचेर दिन्छु भन्दा भन्दै मलाई थाहा नदिई उसले मलाई मिति २०७२/०८/२९ गते मुद्दा दिइसकेको रहेछ। मैले निजलाई दिनुपर्ने रकम बरावरको मेरो आमाको नाममा रहेको जग्गा मिति २०७२/१०/१४ गते राजिनामा पास गरिदिएको हो। मलाई निज जाहेरवालाले मुद्दा दिएको विषय मैले आजभन्दा एक महिना अगाडि थाहा पाएको हुँ। जाहेरीसाथ पेश भएको लिखतको विषयमा लेनदेनको कारोवार भए पनि व्यहोरामा वैदेशिक रोजगारको लागि लेखी निज जाहेरवाला अमर बहादुर के.सी. ले मलाई जवरजस्ती सहिछाप गराएको हो। मेरो आमाको नामको जग्गा निज जाहेरवालालाई राजिनामा पास गर्ने सहमति भएकाले निजसँग संधै सम्पर्क भइरहेको अवस्थामा मैले कतै उजूर गर्न आवश्यक ठानिनँ। मैले अभियोग दाबी बमोजिमको कुनै कसूर नगरेको हुँदा अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत बेहोराको प्रतिवादी झगविर खड्काले यस न्यायाधिकरणमा गरेको बयान।

**११. यस न्यायाधिकरणबाट मिति २०७७।०६।२१ मा भएको थुनछेक तथा प्रमाण मुकरर आदेशः**

यी प्रतिवादी झगविर खड्का भन्ने झगविर खड्काबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र दफा ७२ बमोजिम रू.५,००,०००।-(पाँच लाख रूपैयाँ) धरौट, जमानत वा बैंक जमानत लिई तारेखमा राख्नु र माग भएको धरौट, जमानत वा बैंक जमानत दिन नसकेमा ऐ. संहिताको दफा ६८(२) बमोजिम कानून बमोजिमको सिधा खान पाउने गरी थुनुवा पूर्जी दिई थुनामा राख्न कारागार कार्यालयमा पठाई दिनू र प्रस्तुत मुद्दामा प्रतिवादी चुक्ता भइसकेको देखिएकाले वादी पक्षको अभियोगपत्रमा उल्लेखित गवाह/साक्षी नियमानुसार झिकाई र प्रतिवादीका साक्षी निजलाई नै उपस्थित गराउन लगाई उपस्थित गराए बकपत्रका लागि नियमानुसार पेश गर्नू भन्ने समेत बेहोराको मिति २०७६।०६।२१ मा यस न्यायाधिकरणबाट भएको थुनछेक तथा प्रमाण मुकरर आदेश।

**१२. वादीका साक्षी विष्णु बहादुर भुजेलले यस न्यायाधिकरणमा गरेको बकपत्र:**

मिति २०७५।०५।०४ मा भएको लिखत बेहोरामा भएको सहीछाप मेरै हो। प्रतिवादीले जाहेरवालासँग वैदेशिक रोजगारमा पठाई दिने भनी रकम ठगी गरेको हुनाले नेपालको कानून बमोजिम सजाय हुनुपर्छ। उक्त लिखत काठमाडौँ नयाँबसपार्क प्रहरी विटमा बनाएको हो। यी जाहेरवाला प्रतिवादीलाई एस.वि.आई बैंक मार्फत् रकम जम्मा गरेको हो र लिखत कागज काठमाडौँमा पछि गराएको हो। प्रतिवादीलाई कानून बमोजिम सजाय भई जाहेरवालालाई क्षतिपूर्ति भराई कानून बमोजिमको न्याय होस् भन्ने समेत बेहोराको

वादीका साक्षी विष्णु बहादुर भुजेलले यस न्यायाधिकरणमा गरेको बकपत्र।

**१३. जाहेरवाला अमर बहादुर के.सी.ले यस न्यायाधिकरणमा गरेको बकपत्र:**

प्रतिवादीलाई मैले वैदेशिक रोजगारको लागि न्युजिल्याण्ड जाने भनी रू.१३,००,०००।- रकम एस.वि. आई बाट प्रतिवादीको र निजको श्रीमतीको खातामा जम्मा गरिदिएको हो। प्रतिवादीले जसरी पनि वैदेशिक रोजगार पठाउँछु भनी भारत कलकत्तासम्म पुऱ्याई भनी झुठ्ठा आश्वान दिएका हुन् तर विदेश पठाएका होइनन्। प्रतिवादीसँग मेरो वैदेशिक रोजगारको लेनदेन मात्र भएको हो, अरु केही छैन। हामीले काठमाडौँको नयाँ बसपार्कमा सामुदायिक प्रहरीको रोहवरमा वैदेशिक रोजगारको लिखत कागज गराएको हो। प्रतिवादीसँग भएको र निजको आमासँग भएको कारोबार छुट्टाछुट्टै हो। प्रतिवादीको आमासँग भएको कारोबार आमाले मिलाई सक्नुभएको छ। आमाको नाम थाहा भएन। निजको आमासँग रू.६,५०,०००।- को कारोबार थियो। सो रकम बराबरको जग्गा लिएको हो। प्रतिवादी झगविर खड्का भुमिगत भएपछि निज प्रतिवादीलाई खोज्ने सिलसिलामा चिनजान भएको हो। प्रतिवादीले मलाई सुरुमा मैले ५ जनालाई वैदेशिक रोजगरमा विदेश पठाई सकेँ भनेपछि मैले विश्वास गरेको हो भन्ने समेत बेहोराको जाहेरवाला अमर बहादुर के.सी.ले यस न्यायाधिकरणमा गरेको बकपत्र।

**१४. प्रतिवादी झगविर खड्काका साक्षी बबि थापाले यस न्यायाधिकरणमा गरेको बकपत्र:**

प्रतिवादी झगविर खड्का वैदेशिक रोजगारको काम गर्ने मानिस होइन। प्रतिवादी पेशाले शिक्षक हो। जाहेरवालाले के कसो चलखेल गरेर वैदेशिक रोजगारको कसूरमा जाहेरी दिए, थाहा भएन। जाहेरवाला र प्रतिवादी बीच भएको लेनदेन घर व्यवहारको कारणले भएको हो। जाहेरवाला र प्रतिवादी बीच भएको कारोबार वापत यी प्रतिवादीको आमाको नाउँमा रहको जग्गा जाहेरवालालाई राजिनामा गरी पास गरिदिएको कुरा सत्य हो भन्ने समेत बेहोराको प्रतिवादी झगविर खड्काका साक्षी बबि थापाले यस न्यायाधिकरणमा गरेको बकपत्र।

**१५. यस न्यायाधिकरणबाट मिति २०७७।०९।२७ मा भएको आदेश:**

सम्बत् २०७२ सालको मुद्दा नं. २३७/४२३ को शिवन राना समेतको जाहेरीले वादी नेपाल सरकार विरुद्ध झगविर खड्का समेत प्रतिवादी भएको वैदेशिक रोजगार कसूर मुद्दामा यस न्यायाधिकरणबाट मिति २०७४/०३/०५ मा भएको फैसला सहितको सुरु सक्कल मिसिल श्री सर्वोच्च अदालतमा पठाएको दखिंदा उक्त सुरु सक्कल मिसिल पेशको दिन इजलास समक्ष देखाइ फिर्ता लैजाने गरी श्री सर्वोच्च अदालतबाट झिकाई नियमानुसार गरी पेश गर्नु भन्ने समेत बेहोराको यस न्यायाधिकरणबाट मिति २०७७।०९।२७ मा भएको आदेश।

## ठहर खण्ड

१६. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट विशेष सरकारी वकील कार्यालय काठमाडौँका विद्वान् उपन्यायाधिवक्ता श्री उर्मिला दाहालले प्रतिवादी झगविर खड्काले जाहेरवाला अमर बहादुर के.सी.लाई वैदेशिक रोजगारीका

लागि न्यूजिल्याण्ड पठाई दिने विश्वास दिलाई रू.१३,००,०००।- लिई भारतसम्म पुऱ्याई अलपत्र पारेको र लिएको रकम समेत फिर्ता नगरेको हुँदा कानून बमोजिम कारबाही गरी बिगो र हर्जाना दिलाई पाऊँ भनी दिएको जाहेरी बेहोरा, लिखत प्रमाण र वादीका साक्षीको बकपत्र समेतबाट समर्थित भएकाले प्रतिवादीलाई अभियोग दाबी बमोजिम सजाय गरी जाहेरवालाको बिगो र हर्जाना दिलाई पाऊँ भनी गर्नुभएको बहस सुनियो। जाहेरवालाको तर्फबाट विद्वान् अधिबक्ता श्री सरोज अधिकारीले मेरो पक्षलाई वैदेशिक रोजगारीका लागि न्यूजिल्याण्ड पठाई दिने विश्वास दिलाई रू.१३,००,०००।- लिई भारतसम्म पुऱ्याई अलपत्र पारी छाडेको र लिएको रकम समेत फिर्ता नगरेको भन्ने मौकाको जाहेरी, लिखत प्रमाण र साक्षीको बकपत्र समेतबाट पुष्टि भएकाले प्रतिवादीलाई अभियोग दाबी बमोजिम सजाय गरी मेरो पक्षको बिगो र हर्जाना दिलाई पाऊँ भनी बहस प्रस्तुत गर्नुभयो।

१७. त्यस्तै प्रतिवादी झगविर खड्काको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री विष्णु बहादुर गुरुङले मेरो पक्षले जाहेरवालालाई वैदेशिक रोजगारीमा पठाई दिने भनी रकम लिएको होइन। जाहेरवालासँग लेनदेन गरी रकम लिएको विषयमा एक वर्षपछि वैदेशिक रोजगारीको लिखतमा जबरजस्ती सहीछाप गराएका हुन्। लेनदेन वापत मेरो पक्षको आमाले जाहेरवालालाई अचल-सम्पत्ति राजिनामा पास गरिदिएको हो।मेरो पक्षले अभियोग दाबीको कसूर गरेको नहुँदा निजलाई सजाय हुनुपर्ने होइन भनी गर्नुभएको बहस समेत सुनियो।

१८. यसमा वादी नेपाल सरकार तर्फबाट प्रतिवादी झगविर खड्काले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमतिपत्र नलिई जाहेरवाला अमर बहादुर के.सि.लाई वैदेशिक रोजगारको लागि न्यूजिल्याण्ड पठाई दिने भनी वैदेशिक रोजगारको झुट्टो आश्वासन देखाई प्रलोभनमा पारी रकम लिई भारतसम्म पुऱ्याई अलपत्र पारेको र जाहेरवालाबाट बुझिलिएको रकम फिर्ता समेत नगरेकोले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसूरमा सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाबाट लिए खाएको रू.१३,००,०००।- (तेह्र लाख रूपैयाँ) र सोको ५० प्रतिशत हर्जाना रू.६,५०,०००।- (छ लाख पचास हजार रूपैयाँ) समेत जम्मा रू.१९,५०,०००।- (उन्नाइस लाख पचास हजार रूपैयाँ) दिलाई भराई पाउन अभियोग दाबी लिएकोमा प्रतिवादी झगविर खड्काले निज उपरको अभियोग दावी बारे यस न्यायाधिकरणमा बयान गर्दा जाहेरवालालाई वैदेशिक रोजगारीमा न्युजिल्याण्ड पठाई दिने भनी रकम लिएको होइन। जाहेरवालासँग व्यक्तिगत लेनदेनको कारोवार थियो। लेनदेन कारोवारको कागज गरेकोमा एक वर्षपछि सोही मितिको वैदेशिक रोजगारको कागज बनाएको हो। जाहेरवालासँगको लेनदेनको कारोवार वापत आमाको नाउँको जग्गा राजिनामा पास गरिदिएको हो। लेनदेनको कारोवार भए तापनि वैदेशिक रोजगारको कागज लेखी जबरजस्ती सहीछाप गराएको हो। अभियोग दावीको कसूर गरेको छैन भन्ने समेत बेहोरा लेखाएको देखिन्छ।

१९. उपरोक्तानुसारको अभियोग दाबी, प्रतिवादीको बयान र दुवै पक्षका कानून व्यवसायीहरूको बहस सुनी प्रस्तुत मुद्दामा प्रतिवादी झकबीर खड्काले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिई जाहेरवालालाई

वैदेशिक रोजागारीमा न्यूजिल्याण्ड पठाई दिने भनी रकम लिई अभियोग दाबीको कसूर गरेको हो ? होइन् ? निर्णय गर्नुपर्ने देखियो ।

२०. सम्बद्ध मिसिल अध्ययन गरी निर्णयतर्फ विचार गर्दा प्रतिवादी झगविर खड्काले मासिक एक लाख पचास हजार रूपैयाँ कमाइ हुन्छ, काम राम्रो अनि सजिलो छ भनी वैदेशिक रोजगारीका लागि न्यूजिल्याण्ड पठाई दिने आश्वासन दिई रकम लिई वैदेशिक रोजगारीका लागि भने बमोजिम न्यूजिल्याण्ड नलगी भारतसम्म पुऱ्याई अलपत्र पारेको र प्रतिवादीसँग लिएको रकम फिर्ता माग गर्दा रकम समेत फिर्ता नगरेकाले कानून बमोजिम कारबाही गरी प्रतिवादीले लिएको रू.१३,००,०००।- (तेह्र लाख रूपैयाँ) र सोको हर्जाना समेत दिलाई भराई पाऊँ भन्ने किटानी जाहेरी परी अनुसन्धान तहकिकात भएकोमा तहकिकातको सिलसिलामा बुझिएका लिखत साक्षी बिष्णु बहादुर भुजेलले मौकामा कागज गर्दा प्रतिवादी झगविर खड्काले जाहेरवाला अमर बहादुर के.सी.लाई वैदेशिक रोजगारमा न्यूजिल्याण्ड पठाई डेरीमा काम दिलाई दिने भनी नगदै रू.१३,००,०००।-(तेह्र लाख) मेरो रोहबरमा बुझी लिई लिखत कागज गरिदिएको हो भन्ने समेत बेहोरा लेखाएको देखिन्छ ।

२१. प्रतिवादी झकबीर खड्काले जाहेरवालासँगको वैदेशिक रोजगार सम्बन्धीको लेनदेन होइन । घरायसी लेनदेनको कारोवारमा जबरजस्ती वैदेशिक रोजगारको कागज गराएको हो भनी कसूर गरेमा ईन्कारी बयान गरेकोमा निजको साक्षी बबी थापाले बकपत्रका क्रममा प्रतिवादी शिक्षक हुन्, वैदेशिक रोजगारको काम गर्ने मानिस होइन, लेनदेनको कारोवार हो । लेनदेन कारोवारमा आमाको नामको जग्गा राजिनामा पास गरिदिएको सत्य हो भन्ने बेहोरा लेखाएको देखिएकाले प्रतिवादीको ईन्कारी बयान समर्थित भएको पाइयो ।

२२. वादीका गवाह/जाहेरवाला अमर बहादुर के.सी.ले यस न्यायाधिकरणमा बकपत्र गर्दा स.५ को जवाफमा रकम एस.बि.आई.बाट प्रतिवादी र निजको श्रीमती नाममा जम्मा गरिदिएको हो भन्ने, त्यस्तै स.१० को जवाफमा हामीले काठमाडौँको सामुदायिक प्रहरीको रोहबरमा वैदेशिक रोजगारको लिखत कागज गराएको हो भन्ने र स.१२को रकम दिएकै बखत कागज किन गर्नुभएन भन्ने प्रश्नमा पछि मात्र कागज गराएको भन्ने जवाफ दिएको देखिन्छ । त्यस्तै लिखत साक्षी विष्णु बहादुर भुजेलले बकपत्रको स.७ को जवाफमा लिखत काठमाडौँको नयाँ बसपार्क प्रहरी बिटमा बनाएको हो भन्ने, त्यस्तै स.८ को जवाफमा एस.बि.आई. बैंक मार्फत् रकम जम्मा गरेको हो, लिखत कागजपछि काठमाडौँमा गराएको हो भन्ने बेहोरा लेखाएको पाइयो । दावीको लिखतमा रू.१३,००,०००।- नगदै बुझी लिएको ठिक साँचो हो भन्ने उल्लेख भएको देखिन्छ भने मौकाको जाहेरीमा झकबीर खड्काको पोखरा लेकसाईडको डेरा कोठामा गई रू.१३,००,०००।- बुझाएको र लिखत कागज गरिदिएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । जाहेरवाला र लिखत साक्षीले एस.बि. आई मार्फत् रकम दिएको भने तापनि एस.बि.आई बैंक मार्फत् रकम दिएको निस्सा/प्रमाण वादीले पेश गरेको अवस्था छैन । म जाहेरवालाले प्रतिवादीको श्रीमतीको नाममा समेत रकम पठाएको भनी अनुसन्धान तहकिकात हुँदा कहीँकतै नखुलेको नयाँ तथ्य बकपत्रमा खुलाएको देखिन आएको छ ।

२३. जाहेरवालाले प्रतिवादीलाई एस.बि.आई मार्फत् रकम दिएको देखिने सोही भौचर वा रसिदको अभावमा रकम लिए दिएको तथ्य स्थापित हुने प्रमाण दावीको लिखत नै हो भनी मान्नुपर्ने देखियो। वादीको अभियोग पत्र साथ पेश भएको उक्त लिखतमा आजको मितिमा रू.१३,००,०००।- बुझी लिएको ठिक साँचो हो भन्ने उल्लेख भएकोमा जाहेरवाला एवम् लिखत साक्षीको बकपत्रबाट रकम पहिले नै लिएको लिखतपछि गराएको भन्ने देखिएकाले आजको मितिमा रकम लिएको भन्ने लिखत बेहोरा खण्डित भएको देखियो। जाहेरी एवम् लिखतबाट उक्त लिखत पोखरामा लेखिएको देखिनेमा जाहेरवाला एवम् लिखत साक्षीको बकपत्रबाट उक्त लिखत काठमाण्डौ नयाँ बसपार्क प्रहरी बिटमा लगी गराएको भन्ने देखियो। जाहेरवाला र प्रतिवादीवीच सद्धे प्रकृतिको कारोवार भएको भए घरसार वा आवश्यकतानुसार कुनै उपयुक्त स्थानमा लिखत लेखिनु र सो सम्बन्धी व्यवहार हुनु स्वाभाबिक हो। प्रतिवादीलाई प्रहरी बिटमा लगी लिखत गराएको भन्ने देखिएबाट प्रहरीको नियन्त्रण वा रोहबरमा गराएको लिखतको वैधता बारे प्रतिवादीको बयान जिकिरमा लेखिएको बेहोरा न्यायको रोहमा मनन गर्नु बान्छनीय हुने देखियो।

२४. प्रस्तुत मुद्दामा जाहेरवालाका कानून व्यवसायीले मिति २०७२।७।१७ मा सामुदायिक प्रहरीमा भएको कागज भनी छुट्टै लिखत कागज निवेदनसाथ दाखिला गरेकोमा उक्त लिखतमा समेत वैदेशिक रोजगारमा न्युजिल्याण्ड लैजाने, रू.१३,००,०००।- लिएको भन्ने उल्लेख भएको देखिन्छ। निवेदनमा सामुदायिक प्रहरीमा भएको कागज भनी उल्लेख गरेको देखिए तापनि मुकाम सामुदायिक सेवा केन्द्र गोगंबु भन्ने लिखतबाटै देखिन्छ। प्रस्तुत मुद्दामा अभियोग पत्र साथ पेश भएको मिति २०७१।७।१०।२ को लिखत र जाहेरवालाका कानून व्यवसायीले मिति २०७७।१०।११ को निवेदनसाथ पेश गरेको लिखतको बेहोरा हुबहु मिलेको देखिन्छ। एउटै विषय वा उद्देश्यका लागि साल-बसाली छुट्टा-छुट्टै लिखत गराउनुको कारण र आधार केही प्रस्तुत भएको छैन। पछिल्लो मितिको लिखत सबुद हुँदाहुँदै सो बेहोरा गुम गरी अघिल्लो मितिको लिखत कारबाहीका लागि पेश गर्नु पर्ने जरिया समेत स्पष्ट नहुनु वा स्पष्ट गर्न नसक्नु न्यायको रोहमा बिचारणीय देखिन्छ।

२५. जाहेरवालाका कानून व्यवसायीले पेश गरेको लिखत मिति २०७२।७।१७ मा लेखिएको देखिएकोमा करीव तीन महिना भित्रै अर्थात मिति २०७२।१०।१४ मा प्रतिवादीको आमाले निज नाउँको जग्गा जाहेरवालालाई राजिनामा गरी हक-हस्तान्तरण गरेको देखिन्छ। प्रतिवादीले बयानका क्रममा जाहेरवालासँगको लेनदेन कारोबार मिलाउन आमाले जाहेरवालालाई जग्गा राजिनामा गरिदिएको हो भनेको देखिन्छ। जाहेरवालाले प्रतिवादी र निजको आमासँगको कारोबार छुट्टा-छुट्टै हो भनेको देखिए तापनि प्रतिवादी छोरासँग दुई थान लिखतको ब्यबहार फछ्यौट हुँन बाँकी हुँदा-हुँदै जाहेरवालाले प्रतिवादीको आमालाई मूल्य तिरी निज नाउँको जग्गा खरिद गरी लिए होलान् भनी मान्न सकिने स्थिति देखिएन।

२६. प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम, घटना वा अवस्थाका सम्वन्धमा भएको तहकिकात वा जाँचवुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने कानूनी व्यवस्था रहेको छ।

माथिका प्रकरणमा भएको विवेचनाबाट वादीका गबाह/जाहेरवाला र लिखत साक्षीले यस न्यायाधिकरणमा गरेको बकपत्र र मौकाको जाहेरी बेहोरा एवम् कागज बेहोरा फरक भई विरोधाभाषपूर्ण देखियो । वादीका साक्षीको बिरोधाभाषयुक्त कथन कानूनत प्रमाणमा ग्राह्य हुने अबस्था देखिएन ।

२७. घरायसी व्यवहार वा व्यापारीक कारोवारमा व्यक्ति-व्यक्ति बीच लिखत गरी रकम लिने दिने गर्नु स्वाभाबिक हो । रकम लिनु, दिनुको उदेश्य धेरै हुन सक्तछन् । रकम लेनदेन हुँदैमा वैदेशिक रोजगारमा पठाउनकै लागि रकम लिएको भन्ने हुन सक्तैन । फौजदारी कसूरमा कार्य (Commission), अकार्य (Omission) एवम् अपराधिक मनसाय (intention) महत्वपूर्ण हुन्छ । लिखत सदैव सत्य हुन्छ भन्ने मान्यतामा न्याय यान्त्रिक हुन जान्छ । लिखतमा लेखियो त्यही सत्य हो भन्दा न्याय पराजित पनि हुन सक्तछ । त्यसैले न्याय निरोपण यान्त्रिक तवरले हुनु हुँदैन भन्ने मान्यता रही आएको छ । लिखतको परीक्षण त्यसको सत्यता मापनको लागि अपरिहार्य हुन्छ । लिखतको सत्यताको मापन त्यसको वैज्ञानिक जाँच वा परीक्षण वा लिखत कसरी, किन र कुन पृष्ठभूमीमा गरेको हो, सो को विश्लेषणबाट पनि हुन सक्तछ । प्रतिवादीले बयानका क्रममा लेनदेन कारोबारमा जबरजस्ती वैदेशिक रोजगारको कागज गराएको हो भनी अन्यथा जिकिर लिएकोमा वादीकै साक्षीको कथनबाट लिखत प्रहरी बिटमा लेखिएको भन्ने देखिन्छ । वादीको अभियोग पत्र साथ मिति २०७१।७।१० लिखत पेश भएकोमा जाहरवालाको कानून व्यवसायीले मिति २०७२।७।१७ को अर्को लिखत समेत पेश गरेको देखिन्छ । एउटै बिषय र प्रयोजनका लागि जहिले पनि जति वटा पनि लिखत खडा गर्न सकिने हो भने त्यस्तो लिखतमा लेखिएको आधारले मात्र फौजदारी कसूर गरेको ठहर गर्न विशेष सतर्कता बर्तनु न्यायको रोहमा बान्छनीय देखियो ।

२८. प्रमाण ऐन, २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीको हुनेछ" भन्ने ब्यवस्था रहेको देखिन्छ । फौजदारी मुद्दामा वादीले अभियुक्तउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन, त्यस्तो अभियोग स-प्रमाण पुष्टि गर्ने दायित्व समेत निर्बाह गर्नुपर्दछ । फौजदारी मुद्दामा शंकाको सुविधा अभियुक्तले पाउने (Benefit of doubt goes to the accused) सर्बमान्य सिद्धान्त समेत रही आएको छ । प्रस्तुत मुद्दामा मौकाको जाहेरी बेहोरा र जाहेरवालाको बकपत्रमा एकरुपता छैन । लिखत साक्षीको मौकाको कागज बेहोरा र बकपत्र बेहोरा समेत फरक-फरक देखिन्छ । लेनदेन व्यबहारमा जबरजस्ती वैदेशिक रोजगारको लिखत गराएको हो भन्ने प्रतिवादीको बयान जिकिर रहेकोमा दावीको लिखत प्रहरी बिटमा गराएको भन्ने वादीका साक्षीको कथन रहेको छ । वादीको अभियोग पत्र साथ लिखत पेश भएकोमा सोही प्रकृतिको अर्को लिखत जाहेरवालाको कानून व्यवसायीले पेश गरेको देखिन्छ । वादीको अभियोजनको मुख्य आधार लिखत प्रमाण रहेकोमा एउटै प्रकृतिका दुई थान लिखत पेश भएको देखिएकाले लिखतको अस्तित्व नै संदिग्ध हुन गएको छ । प्रतिवादी छोरासँगको वैदेशिक रोजगारको कारोवार फर्छयौट हुन बाँकी हुँदा-हुँदै प्रतिवादीको आमासँग मूल्य तिरी जग्गा लिएको भन्ने जाहेरवालाको कथन नै न्यायको रोहमा बिचारणीय देखियो । अत: वस्तुनिष्ठ एवम् विश्वसनीय प्रमाणको अभावमा विरोधाभाषयुक्त कथन र शंकास्पद लिखतको आधारमा मात्र प्रतिवादीले अभियोग दावीको कसूर गरेको भनी भन्न उचित हुने देखिएन ।

२९. अतः, विवेचित उपरोक्त आधार र कारणबाट लिखत बेहोरा र जाहेरवालाको बकपत्र फरक परेको एवम् एउटै विषयमा विभिन्न मितिमा भएका लिखत पेश भएबाट वैदेशिक रोजगार सम्बन्धी कसूर गरेको भन्ने निर्विवाद रुपमा पुष्टि भएको भन्न मिल्ने नदेखिंदा फौजदारी मुद्दामा शंकाको सुविधा प्रतिवादीले पाउने भएकाले वैदेशिक रोजगार ऐन,२०६४ को दफा १० र ४३ को कसूरमा सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाको विगो र हर्जाना भराई पाऊँ भन्ने अभियोग दाबी पुग्न नसकी प्रतिवादी झगवीर खड्काले सफाइ पाउने ठहर्छ । अरु तपसिल बमोजिम गर्नू ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी झगविर खड्काले अभियोग दाबीबाट सफाइ पाउने ठहरेकोले निज प्रतिवादीले यस न्यायाधिकरणमा मिति २०७७।०६।२३ मा ध.र.नं. ३०७ बाट राखेको धरौटी रू.५,००,०००।- (पाँच लाख रूपैयाँ) प्रस्तुत मुद्दा अन्तिम भएपछि उक्त धरौटी रकम फिर्ता पाऊँ भनी प्रतिवादीले ऐनका म्यादभित्र निवेदन दिएमा निजलाई फिर्ता गर्नू भनी यस न्यायाधिकरणको लेखा शाखालाई जानकारी दिनू................. १

उक्त फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी विशेष सरकारी वकील कार्यालय, काठमाडौंलाई पुनरावेदनको म्याद दिनू.. २

प्रस्तुत फैसलाको जानकारी वादी मार्फत् जाहेरवालालाई दिनू............................................................ ३

सरोकारवालाले फैसलाको नक्कल माग गरेमा कानून बमोजिम लाग्ने दस्तुर लिई नक्कल दिनु.................. ४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टी गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू.................................... ५

**रमेश कुमार खत्री**
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ ।

**प्रेमकुमार राई**
(सदस्य)

**फैसला तयार गर्न सहयोग पुऱ्याउने**

शाखा अधिकृतः कृष्णशोभा सुवाल

फैसला मितिः -२०७७।१०।१८।१

**श्री**

**वैदेशिक रोजगार न्यायाधिकरण**

**इजलास**

**माननीय अध्यक्ष श्री रमेशकुमार खत्री**

**सदस्य श्री प्रेम कुमार राई**

**फैसला**

**मुद्दा नं.** ०७६-FT-००७३

**कसूर ठहर नि.नं.८५**

**निर्णय नं.: १३६**

## मुद्दाः वैदेशिक रोजगार कसूर।

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम,थर,वतन |
|---|---|
| दल बहादुर वि.क. को नाती, देवान सिंह वि.क.को छोरा, जिल्ला स्याङ्जा, पुतलीबजार नगरपालिका वडा नं. १२ बस्ने वर्ष ३० को एक बहादुर वि.क. को जाहेरीले नेपाल सरकार...............................१ | सविन वि.क. को नाति, मन बहादुर वि.क. को छोरा, जिल्ला बाग्लुङ्ग, खुङ्गा गा.वि.स., वडा नं.४ परिवर्तित ऐ जिल्ला, ढोरपाटन नगरपालका वडा नं. ४ स्थायी घर भई हाल जिल्ला काठमाडौँ, बुढानिलकण्ठ नगरपालिका, वडा नं.४ वस्ने वर्ष ४५ को रुपलाल वि.क...................................................१ |

**वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकारभित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ।**

**तथ्य खण्ड**

**१. जाहेरी दरखास्तः**

मलाई प्रतिवादी रुपलाल वि.क.ले वैदेशिक रोजगारको लागि कतार पठाई दिने, आर्मी बेस क्याम्पमा क्लिनर पदमा काममा लगाई मासिक तलब ३४०० रियाल हुन्छ, जम्मा खर्च रू.३,५०,०००।- लाग्छ भनेको हुनाले प्रोसेसको लागि रू.३,००,०००।- माग गरेकोमा मिति २०७५।०९।२६ गतेका दिन रू.३,००,०००।- बुझी लिएकोमा मेरो तथा संजय वि.क.को प्रति व्यक्ति तीन लाख रूपैयाँ गरी जम्मा रू.६,००,०००।-को मिति २०७५।१२।१७ गते कागज गरीदिएका हुन्। निज प्रतिवादीले रकम फिर्ता माग्दा ६ महिना समय दिनुहोस्, सम्पूर्ण रकम फिर्ता गर्दछु भनेकोमा राहदानी मात्र फिर्ता गरी रकम फिर्ता नगरेको कार्य वैदेशिक रोजगार ऐन,२०६४ को दफा १० विपरीत भएकोले प्रतिवादीले मसगँ लिएको रू.३,००,०००।- (तीन लाख) र सोको ५० प्रतिशत हर्जना रू.१,५०,०००।- (एक लाख पचास हजार), अभिमुखिकरण तालिम र मेडिकल

खर्च रू.५७,००।-,आतेजाते तथा होटल वास खर्च रू.५०,०००।- समेत गरी जम्मा रू.५,०५,७००।- (पाँच लाख पाँच हजार सात सय) प्रतिवादीबाट दिलाई भराई वैदेशिक रोजगार ऐन,२०६४ को दफा ४३ बमोजिम हदैसम्मको कैद र जरीवाना समेत गरिपाऊँ भन्ने समेत बेहोराको जाहेरी दरखास्त।

२. **सक्कल लिखत कागजः**

जाहेरवाला एक बहादुर वि.क.लाई वैदेशिक रोजगारमा कतार मुलुकमा पठाइदिन्छु भनी जाहेरवाला एक बहादुर वि.क. र संजय वि.क.बाट जनही रू.३,००,०००।- (तीन लाख) बुझिलिएको ठीक हो। उक्त रकम लिए वापत एक बहादुर वि.क. र सञ्जय वि.क.लाई वैदेशिक रोजगारीमा पठाउन नसकेकोले आजका मितिले ६ महिनाभित्र फिर्ता गर्नेछु। यदि सो समयसम्म साँवा व्याज फिर्ता गर्न नसकेमा मेरो चल अचल श्रीसम्पत्तिबाट असुल उपर गर्नू भन्ने समेत बेहोराको सक्कल लिखत बेहोरा।

३. **प्रतिवादी रुपलाल वि.क. को बयानः**

वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति लिएको छैन र कुनै मेनपावर कम्पनीमा समेत काम गर्दिन। जाहेरीमा उल्लेख भए बमोजिम रू.३,००,०००।- लिएको हो । उक्त रकम जाहेरवाला एक बहादुर वि.क.लाई वैदेशिक रोजगारमा कतार पठाउनको लागि लिएको हो। जाहेरवाला एक बहादुर वि.क.ले जाहेरी साथ पेश गरेको मिति २०७५।१२।१७ गतेको लिखत कागज देखाउँदा देखेँ, सो लिखतमा उल्लेख भएको नाम, थर सहीछाप मेरो आफ्नो हो। हेरी सनाखत गरिदिएँ। उक्त कागज उल्लेख भएको रू.६,००,०००।- जाहेरवाला एक बहादुर वि.क.र सञ्जय वि.क.बाट लिएको ठिक हो। जाहेरवालासँग रू.३,००,०००।- मात्र लिएको हो। लिखत पनि आफ्नै राजीखुसिले गरेको हो। कसैको करकापमा गरेको होइन। निज जाहेरवाला एक बहादुर वि.क. मेरो साथीको साथी भएको हुँदा साथी मार्फत् चिनजान भएको हो। जाहेरवालालाई वैदेशिक रोजगारमा कतारको आर्मि बेसक्याम्पमा क्लिनर काममा पठाउनको लागि लिएको हो। जाहेरवालाहरूबाट लिएको रकम मध्ये कुनै पनि रकम फिर्ता गरेको छैन। कानून बमोजिम होस् भन्ने समेत बेहोराको प्रतिवादी रुपलाल वि.क.ले गरेको बयान।

४. **लिखतका साक्षी अमृता सुनारको कागज:**

मिति २०७६।६।५ को जाहेरी दरखास्तको व्यहोरा साँचो हो। प्रतिवादी रुपलाल वि.क.ले जाहेरवालालाई वैदेशिक रोजगारको लागि कतार पठाई आर्मी बेसक्याम्पमा क्लिनर पदमा काममा लगाई दिने झुठ्ठा आश्वासन दिई मासिक तलब ३४०० रियाल हुन्छ भनी प्रलोभन देखाएकोमा बुझ्दा जम्मा खर्च रू.३,५०,०००।- लाग्छ भनेको हुनाले प्रोसेसको लागि रू.३,००,०००।- माग गरेकोमा मिति २०७५।०९।२६ का दिन जाहेरवाला एक बहादुर वि.क. र संजय वि.क.बाट जनही रू.३,००,०००।- बुझिलिई जम्मा रू.६,००,०००।-को मिति २०७५।१२।१७ गते कागज गरिदिएका हुन्। प्रतिवादीले उक्त कागज कसैको करकाप बिना आफ्नो राजिखुसिले गरिदिएका हुन्। लिखत कागजको साक्षी किनारामा मेरो नाम उल्लेख नभए तापनि उक्त लेनदेन हुँदा तथा कागज गर्दाको समयमा म समेत उपस्थित थिएँ। यसरी प्रतिवादीले जाहेरवालासँग

वैदेशिक रोजगारमा पठाउने भनी रकम बुझी वैदेशिक रोजगारमा नपठाएको तथा लिए खाएको रकम समेत फिर्ता नगरेको प्रतिवादीको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरित भएकोले जाहेरवालासँग लिएको रू.३,००,०००।- (तीन लाख) र सोको ५० प्रतिशत हर्जना रू.१,५०,०००।- (एक लाख पचास हजार) अभिमुखिकरण तालिम र मेडिकल खर्च रू.५,७००।-, आतेजाते तथा होटल वास खर्च रू.५०,०००।- समेत गरी जम्मा रू.५,०५,७००।- (पाँच लाख पाच हजार सात सय) प्रतिवादीबाट जाहेरवालालाई दिलाई भराई वैदेशिक रोजगार ऐन,२०६४ को दफा ४३ बमोजिम हदैसम्मको कैद र जरिवाना समेत होस् भन्ने समेत बेहोराको लिखतमा साक्षी अमृता सुनारले गरेको कागज।

५. **श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौंका उपन्यायाधिवक्ता विश्वास सुनुवारबाट मिति २०७६।०६।०८ गते भएको निर्णयः-**

प्रतिवादी रुपलाल वि.क.ले नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति नलिई जाहेरवाला एक बहादुर वि.क.लाई वैदेशिक रोजगारको लागि कतारमा पठाइदिने भनी जाहेरवालाबाट रकम बुझिलिई वैदेशिक रोजगारको झुठ्ठा आश्वासन दिई र प्रलोभन देखाई वैदेशिक रोजगारमा कतारमा पठाउँछु भनी नपठाई जाहेरवाला एक बहादुर वि.क.बाट बुझिलिएको रकम फिर्ता समेत नगरेकोमा निज प्रतिवादी रुपलाल वि.क.को उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसूर देखिंदा निज प्रतिवादी रुपालाल वि.क.लाई ऐ. ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवाला एक बहादुर वि.क.बाट लिए खाएको रकम रू.३,००,०००।- तथा सोको ५० प्रतिशत हर्जानासमेत प्रतिवादी रुपलाल वि.क.बाट जाहेरवाला एक बहादुर वि.क.लाई दिलाई भराई पाउन पाऊँ तथा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को मागदावी समेत लिई वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौँ समक्ष कानून बमोजिम अभियोगपत्र दायर गर्न निर्णय गरिदिएको छ।

६. **अभियोग मागदाबीः**

प्रतिवादी रुपलाल वि.क.ले नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति नलिई जाहेरवालालाई वैदेशिक रोजगारको लागि कतार पठाई दिन्छु भनी आश्वासन तथा प्रलोभन देखाई वैदेशिक रोजगारमा पठाउने उद्देश्यले रकम बुझी लिई वैदेशिक जगारीमा नपठाएको र बुझिलिएको रकम समेत फिर्ता नगरेको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसूर अपराध भएकोले निज प्रतिवादीलाई ऐ. ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाको बिगो रू.३,००,०००।- र सोको ५० प्रतिशत हर्जाना रू.१,५०,०००।- समेत गरी रू.४,५०,०००।- (चार लाख पचास हजार) समेत प्रतिवादी रुपलाल वि.क.बाट जाहेरवालालाई दिलाई भराई पाऊँ। साथै, अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१(३) बमोजिम हुन आउने क्षतिपूर्ति शुल्क पीडित राहत कोषमा जम्मा गराई पाऊँ भन्ने समेत बेहोराको अभियोग दाबी।

७. **प्रतिवादी रुपलाल वि.क.ले यस न्यायाधिकरणमा गरेको बयानः**

मैले जाहेरवालालाई वैदेशिक रोजगारमा कतार मुलुकमा पठाउने भनेर आश्वासन दिएको छैन र विदेश पठाउने भनेर रकम समेत लिएको छैन। मेरो आफन्तहरूले कतारमा राम्रो काम र कमाई गरेको देखेर

जाहेरवाला एक वहादुरको दिदीले मेरो भाइलाई पनि सोही कम्पनीमा पठाई दिनुहोस् भनेर भनेको हुँदा मैले मानिस विदेश पठाउने काम गर्दिन, मानिसहरू विदेश पठाउने एजेन्टसँग चिनजान गराई दिन्छु तपाई आफै कुरा गर्नुहोस् भनेर जाहेरवाला एक बहादुरको दिदीलाई एजेन्ट बल बहादुर लिम्वुसँग चिनजान गराई दिएको हो । एकबहादुर आफैले एजेन्ट बलबहादुरसँग कुराकानी गरी बल बहादुरलाई तीन लाख रूपैयाँ दिएका हुन् । रकम दिई सकेपछि जाहेरवालाको कतारको एप्लाई समेत एजेन्टले गरी कतारको भिसा लागिसकेपछि निज जाहेरवाला आफै वैदेशिक रोजगारमा सो देशमा जान नचाहेर एजेन्टसँग रकम फिर्ता माग गरेका हुन् । जाहेरवालाले रकम फिर्ता माग गरेपछि निज एजेन्ट जाहेरवालासँग सम्पर्कविहिन भएपछि जाहेरवालाले मलाई भेटेर एजेन्टसँग भेट गरी मेरो रकम फिर्ता दिलाई दिनुहोस् भनेकाले मैले एजेन्ट बलबहादुरसँग सम्पर्क गरेकोमा निजसँग सम्पर्क हुन नसकेकाले गर्दा जाहेरवालाले मलाई डरधम्की दिएर जवरजस्ती वैदेशिक रोजगारको लिखत कागजमा सहीछाप गर्न लगाएका हुन् । निज जाहेरवालालाई एजेन्ट फरार भएपनि मलाई तिमीले जवरजस्ती कागज गराई हाल्यौ म थुनामा वस्नु भन्दा म तिमीलाई रकम नै फिर्ता दिन्छु केही समय देउ भनेकोमा निजले नमानेर म विरुद्ध झुट्ठा जाहेरी दिएका हुन् । जाहेरी साथ पेश भएको लिखतमा भएको सहीछाप मेरो भए तापनि उक्त लिखतमा भएको बेहोरा मेरो होइन । जाहेरवालाले डरधम्की दिई जबरजस्ती गरी लिखतमा सहीछाप गराएका हुन् । मैले डरधम्की दिई वैदेशिक रोजगारको लिखत कागज गराए उपर कहीँकतै उजुर गरेको छैन । मैले अभियोग दाबीको कसूर नगरेको हुँदा अभियोग दाबीबाट सफाइ दिलाई पाऊँ भन्ने समेत बेहोराको प्रतिवादी रुपलाल वि.क.ले यस न्यायाधिकरणमा गरेको बयान ।

**८. यस न्यायाधिकरणबाट मिति २०७६।०६।०९ मा भएको थुनछेक तथा प्रमाण मुकरर आदेश:**

पछि प्रमाण बुझ्दै जाँदा ठहरे वमोजिम हुने गरी हाल यी प्रतिवादी रुपलाल वि.क.बाट मुद्दाको पूर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र दफा ७२ बमोजिम रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) धरौट, जमानत वा बैंक जमानत लिई तारेखमा राख्नु र माग भएको धरौट, जमानत वा बैंक जमानत दिन नसकेमा ऐ. संहिताको दफा ६८(२) बमोजिम कानून बमोजिम सिधा खान पाउने गरी थुनुवा पूर्जी दिई थुनामा राख्न कारागार कार्यलयमा पठाई दिनु । प्रस्तुत मुद्दामा प्रतिवादी चुक्ता भएकोले वादी र प्रतिवादीका साक्षीहरू बुझी नियमानुसार गरी पेश गर्नू भन्ने समेत बेहोराको यस न्यायाधिकरणबाट मिति २०७६।०६।०९ मा भएको आदेश ।

**९. जाहेरवाला एकबहादुर वि.क.ले यस न्यायाधिकरणमा गरेको बकपत्र:**

प्रतिवादी रुपलाल वि.क.ले मलाई वैदेशिक रोजगारको लागि कतार देशमा अमेरिकन बेसक्याम्प भित्र क्लिनरको काममा पठाउने भनी रू.३,००,०००।- नगदै रकम बुझी लिएको हो । सुरुमा जम्मा खर्च एक जना बराबर तीन लाख पचास हजार लाग्छ भनी भनेकोमा मैले र मेरो गाउको भाई संजय वि.क. दुई जनाले गरी रू.६,००,०००।- रकम बुझाएको हो र निज प्रतिवादीले ६ लाखको कागज समेत गरिदिएको हो । निज प्रतिवादीले मलाई वैदेशिक रोजगारमा पठाउन नसकेपछि आफ्नै राजीखुशीले वैदेशिक रोजगारको लिखत

कागज बनाई दिएको हो। प्रतिवादीले मलाई नेपाल भन्दा बाहिर कतै पनि पठाएको छैन। हालसम्म मैले कुनै पनि रकम फिर्ता पाएको छैन। प्रतिवादीले अभियोग मागदावी बमोजिम कसूर गरेको हुनाले निजलाई हदैसम्मको कैद र मेरो विगो रकम र सोको पचास प्रतिशत हर्जान रकम दिलाई भराई पाऊँ। संजय वि.क.ले पनि वैदेशिक रोजगारको लागि भनी रकम बुझाएको तर निज संजय वि.क. वैदेशिक रोजगारको लागि विदेश गएको हुनाले जाहेरी दिन नसकेको हो। निज संजय वि.क.ले समेत यी प्रतिवादी रुपलाल वि.क. बाट रकम भराई पाउनुपर्छ भन्ने समेत बेहोराको जाहेरवाला एकबहादुर वि.क.ले यस न्यायाधिकरणमा गरेको बकपत्र

**१०. यस न्यायाधिकरणबाट मिति २०७६।०८।१८ मा भएको आदेश:**

वादी पक्षको अभियोग पत्रको सबुद प्रमाण खण्डको देखे महलमा उल्लेखित साक्षी अमृता सुनारलाई बकपत्रको लागि उपस्थित गराएको नदेखिँदा निजलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ वमोजिम म्याद जारी गरी बुझी नियमानुसार पेश गर्नु। यिनै प्रतिवादी भएको फौ.मु.नं. ०७६-FT-००७४ को मुद्दा साथै राखि पेश गर्नु भन्ने समेत बेहोराको यस न्यायाधिकरणबाट मिति २०७६।०८।१८ मा भएको आदेश।

**११. यस न्यायाधिकरणबाट मिति २०७७।०९।०७ मा भएको आदेश:**

जाहेरवाला एक बहादुर वि.क.ले प्रतिवादी रुपलाल वि.क. को नाउँमा दर्ता स्रेस्ता कायम रहेको जग्गाहरू रोक्का राखी पाऊँ भनी निवेदन गरेकोमा जाहेरवालाले उल्लेख गरेका जग्गाहरू कसको नाउँमा रहेको र कुनै निकायबाट रोक्का रहे नरहेको बारेमा खुलाई पठाई दिनका लागि आदेश भए बमोजिम मालपोत कार्यालय बुर्तीवाङ जवाफ प्राप्त भएकोमा उक्त निवेदन इजलासमा पेश गरी निकासा दिनुपर्ने देखिएकाले नियमानुसार गरी पेश गर्नु भन्ने समेत बेहोराको यस न्यायाधिकरणबाट मिति २०७७।०९।०७ मा भएको आदेश।

**१२. यस न्यायाधिकरणबाट मिति २०७७।०९।१७ मा भएको आदेश:**

निवेदनमा उल्लेखित रुपलाल वि.क.का नाउँमा दर्ता रहेको बाग्लुक जिल्ला खुङ्गा गा.वि.स., वडा नं.६ कि.नं.९३ र ४७३ तथा ऐ.वडा नं.५ कि.नं.१४३, १५४ र १६५ का जग्गाहरू कुनै किसिमले बिक्री वितरण हक हस्तान्तरण गर्न नपाउने गरी मुलुकी फौजदारी कार्यविधि नियमावली,२०७५ को नियम ९२ बमोजिम रोक्का राखी दिएको छ। सम्बन्धित मालपोत कार्यालयमा रोक्काको लागि लेखी पठाउनू भन्ने समेत बेहोराको यस न्यायाधिकरणबाट मिति २०७७।०९।१७ मा भएको आदेश।

**१३. कसूर ठहर:**

प्रतिवादी रुपलाल वि.क.ले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत नलिई जाहेरवालालाई वैदेशिक रोजगारीमा कतार पठाई दिन्छु भनी झुट्टा आश्वासन दिई प्रलोभनमा पारी रकम लिई वैदेशिक रोजगार ऐन,२०६४ को दफा १० र ४३ को कसूर गरेको ठहर्छ। प्रतिवादीलाई सोही दफा बमोजिम हुने सजाय, निजबाट भराई दिनपर्ने विगो एवम् हर्जाना र क्षतिपूर्ति शुल्क समेतको सुनुवाइको लागि फौजदारी कसूर

(सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा १२ बमोजिम दुबै पक्षबाट सजायपूर्वको प्रतिवेदन लिई मिति २०७७।१०।२० मा इजलास समक्ष पेश गर्नू भन्ने समेत बेहोराको मिति २०७७।१०।१२ को कसूर ठहर।

**१४. सजाय पूर्वको प्रतिवेदन:**

प्रतिवादी रुपलाल वि.क.ले नियोजित ढङ्गले नै जाहेरवालाबाट पैसा असुली वैदेशिक रोजगारीको नाममा ठगी गरेको देखिन्छ। प्रतिवादीको साविति बयानबाट पनि निजको कसूरप्रति फौजदारी र देवानी दायित्व दुबै स्थापित हुन आउँछ। प्रतिवादीले जाहेरवालालाई कतार पठाई दिने प्रलोभनमा पारी लोभलालच देखाई लिखत कागजमा भए अनुसारको भाखा बमोजिमको रोजगारमा नपठाई झुक्यानका पारी जाहेरवालालाई ठगी गर्ने मनसायले पूर्व योजना बनाई रकम बुझी लिई खाएको देखिन्छ। जाहेरवालाको बेरोजगारी व्यक्तिगत बाध्यताको नाजायज फाइदा उठाई र निजहरूको निम्न चेतनाको स्तर र सोझोपनको फाइदा उठाई प्रतिवादीले कतार पठाई दिन्छु र राम्रो काममा लगाई दिन्छु भनी झुठ्ठो आश्वासन र आर्थिक प्रलोभन देखाई जाहेरवालाबाट रकम असुलेको देखिन्छ। प्रतिवादीबाट जाहेरवालाको विगो रकम रू.३,००,०००।- र सोको ५०% ले हुने हर्जाना रकम रू.१,५०,०००।- समेत जम्मा रू.४,५०,०००।- (चार लाख पचास हजार रूपैयाँ) समेत वैदेशिक रोजगार ऐन,२०६४ को दफा ४३ बमोजिम भराई दिन उपयुक्त हुने देखिन्छ भन्ने समेत बेहोराको विशेष सरकारी वकील कार्यालय काठमाडौँको सजायपूर्वको प्रतिवेदन।

**ठहर खण्ड**

१५. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट विशेष सरकारी वकील कार्यालय काठमाडौँका विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ गौतमले प्रतिवादी रुपलाल वि.क.ले जाहेरवालालाई वैदेशिक रोजगारीका लागि कतार पठाई दिने झुठ्ठा आश्वासन र प्रलोभन देखाई रकम लिएको भन्ने जाहेरी बेहोरा, लिखत प्रमाण र जाहेरवालाको बकपत्रबाट पुष्टि भएको हुँदा प्रतिवादीलाई अभियोग दाबी बमोजिम सजाय गरी जाहेरवालाको बिगो र हर्जाना दिलाई पाऊँ भनी गर्नुभएको बहस समेत सुनियो। त्यस्तै जाहेरवालाको तर्फबाट विद्वान अधिवक्ता श्री विरबलकाजी राईले जाहेरी बेहोरा, लिखत प्रमाण र जाहेरवालाको बकपत्रबाट प्रतिवादी उपरको अभियोग पुष्टि भएको हुँदा प्रतिवादीलाई दावी बमोजिम सजाय गरी मेरो पक्षको बिगो र हर्जाना दिलाई पाऊँ भनी गर्नुभएको बहस समेत सुनियो।

१६. यसमा वादी नेपाल सरकार तर्फबाट प्रतिवादी रुपलाल वि.क.ले वैदेशिक रोजगार व्यवसाय गर्न पाउने ईजाजतपत्र नलिई जाहेरवाला एक बहादुर वि.क.लाई वैदेशिक रोजगारीका लागि कतार पठाउँछु भनी झुट्टा आश्वासन दिई प्रलोभन देखाई रकम लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेकाले सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाको बिगो रू.३,००,०००।- र सोको ५० प्रतिशत हर्जाना समेत दिलाई भराई पाउन अभियोग दावी लिएकोमा प्रतिवादी रुपलाल वि.क.ले निज

उपरको अभियोग दावी बारे यस न्यायाधिकरणमा बयान गर्दा जाहेरवालालाई वैदेशिक रोजगारीका लागि कतार पठाई दिने भनी रकम लिएको छैन । मेरो आफन्तले कतारमा काम गर्दै राम्रो कमाइ गरेको देखेर जाहेरवालाको दिदीले मेरो भाइलाई पनि कतार पठाई दिनु भनी भनेकोमा म मानिस विदेश पठाउने काम नगर्ने हुनाले एजेन्ट बलबहादुर लिम्बुसँग चिनजान गराई दिएको हो । जाहेरवाला स्वयंले एजेन्टसँग सम्पर्क गरी कतार जानका लागि तीन लाख रूपैयाँ बुझाएका हुन् । तर कतारको भिसा लागिसकेपछि जाहेरवालाले कतार जान मन नगरी एजेन्टसँग रकम माग गरेको र रकम फिर्ता नगरी फरार भएपछि मलाई पक्राउ गरी जबरजस्ती लिखतमा सही गराएका हुन् । मैले जाहेरवालाबाट रकम नलिएको भएपनि रकम फिर्ता गर्छु भनी केही समय मागेकोमा निजले नमानेर म विरुद्ध झुट्टा जाहेरी दिएका हुन् भन्ने समेत बेहोरा लेखाएको देखिन्छ ।

१७. उपरोक्त अभियोग दाबी, प्रतिवादीको बयान र विद्वान् उपन्यायाधिवक्ताको बहस सुनी प्रस्तुत मुद्दामा देहायका प्रश्नको निरोपण गर्नुपर्ने देखियो ।

क. प्रतिवादी रुपलाल वि.क.ले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमतिपत्र नलिई रोजगारीका लागि जाहेरवालालाई कतार पठाई दिने भनी रकम लिई अभियोग दाबीको कसूर गरेका हो ? होइन ?

ख. प्रतिवादीले अभियोग दाबी बमोजिमको कसूर गरेको भए निजलाई के कति सजाय हुनुपर्ने हो ? र जाहेरवालाले के कति बिगो र हर्जाना भरी पाउने हो ?

१८. सम्बद्ध मिसिल अध्ययन गरी प्रथम पश्नको निरोपणतर्फ विचार गर्दा, प्रतिवादी रुपलाल वि.क.ले जाहेरवाला एकबहादुर वि.क.लाई वैदेशिक रोजगारीका लागि कतारको आर्मी बेस क्याम्पमा क्लिनर र मार्केटिङ डिपार्टमा पठाउँछु भनी झुट्टा आश्वासन दिई प्रलोभन देखाई रू.३,००,०००।- (तीन लाख रूपैयाँ) लिई वैदेशिक रोजगारमा नपठाएको र रकम समेत फिर्ता नगरेकाले कारबाही गरी बिगो र हर्जाना दिलाई भराई पाऊँ भन्ने जाहेरी परि अनुसन्धान तहकिकात हुँदा बुझिएकी लिखत साक्षी अमृता सुनारले प्रतिवादी रुपलाल वि.क.ले जाहेरवालालाई वैदेशिक रोजगारको लागि मासिक तलब ३४०० रियाल पाउने कतारको आर्मी बेसक्याम्पमा क्लिनर पदमा काममा लगाई दिने झुट्टा आश्वासन रू.३,००,०००।- जाहेरवालाबाट लिई मिति २०७५।१२।१७ को कागज गरिदिएका हुन् भन्ने समेत बेहोरा लेखाएको देखिन्छ ।

१९. प्रतिवादी यस न्यायाधिकरणमा बयान गर्दा इन्कार रहे तापनि मौकामा बयान गर्दा वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति लिएको छैन । जाहेरीमा उल्लेख भएको रू.३,००,०००।- वैदेशिक रोजगारमा कतारको आर्मि बेसक्याम्पमा क्लिनरमा पठाउनको लागि लिएको हो । जाहेरवाला एक बहादुर वि.क.ले जाहेरी साथ पेश गरेको मिति २०७५।१२।१७ को लिखत कागज देखाउँदा देखेँ, सो लिखतमा उल्लेख भएको नाम, थर सहीछाप मेरो आफ्नो हो । हेरी सनाखत गरिदिएँ । उक्त कागजमा उल्लेख भएको रू.६,००,०००।- जाहेरवाला एक बहादुर वि.क.र सञ्जय वि.क.बाट लिएको ठिक हो । जाहेरवालासँग रू.३,००,०००।- मात्र लिएको हो । लिखत आफ्नै राजीखुसिले गरेको हो । कसैको करकापमा गरेको होइन । जाहेरवालाको

रकम फिर्ता गरेको छैन, कानून बमोजिम होस् भन्ने समेत बेहोरा उल्लेख गरी सावित रहेको देखिन्छ ।

२०. वादीको गबाह/जाहेरवाला एकबहादुर वि.क.ले म र सञ्जय वि.क. भाइले प्रतिवादी रुपलाल वि.क.लाई जनही रू.३,००,०००।- नगदै बुझाएकोमा दुबै कारोवारका लागि एउटै लिखत गरेको हो । निजले भने बमोजिम विदेश नपठाएको र रकम पनि फिर्ता नगरेको भनी मौकाको जाहेरी बेहोरा समर्थन गरी प्रतिवादी उपर गडाउ गरी यस न्यायाधिकरणमा बकपत्र गरेको देखिन्छ ।

२१. प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने व्यवस्था रहेकाले वादीका गबाह/जाहेरवालाले वैदेशिक रोजगारको कसूर गरेको भनी मौकाको जाहेरी बेहोरा खम्बीर हुने गरी बकपत्रमा लेखाएको उपरोक्त बेहोरा प्रतिवादीका विरुद्ध प्रमाणमा ग्राह्य हुने देखियो।

२२. वादीले अभियोगपत्र साथ पेश गरेको लिखतबाट एकबहादुर वि.क.बाट रुपलाल वि.क.ले रू.३,००,०००।- लिएको भन्ने देखिन्छ । प्रतिवादी रुपलाल वि.क.ले उक्त लिखत बारे बयान गर्दा जाहेरवालाले जबरजस्ती गरी उक्त लिखतमा सहीछाप गराएको भन्ने जिकिर लिए तापनि बस्तुनिष्ठ आधार प्रस्तुत गरी अन्यथा प्रमाणित गर्न सकेको देखिंदैन ।

२३. प्रमाण ऐन, २०३१ को दफा ७ (ग) मा "कुनै घटना मानिसहरूको आचरण वा काम-कारोवारको सामान्य क्रम बिचार गर्दा तर्कसँगत रूपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको पाइन्छ । कुनै पनि साधारण समझ भएको मानिसले अकारण फौजदारी कसूर लाग्ने वा आर्थिक दायित्व ब्यहोर्ने तबरले अरूलाई कुनै लिखत गरी दिने अबस्था रहने हुँदैन । लिखत गरिदिनेले जानी बुझी नै लिखतमा सहीछाप गरेको हुन्छ भन्ने स्वाभाबिक रूपमा न्यायिक अनुमान गरिने हुन्छ । त्यसमा पनि प्रस्तुत मुद्दामा प्रतिवादीले लिएको जिकिर अन्यथा प्रमाणित गर्न साक्षीसम्म गुजारेको अबस्था नहुँदा प्रमाण मूल्याङ्कनको सन्दर्भमा प्रतिवादीले जाहेरवालाहरूले भने बमोजिमको जरियाबाट अभियोग दावीको लिखत गरी दिएको रहेछ भनी निष्कर्षमा पुग्नु बान्छनीय हुने देखियो ।

२४. लिखत प्रमाणका हकमा प्रमाण ऐन, २०३१ को दफा ३५ मा "कुनै लिखत वा लिखतमा उल्लेख भएको कुरा सो लिखत नै पेश गरी प्रमाणित गर्नुपर्छ" भन्ने व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा प्रमाणको रूपमा सक्कल लिखत नै पेश भएकाले सो लिखत प्रतिवादीका विरूद्ध प्रमाणमा ग्राह्य हुनेमा अन्यथा देखिएन ।

२५. यसरी प्रतिवादी उपरको किटानी जाहेरी, जाहेरवालाले प्रतिवादीलाई रकम दिएको लिखत र जाहेरवालाको बकपत्र बेहोरा समेतबाट प्रतिवादी रुपलाल वि.क.ले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत प्राप्त नगरी जाहेरवालालाई वैदेशिक रोजगारीमा कतार पठाई दिने भनी प्रलोभनमा पारी विश्वास दिलाई रकम लिई वैदेशिक रोजगार सम्बन्धी व्यवसाय गरी तत्सम्बन्धी कसूर गरेको पुष्टि भएको देखियो ।

२६. अतः विवेचित उपरोक्त आधार र कारणबाट प्रतिवादी रुपलाल वि.क.ले वेदेशिक रोजगार व्यवसाय गर्ने इजाजतपत्र नलिई जाहेरवालालाई वेदेशिक रोजगारको लागि कतार पठाई दिने भनी झुट्टा आश्वासन दिई प्रलोभनामा पारी रकम लिई वैदेशिक रोजगार ऐन,२०६४ को दफा १० र ४३ बमोजिमको कसूर गरेको ठहर्छ।

## सजाय निर्धारण

२७. प्रतिवादी रुपलाल वि.क.लाई के कति सजाय हुने हो र जाहेरवालाले प्रतिवादीबाट के कति विगो रकम भराई लिन पाउने हो भन्ने दोश्रो पश्नको सम्बन्धमा बिचार गर्दा, यस मुद्दामा प्रतिवादी रुपलाल वि.क.ले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ को कसूर गरेको ठहर भएकोमा विशेष सरकारी वकील कार्यालय काठमाडौँबाट पेश भएको सजाय पूर्वको प्रतिवेदन समेत अध्ययन गरी हेरियो । प्रतिवादीलाई पीडितको बिगो समेतको आधारमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना र १(एक) वर्ष ६(छ) महिना कैद गर्न मनासिब हुने देखियो ।

२८. वादीले जाहेरवालालाई रू.३,००,०००।- र सोको पचास प्रतिशत हर्जाना रकम भराई दिन दावी लिएकोमा लिखतमा रू.३,००,०००।- लिएको भन्ने उल्लेख हुनको साथै जाहेरवालाले समेत सोही बमोजिम बकपत्र गरेको देखिंदा दावीको रू.३,००,०००।- र सो को पचास प्रतिशतले हुने हर्जाना समेत जाहेरवालाले भराई पाउने देखियो।

२९. अत: उपरोक्त आधार र कारणबाट प्रतिवादी रुपलाल बि.क.लाई वैदेशिक रोजगार ऐन,२०६४ को दफा ४३ बमोजिम जरिवाना रू.१,५०,०००।- (एक लाख पचास हजार) र १(एक) वर्ष ६ (छ) महिना कैद हुने ठहर्छ। जाहेरवाला एकबहादुर वि.क.को विगो रू.३,००,०००।- (तीन लाख) र सो बिगोको पचास प्रतिशतले हुने हर्जाना रू.१,५०,०००।- (एक लाख पचास हजार) समेत प्रतिवादी रुपलाल वि.क.बाट भराई पाउने ठहर्छ। प्रतिवादीलाई ठहर भएको उपरोक्त जरिवानाको चार प्रतिशतले हुन आउने रकम अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१(५) बमोजिम क्षतिपूर्ति शुल्क कोषमा जम्मा हुने समेत ठहर्छ। प्रतिवादी रुपलाल वि.क.ले तारेख गुजारी बसेको देखिंदा निजले पूर्पक्षका क्रममा राखेको धरौटी मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ७५ बमोजिम जफत हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी रुपलाल वि.क.लाई जरिवाना रू.१,५०,०००।- (एक लाख पचास हजार) र १(एक) वर्ष ६ (छ) महिना कैद हुने ठहरेकोले निज प्रतिवादी रुपलाल वि.क. मिति २०७६।०५।३० मा पक्राउ परी मुद्दा अनुसन्धान तथा पूर्पक्षका क्रममा मिति २०७६।०६।२८ सम्म हिरासतमा रहेको देखिँदा सो अवधिको २८ (अठाइस) दिन ठहरेको कैदमा कट्टा गरी बाँकी कैद १।५।२ (एक वर्ष पाँच महिना दुई दिन) र जरिवाना रू.१,५०,०००।- बेरुजु हुँदा लगत कसी असुल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू............१

प्रतिवादी रुपलाल वि.क.ले ध.र.नं.२००, मिति २०७६।०६।२९ मा राखेको धरौटी रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जफत हुने ठहरेकोले उक्त धरौटी सदरस्याहा गरी राजश्वमा दाखेल गर्नु भनी लेखा शाखामा

लेखी पठाउनू.................................................................................................................................... २

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादी रुपलाल वि.क.बाट जाहेरवालाले विगो रू.३,००,०००।- (तीन लाख रूपैयाँ) र सोको पचास प्रतिशतले हुने हर्जाना रकम रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) समेत गरी जम्मा रू.४,५०,०००।- (चार लाख पचास हजार रूपैयाँ) भराई पाउने ठहरेकोले प्रस्तुत फैसला अन्तिम भएपछि जाहेरवालाले प्रतिवादीको चल अचल सम्पति देखाई कानून बमोजिम हर्जाना सहितको बिगो भराई पाऊँ भनी निवेदन दिए फैसलाले ठहरे बमोजिमको उपरोक्त बिगो र हर्जाना प्रतिवादी रुपलाल वि.क.बाट जाहेरवालालाई भराई दिनू भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू........................................ ३

प्रतिवादी रुपलाल वि.क.लाई ठहर भएको प्रकरण १ को जरिवानाको चार प्रतिशत रू.६,०००।- (छ हजार रूपैयाँ) अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१(५) बमोजिम क्षतिपूर्ति शुल्क पीडित कोषमा जम्मा गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू ........................................................................... ४

जाहेरवालाको विगो एवम् हर्जाना भरी भराउको प्रयोजनार्थ मुद्दा अन्तिम फैसला भएको जानकारी जाहेरवाला एकबहादुर वि.क.लाई दिनू.......................................................................................................... ५

उक्त फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू.......................................... ६

प्रस्तुत फैसला विद्युतीय प्रति सूचना प्रविधिमा अभिलेख सुरक्षित गरी पीठमा जनाउनू ............................ ७

सरोकारवालाले नक्कल माग गरेमा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ५३ को प्रक्रिया पुरा गरी प्रमाणित प्रतिलिपि दिनू................................................................................... ८

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टी गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू.................................... ९

**रमेश कुमार खत्री**
(अध्यक्ष)

उक्त रायमा सहमत छु।

**प्रेम कुमार राई**
(सदस्य)

**फैसला तयार गर्न सहयोग पुऱ्याउने**
शाखा अधिकृतः कृष्णशोभा सुवाल
फैसला मितिः- २०७७।१०।२०।३

**श्री**

**वैदेशिक रोजगार न्यायाधिकरण**

**इजलास**

**माननीय अध्यक्ष श्री रमेशकुमार खत्री**

**सदस्य श्री प्रेमकुमार राई**

**फैसला**

मुद्दा नं. ०७७-FT-००२५

**कसूर ठहर नं.-** ८७

निर्णय नं. **१४०**

## मुद्दाः वैदेशिक रोजगार कसूर ।

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| भरत बहादुर बि.सि.को छोरा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३४ वस्ने पवन बुढाथोकी.......................................................१<br>खिमानन्द भण्डारीको छोरा रुपन्देही जिल्ला, दयानगर गा.वि.स वडा नं. १ वस्ने सन्तोष भण्डारी...............१<br>टिका प्रसाद अधिकारीको छोरा झापा जिल्ला, गौरादह गा.वि.स.वडा.नं.२ वस्ने रामप्रसाद अधिकारीको जाहेरीले नेपाल सरकार ......................................१ | चन्द्र शेखर गौतमको नाति मुक्ति नाथ गौतमको छोरा काभ्रेपलाञ्चोक जिल्ला कार्त्तिके देउराली गा.वि.स वडा नं.३ स्थायी घर भई भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका वडा नं.१३ मा अस्थायी वस्ने पित्तप्रसाद गौतम..............................१<br>बल भद्र श्रेष्ठको नाति राम बहादुर श्रेष्ठको छोरा काभ्रेपलाञ्चोक जिल्ला सस्यूखर्क गा.वि.स वडा नं.१ स्थायी वस्ने सुरेशकुमार श्रेष्ठ भन्ने सुर्यकुमार श्रेष्ठ.......................................................१ |

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार भित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ ।

**१. जाहेरवाला पवन बुढाथोकी समेतको जाहेरी दरखास्तः–**

विपक्षी पित्तप्रसाद गौतम समेतले हामी जाहेरवालाहरू पवन बुढाथोकी, सन्तोष भण्डारी, राम प्रसाद अधिकारी समेतलाई वैदेशिक रोजगारको लागि अष्ट्रेलिया देश पठाईदिन्छु भनी रकम बुझिलिई सम्झौता बमोजिम नगरी लिए खाएको रकम समेत फिर्ता नगरेको हुँदा निज प्रतिवादीलाई पक्राउ गरी विगो र सो को ५०% ले हुने हर्जाना रकम समेत फिर्ता दिलाई भराई पाऊँ भन्ने समेत व्यहोराको पवन बुढाथोकी, रामप्रसाद अधिकारी र सन्तोष भण्डारीले मिति २०७३/०२/१३ मा संयुक्त रुपमा दिएको जाहेरी दरखास्त ।

२. **सक्कल लिखत कागजः–**

पित्तप्रसाद गौतमले पवन बुढाथोकी, सन्तोष भण्डारी र राम प्रसाद अधिकारीलाई सुरेशकुमार श्रेष्ठ मार्फत् अष्ट्रेलियाको पानी जाहाज पाँच तारे होटलमा कम लगाई दिने भनी पवन बुढाथोकी, सन्तोष भण्डारी र राम प्रसाद अधिकारीबाट जनहि रू. १५,००,०००।- का दरले बुझि लिई मिति २०७१/१०/२७ मा गरिदिएको लिखत।

३. **प्रतिवादी पित्तप्रसाद गौतमले अनुसन्धानका क्रममा गरको बयानः-**

मिति २०७१/१०/२७ को सक्कल लिखत कागजमा भएको सहिछाप मेरो हो, तर जाहेरी साथ पेश भएको मिति २०७१/१०/२७ को सक्कल लिखत कागजमा मलाई जवरजस्ती सहिछाप गराएको हो। जवरजस्ती कागज गराए उपर मैले कँहि कतै उजर वाजुर गरेको छैन भन्ने समेत व्यहोराको प्रतिवादी पित्तप्रसाद गौतमले अनुसन्धानका क्रममा मिति २०७३/०२/१३ मा गरेको बयान।

४. **वैदेशिक रोजगार विभागबाट भएको निणर्य पर्चाः-**

प्रतिवादी पित्तप्रसाद गौतमबाट रू. ६७,५०,०००।- नगद वा धरौटी मागी दाखीला गरे बुझी लिई साधारण तारेखमा राख्ने दाखिला गर्न नसकेमा थुनामा राखी मुद्दाको थप अनुसन्धान गर्ने गरी वैदेशि रोजगार ऐन, २०६४ को दपा ६१ (३) बमोजिम वैदेशिक रोजगार विभागबाट मिति २०७३/०९/०६ मा भएको आदेश।

५. **लिखत कागजका साक्षी देवी प्रसाद अधिकारीले गरेको कागजः-**

जाहेरवालाहरू पवन बुढाथोकी, सन्तोष भण्डारी, राम प्रसाद अधिकारी र प्रतिवादी पित्तप्रसाद गौतम विच वैदेशिक रोजगारको लागि अष्ट्रेलियाको पानी जहाज पाँच तारे होटलमा कामलागाई दिने उद्देश्यले जनही रू.१५,००,०००।– (पन्ध्र लाख) का दरले जम्मा रू. ४५,००,०००।- लेनदेन भएको हो। प्रतिवादी पित्तप्रसाद गौतमले रकम लिई सम्झौता बमोजिम नगरी वैदेशिक रोजगारमा नपठाई लिए खाएको रकम समेत फिर्ता नगरेको ठिक साँचो हो भन्ने समेत लिखत साक्षी देवी प्रसाद अधिकारीले अनुसन्धानका क्रममा गरेको कागज।

६. **लिखत कागजका साक्षी भरत बहादुर बि.सी.ले गरेको कागजः-**

जाहेरवालाहरू पवन बुढाथोकी, सन्तोष भण्डारी, राम प्रसाद अधिकारी र प्रतिवादी पित्तप्रसाद गौतम विच वैदेशिक रोजगारको लागि अष्ट्रेलियाको पानी जहाज पाँच तारे होटलमा कामलागाई दिने उद्देश्यले जनही रू. १५,००,०००।– (पन्ध्र लाख) का दरले जम्मा रू. ४५,००,०००।- लेनदेन भएको हो। प्रतिवादी पित्तप्रसाद गौतमले रकम लिई सम्झौता बमोजिम नगरी वैदेशिक रोजगारमा नपठाई लिए खाएको रकम समेत फिर्ता नगरेको ठिक साँचो हो भन्ने समेत व्यहोराको लिखत कागजका साक्षी भरत बहादुर बि.सी.ले सनाखत कागज।

## ७. बिष्णु प्रसाद खरेलले गरेको कागजः-

जाहेरवालाहरू पवन बुढाथोकी, सन्तोष भण्डारी, राम प्रसाद अधिकारी र प्रतिवादी पित्तप्रसाद गौतम विच वैदेशिक रोजगारको लागि अष्ट्रेलियाको पानी जहाज पाँच तारे होटलमा काम लगाई दिने उद्देश्यले जनही रू.१५,००,०००।– (पन्ध्र लाख) का दरले जम्मा रू.४५,००,०००।- लेनदेन भएको हो। प्रतिवादी पित्तप्रसाद गौतमले रकम लिई सम्झौता बमोजिम नगरी वैदेशिक रोजगारमा नपठाई लिए खाएको रकम समेत फिर्ता नगरेको ठिक साँचो हो भन्ने समेत व्यहोराको बुझिएका ब्यक्ति बिष्णुप्रसाद खरेलले अनुसन्धानका क्रममा गरेको काग।

## ८. जाहेरवाला पवन बुढाथोकीको निवेदनः-

प्रतिवादीले हामी जाहेरवालाहरू पवन बुढाथोकी, सन्तोष भण्डारी, राम प्रसाद अधिकारी समेतलाई वैदेशिक रोजगारको लागि भारत हुँदै अष्ट्रेलिया पठाउने उद्देश्यले जनही रू.१५,००,०००।- का दरले जम्मा रू. ४५,००,०००।- लिएका हुन्। जाहेरवाला राम प्रसाद अधिकारी हाल अमेरिका रहेको र सन्तोष भण्डारी खुट्टा भाचेकोले उपचार भई रहेको हुँदा यस विभाग समक्ष उपस्थित नभएको व्यहोरा अनुरोध छ। हामी जाहेरवालाहरूलाई प्रतिवादी पित्तप्रसाद गौतमले काठमाडौबाट भारतको दिल्ली बसमा लिएर गएको हो रू.४०००।- जनहीका दरले जम्मा रू.१२,०००।- खर्च भयो।भारतको दिल्लीमा १ महीना अल्पत्र राख्दा जनही रू. ६०,०००।- का दरले जम्मा रू.१८०,०००।- खर्च भयो । भारतको दिल्लीबाट नेपाल आएको हो र सो को खर्च प्रतिवादी आफैले गरेको हो। प्रतिवादी पित्तप्रसाद गौतमसँगैका अर्का सुरेशकुमार श्रेष्ठ काभ्रेपलाञ्चोक जिल्ला हो भन्ने जानकारी प्रतिवादी पित्तप्रसाद गौतमले सुनाएको हो, पित्तप्रसाद गौतम र सुरेशकुमार श्रेष्ठ भएको फोटो थान-१ यसै निवेदन साथ पेश गरेको व्यहोरा अनुरोध छ। हाम्रो थप खर्च जनही रू. ६४,०००।- का दरले जम्मा रू.१९२,०००।- प्रतिवादीबाट भराई पाऊँ, साथै दुई वर्ष पहिलेको घटना भएको हुँदा हामीसँग खर्चको कुनै विल भर्पाई छैन भन्ने समेत व्यहोराको जाहेरवाला पवन बुढाथोकीले अनुसन्धानका क्रममा पेश गरेको निवेदन।

## ९. प्रतिवादी पित्तप्रसाद गौत्तमले अनुसन्धानका क्रममा गरेको ततिम्वा बयानः-

जाहेरवाला पवन बुढाथोकी समेतले निवेदन साथ पेश गरेको फोटो थान -१ देखेँ हेरेँ सो फोटोमा भएको व्यक्ती म पित्तप्रसाद गौतम र जाहेरी तथा मेरो बयानमा उल्लेखीत सुरेशकुमार श्रेष्ठ हो। सुरेशकुमार श्रेष्ठले जाहेरवालाहरू पवन बुढाथोकी समेत–३ सँग र मसँग समेत रकम लिई सके पछि निज सुरेशकुमार श्रेष्ठको त्यस बखत एकिन वतन थाहा नभएकोले प्रमाणको लागि हामीहरूले फोटो खिचेका हौ। यो भारतको दिल्लीमा खिचेको फोटो हो। सुरेशकुमार श्रेष्ठको एकिन वतन हाल मलाई थाहा भएको हुँदा सो समेत उल्लेख गर्दछु। बल भद्र श्रेष्ठको नाति राम बहादुर श्रेष्ठको छोरा काभ्रेपलाञ्चोक जिल्ला सस्यूखर्क गा.वि.स वडा नं.१ स्थायी वस्ने अन्दाजी वर्ष ४० को सुरेशकुमार श्रेष्ठ भन्ने सुर्यकुमार श्रेष्ठ हो। जाहेरवालाहरू पवन बुढाथोकी समेत-३ र मसँग समेत रकम लिई वैदेशिक रोजगारमा अष्ट्रेलिया पठाई दिने भनी रकम असुल

गर्ने यी सुरेशकुमार श्रेष्ठ भन्ने सुर्यकुमार श्रेष्ठ भएको हुँदा यी व्यक्तीलाई प्रकाउ गरी कारवाही गरी पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी पित्तप्रसाद गौतमले अनुसन्धानका क्रममा गरेको ततिम्वा बयान।

**१०. विशेष सरकारी वकील कार्यालय, काठमाण्डौंबाट भएको निर्णयः**

मिसिल संलग्न रहेको जाहेरी दरखास्त, सो साथ संलग्न टिकट, राहदानी प्रतिलिपी प्रतिवादी पित्तप्रसाद गौतमको बयान, पीडित जाहेरवाला पवन बुढाथोकीको निवेदन, लिखत कागजको साक्षीहरू देवी प्रसाद अधिकारी, भरत बहादुर बि. सी.ले गरेको कागज, प्रतिवादी पित्तप्रसाद गौतमको ततिम्वा बयान, विष्णु प्रसाद खरेलको कागज समेतका मिसिलमा संलग्न आधार प्रमाणहरूबाट निज प्रतिवादीहरू पित्तप्रसाद गौतम र सुर्यकुमार श्रेष्ठ समेतले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरितको कसूर अपराध भए गरेको देखिएकोले निज प्रतिवादीहरू पित्तप्रसाद गौतम, सुरेशकुमार श्रेष्ठ भन्ने सुर्यकुमार श्रेष्ठलाई ऐ. ऐनको दफा ४३ बमोजिम सजाय गरी पाउन र प्रतिवादीहरू पित्तप्रसाद गौतम, सुरेशकुमार श्रेष्ठ भन्ने सुर्यकुमार श्रेष्ठले पीडितहरू पवन बुढाथोकी, सन्तोष भण्डारी, राम प्रसाद अधिकारीबाट लिए खाएको विगो रकम र सो विगोको ५०% ले हुन आउने हर्जाना रकम समेत प्रतिवादी पित्तप्रसाद गौतम र सुरेशकुमार श्रेष्ठ भन्ने सुर्यकुमार श्रेष्ठबाट पीडितहरू/जाहेरवालाहरू पवन बुढाथोकी, सन्तोष भण्डारी, राम प्रसाद अधिकारीलाई दिलाई भराई पाउन, साथै जाहेरीमा खुलेका व्यक्तीहरू कुमार श्रेष्ठ, निशा श्रेष्ठ गौतम, यज्ञ सुवेदी, माधव सुवेदीको हकमा स्पष्ट सम्लग्नता सहित एकिन वतन खुलि आएको वखत कानून वमोजिम गर्ने गरी मागदावी लिई मुद्दा दायर गर्ने गरी विशेष सरकारी वकील कार्यालय, काठमाण्डौंबाट भएको निर्णय।

**११. अभियोग दावीः**

प्रतिवादीहरू पित्तप्रसाद गौतम र सुरेशकुमार श्रेष्ठ भन्ने सुर्यकुमार श्रेष्ठले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरितको कसूर अपराध भए गरेको देखिएकोले निज प्रतिवादीहरू पित्तप्रसाद गौतम र सुरेशकुमार श्रेष्ठ भन्ने सुर्यकुमार श्रेष्ठलाई ऐ. ऐनको दफा ४३ बमोजिम सजाय गरी पाउन र प्रतिवादीहरू पित्तप्रसाद गौतम, सुरेशकुमार श्रेष्ठ भन्ने सुर्यकुमार श्रेष्ठले पीडितहरू पवन बुढाथोकी, सन्तोष भण्डारी, राम प्रसाद अधिकारीबाट लिए खाएको कुल विगो रू. ४५,००,०००।- (पौचालिस लाख रूपैयाँ) र सो विगोको ५०% ले हुन आउने हर्जाना रकम समेत प्रतिवादीहरू पित्तप्रसाद गौतम र सुरेशकुमार श्रेष्ठ भन्ने सुर्यकुमार श्रेष्ठबाट पीडितहरू/जाहेरवालाहरू दिलाई भराई पाऊँ भन्ने समेत बेहोराको वादी नेपाल सरकारको अभियोग दावी।

**१२. प्रतिवादी पित्तप्रसाद गौतमले यस न्यायाधिकरणमा गरेको बयानः**

मैले जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि अष्ट्रेलिया पठाइ दिन्छु भनी भनेको छैन। मैले निजहरूसँग रकम समेत लिएको छैन। मलाई लागेको आरोप झुठ्ठा हो। जाहेरवाला पवनकुमार वुढाथोकी समेतले मेरो रकम प्रतिवादी सुरेशकुमार श्रेष्ठलाई दिएको हो। जाहेरवाला पवन वुढोथोकी समेतले जवरजस्ती गरी करकापसँग कागज गरेको हो। उक्त कागजमा उल्लेखित रकम मैले लिएको छैन। तिम्रो पनि पैसा गएको

छ, हाम्रो पनि पैसा आउछ भनी जाहेरवाला पवन वुढाथोकीले भनेपछि मलाई खाली कागजमा सहीछाप गराएको हो। पछिबाट सो कागजमा के व्यहोरा लेख थाहा भएन। विश्वासमा मैले सहीछाप गरेको हो। मैले करकापसँग कागज गराएकोमा कही कतै मुद्दा दिएको छैन। मैले जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि विदेश पठाइ दिन्छु भनी रकम लिएको छैन। जाहेरवालाहरूले जबरजस्तीसँग खाली कागजमा सहीछाप गराई कागज वनाएको हो। म सिधा सादा मानिस भएकोले पैसा उठाउनको लागि मेरो नाउँबाट कागज बनाई मुद्दा दिएको होला। मैले वैदेशिक रोजगार विभागका अनुसन्धान अधिकृत समक्ष गरेको बयान व्यहोरा ठीक साँचो हो। कुनै चिनजान नभएर पैसा असुल गर्ने उद्देश्यले मलाई समेत राखी उक्त फोटो खिचिएको हो। ततिम्वा बयान ठीक साँचो हो। भारत बहादुर बि.सी. देवी प्रसाद अधिकारीले वैदेशिक रोजगार विभागमा जानकारी गराएको निवेदन साथ पेश गरिएका कागजातहरू गलत हो। मैले जाहेरवालासँग कुनै रकम लिएको छैन। विदेश पठाइ दिन्छु भनी भनेको समेत छैन। मलाई सजाय हुनु पर्ने होइन। मैले जाहेरवालाहरूसँग रकम लिएको नहुँदा मबाट निज जाहेरवालाहरूले रकम भराइ पाउनु पर्ने होइन भन्ने समेत बेहोराको प्रतिवादी पित्तप्रसाद गौतमले यस न्यायाधिकरणमा गरेको बयान।

१३. **यस न्यायाधिकरणबाट मिति २०७३/०९/२४ मा भएको आदेशः**

तत्काल प्रमाणहरूबाट यी प्रतिवादी पित्तप्रसाद गौतमले आरोपित कसूर गरेको होइन भनी विश्वास गर्ने मनासिव आधारहरू विद्यमान नदेखिदा पछि प्रमाण वुझ्दै जाँदा ठहेर बमोजिम हुने गरी हाल मुद्दा पुर्पक्षको लागि यी प्रतिवादी पित्तप्रसाद गौतमबाट मुलुकी ऐन, अ.व.११८ नं. को देहाय दफा ५ र १० का आधारमा हाललाई नगद धरौट रू. १०,००,०००।- (दश लाख) वा सो बराबरको जेथा जमानी दिए लिई तारेखमा राख्नु र दिन नसके कानून बमोजिम सिधा खान पाउने गरी मुलुकी ऐन, अ.वं.१२१ नं. बमोजिमको थुनुवा पुर्जि दिई थुनामा राख्न कारागार कार्यालयमा पठाई दिनु भनी यस न्यायाधिकरणओबाट भएको आदेश।

१४. **प्रतिवादी सुरेशकुमार श्रेष्ठ भन्ने सुर्यकुमार श्रेष्ठले म्याद गुजारी वसेकाः**

प्रतिवादी सुरेशकुमार श्रेष्ठ भन्ने सुर्यकुमार श्रेष्ठका नाममा यस न्यायाधिकरणबाट जारी भएको म्याद मिति २०७३/१०/१२ मा निजको घर दैलोमा टाँस तामेल भएकोमा कानूनका म्याद भित्र हाजिर नभई सुरू म्याद गुजारी वसेको मिसिलबाट देखिन्छ।

१५. **यस न्यायाधिकरणबाट मिति २०७३/१२/१६ मा भएको आदेशः**

उपस्थित प्रतिवादीको साक्षी निजै मार्फत् र अभियोग पत्रको प्रमाण खण्डमा उल्लेखित जाहेरवालाहरूलाई बकपत्रको लागि विशेष सरकारी वकील कार्यालय मार्फत् उपस्थित गराउन लगाई निजहरूको बकपत्र गरी नियमानुसार पेश गर्नु भनी यस न्यायाधिकरणबाट भएको आदेश।

१६. **प्रतिवादी पित्तप्रसाद गौतमक साक्षी शिव अधिकारीले यस न्यायाधिकरणमा गरेको बकपत्र :**

यी प्रतिवादी वैदेशिक रोजगार गर्ने मान्छे होइनन्। यी सामान्य मजदुरी गर्ने मान्छे हुन् कोही कसैसँग वैदेशिक

रोजगारमा पठाइदिन्छु भनी रकम लिएका छैनन् । यी जाहेरवालाहरूले प्रतिवादी पित्तप्रसाद गौतमलाई झुक्याइ जाहेरी दरखास्त दिनका लागि नै कागज गरेको हुन् । उनी आफै पनि सूर्यकुमार क्षेष्ठबाट ठगिएका पीडित व्यक्ति हुन् । यी जाहेरवालाहरू प्रतिवादी भन्दा शिक्षित भइ विदेशमा समेत बसी आएका मान्छेहरू हुन् । यी प्रतिवादी पित्तप्रसाद गौतमले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी रकम लिएको नहुँदा अभियोग दावी बमोजिम सजाय पाउनु पर्ने होइन । सफाइ पाउनु पर्छ भन्ने समेत बेहोराको प्रतिवादी पित्तप्रसाद गौतमका साक्षी शिव अधिकारीले मिति २०७४/०१/०७ मा यस न्यायाधिकरणमा गरेको बकपत्र ।

१७. **यस न्यायाधिकरणबाट मिति २०७४/०२/२४ मा भएको आदेशः**

वादी पक्षले जाहेरवालाहरू पवन वुढाथोकी, सन्तोष भण्डारी, राम प्रसाद अधिकारी समेतलाई बकपत्रका लागि उपस्थित गराएको नदेखिँदा निजहरूलाई अ.बं ११५ नं. बमोजिम म्याद जारी गरी झिकाई बुझी नियम अनुसार पेश गर्नु भनी यस न्यायाधिकरणबाट भएको आदेश ।

१८. **जाहेरवाला पवन बुढाथोकीले यस न्यायाधिकरणमा गरेको बकपत्रः**

मैले वैदेशिक रोजगारको लागि अष्ट्रेलिया मूलुकमा पानी जहाजमा काम गर्न जान भनी मिति सन् २०१५ फेव्रुअरी ९ मा नयाँ दिल्लीको करुलबाग भन्ने ठाउँमा शुरेसकुमार श्रेष्ठलाई हातैमा रू. ७,५०,०००।- (सात लाख पचास हजार रूपैयाँ) र २०७१/१०/२७ मा पित्तप्रसाद गौतमलाई हातैमा नगद रू. ७,५०,०००।- (सात लाख पचास हजार रूपैयाँ) एअरपोर्टमा दिएको हो । म र अरु जाहेरवालाहरू रामप्रसाद अधिकारी र सन्तोष भण्डारी गरी ३ जनाले संयुक्त रुपमा जम्मा जनही १५ लाखको दरले ४५ लाख रूपैयाँ दिएको र सोही अनुसारको कागज २०७१/१०/२७ मा एअरपोर्ट नजिकै वसेर गरेको छौँ । प्रतिवादीहरूले भने अनुसारको काम गरेनन् । नेपाल बाहिर कुनै मुलुकमा लगेनन् । मैले कुनै रकम फिर्ता पाएको छैन । सो जाहेरीको व्यहोरा ठिक साँचो हो । सही छाप मेरो आफ्नै हो । मैले रकम पित्तप्रसादलाई रकम दिएको देखिने कागज मिसिलमा छ । सो रकम मैले मेरो घर जग्गा वेचेर लिएको हो । मैले १५ लाख रूपैयाँ मिति २०७१/१०/२७ मा मेरो बुवा भरत बहादुर वि.सी., देवीप्रसाद अधिकारी समेतको रोहवरमा एअरपोर्टको पार्किङमा वुझाएको हो । वानेश्वर मेरो घरमा हामी सवै भेला भएका हौँ तर रकम चाहीँ एअरपोर्टमा गएर दिएको हो भन्ने समेत बेहोराको जाहेरवाला पवन बुढाथोकीले मिति २०७४/०४/१२ मा यस न्यायाधिकरणमा गरेको बकपत्र ।

१९. **जाहेरवाला सन्तोष भण्डारी र रामप्रसाद अधिकारी उपस्थित नभएकाः**

जाहेरवाला सन्तोष भण्डारी र रामप्रसाद अधिकारीका नाममा यस न्यायाधिकरण तत्काल प्रचलित मुलुकी ऐन, अदालति बन्दोस्तको ११५ नं. बमोजिम म्याद जारी भएकोमा म्याद भित्र यस न्यायाधिकरणमा बकपत्रका लागि उपस्थित नभई म्याद गुजारी बसेको मिसिलबाट देखिन्छ ।

२०. **यस न्यायाधिकरणबाट मिति २०७४/०९/०२ मा भएको आदेशः**

वहस क्रममा प्राप्त मुद्दाका प्रतिवादी पित्तप्रसाद गौतम वादी विरुद्ध पवन वुढाथोकी प्रतिवादी भई सम्वत २०७३ सालको PC-२६७८ नं. को करकाप मुद्दा काठमाडौँ जिल्ला अदालतमा चलिरहेको भन्ने तारिख पर्चाको प्रतिलिपी प्रतिवादीका कानून व्यवसायीले पेश गर्नुभएकोले उल्लेखित मुद्दा के कस्तो अवस्थामा छ सो मुद्दामा पेश भएको फिरादपत्रको प्रतिलिपी समेत झिकाई पेश गर्नु भनी यस न्यायाधिकरणबाट भएको आदेश।

२१. **यस न्यायाधिकरणबाट मिति २०७४/११/१५ मा भएको आदेशः-**

प्रस्तुत मुद्दाका प्रतिवादी पित्तप्रसाद गौतम वादी तथा प्रस्तुत मुद्दाका जाहेरवाला पवन बुढाथोकी समेत प्रतिवादी भै काठमाडौँ जिल्ला अदालतमा करकाप मुद्दा ०७३-PC-२६७८ दायर भै विचराधीन रहेको भन्ने काठमाडौँ जिल्ला अदालतको च.नं. ४४०३ मिति २०७४/०९/२५ को पत्रबाट देखिएको हुँदा प्रस्तुत मुद्दा र उक्त मुद्दा अन्तरप्रवाही रहेको देखिंदा उक्त ०७३-PC-२६७८ को करकाप मुद्दाको फैसला भएपछि जगाउने गरी प्रस्तुत मुद्दा हाललाई मुलुकी ऐन, अ.वं. १२ नं. बमोजिम मुलतवीमा राखीदिएको छ। उक्त मुद्दाको फैसला भए पश्चात अविलम्व फैसलाको प्रतिलिपिसहित जानकारी यस न्यायाधिकरण पठाईदिनू भनी काठमाडौँ जिल्ला अदालतमा लेखी पठाउनू भनी यस न्यायाधिकरणबाट भएको आदेश।

२२. **पवन बुढाथोकीले यस न्यायाधिकरणमा पेश गरेको निवेदनः-**

यस न्यायाधिकरणको आदेशले काठमाडौँ जिल्ला अदालतमा चलेको ०७३-PC-२६७८ को करकाप मुद्दा टुङ्गो लागे पछि जगाउने गरी मुल्तबीमा मुद्दा रहेको थियो। उक्त करकाप मुद्दा काठमाडौँ जिल्ला अदालतबाट मिति २०७६/०५/१२ मा फिराद दावी खारेज हुने गरी फैसला भएको छ। मिति २०७६/०९/०६ मा उच्च अदालत पाटन ललितपुरबाट सुरु सदर हुने गरी भएको फैसला अन्तिम भएको छ। उक्त फैसलाको छायाँकपीहरू यसै साथ पेश गरेका छु। तसर्थ मुलतवी जगाई मुद्दा पुर्पक्ष गरी पाऊँ भन्ने समेत बेहोराको मिति २०७६/११/२७ मा पवन बुढाथोकीले यस न्यायाधिकरणमा पेश गरेको निवेदन।

२३. **यस न्यायाधिकरणबाट मिति २०७७/०६/०४ मा भएको आदेशः -**

मुलतवीबाट जगाई पाऊँ भनी जाहेरवाला पवन बुढाथोकीले दिएको निवेदन सहितको मिसिल अध्ययन गरी हेर्दा यीनै प्रतिवादी पित्तप्रसाद गौतम वादी तथा जाहेरवाला पवन बुढाथोकी समेत भएको करकाप मुद्दा काठमाडौँ जिल्ला अदालत दायर भएको र सो करकाप मुद्दा टुङ्गो लागि आएका वखत प्रस्तुत मुद्दा जगाई बाँकी कारवाही र किनारा गर्ने यस न्यायाधिकरण मिति २०७४/११/१५ मा मुलतवी रहेकोमा काठमाडौँ जिल्ला अदालत दायर भएको उपरोक्त करकाप मुद्दा मिति २०७५/०५/१२ मा फैसाला भएको प्रमाणित प्रतिलिपि र उच्च अदालत पाटनबाट शुरु सदर हुने गरी मिति २०७६/०९/०६ मा फैसाला भएको प्रमाणित प्रतिलिपि मिसिल संलग्न पेश भएको देखिंदा प्रस्तुत मुद्दा मुलतवीबाट जगाइदिइएको छ। मूल दायरीमा

दर्ता गरी मुलतवी रहँदाको अवस्थामा रुजु हाजिर रहेका प्रतिवादीका नाममा दिन ७ (सात) को जनाउ म्याद जारी गरी यो आदेशको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौँलाई दिई नियामानुसार गर्नु भनी यस न्यायाधिकरणबाट भएको आदेश।

२४. **यस न्यायाधिकरणबाट मिति २०७७/०८/१६ मा भएको आदेशः-**

यिनै प्रतिवादी र जाहेरवालाहरू बीच चलेको ०७३-PC-२६७८ नं. को करकाप मुद्दाको मिसिल काठमाडौँ जिल्ला अदालतबाट झिकाई आएपछि पेश गर्नू भनी यस न्यायाधिकरणबाट भएको आदेशानुसार काठमाण्डौ जिल्ला अदालतबाट उल्लिखित सक्कल मिसिल प्राप्त भइ साथै रहेको।

२५. **यस न्यायाधिकरणबाट भएको कसूर ठहरः-**

प्रतिवादी पित्तप्रसाद गौतम र सुरेशकुमार श्रेष्ठ भन्ने सूर्यकुमार श्रेष्ठले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत नलिई जाहेरवाला पवन बुढाथोकीलाई वैदेशिक रोजगारीमा अष्ट्रेलिया पठाई दिन्छौ भनी झुठ्ठा आश्वासन दिई प्रलोभनमा पारी रकम लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेको ठहर्छ। प्रतिवादीहरूलाई सोहि दफा ४३ बमोजिम हुने सजाय निजहरूबाट भराउनु पर्ने विगो र हर्जाना समेतको सुनुवाईको लागि फौजदारि कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १२ बमोजिम दुवै पक्षबाट सजाय पूर्वको प्रतिवेदन लिई इजलास समक्ष पेश गर्नु भनी मिति २०७७/१०/१२ मा यस न्यायाधिरणबाट भएको कसूर ठहर।

२६. **अधिवक्ता डा. कुन्साङ लामाबाट प्राप्त सजाय पूर्वको प्रतिवेदनः-**

प्रस्तुत मुद्दामा प्रतिवादी पित्तप्रसाद गौतम परिबन्दको कारणबाट मात्र प्रतिवादी कायम हुन पुगेको अवस्था, कसूर गर्दाको अवस्था, निजको मानसिक अवस्था, पारिवारिक, यस अघिको पृष्ठभूमी समेतलाई मध्यनजर राखि निजलाई न्यूनतम सजाय गर्दा पनि न्यायको मकसद पुरा हुने देखिने हुँदा सोही बमोजिम निजलाई न्यूनतम सजाय गरी कैद बापतको रकम तिर्न पाऊँने सुविधा समेत प्रतिवादीले पाएमा न्यायोचित नै हुने हुँदा सोही बमोजिम प्रतिवादी पित्त प्रसाद गौतका कानून ब्यवसायी अधिवक्ता डा. कुन्साङ लामाबाट मिति २०७७/१०/१९ मा यस न्यायाधिकरणमा पेश गरेको सजाय पूर्वको प्रतिवेदन।

२७. **विशेष सरकारी वकील कार्यालय काठमाण्डौबाट प्राप्त सजाय पूर्वको प्रतिवेदनः-**

प्रस्तुत मुद्दा गम्भिर प्रकृतिको फौजदारी कसूर भएकोले प्रतिवादीहरूले जाहेरवालाहरूलाई अष्ट्रेलियामा पठाइदिने प्रलोभन र लोभ लालच देखाई लिखित कागजमा भए अनुसारको भाखा बमोजिमको रोजगारमा नपठाई झुक्यानमा पारी जाहेरवालाहरूलाई ठगी गर्ने मनसायले पूर्व योजना वनाई रकम वुझिलिई खाएको देखिन्छ। प्रतिवादीहरूले कसैको दवाव, प्रभावमा परी वाध्यात्मक रुपमा जाहेरवालाहरूबाट रकम लिएको र कुनै परिस्थितका कारण जाहेरवालाहरूलाई गन्तव्य मुलुकमा पठाउन नसकेको र पठाउन नसकेको कारण सहित रकम फिर्ता गर्न चाहेको, पहल गरेको तथा फिर्ता गरेको नदेखिएको हुँदा प्रतिवादीहरू पूर्ण रुपमा

दोषी देखिन्छन। प्रस्तुत मुद्दामा जाहेरवालाहरूको विश्वासको दुरुपयोग गरी नियोजित तरिकाले कसूर गरेको देखिन्छ। उल्लेखित आधारबाट प्रतिवादीहरूलाई अधिक्तम सजाय गर्नुपर्ने देखिन्छ। सजायको निर्धारणको उद्देश्य परिपूर्ति हुने गरी, निज प्रतिवादीहरूले गरेको कार्यबाट पीडितलाई परेको हानी नोक्सानी, समुदायलाई पुग्ने असर समेत प्रतिवादीहरूलाई अनुभुत गराउने गरी आफ्नो खराव कार्य प्रति पश्चाताप गराउने गरी तथा अन्य व्यक्तिहरूलाई पनि यस प्रकारको कसूर गर्नबाट हतोत्साहीत गर्ने गरी प्रस्तुत मुद्दामा प्रतिवादीहरूलाई कानूनद्धारा निर्धारित उपल्लोहदको सजाय गरी दावी बमोजिमको पीडित जाहेरवालाहरूको विगो तथा हर्जाना समेत प्रतिवादीबाट भराउनु पर्ने मनासिव देखिन्छ भन्ने समेत बेहोराको विशेष सरकारी वकील कार्यालय काठमाण्डौबाट मिति २०७७/१०/२० मा प्राप्त सजाय पूर्वको प्रतिवेदन।

**ठहर खण्ड**

२८. नियम बमोजिम साप्ताहिक दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्धान उपन्यायाधिवक्ता श्री दशरथ गौतमले प्रतिवादीहरूले वैदेशिक रोजगार व्यवसाय गर्ने ईजाजतपत्र नलिई जाहेरवालाहरूलाई वैदेशिक रोजगारीका लागि अष्ट्रेलिया पठाई दिने भनी विश्वास दिलाई रकम लिएको, भने बमोजिम वैदेशिक रोजगारमा नपठाएको र रकम समेत फिर्ता नगरेको भनी प्रतिवादीहरू उपर परेको जाहेरीलाई जाहेरवालाको बकपत्र र लिखत प्रमाणले पुष्टि गरेको हुँदा प्रतिवादीहरूलाई अभियोग दावी बमोजिम सजाय गरी जाहेरवालाको विगो र हर्जाना रकम समेत दिलाई भराई पाऊँ समेत भनी गर्नु भएको बहस सुनियो।

२९. त्यस्तै प्रतिवादी पित्तप्रसाद गौतमको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री डा. कुन्साङ लामाले मेरो पक्षले जाहेरवालालाई वैदेशिक रोजगारिमा अष्ट्रेलिया पठाइ दिने भनी कुनै प्रकारको प्रलोभन देखाई झुक्यानमा पारेका छैनन्। मेरो पक्षले जाहेरवालालाई वैदेशिक रोजगारीमा पठाउने भनी जाहेरवालाले भने बमोजिमको रकम लिएको नभई सुरेशकुमार श्रेष्ठ भन्ने सुर्यकुमार श्रेष्ठले मेरो पक्षलाई समेत अष्ट्रेलिया पठाइ दिने भनी झुक्यानमा पारेका हुन् । मेरो पक्ष समेत सुरेशकुमार श्रेष्ठ भन्ने सुर्यकुमार श्रेष्ठको ठगीमा परी पीडित भई निर्दोष भएको हुँदा अभियोग दावीबाट सफाई पाउनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो।

३०. यसमा वादी नेपाल सरकारका तर्फबाट प्रतिवादी पित्तप्रसाद गौतम र सुरेशकुमार श्रेष्ठ भन्ने सुर्यकुमार श्रेष्ठले वैदेशिक रोजगार व्यवसाय गर्न पाउने ईजाजत नलिई जाहेरवालाहरू पवन बुढाथोकी, सन्तोस भण्डारी र रामप्रसाद अधिकारीलाई वैदेशिक रोजगारीका लागि अष्ट्रेलिया पठाई दिने भनी झुट्टा आश्वासन दिई प्रलोभन देखाई रकम लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेका हुँदा प्रतिवादीहरूलाई सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाहरूको जम्मा बिगो रू. ४५,००,०००।- (पौचालिस लाख रूपैयाँ) र सो को ५० प्रतिशतले हुने हर्जाना समेत दिलाई भराई पाउन अभियोग दावी लिएकोमा प्रतिवादी पित्तप्रसाद गौतमले यस न्यायाधिकरणमा समेत बयान गर्दा, मैले जाहेरवालाहरूलाई वैदेशिक रोजगारको

लागि अष्ट्रेलिया पठाइ दिन्छु भनी भनेको छैन। निजहरूसँग रकम समेत लिएको छैन। मलाई लागेको आरोप झुठ्ठा हो। जाहेरवाला पवनकुमार वुढाथोकी समेतले मेरो रकम प्रतिवादी सुरेशकुमार श्रेष्ठलाई दिएको हो। जाहेरवाला पवन वुढोथोकी समेतले जवरजस्ती गरी करकापसँग कागज गरेको हो। उक्त कागजमा उल्लेखित रकम मैले लिएको छैन। तिम्रो पनि पैसा गएको छ, हाम्रो पनि पैसा आउँछ भनी जाहेरवाला पवन वुढाथोकीले भनेपछि विश्वासमा मैले सहीछाप गरेको हो। मैले करकापसँग कागज गराएकोमा कही कतै मुद्दा दिएको छैन। मलाई सजाय हुनु पर्ने होइन भन्ने समेत बेहोरा लेखाएको देखिन्छ। प्रतिवादी सुरेशकुमार श्रेष्ठ भन्ने सुर्यकुमार श्रेष्ठका नाममा यस न्यायाधिकरणबाट जारी भएको समाह्वान म्याद मिति २०७३/१०/१२ मा निजको घर दैलोमा टाँस गरी तामेल भएकोमा हाजिर हुन नआई म्याद गुजारी बसेको देखियो।

३१. उपरोक्त अभियोग दावी, प्रतिवादी पित्तप्रसाद गौतमको बयान र दुवै पक्षका कानून ब्यवसायीको बहस जिकिर समेत रहेको प्रस्तुत मुद्दामा देहायका पश्नहरूको निरोपण गर्नु पर्ने देखियो।

(क) प्रतिवादी पित्तप्रसाद गौतम र सुरेशकुमार श्रेष्ठ भन्ने सुर्यकुमार श्रेष्ठले वैदेशिक रोजगार ब्यबसाय गर्ने इजाजत प्राप्त नगरी जाहेरवालालाई वैदेशिक रोजगारीमा अष्ट्रेलियापठाई दिने भनी प्रलोभनमा पारी विश्वास दिलाई रकम लिई अभियोग दावीको कसूर गरेको हो, होईन ?

(ख) प्रतिवादीहरूले अभियोग दाबीको कसूर गरेको भए निजहरूलाई के कति सजाय हुने हो ? र अभियोग दावी बमोजिम जाहेरवालाको विगो र हर्जाना भराई दिनु पर्ने हो, होईन ?

३२. सम्बद्ध मिसिल अध्ययन गरी प्रथम पश्नको निरोपण तर्फ बिचार गर्दा, प्रतिवादीहरू पित्तप्रसाद गौतम र सुरेशकुमार श्रेष्ठ भन्ने सूर्यकुमार श्रेष्ठले जाहेरवाला पवन बुढाथोकी, सन्तोष भण्डारी र रामप्रसाद अधिकारीलाई वैदेशिक रोजगारीका लागि अष्ट्रेलियामा पठाउँछु भनी झुट्टा आश्वासन दिई प्रलोभन देखाई जाहेरवालाहरूसँग जनही रू १५,००,०००|- (पन्ध्र लाख रूपैयाँ) का दरले जम्मा रू.४५,००,०००|– (पैचालिस लाख रूपैयाँ) बुझी लिई वैदेशिक रोजगारमा नपठाएको र रकम समेत फिर्ता नगरेको भनी प्रतिवादी उपर कारबाहीका लागि किटानी जाहेरी परी सोही आधारमा अनुसन्धान प्रकृया अगाडि बढेको देखिएको यस मुद्दामा प्रतिवादी पित्तप्रसाद गौतमले अनुसंधान अधिकृत समक्ष बयान गर्दा मिति २०७१/१०/२७ को सक्कल लिखत कागजमा भएको सहिछाप मेरो हो, तर मलाई जवरजस्ती सहिछाप गराएको हो। जवरजस्ती कागज गराए उपर मैले कँहि कतै उजुर वाजुर गरेको छैन भन्ने समेतका बेहोरा लेखाएको र यस न्यायाधिकरणमा बयान गर्दा समेत निज प्रतिवादी पित्तप्रसाद गौतमले आरोपित कसूरमा इन्कार रहि बयान गरेको देखिन्छ। प्रस्तुत मुद्दामा दावीको मिति २०७१/१०/२७ को लिखत करकापबाट गराएको भनी प्रतिवादीको जिकिर रहेकोमा निजले प्रस्तुत मुद्दाका जाहेरवालाहरू समेतलाई प्रतिवादी बनाई काठमाण्डौ जिल्ला अदालतमा दायर गरेको करकाप मुद्दा खारेज हुने गरी मिति २०७५/०५/१२ मा भएको फैसला सदर हुने ठहरी उच्च अदालत पाटनबाट मिति २०७६/०९/०६ मा फैसला भई अन्तिम भएको देखिँदा प्रतिवादी पित्तप्रसाद गौतमको बयान जिकिर बमोजिम लिखत अन्यथा प्रमाणित भएको

देखिन आयो। प्रतिवादी सुरेशकुमार श्रेष्ठ भन्ने सुर्यकुमार श्रेष्ठका नाममा यस न्यायाधिकरणबाट जारी भएको समाह्वान म्याद मिति २०७३/१०/१२ मा निजको घर दैलोमा टाँस तामेल भएकोमा हाजिर हुन नआई म्याद गुजारी बसेको देखिन्छ । प्रतिवादी सुरेशकुमार श्रेष्ठ भन्ने सुर्यकुमार श्रेष्ठले अभियोग दावीको कसूर नगरेको भए निजले प्रस्तुत मुद्दाको प्रतिरक्षा गर्नु स्वाभाबिक देखिन्छ। समाह्वान म्याद नै गुजारी बसेको अबस्थाबाट निज प्रतिवादी कानून बमोजिम आफ्नो निर्दोषिताको प्रमाण पेश गर्ने अवसर प्रति उदाशिन समेत रहेको देखिन्छ। यसबाट प्रतिवादीले कसूर स्वीकार गरी बसेको मान्नु पर्ने हुन्छ।

३३. वादीले अभियोग पत्रसाथ पेश गरेको लिखत हेर्दा, पित्तप्रसाद गौतमले सुरेशकुमार श्रेष्ठ मार्फत् वैदेशिक रोजगारका लागि अष्ट्रेलिया पठाउन भनी पवन बुढाथोकी, सन्तोष भण्डारी र रामप्रसाद अधिकारीबाट जनही रू. १५,००,०००।- (पन्ध्र लाख रूपैयाँ) का दरले जम्मा रू. ४५,००,०००।- बुझिलिएको हो भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा ७ (ग) मा "*कुनै घटना मानिसहरूको आचरण वा काम-कारोवारको सामान्य क्रम बिचार गर्दा तर्कसँगत रूपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्न सक्नेछ*" भन्ने ब्यबस्था रहेको छ। कुनै पनि साधारण समझ भएको मानिसले अकारण फौजदारी कसूर लाग्ने वा आर्थिक दायित्व ब्यहोर्ने तबरले अरूलाई कुनै लिखत गरी दिने अबस्था रहने हुँदैन । लिखत गरिदिनेले जानी बुझी नै लिखतमा सहीछाप गरेको हुन्छ भन्ने स्वाभाबिक रूपमा न्यायिक अनुमान गरिने हुन्छ। प्रतिवादीले जवरजस्ती लिखत गराएको हो भनी लिएको जिकिर प्रमाणित भएको नदेखिंदा प्रतिवादीले जाहेरवालासँगको वैदेशिक रोजगारको ब्यबहारकै जरियाबाट अभियोग दावीको लिखत गरी दिएका रहेछन् भनी अनुमान गर्नु बान्छनीय हुने देखियो।

३४. पित्तप्रसाद गौतम र पवन बुढाथोकी समेतका विचमा मिति २०७१/१०/२७ मा भएको वैदेशिक रोजगार सम्बन्धि लिखतमा प्रतिवादी सुरेशकुमार श्रेष्ठ मार्फत् पवन बुढाथोकी समेतलाई वैदेशिक रोजगारमा अष्ट्रेलिया पठाउने भनी उल्लेख भएकोमा उल्लिखित कार्यमा आफ्नो संलग्नता नरहेको भनी सफाई पेश नगरी सुरु म्याद नै गुजारी वसेको अवस्थामा जाहेरवाला पवन बुढाथोकी समेतलाई वैदेशिक रोजगारिमा अष्ट्रेलिया पठाउने भनी रकम लिने कार्यमा निजको संलग्नता रहेनछ भन्न मिल्ने अवस्था देखिएन।

३५. लिखत प्रमाणका हकमा प्रमाण ऐन, २०३१ को दफा ३५ मा कुनै लिखत वा लिखतमा उल्लेख भएको कुरा सो लिखत नै पेश गरी प्रमाणित गर्नु पर्छ भन्ने ब्यबस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा प्रमाणको रूपमा सक्कल लिखत नै पेश भएकाले सो लिखत प्रतिवादीहरूका बिरूद्ध प्रमाणमा ग्राह्य हुनेमा अन्यथा देखिएन। यसरी प्रतिवादीहरू उपरको किटानी जाहेरी, दावीको लिखत र जाहेरवाला पवन बुढाथोकीको बकपत्र समेतबाट प्रतिवादीहरूले वैदेशिक रोजगार ब्यबसाय गर्ने इजाजत प्राप्त नगरी जाहेरवाला पवन वुढाथोकीलाई वैदेशिक रोजगारीमा अष्ट्रेलिया पठाई दिने भनी प्रलोभनमा पारी विश्वास दिलाई रकम लिई वैदेशिक रोजगार सम्बन्धी कसूर गरेको पुष्टि भएको देखियो।

३६. अतः बिबेचित उपरोक्त आधार र कारणबाट प्रतिवादी पित्तप्रसाद गौतम र सुरेशकुमार श्रेष्ठ भन्ने सूर्यकुमार

श्रेष्ठले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत नलिई जाहेरवाला पवन बुढाथोकीलाई वैदेशिक रोजगारीमा अष्ट्रेलिया पठाई दिन्छौ भनी झुठ्ठा आश्वासन दिई प्रलोभनमा पारी रकम लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेको ठहर्छ ।

## सजाय निर्धारण

३७. प्रतिवादी पित्तप्रसाद गौतम र सुरेशकुमार श्रेष्ठ भन्ने सूर्यकुमार श्रेष्ठलाई के कति सजाय हुने हो र जाहेरवाला पवनकुमार बुढाथोकीले प्रतिवादीबाट के कति विगो रकम भराई लिन पाउने हो भन्ने दोश्रो पश्नको सम्बन्धमा बिचार गर्दा वादी नेपाल सरकारको तर्फबाट प्रतिवादी पित्तप्रसाद गौतम र सुरेशकुमार श्रेष्ठ भन्ने सूर्यकुमार श्रेष्ठले जाहेरवालाहरूलाई अष्ट्रेलिया पठाइ दिने भनी प्रलोभन देखाइ, झुक्यानमा पारी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेको हुँदा प्रतिवादीहरूलाई सोही ऐनको दफा ४३ बमोजिम ३ (तीन) बर्ष देखि ७ (सात) बर्षसम्म कैद र रू. ३,००,०००।- (तीन लाख रूपैयाँ) देखि रू. ५,००,०००।- (पाँच लाख रूपैयाँ) सम्म जरिवानाको आधा सजाय हुन माग दावी लिएको यस मुद्दामा प्रतिवादी पित्तप्रसाद गौतम र सुरेशकुमार श्रेष्ठ भन्ने सूर्यकुमार श्रेष्ठले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत पत्र नलिई जाहेरवाला पवनकुमार बुढाथोकीलाई प्रलोभन देखाइ, झुक्यानमा पारी रकम बुझि लिइ वैदैशिक रोजगार ऐन, २०६४ को दफा ४३ को कसूर गरेको ठहर भएकोमा विशेष सरकारी वकील कार्यालय काठमाण्डौंबाट पेश भएको सजाय पूर्वको प्रतिबेदन समेत अध्ययन गरी प्रतिवादीलाई हुनुपर्ने सजाय तर्फ विचार गर्दा प्रतिवादीहरू पित्तप्रसाद गौतम र सुरेशकुमार श्रेष्ठ भन्ने सूर्यकुमार श्रेष्ठलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम जनही रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना र १ (एक) वर्ष ६ (छ) महिना कैद गर्न मनासिब हुने देखियो।

३८. जाहेरवाला पवन बुढाथोकीको बिगो रू. १५,००,०००।-(पन्ध्र लाख रूपैयाँ) र सोको ५० प्रतिशतले हुने हर्जाना रू. ७,५०,०००।- (सात लाख पचास हजार रूपैयाँ) गरी जम्मा रू.२२,५०,०००।-(बाईस लाख पचास हजार रूपैयाँ) प्रतिवादीहरूबाट भरी पाउने देखियो । कुनै खास कुरा प्रमाणित गर्ने भार अदालतलाई विश्वास दिलाउन चाहने ब्यक्तिमा हुनेमा यी जाहेरवालाहरू सन्तोष भण्डारी र रामप्रसाद अधिकारीले दाबीको लिखत र जाहेरी दरखास्तको ब्यहोरालाई समर्थन गरी बकपत्र मार्फत् यस न्यायाधिकरणलाई विश्वास दिलाउन सकेको मिसिलबाट देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा १८ मा अभियोजन हुनु पूर्व तयार भएका लिखतहरूलाई त्यस्तो लिखत गर्ने ब्यक्ति अदालतमा उपस्थित भइ बयान गरेको अवस्थामा मात्र प्रमाणमा लिनु पर्ने कानूनी व्यवस्था रहेकोमा जाहेरवालाहरू सन्तोष भण्डारी र रामप्रसाद अधिकारीका नाममा यस न्यायाधिकरणबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम म्याद जारी हुँदा समेत उपस्थित भएको देखिँदैन। जाहेरवालाहरू सन्तोष भण्डारी र रामप्रसाद अधिकारीको बकपत्र नभएको अवस्थामा निजहरूको बिगो र हर्जाना भराई पाऊँ भन्ने दाबी पुग्न सक्ने देखिएन।

३९. अत: उपरोक्त आधार र कारणबाट प्रतिवादीहरू पित्तप्रसाद गौतम र सुरेशकुमार श्रेष्ठ भन्ने सूर्यकुमार श्रेष्ठलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम रू. १,५०,०००।- (एक लाख पचास हजार) जरिवाना

र १ (एक) वर्ष ६ (छ) महिना कैद हुने ठहर्छ । जाहेरवालाहरू सन्तोष भण्डारी र राम प्रसाद अधिकारी बकपत्रको लागि उपस्थित भएको नदेखिँदा निजहरूको विगो र हर्जाना भराउन मिल्ने देखिएन । जाहेरवाला पवन वुढाथोकीको विगो रू.१५,००,०००।- (पन्ध्र लाख) र सो विगोको पचास प्रतिशतले हुने हर्जाना समेत प्रतिवादीहरूबाट भराई दिने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नू ।

## तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी पित्तप्रसाद गौतमलाई जरिवाना रू. १,५०,०००।- (एक लाख पचास) र १(एक) वर्ष ६ (छ) महिना कैद हुने ठहरेकोले निज प्रतिवादी पित्तप्रसाद गौतम मिति २०७३/०९/०५ मा पक्राउ परी मुद्दा अनुसन्धानका क्रममा मिति २०७३/१०/१२ सम्म हिरासतमा रहेको देखिँदा सो अवधि १ (एक) महिना ६ (छ) दिन निज प्रतिवादी पित्तप्रसाद गौतमलाई ठहरेको कैदमा कट्टा गरी बाँकी कैद १(एक) वर्ष ४(चार) महिना २४ (चौविस) दिन र जरिवाना रू. १,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) बेरूजु हुँदा लगत कसी असुल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू............................................................ १

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी सुरेशकुमार श्रेष्ठ भन्ने सूर्यकुमार श्रेष्ठलाई जरिवाना रू. १,५०,०००।- (एक लाख पचास) र १(एक) वर्ष ६ (छ) महिना कैद हुने ठहरेकोमा कैद र जरिवाना बेरूजु हुँदा लगत कसी असूल गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू ....................................................................... २

जाहेरवाला पवन बुढाथोकीले प्रतिवादीहरू पित्तप्रसाद गौतम र सुरेशकुमार श्रेष्ठ भन्ने सूर्यकुमार श्रेष्ठबाट बिगो रू. १५,००,०००।- (पन्ध्र लाख रूपैयाँ) र सोको पचास प्रतिशतले हुने हर्जाना रू.७,५०,०००।-(सात लाख पचास हजार रूपैयाँ) गरी जम्मा रू. २२,५०,०००।- (बाईस लाख पचास हजार रूपैयाँ) भराई लिन पाउने ठहरेकोले जाहेरवालाले प्रतिवादीहरूको चल अचल सम्पति देखाई कानून बमोजिम हर्जाना सहितको बिगो भराई पाऊँ भनी निवेदन दिए फैसलाले ठहरे बमोजिमको उपरोक्त बिगो र हर्जाना प्रतिवादीहरू पित्तप्रसाद गौतम र सुरेशकुमार श्रेष्ठ भन्ने सूर्यकुमार श्रेष्ठबाट जाहेरवालालाई दामासाहीले भराई दिनु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू ................................................................................................................................ ३

प्रतिवादी पित्तप्रसाद गौतमले मुद्दा पुर्पक्षको क्रममा यस मुद्दामा माग भएको धरौट रू. १०,००,०००।- (दश लाख रूपैयाँ) वापत सिन्धुपाल्चोक जल्ला साविक भोटसिपा गा.वि.स. वडा नं. १ हाल परिवर्तित चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. १ बस्ने टिकाप्रसाद लम्सालको नाउँमा दर्ता रहेको कि.नं. ५४ क्षेत्रफल १-१३-०३-० को जग्गा जेथा दाखेल गरेको देखिँदा प्रस्तुत मुद्दा अन्तिम भई प्रतिवादी पित्तप्रसाद गौतमलाई लागेको कैद र जरिवाना अशुल भएपछि प्रस्तुत मुद्दाको रोहबाट फुकुवा गरिदिनु भनी मालपोत कार्यालय सिन्धुपाल्चोकमा लेखि पठाई सो को जानकारी जग्गा धनी टिकाप्रसाद लम्साललाई दिनू ....................................................................... ४

प्रस्तुत फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी फैसलाको प्रतिलिपि साथै राखी विशेष सरकारी वकील कार्यालय, काठमाडौंलाई पुनरावेदनको म्याद दिनू................................................................................... ५

प्रस्तुत फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी प्रतिवादी पित्तप्रसाद गौतमलाई पुनरावेदनको म्याद दिनू ......... ६

प्रतिवादी सुरेशकुमार श्रेष्ठ भन्ने सूर्यकुमार श्रेष्ठले सुरु म्याद गुजारी वसेकाले पुनरावेदनको म्याद दिइरहनु परेन......७

विगो एबं हर्जाना भरी भराउको प्रयोजनार्थ मुद्दा अन्तिम भएपछि फैसला भएको जानकारी जाहेरवाला पवन बुढाथोकीलाई दिनू ............................................................................................................ ८

जाहेरवालाहरू सन्तोष भण्डारी र रामप्रसाद अधिकारीलाई वादीमार्फत् यो फैसलाको जानकारी दिनू........... ९

प्रस्तुत फैसलाको विद्युतीय प्रति सूचना प्रविधिमा अभिलेख सुरक्षित गरी पीठमा जनाउनू ....................... १०

सरोकारवालाले नक्कल माग गरेमा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ५३ को प्रक्रिया पूरा गरी प्रमाणित प्रतिलिपि दिनू ............................................................................ ११

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टी गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू.................................... १२

**प्रेमकुमार राई**
(सदस्य)

उक्त रायमा सहमत छु ।

**रमेशकुमार खत्री**
(अध्यक्ष)

**फैसला तयार गर्न सहयोग पुऱ्याउने**

इजलास अधिकृतः दुर्गादत्त लम्साल

फैसला मितिः- २०७७/१०/२०/३

**श्री**
**वैदेशिक रोजगार न्यायाधिकरण**
**इजलास**
**माननीय अध्यक्ष श्री रमेशकुमार खत्री**
**सदस्य श्री प्रेम कुमार राई**
**सदस्य श्री रमा देवी पराजुली**
**फैसला**

मुद्दा नं.०७६-FT-०२३१
**कसूर ठहरः- ९४**
निर्णय नं.: १४६

## मुद्दा : वैदेशिक रोजगार कसूर ।

| वादीको नाम, थर, वतन | प्रतिवादीको नाम, थर, वतन |
|---|---|
| पक्टुवार राईको नाती, रोग धोज राईको छोरा संखुवासभा जिल्ला, मकालु गाउँपालिका वडा नं. ०५ बस्ने, अविशेक राईको जाहेरीले नेपाल सरकार...........१ | रत्नबहादुर चौहानको नाति, शिव कुमार चौहानको छोरा, संखुवासभा जिल्ला, साविक खाँदवारी नगरपालिका वडा नं. १० परिवर्तित खाँदवारी नगरपालिका वडा नं. ७ बस्ने भई हाल कारागार कार्यालय जगन्नाथदेवल काठमाण्डौमा थुनामा रहेका दिलिप चौहान.................... ...........१ |

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली,२०६८ को नियम ३३ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकारभित्र रहेको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर निम्न बमोजिम रहेको छ ।

**१. जाहेरी दरखास्तः-**

म अविशेक राईलाई दिलिप चौहानले वैदेशिक रोजगारका लागि मासिक रू. १,५०,०००।- पारिश्रमिक पाउने गरी वैदेशिक रोजगारीको लागि भियतनाम पठाउने भनी रू.६,००,०००।- रूपैयाँ बुझिलिई वैदेशिक रोजगारमा नपठाएको र लिए खाएको रकम समेत फिर्ता नगरेको हुदाँ वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम कारवाही गरी म जाहेरवालासँग दिलिप चौहानले लिए खाएको रू. ६,००,०००।- र सो को ५० प्रतिशतले हुन आउने हर्जाना रकम रू. ३,००,०००।- समेत गरी जम्मा रू. ९,००,०००।- दिलाई भराई पाऊँ भन्ने समेत व्यहोराको जाहेरी दरखास्त ।

२. **नविल बैंकको पत्रः-**

दिलिप चौहानको नबिल बैंकको खाता नं.४११००१७५०२६१७ मा रू. ४,२०,०००।- रकम गीता राईले जम्मा गरेको देखिने बैंक स्टेटमेन्ट सामेल गरिएको नविल बैंकको पत्र।

३. **जहाज टिकट :-**

काठमाण्डौ देखि क्वालालम्पुर र हु चि मिङसम्मको जहाज टिकटको प्रतिलिपी मिसिल संलग्न रहेको।

४. **प्रतिवादी दिलिप चौहानले अनुसन्धानका क्रममा गरेको बयानः-**

वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति लिएको छैन। कुनै मेनपावर कम्पनिमा काम गर्दिन। भारतमा सम्पर्कमा रहेका साथी मार्फत् वैदेशिक रोजगारमा पठाउने गरेको हो। उक्त जाहेरी दरखास्तको व्यहोरा पढी बांची सुनाउंदा सुनी पाएँ। जाहेरी व्यहोरा आंशिक सत्य हो। जाहेरवालालाई वैदेशिक रोजगारीमा भियतनाम मुलुक पठाईदिने भनी रू. ४,२०,०००।- मेरो नविल बैंकको खाता नं.४११००१७५०२६१७ मा जाहेरवालाकी श्रीमती गीता राईले जम्मा गरिदिएको हो। प्रोशेसिङ्गको लागि भनी रू. १,८०,०००।- लिएको होईन। जाहेरवालालाई वैदेशिक रोजगारीमा भियतनाम पठाउन भनी भारतसम्म लगि ६-७ दिन राखेकोमा त्याहाँबाट काम हुन नसके पश्चात पुनः नेपाल आई नेपालबाट पठाउन खोजेकोमा त्रिभुवन अन्तराष्ट्रिय एयर्पोटबाट फर्काएको कारण वैदेशिक रोजगारीमा पठाउन नसकेको हो। निज जाहेरवालालाई वैदेशिक रोजगारीमा पठाउने भनी ठगी गर्ने कार्यमा म र भारतीय नागरीक रञ्जित सिंहको संलग्नता रहेको छ। निजसँग वैदेशिक रोजगारीमा पठाउने काम गर्ने क्रममा चिनजान भएको हो। निजको एकिन बतन र तीन पुस्ते विवरण थाहाँ छैन। निज हाल सम्पर्कमा पनि रहेका छैनन्। जाहेरवाला अविशेक राईले जाहेरीसाथ पेश गरेको काठमाण्डौ देखि क्वालालम्पुर र हुचिमिङसम्मको जहाज टिकट जाहेरवालालाई वैदेशिक रोजगारीमा भियतनाम पठाउनको लागि दिएको हो। निज जाहेरवाला अविशेक राईसँग वैदेशिक रोजगारीमा जाने क्रममा चिनजान भएको हो। जाहेरवाला र म बिच जाहेरवालालाई वैदेशिक रोजगारीमा भियतनाम पठाउने विषयमा कारोवार भएको हो भन्ने समेत बेहोराको प्रतिवादी दिलिप चौहानले अनुसन्धानका क्रममा गरेको बयान।

५. **विशेष सरकारी वकील कार्यालय, काठमाडौंबाट भएको निर्णयः-**

मिसिल संलग्न प्रतिवादी दिलिप चौहान उपरको किटानी जाहेरी दरखास्त, प्रतिवादीको नाममा रकम पठाएको बैंकको पत्र, जहाज टिकट र प्रतिवादीले कसूरमा सावित रही गरेको बयान समेतका आधार प्रमाणबाट प्रतिवादी दिलिप चौहानले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत नलिई जाहेरवाला अविशेक राईलाई भियतनाम पठाउने भनी निजबाट रकम वुझी लिएको देखियो। निज प्रतिवादीको सो कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र दफा ४३ बमोजिमको कसूर अपराध भएकोले प्रतिवादी दिलिप चौहानलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम सजाय हुन र जाहेरवाला अविशेक राईको

रू. ६,००,०००।- र सो को ५०% ले हुने हर्जाना प्रतिवादीबाट जाहेरवाला अविशेक राईलाई दिलाई भराई दिने तथा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीबाट क्षतिपुर्ति शुल्क भराई पीडित राहत कोषमा जम्मा गरीपाउन मागदाबी लिई मुद्दा चलाउने गरी विशेष सरकारी वकील कार्यालय काठमाण्डौबाट भएको निर्णय।

६. **अभियोग दावीः-**

प्रतिवादी दिलिप चौहानले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत नलिई जाहेरवाला अविशेक राईलाई भियतनाम पठाउने भनी रकम वुझी लिएको भने बमोजिम वैदेशिक रोजगारमा नपठाई प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र दफा ४३ बमोजिमको कसूर अपराध भएकोले प्रतिवादी दिलिप चौहानलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम सजाय हुन र जाहेरवाला अविशेक राईको रू. ६,००,०००।- विगो र सो को ५०% ले हुने हर्जाना प्रतिवादीबाट जाहेरवाला अविशेक राईलाई दिलाई भराई पाउन र प्रतिवादीलाई भएको जरिवानाको मध्यबाट अपराध पीडीत संरक्षण ऐन,२०७५ को दफा ४१ को उपदफा ३ बमोजिम हुन आउने रकम क्षतिपुर्ती शुल्क क्षतिपुर्ती शुल्क कोषमा जम्मा समेत गराई पाऊँ भन्ने समेत बेहोराको वादी नेपाल सरकारको अभियोग दावी।

७. **प्रतिवादी दिलिप चौहानले यस न्यायाधिकरणमा गरेको बयानः-**

जाहेरीमा उल्लेख गरेको रकम मध्ये रू. ४,२०,०००।- लिएको हुँ। अन्य रकम मैले लिएको छैन। सो रू. ४,२०,०००।- मेरो खातामा जम्मा गरिदिएको हो। जाहेरवाला अविशेक राईसँग मैले भियतनाम देशमा पठाउँछु भनी रू. ४,२०,०००।- लिएको कुरासम्म साँचो हो भारतका रंजित सिंह भन्ने व्यक्तिसँग मेरो समाजिक संजाल फेसबुकमा कन्ट्याक्ट भएको थियो। निज रंजित सिंहले म दुवईमा छँदै नेदरल्याण्डमा काम राम्रो हुन्छ भनेकोमा म नेपाल फर्की आएपछि जाने तरखर गर्दै गर्दा सोमनाथ गुरूङ भन्ने व्यक्तिले मेरो भाईहरू पनि जान्छन् उनीहरूलाई पनि लगिदिनु भनेका थिए। पछि म नेपाल फर्कि आएपछि जाहेरवाला अविशेक राईसँग भेट भएको हो। सोमनाथ गुरूङ मार्फत् निज अविशेक राईसँग चिनजान भएको हो। त्यति वेलासम्म हाम्रो वीचमा कुनै कारोवार पनि भएको थिएन। नेदरल्याण्ड पठाउने कुरा मात्र भएको हो। पछि नेदरल्याण्ड पठाउन नसक्ने भएपछि भियतनामको होटलमा काम लगाइदिने भनी निज जाहेरवाला अविशेक राईको श्रीमती गीता राईले रू. ४,२०,०००।- रकम मेरो बैंक खातामा जम्मा गरिदिएको हो। मैले जाहेरवाला अविशेक राईलाई तीन सय पैतिस डलर फिर्ता पनि गरेको छु। जाहेरवाला आफै अग्रसर भई विदेश जाने भनेकाले मैलेसहयोग मात्र गरेकाले मलाई अभियोग दावी अनुसार सजाय हुन पर्ने होईन । उक्त अभियोग दावी झुठ्ठा हो भन्ने समेत बेहोराको प्रतिवादी दिलिप चौहानले यस न्यायाधिकरणमा गरेको बयान।

८. **यस न्यायाधिकरणबाट मिति २०७७/०३/३० मा भएको आदेशः-**

तत्काल प्राप्त प्रमाणका आधारमा प्रतिवादीले कसूर गरेका होईनन् भन्न सकिने अवस्था नदेखिँदा पछि

प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी मुद्दाको पुर्पक्षको लागि प्रतिवादी दिलिप चौहानबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र दफा ७२ बमोजिम प्रतिवादी दिलिप चौहानबाट रू. ४,२०,०००।-(चार लाख बीस हजार रूपैयाँ) धरौट, जमानत वा बैंक जमानत दिए दफा ७४ को प्रक्रिया पुऱ्याई लिई तारेखमा राखी र माग भएको धरौट, जमानत वा बैंक जमानत दिन नसकेमा ऐ संहिताको दफा ६८(२) बमोजिम सम्बन्धित कारागारमा थुनामा राखी मुद्दाको पुर्पक्ष समेत गर्ने । प्रस्तुत मुद्दामा प्रतिवादी चुक्ता भई सकेको र निजले साक्षी राखेको नदेखिँदा वादी पक्षको अभियोग पत्रमा उल्लेखित गबाह/साक्षी नियमानुसार झिकाई बकपत्रका लागि पेश गर्नु भनी यस न्यायाधिकरणबाट भएको आदेश ।

**९. वादीका साक्षी सोमनाथ गुरूङले यस न्यायाधिकरणमा गरेको बकपत्रः-**

म आफू पनि पीडित हुँ । प्रतिवादी दिलिप चौहानले मलाई वैदेशिक रोजगारीमा पठाईदिने भनी मसँग समेत छ लाख रूपैयाँ रकम लिएका छन् । मैले प्रतिवादीलाई नगदै रकम प्रतिवादीको हातैमा दिएको हुनाले मैले कही कतै निवेदन गरिन । प्रतिवादीले वैदेशिक रोजगारमा पठाईदिने भनी मेरो समेत रकम ठगी गरेको हुनाले प्रतिवादीलाई कानून बमोजिम कडा सजाय हुनुपर्छ । म समेत जाहेरवालाहरूको सम्पुर्ण रकम फिर्ता दिलाई पाऊँ भन्ने समेत बेहोराको वादीका साक्षी सोमनाथ गुरूङले मिति २०७७/०६/२२ मा यस न्यायाधिकरणमा गरेको बकपत्र ।

**१०. जाहेरवाला अविशेक राईले यस न्यायाधिकरणमा गरेको बकपत्रः-**

प्रतिवादी दिलिप चौहानले मलाई वैदेशिक रोजगारको लागि शुरूमा नेदरल्याण्ड देशमा होटलको काममा पठाईदिने भनी पटक-पटक गरी रू. ६,००,०००।- रकम बुझिलिएका हन् । प्रतिवादीले शुरूमा रकम लिँदा नेदरल्याण्ड पठाईदिने भनी रकम लिएका थिए तर पछि नेदरल्याण्ड भएन । भियतनाममा पठाउँछु भियतनाममा नेदरल्याण्ड भन्दा काम राम्रो छ, भनी उक्त रकम लिएका हुन् । मैले वैदेशिक रोजगारीको काममा जाने भनी प्रतिवादीको नविल वैंकको खातामा रकम जम्मा गरिदिएको हुँ । प्रतिवादीले भने अनुसार काम गरेनन् । प्रतिवादीले रकम बुझेपछी मलाई भारतको नयाँ दिल्लीमा लागी करिव १५ दिनसम्म अलपत्र पारी राखेका हुन् । तहाँबाट काम भएन फेरी नेपालबाट प्रोशेस गरी पठाउने भनी नेपाल फिर्ता गरेर नेपाल आएपछी प्रतिवादी फरार भएका हुन् । हालसम्म मैले कुनै रकम फिर्ता पाएको छैन । मेरो पासपोर्टमा भियतनाम जाने भिसा लागेको छ । जाहेरीको व्यहोरा ठिक साँचो हो । जाहेरीमा भएको सहिछाप मेरो हो । प्रतिवादीले अभियोग मागदावी बमोजिम कसूर गरेको हुनाले निजलाई हदैसम्मको कैद सजाय गरी मेरो रकम दिलाई भराई पाऊँ भन्ने समेत बेहोराको जाहेरवाला अविशेक राईले मिति २०७७/०६/२२ मा यस न्यायाधिकरणमा गरेको बकपत्र ।

**११. अविशेक राईले यस न्यायाधिकरणमा पेश गरेको निवेदनः-**

प्रस्तुत मुद्दामा प्रतिवादीबाट मैले पाउनु पर्ने विगो रकम असुल उपर गरी लिनको लागि विपक्षी समेतको अंश हक लाग्ने विपक्षीको आमा देउकी चौहानको नाउँमा मालपोत कार्यालय खाँदवारी संखुवासभामा दर्ता

श्रेस्ता कायम रहेको खाँदवारी वडा नं. १ कि.नं. ३७८१ को जग्गा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९२ बमोजिम रोक्का राखी पाऊँ भन्ने समेत बेहोराको जाहेरवाला अविशेक राईले मिति २०७७/०६/२२ मा यस न्यायाधिकरणमा दर्ता गराएको निवेदन।

**१२. यस न्यायाधिकरणबाट मिति २०७७/०६/२३ मा भएको आदेशः-**

प्रतिवादी दिलिप चौहानको पिता शिवकुमार चौहान र माता देवकी चौहानको नाउँ दर्ताको निवेदनमा उल्लेखित जग्गा रोक्का राखी पाऊँ भनी जाहेरवाला अविशेक राईले दिएको निवेदनबाट रोक्का राखु पर्ने भनी उल्लेखित जग्गाका अंशियार संख्या के कति हो ? खुलेको नदेखिँदा अंशियार संख्या जाहेरवाला अविशेक राईबाट खुलाउन लगाई नियमानुसार पेश गर्नू भनी यस न्यायाधिकरणबाट भएको आदेश।

**१३. जाहेरवाला अविसेक राईले मिति २०७७/०६/२३ मा गरेको कागजः-**

मैले जाने बुझेसम्म प्रतिवादीको आमा देवकी चौहानका नाउँमा रहेको जग्गाका अंशियार बाबु शिवकुमार चौहान-१, आमा देवकी चौहान-१, दाजु-१, भाई-१ र प्रतिवादी दिलिप चौहान समेत गरी जम्मा पाँच अंशियार छन् भन्ने समेत बेहोराको जाहेरवाला अविशेक राईले यस न्यायाधिकरणमा गरेको कागज।

**१४. यस न्यायाधिकरणबाट मिति २०७७/०६/२५ मा भएको आदेशः-**

जाहेरवाला अविशेक राईले प्रतिवादी दिलिप चौहानकी आमा देउकी चौहानको नाममा रहेको जिल्ला संखुवासभा गा.वि.स. मनकामना, वडा नं. १ कि.नं. ३७८१ को ०.०१३० जग्गा मध्ये प्रतिवादीको अंश भागको जग्गा रोक्का राखी पाऊँ भनी निवेदन दिएकोमा मालपोत कार्यालय, खाँदवारीबाट उल्लेखित जग्गाहरू को प्रमाणित दर्ता श्रेष्ता प्राप्त भईसकेको देखिँदा जाहेरवालाले उल्लिखित जग्गाहरूमा ५ जना अंशियार रहेको भनी यस न्यायाधिकरणमा कागज गरेको देखिँदा मुलुकी फौजदारी कार्यविधि नियमवली, २०७५ को नियम ९२ बमोजिम उल्लेखित जग्गाको ५ भागको १ भाग जग्गा रोक्का राखिदिएको छ। सोको जानकारी सम्बन्धित मालपोत कार्यालय र जग्गा धनी देउकी चौहान समेतलाई दिई नियमानुसार गर्नु भनी यस न्यायाधिकरणबाट भएको आदेश।

**१५. मिति २०७७/१०/२० मा यस न्यायाधिकरणबाट भएको कसूर ठहरः-**

प्रतिवादी दिलिप चौहानले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत नलिई जाहेरवाला अविशेक राईलाई वैदेशिक रोजगारीमा भियतनाम पठाई दिन्छु भनी झुट्टा आश्वासन दिई प्रलोभनमा पारी रकम वुझी लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को वमोजिमको कसूर गरेको ठहर्छ। प्रतिवादीलाई सोही दफा ४३ वमोजिम हुने सजाय निजबाट भराई दिन पर्ने विगो हर्जाना एवं क्षतिपुर्ति शुल्क समेतको सुनुवाईको लागि फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा १२ वमोजिम दुवै पक्षबाट सजाय पुर्वको प्रतिवेदन लिई मिति २०७७/१०/२६ मा इजलाश समक्ष पेश गर्नु भनी यस न्यायाधिकरणबाट भएको कसूर ठहर।

**१६. विशेष सरकारी वकील कार्यालयबाट प्राप्त सजायपूर्वको प्रतिवेदनः-**

प्रस्तुत मुद्दा गम्भिर प्रकृतिको फौजदारी कसूर भएकोले प्रतिवादीले जाहेरवालालाई वैदेशिक रोजगारीमा पठाइ दिने प्रलोभन र लोभ लालच देखाई लिखत कागजमा भए अनुसारको भाखा बमोजिमको रोजगारमा नपठाइ झुक्यानमा पारी जाहेरवालालाई ठगी गर्ने मनसायले पूर्व योजना बनाई रकम बुझिलिई खाएको देखिन्छ । प्रतिवादीले कसैको दवाव, प्रभावमा पारी बाध्यात्मक रुपमा जाहेरवालाहरूबाट रकम लिएको र कुनै परिस्थितिका कारण जाहेरवालालाई गन्तव्य मुलुकमा पठाउन नसकेको र पठाउन नसकेको कारण सहित रकम फिर्ता गरेको नदेखिएको हुँदा प्रतिवादी पूर्ण रूपमा दोषि देखिन्छन् । प्रस्तुत मुद्दामा जाहेरवालाको विश्वासको दुरूपयोग गरी नियोजित तरिकाले कसूर गरेकोले प्रतिवादीलाई अधिकतम सजाय गर्नुपर्ने देखिन्छ । सजायको निर्धारणको उद्देश्य परिपूर्ति हुने गरी, निज प्रतिवादीले गरेको कार्यबाट पीडितलाई परेको हानी नोक्सानी, समुदायलाई पुग्ने असर समेत बिचार गरी प्रतिवादीलाई कसूर गर्नबाट हतोत्साहित गर्ने गरी प्रस्तुत मुद्दामा प्रतिवादीलाई कानूनद्वारा निर्धारित उपल्लोहदको सजाय गरी जाहेरवालाको विगो तथा हर्जाना समेत प्रतिवादीबाट भराई पाऊँ भन्ने समेत बेहोराको विशेष सरकारी वकील कार्यालय काठमाण्डौबाट मिति २०७७/१०/२६ मा प्राप्त सजाय पूर्वको प्रतिवेदन ।

**१७. प्रतिवादीका कानून ब्यवसायीबाट प्राप्त सजाय पूर्वको प्रतिवेदनः-**

अपराध कानूनको उद्देश्य अपराधी सावित गराई अपराधीको संख्या बृद्धी गराई वा कैद सजायमा कडाई गर्न भन्दा पनि कानूनको छडी मार्फत् समाजिक त्रास कायम गरी अपराध गर्न हुदैन भन्ने अवस्था कायम गर्ने र अपराध स्वीकार गरी अदालतलाई सहयोग गरेमा, गरेको अपराधमा प्रति आत्मा ग्लानी गरेमा र अदाललाई असहयोग गरी, गलत झुठा कुराको बयान गरी न्याय निरूपणमा असहयोग गर्ने र गरेको अपराधमा उजुरी गरेवापत बदला भाव राख्नेलाई एकै सजायको भागि बनाए अपराध गर्नेले अपराध स्विकार गरी आफू सुध्रिने र सामाजिक परिवर्तनको बाटो अदालतले नै बन्द गरेको हुन्छ र न्यायको रोहमा पनि उचित हुदैन । प्रतिवादी दिलिप चौहानले आफूले अपराधिक मनसाय लिई अपाराधिक कार्य नगरेको विषयमा अपराध गरेको ठहर भईसकेको अवस्थामा इजलासले सवै कुराहरूलाई मनन गरी कैद र जरिवाना निर्धारण गर्न र इजलासले निर्धारण गरेको कैद र जरिवानाले यी प्रतिवादीलाई समेत न्याय मिलोस भन्ने समेत बेहोराको प्रतिवादीका कानून ब्यवसायी विद्वान अधिवक्ताद्वय श्री तेजप्रसाद न्यौपाने र श्री लक्ष्मीप्रसाद मैनालीले मिति २०७७/१०/२६ मा यस न्यायाधिकरणमा पेश गरेको सजाय पूर्वको प्रतिवेदन ।

## ठहर खण्ड

१८. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्धान उपन्यायाधिवक्ता श्री दशरथ गौतमले प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय गर्ने ईजाजतपत्र नलिई जाहेरवालालाई वैदेशिक रोजगारीका लागी भियतनाम पठाई दिने भनी विश्वास दिलाई रकम लिएको र भने

बमोजिम वैदेशिक रोजगारमा नपठाएको र रकम समेत फिर्ता नगरेको भनी प्रतिवादी उपर परेको किटानी जाहेरीलाई जाहेरवालाको बकपत्रले पुष्टी गरेको हुँदा प्रतिवादीलाई अभियोग दावी बमोजिम सजाय गरी जाहेरवालाको विगो र हर्जाना रकम समेत दिलाई भराई पाऊँ भनी गर्नु भएको बहस सुनियो।

१९. साथै जाहेरवाला अविशेक राईको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री दुर्गा बहादुर घलेले प्रतिवादीले मेरो पक्ष जाहेरवालालाई वैदेशिक रोजगारमा भियतनाम पठाइ दिन्छु भनी प्रलोभन देखाई झुक्यानमा पारी रकम बुझी लिइएकोमा भने बमोजिम वैदेशिक रोजगारमा नपठाएका र रकम समेत फिर्ता नगरेको भनी परेको जाहेरी जाहेरवालाको बकपत्र समेतबाट पुष्टी भएको हुँदा मेरो पक्षको विगो र हर्जाना भराई प्रतिवादीलाई हदैसम्मको सजाय गरी पाऊँ भनी बहस प्रस्तुत गर्नुभयो।

२०. त्यस्तै प्रतिवादी दिलिप चौहानको तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री तेजप्रसाद न्यौपाने र श्री लक्ष्मीप्रसाद मैनालीले हाम्रो पक्षले जाहेरवालालाई वैदेशिक रोजगारीमा भियतनाम पठाइ दिने भनी झुट्ठा प्रलोभन देखाई झुक्यानमा पारी निज जाहेरवालालाई वैदेशिक रोजगारीमा पठाउने भनी रकम लिएको नभई जाहेरवालाले आफै हाम्रो पक्षको खातामा चार लाख वीस हजार रूपैयाँ जम्मा गरिदिएका हुन् । जाहेरवाला आफै भियतनाम जाने भनी अग्रसर भएकाले हाम्रो पक्षले सहयोगसम्म गरेको हो भन्ने निजको भनाई रहेको हुँदा हाम्रो पक्ष निर्दोष छन्। निजले अभियोग दावीबाट सफाई पाउनु पर्दछ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो।

२१. यसमा वादी नेपाल सरकारका तर्फबाट प्रतिवादी दिलिप चौहानले वैदेशिक रोजगार व्यवसाय गर्न पाउने ईजाजत पत्र नलिई जाहेरवाला अविशेक राईलाई वैदेशिक रोजगारीका लागि भियतनाम पठाइ दिने भनी झुट्टा आश्वासन दिई प्रलोभन देखाई रकम लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसूर गरेका हुँदा प्रतिवादीलाई सोही दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाबाट लिएको रकम र सो को ५० प्रतिशतले हुने हर्जाना समेत प्रतिवादीबाट दिलाई भराई पाउन अभियोग दावी लिएकोमा प्रतिवादी दिलिप चौहानले यस न्यायाधिकरणमा समेत बयान गर्दा जाहेरीमा उल्लेख गरेको रकम मध्ये रू. ४,२०,०००।- लिएको हुँ। जाहेरवाला अविशेक राईको श्रीमती गीता राईले रू. ४,२०,०००।- रकम मेरो बैंक खातामा जम्मा गरिदिएको हो। अन्य रकम मैले लिएको छैन। जाहेरवाला आफै अग्रसर भई विदेश जाने भनेकाले मैले सहयोग मात्र गरेको हो। पहिला नेदरल्याण्ड पठाउने कुरा भएकोमा पछि नेदरल्याण्ड पठाउन नसक्ने भएपछि भियतनामको होटलमा काम लगाइदिने भनी रकम लिएको हो भन्ने बयान ब्यहोरा लेखाएको प्रस्तुत मुद्दामा देहायका पश्नको निरोपण गर्नु पर्ने देखियो।

(क) प्रतिवादी दिलिप चौहानले वैदेशिक रोजगार ब्यबसाय गर्ने इजाजत प्राप्त नगरी जाहेरवालालाई वैदेशिक रोजगारीमा भियतनाम पठाई दिने भनी प्रलोभनमा पारी विश्वास दिलाई रकम लिई अभियोग दावीको कसूर गरेको हो, होईन ?

(ख) प्रतिवादीले अभियोग दाबीको कसूर गरेको भए निजलाई के कति सजाय हुने हो ? र अभियोग दावी बमोजिम जाहेरवालाको विगो र हर्जाना भराई दिनु पर्ने हो, होईन ?

२२. सम्बद्ध मिसिल अध्ययन गरी प्रथम पश्नको निरोपण तर्फ बिचार गर्दा, प्रतिवादी दिलिप चौहानले जाहेरवाला अविशेक राईलाई वैदेशिक रोजगारीका लागि भियतनाममा पठाउँछु भनी झुट्टा आश्वासन दिई प्रलोभन देखाई जाहेरवालाबाट रू. ६,००,०००।- (छ लाख) बुझी लिई वैदेशिक रोजगारमा नपठाएको र लिएको रकम समेत फिर्ता नगरेको भनी प्रतिवादी उपर किटानी जाहेरी परेकोमा वादीका गबाह समेत रहेका जाहेरवाला अविशेक राईले यस न्यायाधिकरणमा उपस्थित भई बकपत्र गर्दा प्रतिवादी दिलिप चौहानले वैदेशिक रोजगारका लागि नेदरल्याण्ड पठाउने भनी भनेकोमा पछि नेदरल्याण्ड भएन भियतनाममा नेदरल्याण्डको भन्दा राम्रो र सजिलो काममा पठाइ दिन्छु मासिक रू. १,००,००० । कमाई हुन्छ भनी बिश्वास दिलाई उक्त रकम लिएका हुन् । मेरी श्रीमती गिता राईले रू.४,२०,०००।- रकम प्रतिवादीको बैंक खातामा जम्मा गरिदिएकी र अरु रकम नगदै बुझाएको हो । प्रतिवादीले भने बमोजिम वैदेशिक रोजगारमा पठाएनन् । हालसम्म पनि लिएको रकम प्रतिवादीले फिर्ता गरेका छैनन् भन्ने बेहोरा लेखाई मौकाको जाहेरी ब्यहोरा समर्थित हुने गरी लेखाएको देखिन्छ ।

२३. वादीका साक्षी सोमनाथ गुरुङले यस न्यायाधिकरणमा बकपत्र गर्दा मौकामा अनुसंधानको क्रममा गरेको कागज समर्थित गर्दै म आफू पनि पीडित हुँ । प्रतिवादी दिलिप चौहानले मलाई वैदेशिक रोजगारीमा पठाईदिने भनी मबाट समेत छ लाख रूपैयाँ रकम लिएका छन् । मैले प्रतिवादीलाई नगदै रकम प्रतिवादीको हातैमा दिएको हुनाले कुनै प्रमाण नहुदा कही कतै उजुरी गरेको छैन । प्रतिवादीले वैदेशिक रोजगारमा पठाईदिने भनी मेरो समेत रकम ठगी गरेको हो भन्ने समेतको बेहोरा लेखाएको देखिन्छ ।

२४. प्रमाण ऐन, २०३१ को दफा १८ मा "कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने व्यवस्था रहेका छ । वादीका उपरोक्तानुसारका साक्षीहरू जाहेरवाला अविशेक राई र सोमनाथ गुरुङले यस न्यायाधिकरणमा बकपत्र गर्दा प्रतिवादीले जाहेरवालालाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी बिश्वास दिलाई रकम लिई भने बमोजिम वैदेशिक रोजगारीमा नपठाएको भनी उल्लेख गरी मौकाको जाहेरी बेहोरा खम्बीर हुने गरी बकपत्रमा लेखाएको उपरोक्त बेहोरा निज प्रतिवादीका बिरूद्ध प्रमाणमा ग्राह्य हुने नै देखिन आयो ।

२५. प्रतिवादी दिलिप चौहानले यस न्यायाधिकरणमा समेत बयान गर्दा जाहेरवाला अविशेक राईको श्रीमती गिता राईले रू. ४,२०,०००।- रकम मेरो बैंक खातामा जम्मा गरिदिएको कुरा साँचो हो । अन्य रकम मैले लिएको छैन । भारतका रंजित सिंह भन्ने व्यक्तिसँग मेरो समाजिक संजाल फेसबुकमा कन्ट्याक्ट भएको थियो । निज रंजित सिंहले म दुवईमा छँदै नेदरल्याण्डमा काम राम्रो हुन्छ भनेकोमा म नेपाल फर्की आएपछि जाने तरखर गर्दै गर्दा सोमनाथ गुरूङ भन्ने व्यक्तिले मेरो भाईहरू पनि जान्छन् उनीहरूलाई पनि लगिदिनु भनेका थिए । पछि म नेपाल फर्कि आएपछि जाहेरवाला अविशेक राईसँग भेट भएको हो । सोमनाथ गुरूङ मार्फत् निज अविशेक राईसँग चिनजान भएको हो । नेदरल्याण्ड पठाउने कुरा भएकोमा पछि नेदरल्याण्ड

पठाउन नसक्ने भएपछि भियतनामको होटलमा काम लगाइदिने भनी निज जाहेरवाला अविशेक राईको श्रीमती गीता राईले रू. ४,२०,०००।- मेरो बैंक खातामा जम्मा गरिदिएको हो। जाहेरवाला आफै अग्रसर भई विदेश जाने भनेकाले मैले सहयोग मात्र गरेको हो भनी लेखाएको देखिन्छ।

२६. प्रस्तुत मुद्दामा प्रतिवादीले गरेको उल्लेखित ब्यहोराको बयानबाट जाहेरी ब्यहोराका साथै प्रतिवादीले जाहेरवालालाई वैदेशिक रोजगारमा पठाइदिने भनी बिश्वास दिलाएको हुँदा सोही प्रयोजनका लागि प्रतिवादीको नबिल बैंकमा रहेको ४११००१७५०२६१७ नं. को बैंक खातामा जाहेरवाला अविशेक राईकी श्रीमती गीता राईले सन् ०३/०१/२०१९ मा रू. ४,२०,०००।- (चार लाख बीस हजार) जम्मा गरिदिएको तथ्य पुष्टी भएको देखिन आयो। तर जाहेरवाला आफै अग्रसर भई विदेश जाने भनेकाले मैले सहयोग मात्र गरेको हो भन्ने प्रतिवादीको भनाई बस्तुनिष्ट प्रमाणद्वारा पुष्टी हुन सकेको देखिदैन। साथै प्रतिवादी दिलिप चौहानले वैदेशिक रोजगार ब्यबसाय गर्ने इजाजत पत्र प्राप्त नगरेकोमा बिषयमा बिवाद देखिदैन।

२७. यसरी प्रतिवादी उपरको किटानी जाहेरी र जाहेरवालाको बकपत्र, जाहेरवालाको श्रीमतीले प्रतिवादीको बैक खातामा रकम पठाएको देखिने बिबरण र प्रतिवादी दिलिप चौहानको बयान समेतबाट प्रतिवादीले वैदेशिक रोजगार ब्यवसाय गर्ने इजाजत प्राप्त नगरी जाहेरवालालाई वैदेशिक रोजगारीमा भियतनाम पठाई दिने भनी प्रलोभनमा पारी विश्वास दिलाई रकम लिई वैदेशिक रोजगार सम्बन्धी व्यवसाय गरी तत्सम्बन्धी कसूर गरेको पुष्टि भएको देखियो ।

२८. अतः बिबेचित उपरोक्त आधार र कारणबाट प्रतिवादी दिलिप चौहानले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत पत्र नलिई जाहेरवाला अविशेक राईलाई वैदेशिक रोजगारीमा भियतनाम पठाई दिन्छु भनी झुट्टा आश्वासन दिई प्रलोभनमा पारी रकम वुझी लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को वमोजिमको कसूर गरेको ठहर्छ।

## सजाय निर्धारण

२९. प्रतिवादी दिलिप चौहानलाई के कति सजाय हुने हो र जाहेरवालाले प्रतिवादीबाट के कति विगो रकम भराई लिन पाउने हो भन्ने दोश्रो पश्नको सम्बन्धमा बिचार गर्दा यस मुद्दामा प्रतिवादी दिलिप चौहानले वैदैशिक रोजगार ऐन, २०६४ को दफा ४३ को कसूर गरेको ठहर भएकोमा वादीको तर्फबाट बिशेष सरकारी वकील कार्यालय काठमाण्डौं र प्रतिवादीको तर्फबाट पेश भएको सजाय पूर्वको प्रतिबेदन समेत अध्ययन गरी हेरियो। यस मुद्दामा प्रतिवादीलाई पीडितबाट लिएको बिगो समेतको आधारमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम जरिवाना रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) र १(एक) वर्ष ६ (छ) महिना कैद गर्न मनासिब हुने देखियो।

३०. वादीले जाहेरवालाको विगो रू. ६,००,०००।- (छ लाख रूपैयाँ)को दावि लिएकोमा जाहेरवालाको श्रीमतीले रू. ४,२०,०००।– (चार लाख विस हजार रूपैयाँ) प्रतिवादी दिलिप चौहानको खातामा जम्मा गरिदिएको बैंक भौचरबाट देखिएको र सो रकम प्रतिवादीले लिएको स्वीकार गरी बयानमा लेखाएको

देखिएबाट उक्त विगो रू. ४,२०,०००।- कायम हुने दखियो। तर प्रतिवादीलाई थप रू. १,८०,०००।- (एक लाख असि हजार रूपैयाँ) बुझाएको प्रमाण जाहेरवालाले गुजार्न सकेको देखिँदैन। त्यसैले जाहेरवालाको बिगो रू. ४,२०,०००।- (चार लाख वीस हजार रूपैयाँ) कायम गरी सो को ५० प्रतिशतले हुने हर्जाना समेत प्रतिवादीबाट जाहेरवालालाई भराई दिन उपयुक्त हुने देखियो।

३१. अत: उपरोक्त आधार र कारणबाट प्रतिवादी दिलिप चौहानलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम रू. १,५०,०००।- (एक लाख पचास हजार) जरिवाना र १(एक) ६ (छ) कैद हुने ठहर्छ। जाहेरवाला अविशेक राईको विगो रू.४,२०,०००।- (चार लाख विस हजार) र सो विगोको पचास प्रतिशतले हुने हर्जाना रू.२,१०,०००।- (दुई लाख दश हजार) समेत गरी जम्मा रू. ६,३०,०००।- (छ लाख तीस हजार) प्रतिवादी दिलिप चौहानबाट जाहेरवालाले भराई लिन पाउने ठहर्छ। प्रतिवादीलाई ठहर भएको उपरोक्त जरिवानाको चार प्रतिशतले हुन आउने रकम अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(५) वमोजिम क्षतिपूर्ति शुल्क पीडित राहत कोषमा जम्मा हुने समेत ठहर्छ। जाहेरवालाको बढी नै विगो भराई पाऊँ भन्नेसम्मको दाबी पुग्न सक्दैन। अरूमा तपसिल बमोजिम गर्नू।

## तपसिल

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी दिलिप चौहानलाई जरिवाना रू. १,५०,०००।- (एक लाख पचास) र १(एक) वर्ष ६ (छ) महिना कैद हुने ठहरेकोले निज प्रतिवादी दिलिप चौहान मिति २०७७/०३/१५ मा पक्राउ परी हालसम्म कारागार कार्यालय जगन्नाथ देवलमा थुनामा रहेको देखिंदा सोहि मितिदेखि कैद भुक्तान हुने भएकाले निज प्रतिवादीलाई लागेको जरिवाना दाखिला गरेमा मिति २०७८/०९/१५ मा थुनामुक्त हुने गरी कैदि पूर्जि दिनू भनी संखुवासभा जिल्ला अदालतमा लेखी पठाउनू............................................................ १

प्रतिवादी दिलिप चौहानबाट जाहेरवाला अविशेक राईले बिगो रू. ४,२०,०००।- (चार लाख विस हजार रूपैयाँ) र सोको पचास प्रतिशतले हुने हर्जाना रू.२,१०,०००।-(दुई लाख दश हजार रूपैयाँ) गरी जम्मा रू. ६,३०,०००।- (छ लाख तीस हजार रूपैयाँ) भराई लिन पाउने ठहरेकोले मुद्दा अन्तिम भएपछि जाहेरवालाले प्रतिवादीको चल अचल सम्पति देखाई उक्त विगो र हर्जाना भराई पाऊँ भनी निवेदन दिए फैसलाले ठहरे बमोजिमको उपरोक्त बिगो र हर्जाना प्रतिवादी दिलिप चौहानबाट जाहेरवालालाई भराई दिनु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनू........................................................................................................................ २

प्रतिवादीलाई ठहरेको जरिवानाको चार प्रतिशत रू.६,०००।– (छ हजार रूपैयाँ) अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१ (५) बमोजिम पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखि पठाउनू ....................................................................................... ३

प्रस्तुत फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीलाई निज रहेको कारागार कार्यालय मार्फत् पुनरावेदनको म्याद दिनू ................................................................................................................ ४

प्रस्तुत फैसला उपर चित्त नवुझे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ (२) बमोजिम ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी विशेष सरकारी वकील कार्यालय, काठमाडौंलाई पुनरावेदनको दिनू ........................................................................................................................................ ५

जाहेरवालाको विगो एवं हर्जाना भरी भराउको प्रयोजनार्थ मुद्दा अन्तिम फैसला भएको जानकारी जाहेरवाला अविशेक राईलाई दिनू ............................................................................................................. ६

प्रस्तुत फैसलाको विद्युतीय प्रति सूचना प्रविधिमा अभिलेख सुरक्षित गरी पीठमा जनाउनू ........................ ७

सरोकारवालाले नक्कल माग गरेमा वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८ को नियम ५३ को प्रक्रिया पुरा गरी प्रमाणित प्रतिलिपि दिनू.......................................................................................... ८

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टी गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू.................................... ९

**रमा देवी पराजुली**
(सदस्य)

उक्त रायमा सहमत छौं।

**प्रेमकुमार राई**
(सदस्य)

**रमेशकुमार खत्री**
(अध्यक्ष)

**फैसला तयार गर्न सहयोग पुऱ्याउने**

इजलास अधिकृतः दुर्गादत्त लम्साल

फैसला मितिः- २०७७/१०/२६/२

**श्री वैदेशिक रोजगार न्यायाधिकरण**

**इजलास**

**माननीय अध्यक्ष श्री रमेशकुमार खत्री**

**सदस्य श्री रमा देवी पराजुली**

**आदेश**

**मुद्दा नं. ०७६-FT-०११९**

**नि.नं. ०७७-FN-००३०**

**वादी**
इन्द्रवती क्षेष्ठको जाहेरीले
नेपाल सरकार

**प्रतिवादी**
प्रदिप श्रेष्ठ

## मुद्दाः वैदेशिक रोजगार कसूर ।

यसमा विशेष सरकारी वकील कार्यालयका तर्फबाट विद्वान उपन्यायाधिवक्ता श्री विश्वास सुनुवार र प्रतिवादीको तर्फबाट मंजुरनामा दाखिला गर्ने प्रतिमा श्रेष्ठका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता श्री महेश कुमार नेपालले गर्नुभएको वहस समेत सुनियो ।

यसमा कसूरदार ठहर गर्ने फैसला भई सजाय निर्धारणका लागि पेश भएकोमा नेपाल सरकारको तर्फबाट मुद्दा मिलापत्र गर्न महान्यायाधिवक्ताको कार्यालयको निर्णय सहित विशेष सरकारी कार्यालयको निवेदन परेको देखिएको भनी छलफलका लागि पुर्व-आदेशानुसार इजलासमा पेश भएको देखियो । साधिकार निकायमा विचाराधीन रहेका मुद्दामा कानून बमोजिम मिलापत्र हुन सक्नेमा विशेष सरकारी वकील कार्यालय काठमाडौंको निवेदनमा मिलापत्र गरी पाऊँ भनी माग गरेको इन्द्रावती श्रेष्ठको जाहेरीले नेपाल सरकार प्रतिवादी प्रदिप श्रेष्ठ भएको वैदेशिक रोजगार कसूर मुद्दा यस न्यायाधिकरणबाट मिति २०७७/०६/१२ मा प्रतिवादी प्रदिप श्रेष्ठले वैदेशिक रोजगार कसूर गरेको ठहऱ्याई फैसला भईसकेको देखिएकोले निवेदन माग बमोजिम मिलापत्र गर्दा एउटै विषयमा एउटै तहको इजलासबाट दोहोरो फैसला हुन जाने देखियो । यसरी यस न्यायाधिकरणबाट प्रतिवादी प्रदिप श्रेष्ठले वैदेशिक रोजगार कसूर गरेको ठहऱ्याई फैसला गरिसकेको स्थिति हुँदा सोही विषयमा दोहोरो फैसला हुने गरी यसै न्यायाधिकरणबाट विशेष सरकारी वकील कार्यालयको निवेदन एवं पक्षहरूको संयुक्त निवेदन बमोजिम मिलापत्र गर्नु न्यायिक अभ्यास, प्रचलन एवं न्यायिक कार्यको प्रकृति अनुकुल हुने देखिन नआएकोले माग वमोजिम मिलापत्र गर्न मिलेन । यो आदेशको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौँ र अरु निवेदकहरू समेतलाई दिई नियमानुसार गर्नू ।

(सदस्य) (अध्यक्ष)

ईति सम्वत २०७७ साल कार्तिक महिना १६ गते रोज १ शुभम्............................ ।